## प्रभुले सिकाउनुभएको प्रार्थना

'हे हाम्रा पिता, जो स्वर्गमा बस्नुहुन्छ,
तपाईंको नाउँ पवित्र होस् ।
तपाईंको राज्य आओस् ।
तपाईंको इच्छा स्वर्गमा जस्तो छ
त्यस्तै यस पृथ्वीमा पूरा होस् ।
हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् ।
हाम्रा अपराध क्षमा गर्नुहोस्,
जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं ।
हामीलाई परीक्षामा पर्न नदिनुहोस्,
तर दुष्टबाट छुटाउनुहोस् ।
किनभने राज्य, पराक्रम र महिमा
सदासर्वदा तपाईंकै हुन् । आमिन् ।'

*-मत्ती ६: ९-१३*

## The Lord's Prayer

**'Our Father in heaven,
hallowed be your name,
your kingdom come,
your will be done
on earth as it is in heaven.
Give us today our daily bread.
And forgive us our debts,
as we also have forgiven our debtors.
And lead us not into temptation,
but deliver us from the evil one.
For yours is the kingdom, and the power,
and the glory, forever. Amen.'**

*-Matt. 6:9-13*

**परमेश्वरका गुण**


| | |
|---|---|
| आदिमा थिए परमेश्वर | ११ |
| ईश्वर तपाईं उदेकका | ६ |
| ईश्वर महाराजालाई गर | ३ |
| ईश्वरको प्रेम छ कति महान् | १५ |
| कुहु-कुहु गर्ने वनमा उड्ने | १४ |
| धन्य, धन्य परमेश्वर | ९ |
| परमेश्वरको वढ़ाइ गरौँ | १६ |
| पवित्र, (३) परमेश्वर | ७ |
| प्रभु नदि बहाउनुहुने | १७ |
| महान् ईश्वर बिचार्छु काम | ८ |
| महान् सृष्टिकर्ता | २ |
| महिमा, महिमा, महिमा | १८ |
| यहवेको स्तुति, स्तुति ईश्वरको | १९ |
| रमाऊ धर्मी हो यहवेमा | ४ |
| राजा परमेश्वरको सृष्टि | १० |
| सागर स्वामी हौ परम पिता | १२ |
| सृष्टिकर्ता सिंहासनमा | ५ |
| स्तुतिको योग्य महिमाको | १३ |
| हल्लेलूयाह होसन्ना | १ |
| हे पृथ्वीमा भएका | ७४१ |


**येशू ख्रीष्टको जन्म**


| | |
|---|---|
| अर्द्ध निशामा लिई सुसन्देश | ४० |
| अहो, कति रमाइलो | ४९ |
| आउनुभो स्वर्गदेखि | ३७ |
| आऊ सबै विश्वासी | ३४ |
| आए है आए | ५२९ |
| आछुछुछु भयो नि जाडो | ५११ |
| आज हाम्रो प्रभु येशू जन्मे | ३९ |
| आजको साँझ | ५९४ |
| आज ख्रीष्टको जन्म भयो | ४६ |
| आनन्द मनाऔँ, हर्ष मनाऔँ | ३६ |
| आयो क्रिसमस फेरि | ६७७ |
| ईश्वरको वचन पूरा | ६६२ |
| उठिहेर आकाशमा | ५४२ |
| उदायो तारा आज | ४८ |
| कति रमाहटको दिन आयो | ४५ |
| कसको सामू गोठमा | ३० |
| कोक्रो उनको छैन | २३ |
| खचाखच भो बेथलेहेम | ५० |
| खुशीयाली मनाऔँ, धन्यवाद | ५९६ |
| गाउँदै जाऔँ प्रभुको महिमा | ४२ |
| गोठालाहरू भेडालाई रातमा | ३३ |
| गोठ गाईको | ५३० |
| घन्कायो-घन्कायो डम्फुको | ५३९ |
| घुम्दै-फिर्दै गाईको गोठमा | २० |
| चिसो चिसो हावामा | ५९५ |

जन्मभयो येशू राजाको ५८८
जय जय गर खुशीले ४३
जस्तै ज्योतिषीहरू ज्योति हेरे ४१
झलल (३) आकाशैमा ५९२
तारणहार जन्मे गोठैमा ५९७
तारणहर प्रभु जन्मिए ५२७
तिम्रो लागि सुसन्देश ५९०
दाऊद राजाको शहरमा ३२
दाऊदको शहरमा, गाईको ५९८
दुनियाँ रमाऊ र ग्रहण गर ३८
धन्यवादको उपहार देऊ ६३४
धिन्ताङ्ग-ताङ्ग-ताङ्ग ५२८
पापको कालो बाक्लो अँध्यारो ५२
प्रभु बालक पैदा भए ४४
प्रभु येशूको जन्मभयो ५८९
प्रभु है जन्मे गाईको गोठमा २५
प्रभुको जन्मभयो ५९१
प्रेमको दिन यो खुशीको ५३१
बेथलेहेम गावैंमा दाऊदको ६३३
बेथलेहेमको त्यो शून्य रात २४
भेड़ी गोठ चर्दा नि चर्दा २१
मुक्तिदाता तारणहार ५१
यरुशलेम शहरको बेथलेहेम २७
यो क्रिसमसको दिन ६६७
लाग्दछ मलाई रमाइलो २६
लौ हेर पूर्व क्षितिज ६१३
शान्तमय रात ३१
शुभकामना, शुभकामना ५८७
सानो डुंडमा, हेर भाइ २८
सुन स्वर्गदूतको गान २२
सुनसान रातलाई जगाउँदै ५९३
हाँस-खेल गर्दै भनिदेऊ ४८०
हिलमिल भई आयौँ नि ४७
हेर गोठालाहरू आफ्ना भेडा २९
हेरन आकाशमा ताराको ३५

**येशू ख्रीष्टको जीवन**

ईश्वरको पुत्र येशू मानिस ५३
उदाए दिव्य उद्धारक ६१
उदेकको त्यो तारा चम्कियो ६३
उदेकको प्रेमिलो ख्रीष्ट येशू ६०
एक दिनको कुरा गालीलमा ५७
गाऊँ मसीहको जयगान ५६
चालिस दिनको भोक देखि ५८
जगत् सृष्टि पालनकर्ता ५५
यो येशू ख्रीष्टको कथा हो ६३६
संसारलाई पापमा फसिरहेको ५९
सुनिलेऊ मेरो भाइ हो ५४
स्वर्गको महिमित सिंहासन ६२

हल्लेलूयाह होसन्ना गाउँछौँ ७०५

**येशू ख्रीष्टको स्तुति**

आयौँ, आयौ, आयौ हामी ६५
आकाशभन्दा उच्च-उच्च ५१०
आजको दिन महिमा ७३०
कुनै एक दिन पृथ्वी ७५
ख्रीष्ट मेरो मुक्तिदाता हुन् ७६
गरौँ जयजयकार हाम्रो ९०
गाउन सबैले प्रभुको स्तुति ४९१
गाऔँ येशूजीको जयगान ७४
चढ़ाउँछु प्रभु धन्यवाद आज ९१
चिन्नुपर्छ सबैले ७८
जयजय जयजयकार प्रभुको ६७
जयजय धन्य येशू हाम्रो ६४
जय जय येशू (२) मृत्युमाथि ८७
जय होस् येशू राजाको ९७
जीवनभरि नै गाउने हो ४७७
दाऊदवंशी येशू ख्रीष्टको ८०
धन्य उद्धारक करुणा सागर ७१
धन्य प्रभु येशूको ६६
धन्य होस् प्रभु येशूलाई ८४
धेरै मुकुट लगाउ ७४८
पहाडी भाका ५३५
प्रशंसा गरौँ है येशू ६४३
प्रभु येशू हाम्रो पृथ्वीपति ७९
भजौँ मीठो नाम ७३
महान् प्रभु अति उच्चमा ९९
महान् विश्वस्तता ७४६
महिमा मारिएको थुमालाई ५०५
मुक्तिदाता येशू नाउँ ४९८
मैले चार दिशामा हेरेँ ९६
येशू नाउँ अपार प्रेमको ८५
येशू प्रभु सब सृष्टिले ४७६
येशू मुक्तिदाता हुन् ६९
येशू मेरो मुक्तिदाता ७०
येशू वरदानको मुल-धारा ८३
येशूको नाम छ सारा ८१
राजा येशू आए ६८
संसारको चउरमा चारैतिर ८८
संसारलाई सिर्जने मेरा प्रभु ९३
सत्य, सुन्दर, सिद्ध मानिस ९८
स्तुति होस् प्रभु ख्रीष्टको ८९
स्तुति होस् म शुद्ध भएँ ९४
स्वर्गदेखि को उत्रे ? ८२
हर्ष मनाऊ, आनन्द मनाऊ १००
हामी उचालौँ महिमित ५४५
हा हा हल्लेलूयाह, मिली ८६
हिजोको दिन वितिगयो ९५

हृदयको मेरो राजा येशूलाई ९२
हृदयको राजा जय येशू नाउँ ७२
हे ईश्वर तिम्रो यो विचार १०१
हेर दाजै (२) मुक्तिको दिन ४७८
होसन्ना, जोर होसन्ना ७७

**येशूको दुःख र मृत्यु**

अपार छ प्रभु प्रेम ११५
अमोल रगत येशू खीष्टको ४९५
कति अचम्मको प्यार ११४
कलवरी डाँडाको क्रूसैमा ४८५
कलवरी डाँडाको महादुःख १११
कसरी चढ्यो, कसरी ४९९
किद्रोन खोलापारि १०९
जय ४ येशूको जय १०७
जाँदैछन् येशू कलभरीतिर ११८
जीवनको स्वामी प्रभुलाई १०३
त्यो क्रूसमा जब हेर्दछु १०५
“दुःखित मानिस” कस्तो ११३
देखेका छौ के तिमीले ? ११६
नेपाली पापी मनलाई १०८
पापी मर्नुपर्ने क्रूसमा ६०९
पापीको लागि प्रभुज्यू ११७
प्रभु येशू खीष्टको शीतल ११९
प्रभुजीको जयजयकार ४९६
फर्केर हेर क्रूसलाई ६५५
मसँग आऊन शोक गरुँ १०४
येशू है खीष्टको क्रूसैको १०६
सम्झेर त्यो दिन आज ६४०
सक्तिनँ विर्सन ७४४
स्तुति होस् प्रभुको जयजयकार १०२
हरियो डाँडा एउटा थियो ११२
हे धन्य शिर पवित्र ११०
हेरन (३) कलवरीको त्यो ४७१

**येशू खीष्टको पुनरुत्थान**

आऊ-आऊ दाज्यू-भाइ १२४
आज जिइउठे येशू १२०
आजको दिन खुशी मनाऔं १२८
गाऔं, गाऔं जय-गीत १२७
चिहानभित्र थिए खीष्ट प्रभु १२३
जय होस् तपाईंको येशू १२५
प्रभु खीष्ट जिइउठे १२१
प्रेमले गर्दा कलवरीमा ७२६
बौरी उठे प्रभु हाम्रो १२२
बौरी उठ्नुभएको प्रभुलाई १३०
म जिउँदो मुक्तिदाताको सेवा १२६
रोकेर रोकिँदैन ५३६
सुन हे सुन यो खवर १२९

**येशू ख्रीष्टको दोस्रो आगमन**


अघि बढ ख्रीष्टीय जवान १४०
आउनेछन् (४) बिहानीको ४७३
आत्मामा शान्ति र धैर्य ५२३
आँखाको एक निमेषमा ६४१
चाँडै आउनेछन् येशू राजा १३८
जब आउलान् निज हीरा १३३
जय ४ येशूले दिन्छन् १३१
तुरही फुक्छ ५५२
तुरहीको चर्को स्वरमा ५४४
पाँचै ज्ञानी, पाँचै मूर्ख कन्या १३५
बादलमा फेरि आउछन् ४८१
महिमाले प्रभु भरिरहेको ४९२
मादलको तालमा नम्रताको ६५१
मेरो मीत येशू महिमित १४१
येशू ख्रीष्ट अब चाँडै १३९
येशू चाँडै आउनुहुन्छ १३४
येशू चाँडै नै आउनेछ ६८०
येशू चाँडै फेरि आउनेछन् १३७
येशू निश्चय आउनेछन् ६५३
लौ येशू आउँछन् बादलमा १३२
विश्वासीलाई लिनलाई प्रभु ६९८
स्वर्गीय महिमामा १३६
हेर्दा हेर्दै बिति गए ६७४
हेरन हेर बादलमाथि ७०९


**पवित्र आत्मा**


ईश्वर यहाँ उपस्थित १४७
ख्रीष्ट येशू जगत् छोड्दामा १४४
पवित्र आत्मा अगुवा १४५
पवित्र आत्मा आउनुहोस् १४३
पवित्र आत्मा, हामी स्वागत ५१४
प्रभु तपाईं पट्टि हेर्छौं १४२
बतास चलिरहेछ ५१३
सुसमाचार फैलाऔं १४८
हे पवित्रात्मा हृदयमा १४६


**पवित्र धर्मशास्त्र**


ए साथी, सुन ५७३
जीवनको त्यो रोटी १५०
तपाईंको वचन मेरो ५२०
प्रभु, हिँड्छौं जति वचन १५२
राख्छु म ख्रीष्टको वचनमा १४९
हे प्रेममय प्रभु तपाईंका १५१


**स्तुति र आराधना**


अनुग्रहले परमेश्वरको १५७
अन्धकारमा भुलिरहेको १६७

आऊ सबै दाजु-भाइ १७२
आदि र अन्त र जगत्को १७१
आराधनामा (२) गाउँछु ६८१
ईश्वरलाई पुजूँ पवित्रता १६४
गाऊँ खीष्टीय भुण्ड १६२
जय होस् प्रभुको जय १६९
धन्य, धन्य, धन्य प्रभु ७०६
निरन्तर रहने प्रेम १५९
परमेश्वर पिताको जय १६६
प्रणाम गर्छु तपाईंलाई ६००
प्रभुको स्तुति गरौं हामीले १७०
प्रभुजी, तिमीलाई के चढ़ाऊँ १७४
प्रभुतिर आँखा उचालौं १७३
प्रभुलाई महिमा गर्छु ६९६
बौरी उठ्नुभएको प्रभु ७१२
भजन म गाउँछु प्रभु ६९१
भजन म तिम्रो गाइरहेछ ६७८
महान् प्रभुलाई महिमा ५१९
मेरो प्रेमी प्रभुलाई ६६९
यस संसारमा जति छन् १६०
याहेको लागि जयजय १५८
येशू तपाईंलाई महिमा, ६३२
येशू धन्यवाद ४८२
येशू मेरो प्रभु भनी जान्दछु १६८
रमाऊ, खुशी होऊ १६५
सबै जातिका परमेश्वर सारा ५१५
सारा संसारका मानिस हो १६१
सारा सृष्टिको मालिक ४७४
सिंहासनमा विराजमान् हुने ५०१
स्तुति होस परमेश्वरलाई ५२१
हजारौं जिब्रा भए हुन्थ्यो १६३
हे धर्मीगण हो परमप्रभुमा ६३५
हे प्रभु स्वर्ग र जगत्का १५६
हे सारा पृथ्वीका मानिस हो ४८३

**बिहान बेलुकी, बिदाइ र मृत्यु**

जब म मरेपछि मेरो ६३८
तपाईंले दिनु भएको दिन १७९
दुइ हात जोडी विदा ६६५
पिता दयालु बिदा पायौं ४९०
प्रभु येशू हाम्रो साथमा होऊ १७८
फेरि हे प्रभु, स्तुति १८२
बिदाइको दिनैमा ६१४
बिहान जब हुँदछ १७५
शान्तिसित जिए खीष्ट १७७
साँझ हुँदा सूर्य अस्ताउँदा १८१
हे ईश्वर जय होस् तपाईंको १८०
हे मेरो प्राण उठ सँग घाम १७६

**बप्तिस्मा र बाल-अर्पण**


जो विश्वास गर्छ, बप्तिस्मा १८५
यस लोक जब येशू १८३
येशूले आफ्ना चेलाहरूलाई १८६
हे प्रभु गर्छौं समर्पण १८४


**प्रभु भोज**


ख्रीष्टको दयालु बातअन्सार १८७
यहाँ हे प्रभु भेटूँ तपाईंलाई १८९
हामी ख्रीष्टमा पाई उद्धार १८८
जीवनको रोटी (कोरस) ८


**विवाह**


ईश्वरको यो वरदान ५५८
जब पहिला विवाह भयो १९१
दुवैको बनोस् गन्तव्य प्रभु ५५९
नयाँ घरको शुरुले ५३२
परमेश्वरलाई धन्यवाद ५३३
बर्षाउ प्रभु बर्षाउ ६१६
शुभकामना (३) दुलहा ६७३
हे परमेश्वर खुशी ४८८
हे प्रभु येशू सिद्ध प्रेम १९०


**सुसमाचार र निमन्त्रण**


अँध्यारो जगत्मा ज्योति २२१
अँध्यारोमा जीउनेहरू ७३८
अनुग्रहको समय छँदै ६०१
अशान्तिको पीर बढ्यो २२७
अवतार भए प्रभु २४०
आउ, आऊ येशूकहाँ आऊ २०३
आऊ जगत्का भाइ-बहिनी २०६
आऊ येशूकहाँ आजै हे भाइ २०२
आऊ सब पापी, दीन, दरिद्र २२६
आऊ सबै मुक्तिलाई खोजौं १९५
आए येशू यो संसारमा २१९
आओ सबै फर्केर ७०३
आहा, कति मीठो वचन २२२
ईश्वर स्वर्गिय पिताले १९४
ईश्वरको वचन स्वर्ग ७२९
उँभै त हेरुँ स्वर्गलोक छ २१२
उद्धारको दिन छ आज नै २३४
एक दिन जगत्लाई छेड्नुछ २२५
कहाँ जाँदैछौ तिमी फर्केर २३६
कहाँसम्म जाने यात्री ६११
किनभने ईश्वरले संसारलाई २४४
कुन बाटो हिड्दैछौ ६७१
के होला यो जीवन ५४८
ख्रीष्टकहाँ आउ, साथी ४७२
ख्रीष्टको वचन राख ७३१

| | |
|---|---|
| ख्रीष्टमा पुग्नेहरूले | ५७१ |
| खेतालाहरू धान काट्न | ६४२ |
| खोल-खोल ढोका | २१४ |
| गाउँ, बस्ती, तराई | ५५० |
| घाम उदाउँछ पूर्वबाट | ५६१ |
| छैन भरोसा यो जिन्दगीको | २१० |
| जगत्-संसार केही पनि छैन | २१८ |
| जगत् तारणहार | २३० |
| जन्मैको पापलाई | ७२५ |
| जित्नु भो, जित्नु भो | ७१५ |
| जीवनको बाटो देखाउने | ५३४ |
| जीवन छ हाम्रो थोरै दिनको | ६०४ |
| टाढा नजाऊ प्रभुमा | ६५९ |
| तिम्रो मनको ढोकामा | १९७ |
| त्यागे ख्रीष्टले क्रूसैमा प्राण | २१३ |
| देख्छु लाखौं कोटी | ७०४ |
| धिन्ताङ्ग है धिन्ताङ्ग | ५७६ |
| नयाँ जीवन पाउनुछ आज | २३३ |
| नसम्झ यहाँ यो जीवन | २४१ |
| नाङ्गै छ आउनु | ५५३ |
| निराश हुनुपर्दैन, हे दाजुभाइ | ५८५ |
| नेपाल हाम्रो जन्म-भूमि | ५०० |
| परमेश्वरले येशू पठाए | २४५ |
| पापको भारदेखि | २१६ |
| प्रचार गरी, सम्झाए | २३१ |
| प्रभु येशूको सुसन्देश | ६२५ |
| प्रभुको वाणी सुनन साथी | ६०५ |
| प्रभुलाई लिई शून्य जीवनमा | १९९ |
| प्रेम गर निष्कपट | २२९ |
| फर्केर नहेर संसारलाई | ५६० |
| बलिदान हुने सबका | ५७५ |
| ब्यूँझ-ब्यूँझ नेपाली | २२८ |
| भाइ-बहिनी पापलाई धोई | २२४ |
| म आएर ढोकामा | ६२१ |
| मन शुद्ध पार्नलाई येशूकहाँ | २०९ |
| मित्र तिमीलाई यो खबर छ | २३५ |
| मुक्तिदाता ख्रीष्ट येशू | ५५४ |
| मुक्तिदाताले बोलाउँदैछन् | २०१ |
| मेरो यो छोटो सन्देश | ७३५ |
| यदि कोही ख्रीष्टमा छ भने | ७२३ |
| येशू बोलाउँछन् सबलाई | ४६९ |
| येशू ख्रीष्टको जीवन | ५२६ |
| येशूलाई क्रूसमाथि सबले हेर | २१७ |
| येशूले हामीलाई बचाए | २०४ |
| यो धर्ती खेर नजाओस् | ५६३ |
| यो सारा संसार | २२० |
| यो सुनाऔं किन येशूले | ४८६ |
| योजना हो परमप्रभुको | ५५३ |
| रगतले रगतले...धुन सक्छ | ५४७ |

ल है च्यागबा केही भन्छु २४३
लौ दाज्यू सुनन, लौ बहिन २४२
लौ दाजु सुनन, ६४४
लौ सुन साथी सत्यको वाणी २३७
विश्वास गरी प्रभुको ४७५
शिखरहरू हिउँले ढाकेझैं ५०६
शून्य शून्य तिम्रो जीवन ६४७
संसार पापको सागरमा २०८
संसारमा पाप छ २००
साँचो न्याय अब त्यहाँ ७२४
साँचो शान्ति खोज्नेहरू ६४५
सम्झ है बुझ है ६०७
सम्झिदेऊ, बुझिदेऊ २०५
साथी, दिन धेरै ढलिसक्यो २३८
सुन दाजु भाइ हो ७२१
सुन है दाजु ५७७
सुनन लौ एक सुसमाचार २११
सुनन साथी यो मीठो वचन १९२
सुन-सुन दाजुभाइ आज नै ५८०
सुनन हे दाज्यू-भाइ, प्रभुको २१५
सुनेर मनमा गुनन १९८
सुन्नुहवस् ध्यान लगाई १९३
सुन्नुहोस् छिमेकी हाम्रो यो ४९४
सुसमाचार आज यो, हे मित्र २२३
सोचेको जस्तो हुन्न है ६६३
हरेक विश्वासी २०७
हाम्रो यो जीवन घाम-छाया ४७९
हिमालचुली त्यो पल्लोपटि २३२
हिमाली हावाले यो ५६७
हे पुत्र मेरो कहाँ छौ १९६
हे सबै मेहनत गर्ने हो ६७२
हेर आज ब्यूँझेको ७३२
हेर न साथी हेर लौ ७४५

**पश्चात्ताप र विश्वास**

अन्धकार, बन्धन, दुःखदेखि २४९
अर्जी हाम्रो सुन्यौं नि २५५
आऊ येशू लौ मलाई बचाऊ २५०
उदेकको निगाहले ७४९
एउटा आत्मा बाँच्दा यहाँ ६३०
क्रूसको छेउमा आउँछु २६७
खल्लो छ जीवन, नाथ २५२
जाग उठ, निद्राबाट ६०३
जीवनको के भरोसा २५१
जीवनदाता विधाता २६२
धेरै क्षण गुमाएँ २६८
परमेश्वरले सृजनुभो', ६७६
पवित्र आत्माको मन्दिरलाई ६०८
प्रभुजी अर्जी मेरो २५३

प्रभु आउँदैछु म २६१
प्रभु दया अब मागी २५४
प्रभु, म तपाईंको सृष्टि हुँ २५९
प्रभुको स्तुति गरौं हामी २४६
प्रभुजी, अर्जी मेरो सुनिलेऊ २५३
प्रभुजी, क्षमा देऊ म ६५८
बचाउनुहोस् प्रभु येशू २६६
मेरो साटो मर्नु एकजना २५६
येशू छेऊ म आउँदा २६५
येशू तिम्रो धार्मिकताको ६१२
येशूको वाणी सुनेथें २६३
रगतले (२) येशूको रगतले २४७
सबैले भन्छ स्वर्गमै जान्छु २६९
साँझ बिहान प्रार्थना ७०८
सम्झिदेऊ आज नै २७०
सुधार प्रभु हाम्रो यस २५७
सुनन साथी यो मीठो कुरा २६४
हृदयको पर्दा उघारी हेर्दा २४८
हे ईश्वर आफ्नो करुणा २६०
हे सनातनका पहरा २५८

**पूर्ण विश्वास र निश्चयता**

आज मैले जोश पाएँ २९५
इन्द्रेनीजस्ता रङ्गबिरङ्गी २९२
ईश्वरले दिएका रमाहट २८०
एक मित्र मैले पाए' को छु २८७
खीष्ट हुन् जीवनका एक २९३
गाउँदै रहन्छु जीवन यात्रामा २९०
जान्दिनँ म परमेश्वरले २७५
टेक्ने छ हर घुँडा ७४७
त्यो धन्य जसको अपराध २८६
दिन सिँत्यै दिइयो हजुर २९४
धन्य होस् मुक्तिको लागि २८२
परमेश्वर पिता कति महान् २७१
पापको बन्धन छिनी गयो २७९
पापमा डुबेको थिएँ २७२
प्रभुको साक्षी नलजाई २७३
फूलै राम्रा फुल्दछन् २७४
म राख्छु पापको बोझ २८४
म विश्वास गर्दछु ५८४
म हुँ मसीही, रहन्छु पनि २८८
मेरो मसीह मेरो निम्ति ७१८
मेरो हृदयका पीरहरू २९७
मैले निश्चय गरेको छु ५०४
मैले येशू मित्र पाएँ २८५
यहोवा, यहोवा, यहोवा मेरा ५४०
येशू छेऊ म जानेछु २८३
येशू मरे मेरोलागि २७७
येशू हुन मेरो कस्तो विलास २८१

येशू हो मेरो पापको भार २७८
यो एक उदेकको २७६
वनपाखा गुञ्जाइदेऊ है २९१
संसारको प्राण कर्ता ७५०
हाम्रो जीवनको यो ७४२
स्तुति गाउँछु प्रिय ७१७
हे आह, आह लौ भेडा २९६
हौ शान्त हे प्राण २८९

**भरोसा र सङ्गति**

अल्गा, चौडा पर्खालभित्र १५४
अस्ताचलपारि महिमित ३१८
आऊ, अब प्रकाशमान ५६८
आऊ, खुशीको गीत ५६६
उघारेर पर्दा ५४३
कति माया गर्छन् मलाई ३१७
कलवर डाँडाको त्यो ३००
कहिल्यै नछोड्ने ६०२
खाँचो छ जति, हे मेरो मित्र ४९३
जीवन अँध्यारोमा जब ३०४
जीवनको यात्रामा ३१०
तपाईंको पखेटाका ६२४
त्यो मानिस धन्य हो ६०६
धर्ममा नखेलौं अब ५८२
नजिक भन नजिक ५१८
नदीजस्तो राम्रो ३०९
नभर्म भाइ हो, दुनियाँको १५३
निराशाको आँधीमा जब ३१५
निराश भएको ए जिन्दगी ५६९
परम प्रेमी सर्वश्रेष्ठ ३०८
परमेश्वरलाई प्रेम गर्नेको ५८६
पूर्वतिर जब फर्किहेर्छु ५५१
प्रवल परक्रमी, नम्र ४८९
प्रभु तपाईंको प्रेम ५०९
प्रभु येशू, विश्वास गर्छु ३११
प्राण भएसम्म विश्वास रहे ३१६
बाँध्न सकिनेछ ४८४
भागसकेकोछु अब त ५५५
मण्डलीको सत आधार १५५
मेरो जीवनको नाथ प्रभु ३०५
येशू प्यारो तिमी बाहेक ३०२
येशू प्राणको शरणस्थान ३०१
येशू मेरो गाठालो २९९
येशू विश्वास गर्छु ३०७
येशू साथ-साथ हिँड्दा ३०६
विश्वासयोग्य मेरा प्रभु ३१४
विस्तृत र गहिरो अभ ४९७
सम्पूर्ण जीवन मेरो ३१२
सम्हाल्नुहोस् मलाई लड्नबाट ६२२

हाम्रो पिरलाई बुझिदिने ५४९
हार होइन जीवन जीत हो ३१३
हे ईश्वर उहिलेको उद्धार ३०३
हे परमेश्वर आफ्नो ५१७
हेर्नेछु येशू राजालाई (३) २९८

**प्रेम, आनन्द, शान्ति र अनुग्रह**

अचम्मको अनुग्रहले ५९९
अचम्मको प्रेम गर्नुभो ६२७
अशान्तिमा जिउँनेहरू ६२९
ईश्वरचाहिँ प्रेम हुन् ३२४
ईश्वर छन् प्रेमी बचाए ३२०
एउटा नामको उचारण ६३१
कृतज्ञ भई शिर झुकाई ३२६
खुशीको दिन, जसमा मैले ४८७
गर बखान पुरानो ३२३
गाऔँ गीत प्रभुको ३१९
तिमी प्रेम पाउनको निम्ति ६१८
परमेश्वरको क्रोधबाट ३२७
मीठो सपना लिएर ६३७
मुटुभरि-भरि, छाति वरिपरि ३२८
येशू विना हो... ओ... ओ... ६२६
यो नेपाल देश ७२८
यो शान्त प्रहर हो, ६५६
सौभाग्य पृथ्वीमा प्रभुको ५६५
हामीले बोलेका बादलको ६५०
हाम्रा स्वर्गीय ईश्वर पिता ३२१
हृदयमा छ मेरो दिव्य राग ३२२
हे येशू तिम्रो प्रेम ३२५

**समर्पण र पवित्रता**

अङ्ग-प्रत्यङ्गको मालिक ३३१
आउँदैछु फर्केर, घुम्दा ६७०
आउँदछु तपाईंको चरणमा ३२९
ईश्वरको छेवैमा जाँदैछु म ३४२
उठ, जाग, हे मसीही ३५४
कस्तो अनमोल बलिदान ६१५
क्रूसको छेउमा राख्नुहोस् ५०३
ख्रीष्टकै लागि सबै ख्रीष्टकै ३४५
ख्रीष्टको माया बोकी ६८८
छरितो छिटो भएर ७१३
जवानीलाई प्रभुको निम्ति ३५३
जस्तै म छु हौऊँ तपाईंको ३३७
जीवनको दीप, जीवनको ३४८
जीवनभरि प्रेम ख्रीष्टलाई ३३५
तारणहार ख्रीष्ट येशूजीको ३४१
तिम्रो चरणमा, तिम्रो ३४६
तिम्रो जवानीलाई हेला ३५५
तोडफोडगरि जोड्नुहोस् ३६०

परमप्रभुको नाउँमा ७३३
पर्नेछ आशिषको झरी ३३२
प्रतिज्ञा गरेँ, येशू ३३९
प्रभु तिम्रो स्तुति गर्छु ३३०
प्रभु, म आउँछु ५१२
प्रभु म तपाईंको चरणमा, ६९७
प्रभुले मलाई बचाउनुभयो ६१९
प्रशंसाको योग्य ७१६
बहुमूल्य रगत बहाए ५३८
म तपाईंको हुँ ३३८
म हुँ एउटा रित्तो भाँडो ३५९
मन मेरो लिनुहवस् येशू ३५०
मलाई तपाईको खाँचो छ ५१६
मेरो अन्तिम स्वससम्मै ५२४
मेरो जीवन यो प्रभु तिम्रो ३५६
यहाँ मैलो उद्धारको गीत ३५७
येशू प्रभु, आऊ हाम्रो ४७०
येशूको नामले दिन्छ सुख ३५२
येशूलाई म सबथोक दिन्छु ३४०
लिनोस् प्रभु मेरो ज्यान ३३६
सर्वशक्तिमान् प्रभु आउनुहोस् ५७९
सिकाउनोस् संगत गर्न ३४३
सुम्पेको छु जीवन ६६८
हार मेरो स्वीकारेर तिमीलाई ६१७
हृदय भेटी चढ़ाऔं प्रभुलाई ३४७
हे प्रभु गर्न दर्शन तिम्रो ३४४
हे प्रभु तपाईंको लागि ३५१
हे प्रेम मलाई जान नदिने ३३३
हे मेरो आत्मा प्रशंसा गर ६२०
हे येशू मेरो मन लुकाऊ ३३४
हेरन रक्ताम्मे कलवरीमा ३५८
होऊ मेरो दर्शन ३४९

**जीवन-यात्रा, अगुवाइ र साक्षी**

अघि बढौं हे ख्रीष्टीय ३८९
अनन्त जीवनको बाटोभरि ६८६
अनौठो यो संसारमा ६४८
आज-भोलि भरे भन्दै ३८७
आत्मिक दौड लामो छ ७२०
आवाज दिई निरवतामा ३९०
ए अल्छे उठ कमिलाकहाँ ६९४
एक बारको जुनी यो ३८६
कति आनन्द छ जीवन ६८९
ख्रीष्ट मेरो जीवनको मालिक ५६४
गोठालो मेरा हुन् प्रभु ३६७
जब म प्रभुको भएर जिउन ६५४
जसलाई तिमी ईश्वर भन्छौ ७१४
जहाँ पनि प्रभु पाउ मेरो ३६८
जीवनको केही भर छैन ६७५

| | |
|---|---|
| जीवनको गोरेटोमा | ७१० |
| जीवनको बाटो काँडाले पूर्ण | ३६५ |
| जीवन यात्रामा हाँसो | ५७० |
| डोऱ्याउनुहोस् प्रभु मलाई, | ६६० |
| तिमी एउटा बाँचेको मान्छे | ३८४ |
| दयालु प्रभु मलाई | ३६३ |
| दिनमा बादलको खाँबो | ३८५ |
| दुःख, शोक सबै | ३७४ |
| परदेशी भाइ हो | ३६६ |
| परमप्रभु अघि बढ्छन् | ५०८ |
| परमप्रभुका स्वर्गीय इच्छा | ७१९ |
| परमप्रभु मेरो गोठालो हुन् | ६२३ |
| परमेश्वर मेरा हुन् अगुवा | ३७२ |
| परीक्षित हामीझैं | ३८२ |
| पुग्नेछौं हामी विश्वासी | ६४६ |
| प्रभु नाथ, मलाई | ३८१ |
| प्रभु बाटो देखाइदेऊ | ३९२ |
| प्रभु येशूमा विश्वास | ६६१ |
| भरोसा छैन जीवनको | ३७१ |
| म अति  निर्वल, तपाईं प्रबल | ३६९ |
| म एउटा झरेको पात | ६८७ |
| म एक्लो छु येशू | ६३९ |
| म येशूको साथ ज्योतिमा | ३७७ |
| मनाऔं आनन्द प्रभुको | ३७९ |
| मान्छेको बस्ती भित्र | ६६४ |
| मेरो जीवन स्वामी येशूलाई | ३९५ |
| मेरो विश्वासको सानो | ६८४ |
| मैले बाँच्नुपर्ने पलहरू | ६१० |
| यहवे मेरो गोठालो | ३७५ |
| येशू नै हाम्रो गोठालो हुन | ७२३ |
| येशू हुन मेरा रक्षक | ३८८ |
| येशूको आनन्द मेरो शक्ति | ६८५ |
| येशूको पछि म हिँड्न लागेँ | ३७६ |
| येशूको पछि म हिँड्नेछु | ३६२ |
| येशूले दिएको तिमीलाई | ७३४ |
| येशूले दिन्छन् स्वर्गको साँचो | ३९३ |
| यो जग कहिल्यै छैन स्थिर | ३८० |
| यो जीवनको गोरेटोमा | ६८३ |
| रहरमा होइन न त करैमा | ६९२ |
| शान्त हौं कारण पवित्र | ७५२ |
| साँघुरो बाटो हिँड्ने छौं, | ६४९ |
| सु-सन्देशको यो गीतले | ७४० |
| सृजना गरी प्रभु | ७०७ |
| स्वर्ग देशमा मलाई जानुछ | ३७३ |
| स्वर्गिय पिता ईश्वर | ३७० |
| हाम्रो जीवनको हरेक क्षणमा | ३९१ |
| हे ख्रीष्टीय जन अघि बढ़ | ३६१ |
| हे परदेश जाने जन हो | ३६४ |
| हे परमेश्वर तिमी नै हो | ३७८ |

हे मेरा ईश्वर, हे मेरा प्रभु ३८३
हे राजा येशू तिमीले हाम्रो ३९४

**प्रार्थना**

अनन्तको राज्यमा जानको ६५७
ओठबाट निस्केका शब्दहरू ४००
गेतसमनीको बगैंचामा ६९०
निराशमा घुँडा ७०२
प्रभु अर्जी सुनिलेऊ ३९९
प्रार्थनाको समय के मीठो ३९८
प्रार्थना प्रार्थना पल-पलको ५८१
मार्ग देखाऊ मलाई पिता ६७९
येशू कस्तो प्यारो मित्र ३९७
यो मेरो सानो शरीर ७४३
हल्लेलूयाह (४) ३९६
हे हाम्रा स्वर्गमा ५६२

**आत्मिक लडाइं**

को छ ईश्वरपट्टि ४०५
खीष्टको फौजमा हुनु ४०९
जो हुन्छ सहासी ऊ यता ४०४
बढ्दै बढ्दै जाऔं ४०१
बढौं हामी खीष्टीय ५७२
मसीह-मसीहको लागि ४०२
लडाइँ हुँदैछ शत्रु आउँदछ ४०३
लड्नु छ धेरै संग्राम यहाँ ४०८
वीर हौं हामी, वीर प्रभुका ४०७
हिम्मत गर, अघि बढ ४०६

**सेवा**

आऊ काम गरौं ४११
अघि बढ़ खीष्टीय यत्न ४१२
ईश्वरको मान्छे उठ ४२०
उनले चाहे म तत्पर छु ४१०
के म जाऊँ रित्तै ? ४१९
को हो छिमेकी ४२३
घर-घर घुमेर प्रभुलाई ४१७
प्रभुको दर्शन येशूको दर्शन ४१५
बिहानसमय रोप्छौं ४१८
म येशूको सेवक हुन्छु ४१६
येशू हामीलाई बोलाउँछन् ४२२
शैतानसँग लड ७५१
सुसमाचार फैलाऊ, हे भाइ ४१४
हृदयमा खीष्ट बसाऔं ४२१
हे योना उठेर जाऊन् ४१३

**स्वर्गलोक**

उपस्थित खीष्टको छायामा ४३२
जाँदैछु येशूकहाँ छैन ७११
जाँदैछु येशूकहाँ हल्लेलूयाह ४२४

त्यो प्रेमको देश म हेर्दछु ४२८
दूर-दूर यस लोकको मीत ४२९
पृथ्वी माथि-माथि ४३१
बदलको पारिपट्टि ४३३
म पापको बाटो छोड्दछु ४२७
सम्झन, दाइ हो ४३०
सुन नयाँ गीत गाउँदैछन् ४२६
स्वर्ग देशमा छ निषेध ४२५

**प्रभुको राज्य**

अनन्तको त्यो राज्यमा ४४०
आदिमा जुन प्रकार ४३८
ईश्वर पिता हाम्रो सुन्नुहोस् ४३५
धन्यवाद होस् ईश्वरलाई ४३७
प्रतिध्वनि होइन वचन ४४१
येशूले सधैँ राज्य गर्छन् ४३४
हामीले सुनेका छौँ ४३६
हे दयालु स्वर्गीय पिता ४३९

**बाल गीत**

आऊ सबै गीत गाऊ है ४६०
उज्यालो भइगयो प्रभु ४५४
कसले बनाए फूलहरूलाई ४६२
खबरदार, सानो आँखा ४४५
जय जय गर साना ४४७
तिम्रो यौवन कालमा ४४६
नानीहरूको लागि दैलो ४४८
परमेश्वर जसले पृथ्वी ४५०
पापी काम नगर ४५५
पिता डोऱ्याई दिन-दिनै ४५९
प्रभु साना नानी भई ४५१
बोलाउनुहोस् हामीलाई ४५३
मलाई आनन्द छ ४४३
येशू कृपालु गोठाला ४५६
येशू भन्छन बालकहरूलाई ४६३
येशू मलाई गर्छन् प्यार ४४२
येशू सिंहासनदेखि ४६१
येशूको म हुँ पाठो ४४९
येशूलाई धन्यवाद दिन ४६४
संसार खूब राम्रो देख्दछु ४५२
सब थोक राम्रा र उज्जर ४४४
स्वर्गीय राजालाई खुश गर्न ४५८
हात फैलाई माया गरेर ५०७
हे दाज्यु किन यस्तो ४५७

**विशेष समय**

अर्पण गर्दछौं यो ४६७
अब अर्को साता बितेछ ४६६
नवीन सालको प्रथम दिनमा ४६५

बिर्सिन्छौँ कसरी पोहोरको ४६८
यो देशको जन्मभूमि ७२७

**युवा**

अघि बढ युवा हो ६९५
ब्यूँभ उठ ब्यूँभ उठ ७३७
ब्यूँभ-ब्यूँभ है, हे ख्रीष्टीय ५५६
लौ उठौँ, युवा हो ५५७
वीर-विरङ्गना युवाहरू ५४६
शताब्दीले हेर अब ५३७
हे युवा, यो देशमा ५७४

**एकता**

एकताको सूत्रमा ६५२
फुटेर होइन जुटेर ५२५
फुटेर होइन जुटेर एक भई ७३६
हामी ज्यामी नबनौँ ५८३

**सृष्टि**

पहाड पर्वत भरनाहरू ६९३
पहाडमा फुल्ने ५२२
सल्लाघारीको सुसेली ५४१
हावाले हो हो हो ५७८
हेरन हेर सृष्टिको ५०२

**स्वागत**

स्वागत छ (३) ६८२
स्वागत छ कलवरीको ६६६
स्वागत छ तिमीलाई २३९
स्वागत हामी गर्दछौँ ६२८

## कोरस सूची

कोरसहरू ................. १-३२९

## बाल कोरस खण्ड

अतिरिक्त बालकोरसहरू ....... १-७०

## १ स्केल A, ताल C

**कोः हल्लेलूयाह होसन्ना हल्लेलूयाह (४)**

१. परमपिताको स्तुति गाऔं, हामीलाई बचाउने उनै हुन्
सबै पापीलाई गर्छन् क्षमा, सबै रोगीलाई गर्छन् चङ्गा ।
२. धन्यवाद दिई उनको आसनमा, आनन्द भई आऊ उनको चरणमा
सङ्गीत गाउँदै खुसीले मुक्तिको पहरामा जयजय गरौं ।
३. उनै हुन् हाम्रा परमपिता हामीलाई टिठाउँछन् सर्व सदा
कालो बादलको पर्दाजस्तो पापलाई हटाइदिन्छन् सदा ।
४. आमाले झैँ उनले शान्ति दिए दुनियाँको डरमा छोडेनन् कैले
चोखो दूध वचनको पियाई जीवन अमर दिए उनले ।
५. गोठालोले झैँ खोजी उनले निकाले पापको दलदलदेखि
प्राण त्यागी बचाए उनले गराए सबलाई आफ्नै अनि ।
६. गुँडलाई घरि-घरि भत्काइदिए सिकाए हामीलाई उड्न आफैं
पखेटामा उठाई उकाबले झैँ पारेनन् हामीलाई चोट कतै ।

## २ (To God Be The Glory) स्केल G, ताल $^3/_4$

१. महान् सृष्टिकर्ता परमेश्वरको जय संसारलाई प्रेम गरी ख्रीष्ट पुत्र पठाए
जो प्राण आफ्नो त्यागी बने तारणहार र सबैको लागि खोले स्वर्गद्वार ।

**कोः स्तुति गाऊ (२), उनको वचन सुनाऊ, स्तुति गाऊ (२), सबै मिली रमाऊ
येशू पुत्रद्वारा पिताकहाँ आऊ र ईश्वरको जयजयकार स्तुति चढाऊ ।**

२. हो रगतले किनेको पूरो उद्धार, विश्वासीहरूलाई ईश्वरको करार
जो सबभन्दा तुच्छ, त्यो विश्वास गरे त्यसलाई क्षमा गर्छन् झट्टै येशूले ।
३. दिए महान् शिक्षा, गरे महान् काम, महान् छ नि येशूमा हर्ष, इनाम
तै यसभन्दा बढ्ता छ आनन्द अपार हामी जब हेरौंला ख्रीष्टको मुहार ।

## ३ (O Worship the King) स्केल G, ताल $^3/_4$

१. ईश्वर महाराजलाई गर प्रणाम, अँ गाऊँ, उनका गुण सामर्थ र प्रेम
जो हाम्रा छन् ढाल र रक्षक सधैं, जो बस्छन् प्रतापमा पैह्रन स्तुत्यलाई ।
२. प्रताप अनि तेज त गर प्रकाश, हो वस्त्र उज्यालो डेरा आकाश
हुन् रथ उनका, गर्जनका बादलहजार बतासका पखेटामा हुन्छन् सवार ।
३. भूलोक अनि त्यसका उदेकका धन बसाल्यौ तपाईंले सर्वशक्तिमान्
स्थिर आज्ञाले गर्‍यौ दरिलो त्यसलाई र घेर्‍यौ समुद्रले खाष्टाले झैँ ।
४. तपाईंको निधोले राखी विश्वास सब खाँचो अन्सारको भेट्छ निकास
तपाईंको अनुग्रह अपार छ सब रीत हे कर्ता, हे रक्षक, हे त्राणक, हे मित ।
५. तपाईंको सब प्रेम, कसरी बयान, ती हावा र घाम छन् प्रकाशमान्
पहाडबाट झर्छ र छिर्छ तराई, अँ बर्षा र शीतमा चुहुन्छ सधैं ।

## ४

**स्केल G, ताल $^3/_4$**

**कोः रमाऊ धर्मी हो यहवेमा नम्रलाई सुहाउँछ उनको स्तुति (२)**

१. वीणा बजाउँदै दण्डवत् गर सितार दश तारको बजाई गाऊ (२)
ठूलो गान यहवेलाई गाऊ स्वर ठूलो गरी बजाऊ ।

२. यहवेको वचन सोझै छ काम सर्व सच्चाइमा हुँदै छ (२)
निया-धर्मलाई स्नेह गर्दछ, करुणाले पृथ्वी भरिएको छ ।

३. यहवेको वचनले आकाश बनियो मुखैको स्वासले सर्व सेना (२)
जसले समुद्र थुपऱ्याउँछ, गहिराइलाई ढुकुटीमा राख्दछ ।

## ५

(Lord of All Being Throned Afar) स्केल C, ताल $^3/_4$

१. सृष्टिकर्ता सिंहासनमा तारा र घामको महिमा
जीवनदाता सब आत्माको हर प्रेमी जनको छेउ हो ।

२. जीवनको घाम तपाईंको बल हामीलाई पाछ्र्न प्रतिफल
आशाको तारा रातैमा हाम्रो विश्वास प्रभु बढाऊ ।

३. बिना-तपाईं सब मध्यरात, ज्योति तपाईंको प्रेमी हात
इन्द्रेणी दयाको प्रकाश पापबाहेक सब तपाईंको साथ ।

४. जीवनदाता उँधो-उँभो प्रेमको किरण सच उज्यालो
तपाईंको शुद्ध सिंहासन छेउ हामीलाई प्रभु ठाउँ देऊ ।

५. सत्यले हामीलाई छुडाऊ, मरेको हृदयलाई जगाऊ
र हरेक आत्मा तपाईंको आगो र ज्योतिले पूर्ण होस् ।

## ६

(My God, how Wonderful Thou Art) **स्केल C, ताल C**

१. ईश्वर तपाईं उदेकका छौ अपार महान्‌तमका
सिंहासन शोभा विबखान अघात तेज महिमा ।

२. अथाह तपाईंको अनन्तकाल, हे आफैंआफ ईश्वर
स्वर्गदूतले गर्दछन् दिन-रात मान-पूजा निरन्तर ।

३. तपाईंको भय म मान्दछु, हे ईश्वर जिउँदो
पछुताई काम्दै-काम्दै आस मान पूजा म गर्छु ।

४. तै पनि प्रभु आफैंआफ म पनि प्रेम गर्छु
अँ मेरो अयोग्य मनको प्रेम तपाईंले माग्नुभयो ।

५. तपाईंको प्रेम छ अनुपम, अँ आमा-बाबु झैं
तपाईं झैं छैनन् धीरजी, माफ गर्दा बालकलाई ।

६. हे खीष्टका पिता, प्रेमको मूल परमानन्द हुन्छ यो
* स्वर्गलोकमा भोग्नु नित्य वास पाई दर्शन ईश्वरको ।

## ७ (Holy, Holy, Holy) **स्केल D, ताल C**

१. पवित्र (३) परमेश्वर, बिहान सधैँ तपाईंको आराधना हुँदछ
पवित्र (२) शक्तिमान दयालु, त्रिएक परमेश्वर धन्य तपाईंलाई ।
२. पवित्र (३) परमेश्वर, भक्तहरू ढोग्दछन् तपाईंको चरणमा
करूबीम र सराफीम दूतले दण्डवत् गर्छन् जो थिए, छन् र हुनेछन् सदा ।
३. पवित्र (३) परमेश्वर, पापी मानिस देख्दैन तपाईंको महिमा
तपाईंझैँ पवित्र अरू कोही छैन, सिद्ध छन् बल, प्रेम, सत्य तपाईंका ।
४. पवित्र (३) परमेश्वर, गर्दछन् सबै सृष्टिले तपाईंको बढाई
पवित्र (२) शक्तिमान्, दयालु त्रिएक परमेश्वर धन्य तपाईंलाई ।

## ८ (How Great Thou Art) **स्केल A, ताल C**

१. महान् ईश्वर विचार्छु काम तपाईंको, अचम्मको जो सृष्टि गर्नुभो
हेर्छु तारा, सुन्छु गर्जन् डरलाग्दो, प्रकट सामर्थ संसारमा तपाईंको ।
**कोः प्रशंसा होइरहोस् ईश्वरको, कति महान्, कति महान्** (२)
२. पहाड-पर्वत, जङ्गल म जब घुम्छु, पंक्षीहरू म सुन्छु गाएको
सुन्दर पहाडदेखि म तल हेर्छु, कलकल आवाज खोलाको सुन्दछु ।
३. जब पिताले एकलौटे पुत्रलाई पठाए जगमा पाप उठाउनलाई
मेरो बद्ली क्रूसैमा उनी चढी, उद्धार मेरो गरे रगत बगाई ।
४. जयध्वनीसाथ येशू संसारमा आउँछन्, असीम आनन्दसाथ लैजान्छन् वहाँ
विनम्रसाथ उनलाई वहाँ पुज्नेछु, महान् ईश्वरको गर्छु प्रशंसा ।

## ९ **स्केल D, ताल ₵**

१. धन्य-धन्य परमेश्वर जगतकर्ता धन्य हौ (२)
स्वागत गरी तिमीलाई, स्तुति चढाउँछौं,
अनेक ग्रह, प्रकृति, मानिस सबलाई बनायौ
प्राणी सबलाई आशिष् दिई, जगमा फैलायौ ।
२. हे नाथ, प्रभु परमेश्वर मतभेद हुन्थे जगमा
मानिस पापमा फसेथे, गर्दथे विलाप,
दूतले भने, * स्वर्गलोकमा हुन्छ सदा महिमा
पृथ्वीमा खुसी हवस् मानिसमा मिलाप ।
३. तिमी सबको स्वामी भई, मुक्तिको मार्ग देखायौ
पापको अन्त गर्नलाई, ख्रीष्टलाई पठायौ,
हुँदैन अन्त प्रणयको, प्रणयको लिप्त दयालु प्रभु
धन्यवाद चढाई स्तुति गाउँछौं, परमेश्वरको ।
४. हे परमेश्वर तिमीलाई, यी क्षुद्र विनय चढाउँछौं
पश्चात्तापी भई पापलाई प्रकाश गराउँछौं
ती हाम्रा पाप सब क्षमा देऊ, सदैव राख्नोस् आफ्नो छेउ

अन्त्यमा जगत छोडी आउँदा हाम्रो आत्मा लेऊ ।

## १०

(All Creatures of Our God and King)**स्केल C (D), ताल** $^3/_4$

१. राजा परमेश्वरको सृष्टि, स्वर आफ्नोले राग उचाली गाऊ स्तुति हल्लेलूयाह
हे किरण घामको जस्तो सुन, आकाशमा चाँदी जस्तो जून ।

**कोः गाऊ स्तुति, उनको स्तुति हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह ।**

२. हे हावा, जोरमा सामर्थी आकाशको बादल, हे तिमी, गाऊ स्तुति,हल्लेलूयाह
बिहानको ज्योति, स्तुति गाऊ बेलुका, चम्की खुब कराऊ, स्तुति, हल्लेलूयाह ।

३. हे सफा धारा बग्दै गाऊ, प्रभुले सुनून् राग बजाऊ, गाऊ स्तुति, हल्लेलूयाह
हे आगो मालिक चम्किलो उज्यालो दिने मान्छेको, गाऊ स्तुति, हल्लेलूयाह ।

४. सब नम्र मनका गर राग माफ दिई लेऊ आफ्नो भाग, गाऊ स्तुति, हल्लेलूयाह
हे दुःख सहनेहरू हो, शरण र आशा उनमा हो, गाऊ स्तुति, हल्लेलूयाह ।

५. हे मरण दिन्छ, जो विश्राम जब गरिसक्यो हाम्रो काम, गाऊ स्तुति, हल्लेलूयाह
ईश्वरको बालक, स्वर्गलाई देखाउँछौ बाटो येशूकै, गाऊ स्तुति, हल्लेलूयाह ।

६. सब थोकले गाऊन् धन्यवाद, दीन भई गरून् सधैं याद, गाऊ स्तुति, हल्लेलूयाह
पितालाई स्तुति, पुत्रलाई, आत्मालाई पनि गाऊ जय, गाऊ स्तुति, हल्लेलूयाह ।

## ११

**स्केल G, ताल C**

१. आदिमा थिए परमेश्वर, सब थोक छ दिनमा सृजे
सोमवार बनाए, उज्यालो, मंगलवार आकाश सृजे ।

**कोः हल्लेलूयाह (३) यहवे गाऊ हल्लेलूयाह यहवे ।**

२. बुधवार बनस्पति, खानी, सृजे सागर र भूमि
बिहीवार घाम, जून, तारा, बादल, वज्र, वर्षा, बिजुली ।

३. शुक्रवार साना-ठूला जन्तु बगिहिँड्ने सागरमा
त्यही दिन उड्ने सबै पंक्षी, चीलधरि र भुसुना ।

४. शनिवार धरतीमाथि हिँड्ने वन-पशु र घरैया
सृजे मानिस आफ्नै रूपमा, दिए अधिकार सब थोकमा ।

५. छ दिनमा काम भो समाप्त, सातौं दिन बिसाउनुभो
आइतवार बिसाऊ तिमी पनि अनि सेवा गर मेरो ।

६. आदि अन्त सर्वशक्तिमान यहवे राजा सर्वमहान्
नर-नारी, बालक-वृद्ध गाऔं उनको स्तुतिगान ।

## १२

**स्केल G, तालC**

**कोः सागर-स्वामी हौ परमपिता जयजयकार,**
**जयजयकार सर्वसदा (२)**
**तारणहार तिमी युगयुगका पार गऱ्यौ क्रूस, पार गऱ्यौ**
**जीवनका प्रभु पापीका प्रभु, होस् जयजयकार**

१. तिमी हौ प्रेम पतवार तिमी जीवनको सार (२)
जल, थल, शितल मिली तिम्रै सम्मुख झुकी (२) पार गऱ्यौ
क्रूसपार गऱ्यौ, जीवनको प्रभु, पापीको प्रभु, होस् जयजयकार ।

२. किन नहोस् मझधार, होस् थपडीको मार (२)
हृदय प्रफुल्लित रही, प्रभु हाम्रो धीरज धरी (२) पार गऱ्यौ ।

३. जयजयकार गाऊ जयजय, प्रभु हुन् तारणहार (२)
जयजय प्रभुको जय, जय, जय कलवरीको जय (२) पार गऱ्यौ ।

## १३

**स्केल D, ताल ¢**

**कोः स्तुतिको योग्य, महिमाको परमेश्वर,**
**पापीको सब पापलाई मेटाउने २**
**तपाईंको दर्शन पाएर अटल भई,**
**त्यागेर संसार पछ्याउँछु प्रभुलाई २**

१. अन्धकारपूर्ण छ यो पापी संसार, शैतानको पासो र जाल छ हजार
तपाईंको दर्शन पाएर अटल भई, त्यागेर संसार पछ्याउँछु प्रभुलाई (२)

२. गर्जने सिंहझैँ बैरी कराउँछ पानीको छालझैँ मनलाई हल्लाउँछ
तपाईंको शक्ति पाएर अटल भई, त्यागेर संसार पछ्याउँछु प्रभुलाई (२)

३. आँधीझैँ शैतान तर्साउन आउँछ, कमजोर विश्वासको जरा हल्लाउँछ
तपाईंको चरणमा बसेर अटल भई प्रशंसा-जयजयकार चढाउँछु तपाईंलाई (२)

४. स्वर्गीय घरको दर्शन दिनुहोस्, फेरि एकचोटि ओर्लिआउनुहोस्
आत्माको आगोले प्रत्येकलाई जगाउनुहोस्, बिन्ती यो हाम्रो ग्रहण गर्नुहोस् (२)

## १४

**स्केल G, ताल C**

**कोः कुहु-कुहु गर्ने बनमा उड्ने कोइली चरी छन्**
**खुलु-लु-लु गर्दै खोला बग्ने तपाईंका सृष्टि हुन्,**
**हे ईश्वर तपाईंका सृष्टि हुन् ।**

१. जकजक गर्ने बत्ती झैँ बल्ने आकाशमा तारा छन्
जूनको किरण कति हो नरम (२) तपाईंका सृष्टि हुन्
हे ईश्वर तपाईंका सृष्टि हुन्
मृगका पाठा के राम्रा गरी बनमा उफ्रेका, पशु र पंक्षी
के राम्रा गरी तपाईंले रचेका, हे ईश्वर तपाईंले रचेका

२. वनमा जान्छु, फलफूल हेर्छु, तपाईंलाई सम्झन्छु

तपाईंको रचना सम्झेर मनमा म छक्क पर्दछु, हे ईश्वर
न्याउली चरी बिलौना गाई, वनमा उफ्रेका पशु र पंक्षी
के राम्रो गरी तपाईंले रचेका ।

३. अब्राहाम, इसहाक, याकूबका ईश्वर दाता जीवनका
पापीका निम्ति अति प्रेम गरी (२) पुत्र दिए बलिदान, हे ईश्वर
तपाईं तारणहार, पापी हृदय छट्पट गरी खोज्छन् मुक्ति उपाय
मुक्तिको बाटो स्वर्गका वैभव तपाईंले रचेका ।

## १५ (The Love of God) **स्केल C, ताल 3/4**

१. ईश्वरको प्रेम छ कति महान् वर्णन गरी नसकिने
तारागणदेखि अझ उच्च, पातालसम्म फैलिएको
विश्रामरहित आत्माको लागि ईश्वरले पुत्र दिए
पापको कालो दागलाई मेटाई हिउँजस्तो सेतो पारे ।

**कोः ईश्वरको प्रेम कति प्रशस्त छ, बहुमूल्य अपार**
**सधैँभरि दूतगण समस्त गाउँछन्, त्यसको जयजयकार ।**

२. अफशोसी दिन जब बित्नेछन् सांसारिक राज्य नाश हुनेछ
प्रार्थना नगर्ने हरेक जन मृत्युलाई बोलाउनेछ
ईश्वरको प्रेम रहने अझ कति छ दृढ र महान्
अनुग्रह आदम वंशलाई भनी गाउनेछन् दूतगण ।

३. समुद्र मसीले भरेको, आकाश पत्र भएको भए
हर रूखको डाँठ कलम बनेको र हरेक मानिस लेखक भए
लेख्न ईश्वरको महान् प्रेम समुद्र सुकिजान्थ्यो
न त अटाउँथ्यो आकाशमा वर्णन त्यो दिव्य प्रेमको ।

## १६ **स्केल D, ताल 3/4**

**कोः परमेश्वरको बढाई गरौं सारा सन्तगण मिली** (२)
**उच्च स्वरमा स्तुति गरौं खीष्ट मुक्तिदाताकै** (२)

१. अपार प्रेम प्रभुको नभुलौं जीवनमा
कृतज्ञ भई चरण परी चढाऊँ आराधना ।

२. प्रतिदिन यात्रामा खीष्टतिर दृष्टि लाऊँ,
दुःख-सुखलाई स्वीकार गर्दै सदा स्तुति गरौं ।

३. जाग्ने समय छ यो शोक चिन्तालाई पन्साई
खीष्टको हातमा जीवन सौंप्दै स्तुति चढाऊँ उनलाई ।

## १७

**स्केल G, ताल $^2/_4$**

**कोः प्रभु नदी बहाउनुहुने निर्जल उजाड पहाडहरूमा ।**

१. मरुभूमिलाई घना जङ्गलझैँ, प्यासा भूमिलाई अदनझैँ (२)
बनाउनुहुने प्रभु, तपाईं, बदल्नोस् प्रभु, मेरो हृदय (२)

२. घाँटीहरूलाई प्रभु, तपाईंले जीवन-जलले भर्नुहुन्छ,
प्रभु, तपाईं सनातन चट्टान, प्रभु भर्नुहोस् मेरो हृदय (२)

३. नदीका तीरका जीवन वृक्षझैँ जसका पात छन् स्वस्थ पार्ने,
राख्नोस् जाति-जातिको बीचमा सम्हाली प्रभु, दाहिने हातले (२)

४. शान्तिरहित छु शक्तिहीन पनि तर तपाईं मुक्तिदाता
बगाउनोस् नदी पीशोन् औ गीहोन उजाड मेरो यो जीवनबाट (२)

५. प्रभुज्यू, म ता छु अति निष्फल, जर्जर, सङ्कीर्ण मनको
बगाउनुहोस् नदी हिद्देकेल, फरात निरर्थक मेरो जीवनबाट (२)

## १८

**स्केल G, ताल $^3/_4$**

**कोः महिमा, महिमा, महिमा होस् (२)**
**ईश्वरलाई महिमा होस् महिमा होस् (२)**

१. मृतक आत्मालाई, आशारहितलाई
घृणित, गरीब, शुन्य, अर्थहीन जीवनलाई (२)
नवीन दर्शन दिन, नयाँ जीवन दिन मानव बन्नुभो (२) प्रशंसा (३) होस् ।

२. सत्य अमर प्रेमको, सुन्दर उद्धार प्रेमको
असीमित एकमात्र जीवित साक्षात् प्रेमको (२)
प्रमाणित कोसेली, मूल्यवान कोसेली आज दिनुभो (२) धन्यवाद (३) होस् ।

## १९

**स्केल Em, ताल ₵**

**कोः यहवेको स्तुति, स्तुति ईश्वरको, सूर्य औ चन्द्रमा (२)**
**पवित्र दूतगण, सेना ईश्वरका उच्च स्थानमा गर...स्तुति यहवेको ।**

१. हे ज्योतिर्मय तारागण सब, हे विशाल आकाश,
अनि भूलोकका निर्मल जल र असिना हिउँ राश,
महासागर औ पर्वत, अग्नि, आँधी, मेघ, बतास (२) प्रशंसा गर
फलवन्त वृक्ष, पिता ईश्वरको... गर स्तुति यहवेको ।

२. राजा, प्रजा, न्यायधीश, हाकीम, राज्य-राज्यका,
युवक, युवती, बालक, वृद्ध, सारा पृथ्वीका,
बनपशु र पशु घरेलु, पंक्षी गगनका,
प्रशंसा गर महान् महिमित पिता ईश्वरको... गर स्तुति यहवेको ।

## २०

**स्केल G, ताल C**

१. घुम्दैफिर्दै गाईको गोठमा आए गोठालाहरू
देखे सानो डुँडमा येशू गोठमा पस्रिरहेको ।

**कोः हाम्रो आनन्दको दिन आयो, धन्य हाम्रो मुक्ति भो**
**गाऊ संसारको सबै सृष्टिले, मानिस रूप लिए ख्रीष्टले ।**

२. ताराको अगुवाइ पाई आए ज्योतिषीहरू
देखी दण्डवत् सबले गरी उनलाई भेटी चढाए ।

३. आऊ सबै भाइ-बहिनी गाऔं सच्चा स्तुतिगान
भनून् सबले हल्लेलूयाह गरौं सधैं महिमागान ।

## २१

**स्केल G, ताल C**

१. भेडी गोठ चर्दा नि चर्दा रात परिगयो
लौ अब ल्याए गोठैमा गोठालाहरूले (२)

२. आगोका वारि नि पारि गोठाला बसे
आफ्ना नि आफ्ना खोरैमा भेडी है सबै पसे (२)

३. सबै ठाउँ अँध्यारो हुँदा उज्यालो भयो
यो ज्योति केको भन्दै नि गोठाला सबै उठे (२)

४. स्वर्गदूत छेउमा देखी डरले सब कामे
"नडराऊ सुन सुसमाचार" भनी है दूतले थामे (२)

५. गाईको गोठैमा सुन बेथलेहेम गाउँमा
तारणहार प्रभु जन्मिए, गई हेर त्यो ठाउँमा (२)

६. भेडी गोठ सबै नि छाडी गोठाला हिँडे
प्रभुको दर्शन पाएर दण्डवत प्रणाम गरे (२)

## २२

(Hark the Herald Angels Sing) **स्केल G, ताल C**

१. सुन स्वर्गदूतको गान, होस् औतारी ख्रीष्टको मान
पृथ्वीमाथि भो मिलाप, गरे माफ ईश्वरले पाप ।
सबै देशका लोक रमाऊ, दूत सँगसँगै जयजय गाऊ
सबैपट्टि होस् प्रचार, बेथलेहेममा ख्रीष्ट औतार ।

**कोः सुन स्वर्गदूतको गान, होस् औतारी ख्रीष्टको मान ।**

२. ख्रीष्ट सब स्वर्गले पुजेको ख्रीष्ट प्रभु जो सधैंको
पूरो समय आयो जब, कन्येदेखि जन्मे तब ।
ईश्वर जिउधारी भो, धन्य औतार ईश्वरको
धन्य ख्रीष्ट गराउने मेल, धन्य ख्रीष्ट इम्मानुएल ।

३. धन्य कुशलको प्रधान, धर्मका सूर्यलाई प्रणाम
ज्योति, जीवन जगतलाई दिन हुनुभो उदय ।
छोडी आफ्नो परमधाम, औतार भई गरे काम

मान्छे जात नमर्नलाई, जीवन नयाँजन्म पाई ।

## २३

(Away In a Manger) **स्केल F(G), ताल $^3/_4$**

१. कोक्रो उनको छैन डुँड् नै ओछ्यान भो सानो प्रभु येशू गोठमा पस्रिए
स्वर्गदेखि ताराहरू उनलाई हेर्दै गए सानो प्रभु येशू परालमा सुते ।

२. गाई-गोरु कराए, बालक ब्युँझिए, न उनी कराए न कैले रोए
हे प्रभु, प्यार गर्छु, स्वर्गबाट हेर्नू र बिहानैसम्म मसँग रहनू ।

३. प्यार गर्नुहोस् मलाई यो बिन्ती गर्छु अनन्तसम्म हुनुहोस् नजिक प्रभु
आशिष् सबलाई दिई सबको रक्षा गर्नोस्
हामीलाई स्वर्गलोकमा बस्न योग्य पार्नोस् ।

## २४

**स्केल G, ताल C**

१. बेथलेहेमको त्यो शून्य रात, उदेकका हाम्रो नाथ गरीबी छानी,
तुच्छ नमानी (२) पस्रीनुभयो, डुँडैमा धन्य परमेश्वरको प्यार ।

**कोः आनन्द मनाऊ, खुसी मनाऊ, भए खीष्ट अवतार**
**गराउन मृत्यु पार, पापदेखि बचाउन संसार ।**

२. त्यागेर स्वर्गैको सुख, उठाउन हाम्रो दुःख, आउनुभो पाठो
हाम्रो साटो (२) हुनलाई महाबलिदान, धन्य यो सित्तैको दान

३. सुनन हे बहिनी-भाइ १ चाहन्छन् खीष्ट आउनलाई गोठरूपी यो
तुच्छ हृदयमा (२) खोल न हृदयको द्वार, निश्चय हुन्छौ मृत्यु पार

## २५

**स्केल C, ताल $^6/_8$**

**कोः प्रभु है जन्मे गाईको गोठमा प्रचार नाउँ**
**हामी पापीको उद्धार गर्नलाई ॥**

१. त्यो सानो डुँडमा सुतेको प्रभु है, प्रभु है (२)
वारि र पारि ज्योतिले ढाकेको (२), ईश्वरले मानव औतार लिएको (२)

२. हेर्नलाई जाऔं हामी सबै नै मिलेर, है मिलेर (२)
हर्ष मनाउँदै जयजयकार गर्दै (२), उनको जनमको प्रचार गर्दै (२)

३. जाऔं हामी सबै दण्डवत् गर्नलाई, गर्नलाई (२)
बालक प्रभुको दर्शन गरौं (२), आत्माको भेटी चढाउँदै (२)

## २६

**स्केल F (D) , ताल C**

**कोः लाग्दछ मलाई रमाइलो, त्यो उज्यालो ताराको**
**बेथलेहेम गाउँको त्यो सानो गोठ, येशू जन्मेको सानो डुँड ।**

१. अन्धकारको माझमा उज्ज्वल प्रकाश लिई आए (२)
जगलाई उद्धार गराउन, सत्यको जग बसाल्न (२)
निंदबाट जाग, भाइ हो, मुक्तिको पथमा चल्नलाई,

२. खुसीयाली रात मनाऊँ, यस धरतीलाई उज्ज्वल गराऊँ (२)
स्वर्गदूतले गाउँछन् गीत, बालक ख्रीष्टको महिमा (२)
हामी पनि गाऊँ है गीत, बालक ख्रीष्टको चरणमा ।

## २७

**स्केल D, ताल $^2/_4$**

१. यरूशलेम सहरको बेथलेहेम गावैंमा, हाम्रो प्रभु येशू जन्मे गोठैमा ।
थियो ओछ्यान परालको, कोक्रो उनको डुंडैभो आनन्द गरी हर्ष गरौं सबैले ।
२. त्यै रात गोठालाहरू भेडा कुर्दै थिए, एउटा दूत अचानक आई समाचार दिए
संसारैको लागि मुक्तिदाता जन्मे, येशूलाई हेर्न जाऊ बेथलेहेममा ।
३. गोठालाहरू गए, देखे डुंडमा येशू, दूतले भनेझैँ मुक्तिदातालाई
हर्ष र आनन्द भई गरे दण्डवत् सबैले, खुसी भई, रमाउँदै घर फर्के ।
४. जोतिषी पनि पूर्वदेखि आए तारा हेर्दैहेर्दै येशूलाई भेट्न
देखी दण्डवत् गरे सबले भेटी चढाए, खुसी भई रमाउँदै घर फर्के ।
५. हामी सबै मिली दण्डवत् गरौं ईश्वरलाई,उनले आफ्ना पुत्र दिए मुक्तिदान
उनमा विश्वास गर्नेले पाउँनेछन् त्राण, मुक्ति, आनन्द भई हर्ष गरौं सबैले ।

## २८

(See amid the winter snow) **स्केल G, ताल C**

१. सानो डूँडमा हेर भाइ, येशू जन्मे हामीलाई
हेर नम्र बाल औतार तादिको करार अन्सार ।
**कोः धन्य सुखको दिन आयो धन्य हाम्रो मुक्ति भो**
**गाऊ संसारका सबै सृष्टि बेथलेहेममा जन्मे ख्रीष्ट ॥**
२. जसको ठाउँ र सिंहासन करूवीमका बीचमा छन्
जसले सृजे सबै सृष्ट, अहिले डुँडमा प्रभु ख्रीष्ट ।
३. गोठाला कुरी बस्दा देखे ज्योति रातैमा
भने दूतले होस् मिलाप जन्मे ख्रीष्ट मेटाउने पाप ।
४. प्रिय पुत्र ईश्वरको, प्रेम तपाईंको कत्रो भो
छोडी स्वर्गीय आनन्द-सुख, सहनुभो संसारको दुःख ।

## २९

**स्केल C, ताल $^2/_4$**

१. हेर गोठालाहरू आफ्ना भेडा हेर्दछन्
उज्यालो एक्कासी आकाशमा चम्कँदछ ख्रीष्टको जन्मदिनैमा ।
२. शान्ति र मिलापको गीत गाउँदछन् पवित्र दूत
किन हाम्रो प्रभुज्यू यस संसारमा आउनुभो ख्रीष्टको जन्म दिनैमा ।
३. येशू कोक्रोमा बस्ने, सबै नानी प्यार गर्ने, उनको कारण हाम्रो मन
प्रेम र हर्षले भर्दछन् ख्रीष्टको जन्म दिनैमा ।

## ३० (Who is He in Yonder Stall) **स्केल A, ताल $^3/_4$**

१. कसका सामु गोठमा घुँडा टेक्छन्, गोठाला ?

**कोः प्रभु हो उदेकको कुरा, प्रभु हो जीवनका राजा**
**घुँडा टेक्दै हामी आऔं, प्रभु ख्रीष्टमा मुकुट लाऔं ।**

२. खुसी भई घरैमा आफ्नो हातले काम गर्दा ।
३. सारो भोको जङ्गलमा शैतानसँग युद्ध गर्दा ।
४. आफ्नो मितको चिहानमा उभी दुःखले रुँदा ।
५. सङ्कट भई बारीमा आधी रात प्रार्थना गर्दा ।
६. पापको क्रूसमा टाँगिदा शत्रुलाई आशिष् दिँदा ।
७. आफ्नो निज चिहान छोड्दा, यस संसारको त्राण गर्दा ।
८. स्वर्गको सिंहासनमा बसीकन राज्य गर्दा ।

## ३१ (Silent Night) **स्केल A, ताल $^3/_4$**

१. शान्तमय रात, शान्तमय रात येशू ख्रीष्ट कृपानाथ
विश्वका सर्वश्रेष्ठ तारणहार
लिए गोठैमा सत औतार, बेथलेहेम सहरमा, बेथलेहेम सहरमा ।
२. शान्तमय रात, शान्तमय रात, जयजय गाऔं दूतगणसाथ,
बालक सुन्दर जन्मेका छन्
बालक ईश्वरका पुत्र हुन्, येशू हो उनको नाउँ (२)
३. शान्तमय रात, शान्तमय रात येशू ख्रीष्ट हर्षसाथ,
आए स्वर्गदेखि जगतमा
पापी मानिसको खोजीमा, स्वागत गरौं उनलाई (२)

## ३२ (Once in Royal David's City) **स्केल D, ताल C**

१. दाऊदको सहरमा गाईको एउटा गोठ थियो
बालक आमाले सुताउँदा कोक्रो भयो डुँडैको
मरियम नम्र आमाचाहिँ येशू बालक उनकै ।
२. येशू बालक सबका स्वामी संसार आए औतार भई
उनको बास गोठमा अनि उनको कोक्रो त्यो डुँडै
कङ्गाल अनि हेला यो मुक्तिदाता हुनुभो ।
३. येशू सानै बालकदेखि दीन र आज्ञाकारी थे
आमाचाहिँलाई प्रेमले हेरी जसको काखमा सुत्दथे
ख्रीष्टीय बालक होऔं यस्तै आज्ञाकारी येशूझैँ ।
४. हामीजस्तै बालक भए, दिनदिन बढ्थे हामीझैँ
कमजोर अनि लाचार थिए, रुनु हाँस्नु सब उस्तै
हाम्रो दुःखमा दुःखित छन्, हाम्रो सुखमा सुखी छन् ।

## ३३ (While Shepherds Watched) **स्केल D(F), ताल C**

१. गोठालाहरू भेडालाई रातमा कुर्दै थिए
तब स्वर्गदेखि दूत ओर्ली महिमासाथ आए ।
२. लौ नडराऊ दूतले भने म प्रचार गर्नलाई
आएको छु, सब मान्छेलाई सुसमाचार दिनलाई ।
३. तिम्रो लागि छन्, जन्मेका राजा कुलदेखि
त्राणकर्ता प्रभु आजको दिन देख्न पाउँछौ तिमी ।
४. एक बालक तिमी देख्नेछौ दाऊदको सहरमा
लुगामा बेह्री राखेको र पस्रेको डुँडमा ।
५. जब यति कुरा भनेथे अचानक आएथे
सारा स्वर्गीयदूतगणले यो गीत आनन्दसाथ गाए ।
६. गुणानुवाद होस् ईश्वरको र जगमा होस् शान्ति
होस् खुसी मान्छेमा अहिले अनि सदाभरि ।

## ३४ (O Come All Ye Faithful) **स्केल G, ताल C**

१. आऊ सबै विश्वासी, आनन्द गर्दै आऊ, आऊ सबै जना मिली बेथलेहेममा ।
जगतको त्राता बालक भयो हेर, आऊ भजन गर्दै पुजौं (३) ख्रीष्ट प्रभुलाई ।
२. हे वचन सनातन, परमेश्वरको पुत्र, प्रभु येशू हुन् ख्रीष्ट इम्मानुएल ।
कन्याको गर्भदेखि मान्छे जन्मेको आऊ भजन गर्दै पूजौं (३) ख्रीष्ट प्रभुलाई ।
३. हे सब स्वर्गदूत हो, जयजयकार गर्नू, परमेश्वरलाई होस् स्वर्गमा धन्यवाद
पृथ्वीमा कुशल मान्छेहरूमा मिलाप, आऊ भजन गर्दै पुजौं (३) ख्रीष्ट प्रभुलाई ।
४. आमेन् प्रभु धन्य हाम्रो लागि जन्मे, येशू सदा तपाईंको नाम पुजियोस्
ईश्वरको वचन अब देही भएको, आऊ भजन गर्दै पुजौं (३) ख्रीष्ट प्रभुलाई ।

## ३५ **स्केल G, ताल 6/8**

**कोः हेरन आकाशमा ताराको उज्यालो**
**नवजात प्रभुको दर्शन गर्न नगर बियाँलो (२)**

१. ईश्वरको वचन पूरो गर्नलाई आए प्रभु जगमा (२)
मानवको सबै दुःख बुझ्नलाई पस्रिए डुँडैमा (२)
गोठालाहरू छक्क परे जब (२) देखे स्वर्गदूतलाई
ढाडस पाई रमाई गए खबर दिनलाई (२)
२. तारालाई आफ्नो लक्ष्य बनाई बढे ज्योतिषीगण (२)
भेटी चढाए दर्शन पाई गराए आनन्दित मन (२)
पापी जनको तारणहार (२) मानिसको रूपमा
ख्याल नराखी डाँडाकाँडा बढौं सबै प्रभुमा (२)

## ३६ **स्केल G, ताल 2/4**

**कोः आनन्द मनाऔं र हर्ष मनाऔं,**
**सारा दुनियाँलाई सुसमाचार सुनाऔं ।**

१. उठ दाजु भाइ हो, हेर तारालाई
येशूजीको जन्म भयो, उठ, दर्शनलाई ।

२. उठ दिदीबहिनी, हेर तारालाई
येशूजीको जन्म भयो, उठ, दर्शनलाई ।

## ३७

**स्केल D, ताल C**

१ आउनुभो स्वर्गदेखि मुकुटलाई त्यागी, मेरो लागि लिई औतार
बेथलेहेमको गाउँमा थिएन ठाउँ आफ्नो लागि, हे तारणहार
मकहाँ प्रभु येशू, आउनुहोस्, मेरो हृदयमा धेरै छ ठाउँ ।

२. स्यालका हुन्छन् कुर र चराका गुँड तिनले लाउँछन् जङ्गलमा
तर तपाईंकै शिर राख्नलाई गालीलमा थिएन ठाउँ
मकहाँ प्रभु येशू आउनोस्, मेरो हृदयमा धेर छ ठाउँ ।

३. जीवित वचन साथ लिई स्वर्गदेखि ओर्ली मुक्तिदान दिन आउनुभो
तर ठट्टाले क्रूसमा चढाए, लगाई मुकुट काँडाको
मकहाँ प्रभु येशू आउनोस्, मेरो हृदयमा धेरै छ ठाउँ ।

४. स्वर्गको द्वार खोलिँदा, दूतगणले गाउँदा, तपाईं महिमासाथ आउँदा
शब्द सुन्न पाउँ "तँलाई धेरै छ ठाउँ, मेरो छेउ सदा बस्न आ"
मेरो मन तब खुसी हुन्छ, जब पिताकहाँ पुग्नेछु ।

## ३८

(Joy to the world) **स्केल C(D), ताल C**

१. दुनियाँ रमाऊ र ग्रहण गर, खीष्ट प्रभु राजालाई,
हर मनमा होस् उहाँलाई घर, (संसार गरोस् बढाइ) २ (संसार) २ गरोसबढाई

२. दुनियाँका ज्योति उनै हुन् पाप क्षमा दिनेछन्
उनले हाम्रा सबै दुःख दूर गर्नेछन् (र आशिष् दिनेछन्) २ (र आशिष) २ दिनेछन्

३. खुसी मनाऊ खीष्ट राजा हुन्, सब जन र सबै प्राण
समुद्र र पहाड र खोला र मैदान (गाऊ स्तुतिको गीतगान) २ गाऊ (स्तुति) २ को गीत गान

४. उनले विश्वास र दयाले राज्यलाई फैलाउँदछन्
आफ्नो दृढ सत्य विभवका बाटोले (अमोल प्रेम गर्दछन्) २ (अमोल) २ प्रेम गर्दछन्

## ३९

**स्केल C, ताल C**

**कोः आज हाम्रो प्रभु येशू जन्मे बेथलेहेम सहरमा**
**मुक्ति छ सबलाई उनैमा मात्र, गई हेर त्यो ठाउँमा ।**

१. परमेश्वरको त्यो कत्रो दया हामीमा हुन गो (२)
जसको कारण पुत्र येशू (२) गोठैमा जन्म लिनुभो (२)
तन-मन-धन सब भेटी चढाउँदै (२) उनकै चरणमा आऊँ (२)

२. जयजयकार गाउँदै भेटी चढाउँदै उनकै चरणमा आऊँ (२)
जन्म लिईकन आए हामीमा (२) जयजयकार उनकै गाऊँ (२)

## ४०

**स्केल D, ताल $^6/_8$**

**कोः अर्द्ध निशामा लिई सुसन्देश, दीन बनी आयौं हामी तिम्रो दुवारमा ।**

१. दुर्दशा यो सब देखी संसारको (२) पापको भारले मानव मिचेको (२)
जिन्दगीको हाल सुधार्न भनी (२) ईश्वरपुत्र जगमा आए सङ्कोच नमानी ।

२. ईश्वर र मानव बीचको पर्दा (२) पापी मानवको पापले गर्दा (२)
तोडी मानवलाई लान ईश्वरकहाँ (२) आउनुभयो महान् ईश्वर दुष्ट संसारमा ।

३. सहर यरूशलेम, गावैं बेथलेहेम (२) जन्मे गोठैमा बालक एक नरम (२)
ख्रीष्ट जीवनधार येशू तारणहार (२) विश्वास गरी आउने जति हुन्छन् मृत्युपार ।

## ४१

(As with Gladness Men of Old) **स्केल G, ताल C**

१. जस्तै ज्योतिषीहरू ज्योति हेरे ताराको जस्तै त्यस उज्यालोमै
अघि बढे रमाउँदै, त्यस्तै हामी अगुवाइ पाऔं तपाईंको सम्मुखमा आऔं ।

२. जस्तै गरे खुब हतार, भेट्न बालक तारणहार, जस्तै हेरी स्वर्गनाथ
घुँडा टेके नम्रसाथ, त्यस्तै हामी सर्वदा परौं ख्रीष्टको चरणमा ।

३. जस्तै पुजे प्रभुलाई बहुमूल्य भेटी ल्याई, त्यस्तै हर्षसाथ हामी
पाप-भुलदेखि शुद्ध बनी चढाऔं तन-मन-धन तपाईं स्वर्गीय राजा येशूलाई ।

४. शुद्ध येशू, बाटोमा हामीलाई डोऱ्याऊ सदा अनि बितेपछि ज्यान
स्वर्गमा पुऱ्याउनुहोस् प्राण, जहाँ छैन घाम-तारा सब छन् उज्ज्वल तपाईंमा ।

## ४२

**स्केल (F)D, ताल ¢**

**कोः गाउँदै जाऔं प्रभुको महिमा, उनैको जन्म दिवसमा**
**हाँस्दै बढौं उनकै सेवामा, जगाउँदै नौलो भावना**
**उनैको जन्म दिवसमा, उनैको जन्म दिवसमा**
**गाउँदै जाऔं प्रभुको महिमा, हाँस्दै बढौं उनकै सेवामा ।**

१. खुसीको यो सुसमाचार, फैलाऔं है दिशै चार (२) आउनुभो...

२. स्वर्गराजको वैभवलाई त्यागेर, आए मानिस रूप लिएर (२)आउनुभो...

३. पापीको बिन्ती सुन्नलाई, स्वर्गको ढोका खोल्नलाई (२)
आउनुभयो प्रभु संसारमा, निम्त्याऔं है उनलाई हृदयमा ।

## ४३

**स्केल C, ताल C**

**कोः जयजय गर... खुसीले... प्रभुको... जन्मदिन (२)**

१. मरियम गर्भवती थिइन्, पवित्र आत्माले
त्यागने इच्छा गरे युसुफ दाऊदको छोराले,
स्वर्गदूतले युसुफलाई खबर पुऱ्याए

अनि उनले मरियमलाई आफ्नै गराए ।
२. भेडी गोठमा गोठाला सब, गोठै छोडेर
गाउँदै गए ख्रीष्टको जयजय दर्शन गरेर
बेथलेहेम भन्ने सानो गाउँमा ख्रीष्टको जन्म भो,
भविष्यवक्ताले बोलेको वचन पूरो भो ।
३. सानो तारा देखा पर्‍यो पूर्व देशमा
ज्योतिषीहरू दौड्दै आए प्रभुको खोजमा
बालक ख्रीष्टको दर्शन पाई आनन्दित भए
कन्तुर खोली सुन, धूप, मूर्रका भेटी चढाए ।
४. आउनुहोस् आजै, हे भाइ हो, विश्वास गरेर
माग्नुहोस् क्षमा, प्रभुको पाऊमा परेर
आज प्रभु आउनुभो मुक्ति दिनलाई
फेरि प्रभु आउनेछन् निया गर्नलाई ।

## ४४

**स्केल G, ताल ¢**

**कोः प्रभु बालक जन्मनुभो, गाईको गोठैमा**
**मिलीजुली स्तुति गाऔं, एकै स्वरमा ।**
१. प्रेमी ईश्वर दयालुले पुत्र दिए हामीलाई
जसले ईश्वरका भार उठाई आत्मिक मार्ग देखाए ।
२. मानव रूपमा जन्म लिई वैभव त्यागी आस्मानी
बनाउनुभो पराल ओढ्नी विछाए चरणी ।
३. विश्व पापको भुँवरीमा डुब्दै थियो प्रभुबिना
तारक प्रभु जगमा आई दिनुभयो सहारा ।

## ४५

**स्केल F (G), ताल $^6/_8$**

**कोः कति रमाहटको दिन आयो, यो जगतमा**
**हाँस्दैखेल्दै, गाना गाउँदै प्रभु येशूमा ।**
१. आऊ वृद्धजन, आऊ सब जवान
स्वरमा स्वर मिलाई गाऊ प्रभुको जय गान (२)
२. हामी सब थियौं घोर अन्धकारमा
आए प्रभु औतार लिई उही बेथलेहेममा (२)
३. छोड अब भाइ दुष्ट शैतानलाई
उठ जाग स्वागत गर नवजात प्रभुलाई (२)

## ४६

**स्केल D, ताल $^2/_4$**

**कोः आज ख्रीष्टको जन्म भयो बेथलेहेमको गाउँमा (२)**
१. ज्योतिषीहरूले तारालाई हेरी (२) गरिबी गोठमा गई अडिए (२)
खुसी भई भेटी चढाए (२)

२. ईश्वरको पुत्र प्रभु येशू खीष्ट गाईको गोठमा औतार लिई आए
जयजयकार उनकै गाऔं ।
३. निद्रालाई त्यागी उठ बन्धु-भाइ, जाऔं हामी सबै येशू थाई
जयजयकार गाउँदै जाऔं ।

## ४७

**स्केल Am, ताल ¢**

**कोः हिलमिल भाइ, आयौं नि जन्म उत्सवमा गायौं नि**
**सङ्कट पार लगायौ नि, जगलाई उज्यालो गरायौ नि ।**

१. यरूशलेम सहरको बेथलेहेम गाउँमा
खीष्ट येशू जन्मे गाईको गोठमा, खीष्ट रत्न, धन आयौ नि
सङ्कट पार लगायौ नि, जगलाई उज्यालो गरायौ नि ।
२. परमधाममा महिमा, मानिसमा मिलाप
तारणहारको जन्म आधा रातमा, शान्तिको राजा आयौ नि
सङ्कट पार लगायौ नि, जगलाई उज्यालो गरायौ नि ।

## ४८

**स्केल F (D), ताल 6/8**

**कोः उदायो तारा आज, नील गगनको माझ**
**यो अँधेरी रातलाई, उज्यालो बनाइदियो ।**

१. गाईको गोठमा पस्रेको प्रभु पापी जन सबको उद्धार गर्न
जन्मे आज, जन्मे प्रभु जगको त्यो एक्लो डुँडैमा । (२)
२. आनन्द मनाऔं यो शुभ रातमा
सुसन्देश सुनाऔं सारा जगतमा जन्मे आज,
जन्मे प्रभु जगमा ज्योतिका हाम्रा राजा (२)

## ४९

**स्केल G, ताल C**

**कोः अहो कति रमाइलो खुसीको दिन आयो**
**मुक्तिदाता प्रभुको बेथलेहेममा जन्म भो**
**छन् जो मेरो हृदयमा खीष्ट राजा बसेको (२)**
**जयजय बालक राजाको, जय, जय, जय होस् सदा ।**

१. ईश्वरको प्रिय पुत्र प्रभु खीष्ट स्वर्गमा महिमित (२)
बालकको रूपमा पस्रिए डुँडमा, विश्वमा अवहेलित (२)
२. सुनचाँदी छैन, धूप पनि होइन, सम्पूर्ण जीवन लेऊ (२)
गोठरूपी हृदय धोएर आजै प्रभुजी राज गरिदेऊ (२)

## ५०

**स्केल G, ताल 3/4**

**कोः खचाखच भो बेथलेहेम गाउँ, सरायमा थिएन खीष्टलाई ठाउँ**
**आज पनि मानिस व्यस्त भई गर्दैनन् खीष्टको वास्ता ।**

१. प्रिय पुत्र ईश्वरको (२) थोत्रो गोठमा पस्नुभो
सबैबाट त्यागिएर (२) गरीबभन्दा गरीब भयो ।
२. तिम्रो, मेरो निम्ति ख्रीष्टले (२) प्रशस्त धन साँचेका छन्
हाम्रो दुःख उठाएर (२) अनन्त सुख राखेका छन् ।
३. अति दीन ख्रीष्ट मृत्युसम्म (२) आज्ञाकारी बन्नुभयो
विश्वासीलाई अल्गाउनलाई (२) आफैँ अघि अल्गानुभो ।

## ५१

**स्केल G, ताल $^3/_4$**

**कोः मुक्तिदाता तारणहार येशू जन्मे, येशू जन्मे ।**
१. गोठालाहरू माझमा, अचानक देखा परे
स्वर्गदूत यसो भन्दै जन्मे प्रभु गोठैमा (२)
२. उदेकको तारालाई हेर्दै ज्योतिषी पनि आउन लागे
बेथलेहेमको गावैंमा दर्शन गर्न प्रभुको (२)
३. सुनाऊ दाजु, भाइ, बहिनी, सुसन्देश सारा जगतमा
तारणहारको जन्म भो, आनन्द मनाऊ सबैले (२)

## ५२

**स्केल A, ताल ¢**

**कोः पापको कालो बाक्लो अँध्यारो हटाउने उज्ज्वल दीप**
**यरूशलेम सहरको बेथलेहेम गाउँमा जन्मे प्रभु ख्रीष्ट, पापको कालो...**
१. गोठाला गए, दर्शन गरे र औधी रमाए,
ज्योतिषी आए, दण्डवत् गरे औ भेटी चढाए (२)
२. कति उदेकको प्रेम येशू ख्रीष्टको, मानिसकहाँ आउनुभो ?
दुःख र दर्द, चोट कति गहिरो, प्रभुले सहनुभो (२)
३. राम्ररी सोच ठीक निर्णय गर, तिमी के चढाउने ?
गोठरूपी हृदय खोल्दछ जसले, राज गर्छन् प्रभुले (२)

## ५३

**स्केल G, ताल $^3/_4$**

**कोः ईश्वरको पुत्र येशू मानिस रूप धारण गरी**
**स्वर्गको सुखलाई त्यागेर गोठमा जन्म लिए**
**सहेर दुःख, हामीलाई सुख दिनलाई प्रभुले, सुख दिनलाई प्रभुले ।**
१. तिनले सबलाई प्यार गरे मधौरालाई चङ्गा गरे
दुःखीलाई सहायता दिएर स्वर्गको प्रचार गरे
अन्धालाई आँखा, गुँगालाई बोली, गुँगालाई बोली
बहिरालाई सुनाए शब्द, बहिरालाई सुनाए ।
२. येशूलाई यो थाहा थियो, सबैले पाप गरेका छन्
ईश्वरको वचनले भन्दछन् पापको फल मृत्यु नै हो ।
पापदेखि मुक्त गराउन ख्रीष्टले, गराउन उनले
क्रूसैमा प्राण त्यागे भाइ हो, क्रूसैमा प्राण त्यागे ।

३. ईश्वरको पुत्र येशू तेस्रो दिन बौरी उठे
मृत्युको बन्धनलाई तोडेर स्वर्गको प्रचार गरे
स्वर्गमा चढी ईश्वरको छेउमा, ईश्वरको छेउमा
हामीलाई पर्खंदैछन् भाइ हो, हामीलाई पर्खंदैछन् ।
४. कुकर्मदेखि फर्की प्रभुमा विश्वास गर्ने
पाउँदछन् ती सबले मुक्ति परमेश्वर क्षमा गर्छन्
यसकारण भाइ हो, विश्वास गर विश्वास गर
प्रभु येशू ख्रीष्टमा बहिनी, प्रभु येशू ख्रीष्टमा ।

## ५४

स्केल D, ताल ¢

**कोः सुनिलेऊ मेरा भाइ हो, येशूजी मेरा दुनियाँमा आए ।**
१. दुनियाँमा आए, मुक्ति लिई आए (२)
मानिसलाई आई बचाए, येशूजी मेरा दुनियाँमा आए ।
२. स्वर्गीय पिताका एकमात्र पुत्र (२) मानिसका पुत्र भनिए, येशूजी मेरा...
३. अन्धालाई आँखा, गुँगालाई बोली (२) बहिरालाई शब्द सुनाए, येशूजी...
४. कोढी अर्धाङ्गी निको गराए (२) मुर्दालाई बौराईउठाए, येशूजी मेरा...
५. हामी सब पापमा डुबिरहे थियौं (२) अद्‌भूत प्रेम देखाए, येशूजी मेरा...
६. दुनियाँको कारण क्रूसैमा चढी (२) पवित्र रगत बगाए, येशूजी मेरा...
७. ख्रीष्ट मरेपछि चिहानमा राखिए (२) र तेस्रो दिनमा बौरी उठे येशूजी...

## ५५

स्केल F (D), ताल C

१. जगत-सृष्टि पालनकर्ता, धन्य ईश्वर दाता
धन्य-धन्य प्रभु येशू, जगतको त्राता नि धन्य ।
**कोः भज मन लाई, आऊ जन प्रभुकहाँ, भज मन लाई, भज मन लाई ।**
२. परमेश्वरको प्रथम वचन पुत्र दिउँला भनी
साँच्चै प्रभु औतार भए, जगतको मणि नि धन्य ।
३. तीसै वर्ष पुगेपछि प्रचार गरी हिँड्थे
प्रभु येशू महादाता अजम्मरी दिने नि धन्य ।
४. अजम्मरी वचन सुनाई देशै-विदेश फिरे
क्रूसको महा दुःख सही प्राण दान गरिदिए नि धन्य ।
५. आऊ पापी विश्वास गरी प्रभुकहाँ जाऊ
पापको मृत्यु बन्धनदेखि निस्तार दान पाऊ नि धन्य ।
६. प्रभुजीको दिव्य वचन दुःखी पापी आऊ
दाऊदवंशी येशू ख्रीष्टको जयजय स्तुति गाऔं नि धन्य ।

## ५६

स्केल D, ताल C

**कोः गाऊ मसीहको जयगान र धन्य भन उनको नाम,**

**पृथ्वी तलको नर-नारीको (२) एक सहारा मसीह (२) गाऊ...**

१. मुक्तिको पथलाई प्रचार गर्दै, जीवन मसीहले बिताए
पाप र श्राप मेटाउन मसीहले, क्रूसमा रगत बगाए ।

२. अन्धकार जगको अँध्यारोलाई, प्रेमी मसीहले हटाए
प्रेम प्रचार्दै, प्रेम बढाउँदै, ईर्ष्या र द्वेष मेटाए ।

३. पथिकहरूलाई पथ दर्शाउँदै, ईश्वर नाता जोडाए
पापको बन्धनमा हामी परेथ्यौं, प्यारो मसीहले छुडाए ।

४. अमोल प्रेम जो मसीहमा पाउँछौं, यो छाडी कहाँ जाऔं ?
मुक्ति र शान्ति जो उनमा पाउँछौं, जयजयकार उनकै गाऔं ।

## ५७

(It fell upon a summer Day) **स्केल D, ताल C**

१. एक दिनको कुरा गालीलमा जब प्रभु येशू घुम्दथे
सब आमाहरूले नानीहरूलाई उनकहाँ ल्याएथे ।

२. उनले काखमा लिई हरेकलाई प्रेमले आशिष्को हात राखे
यी सानाहरू मकहाँ आउन देऊ, प्रभुले भनेथे ।

३. खुसी विचार र नम्र स्वभाव एक-अर्कालाई देखाई दया
हे प्रभु, मेरो हृदयमा तपाईंको स्वर्ग बनोस् ।

४. यस रहरलाग्दो संसारमा ईश्वरको प्रेम र महिमा
जसले भेट्छ त्यो धन्य होस्, सब ठाउँमा ईश्वर छन् ।

## ५८

**स्केल G, ताल C**

१. चालीस दिनका भोका देखी शैतान आई प्रभु छेउ
भन्न लाग्यो, "यी ढुङ्गालाई रोटी बनाई खाँदै जाऊ" ।
दुष्ट शैतानको वचन सुनी उत्तर दिए प्रभुले
"रोटीले मात्र बाँच्नेछैनौं, बचाइन्छौं वचनले ।"

२. एउटा अग्लो ठाउँमा पुऱ्याई भन्न लाग्यो, राज्य देखाई
"एकै पल्ट प्रणाम गरे दिनेछु म तिमीलाई ।"
"दुष्ट शैतान, लेखेको छ, तैंले आफ्ना ईश्वरलाई १
प्रणाम गर्नू, सेवा गर्नू, गर्नू स्तुति उनैको ।"

३. गजुरमाथि चढाईकन भन्न लाग्यो शैतानले
"ख्रीष्ट हौ भने हाम फाल आई समाउँछन् दूतले ।"
उत्तर दिए, "दुष्ट शैतान, परीक्षा नगर ईश्वरलाई
लज्जित भई भागिगयो एक्लै छाडी प्रभुलाई ।"

## ५९

**स्केल D, ताल 6/8**

**कोः संसारलाई पापमा फसिएको देखी, प्रभु आए संसारको उद्धार गर्न भनी ।**

१. सुख-चैन र स्वर्ग भनी स्वर्ग राज्यलाई त्यागेर, हाई-हाई (२)

जन्म लिए गोठैमा (२) बिताए जीवन दुःखमा (२)
हामीजस्ता पापीलाई बचाउनलाई प्रभु आए संसारको उद्धार गर्न भनी

२. दुःख कस्तो सही-सही प्रचार गरी हिंडे, हाई-हाई (२)
रोगी नांगा भोकाहरूलाई चैन आनन्द दिंदै
अन्धालाई ज्योति दिएर (२) मृतलाई जीवन दिएर (२)

३. हात पाउमा काँटी ठोकी क्रूसमा उनलाई मारे, हाई-हाई
शिरमा काँडेमुकुट पहिराई रक्तधारा बगाए क्रूसमा बलि भएर (२)
पवित्र रगत दिएर (२) उद्धार गरे हामी सबलाई अति कष्ट सहेर
मुक्ति निश्चय पाउँछौ जति आउँछन् विश्वास गरेर ।

## ६०

**स्केल G, ताल C**

**कोः उदेकको प्रेमिलो खीष्ट येशू राजाको**
**धन्यवाद, महिमा, स्तुति होस् सर्वदा ।**

१. पिताले पुत्रलाई संसारमा दिनुभो
यो कति उदेकको प्रेम ईश्वर पिताको
येशू खीष्ट प्रेमिलो प्रेमले स्वर्ग छोड्नुभो
गेतसमनी पनि प्रेमले जानुभो ।

२. प्रेमले क्रूसको मृत्यु भोग्नलाई जानुभो
मृत्युबाट तेस्रो दिन बौरिउठ्नुभयो
येशू खीष्ट जीवित छन्, म उनमा जिउँदछु
तन-मनले उनको गाउनेछु गीत जयको ।

३. उदेकको प्रेमिलो खीष्ट येशू राजाको
धन्यवाद, महिमा, स्तुति होस् सर्वदा
जानुभो स्वर्गधाममा फिर्नेछन् बादलमा
लिएर हामीलाई पुऱ्याउँछन् त्यस ठाउँमा ।

## ६१

**स्केल A, ताल $^3/_4$**

**कोः उदाए दिव्य उद्धारक धरतीको अन्धकारमा**
**ज्योतिर्मय खीष्ट उदित भए मुक्तिको प्रकाश लिएर (२)**

१. घोर अन्धकारमा ज्योतिविहीन भइ हजारौं ठोकर खाई
बाटो भुलेका व्याकुल निराश निर्बल यात्रीलाई
बाटो देखाई, पाऊ डोऱ्याई पुऱ्याउन परमेश्वरकहाँ
दिव्य उद्धारक ज्योतिर्मय प्रकाश उदाए यस धरतीमा ।

२. चिन्ता र पीरको भारले दबेको जगतको सुनी चित्कार,
पाप दुर्गन्धमा निस्सासिएको आत्माको गर्न उद्धार
मानवतालाई हराइसकेको जीवनको गर्न सुधार
उदाए तारक प्रकाशमय तारक बचाउन संसार सारा ।

३. परमप्रभुको करुणाले गर्दा प्रदिप्त खीष्ट पठाए

संसारले अन्धा पारेको आँखा खोल्नलाई ख्रीष्ट आए
अन्धकारबाट ज्योतितिर नै फर्काउन ख्रीष्ट उदाए
शैतानको बन्धनबाट उम्काउन प्रतापमय ख्रीष्ट जन्मे ।

४. महान् प्रभुको करुणा पाउने योग्यको म थिइनँ
म पापको रोगी नरक जानाले हुन्थ्यो स्वर्ग शुन्य
किन प्रभुले मलाई खुब खोजे ? किन महिमा दिन ?
अवाक म हुन्छु अनुग्रह देखी, नभुकी म सक्तिनँ ।

## ६२

**स्केल G, ताल ¢**

**कोः स्वर्गको महिमित सिंहासन छोड्नुभो**
**बेथलेहेम को पुरानो गोठ ख्रीष्टले रोज्नुभो**
**मानिसलाई यस्तो प्यार येशूले गर्नुभो (२)**
**तिनलाई अग्ल्याउन स्वयं होचिनुभो (२)**

१. पापीलाई बचाउन स्वयं पाप बन्नुभो मृत्युदण्ड पनि प्रभुले भोग्नुभो (२)
जयवन्त जीवन दिन ख्रीष्ट बौरिउठ्नुभो हल्लेलूयाह प्रभु येशूको (२)

२. तुरहीको साथ महिमित बादलमा आउनेछन् प्रभु ख्रीष्ट फेरि यो विश्वमा (२)
लिएर हामीलाई पुऱ्याउँछन् स्वर्गधाममा हल्लेलूयाह प्रभु येशूको (२)

## ६३

**स्केल D, ताल C**

१. उदेकको त्यो तारा चम्कियो आकाशमा
जन्मनुभो प्रभु आज गाईको गोठमा हाम्रो जीवनमा ।

**कोः होस्-होस् प्रभुलाई महिमा हाम्रो जीवनमा**
**होस्-होस् प्रभुलाई महिमा अनन्त कालसम्म ।**

२. उदेकको त्यो बलिदान प्रभुले जो दिनुभो
श्रापित क्रूसमा मर्नुभो प्रभु दिन एक वरदान
हामीलाई मुक्तिदान ।

३. उदेकको त्यो आशा पाउँछौं जो प्रभुमा
आउनेछन् बादलमा तुरहीको साथमा
लिन हामीलाई उनकै राज्यमा ।

## ६४

(Praise Him (2) Jesus our Blessed Redeemer) **स्केल G, ताल $^{6}/_{8}$**

१. जयजय धन्य येशू हाम्रो मुक्तिदाता दुनियाँ हो १ अचम्मको प्रेम सुनाऊ
भजभज दूतहरू स्वर्गमा गाउँछन् उनको नामलाई इज्जत र मान बढाऊ
भैँ गोठाला येशूले भेडा पाल्छन् काँधमा बोकी सानालाई ल्याउँछन् घर
आऊ सब सियोन डाँडामा बस्ने विश्वासी स्तुति गर येशूको जयजयकार ।

२. जयजय धन्य येशू हाम्रा मुक्तिदाता पापको लागि रगत बगाई मरे
हाम्रो आड र अनन्त जीवनको आशा, भजभज येशू जो क्रूस चढे
दुःख भोग्ने प्रेमपूर्ण मुक्तिदाता काँडे मुकुट घोच्यो उनको निधार

लाज, घिन, इन्कार, निन्दा खाई हाम्रो लागि अब जयवन्त स्वर्गको राजकुमार ।

३. जयजय धन्य येशू हाम्रा मुक्तिदाता स्वर्गद्वारमा गुञ्जयमान स्वर सुनाऊ
खीष्ट उद्धारक हुन्, अगमवक्ता, पूजारी महाराजा उनलाई मुकुट लगाऊ ।
मृत्यु हाऱ्यो, हर्ष मनाऔं विश्वासी, हे चिहान हो, खोइ त जीत तेरो ?
येशू ब्यूँते १ मृत्यु भयो स्वर्ग ढोका येशू ब्यूँते मुक्तिदाता हाम्रो ।

## ६५

**स्केल C, ताल 3/4**

**कोः आयौं, आयौं, आयौं हामी प्रभु नाम सुनी हर्षले (२)**

१. आऊ दाजु-भाइ-बहिनी उनको स्तुति गाउनलाई (२)
उनैले दिन्छन् मुक्ति हामीलाई (२) आयौं आयौं...

२. उनी हुन् हाम्रा मुक्तिदाता उनी हुन् जगको तारणहार (२)
उनी हुन् हरेक खाँचोको उत्तर (२)

३. अहिले छन् उनी * स्वर्गधाममा परमपिताको दाहिने हातमा (२)
एकपल्ट फेरि आउनेछन् उनी (२)

## ६६

**स्केल D, ताल 6/8**

**कोः धन्य प्रभु येशूको, शान्तिदायक जसको नाऊँ**
**स्तुति गरौं बारम्बार हाम्रो प्रभुको ।**

१. अपार छ प्रभुको प्यार अधर्मी जातिप्रति (२)
क्षणभरको जीवन हाम्रो (२) गर्नुभो फेरि तारण हाम्रो ।

२. जगत सारा संसार अन्धकार पापैमा छ (२)
ज्योति बनी आयौ प्रभु (२) स्वर्गीय राज्यको मार्ग बनाई ।

३. उदेक छ प्रभुको कार्य, कसरी भुलौं, हे भाइ (२)
आनन्दित मनले उनलाई भजौं (२) सुनाइरहौं उनको जयजय गान ।

## ६७

**स्केल C, ताल 3/4**

**कोः जयजय, जयजय, जयजयकार प्रभुको**
**मन मेरो रगतले शुद्ध भयो (२)**

१. क्रूसैको छेउमा जहाँ रगत बग्यो, पापैले दबिँदै म गएँ त्यहाँ (२)
मन मेरो रगतले शुद्ध भयो (२)

२. निश्चय दूर भयो सबै पाप हृदयमा राज्य गर्छन् येशू आज (२)
क्रूसको छेउमा पूर्ण प्रताप (२)

## ६८

**स्केल G, ताल C**

**कोः राजा येशू आए हल्लेलूयाह आए (२)**
**शैतानलाई जित्नका लागि राजा येशू आए (२)**

१. पापको क्षमा पाई हुन्छु म आनन्दित (२)
मनलाई शुद्ध पार्नलाई राजा येशू आए (२)

२. यस संसारमा पाप र दुःख हुन्छन् धेरैधेरै (२)
सत्य शान्ति दिनलाई राजा येशू आए (२)
३. येशू महाराजा, महाप्रभु येशू (२)
हल्लेलूयाह सबले भन राजा येशू आए (२)

## ६९

**स्केल G, ताल C**

१. येशू मुक्तिदाता हुन्, जगत त्राणकर्ता हुन् (२)
आउँछौं उनको चरणमा जीवन उनैमा ।
२. खालि आशा उनैमा, छैन अरू कसैमा (२)
प्रभु दिनुहोस् मुक्ति, सुन्नुहोस् बिन्ती ।
३. दया दुःखितमाथि भो उद्धार मेरो हे प्रभु (२)
प्रभु ख्रीष्टको गुण गाऔं, उनको पछि जाऔं ।
४. धन्य ईश्वर कृपालु, दीन अनि दयालु (२)
होस् उनको महिमा सारा जगतमा ।

## ७०

**स्केल F(D), ताल C**

१. येशू मेरो मुक्तिदाता, येशू मेरो मुक्तिदाता,
येशू मेरो मुक्तिदाता, हल्लेलूयाह उनको जय ।
**कोः भन जय, येशू जय (३) हल्लेलूयाह उनको जय ।**
२. येशू मेरो शान्तिदाता (३) हल्लेलूयाह उनको जय ।
३. येशू मेरो जीवनदाता (३) हल्लेलूयाह उनको जय ।
४. येशू फेरि फर्की आउँछन् (३) हल्लेलूयाह उनको जय ।

## ७१

(Blessed Redeemer) **स्केल C, ताल $^9/_8$**

१. धन्य उद्धारक करुणासागर, अग्घोर दयालु स्वतन्त्रता
मजस्तो निर्धाको तपाईं अडेस, आउँदै छु प्रभु तपाईं छेउमा ।
**कोः धन्य उद्धारक, उदेक उद्धारक, बुद्धिका धारा सनातनका**
**आशा विश्वासका प्रकाश उनैका, ख्रीष्ट मुक्तिदाताकै प्रशंसा ।**
२. धन्य उद्धारक डर कत्ति छैन, तपाईंमा पाउँछौं शरण, रक्षा
खुसी भई पुज्छु र विश्वास गर्छु, स्थिर भई आउँछु तपाईं छेउमा ।
३. धन्य उद्धारक, कृपालु कोमल, अहिले सर्वदै रहन ममा
तपाईं सहायक ढाल र रक्षक, समाती राख्नोस् तपाईं छेउमा ।

## ७२

**स्केल Cm (Am), ताल C**

**कोः हृदयको राजा, जय येशू नाउँ, शान्तिको कुमार गर्छु प्रणाम,**
**दश हजारौंमा तपाईं सुन्दर, सुगन्धित तेलझैँ मधुरो नाउँ, गर्छु प्रणाम ।**
१. लाखौंमा मीठो छ येशू नाउँ, चम्किलो अनुहार सूर्य समान
अवर्णनीय छ तपाईंको प्रेम म अधर्मीले चाखें त्यो प्रेम गर्छु प्रणाम ।

२. बोल्यौ प्रभु तपाईं भए मगन अभिलाषी भई आएँ चरण
हर्षित हुँदै प्रभु गर्छु प्रणाम, म अयोग्यले पाएँ जीवन दान गर्छु प्रणाम ।
३. मलाई बचायौ दिएर प्राण, बुझाईदेऊ प्रभु स्वर्गीय प्रेम
भेटीको रूपमा सम्पूर्ण जीवन चढाउँछु हे प्रभु, गरिदेऊ ग्रहण गर्छु प्रणाम ।

## ७३

**स्केल G, ताल ¢**

**कोः भजौं मीठो नाम, प्रभु येशू नाम,**
**प्यारो प्रभु येशूलाई, गरौं आदर मान,... भजौं मीठो नाम ।**

१. सारा भूलोक भरका पापीहरूलाई, येशूमात्र छन् शुद्ध गर्नलाईं
उनको मीठो वाणी सुन मन लगाई चढाउँदै हृदय भेटी उनलाई ।
२. येशू हाम्रो लागि संसारमा आए, हाम्रो आत्मालाई अति प्रेम गरे
क्रूसमा कोखाबाट रगत बगाए, धुनलाई हाम्रो पापी हृदय ।
३. नरकभन्दा ठूलो दण्ड केही छैन जहाँ सधैं आगो गन्धक निभ्दैन
फर्कौं आज सबै चढाऔं ख्रीष्टलाई मन, रमाउँदै गरौं उनको भजन ।

## ७४

**स्केल F(D), ताल C**

**कोः गाऊँ येशूजीको जयगान्, गाऊँ येशूजीको शुभ नाम ।**

१. यरूशलेम सहरको बेथलेहेम गावैंमा
आज जन्म्यो बालक जसको येशू नाम (२)
शान्तिको राजा येशूलाई प्रणाम (२)
२. इम्मानुएलले जन्म लिए, हाम्रो भव भो उज्यालो (२)
पापको विनाश भयो, सत्यले जित्यो (२)
सत्यको राजा येशूलाई प्रणाम (२)
३. मसीह येशू अवतार भए, घृणा-हेला टाढो भयो (२)
प्रेम जन्म्यो, प्रेम बढ्यो प्रेम बढ्दै गो (२)
प्रेमिलो राजा येशूलाई प्रणाम (२)

## ७५

(One Day) **स्केल C, ताल $^{9}/_{4}$**

१. कुनै एक दिन पृथ्वी पापसागर हुँदा, कुनै एक दिन स्वर्ग-धनी येशू
धामबाट आई कन्याबाट जन्मिँदा मानव रूप लिए, उदाहरण मेरो ।

**कोः प्रेम गरी आए, मर्दा बचाए, गाडिँदा पाप मेरो हटाइदिए**
**ब्यूँती उनले मलाई निर्दोष ठहऱ्याए, आउनेछन् येशू हो खुसीको दिन ।**

२. कुनै एक दिन उनलाई कलवरी लगे, कुनै एक दिन क्रूसमा टाँगे येशू
गिल्ला, सङ्कष्ट र हेला खाएर बोके सब पाप, मुक्तिदाता मेरो ।
३. कुनै एक दिन उनलाई कबरमा राखे, कुनै एक दिन उनलाई आराम मिल्यो
स्वर्गदूत आए पहरा गरे, निराशमा आशा, उद्धारक मेरो ।
४. कुनै एक दिन मरणबाट जी उठे, कुनै एक दिन कबरको ढुङ्गा पल्ट्यो

येशू ब्यूँते मृत्युमाथि, जयवन्त स्वर्ग फर्के, महाप्रभु मेरो ।
५. कुनै एक दिन तुरही शब्द सुनिन्छ, कुनै एक दिन फर्की आउँछन् येशू
जयजयकार उनको आकाशमा गुञ्जिन्छ, त्राणी येशू महाराजा मेरो ।

## ७६

**स्केल G, ताल $^6/_8$**

**कोः ख्रीष्ट मेरो मुक्तिदाता हुन्, उनी हुन् मित्र पापीको**
**सदा स्तुति होस् प्रभुको, आदर महिमा उनैको ।**
१. येशू संसारको ज्योति हुन्, येशू स्वर्गको बाटो हुन्
येशू तारणहार हुन्, पापीको केवल सहारा हुन् (२)
२. त्यागे येशूले स्वर्ग-सुख, उठाउन पापीहरूका दुःख
दिए येशूले क्रूसमा प्राण, गराउन पापीहरूको त्राण (२)

## ७७

(Hosanna Loud Hosanna) **स्केल G, ताल C**

१. होशन्ना, जोर होशन्ना गाउँथे बालक साना
गुञ्ज्यो खुसीको स्तुति अल्गो भवन भरी ।
येशू जसले आशिष् दिए सबका प्यारा भए
गाए स्तुति बालकले उत्तम सादा तौरले ।
२. पछ्याए भीड साथ लागी जैतुन डाँडाबाटै
खजुरको पात हल्लाउँदै चर्को स्वर निकाल्दै ।
स्वर्गदूतले गरे स्तुति नीलो आकाशदेखि
उच्च स्थानमा होशन्ना पितालाई महिमा ।
३. स्वर्गमा होशन्ना हो, गाऔं गीत पुरानो यो
ख्रीष्ट हाम्रा मुक्तिदाता स्वर्गका प्रभु राजा ।
सधैँ स्तुति गर्न पाऔं तन-मन र स्वर सब लाऔं
उनको शान्तिको राज्यमा अनन्त हर्ष मनाऔं ।

## ७८

(Everybody ought to know) **स्केल F(D), ताल C**

**कोः चिन्नुपर्छ सबैले (२) चिन्नुपर्छ सबैले येशू को हुन् ।**
१. उनी शान्ति दिने ख्रीष्ट हुन्, जगतका हुन् तारणहार
तिम्रो मेरो मुक्तिदाता, चिन्नुपर्छ सबैले ।
२. उनी मेरो प्यारो मित्र मनमा खुसी दिँदछन्
मेरो जीवनको उज्यालो, चिन्नुपर्छ सबैले ।
३. उनी निष्कलङ्क औतार, पुत्र हुन् परमेश्वरका
फेरि पछि आउने राजा, चिन्नुपर्छ सबैले ।

## ७९

(Fairest Lord Jesus) **स्केल D, ताल C**

१. प्रभु येशू हाम्रो, पृथ्वीपति प्यारो ईश्वरको पुत्र र मानिसको

तपाईंलाई हे प्रभु, स्तुति चढाउँदछु, महिमा, आनन्द, जय मेरो ।
२. चउर खुब रमाइला छन्, बन त झन् रमाइला छन्, बसन्तको शोभाले ढाकेको
येशू झन् राम्रा छन्, येशू झन् शुद्ध छन्, जसले हटाउँछन् दुःख हाम्रो ।
३. घाम अति राम्रो छ, जून असाध्यै राम्रो छ, आकाश छ ताराले भरेको
येशू झन् चम्किला, येशू हुन् उज्याला, उनी हुन् स्वर्गको प्रभु ।

## ८० 

**स्केल D, ताल C**

१. दाऊदवंशी येशू ख्रीष्टको स्तुति गर, हे भाइ (२)
स्वर्गबाट ओर्ली आए, बचाउन हामीलाई (२)
होशन्ना-होशन्ना, आनन्द जगतमा ।
२. मानिस औतार गरी धारण, आए नरलोकमा
अमोल प्राण त्यागी सबलाई पारेनन् शोकमा ।
होशन्ना येशू नाउँ दिए स्वर्ग धाम ।
३. पिता ईश्वर महिमा उनको, सारा संसारमा
चन्द्र, सूर्य, सृष्टि सारा मिली भनून् महिमा ।
होशन्ना, होशन्ना नयाँ यरूशलेममा ।

## ८१ 

**स्केल D, ताल C**

**कोः येशूको नाम छ सारा संसारमा सबैलाई गर्न उद्धार ।**
१. दुनियाँमा आई, क्रूसैमा चढी देखाए आफ्नो पियार
आत्मा बचाउन, शान्ति दिन येशू भए बलिदान ।
२. स्वर्गको मुनि मान्छेको बीचमा कुनै अरू नामै छैन
येशू नाम मात्र सबै दुनियाँमा पापीलाई गर्न उद्धार ।

## ८२ 

**स्केल D, ताल C**

१. स्वर्गदेखि को उत्रे ? येशू मुक्तिदाता
गरीब नरको चोलामा येशू मुक्तिदाता ।
**कोः यो गीत खुब जोरसित गाऊ, उनले उद्धार ल्याएछन्**
**यस्तो प्रेमी छैन कोही, येशू मुक्तिदाता ।**
२. क्रूसमा बलि भए को ?....हाम्रो उद्धार गर्नलाई
३. पापको माफी दिने को ?....विश्वासीलाई बचाउन
४. स्वर्गमा विराजमान को ?....कसलाई हामी प्रेम गरौं ?
५. स्वर्गदेखि आउँछन् को ?....आफ्ना सबलाई लैजानू ।

## ८३ (Come Thou Fount of Everu Blessing) 

**स्केल G7, ताल 3/4**

१. येशू वरदानको मूल-धारा, गरूँ योग्य प्रशंसा
दया-खोला लगातार बगिरहेछ ममा ।

स्तुति गर्न दिनोस् मलाई स्वर्गदूतले गरे झैँ
प्रभु खीष्टको प्रेम र भलाइ छ अगाध अपार सधैँ ।

२. यतिञ्जेल मेरो उद्धारक तपाईं हुनुभो आफैं
राखी “एबेन्एजर” स्मारक अघि बढ्छु स्वर्गमै ।
बगाल छोड्ने भेडाजस्तो मलाई खोजे येशूले
नाशदेखि बचाउन आफ्नो अमोल रगत बगाए ।

३. ईश्वरको अनुग्रह हेरी ऋणी आफूलाई ठान्छु
त्यो अनुग्रह साङ्लासरी बाँधोस् चंचल मन मेरो ।
आफ्नै सुरमा जान खोज्ने मन छ मेरो, छैन स्थिर
लिनोस् मन, हे लिनोस् प्रभु स्वर्गको लागि राख्नोस् दृढ ।

## ८४

स्केल G, ताल $^3/_4$

**कोः धन्य होस् प्रभु तिमीलाई, सनातन राजालाई (२)**
**करुणा तिम्रो अपरमअपारै छ सदा (२)**

१. स्वर्गीय स्वर्ग त्यागे संसारमा आएर
क्रूसैको दुःख सहेर, बलिदान भएर (२)
दियौ नि मोक्ष पापीलाई अमूल्य रक्त बहाई
दयालु पिता तिमीलाई बढाइ होस्, बढाइ (२)

२. जगतको दिव्य प्रकाश हौ, यथार्थ राह हौ (२)
दुःखीको एक हितैषी हौ, स्नेहको नृप हौ (२)
जीवनको तिमी धारा हौ, तारणहार हौ
पिता र पुत्र, आत्मामा तिमी परमेश्वर हौ (२)

३. निकृष्ट तुच्छ भएर, शरणमा आउँछु (२)
हे प्रभु येशू, तिमीलाई म दृष्टि उठाउँछु (२)
सङ्कष्टमय जीवन राहमा, सर्वदा साथ देऊ,
जयवन्त जीवन बिताउने, हे प्रभु सामर्थ देऊ (२)

## ८५

(Jesus Name of wondrous love) **स्केल G, ताल C**

१. येशू नाउँ अपार प्रेमको सबैभन्दा श्रेष्ठ यो हो
जसमा सबका घुँडाले टेक्नुपर्छ अवश्य ।

२. येशू नाउँ अमोल प्रेमको पापी जनको लागि हो
यसमा दिएछ करार उनले गर्दछन् उद्धार ।

३. येशू नाउँ जो दया हो, जो बालकलाई दिइयो
जसले भोग्यो महा दुःख हामी सबलाई दिन सुख ।

४. येशू नाउँ जो दिइयो मुनि सारा स्वर्गको
पापी यसमा पत्याउँदा छोडाइन्छ नै सदा ।

५. येशू नाउँ अपार प्रेमको ईश्वर मान्छे नाउँको भो
यसमा आश्रा गर्ने हीन आउँदै छौं तपाईं अधीन ।

## ८६

**स्केल D, ताल C**

**कोः हा...हा...हल्लेलूयाह, मिली हामी भजौं, भजन प्रभुज्यूको (२)**

१. उनी राजाहरूका राजा, उनको चरणमा आऔं आज (२)
उनको स्तुति गाऔं, उनको महिमा गाऔं (२)
तन-मन साथ उनलाई भजौं ।

२. येशू ख्रीष्ट संसारमा आए, हाम्रो पापको भार उठाए (२)
उनमा विश्वास गरौं, उनको शरण परौं (२)
पाउँछौं मुक्तिदान हामी सब आऔं ।

३. जातिजातिका मानिस आऔं, प्रभु येशूको गुण गाऔं (२)
उनले पापी मनमा भर्छन् शान्ति पूरा (२)
उनले पापीलाई दिन्छन् जीवन ।

## ८७

**स्केल C, ताल C**

**कोः जयजय येशू (२) जय मृत्यु जय, जय जयकार**
**सृजनहार, पालनहार, तारणहार जयजय येशू (२)**

१. दुःखीको दुःख हरनेवाला हृदयमा शान्ति दिनेवाला
जय सब मन दुःख मेटियो जयजयकार, सृजनहार,...

२. मनुष्य स्वरूप धारण गरी नीच गरीबलाई दियौ छुटकारा
जयजय त्राता, जय सुखदाता जयजयकार, सृजनहार...

३. मृत्यु बन्धन तोड्नेवाला, सबै जीवन दिनेवाला
रोगी अशान्तिको एक आधार जयजयकार, सृजनहार...

४. जयजयकार गरौं सबै प्यार नर-नारी एकसँग पुकार
नारा लगाऊ जयजयकार, जयजयकार...

## ८८

**स्केल G, ताल C**

१. संसारको चउरमा, चारतिर हेर्दा, पापैको रासै-रास, लौ है बिचारूँ ।
२. शैतानले डाक्छ, शरीरले खिच्छ, पापैको जित-बाजी, लौ है बिचारूँ ।
३. पापको फल खायौं, निराशै भयौं, हंसको सर्वनाश, लौ है बिचारूँ ।
४. हंसको कुगत पिताले हेरी, पुत्र पो दिए दान, लौ है बिचारूँ ।
५. पाप हाम्रो लिई येशू नै मरे, रगतले किनियौं, लौ है बिचारूँ ।
६. तीन दिन बिते, ती बौरिउठे, बचाए हंसलाई लौ है बिचारूँ ।
७. येशूको गुण हामीले पायौं, आत्मा उठाए दान, लौ है बिचारूँ ।
८. पवित्र आत्मा सबैले लेऊ, उहाँको जयजय गाऔं, लौ है बिचारूँ ।

## ८९

**स्केल D, ताल $^3/_4$**

**कोः स्तुति होस् प्रभु ख्रीष्टको, आदर र प्रशंसा**

**महिमा उनैको, होस् सदा-सर्वदा (२)**

१. फर्केर हेर्छु बिगत दिनहरू, वर्तमान नियाल्छु
आशिष्‌को झरी जीवनैभरी (२) बर्षेको थाहा गर्छु
औधी रमाउँदै पूर्ण हृदयले, ख्रीष्टको बढाइ गर्छु (२)

२. अत्यन्त प्रेमी, अग्घोर सामर्थी, ख्रीष्ट मेरा छन् साथी (२)
मेरो अविश्वास औ हारमा पनि (२) येशू छन् विश्वासी
यसकारण भन्छु, जय हल्लेलूयाह, धन्यवाद चढाउँछु (२)।

३. निराशमा आशा, दुःखमा शान्ति, असहायका सहारा (२)।
राजाहरूका पनि ख्रीष्ट राजा (२) मेरा मुक्तिदाता
जय प्रभु येशू, जय मुक्तिदाता, जयजय हल्लेलूयाह (२)

## ९०

**स्केल A, ताल ¢**

**कोः गरौं जयजयकार हाम्रा प्रभुको, उनै हुन् हाम्रा साँचो गोठालो**
**हर्षित हृदय लिई धन्यवाद चढाऊँ, भक्तिसहित सबले दण्डवत् गरौं।**

१. पापको दण्ड भयङ्कर नरक कमाइ यो मेरै थियो (२)
धर्म-कर्मको च्यादरले ढाकी पाप ढाकिइँदैनथ्यो
थुकाइ र कुटाइ सहनुभो जति (बचाउन प्राण दिए) (२)

२. हेर्दछु कलवरी डाँडालाई टाँगिए प्रभु क्रूसमा (२)
हातमा काँटी, खुट्टामा काँटी शिरमा तीब्र पीडा
सहे सब पीडा, दुःख-अशान्ति थिए सब मेरै निम्ति (२)

३. अजीव रहेछ प्रेम येशूको म दुष्ट घृणितप्रति (२)
जब पापमा थे ख्रीष्ट मेरा मरे सब मेरा पापलाई बोकी
शुद्ध मलाई पार्दै बहेको खुनले धर्मी मलाई तुल्याए (२)

४. पथिक नरकको ख्रीष्टले फिराउँदा स्वर्गको यात्री बने (२)
स्वर्ग मेरो देश भो यहाँ परदेशी बढ्छु प्रतिफल अघि
देख्दा प्रभुलाई पीडा भुल्नेछु असीम विश्राम पाउनेछु (२)

## ९१

**स्केल G, ताल 3/4**

**कोः चढाउँछु प्रभु धन्यवाद आज, क्रूसको त्यो प्रेमको निम्ति**
**थुकाइ र कुटाइ सहनुभो जति, ती सब थिए मेरै निम्ति (२)**

१. काँडे मुकुट पहिरी शिरमा, हात-पाउलाई जडी क्रूसमा (२)
हुनुभो बलि मेरो नै निम्ति, निर्दोष पाठोको रूपमा (२)

२. पीडा तपाईंलाई शान्ति मलाई, क्रूस तपाईंको मुकुट मेरो (२)
मृत्यु तपाईंलाई, जीवन मलाई, प्रेम मलाई किन यस्तो ? (२)

३. देख्छु महिमित स्वर्ग मेरो, तर होइन कमाइ मेरो (२)
हर्षाश्रु झार्दै प्रशंसा गर्छु, यो ता हो दान तपाईंको (२)

४. घृणित पापलाई गर्छु घृणा, कारण यही हो लाने क्रूसमा (२)
सजाउँछु सिंहासन, प्रभु हृदयमा, रहनुहोस् प्रभु यसमा (२)

## ९२

**स्केल D, ताल ¢**

**कोः हृदयको मेरो राजा येशूलाई धेरै नै माया छ**
**उहाँको चोखो प्रेमदेखि मलाई (केले पो छुडाउँछ) (२)**

१. दिनदिनको मेरो जीवनमा, खीष्टको आश्चर्य काम देख्दछु (२)
हरेक असम्भव येशूमा, सम्भव भएको देख्दछु (२)

२. जङ्गलमा पिए पुर्खाले, पानी सनातन चट्टानको (२)
आएर पिऊ जीवनको पानी, त्यो चट्टान येशू हो (२)

## ९३

**स्केल A, ताल ¢**

**कोः संसारलाई सिर्जने मेरो प्रभु, पापीलाई मुक्ति दिने मेरो प्रभु**
**अवर्णनीय अपार, साँच्चै नै विशाल मेरो, तिम्रो, हाम्रो, सबको प्यारो प्रभु ।**

१. उनको कर्मलाई जाँच, उनको वचन सुन (२)
जादू होइन कलवरी, मन्त्र होइन वचन
तर अलौकिक प्रेम, संसारलाई... प्रभु

२. उनको महिमालाई नाप सिद्ध छन् उनी पूर्ण (२)
परमेश्वरको प्रतिरूप सृष्टिको जेठो हुन्
स्वर्ग-धर्तीको शिर, संसारलाई... प्रभु

३. उनको शरीरलाई हेर चोटैचोट छन् सारा (२)
हात राखी छाम उनका कर-पाउ
चाख अलौकिक प्रेम, संसारलाई... प्रभु

## ९४

**स्केल G, ताल C**

१. स्तुति होस् म शुद्ध भएँ, येशू खीष्टको रगतले
कलवरीको त्यस धारामा, धुनुभो मलाई खीष्टले ।

**कोः पापको सबै बन्धन छुट्‌यो, प्रभु येशू धन्यवाद**
**मुकुट उहाँले दिन्छन् मलाई, सम्पूर्ण उद्धारको साथ ।**

२. स्तुति होस् यर्दनको निम्ति जहाँ म दफन भएँ
येशू खीष्टको साथमा मरी, नयाँ जीवन-दान पाएँ ।

३. स्तुति होस् पेन्तिकोसको दिनमा, आए पवित्र आत्मा
शान्ति, आनन्द, प्रेम, विश्वास साथ रहनुहुन्छ सर्वदा ।

४. स्तुति होस् प्रभु येशूको, स्वर्गबाट आउनेछन्
पवित्र मण्डलीलाई साथ लिई, फेरि स्वर्ग फिर्नेछन् ।

## ९५

**स्केल D, ताल $^3/_4$**

**कोः हिजोको दिन बितिगयो भोलि कहिले नआउला**

**आजको दिन जो हातमा छ, गर्छु प्रभुको प्रशंसा ।**

१. अनुग्रह येशूको नदीझैँ बगिरहेको (२)
मेरो निम्ति प्रशस्त अनन्तसम्म पुग्नेछ ।

२. प्रेमको धारा येशूको सित्थैमा झरिरहेको (२)
हर दिन, हर रात थाहा गर्छु मुटुभरी प्रेम चढाउँछु ।

३. कोमल कृपा हजुरको झर्नासरी बर्सिएको (२)
बुझी पूर्ण हृदयको तहदेखि प्यारो गर्छु ।

## ९६

**स्केल F(G), ताल C**

**कोः मैले चार दिशामा हेरें, आकाश धरतीमा हेरें**
**तिमीजस्तै मुक्तिदाता, मैले कतै (पाइनँ) (२) मैले चार ...**

१. फुकाली बन्धन सारा आफ्नो रगतले धोएर (२)
सित्थैमा कोसेली अनन्त जीवनको तिमी मलाई दिई जानुभो ।
हाम्रो पापको लागि हे साथी, बलि भयो ईश्वरको पुत्र
तिमी भन्छौ बलिदान यस्तो मैले कतै (देखिनँ) (२)

२. अन्धकारभित्र बसेर उजेली थाहा के गर्ने ? (२)
तिमीलाई ज्योतिको रहस्य खोलेर दुनियाँको बत्ती बनाउँछन्
अविश्वासमा होइन हे भाइ, अन्तर छ जीवन मृत्युको
त्यागे उसलाई पराया सम्झी अरू कोही (छैन नै) (२)

## ९७

**स्केल D, ताल C**

**कोः जय होस् येशू राजाको, मुक्तिदाताको उद्धारकर्ताको (२)**

१. उनले हामीलाई प्रेम गरी क्रूसको सबै दुःख भोग्नुभो
हर पापको बन्धनलाई तोडी हामीलाई स्वतन्त्र गर्नुभो ।

२. पुरानो जीवन सब भुली नयाँ जीवन ख्रीष्टमा जिउनेछु
पिताको हर प्रतिज्ञालाई सम्झी ख्रीष्टको पाइलो म पछ्याउने छु ।

## ९८

**स्केल G, ताल C**

**कोः सत्य सुन्दर सिद्ध मानिस हुनुहुन्छ, प्रभु ख्रीष्ट (२)**
**उहाँसँग साटें मैले, अनन्त-अनन्तलाई चोखो प्रीत ।**

१. सिद्ध ईश्वर सिद्ध मानिस, मेरो जीवन स्वामीलाई
अन्तरात्मादेखि श्रद्धा-भक्ति छ तपाईंलाई ।

२. तपाईं मेरो म तपाईंको, अनन्तलाई हाम्रो प्रीत (२)
दुःख-सुखमा दिलोज्यानले, रात-दिन गाउँछु ख्रीष्टको गीत ।

## ९९

**स्केल F (E), ताल C**

**कोः महान् प्रभु अति उच्चमा दूतगणले गर्छन् महिमा**

**हे प्रभु, तपाईंको मण्डली आराधना गर्छौं तपाईंलाई ।**

१. प्रेमको ठूलो रहस्यलाई, महिमा गौरवको त्यागलाई (२)
सम्झन्छु क्रूसको दुःखलाई, अर्पन्छु सर्वाङ्ग तपाईंलाई (२)

२. आउनुभो प्रभु हाम्रो माझमा, धोइएको मन मन्दिरमा (२)
भरपूर छु भरिइरहन्छु झन् नजिक हुन चाहन्छु (२)

३. महिमा, आदर र धन्यवाद सर्वदा गर्दछु दण्डवत् (२)
तपाईंको गम्भीर प्रेमको सागरमा डुबें प्रभु म (२)

## १००

**स्केल D, ताल 3/4**

**कोः हर्ष मनाऊ, आनन्द मनाऊ, उद्धार हाम्रो यो**
**तारा चम्किला, दूतगण हँसिला, ईश्वर मानव भो ।**

१. जसको नाउँ येशू हो पापीलाई बचाउने
मानिसको सट्टामा, नयाँ जीवनदान गरी आफ्नो बनाउने ।

२. तिरेर पापको दाम मृत्यु ध्वंस पार्ने
मृत्युको सट्टामा बनाई फाटक स्वर्ग र पृथ्वी जोड्ने ।

## १०१

**स्केल G, ताल ¢**

**कोः हे ईश्वर, तिम्रो यो विचार मेरो निम्ति अति अनमोल छ,**
**तिम्रो करुणा मप्रति सदासर्वदा बनिरहनेछ ।**

१. आज चढाउँछु धन्यवाद प्रभुलाई, मेरो जिब्रोले तिम्रो प्रशंसा
बढाइँ, स्तुति र गुणादि गाउनेछु, कारण तिमी मेरो मुक्तिदाता ।

२. विनाशको कुण्डमा पुगिसकेकोलाई दया भो तिम्रो बचाउने मलाई
सङ्कष्ट र मृत्युदेखि बचाउनलाई दियौ क्रूसमा बलिदान येशूलाई ।

३. गरेथें मैले पाप दुष्ट जगत्मा, मैले सहनुपर्नेथ्यो दण्ड यसमा
तर सहे येशूले कष्ट क्रूसमा दिनलाई नयाँ जीवन संसारमा ।

४. सक्तिनँ प्रभु बस्न चुप यहाँ नगरीकन प्रशंसा तिम्रो
नचढाई हुन्न धन्यवाद तिमीलाई सम्झेर अथाह प्रेम खीष्ट प्रभुको ।

## १०२

**स्केल C, ताल 3/4**

**कोः स्तुति होस्, प्रभुको जयजयकार ।**

१. भुल्नेछैन म त्यो दृश्य प्रभु येशूको,
कलवरी भनिने ठाउँमा उनी टाँगिएको
हात-पाउ र शरीर उनको चोटैचोटले पूर्ण थियो (२)
मैले जानें ती सबै कारण मेरो अर्धम हो (२)

२. भुल्नेछैन म त्यो वचन भनेको खीष्टले
कलवरी भनिने ठाउँमा गम्भीर प्रेमको भावले
पुत्र तेरा अधर्म सबै पापको ऋण तिरिसकें (२)

उद्धार छ तेरो लागि यहाँ कमाएँ जो मैले (२)

## १०३ (King of My Life) **स्केल D, ताल C**

१. जीवनको स्वामी प्रभुलाई महिमा होस् सधैँ
म जब भुल्छु तपाईंलाई कलवरीमा डोऱ्याऊ ।

**कोः भुल्छु जब गलगथाको कष्टको प्रार्थना तपाईंको**
**भुल्छु जब प्रेम तपाईंको कलवरीमा डोऱ्याऊ ।**

२. देखाऊ मलाई कबर उनको दूतगणले घेरेको
जहाँ यस कठोर हृदय लिई गर्छु अर्पण उनलाई ।

३. मरियमले कबरमा दान लिई तपाईंलाई खोजे थिई
हृदयको दान लिई म पनि खोज्न सकूँ अनि ।

४. छु प्रभु बोक्नलाई तयार आफ्नो त्यो क्रूसको भार
गर्नेछु जीवन दुःख पार शक्ति देऊ तारणहार ।

## १०४ (O come and mourn with me) **स्केल Dm, ताल C**

१. मसँग आउ न, शोक गरौं मुक्तिदाताको छेवैमा
हामीहरू विलाप गरौं खीष्ट प्रभु क्रूसमा टाँगिए ।

२. मान्छेले निन्दा गर्दामा, के आँसु आउँदैन हाम्रो ?
हे भाइ, कत्रो साहस थ्यो, खीष्ट प्रभु क्रूसमा टाँगिए ।

३. सातै खेप बोले प्रेमको बात, तीन घण्टासम्म चूप रह्यो
मान्छेलाई मुक्ति दिनलाई, खीष्ट प्रभु क्रूसमा टाँगिए ।

४. हे कडा मन अब फर्किनू, तिमी अपस्वार्थी घमण्डी
मृत्युमा उसलाई सुम्पनुभो, खीष्ट प्रभु क्रूसमा टाँगिए ।

५. फाटेको हृदय अब माग, अनि दिइन्छ तिमीलाई
यस्तो मनदेखि हुन्छ प्रेम, खीष्ट प्रभु क्रूसमा टाँगिए ।

## १०५ (When I survey the wondrous cross) **स्केल D, ताल $^3/_4$**

१. त्यो क्रूसमा जब हेर्दछु, जसमा मरिनुभो येशू
धन-सम्पत्ति म तुच्छ ठान्छु, घमण्ड त्यागी नरम हुन्छु ।

२. येशूले भोगे मृत्यु-दण्ड, खाली यसमा गर्छु घमण्ड
मलाई लोभ्याउने थोकहरू, म उनको लागि त्यागदछु ।

३. लौ उनको शिर, हात, पाउदेखि हेर दुःख र प्रेम मिसी बग्यो ।
छ शिरमा काँढा बुनेको, के अघि यस्तै मुकुट थियो ?

४. सब संसार भए ता मेरो, त्यो पनि तुच्छ दान हुन्थ्यो
लौ यत्रो प्रेमको योग्य दान हो जीवन, आत्मा, जीउ र प्राण ।

## १०६ **स्केल Em, ताल $^2/_4$**

१. येशू है खीष्टको क्रूसैको मरण (२) हृदय ता लैलै छेड्ने गत्

ए दिदै हृदय ता लैलै छेड्ने गत् ।
२. हेर न दिदै सुन न दिदै (२) रगतको लैलै धारै-धार ।
३. मुटु ता मेरो रहेन दिदै (२) भइगयो लैलै चुरै-चूर ।
४. गई बस्छु म ता क्रूसैको मुनि (२) शिरैमा लैलै थाप्छु धार ।
५. ख्रीष्टैको मरण, पापैको हरण (२) छाँद्छु म लैलै ख्रीष्टको पाउ ।
६. पिता र पुत्र, पवित्र आत्मा (२) महिमित लैलै महिमित ।

## १०७

**स्केल D, ताल $^6/_8$**

१. जय, जय, जय, जय येशूको जय (२) बलिदान जो भइगयो
बेहिसाब उनको प्यार छ, जय, जय येशूको जय ।
२. विश्वास ल्याऔं हामी येशूमा (२) बलिदान जो भइगए
उनको रगतको बाटोले सब हाम्रो पाप मेटे ।
३. हेरहेर ख्रीष्ट येशूलाई (२) क्रूसैमा जो मरे
क्रूसैमा आफ्नो प्राण दिई हामीलाई बचाए ।
४. ईश्वरदेखि यस्तो दया (२) संसारलाई गरे प्यार
अन्त्यमा उनले आफ्ना पुत्र दिई गरे उद्धार ।

## १०८

**स्केल Am, ताल C**

**कोः नेपाली पापी मनलाई पखाली, येशूको छेउमा जाऔं (२)**
१. पिलातसले येशूज्यूलाई कोर्रा लगाइदिए (२)
क्रूस बोक्न कुरेनी भाइले (येशूलाई सघाइदिए) २
२. सबै मिली येशूज्यूलाई काँटी ठोकिदिए (२)
सबै हाम्रो पापको भारी (येशूले बोकिलिए) २
३. क्रूसको द्वारा बग्यो ठूलो रगतको धारा (२)
पापी सबै प्रवेश गर्ने (यही हो मुक्तिको द्वार) २
४. गलगथाको पहाडैमा बलिदान भए (२)
प्यारो प्रभु येशूज्यूले (प्राण दान गरिदिए) २
५. शुक्रवारको तेस्रो पहर येशूले प्राण त्यागे (२)
मृत्यु निदमा परेको प्रभु (तेस्रो दिनमा जागे) २

## १०९

**स्केल G, ताल $^2/_4$**

१. किद्रोन खोलापारि एक साँझ हाम्रो प्रभु ख्रीष्टले
दुःखित हुँदै यो बिन्ती गरे (२) त्यस बारीमा आफ्नो लागि
सम्भावना भए यो प्याला मदेखि तर्काइदिनुहोस् तैपनि इच्छा तपाईंको ।
२. सबैले ख्रीष्टलाई छाडे पक्डाइँदा उनी
सामना गरी निष्ठुरी मामला (२) अदालतमा उनी एक्लै
आखिरमा येशूलाई वहाँ दण्ड-आज्ञा दिए सबैले बारब्बा मुक्त गराइयो ।

३. प्रभु क्रूसमा टाँगिए चोर र डाँकुको सँग
पापको बोझ र दुःख सहँदै (२) गलगथामा रक्त बहाए
तब उनले भने, अब समाप्त भयो मेरो काम, हे पिता, लिनुहोस् मेरो प्राण ।
४. जीवन खीष्टले दिनलाई गरे मृत्यु सामना
थाहा छ के तिमीलाई सो कुरा (२) जो कलवरीमा तिम्रो लागि
पर्खन्छन् आज खीष्ट भन्दै तिमीलाई मधुर स्वरैमा, आउन पाउनेछौ जीवन ।

## ११० (O Sacred Head Once Wounded) **स्केल C, ताल C**

१. हे धन्य शिर पवित्र, काँडे मुकुट लाको,
दुःखमय दृश्य त्यो कस्तो, रगत बगेको,
थकित प्रभुको मुखमा, मानिसले थुकेको,
वैजनी वस्त्र लगाई, निगालो दिएको ।
२. हे धन्य प्रभु येशू, घृणित तिमी भयौ,
संसारले व्यर्थ ठान्यो, दोषी नै ठहरायो,
मृत्युको दण्ड भोगी, प्राण बलिदान दियौ,
पाप कारण मेरै-मेरो, तिमीले दुःख सहचौ ।
३. धन्य भन्न प्रभुलाई, शब्द छैन मेरो,
जत्ति दुःख सङ्कष्ट, मेरो लागि सहचौ ।
प्रार्थना यही हो मेरो, लौ लेउ, अर्पण गर्छु
निःस्वार्थ तिम्रो प्रेमको, जयजय सधैं गाउँछु ।

## १११ **स्केल G, ताल C**

**कोः कलवरी डाँडाको महादुःख सहनुपऱ्यो प्रभुले**
**मजस्तो पापीलाई बचाउन क्रूसैमा प्राण दिए ।**
१. कतिको निन्दा, कतिको थुक, कतिको भनाइ सहेर (२)
त्यो गह्रौं क्रूस बोकेर गल्गथा पुऱ्याए ।
२. सिपाहीहरू मिलेर येशूलाई क्रूसमा चढाए (२)
उनैका वस्त्र फुकाई चिट्ठा लगाए ।
३. हातैमा काँटी, पावैमा काँटी, ठोके दुश्मनहरूले (२)
कोखामा भाला हानेको सहे प्रभु येशूले ।
४. जब क्रूसमा चढाए, येशूकी माता मरियम (२)
रुँदै-रुँदै आइपुगिन् येशूको छेवैमा ।
५. हे दाजु-भाइ, हे दिदी-बहिनी पश्चात्ताप गरौं हामीले (२)
दिनेछन् हामीलाई मुक्ति प्रभु येशूले ।

## ११२ (There is Green Hill) **स्केल C, ताल C**

१. हरियो डाँडा एउटा थियो बाहिर सहरको

ख्रीष्ट प्रभु मारिए जहाँ बचाउन सबलाई हो ।
२. सङ्कट, क्लेश भोग्नुभो कस्तो वर्णन छ असाध्ये
विश्वास गर्छौं हामी यस्तो हाम्रै लागि सहे ।
३. हाम्रो पाप क्षमा दिन दान प्राण आफ्नो दिनुभो
पाओस् सारा जगतले त्राण बचाई रगतले जो ।
४. छैन अरू कोही तारणहार पाप भार लिने जगको
खोल्छन् उनले मात्रै स्वर्गद्वार प्रवेश निम्ति सबको ।
५. प्रेम कति साह्रो गरेछन् होऔं उस्तै प्यार गर्ने
उनमा गर विश्वास सबै जन, गरौं काम खुस पार्ने ।

## ११३ (Man of Sorrow) स्केल C, ताल C

१. "दुःखित मानिस" कस्तो नाम, येशू छोडी स्वर्ग धाम
तिरे पापको मुक्ति दाम, हल्लेलूयाह, मुक्तिदाता ।
२. भोगे निन्दा, लाज, हैरान मेरो सट्टा दिए ज्यान
रगतद्वारा क्षमादान, हल्लेलूयाह, मुक्तिदाता ।
३. दोषी, नीच, अनाथ हामी बलि ईश्वरको उनी
पूरा मेल-मिलाप अनि, हल्लेलूयाह, मुक्तिदाता ।
४. क्रूसमा मारिएका थिए "अब सिद्धियो" कराए
अनि परमधाम फर्के, हल्लेलूयाह, मुक्तिदाता ।
५. येशू जगमा फेरि आई घर पुऱ्याउलान् हामीलाई
तब गाऔंला खुब रमाई, हल्लेलूयाह, मुक्तिदाता ।

## ११४ स्केल D, ताल $^3/_4$

**कोः कति अचम्मको प्यार, ईश्वर सृजनाहार**
**स्वर्गको सुखलाई त्यागेर आए पापी बचाउन तयार (२)**
१. नर रूप धारण गरेर उनले प्रचारे सुसमाचार (२)
पापीको पापको, दुःखीको दुःखको उठाए उनले भार (२)
आश्चर्यकर्म गरेर उनले देखाए महिमा अपार (२)
यी सबको बदली पाए उनले क्रूसैको गह्रौं भार (२)
२. अन्तिम घडीमा गेत्समनीमा चेलागणसँग गए (२)
निरन्तर प्रार्थना गरेर उनले पसिना बगाए । (२)
हुन सके यो कचौरा मदेखि हटाइदेऊ भनी (२)
तरै पनि तपाईंको इच्छा पूर्ण हवस् भने (२)
३. येशू पक्डाइँनु बारब्बा छुटाइनु कहाँ थियो यो न्याय (२)
सिन्दुरेवस्त्र लगाए उनलाई क्रूसमा चढाउनलाई (२)
लड्दै र पड्दै गल्गथा पुगे रोमीको मारा खाई (२)
कष्टित पीडित प्रभुले आफ्नो प्राण दिइहाले, हाइ (२)

## ११५
**स्केल G, ताल $^3/_4$**

**कोः अपार छ प्रभु, प्रेम कलवरीको वर्णन कसरी गरौं ?**
**धन्यवाद खाली दिन्छु तपाईंलाई अरू म के चढाऊँ ?**

१. उद्धार गर्न म एक पापीको, क्रूस भारी बोक्नुभो,
निछावर गरी आदर, प्रशंसा, गिल्ला नै रोज्नुभो,

२. श्रापित स्थान त्यो कलवरीमा, कोही थिएन प्रभुको,
तै पनि कत्रो उद्देश्य थियो, द्वार खोल्ने मुक्तिको ।

३. पापी पिलातस अति नै निष्ठुर, दोष मेट्न चाहन्थ्यो,
चोर पनि त्यहाँ प्रभु तपाईंको, निन्दा नै गर्दथ्यो ।

## ११६
**स्केल Em, ताल C**

**कोः देखेका छौ के तिमीले, मेरो मुक्तिदातालाई**
**सुनेका छौ के तिमीले उनको मधुर बाणीलाई (२)**

१. धर्मीलाई त होइन तर, बचाउन आए पापीलाई,
मृत्युदेखि पार तारी, अनन्त जीवन दिनलाई (२)

२. हामीलाई पीर के छ, चढे येशू क्रूसमा,
हात-खुट्टा झुण्डिए, काँटीको गहिरो चोटसाथ (२)

३. शिरबाट बग्यो रगत, उनिए भाला कोखामा,
निर्दोष थिए प्रभुजी सहनु थियो हाम्रो पाप (२)

## ११७
**स्केल A, ताल C**

**कोः पापीका लागि प्रभुज्यू (२) क्रूसैमा बलि भए**
**निष्कलङ्क रगत बहाई पापीलाई मुक्ति दिए (२)**

१. भुलिरहेछौ दुष्ट यो जगतमा दाइ हो, डुबिरहेछौ प्रति दिन पापमा
पापलाई लुकाई राखेर दाइ हो, पाउनेछौ कसरी अमर जीवन यो ?

२. पापको बोझाले लादिएका हो, दाइ हो, आऊ येशूकहाँ विश्राम प्राप्त गर्न
दीन जनलाई उनले मनमा चैन दिन्छन्, ईश्वरका पुत्र येशूको करार छ (२)

३. चौडा नै हो बाटो नरककुण्ड पुग्ने दाइ हो, साँघुरो छ मार्ग * स्वर्गीयमा पुग्ने
येशू एकमात्र साँचो बाटो हुन्, उनैले केवल स्वर्गीय* पुऱ्याउँछन् (२)

४. बिताइरहेछौं छायाँतुल्य जीवन दाइ हो, दुःख अशान्ति पापले भरपूर यो
दीन भई उनको खुनले पाप धोइ माग तिमीले तुरुन्तै मुक्तिदान पाउनेछौ (२)

## ११८
**स्केल Em, ताल $^3/_4$**

**कोः जाँदै छन् येशू कलवरीतिर तिम्रो मेरो पापको भारी बोकेर**
**माया कस्तो, अनुग्रह कस्तो नापेर नाप्नै नसक्ने ।**

१. सहेर पीर-मर्का, चोट कोर्राको खाँदै
भोकै र प्यासी बनी, उकाली-ओराली हिँड्दै

क्रूसको भारी बोकेर लरबरिँदै, धरफरिँदै
जाँदै छ, जिउँदो बलि भएर ।
२. थुकाइ र निन्दा सहँदै गिल्ला र मुक्का खाँदै
अन्तमा भ्रुण्डाए क्रूसमा बगे रगतको धारा
तिम्रो मेरो पाप धुनलाई माफी मागी दिए पितालाई ।

## ११९ **स्केल F (G), ताल C**

**कोः प्रभु येशू खीष्टको शीतलको रगत मुटुमा सुरुरु (२)**
**उहाँको माया नबिर्स बैनी (मन रुन्छ धुरुरु) (२)**
१. म, तिमी, हामी, सबैको लागि आफ्नो पुत्र दिएको (२)
त्यागेको प्राण सम्भ्फना राखौँ, रगतले लेखेको ।
२. रगतको धारा आलो छ बैनी गल्गथा पहाडमा (२)
तिम्रो र मेरो निम्तिमा गुथे काँडा त्यो शिरमा ।
३. बोकेका थिए दयनीय क्रूस, मनमा गुन न (२)
हृदयमा अङ्कित प्रभुको देन, तिमीले सम्भ्फ न ।
४. नभुलौं बैनी कष्टको घुट्को, येशूले पिएको (२)
सबैले उद्धार पाउनलाई उनले प्राण दान दिएको ।
५. प्रभुका गुण नम्र र दीन मुटुमा गाँसौं न (२)
ज्योतिका सन्तान बनेर फिरौं बोकेर बासना ।

## १२० (Jesus Christ is Right Today) **स्केल C, ताल C**

१. आज जी उठे येशू नै, हल्लेलूयाह, हाम्रो बडा दिनमा, जय हल्लेलूयाह ।
जसले क्रूसमा दिए प्राण, हल्लेलूयाह हाम्रो लागि गरे त्राण हल्लेलूयाह ।
२. गाऔं धन्यवादको गान हल्लेलूयाह स्वर्गको राजा खीष्टको मान हल्लेलूयाह ।
क्रूस चिहानको बोके भार हल्लेलूयाह उनको बाटो छ उद्धार हल्लेलूयाह ।
३. सहे उनले दुःख नै हल्लेलूयाह मलाई मुक्ति दिनलाई हल्लेलूयाह ।
अब स्वर्गमा राजा भई हल्लेलूयाह दूतले गाउँछन् उनको जय हल्लेलूयाह ।

## १२१ (Christ The Lord is Risen Today) **स्केल C, ताल C**

१. प्रभु खीष्ट जी उठे नै दूत र मान्छे भन्दछन्
स्वर्गदूत र मान्छे जात सबले हल्लेलूयाह भन ।
प्रेमको कामको त्राण सिध्यो प्रभु विजयी भए
फेरि मर्दैनन् प्रभु हाम्रो शोकको दिन बित्यो ।
२. पहरा ढुङ्गा छाप व्यर्थ भो नर्कको दैलो फोरियो
मृतले व्यर्थै खीष्ट रोक्यो खीष्टले स्वर्गको द्वार खोले ।
त्राणको लागि मर्नुभो जयवन्त राजा छन् जिउँदो
मृत्यु कहाँ छ खिल तेरो कवर कहाँ जय तेरो ?

३. आफ्नो जयवन्त प्रभुलाई पछ्याउँदै-पछ्याउँदै जाऔं
हामी खीष्टभैँ बनाइयौं उनीजस्तै उठ्नेछौं
जग र स्वर्गीय* हाम्रो भो स्वर्गदूत र मान्छे हो
दुवै लोकको स्वामीको जयजय गाऔं सधैंको ।

## १२२

**स्केल F (D), ताल $^3/_4$**

**कोः बौरिउठे प्रभु हाम्रो जयजय गाऔं उनको**
**शैतानमाथि जयवन्त हुँदा उद्धार भो सबको ।**

१. मृत्यु बन्धन तोडी उनले जगत उद्धार गराए (२)
हाम्रो पापको दाग मेटाउन (२) क्रूसमा प्राण त्यागे (२)
सानाठूला जगत सबलाई उनले बचाए ।

२. तेस्रो दिनमा बौरिउठ्दा उनका शत्रु लजाए (२)
अविश्वासी विश्वास गर्दै (२) उनका पाउ परे (२)
सत्य-उद्धारक येशू भन्दै गाउँ-ठाउँ सुनाए ।

३. ईश्वर प्रेमी पुत्र दिने के चढाउने उनैलाई (२)
संसार उनकै, स्वर्ग उनकै (२) सारा सृष्टि नै (२)
धन्यवाद चढाऊँ हामी सबले चुर्ण र दीन मन भई ।

## १२३

(Low in the Grave He Lay) **स्केल A(C), ताल C**

१. कबरभित्र थिए, खीष्ट प्रभु मेरो, समय पूरो हुन, पर्खिरहेथे ।

**कोः कबरदेखि खीष्ट उठे, जयको ध्वनिसँग खीष्ट उठे ।**
**अन्धकारको राज्यलाई हटाईकन ज्योतिमा राज गर्न सन्तहरूसँग**
**खीष्ट उठे, खीष्ट उठे, हल्लेलूयाह खीष्टको जय,**

२. ढुङ्गामा छाप लगाई, पहरा राखे व्यर्थैमा चिहानलाई रक्षा गरे ।

३. मृत्युले सकेन, रोक्न प्रभुलाई बौरिउठे येशू, जयवन्त भई ।

## १२४

**स्केल D, ताल ¢**

**कोः आऊ-आऊ दाजु-भाइ मिली-जुली गाऔं** (२)

१. येशू मुक्तिदाताले मृत्यु जय गरे आऊ
आऊ सबै भाइ, आनन्द मनाऔं ।

२. शैतानमाथि जयवन्त भई फेरि जी उठे
आऊ-आऊ भाइ बहिनी उनकै जय मनाऔं ।

३. मृत्यु बन्धन तोडीकन सबलाई बचाए
आऊ आऊ खीष्टीय भाइ जयजयकार मनाऔं ।

४. तिनै दिनमा बौरी उठी शत्रु लजाए
आऊ-आऊ प्यारा भाइ जयको शब्द सुनाऔं ।

५. विश्वास गरी कम्मर कसी खीष्टकै पछि जाऔं
आऊ-आऊ प्रिय बहिनी उनैलाई पछ्याऔं ।

६. प्रेमी ईश्वर पुत्र दिने उनकै गुण गाऔं
भाइ-बहिनी सब मिली धन्यवाद चढाऔं ।

## १२५ (Thine be the Glory) **स्केल D, ताल C**

१. जय होस् तपाईंको, येशू गौरवमय पाउनुभो अनन्त मृत्युमा विजय
चम्किलो स्वर्गदूतले ढुङ्गा पल्टाए, जहाँ तपाईंको लाश थियो, कात्रो मात्र थियो ।

**कोः जय होस् तपाईंको, येशू गौरवमय पाउनुभो अनन्त मृत्युमा विजय ।**

२. लौ जिउँदो येशू कबरदेखि आई पाप र दुःख मेटाउँछन् भेटी हामीलाई
ख्रीष्टीय मण्डली गरोस् प्रभुको जयजय हटिगयो सबलाई मृत्यु कालको भय

३. पूरो भरोसा राख्छौं, तारणहार हे प्रतापी प्रभु दिनुहोस् गोहार
जयवन्तभन्दा जयवन्त हामी सब बनौं मृत्यु खोला तरी स्वर्गधाम पसौं ।

## १२६ (I Serve a Risen Saviour) **स्केल G, ताल $^6/_8$**

१. म जिउँदो मुक्तिदाताको सेवा गर्दछु येशू संसारमा हुन्छन् भनेर जान्दछु
म देख्छु उनको दया म सुन्छु, उनको स्वर र साथमा बस्ने येशू गर्छन् गोहार ।

**कोः जिउँदो, जिउँदो छन् येशू ख्रीष्ट जिउँदो,**
**होस् अगुवाइ, दिन्छन् मलाई र संगति मीठो**
**(जिउँदो) २ उतार्न पापदेखि,**
**म कसरी निश्चय जान्दछु मनमै जिउँछन् उनी ।**

२. म चारैतिर हेरी प्यार उनको देख्दछु, दुःख परे पनि आशा म गरिरहन्छु
यस लोकको आँधी सागरमा हुन्छन् अगुवा, आउनेछन् फेरि येशू ख्रीष्ट अन्त्यमा ।

३. (रमाऊ) २ विश्वासी गीतमा गरी प्रचार ख्रीष्ट महाराजालाई होस् अनन्त जयजयकार
हर खोज्ने उनको लक्ष्य भेट्टाउने उनको आड ख्रीष्टमात्र गर्छन् भलो उद्धार र प्यार ।

## १२७ **स्केल G, ताल C**

**कोः गाऔं, गाऔं जय गीत गाऔं, ताली बजाएर गाऔं (२)**
**येशू राजा बौरिउठे हल्लेलूयाह, रमाएर सुनाऊ समाचार (२)**

१. कबरमा थियो त्यो ठूलो ढुङ्गा हट्यो हेर कसरी त्यो (२)
रोमीराज्यको मोहर-बन्धन राख्न सक्दैन एकलौते पुत्र ईश्वरको ।

२. नरोऊ-नरोऊ, विलाप नगर गालीलमा देऊ समाचार (२)
कि ख्रीष्ट बौरिउठे वचनअनुसार तुरुन्त सुनाऊ यो प्रचार ।

३. हन्ना-कैफा पूरानियाको सभा डरले भए परेशान (२)
अन्धकारको शक्ति नष्ट हुनाले साह्रो घबरायो शैतान ।

४. विश्वासीहरू शिरलाई उँभो उठाऔं आउँदै छन् महाराजा (२)
नरसिङ्ग, सितार र तबला बजाऔं, पुकारौं हल्लेलूयाह ।

## १२८ **स्केल G, ताल ¢**

१. आजको दिन खुसी मनाऔं सबैले,

हाम्रो प्रभु मुक्तिदाता फेरि जी उठे (२)
आजको दिन भरियोस् खुसीले संसार (२)
हाम्रो प्रभु मुक्तिदाता फेरि जी उठे (२)

२. क्रूसमा हाम्रो लागि दिए ख्रीष्टले प्राण,
आफ्नो रगतको बाटोले किने हाम्रो प्राण (२)
ख्रीष्टलाई धन्यवाद चढाऔं मनले जयजय गाऔं (२)
आफ्नो रगतको बाटोले किने हाम्रो प्राण (२)

३. जान्नुपर्छ मनमा हामी सबैले,
हामी पनि बौरिउठ्छौं अन्तको दिनमा (२)
अहिले प्रभु येशू छन् सदा रहन्छन् (२)
हामी पनि बौरिउठ्छौं अन्तको दिनमा (२)

४. हामी पापीहरूलाई उनले दिए सुख,
धन्य ईश्वरका पुत्र स्वर्गको राजालाई (२)
प्रभु आउँछन् एक दिन तयार रह सदा (२)
धन्य ईश्वरका पुत्र स्वर्गको राजालाई (२)

## १२९

**स्केल G, ताल 6/8**

**कोः सुन हे सुन यो खबर छिमेकी दाजुभाइ**
**बौरिउठे येशू हाम्रा जित हाम्रै भो ।**

१ येशू हाम्रा कति प्यारा क्रूसमा गई मर्नुभो
तेस्रो दिनमा बाँचेर उनले धर्म साँच्नुभो ।

२. शिर झुक्यो शैतान र झूटो साक्षी बोल्नेको
आदर, प्रशंसा, महिमा बढ्यो हाम्रो येशूको ।

३. आऊ सबै अविश्वासी दोधारैमा परेका
बाटो, सत्य, जीवन मिल्छ हाम्रो येशूमा ।

## १३०

**स्केल G, ताल 2/4**

**कोः बौरिउठ्नुभएको प्रभुलाई जीवन भेटी चढाउँछु,**
**पुनरुत्थान र जीवन प्रभु हो भनेर विश्वास गर्छु**

१. हाम्रो पापको लागि प्रभु क्रूसमा टाँगिए
वचन अनुसार तेस्रो दिनमा बौरिउठ्नुभयो ।
अब उप्रान्त प्रभु येशूलाई क्रूसमा नै हेरौं
जिउँदालाई मुर्दाहरूको बीचमा अब न खोजौं ।

२. चोरझैं नै आउने प्रतिज्ञा छाडी प्रभु जानभो
प्रार्थना गर्दै जागा रहने सल्लाह दिनुभयो ।
ज्योति जीवनको अपनाउनलाई उहाँमा रहनुछ,
संसारको सुख-शान्तिलाई होइन, प्रभुलाई हेर्नुछ ।

## १३१

**स्केल G, ताल C**

१. जय, जय, जय, जय येशूले दिन्छन् (२)
पूरो मुक्ति येशूले मलाई सित्तै दिन्छन् (२)
२. जय, जय, जय, जय येशू आउनेछन् (२)
तिमीलाई लिन मलाई लिन छिट्टै आउनेछन् (२)
३. जय, जय, जय, जय येशूले दिन्छन् (२)
पूरो मुक्ति येशूले मलाई सित्तै दिन्छन् (२)

## १३२

(Lo. He Comes) **स्केल G, ताल C**

१. लौ येशू आउँछन् बादलमा ओर्ली त्यागे त्राणको लागि प्राण
बाटोमा उनको लाखौं विश्वासी मिली गर्छन् स्तुति गान
गाऊ हल्लेलूयाह, (२) जगमा आई राज्य गर्लान्
२. आँखाले हरेक हेर्नेछन् खीष्टलाई, स्वर्गीय गद्दी बसेको
जसजसले उनलाई थुके गिज्याई, क्रूसमा हात पाऊ छेड्ने जो
गर्लान् विलौना (३) देख्दा मसीहलाई साँचो ।
३. आमेन सनातन स्वर्गीय त्राता जय तपाईंको सदा होस्
पराक्रम महिमा लिई मुक्तिदाता जगमा राज्य गर्नुहोस्
छिट्टो आउनोस् (३) हल्लेलूयाह, यस्तै होस् ।

## १३३

(When He Cometh) **स्केल C, ताल $^3/_4$**

१. जब आउलान्, जब आउलान् निज हिरा बटुल्न
सबै हिरा, मूल्य हिरा येशूका नै हुन्,
जस्ता तारा बिहानको चम्कँदै रहँदै
यस्तै यिनी चम्कन्छन् खीष्टको मुकुटमा ।
२. ती बटुल्छन् ती बटुल्छन् स्वर्ग राज्यका सब हिरा
जति राम्रा र चम्किला येशूका नै हुन्,
जस्ता तारा बिहानको चम्कँदै रहँदै
यस्तै यिनी चम्कन्छन् खीष्टको मुकुटमा ।
३. नर-नारी, केटा-केटी खीष्टसँग प्रेम गर्न
हिरा यिनै हिरा प्यारै येशूका नै हुन्,
जस्ता तारा बिहानको चम्कँदै रहँदै
यस्तै यिनी चम्कन्छन् खीष्टको मुकुटमा ।

## १३४

**स्केल G, ताल $^2/_4$**

१. येशू चाँडै आउनुहुन्छ बादलमा यहूदीहरू आउँदै छन् त्यस बेला (३)
तुरही फुकी जानेछ, त्यस बेला (३) पापीहरू के गर्नेछन् त्यस बेला (३)
२. विश्वासी मुर्दा उठ्नेछन् (३) महिमाको शरीर हुन्छ (३)

दुःख शुरू हुन्छ संसारमा (३) हावामा मण्डली जानेछन् (३)
३. सबै भक्त भेट हुनेछन् (३) स्वर्गीय मुकुट पाउनेछन् (३)
मेम्नाको भजन हुनेछन् (३) आँशु सबै पुछिदिन्छन् (३)
४. येशूलाई दण्डवत् गर्नेछन् (३) जयजयकारको ध्वनि हुन्छन् (३)
जैतुनमा येशू आउनेछन् (३) येशूले राज्य गर्नेछन् (३)
५. आखिर न्याय हुनेछ (३) पापी आगोमा जानेछन् (३)
तिमी के हुन माग्छौ (३) पश्चात्ताप गरिहाल (३)
६. नयाँ स्वर्ग र नयाँ पृथ्वी (३) जसमा बेहुला-बेहुली बस्छन् (३)
मृत्यु, शोक, कष्ट हुँदैन (३) शैतान फेरि हुनेछैन (३)
७. ईश्वर सबमा हुन्छन् (३) हल्लेलूयाह सबले भन्छन् (३)
सधैँ आनन्द हुनेछन् (३) सबै जन तयारी होऊ (३)

## १३५

**स्केल G, ताल $^6/_8$**

१. पाँचै ज्ञानी पाँचै मूर्ख कन्या तयार भईन् प्रभु भेट्न जानलाई,
वस्त्र लाए झिलिमिली सिङ्गार पटार पारिन् प्रभु भेट्न जानलाई ।
२. हुरुरुरु राँको बाली हाँस्दैखेल्दै पुगिन् प्रभु भेट्न जानलाई
दुलहा आउन ढिलो हुँदा सबै उघिन् सुतिन् प्रभु भेट्न जानलाई ।
३. बिर्सी मूर्ख कुमारी फाल्टु तेलै लिनु प्रभु भेट्न जानलाई
तेलै सके राँको निभे थालिन् सबै माग्नु प्रभु भेट्न जानलाई ।
४. ज्ञानीहरू भन्न लागे जाऊ छिट्टै किन्न प्रभु भेट्न जानलाई
हतार लाउन छिट्टै माग्न दौडीदौडी आउन प्रभु भेट्न जानलाई ।
५. जबै गइन् किन्न भनी सबै आए दुलहा प्रभु भेट्न जानलाई
ज्ञानी कुमारी राँको सच्याई जयजय गरे हल्ला प्रभु भेट्न जानलाई ।
६. जब पुगिन् राजमहलमा ढोकादैला सब बन्द प्रभु भेट्न जानलाई
पहरा-चौकी चारैपट्टि आउनुहुन्न कोही जन प्रभु भेट्न जानलाई ।
७. मूर्ख कुमारी रुँदै भन्छिन् खोल खोल ढोका प्रभु भेट्न जानलाई
तेलै ल्यायौं, राँको ल्यायौं, भेटी ल्यायौं पोका प्रभु भेट्न जानलाई ।
८. भित्रबाट सोध्दै भन्छन् को हो, किन आयौ प्रभु भेट्न जानलाई
दुलहा आउँछन् जान्दथियौं कहाँ हराइरह्यौ प्रभु भेट्न जानलाई ।
९. यस्तै खीष्ट भन्छन् जाग भजी मेरो नाउँ प्रभु भेट्न जानलाई
पश्चात्तापी हृदय बिन्ती सधैँ सुन्न पाऊँ प्रभु भेट्न जानलाई ।

## १३६

**स्केल A, ताल C**

**कोः स्वर्गीय महिमामा चम्किलो वस्त्रमा,**
**प्रभु आउनेछन् संसारमा बादलको सवारीमा (२)**
१. अन्तको चिन्ह देख्नेछौं प्रभुको आगमनमा,
दुःख, लडाइँ, अनिकाल हुनेछन् संसारमा ।
पाप, दुःख ज्यादा बढ्नेछन् सारा विश्वभरमा,
निश्चय नै प्रभु आउनेछन् तुरहीको स्वरमा ।

२. माताकै गर्भबाट नै मानिस पापमा जन्मन्छन्,
दुष्ट, छली, पापी हृदय भएका सबै हुन्छन्,
हृदयका रोग यी नै हुन् चोरी, हत्या, व्यभिचार,
कुदृष्टि, निन्दा, दुष्टता, लोभ, डाह, कुविचार ।
३. यस्ता घिनलाग्दा पाप लिई स्वर्ग पस्न सक्तैनन्,
दान, पुण्य, प्रार्थना गरेर शुद्ध हुन सक्नेछैनन्,
येशूले आफ्ना प्राण दिए पापीहरू बचाउन,
क्रूसैमा रगत बगाए घिनलाग्दा पापलाई धुन ।
४. जीवन मानिसको के छ र १ पलकमा प्राण निस्कन्छ,
कुटुम्ब, धन-सम्पत्ति छोडी नरकमा पर्न जान्छन्,
किन नरकमा पर्दछौ ? ख्रीष्ट तयार छन् बचाउन,
पाप-मार्गदेखि फर्क आऊ विश्वास गरी मुक्ति लेऊ ।

## १३७

**स्केल F(A), ताल 6/8**

**कोः येशू चाँडै फेरि आउनेछन् सत्य ईश्वरको यो वाणी छ**
**उनको अवाइ औ अन्तका चिन्ह, एक-एक गरी पूरो हुँदै छ**
**येशू चाँडै फेरि आउनेछन्...**
१. पाप, दुःख औ कष्ट बढिरहेछन् लडाइँ हलचल जगतमा भइरहेछन्
जाति जातिको विरुद्धमा उठ्नेछ, राज्य राज्यको विरुद्धमा उठ्नेछ,
२. विनाशक भूइँचालो ठाउँठाउँ जानेछ, रूढी, अनिकाल संसारमा हुनेछन्
आकाशमा डरलाग्दा लक्षण हुनेछन्, उदेकका महान् चिन्ह देखिनेछन्
३. ख्रीष्ट येशू बिजुलीझैँ स्वर्गबाट विश्वासीलाई उठाउन ओर्लनेछन्
हामी रगतले किनिएका उनीसाथ रही, हजार वर्षसम्म राज्य गर्नेछौं ।
४. पश्चात्ताप गरी प्रभु येशूमाथि विश्वास गरी रगतले सब पाप धोई माग
परमेश्वरका धार्मिक सत्य राज्यमा प्रवेश गर्नलाई आज नै तयार होऊ ।

## १३८

**स्केल C, ताल 2/4**

**कोः चाँडै आउनेछन् येशू राजा (२)**
**स्वर्गीय दूतगण साथमा लिई, बादलको सवारीमा आउनेछन् ।**
**हल्लेलूयाह (४) मेरो येशू राजा फेरि आउनेछन् ।**
१. साना-साना मोती सबलाई बेची असल मोतीलाई किनेजस्तो
विश्वास गर्ने हरेक सबलाई स्वर्गीय राज्य पनि हुन्छ यस्तो ।
२. लुकिएको गाड्धनलाई भेटी आफ्नो सारा भूमि बेचेजस्तो
किनेलाई त्यो बहुमूल्य भूमि स्वर्गीय राज्य पनि हुन्छ यस्तो ।

## १३९

**स्केल F (D), ताल 6/8**

**कोः येशू ख्रीष्ट अब चाँडै आउनेछन् चिन्ह सबै पूरा हुँदै छन्,**

**मानिस पाप र ज्ञानद्वारा अन्धा बनी प्रभुदेखि टाढा भइरहनेछन् (२)**

१. सब मानिस पापैले भरिएका छन् पापैमा बढिरहेछन् (२)
   पापकै कारणले नाश एक दिन हुन्छन् अनन्त मृत्यु र दण्ड भोग्नेछन् (२)
२. जब प्रभु आकाशबाट प्रकट हुनेछन् एक अद्भूत घटना घट्नेछन (२)
   तयार विश्वासी सब उठाइन्छन् मूर्ख, लापरवाह सब छोडिइनेछन् (२)
३. संसारको माया डुब्दा-डुब्दै नै मृत्युले चुँडी लैजान्छ (२)
   दिलले चाहेको सब चीज छोडिन्छन् रित्तै हात लिई मृत्यु-घाट तर्छन् (२)
४. के तिमी चाहन्छौ सम्पत्ति, सामान ? स्वर्गीय ब्यांकमा राख्न थाल (२)
   परदेशी हौ तिमी कालो संसारमा, स्वदेशलाई सम्झी सङ्घर्ष गर (२)
५. नसम्झ आफूलाई यही संसारको, सतर्क बनी अलक रही (२)
   नत्र यस संसारमा सँगै न्यायमा पर्छौ अनन्त-अनन्तसम्म दाऱ्हा किट्नेछौ (२)

## १४०

**स्केल C, ताल 6/8**

**कोः अघि बढ, ख्रीष्टीय जवान हो**
**समयलाई नपर्ख भाइ हो (हाम्रा दुलहा आउँदै छन्) २**

१. अन्तिम चिन्ह देखिंदै छ, भविष्यवाणी पूरा हुँदै छ, (२)
   सांसारिक जीवनलाई त्यागी आऊ प्रभुमा नयाँ भई (२)
२. जीवन प्रभुमा अर्पण गरी सम्पूर्ण वचन पालन गरी (२)
   प्रभुको त्यो क्रूस उठाई अघि बढ उनमा भई (२)
३. जयवन्त जीवन बिताउँदै जाऊ प्रभुको काममा व्यस्त भई
   उनमा सदा आशा राख्दै बढ अझ थकित नभई । (२)

## १४१

**स्केल Bb (A), ताल 3/4**

**कोः मेरो मित येशू महिमित बादलमा मलाई लिनलाई आउँदै छन् (२)**
**शहनाइको स्वरले पृथ्वी ढाकी मलाई लिनलाई आउँदै छन् (२)**

१. निराश-निराश रूपहरूमा मुस्कानको छवी झल्कनेछ (२)
   तुरहीको स्वरमा सृष्टि भरी गुञ्जिनेछ (२)
२. दुःख र व्यथा बोकेको सृष्टि तुरहीको लयमा गाउँनेछ (२)
   दुःखको सागर बनेको मुहारमा हाँसोको रेखा देखिनेछ (२)
३. सबै आँखाले देख्नेछ, सबै कानले सुन्नेछ (२)
   तर येशूमा जो जीवित छ महिमित बादलमा पुग्नेछ (२)

## १४२

**स्केल F(G), ताल 3/4**

१. प्रभु तपाईंपट्टि हेर्छौं, अब प्रार्थना सुन्नुहोस्
   जस्तो पेन्तिकोसमा भयो, फेरि आत्मा खनाइयोस्

**कोः आफ्नो आत्माले हे येशू हामी प्यासालाई पियाउनुहोस्**
**अब हाम्रो दिलमा आफ्नो इच्छा पूरा गर्नुहोस्**

२. आफ्नो आगो हाम्रो दिलमा खन्याई साफ गर्नुहोस्

सबै काठ र खर र पराल आगोले नाश गर्नुहोस् ।
३. लोभ र घमण्ड आफ्नो हुन्छ दिलबाट निकाल्नुहोस्
यसको पछि हाम्रो हृदय मन्दिर हुन्छ तपाईंको ।
४. हामीमा छाप आफ्नो लाइदेऊ शक्तिमान बनाउनुहोस्
आफ्नो मन्दिरमा हे प्रभु, आत्मिक शब्द सुनाउनुहोस् ।
५. आत्मिक वरदान हामीलाई दिई हामीसँग बस्नुहोस्
रोगीहरू निको होऊन् सबलाई छुटकारा दिनोस्
६. धन्यवाद र हल्लेलूयाह हाम्रो बिन्ती सुन्नुहोस्
अझ धेरै गर्नुहुन्छ आमेन, आमेन यस्तै होस् ।

## १४३ (Come Gracious Spirit) **स्केल G(D), ताल $^3/_4$**

१. पवित्र आत्मा आउनुहोस् तुल्याउनू मेरो मन निर्दोष
होइरहनू ज्योति अगुवा चलाउनू सोच बात बेहोरा ।
२. देखाउनू ज्योतिको सच्चेइ र हिंडूँ देखाइएको झैँ
लगाउनू मेरो मनमा डर म हिंडूँ आज्ञाको अन्सार ।
३. सधैं पापदेखि राख्न दूर रूझाई गरी पूरापूर
लिहिँड्नू ईश्वर भए ठाउँ म उनको आडमा विश्राम पाऊँ ।
४. लिहिँड्नू पवित्रेइँमा म बस्न पाऊँ ईश्वरकहाँ
लिहिँड्नू वचनको अन्सार म सिकूँ उनको ज्ञान अपार ।
५. लिहिँड्नू गरी उपकार म पाऊँ खाँचोको गोहार
लिहिँड्नू आफूकहाँ मलाई अनुग्रह हितका मूल तपाईं ।

## १४४ (Our Blessed Redeemer) **स्केल C, ताल C**

१. खीष्ट येशू जगत छोड्दामा दिइगए बिदा भई
एक शान्तिदाता अगुवा सँग बस्नलाई ।
२. सब चिन्ता उनले थाप्दछन् दूर गर्दछन् सब डर
र स्वर्गका कुरा बोल्दछन् जीवन अमर ।
३. र हाम्रो भलाइ जति भो र हाम्रो सबै जय
र सोच पिताको कुराको हुन् उनैको ।
४. हे आत्मा, सब अनुग्रहका होस् दृष्टि दयाको
र हाम्रो अयोग्य हृदयमा बास तपाईंको ।
५. होस् पिता पुत्रको बढाइ होस् पनि आत्माको
होस् स्तुति, महिमा तीनलाई जो एकै हो ।

## १४५ (Holy Spirit Faithful Guide) **स्केल F(D), ताल $^3/_4$**

१. पवित्र आत्मा अगुवा सधैं बस्नुहोस् साथमा
यहाँ पर्देशी जो छु लौ डोऱ्याउनुहोस् प्रभु

थकित प्राण रमाउनेछ स्वर तपाईंको सुनेर
यसो भन्दै गरेको आइज तँलाई डोऱ्याउँछु ।
२. साथमा बस्नुहोस् सधैं गोहार दिइरहने तपाईं
अन्धकारको माझमै प्रभु नछोड्नोस् मलाई
जब आँधी चल्दछ, जब सानो हुन्छ मन
भन्नुहवस् बिस्तारै आइज डोऱ्याउँछु तँलाई ।
३. मेरो बेला आइपुग्दा जान तपाईंछेउ वहाँ
जब स्वर्गलाई सम्झन्छु आशा गर्दै इनामको
बसीकन यो ठाउँमै हेर्छु जब तपाईंलाई
भन्नुहवस् बिस्तारै आइज डोऱ्याउँछु तँलाई ।

## १४६ (Come Holy Ghost. Our Hearts Inspire) **स्केल G, ताल 3/4**

१. हे पवित्रात्मा हृदयमा फलाउनोस् आफ्नो फल
हे भावीवक्ताको प्रेरणा जीवन र प्रेमको मूल ।
२. हे पवित्रात्मा जसदेखि बोल्थे भावी वक्ता
रहस्य बुझ्न पाऔं भनी खोलिदिनुहोस् ताल्चा ।
३. हे स्वर्गीय ढुकुर जगमाथि फैलाउनोस् पखेटा
हाम्रो सांसारिक रात हटाई उज्यालो होस् आत्मा ।
४. जब ईश्वर-आत्मा मनमा आई फैलाउँदछन् ज्योति
तब आफैंद्वारा ईश्वरलाई चिनौंला सब हामी ।

## १४७ (God is here & That to Bless us)**स्केल G, ताल 3/4**

१. ईश्वर यहाँ उपस्थित छौं आशिष् अहिले दिनलाई
मेघले हेर घेर्दै आयो इच्छा पूरो होस् तिम्रै ।
**कोः हामी स्वर्गे बप्तिस्मा माग्छौं घनघोर वृष्टि गर**
**प्रिय येशू पर्खंदै छौं मन जगाऊ यही पहर ।**
२. अनुभव भो उपस्थित छौं भैगो पवित्र भूमि
तर अझै बढ्ता माग्छौं आउनोस् मनमा यस घरी ।
३. उपस्थित छ अब बिन्ती छ ल्याउँदै छौं अब विश्वासलाई
आत्मा आज जलाऊ मनमा अहिले आफ्नो हात बढाई ।
४. प्यारसित हृदय अब देख्दछौं अहिले खोल भण्डारलाई
एउटा गराऊ वृष्टि ठूलो आशिष अहिले देऊ पठाई ।

## १४८ (The Comforter is come) **स्केल A, ताल 3/4**

१. सुसमाचार फैलाऔं, जहाँ पनि पाउँदछौं,

दुःखित पीडित लोकलाई र पापले दबेका
खुसीको यो खबर, प्रत्येकले प्रचारौं, आत्मा आएका छन् ।

**कोः आत्मा आएका छन् दिल हाम्रो नयाँ छ जो करार पिताको हृदयमा**
**खडा छन् खुसीको खबर देऊ, जहाँ पनि जाँदछौ, आत्मा आएका छन्।**

२. अन्धकारको रात सक्यो, उज्ज्वलको दिन भयो
भयो विलाप टाढा ख्रीष्टको अनुग्रहमा
पहाड, मैदान कहीँ ज्योति अग्घोर चम्काई, आत्मा आएका छन् ।

## १४९ (Standing on the promises of God) **स्केल G, ताल C**

१. राख्छु मैले ख्रीष्टको वचनमा विश्वास
उनको श्रेष्ठ नाममा नित्य महिमा होस् ।
मेरो गीत छ सदा उनको स्तुति होस्
राख्छु ख्रीष्टको वचनमा विश्वास ।

**कोः राख्छु, राख्छु, राख्छु ख्रीष्टको प्रतिज्ञामाथि भरोसा**
**राख्छु, राख्छु, म राख्छु उनको वचनमा विश्वास ।**

२. छ विश्वास त्यस वचनमा जो टल्दैन
जब दुबिधा र भयको बाढ उठ्छ ।
उनको जीवित वचनले जित्नेछु म
राख्छु ख्रीष्टको वचनमा विश्वास ।

३. विश्वास गरी वचनमा म देख्दछु
पापलाई धोइदिने रगत येशूको ।
ख्रीष्टले दिएको छुटकारा गीत गाउँदछु
राख्छु ख्रीष्टको वचनमा विश्वास ।

## १५० (Break Thou The Bread of Life) **स्केल C, ताल C**

१. जीवनको त्यो रोटी भाँचेर देऊ, जसरी भाँच्नुभो समुद्रछेउ
पवित्र पुस्तकमा खोज राख्दछु, छु खोजी तपाईंकै हे प्राण प्रभु ।

२. जीवनको त्यो रोटी मलाई जुरोस्, तपाईंको यो वचन मनमा बसोस्
र सुध्रोस् मेरो मन, हुँ परस्वार्थी, सब मेरो बेहोरो तपाईंमाथि ।

३. त्यो वचन खोलिदेऊ म देख्न पाऊँ त्यो वचन खोलिदेऊ म बुझ्न पाऊँ
तपाईंको संगतमा सँगै हिँड्दै ममा तपाईंको रूप प्रकाश हुँदै ।

४. प्रभु सत्य अवतार आशीर्वाद देऊ, जसरी रोटीमा गालीलको छेउ
तब बन्धन छुट्ला साङ्लो भाँची, शान्ति तब पाउँला सत्य शान्ति ।

## १५१ **स्केल G, ताल $^3/_4$**

१. हे प्रेममय प्रभु, तपाईंको वाक्य अमृततुल्य छ, (२) प्रभु, अमृततुल्य छ
सुनेर प्रेममय तपाईंको वाक्य प्राण मेरो रहन्छ (३)

२. घोर अन्धकारमा मार्ग र ज्योति तपाईंको वाक्य छ (३)
छ भने केही शङ्का यदि तपाईंसाथ छन् येशू (३)
३. दुई-धारे खड्गतुल्य तपाईंका तेजिला वाक्य छन् (३)
शत्रु हातदेखि रक्षा गरोस् छ निर्बल हाम्रो मन (३)
४. शोक र संताप, पाप र जीवन यी सबका बासा छन् (३)
तपाईंको शान्तपूर्ण वाक्यले राख्नुहोस् हाम्रो प्राण (३)

## १५२ (Lord Thy Word Abideth) स्केल C, ताल C

१. प्रभु हिँड्छौं जति वचन हुन्छ बत्ती
जसले विश्वास लाउँछ, हर्ष ज्योति पाउँछ ।
२. जब शत्रु आउँछ, वचनले सम्झाउँछ
साहस दिने शिक्षा मुक्तिको प्रतीक्षा ।
३. आउँदा मेघ अँध्यारो जब घर छ टाढो
यात्री वचन लिन्छ बाटो देखाइदिन्छ ।
४. वचन केको तुल्य ? कति बहुमूल्य १
सुख-विलासको कारण मान्छेलाई साधारण ।
५. परमेश्वरका कुरा बुझौं वचन पूरा
तपाईंलाई प्रेम गरी बसौं सधैँभरी ।

## १५३ स्केल G, ताल ¢

१. नभर्म भाइ हो दुनियाँको जालमा
नपर बहिनी शैतानको खालमा
त्यो हाम्रो सारो दुष्ट दुश्मन हो
त्यो छोड्नु साँच्चै भाइ हो खुस मन हो ।
२. मन फर्काऊ भाइ हो, यो पापैदेखि
पश्चात्ताप गरूँ रोईरोई हो की
आशा ता गरूँ भाइ हो ख्रीष्टैमा
सुख पाउँछौ प्रिय भाइ हो * स्वर्गलोकमा
३. छोडिदेऊ भाइ हो चालचलन बुरो
नगर बैनी नराम्रो कुरो
प्रेम गर्दै प्रभु ख्रीष्टलाई पछ्याऊ
नराम्रो चाल र स्वभाव सच्याऊ ।
४. प्रेम गर भाइ हो, सबसँग एकै
जयजय होस् प्रभु, यो तिम्रै आज्ञै
आपसमा मिलिरह सबैसाथ
हेर म हुन्छु सब दिन तिम्रो साथ ।

## १५४ (City of God) स्केल G, ताल $^3/_4$

१. अल्गा चौडा पर्खालभित्र स्वर्गीय* सहरमा
युग-युग, देश-देशका सबै सन्त बस्छन् आनन्द साथमा ।
२. पवित्र झुण्ड, एक दृढ सेना एक श्रेष्ठ विचार सबको
गाउँछन् एक राग, गर्छन् एक काम एक महाराजाको ।
३. तपाईंको वचन साँचो छ पुस्तापुस्तादेखि
स्वतन्त्रता, सत्य र प्रेम यिनको राज्य छ बढ्दै ।
४. न पैरो न ठूलो भलले नष्ट हुन्छ त्यो पहरा
जहाँ छ त्यो सहर महान् अमर अनन्त सदा ।

## १५५ (The Church's One foundation) **स्केल C, ताल C**

१. मण्डलीको सत आधार हुन् प्रभु ख्रीष्ट येशू
जल साथै वचनद्वारा त्यो सृष्टि हो उनको ।
उसलाई दुलही बनाउन ख्रीष्टले परमधाम त्यागे
र उसको ज्यान बचाउन रक्त आफ्नो बहाए ।
२. देश-देशका भए पनि मण्डली हुन्छ एकनाश
एक आत्मिक जन्म मानी एक प्रभु, एक विश्वास ।
एक नाम पवित्र मान्छे एक भोज पवित्र खाई
एक लक्ष्यतिर जान्छ कदम अघि बढाई ।
३. परिश्रम युद्ध, क्रान्ति र दुःखको माझैमा
उसले अनन्त शान्तिको गर्छ प्रतीक्षा
आउँदा यस लोकको अन्त ख्रीष्ट दर्शन पाउनेछ
र मण्डली जयवन्त आराममा बस्नेछ ।
४. त्रिएक ईश्वर प्रभुसाथ छ एकत्रित निश्चय
साथै छ सन्तहरूसाथ संगत रहस्यमय ।
हे धन्य जन, पवित्र तीजस्ता नम्र होऔं
र हामी स्वर्गभित्र प्रभुसाथ बस्न पाऔं ।

## १५६ (O Lord Of Heaven And Earth) **स्केल F(D), ताल $^3/_4$**

१. हे प्रभु, स्वर्ग र जगतका तपाईंको स्तुति महिमा ।
योग्य धन्यवाद असाद्धे छ हे सर्वदाता ।
२. घाम हावा फूल र फल निरोग जस जस वरदानको गऱ्यौं भोग
ती सबका मानौं गुण सब लोग हे सर्वदाता ।
३. संसारको लागि दिनुभो दान आफ्नै एक्ले पुत्रको
झन् सब थोक दिनुहोला हो हे सर्वदाता ।
४. दिनुभो अझै आत्मा दान र देओस् सब सच्चाइको ज्ञान ।
बदाइदिई नयाँ मन भई फलदाता ।
५. पापमोचन पायौं प्राण उद्धार अनुग्रह रीत स्वर्गाधिकार ।
योग्य साटो दिऊँ कुन प्रकार हे स्वर्गदाता ।

६. हराइन्छ खर्च अपस्वार्थका जो ऋण तपाईंलाई दिउँला ।
त्यो मात्र रहन्छ सदा हे सर्वदाता ।
७. जुन धन दिउँला तपाईंलाई बढाइन्छ सय गुणा सय ।
तपाईंलाई दिन्छौं त रमाई हे सर्वदाता ।
८. तपाईंले जीवन दिनुभो चढाऊँ बलि जिउँदो ।
तपाईंको दानको साटो यो हे सर्वदाता ।

## १५७

**स्केल F (G), ताल $^3/_2$**

१. अनुग्रहले परमेश्वरको छौं पाए सबै कुशल क्षेम
यो दया हामीमाथि भो त गरौं उनको सेवा प्रेम ।
**कोः स्तुति गाई, स्तुति गाई यस दिनलाई मानौं प्रभुकै**
**प्रायश्चित भए येशू नै माफ दिनुहवस् पापीलाई**
**स्तुति गाई, स्तुति गाई यस दिनलाई मानौं प्रभुकै**
२. रमाई जाऔं गिर्जा घर आराधना गरौं ईश्वरको
हे ईश्वर, गर्नुहोस् गोहार र हवस् सेवा मनपर्दो ।
३. तपाईंले शिक्षा दिनुहोस् र गर्नु आफ्नो धर्म प्रकाश
निश्चिन्तलाई जगाउनुहोस् निराशदेखि दिल शान्त रहोस् ।
४. जब पुगिजाला मरणकाल तब होऔं खुसी र निडर
र जाऔं तपाईंकहाँ कृपाले र पाऔं विश्राम सदा भर ।

## १५८

**स्केल G, ताल C**

१. यहवेको लागि जयजय गरौं, आनन्दसाथ उनको सेवा गरौं
गाउँदै गाउँदै उनको सामु आऔं यहवे ईश्वर भनी जानौं ।
**कोः उनी हाम्रो सृजनहार, उनी हाम्रो तारणहार**
**उनी हाम्रो पालनहार, सुन्छन् उनले हाम्रो पुकार ।**
२. उनको खर्कका हामी भेडा हौं, धन्यवाद गर्दै ढोकाभित्र पसौं,
स्तुति गर्दै आँगनमा पसौं, धन्य भनौं उनको नामलाई ।
३. यहवे महान् प्रभु भलो छन् उनको करुणा सदा रहन्छ,
उनको सच्चाई पुस्तापुस्तामा अमर यो रहनेछ ।

## १५९

**स्केल G, ताल $^6/_8$**

**१.कोः निरन्तर रहने प्रेम खीष्ट येशूको, अनुग्रह असीम अपार**
**गाउनेछौं महिमा इम्मानुएल प्रभुको होस् उहाँको जयजयकार ।**
**पापका दास थियौं हामी नरकुण्डको भागी**
**पापै नजान्ने मसीह येशू प्रभुले सबै दोष हटाउनुभो** (२)
२. धन्यवाद येशूलाई नचढाई सक्छौं कहाँ ? हाम्रो उहाँ सृजनहार
तोड्नुभो डरलाग्दो शक्ति सब पापको हटाउनुभो घोर अन्धकार

अयोग्य भए पनि ज्योतिका सन्तान हामी
यस्तो त्राणकर्ता प्रेमी येशू प्रभुलाई चढाऔं सबैले धन्यवाद (२)
३. आनन्दित छौं आज शक्ति पापको भयो नाश छुटकारा दैनिक जीवनमा
सम्पूर्ण हृदयलाई शुद्ध स्वच्छ पारेर दिनुभो ख्रीष्टले गीत नयाँ
जयजयकार मसीह येशू गाउँनेछौं प्यारो प्रभु (२)
बाटोमा तपाईंको जस्तै भए पनि स्तुति गाउँदै नै जानेछौं (२)

## १६०

**स्केल C, ताल C**

१. यस संसारमा जति छन् सानाठूला सबै सुन
धन्य कह येशूलाई सबै भन उनको जय ।
२. पापको भार उठाउनलाई * स्वर्गलोकमा पुऱ्याउनलाई
हाम्रो लागि दिन सुख येशू आई सहे दुःख ।
३. क्रूसमा मरे येशू नै बलि भयो प्रभुकै
येशूबाट मुक्ति लेऊ सब लोग उनैमा पत्याऊ ।
४. जयजय गरौं येशूको त्राणको काम सब सिद्धियो
उनकहाँ आऊ पापी लोग निको पार्छन् मनको रोग ।

## १६१

(All People That On Earth Do Dwell)**स्केल G, ताल C**

१. सारा संसारको मानिस हो, प्रभुको जयजयकार मनाओ
गर खुसीसाथ सेवा उनको उनकहाँ आई भजन गाओ ।
२. परमेश्वर हाम्रा प्रभु हुन् हामीलाई सृजे भन्ने जान्
हामी सबै उनका हौं प्रजा र उनको खर्कका भेडा ।
३. द्वारभित्र धन्यवादसाथ आओ चोकभित्र आई खुसी होओ
ईश्वरलाई धन्यवाद चढाओ नाम उनको भन धन्यको ।
४. कारण प्रभु हुन्छन् भला सधैंभरि उनको कृपा
रहन्छ उनको सत्यता र पुस्तौंसम्म स्थिर रहला ।

## १६२

**स्केल D, ताल C**

**कोः गाऊ ख्रीष्टीय झुण्ड, सबै मिली, प्रभुको स्तुति ।**
१. हृदय विणाको तार बजाई (२) स्तुति-महिमा देऊ मुक्तिदातालाई,
आफ्नो सृजनहारलाई (जयजयकार गरौं, सोरमा सोर मिलाई) २
२. ईर्ष्या र द्वेषको जाल फाँडी (२) एकताको सुत्रमा सबैलाई बाँधी,
प्रेमको सन्देश बाँडी, (कठिनाइलाई पर सारी) २
३. अन्धकार यो जगको ज्योति अनि (२) मिठास दिने नुन बनी
हामी नुन बनी, (क्रूसलाई अल्याऔं साक्षी बनी) २

## १६३

**स्केल G, ताल 3/4**

१. हजारौं जिब्रो भए हुन्थ्यो भज्न ख्रीष्ट तारणहार,

जो राजा, ईश्वर हुन् मेरो होस् उनको जयजयकार ।
२. हे प्रभु ईश्वर दयालु सघाउनुहोस् मलाई,
पृथ्वीभरि गरूँ भनी येशू नामको बढाई ।
३. येशू नामले हटाउँछ डर मेटाइन्छ दुःख,
सुनिन्छ पापीलाई मीठो हो जीवन, शान्ति सुख ।
४. छुटकारा दिई कैदीलाई पाप-शक्ति तोड्दछन्
उनको रगतले शुद्ध भएँ मजस्तो घृणित जन ।
५. येशूको वाणी सुनेर नवजीवन पाउँछ लाश,
रमाउँछन् दुःखित चुर्ण मन दीन गर्दछन् विश्वास ।

## १६४ (Worship The Lodrd In The Beauty) **स्केल G, ताल 3/4**

१. ईश्वरलाई पूजूँ पवित्रता लाइकन दण्डवत् गरूँ प्रचारी प्रताप ।
आज्ञा मनाइ र दीनता चढाइकन उनैको नाउँ लिंदै जो आफैं आफ ।
२. फिक्रीका भार हालूँ ईश्वरको चरणमा, उनले त्यो हृदयमा बोक्छन् उठाई
शोक मेटिदिन्छन्, पुऱ्याउँछन् शरणमा, पाउ डोऱ्याई मुवाएको भैँ ।
३. ईश्वरको महलमा बिना डराईकन छौं आउन सक्ने दीनहीन मनका भई
खालि सच्चाइ र धन प्रेमको ल्याईकन ग्रहण गरिन्छौं यी मात्र चढाई ।
४. यति नै ल्याऔं ता येशूको नाउँमा ईश्वरले लिन्छन् ती कारण उनको
हर्षका दिन दिन्छन् शोकको साटोमा कमाइको साटो विश्वास दरिलो ।
५. ईश्वरलाई पूजूँ पवित्रता लाइकन दण्डवत् गरूँ प्रचारी प्रताप
आज्ञा मनाई र दीनता चढाईकन उनैको नाउँ लिंदै जो आफैं आफ ।

## १६५ **स्केल D, ताल 3/4**

१. रमाऊ खुसी होऊ, मुक्तिदाता आए
हेर्न जाऊ खोक्रो, क्रूस र कबर येशूको ।
**कोः उनलाई भज हाम्रो बदली येशू मर्नुभो**
**उनलाई भज हाम्रो लागि खीष्ट ब्यूँतनुभो ।**
२. रमाऊ खुसी होऊ, अब उज्यालो भयो
बादल सब हटिगए रात गइसक्यो ।
३. रमाऊ खुसी होऊ, खीष्टले रगत बहाई
पापको दण्ड तिरेर बचाए हामीलाई ।
४. रमाऊ खुसी होऊ, सित्तै पाइन्छ मुक्ति
सब अन्यायीको सट्टामा मरे न्यायी ।
५. रमाऊ खुसी होऊ, येशू मरेपछि
फेरि जिउँदो भए ब्यूँती मृत्युदेखि ।
६. रमाऊ खुसी होऊ, येशू गर्छन् माथि
अन्तरबिन्ती परमेश्वरलाई हाम्रो लागि ।
७. रमाऊ खुसी होऊ, पाठो परमेश्वरको

फेरि आउँनेछन् उहाँ, जो मारिनुभो ।

## १६६ स्केल G, ताल C

**कोः परमेश्वर पिताको जयजयकार गाऊँ हामीलाई बनाउने उनी नै हुन्,**
**आफ्नो ज्ञान र शक्तिले उनैले सबै सृष्टि गरे ।**

१. अँध्यारो शुन्यमा ज्योति चम्के दिन र रात ईश्वरले छुटाए,
सबै तारा र जून र घाम, भूमि र आकाश उनैका काम ।

२. डाँडाका बीचमा खोला बगे घाँस र रूख-पात उब्जाए,
कति सुन्दर संसार यो उनलाई औधी जाति लाग्यो ।

३. पानीमा माछा खेल्न थाले आकाशमा चराका सोर सुनिए,
साना-ठूला प्राणी सबै राम्रा र उनका निजी ।

४. आखिरमा सृष्टि मानिसको भो ईश्वरका रूपमा सृष्टि भयो,
"मसित मिलोस् शुद्ध र साफ" मानिसप्रति ईश्वरको आश ।

५. ईश्वरसित नै मिलौं हामी उहाँका नियम हृदयले मानी,
सत्य कुरा हामी मानौँ जीवन अमर हामी पाऔं ।

## १६७ स्केल C, ताल 6/8

**कोः अन्धकारमा भुलिरहेका मानवलाई**
**ज्योति देखाउने स्तुति-महिमा छ प्रभुलाई** (२)

१. निष्कलङ्क बलिदान निर्दोष प्रभुको अमूल्य रक्त उद्धारको बाटो बन्यो
साटोमा यसको तपाईंलाई के चढाऊँ स्तुति-महिमा छ प्रभुलाई ।

२. मृत्युमाथि जय प्राप्त गरी पिताको दाहिने हात बसी बिन्ती गर्ने
साटोमा यसको तपाईंलाई के चढाऊँ स्तुति-महिमा छ प्रभुलाई ।

३. प्रतिफल जीवनको रक्षक तपाईं निःस्वार्थ प्रेमको सत्य ज्योति
अनन्त, शान्ति र आशा हाम्रो स्तुति-महिमा छ प्रभुलाई ।

## १६८ (My Jesus I Love Thee) स्केल G, ताल C

१. येशू मेरो प्रभु भनी जान्दछु पापमय इच्छा मेरो यसर्थ मार्दछु
येशू मुक्तिदाता हे त्राणकर्ता मेरो प्यारो ख्रीष्टलाई प्रेम गर्छु सदा ।

२. उदेकको प्रेम प्रभु मलाई गर्नुभो क्रूसको असीम दुःख सही मर्नुभो
सबै मेरो लागि कस्तो प्रेम प्रभु येशूलाई प्रेम गर्छु यसैले सदा ।

३. स्तुति जीवनभरि गर्दै रहन्छु र प्रेममा तपाईंको सधैं रहन्छु
छायाँ मृतको पर्छ जब, जीवनमा प्यार गर्छु तपाईंलाई हे येशू सदा ।

४. गुञ्जोस् भवन उज्ज्वल स्तुतिले मेरो, विश्राम पाई अनन्त जीवन आनन्दको
लाई मुकुट चम्किलो गाउँछु महिमा, मेरो प्यारो ख्रीष्टलाई प्रेम गर्छु सदा ।

## १६९ स्केल G, ताल C

**कोः जय होस् प्रभुको ! जय, जय, जय, जय होस् !**

१. परमपिताको चरणकमलमा, आऊ शिर झुकाई,

प्रणाम गरौं, दण्डवत् गरौं, दिलको गर्व हटाई (२)
मसीही प्रेम जो दिलमा जगाऊँ दिलको द्वेष हटाऊँ ।
मसीही ज्योति दिलमा चम्काई जीवन दीप जलाऊँ (२)

२. परमधाममा स्तुति चढाऔं, जयजय खीष्टको मनाऔं
तारणहारको प्रेम प्रचारौं, लोकलाई खीष्ट चिनाऔं (२)
जीवनदीप सबले जलाई मसीही जीवन लिई
अन्धकारले पूर्ण यो जगमा मसीही ज्योति फिजाऔं (२)

३. जीवन पथमा पाउ बढाऔं, लोकलाई खीष्टमा ल्याऔं (२)
"ईश्वी यत्न झुण्ड" हो आऊ हातमा हात मिलाऔं (२)
प्रभुको हुकुम पालन गर्ने दिलमा उत्साह जगाऔं
तारणहारको यश प्रचारौं, जगमा उच्च गराऔं (२)

## १७०

**स्केल G, ताल C**

**कोः प्रभुको स्तुति गरौं हामीले, प्रभुको स्तुति गरौं ।**

१. प्रभुको बढाइ सधैं होइरहोस्, उनको स्तुति गरौं,
उनको स्तुति गरौं हल्लेलूयाह, उनको स्तुति गरौं ।

२. प्रभुको घरमा भजन होइरहोस्, उनको स्तुति-बढाइँ,
उनको स्तुति-बढाइँ हल्लेलूयाह, उनको स्तुति-बढाइँ ।

३. सबै काममा कत्ति शक्तिमान, उनको शक्ति बताऊ
उनको शक्ति बताऊ हल्लेलूयाह, उनको शक्ति बताऊ ।

४. जयको जोडमा फुक तुरही, विणा सारङ्गी बजाऊ
विणा सारङ्गी बजाऊ हल्लेलूयाह, विणा सारङ्गी बजाऊ ।

५. सितार बजाई रागिनी छेड, डम्फु र तबला बजाऊ
डम्फु र तबला बजाऊ हल्लेलूयाह, डम्फु र तबला बजाऊ ।

६. मुरली, सनाई राम्रो बजाऊ, छिङछिङ झ्याली बजाऊ
छिङछिङ झ्याली बजाऊ हल्लेलूयाह, छिङछिङ झ्याली बजाऊ ।

७. सबै मिली ताली बजाऊ, प्रभुको स्तुति गरौं
प्रभुको स्तुति गरौं हल्लेलूयाह, प्रभुको स्तुति गरौं ।

## १७१

**स्केल C, ताल $^3/_4$**

१. आदि र अन्त र जगतको ज्योति चरणमा तपाईंको आउँदछौं (२)
हल्लेलूयाह गाउँदै, स्तुति सुनाउँदै शिर निहुराउँदछौं ।

२. अल्फा, ओमेगा र जीवनको रोटी तपाईंमा जीवन पाउँदछौं (२)
हल्लेलूयाह गाउँदै हात पसार्छौं आशीर्वाद पाउँदछौं ।

३. रगतले धोएर गर्नोस् पवित्र पूरो पवित्रता दिनुहोस् (२)
हल्लेलूयाह गाउँदै आशा राख्दै तपाईंकहाँ आउँदछौं ।

४. पवित्र आत्माको दान दिई हामीलाई, प्रतिज्ञा पूरो गर्नुहोस् (२)
हल्लेलूयाह गाउँदै जयजयकार गर्दै खुसीले भरी जाऔं ।

५. दुलहा हुन् हाम्रा प्यारो खीष्ट येशू, छिट्टै लिनलाई आउनेछन् (२)
हल्लेलूयाह गाउँदै खुसी मनाउँछौं स्वर्गमा लानेछन् ।
६. भरिदिनोस् प्रेमले यो हाम्रा मनलाई र बिन्ती तपाईंलाई गर्नेछौं (२)
हल्लेलूयाह गाउँदै हाम्रा मन जगाऔं यो हामी माग्दछौं ।

## १७२

**स्केल C, ताल ¢**

**कोः आऊ सबै दाजु-भाइ खीष्टकै गुण गाऔं ।**
१. हाम्रो पापको साटो उनी भए पाठो
कत्रो प्रेम र कत्रो दया हामीमाथि गरे ।
आऊ सबै दाजु-भाइ खीष्टकै गुण गाऔं ।
२. खीष्टीयान दाजु खीष्टीयान बहिनी खीष्ट हुन् हाम्रा साथी
* स्वर्गीयमा पुऱ्याउने मृत्युपारि तारी
आऊ सबै दाजु-भाइ खीष्टलाई पछ्याऔं ।
३. जति भयो घटी हाम्रो उनलाई सबै मनाऔं
पापलाई लुकाई नरकुण्डको भागी कैले नहोऔं
आऊ सबै दाजु-भाइ स्वर्गीय* जाऔं ।

## १७३

**स्केल C, ताल ¢**

**कोः प्रभुतिर आँखा उचालौं, येशूतिर आँखा उचालौं**
**जहाँ छ प्रेम, खुसी, आनन्द आशाहरूको सम्पूर्णता (२)**
१. व्यतित दिनको याद नगरौं, पाप अधर्म अनेकौं (२)
भुल देखाउने, भुल सुधार गर्ने दयालु सागर येशू ।
२. भविष्य के हो, कहाँ म हुन्छु पीर मनमा नलिनू (२)
परीक्षा दुःख भार उठाउने येशू मसीह हुन् सहारा ।
३. चारैतिर अन्धकारले छायो दुःख लडाइँ अनेकौं (२)
भयभीत हुन्छु, कहाँ म जाऊँ दयालु सागर येशू ।
४. भरोसा जगतमा कहीँ पनि छैन व्यर्थ सारा व्यर्थमा (२)
तपाईंको चरण, साँचो शरण दयालु सागर येशू ।

## १७४

**स्केल G, ताल $^2/_4$**

**कोः प्रभुजी तिमीलाई के चढाऊँ, यो मेरो सब जीवन तिम्रै हो,**
**धन्यवाद तिमीलाई छ सदा, स्तुति लेऊ मबाट सर्वदा ।**
१. तिम्रो प्रेम उदेकको, जो ममा प्रकट भो
म अधर्मी पापीको, अधर्म क्षमा भो,
बढाइ होस् प्रभु येशूको ।
२. येशू खीष्ट राज गर्नु हरेकको हृदयमा,
चाहन्छन् डोऱ्याउन, जीवनको बाटोमा,

छिटो आऊ प्रभु येशू कहाँ ।

## १७५ (When Morning Gilds The Skies) **स्केल G, ताल C**

१. बिहान जब हुँदछ मन जागी भन्दछ ? येशूको होस् बढाइँ
काम काज र प्रार्थनामा येशूकहाँ जान्छु म, येशूको होस् बढाइँ ।
२. नीद जब टर्दछ, आत्मा उदास हुन्छ ? येशूको होस् बढाइँ
कुचिन्ता आउँदामा, हृदय दूर राख्छु म, येशूको होस् बढाइँ ।
३. उदास जब हुँदछ, उनैमा शान्ति छ, येशूको होस् बढाइँ
सांसारिक सुख नभए, तै शान्ति छ उनमै, येशूको होस् बढाइँ ।
४. सिंगै संसार मिली, मधुर राग उचाली, येशूको होस् बढाइँ
मिली भनून् आकाश, समुद्र र बतास, येशूको होस् बढाइँ ।
५. जबसम्म छ सास, यो गीत मेरो रहोस्, येशूको होस् बढाइँ
अनन्तको स्तुति होस्, सदा गुञ्जिरहोस्, येशूको होस् बढाइँ ।

## १७६ (Awake My Soul And With The Sun) **स्केल G, ताल C**

१. हे मेरो प्राण, उठ्सँग घाम र पूरो गर् सब आफ्नो काम
अल्छेई छोड् र स्तुति गा, बिहानको प्रार्थना चढा ।
२. बिता यो दिन भई बुद्धिमान, सबै दिनलाई त अन्तकै ठान्
ईश्वरको दानको गर् विचार, नियाको लागि रह तयार ।
३. हे ईश्वर, गर्छु प्रार्थना यो, जेजे गरूँला आज म
ती सबमा मलाई गोहार देऊ, मनमा पवित्र आत्मा देऊ ।
४. अँ आज मेरो बाटोले आफ्नो महिमा बढाइदेऊ
अँ पिता, पुत्र, आत्मामा सधैँका परम महिमा ।

## १७७ **स्केल C, ताल C**

१. शान्तिसित जिए ख्रीष्ट हाम्रो जीवन उनमा होस्
शान्तिसित मरे ख्रीष्ट हाम्रो मरण उनमा होस् ।
२. सबलाई जिउनी अनन्तको ख्रीष्टले करार दिनुभो
हवस् भाइबहिनी हो हाम्रो बिदा शान्तिको ।

## १७८ (God Be With You) **स्केल C, ताल C**

१. प्रभु येशू हाम्रो साथमा होऊ, जीवनको बाटोमा डोऱ्याऊ
हामीलाई आफूमा मिलाऊ, प्रभु येशू हाम्रो साथमा होऊ ।
**कोः जबसम्म भेट्दैनौं हामी प्रभु ख्रीष्टको चरणमा**
**तबसम्म भेट्दैनौं हामी प्रभु हाम्रो साथमा होऊ ।**
२. प्रभु येशू हाम्रो साथमा होऊ दुःख र विपतदेखि बचाऊ
आत्मिक भोजन हामीलाई देऊ प्रभु येशू हाम्रो साथमा होऊ ।

३. प्रभु येशू हाम्रो साथमा होऊ जोखिम जीवनमा जब आउँछ
खीष्टको प्रेमी हात समाउँछ प्रभु येशू हाम्रो साथमा होऊ ।
४. प्रभु येशू हाम्रो साथमा होऊ उच्च राख प्रेमको झण्डा
मृत्युको बाढीले तर्साउँदा प्रभु येशू हाम्रो साथमा होऊ ।

## १७९ (The Day Thou Gavest) **स्केल G, ताल 3/4**

१. तपाईंले दिएको दिन गइगयो अब आज्ञा दियौ हवस् रात
बिहान तपाईंको स्तुति गायौं बिसाऔं पनि स्तुति साथ ।
२. होस् धन्यवाद तपाईंको मण्डली भूमण्डल घुम्दा-घुम्दामा
न दिउँसो नता राती सुती सब भूलोकभर बस्छ पहरा ।
३. सब महाद्विप र टापुहुँदो बिहानले दिन पुऱ्याउँदछ
कहिल्यै नटुँग्ने बिन्ती गर्दा न गीतको स्वर चुप हुँदछ ।
४. जब हामी सुत्छौं हाम्रा भाइ तब जाग्दछन् अर्को अर्द्धमा
र घण्टाघण्टा अर्का जनले उचाल्दछन् नाउँ प्रभुका ।
५. आमेन हे प्रभु राज्य तपाईंको टल्दैन राज्य संसारका झैँ
तै स्याँठै न मानिञ्ज्यालसम्म अनन्त बढ्दै छ बढ्दै ।

## १८० (All praise to thee) **स्केल G, ताल C**

१. हे ईश्वर जय होस् तपाईंको दान आज धेरै दिनुभो
हे ईश्वर पिता अब मलाई ठीक राख्नोस् मुठिमा बचाई ।
२. माफ गर्नोस् कारण येशूको सब पाप मद्वारा आज जे भो
ईश्वर र भाइको मेल नपाई म नगरूँ आज रात सुताई ।
३. सिकाउनुहोस् यसै जिउँनलाई म ठानुँ मर्नु सुत्नुझैँ
सिकाउनुहोस् यसै मर्नलाई म बौरिउठूँ सुखमय भई ।
४. निज काखमा सुताउनोस् मलाई आफैंले मेरा आँखा चिम्ल्याई
र जागूँ ज्यास्ति बलियो भई तपाईंको सेवा गर्नलाई ।
५. सकिनँ सुत्न भने त म गरूँ भलो सोच-चिन्ता
हे पिता, पुत्र, आत्माज्यू तपाईं नै माथि ध्यान गरूँ ।

## १८१ (At even ere the sun was set) **स्केल C, ताल 3/4**

१. साँझ हुंदा सूर्य अस्ताउँदा बिरामी आए प्रभुकहाँ
ती आए कस्ता दुखेका भई निको ती भए बिदा ।
२. हे प्रभु फेरि साँझ भयो र आयौं हामी दुःखित भई
तपाईंको रूप अप्रकट तै हुनुहुन्छ यहाँ तपाईं ।
३. गराउनोस् हाम्रो दुःख बिसेक छन् कति रोगी र उदास
कतिको प्रेम भएन ठीक अघिको प्रेम भइगयो नाश ।
४. सांसारिक सोच कतिको रोग छ कतिको पाप-दुविधा

छन् यस्ता कतिका कुभोग असाध्ये छन् तपाईंविना ।
५. संसार छ रित्तो कतिले चाल पाए तै त्याग्दैनन् त्यो
मितदेखि कतिलाई अन्याय तै छैन खोज तपाईं मितको ।
६. अँ छैन कसैलाई पूर्ण चैन कोही छैन जो छ ठीक निष्पाप
र सेवा गर्न खोज्ने जन झन् पापको ख्यालले छ विलाप ।
७. तपाईं ख्रीष्ट मान्छे पनि भई परीक्षा दुःखमा पर्नुभयो
सब हेर्नुहुन्छ मनमा नि चोट पनि लाजले सुकेको ।
८. ख्रीष्ट अघि जस्तो शक्तिमान सकल तपाईंका सब अह्राऊ
यस साँझको घडी हे ईश्वर हरेकलाई पार्नुहोस् निको ।

## १८२ (Saviour again to thy dear name)**स्केल G, ताल C**

१. फेरि हे प्रभु स्तुति गाउँदछौं एक मनका भई बिन्ती गर्दछौं
तपाईंका दया हामी गर्छौं याद र घुँडा टेकी माग्छौं आशीर्वाद ।
२. घर जाँदाखेरि मिलाप दिनुहोस् यस दिनको अन्तमा आशिष् होस्
ओठदेखि पाप र हृदयदेखि लाज टाढो गराऊ जो सेवा गरे आज ।
३. यस आउँदो रातमा दिनू मेल र सुख जसबाट हामीमा नहोस् दुःख
र नोक्सानदेखि हामीलाई निकाली हेर्चाह गर्ने हो तपाईंको हाल ।
४. सांसारिक जीवनभरि हामीलाई रक्षा गराउनुहोस् जब छ लडाइँ
जय दिनोस् प्रभु अनि मेलझैँ मिलापको राजा सर्वदै तपाईं ।

## १८३ **स्केल C, ताल 3/4**

१. यस लोक जब येशू छोड्नुभो प्रभु जो शिर हो मण्डलीको
तब दिए चेलालाई आज्ञा यस रीतले मान्न सर्वदा ।
२. मलाई दिइयो यस संसार र स्वर्गमा सब अधिकार
यसकारण सबै देशमा जाऊ सब जातिलाई चेला तुल्याऊ ।
३. नाउँ पिता, पुत्र, आत्माको मा गर तिनलाई बप्तिस्मा
मैले सब दिएको आज्ञा तिनैलाई मान्नलाई सिकाऊ ।
४. रहन्छु सब दिन साथ तिम्रो अँ अन्तसम्म जगतको
हे प्रभु आफ्नो कुराझैँ देऊ आशिष् यस रीत मान्नेलाई ।

## १८४ (Our children Lord in faith And Prayer)**स्केल G, ताल 3/4**

१. हे प्रभु गर्छौं समर्पण विश्वास र प्रार्थनासाथ
बाल-बच्चा हाम्रा तपाईंलाई लौ लिनोस् ईश्वर नाथ ।
२. तपाईंले आफ्नो मण्डलीलाई दिनुभयो करार
त्यसमा यिनै भाग लिएर पाउन् सबै उद्धार ।
३. यस पृथ्वीमा डुल्दाखेरि प्रेम गरेर तपाईं

अङ्गालो हाल्नु हुदथ्यो बाल-बच्चाहरूलाई ।
४. ऐले पनि दिलाउनु होस् अनुग्रहको यो वर
हामी र हाम्रा बच्चालाई हे दयालु ईश्वर ।
५. बाल रहुञ्जेल जोगाउनुहोस् सांसारिक लोभदेखि
र धार्मिक पथमा ल्याउनुहोस् तिनलाई जीवनभरि ।

## १८५ (He that believes and is baptized)**स्केल C, ताल 3/4**

१. जो विश्वास गर्छ बप्तिस्मा लिन्छ त्यो उद्धार पाउनेछ
खीष्टको मृत्युमा लिई बप्तिस्मा नयाँ सृष्टि हुन्छ ।
खीष्ट येशूद्वारा पाई छुट्कारा पुग्नेछ स्वर्गमा
जहाँ निष्पापी मण्डली प्रतापीसँग हुन्छ खडा ।
२. एक मनका भई बिन्ती चढाई आयौं हे परमेश्वर
दयाको साथमा पवित्र आत्मा दिनुहोस् महान् वर
येशूको मरण सद्गुण सम्झेर पाप क्षमादान दिनोस्
अनन्त जीवन पाऔं भनेर उन्नति दैनिक होस् ।

## १८६ **स्केल D, ताल 6/8**

१. येशूले आफ्ना चेलाहरूलाई यसरी बोल्नुभो
"स्वर्ग पृथ्वीमा अधिकार सारा मलाई छ दिएको
यसकारण तिमी सबै देश गई जातिलाई बनाऊ चेला
पिता र पुत्र, पवित्र आत्माको नाउँमा देऊ बप्तिस्मा ।
२. तिमीहरूलाई जे जति आज्ञा मैले गरेको छु
तिमीहरूलाई यिनै सब कुरा गर्नलाई सिकाइदेऊ
र हेर चेला सब दिन म हुन्छु अन्तसम्म जगतको
तिमीहरूका साथमा छँदै छु" येशूले भन्नुभो ।
३. जो पापको लेखि मर्‍यौं त हामी के पापमा लागिरहौं ?
कसरी अझै त्यसैमा जिउने के हामी अज्ञान छौं ?
सब हामी जना जतिले लियौं बप्तिस्मा येशूमा
हामीले लिएका थियौं बप्तिस्मा उहाँकै मृत्युमा ।
४. हामी यसकारण बप्तिस्माद्वारा गाडियौं उहाँको साथ
ईश्वर पिताको महिमाद्वारा उठ्नुभो येशू नाथ
जसरी स्वामी मरेकोबाट बिउँताइनुभयो
त्यसरी हामी ढाँचामा हिंडौं नयाँ है जीवनको ।

## १८७ (According to thy gracious word)**स्केल G, ताल 3/4**

१. खीष्टको दयालु बातअन्सार चुर्ण र दीन मन भई
हे प्रभु ! यस्तो गर्छु म सम्झन्छु तपाईंलाई ।
२. तपाईंको जिउ भाँचेको स्वर्गभोजन होस् मेरो

म लिन्छु नयाँ नियमको सम्झाउने कचौरो ।
३. गेतसमनीको साह्रो दुःख र संकट क्लेश हेर्दै
के ती सब कुरा बिर्सिन्छु ? सम्झन्छु तपाईंलाई ।
४. जब हेर्छु कलवरीको क्रूस खीष्ट टाँगिए त्यसमा
ईश्वरका थुमा बलिदान म राख्छु सम्झना ।
५. अँ सब तपाईंको पीडाको र प्रेम मसँगका
सास फेरूञ्जेल अँ सधैंभर म राख्छु सम्झना ।
६. जब मेरो मर्ने बेला छ र मेरो प्राण उडाई
आफ्नो राज्यमा आउँदाखेरि सम्झनुहोस् मलाई ।

## १८८ (By Christ redeemed) **स्केल D, ताल C**

१. हामी खीष्टमा पाई उद्धार गर्छौं सम्झेर तारणहार
प्रभुको मृत्युको प्रचार नआउञ्जेल ।
२. जिउ हाम्रो सट्टा भाँचेको छ स्मारक रोटीमा चिनो
खाएर बढोस् प्रेम हाम्रो नआउञ्जेल ।
३. खीष्टले हाम्रो ज्यान-सजाय भोगे, जुन अमोल रगत बहाए
देखाउँछ यो कचौराले नआउञ्जेल ।
४. रात विश्वासघातको अँध्यारो र दोस्रो आगमन येशूको
यस प्रेम-रीत-मालाले गासियो नआउञ्जेल ।
५. हे धन्य दिन ! कस्तो विलास हाम्रा नहोस् मनमा उदास
पर्खंदा बढोस् धीर विश्वास नआउञ्जेल ।

## १८९ (Here O my lord I see there face to face)**स्केल G, ताल C**

१. यहाँ हे प्रभु भेटुँ तपाईंलाई
यहाँ रहस्य क्रूसको बुझ्न पाऊँ
यहाँ सनातन अनुग्रह समाई थकित
जीवनमा आड तपाईंमा लाऊँ ।
२. यहाँ परमेश्वरको म रोटी खाऊँ
यहाँ म पिऊँ कचौरा स्वर्गको
यहाँ सांसारिक भारी म बिसाऊँ
यहाँ म शान्ति पाऊँ पाप-क्षमाको ।
३. भोज अब सिद्धियो उठ्दछौं हामी
तर प्रेम तपाईंको सदा छ येशू
रोटी कचौरा सिद्धिए पनि झन्
नजिक रहनुहुन्छ हे प्रभु ।
४. बिनातपाईं गुहार मलाई छैन
पाए तपाईंलाई चाहिँदैन अरू
यसो भए पुग्छ, हँ प्रशस्त छ
शक्ति छ मेरो तपाईंमा प्रभु ।

५. मेरो हो पाप, धार्मिकता तपाईंको,
मेरो हो दोष, रक्त शुद्ध तपाईंको
यो मेरो वस्त्र, आश्रय र शान्ति
प्रभु तपाईंको रगत र सुद्धि ।

## १९० (O perfect love) स्केल C, ताल C

१. हे प्रभु येशू सिद्ध प्रेम देखाउने हाम्रो यो प्रार्थना सुनिलिनुहोस्
तपाईंले भरखर एकसँग जोरिएका यी दुवैमा अनन्त प्रेम रहोस् ।
२. हे सिद्ध जीउनी बिताउने हे प्रभु दुःख जब लाग्ला पीडा कि अफसोस
यी दुवैलाई भरोसा धरीज ढाडस र विश्वासको जमानी हुनुहोस् ।
३. सांसारिक दुःख उठाउने स्वर्गीय आनन्द स्वर्गीय मिलाप झगडा धपाउनलाई
यिनैलाई दिनोस् मृत्यु भएपछि तपाईंको सामू सँगसँग बस्नलाई ।

## १९१ स्केल D, ताल C

१. जब पहिला विवाह भयो आदम र हव्वाको,
ईश्वर हाजिर हुनुभो विवाह आशीषित भो ।
२. आजको यो विवाहमा ईश्वर उपस्थित छन्,
दुलहा र दुलही दुईलाई आशीर्वाद दिने छन् ।
३. हे परमेश्वर यो दुलही दिँदैछौं दुलहालाई,
जसरी अघि हव्वा दिनुभो आदमलाई ।
४. प्रभु यी दुईको हृदय जोडी एक बनाउनु होस्,
दुःख सुखमा प्रभु येशू कैले नछाड्नु होस् ।
५. अँ, हे पवित्र आत्मा उत्रेर आउनुहोस्,
यी दुईमा सधैं मेल होस् प्रेमको आशिष बर्सोस् ।
६. खराबीदेखि बाँच्नलाई सहायता दिनुहोस्,
जब दुईले संसार छोड्छन् स्वर्गमा ठाउँ दिनुहोस् ।

## १९२ स्केल D, ताल 3/4

**कोः सुनन साथी यो मीठो वचन मनैमा गुन न**
**प्रेमैले ल्याएको मुक्तिको माला विश्वासमा उन न, (विश्वासमा उन न) २**

१. यो भवसागर आँधीले पूर्ण पापैले अँध्यारो (२)
अँध्यारो जगको खीष्टमात्र हाम्रो मुक्तिको उज्यालो (२)
२. संसारको ज्योति तारणहार ईशपुत्र पियारा (२)
पियारा येशू शुद्धको निम्ति, मुक्तिको सहारा (२)
३. सित्तेंइमा ल्याएको सित्तेंइमा लैजाऊ भनेर यो प्रचार (२)
प्रचार भयो यो मानव-धर्म बचाउन संसार (२)
४. शुद्धिको उपाय मुक्तिको हाम्रो खीष्टमात्र पियारो (२)

पियारो जगको ख्रीष्ट मात्र हाम्रो मुक्तिको उज्यालो (२)
५. विश्वास गर पापैलाई त्याग सुनेर सङ्गाल (२)
भजन सुनी येशूलाई पछ्याई सत्यलाई अङ्गाल (२)

## १९३

**स्केल F, ताल ¢**

१. सुन्नुहवस् ध्यान लगाई येशूको समाचार
ज्योति दिने शक्ति, दिने येशू तारणहार ।
२. समय आयो फर्की हेर त्यो उज्यालो ज्योति
अन्धकारलाई हेर तर्की उज्यालोमा फर्की ।

## १९४

**स्केल G, ताल C**

१. ईश्वर स्वर्गीय पिताले प्रेम गरी लोकलाई, एकले छोरो
दिइहाले जीवन दिनलाई, भाइ हो जीवन दिनलाई ।
२. एकले छोरो नभनी दिए लोकलाई
विश्वास गरी सबैले लेऊन् मुक्तिलाई भाइ हो ...
३. स्वर्गबाट येशू आए मुक्ति लिएर
कसले लिए मुक्तिलाई मनै गरेर, भाइ हो ...
४. येशू पुत्र भएर औतार लिई आए
विश्वास गर्ने सबैले मुक्तिदान पाए, भाइ हो...
५. दुनियाँ-संसार छ सागर पापैको छ व्यवहार
पापलाई लुकाइराखेर कसरी तर्छौ पार, भाइ हो...
६. जसले सुन्छन् प्रभुको अजम्मरी वचनलाई
उनलाई मुक्ति दिनेछन् अजम्मरेलाई, भाइ हो...
७. येशू प्रभु सामर्थी सबै दान दिनलाई
मनलाई जगाई तयार हौ, दान दिनलाई भाइ हो...

## १९५

**स्केल D, ताल $^6/_8$**

**कोः आऊ सबै, मुक्तिलाई खोजौं मुक्ति पाई, *स्वर्गमा राज गरौं ।**
१. हामी सबै पापी थियौं जान लाग्यौं नाशमा (२)
नाशदेखि बचाउनलाई येशू आए जगमा (२)
२. येशू तपाईं जगमा आई गर्नुभयो प्रेम (२)
प्रेम गरी बस्नुभयो आज हाम्रो सँगमा (२)
३. रोगीहरू विश्वास गर्दै आए उनको छेउमा (२)
विश्वास गरी निको भई गए आफ्ना घरमा (२)
४. हामी सबै पापी भयौं जान्छौं क्यारे नाशमा (२)
नाशदेखि बचाउनलाई येशू मरे क्रूसमा (२)
५. मानिसको पाप लिई टाँसिदिए क्रूसमा (२)

क्रूसमा चढी रगत बहाई बौरिउठे अन्तमा (२)

## १९६

**स्केल G, ताल $^3/_4$**

१. हे पुत्र मेरो कहाँ छौ तिमी पर्खिरहेछु म
खोज्दै हिँड्दै बाटो तिम्रो अति उत्सुक भएर ।
फर्केर आऊ म भए ठाउँ भेट्नेछु तिमीलाई
फर्केर आऊ म भए ठाउँ स्थान हो त्यो कल्वरी ।

२. माता-पिता छन् र धेरै साथी प्यार पाउँछौ तिमीले
तर सुन ती सबै एक दिन छोडेर जानुपर्छ ।
मेरोमा आऊ तयार छु म हुनलाई तिम्रै मित
आजभोलि सदासर्वदा रहनेछु तिम्रै मित ।

३. थकित छ होला दुःखित तिम्रो मन चिन्ताले संसारको
भविष्यको डर मनमा राखी छाडेछौ झन् टाढो ।
वस्त्र, भोजन, धन, सम्पत्ति मसित छन् प्रचुर
अनन्त शान्तिले पारी भरपूर गर्नेछु सब दोष दूर ।

४. हे पुत्र मेरो भन कहाँ छौ अँध्यारो हुँदै छ
छिट्टै नै आऊ बेला रहँदै बन्द हुनेछ द्वार ।
सुन मेरो यो निम्तोलाई नगर अरू बेर
फर्केर आऊ तिम्रो घरमा नत्र होला अबेर ।

## १९७

**स्केल Em, ताल C**

**कोः तिम्रो मनको ढोकामा येशू ढक्ढकाउँछन्**
**खोल तिम्रो ढोका उनी आउन चाहन्छन् ।**

१. हुन माग्दछन् उनी तिम्रो पाहुना आज
तिम्रो शोक र फिक्री उनले उठाउन माग्छन् ।

२. आउन माग्छन् उनी भित्र तिम्रो मनमा
रातदिन तिम्रो मनमा उनी माग्छन् बस्न ।

३. मधुर शब्दले भन्छन् मरें तिम्रो लागि
छोड अशुद्ध कर्म खोल द्वार आउँदै छु ।

४. तिम्रो लागि मैले लगाएँ काँडे मुकुट
तिमीलाई म महिमाको मुकुट पहिराउँछु ।

५. खोल्दछु म ढोका मनको हे प्रभु येशू
आई यसमा रहनुहोस् माग्दछु म मनले ।

६. प्यारो येशू भन्छन् अब बिन्ती गर्दछु
समय जो गई गयो आउँदैन फर्की ।

## १९८

**स्केल G, ताल $^6/_8$**

**कोः सुनेर मनमा गुन न, येशूमा विश्वास गर न (२)**

१. कुन नाम छ साँचो स्वर्गको मुनि मानिसलाई बचाउने (२)
नगरौं हामी पापैको कर्म नरकमा लैजाने,
सुन भाइ हो नरकमा लैजाने ।

२. पृथ्वी टल्छ स्वर्गलोक टल्छ टल्दैन त्यो वचन (२)
ईश्वरको वचन मानिसको लागि बचाउन अमोल प्राण ।

३. जीवनको ढोका खोल्दिन्छन् येशू विश्वासीहरूलाई (२)
ईश्वरको राज्यमा आत्मामा सधैं येशूसँग बस्नलाई ।

४. येशूको हातमा न्याय छ हाम्रो ईश्वरले दिएको (२)
बचाएको मानिस छोड्दैनन् उनले क्रूसैमा किनेको ।

५. विश्वास छ हाम्रो ख्रीष्ट येशूमाथि अघि नै बढ्दछौं (२)
विश्वास गर्छौ स्वर्गको लागि ठाउँ तयार गर्दछन् ।

## १९९

**स्केल C, ताल $^{6}/_{8}$**

**कोः प्रभुलाई लिई शून्य जीवनमा,**
**मुक्तिको आगो जलाई तिम्रो हृदयमा ।**

१. जीवन बिताऔं हाँसेर, पापलाई त्यागेर (२)
मुक्तिलाई गाँसेर अमर भएर (२)
प्रेमको स्रोत उम्ल्याएर शुष्क हृदयमा ।

२. पापको दण्ड मृत्युदेखि दिनलाई छुटकारा (२)
बहाए उनले रगतको धारा (२)
अशान्तिको पीर होला तिम्रो हृदयमा ।

३. एउटै मात्र प्रभु हाम्रो जीवनको सहारा (२)
उदय भयो भाग्य सितारा (२)
मुक्तिदाता प्रभु येशू चढे क्रूसैमा ।

## २००

**स्केल G, ताल C**

१. संसारमा पाप छ संसारमा दुःख छ यस्तै हो पनि
हे भाइ हो, कसरी हामी जाऔंला स्वर्गैमा ?

२. पापपछि दुःख पापीको सजाय आखिरमा नरक
हे बहिनी, यसरी लेखियो बाइबल पुस्तकमा ।

३. ईश्वर छन् प्रेमी ईश्वर छन् न्यायी उहाँको उपाय
हे बहिनी, तिमी र हामी बाँच्न, सुन न,

४. ईश्वरका छोरा एकमात्र थिए संसारमा आई
हे बहिनी, पापैको सजाय बोके क्रूसैमा ।

५. ईश्वरको निगाह येशूको प्रेमले बाँच्न सक्छौं
हे बहिनी, मर्नुभो येशू हाम्रा सट्टामा ।

६. विश्वास गर पापबाट फर्क मुक्ति ल्यौ सित्तै

हे बहिनी, तिमी र हामी जाऔंला स्वर्गैमा ।

## २०१

**स्केल D, ताल $^6/_8$**

**कोः मुक्तिदाताले बोलाउँदै छन् (२) प्रेमैले बोलाउँदैछन्**
**तिम्रो पाप धुनलाई ।**

१. प्रभु छन् उभिएका हृदयद्वारमा (२)
वचन सुनी खोल न हृदयद्वार खोल न (२) हृदयद्वार खोल न ।

२. किन अबेर गर्छौ दाजुभाइ हो (२)
दिदी-बहिनी साथी हौ नयन खोल न (२) हृदयद्वार खोल न ।

३. शान्तिदाताले बोलाउँदै छन् (२)
प्रेमले बोलाउँदै छन् शान्ति दिनलाई (२) शान्ति दिनलाई ।

## २०२

(Come to the saviour) **स्केल G, ताल C**

१. आऊ येशूकहाँ आजै हे भाइ उनको निम्तो छ अहिले नै
खीष्ट नजिक छन् आशिष् दिनलाई भन्दछन् मकहाँ आऊ ।

**कोः आनन्द आनन्द गरौंला सधैं खुसी हौंला जब निष्पापी भई**
**बसौंला नित्यसँग येशूकै अनन्त घरैमा ।**

२. हे पापी आऊ प्रभुको बात सुनी, समाऊ प्रभुको हात
आउँछन् जो उनकहाँ सब पाउँछन् सुख, काटिन्छन् तिनका दुःख

३. आऊ येशूकहाँ विचार गर भाइ छन् उनी नजिक वर दिनलाई
आऊ सब छिटो येशूकहाँ आऊ आशिष् सधैंको पाऊ ।

## २०३

**स्केल G, ताल ¢**

**कोः आऊ, आऊ, येशूकहाँ आऊ उनले डाक्दै छन् अहिले**
**थाकेको सबै भारीले थिचेको पापदेखि मुक्ति उनैमा पाउँछौ ।**

१. येशू खीष्टले डाकेको सुनेर ध्यान नदिएको किन ?
संसारमा दुःख कति सहन्छौ मिहिनत गर्छौ चैन पाउँदैनौ ।

२. डाक्दैछन् अहिले भाइ ठाउँ खाली छ मौका पाउँदैनौ फेरि
बेला छैन दिन बिती जान्छ संसारमा अँध्यारोले छोप्छ ।

३. येशू खीष्टको नाउँदेखि बाहेक मुक्ति पाउँदैनौं कहिल्यै
उनैमा छ सब पापदेखि छुटकारा दिन सक्छन् खुसी उनले मात्र भाइ ।

## २०४

(Free from the law) **स्केल D, ताल $^9/_8$**

१. येशूले हामीलाई बचाए आफ्नो अमोल रगत बहाए
सब दोषी थ्यौं छुट्कारा नपाई खीष्टले बचाए हामीलाई ।

**कोः हे पापी जन यो सुसमाचार सधैंको लागि गर स्वीकार**
**आऊ क्रूसको छेउमा भारी बिसाई खीष्टले बचाए हामीलाई ।**

२. पापदेखि सबै पायौं छुटकारा खीष्टको जन अब भइगयौं सारा
प्रेमैले भन्छन् मकहाँ आऊ सधैंको लागि मुक्ति पाऊ ।
३. ईश्वरका पुत्र कस्तो आनन्दित अधिकार उनको महिमासहित
मृत्यु नदी पार भई विश्रान गर्नेछौ अनन्द परमधाम ।

## २०५

**स्केल G, ताल ¢**

**कोः सम्झिदेऊ, बुझिदेऊ, हृदयमा राखिदेऊ बिन्ती हाम्रो**
**प्रभुको निम्तो छ, तपाईं दाजु, दिदी, बहिनीलाई, प्रत्येक जवानलाई ।**
१. खीष्ट आए यस संसारमा उठाउन पापको भार
सही दुःख, बहाई रक्त गराउन मृत्यु पार, गर्नलाई परम उद्धार (२)
२. जवानीपनमा याद गरी, सम्झ सृजनहारलाई
पापमा डुबी, संसारमा भुली बस्छौ किन भाइ, फर्क येशू थाई ।
३. खोल तिम्रो हृदयको ढोका, खोल न प्यारो भाइ
प्रभु चाहन्छन् तिम्रो आत्मा, हृदय, शरीरलाई, आउन देऊ प्रभुलाई ।

## २०६

**स्केल C, ताल ¢**

**कोः आऊ जगतको भाइ-बहिनी येशूले तिमीलाई डाक्दै छन् (२)**
१. जगतमा तिम्रो घरै छैन (२) जगतमा तिम्रो मान पनि छैन (२)
राज्य तिमीलाई दिनको लागि येशूले तिमीलाई डाक्दै छन्
२. जगतमा तिमी धर्म खोज्छौ (२) जगतमा तिमी घुमी हिँड्छौ (२)
जीवन मुक्ति दिनको लागि येशूले तिमीलाई डाक्दै छन्
३. शिरमा उनको काँडाको मुकुट (२) कोखामा उनलाई भालाले घोचे (२)
छेडेको हात पसारेर येशूले तिमीलाई डाक्दै छन्
४. आऊ दाजु-भाइ, आऊ दिदी-बहिनी (२) आएर येशूमा विश्वास गर
सबै पापलाई लिनको लागि येशूले तिमीलाई डाक्दै छन् ।

## २०७

(Whosoever Heareth) **स्केल C, ताल $^6/_8$**

१. हरेक विश्वासी गरौं प्रचार सबै ठाउँमा गरौं यो सुसमाचार
पापी मानिस सबले सुनोस् बारम्बार येशूकहाँ सबै जाऊ ।
**कोः येशू सबैलाई ग्रहण गर्नेछन् देश-विदेशको मानिस सबलाई निम्तो छ**
**कुनै परिले निकालिनेछैन येशूकहाँ सबै जाऊ ।**
२. हरेक आउने मानिस ढिलो नगरौं खुल्ला छ यो फाटक, बाहिर नबसौं
यो मुक्तिको पथमा आफ्ना पाऊ, राखौं येशूकहाँ सबै जाऊ ।
३. यदि मुक्ति खोज्छौ येशूलाई मान मान्छेको बचाउँछन् उनले मात्र प्राण
उनमा विश्वास गरौं, पाउँछौं उनमा त्राण येशूकहाँ सबै आऊ ।

## २०८

(The light of the world is Jesus) **स्केल F(D), ताल $^6/_8$**

१. संसार पापको सागरमा डुबेको थियो हो जगतको ज्योति येशू
प्रचण्ड घामझैँ उनको महिमा चम्क्यो हो जगतको ज्योति येशू ।

**कोः ज्योतिमा आऊ हो तिम्रै लागि ज्योति त पऱ्यो मलाई पनि,**
**अन्धा थिएँ तर पाएँ दृष्टि हो जगतको ज्योति येशू ।**

२. अँध्यारोमा बस्नुपर्दैन हामी हो जगतको ज्योति येशू
हिँड्छौं ज्योतिमा अगुवा पछि लागी हो जगतको ज्योति येशू ।

३. आऊ सब जसका मनमा छ पाप-अन्धकारको जगतको ज्योति येशू
आऊ दृष्टि पाउन उनको वचनअन्सार हो जगतको ज्योति येशू ।

४. घाम लाग्नु पर्दैन अरे स्वर्गमा हो जगतको ज्योति येशू ।
स्वर्गपूरीमा ज्योति हो प्रभु हाम्रा हो जगतको ज्योति येशू ।

## २०९ (Have you been to Jesus ?) **स्केल G, ताल C**

१. मन शुद्ध पार्नलाई येशूकहाँ गयौ के ? खीष्टको रगतले शुद्ध भयौ के ?
पूरा भरोसा येशूमा राख्छौ के ? खीष्टको रगतले शुद्ध भयौ के ?

**कोः तिमी शुद्ध भयौ के ? त्राणकर्ता येशूको रगतले**
**तिम्रो मन साँच्चै निष्कलङ्क भयो के ? येशूको त्यो अमोल रगतले ।**

२. दिनहुँ तिमी येशू साथ-साथ हिँड्छौ के ? उनको रगतले शुद्ध भयौ के ?
येशूको आनन्द तिमीले पायौ के ? खीष्टको रगतले शुद्ध भएर ।

३. खीष्ट आउँदा तिम्रो लुगा साफ होला के ? खीष्टको रगतले साफ र उज्ज्वल
तिमी स्वर्ग जानलाई तयार छौ के ? खीष्टको रगतले शुद्ध भएर ।

४. पापको दाग लागेको वस्त्र फुकाइदेऊ खीष्टको रगतले शुद्ध हुन आऊ
पापी मन चोख्याउने धारा बग्दै छ खीष्टको रगतले शुद्ध होइजाऊ ।

## २१० **स्केल C, ताल C**

**कोः छैन भरोसा यो जिन्दगीको (२) गरौं भजन अब येशूजीको (२)**

१. बालक-काल बित्यो खेलैमा खेली जवानी बित्यो प्रेमैमा भुली
वृद्धकाल बित्दै छन् जमजालमा डुबी गरौं भजन अब येशूजीको ।

२. जमजालमा डुबिरहन्छौ कति चेत गरी अब सुधार गती
छैन बेला भाइ अब अति गरौं भजन अब येशूजीको ।

३. पाप र सन्ताप बढ्दछन् अति हुनेछन् नष्ट जीवन उती
फर्काऊ मन अब येशूपट्टि गरौं भजन अब येशूजीको ।

## २११ **स्केल D, ताल 6/8**

**कोः सुन न लौ एक सुसमाचार स्वर्गदेखि आए एक तारणहार (२)**

१. भव हाम्रो डुबिसक्यो पापको सागरमा (२)
छिटो बित्ने जीवन हाम्रो मिल्छ माटोमा, को छ साटोमा ?

२. धन्य हाम्रो स्वर्ग धनी मानिस भई आए (२)
पापको बोझा सबै लिई दिए आफ्नो प्राण, गर्न हाम्रो त्राण ।

३. वर हेर, पर हेर छैन केही उपाय (२)
ग्रहण गर येशू ख्रीष्टमा छैन उनी सिवाए सुन मेरो भाइ ।
४. जो कोही आउँछ विश्वास गरी प्रभु येशू ख्रीष्टमा (२)
जयवन्त जीवन बित्यो भने हुन्छौ तिमी फलवन्त,
जीवन पाउँछौ अनन्त ।

## २१२

**स्केल D(E), ताल C**

१. उँभै ता हेरूँ स्वर्गीय धाम छ (२) उँधै ता नरलोक हेर प्रिय भाइ (२)
२. तिमीले भन्छौ स्वर्ग नै तर्छु (२) तर्छौ पो कसरी हेर प्रिय भाइ (२)
३. स्वर्ग नै तर्न ख्यालठट्टा छैन (२) धाउनु छ ख्रीष्टकहाँ हेर प्रिय भाइ (२)
४. स्वर्गीय बाटो एउटा छ खालि (२) उनी हुन् प्रभु ख्रीष्ट हेर प्रिय भाइ (२)
५. ख्रीष्टलाई भजी तर्नु छ पारि (२) मनगरी एक चित्त हेर प्रिय भाइ (२)
६. पिताले दिन्छन् स्वर्गीय धाममा (२) बस्नु त नित्यदिन, हेर प्रिय भाइ (२)

## २१३

**स्केल C, ताल ¢**

**कोः त्यागे ख्रीष्टले क्रूसैमा प्राण, गर्न हरेक पापीको त्राण ।**
१. पापैमा परी आत्मालाई नष्ट गरी बस्छौ किन निश्चिन्त भई
समय हुँदै आओ आज येशूकहाँ आओ ।
२. येशू मसीह बोलाउँछन् हरेक जनलाई आउँछन् जो उहाँकाँ
काटिन्छन् तिनका दुःख ती पाउँछन् आनन्द र सुख ।
३. आउँछन् फेरि ख्रीष्ट महिमित बादलमा “धन्य जो, अन्तसम्म
स्थिर रहला, ती पाउँछन् जीवनको ताज” ।

## २१४

**स्केल G, ताल 6/8**

**कोः खोल खोल ढोका, खोल्दैनौ किन नी**
**प्रभु आए तिमीलाई मुक्तिदान दिन नी ।**
१. पछुताऊ गर, शुद्ध गर आऊ न सबै ढिलो नगर (२)
प्रभु ख्रीष्टले तारिदिन्छन् विश्वास गर पापलाई नगर ।
२. बुद्धिमानी म छु ज्ञानी भन्छन् सबै संसार (२)
शान्ति दिने, मुक्ति दिने भन्छन् प्रभु येशू तारणहार ।
३. मुक्तिदाता आउनुभयो संसारमा ज्योति बनेर (२)
दाजु-भाइ, दिदी-बहिनी आऊ न सबै विश्वास गरेर ।
४. क्रूसमाथि चढ्नुभयो हाम्रो प्रभु येशू विचरा (२)
स्तुति गर्छु चरणमा पर्छु आउँदै छु म पापी अघोर ।
५. दाजु-भाइ, दिदी-बहिनी बस्छौ किन शान्त भएर (२)
बेला छैन बितिगयो कति बस्छौ पापै गरेर ।

## २१५

**स्केल F(G), ताल 6/8**

**कोः सुन न हे दाजु-भाइ, प्रभुको वचनलाई**
**सुन न दिदी-बहिनी, प्रभुको वचनलाई ।**

१. ईश्वरको पुत्र प्रभु येशू ख्रीष्ट बचाउन पापीलाई (२)
संसारमा आई क्रूसैमा चढी (रगतै बहाए) २

२. यो जीवन हाम्रो, नबिताऊँ व्यर्थ पापको बन्धनमा (२)
प्रभु येशूमा विश्वास गरी (पुग्नेछौं स्वर्गधाममा) २

३. मृत्युको पछि नरकमा नगई * स्वर्गलोकमा जानु छ (२)
*स्वर्गमा जान प्रभु येशूमा विश्वास गर्नु छ (२)

## २१६ (Would you be free) स्केल G, ताल C

१. पापको भारदेखि के छुट्न माग्छौ ? ख्रीष्टको रगतमै छ शक्ति नै
शैतानमाथि जयवन्त हुन खोज्छौ ? उदेक शक्ति छ रगतमा ।

**कोः भन जय, जय, उदेकको शक्ति छ रगतमा, रगतमा**
**भन जय, जय उदेकको शक्ति छ येशूको अमोल रगतमा ।**

२. पापको घमण्डलाई के छोड्न माग्छौ ख्रीष्टको रगतमै छ शक्ति नै
कलवरी क्रूसनिर शुद्ध हुन आऊ उदेक शक्ति छ रगतमा ।

३. हिउँभन्दा सफा के हुन माग्छौ ? ख्रीष्टको रगतमै शक्ति नै
रगतमा पाप आफ्ना पखाल्न जाऊ उदेक शक्ति छ रगतमा ।

४. के येशू राजाको सेवा गर्छौ ? ख्रीष्टको रगतमै छ शक्ति नै
के ख्रीष्टको जय सधैं गर्न माग्छौ ? उदेक शक्ति छ रगतमा ।

## २१७ (Look to the saviour) स्केल G, ताल C

१. येशूलाई क्रूसमाथि सब हेर, हाम्रो दुःख उनैले बोकेर
डाक्दै छन् सबलाई प्रेम गरेर, येशूलाई हेर ।

**कोः येशूलाई हेर हेर त जिउँनेछौ**
**येशूलाई क्रूसमाथि सब हेर, येशूलाई हेर ।**

२. पापको बोझलाई उतार्नेछन् अमर जीवन पाउने पार्नेछन्
मृत्यु नदीदेखि तार्नेछन् येशूलाई हेर ।

३. कबरदेखि प्रभु बौरेछन् बढाऔं सबै जब बेला छ ।
उनको शक्तिले शोक दूर गर्छन् येशूलाई हेर ।

४. येशू स्वर्गपूरीमा बस्दछन् पापीको सब दुःखलाई जान्दछन्
साँची नै प्रभुले डाक्दै छन् येशूलाई हेर ।

## २१८ स्केल G, ताल ¢

१. जगत संसार केही पनि छैन सुन दाजु-भाइ (२)
विश्वास गरौं हामी सबले, मुक्ति पाउनलाई (२)

**कोः ख्रीष्ट येशू छन् ख्रीष्ट येशू छन्,**

**ख्रीष्ट येशू छन् तयार मुक्ति दिनलाई ।**

२. लोभै गर्छौं, लालच गर्छौं संसारको थोकलाई (२)
यी सबै थोक केही पनि होइन, साथमा जानलाई (२)

३. आऊ सबै फिक्री गरौं, मुक्ति पाउनलाई (२)
येशूबाहेक अरू छैन, छैन केही उपाय (२)

४. आऊ सबै दाजु-भाइ हो सुन मन लगाई (२)
ख्रीष्ट येशू तारणहारको निम्तो छ सबलाई (२)

## २१९

**स्केल D, ताल $^3/_4$**

**कोः आए येशू यो संसारमा पापीहरूलाई बचाउनलाई
गरौं विश्वास येशूमाथि पाउँछन् उद्धार पापको क्षमा ।**

१. येशू नासरी जन्म लिए बेथलेहेमको गाईको गोठमा (२)
छोडी स्वर्ग आए उनी पापीहरूलाई बचाउनलाई (२)

२. सारा संसार पाप-सागरमा डुब्दै थियो प्रभुबिना (२)
आऊ सबै क्रूसको छेउमा मुक्ति दिन्छन् येशू ख्रीष्टले (२)

## २२०

**स्केल G, ताल ¢**

१. यो सारा संसार सपनाजस्तो छ (२)
सपनामा कहाँ थियौ जागी उठ्दा कहाँ छौ ? (२)

२. यस्तै नै हे भाइ हो हाम्रो हालत छ (२)
प्राणै छुटेपछि त संसारै अदृश्य (२)

३. कोही छैन संसारमा पापदेखि बचाउने (२)
येशूबाहेक कोही छैन स्वर्गमा लैजाने (२)

४. छोडिदेऊ भाइ-बहिनी संसारको कुकर्मलाई (२)
लौ ग्रहण गर सबैले स्वर्गको बाटोलाई (२)

५. संसारको मायामा भुलेर नबस (२)
त्यसो गर्‍यौ भने त नरककुण्ड अवश्य (२)

६. आफ्नो यो प्राण हुँदा खोज है कर्तालाई (२)
उनैले सबै पापीलाई दिन्छन् पाप छुटाई (२)

## २२१

**स्केल G, ताल C**

**कोः अँध्यारो जगतमा ज्योति फैलाई उज्ज्वल प्रभु येशू ।**

१. तिमीले अधर्म पापलाई क्रूसमा मेटाइदियौ
क्रूसको दुःखलाई सहेर पापीलाई मुक्त गरायौ
गाइरहेछौं तिम्रो सर्वगुणगान, सम्झिरहेछौं याद मधुरो प्रेम ।

२. निराश जीवन लिएर बितिरहेथ्यौ त्यसै
शुष्क हृदयको तानमा जीवित आशा दिलायौ

गाइरहेछौं तिम्रो सर्वगुणगान, सम्झिरहेछौं याद मधुरो प्रेम ।
३. पापमय जीवनलाई त्यागेर आत्माको दिल जलाउँछौं
स्वर्गीय आशिष् लिएर स्तुति आराधना चढाउँछौं
गाइरहेछौं तिम्रो सर्वगुणगान, सम्झिरहेछौं याद मधुरो प्रेम ।

## २२२

**स्केल C, ताल ¢**

**कोः आहा ! कति मीठो वचन, प्रभुले दिएको रचना (२)**
१. जब म वचन पढ्दछु झन ठूलो इच्छा बढ्दछ
जब म वचन सुन्दछु तब मन खुसीले भर्दछ ।
२. जब म पापले भरेथें तब अन्धकारले छोपेथें
प्रभुले मलाई बोलाउनुभो अनि खुसीको खबर सुनाउनुभो ।
३. म, तिमी, हामी सबै पापी थियौं अनि साँचो प्रभुलाई चिन्दैनथ्यौं
प्रभु आए आफैं स्वर्ग छोडेर हाम्रो लागि उज्यालो ज्योति बनेर ।
४. क्रूसमा प्रभु मर्नुभयो हाम्रो पापको भार उठाउनुभयो
मृत्युबाट प्रभु बौरिउठ्नुभो र हामीलाई स्वर्गको ढोका खोल्नुभो ।
५. आऊ दाजु-भाइ दिदी-बहिनी प्रभुको मीठो वचन पढ न
आफ्ना पापलाई हटाई साँचो प्रभु येशूमा विश्वास गर न ।

## २२३

**स्केल F (D), ताल 6/8**

**कोः सुसमाचार आज यो, हे मित्र तिम्रै लागि हो (२)**
१. सुन न साथी के मीठो वाणी भनेको येशूले (२)
आऊ न सबै थाकेका प्राणी संसारमा पापैले ।
२. छैन अर्को स्वर्ग जाने बाटो येशू मसीह सिवाय (२)
कारण उनैले प्राण क्रूसमा त्यागे पाप बन्धन तोड्नलाई ।
३. आऊ न साथी निशानी राख प्रभुको क्रूसैलाई (२)
छोडिदेऊ माया छोडिदेऊ फिक्री स्वर्गधाम जानलाई ।

## २२४

**स्केल C, ताल C**

**कोः भाइ-बहिनी पापलाई धोई माग न येशूको रगतले ।**
१. समय पूरो भई गए परमेश्वरले राज्य गर्ने
मुक्ति उद्धार पाउनेछन् जसले विश्वास गर्ने ।
२. स्वर्गबाट ओर्ली आए मानिस चोला लिएर
पापको बन्धन खोलिदिए आफ्नै रगत दिएर ।
३. कल्वरी डाँडैमा क्रूसमा झुण्डाई मारे
तिम्रो हाम्रो पापको साटो रगतको धारा बगाए ।
४. समय छैन भाइ-बहिनी चाँडै उठी आउनुहोस्
सुसमाचारलाई विश्वास गरी उद्धार-मुक्ति पाउनुहोस् ।

५.  पापको भवसागरमा रहन्छौ कति दिन
    प्रभु येशू तयार छन् पार तारी दिन ।
६.  साँचो अनि एउटै मात्र स्वर्गीय अमर प्रेमलाई
    आज अनि यसै घडी माग पाउनलाई ।

## २२५

**स्केल C, ताल ¢**

**कोः एक दिन जगतलाई छोड्नुछ एक दिन मरणमा पर्नुछ**
**आउनु खाली अलिक दिन बस्नु एक दिन सबै थोक छोड्नुछ ।**

१.  धन-सम्पत्ति माया-पिरती जाँदैनन् सँग यी
    समयलाई व्यर्थ बिताउँछौ किन ? सदा नरहने ती ।
२.  नासिने जगतमा सुख-चैन गर्छौ सबै यी व्यर्थ छन्
    सदा नरहने जीवनमा भुले व्यर्थैव्यर्थ छ ।
३.  महल बनाई बाग लगाई बस्दछन् रानी
    बागमा सधैँ बुलबुल बोल्दैनन् यो पनि व्यर्थै हो ।
४.  बालकपन त खेलमा बित्यो जवानी पापमा छ
    मरे फेरि के याद छैन नरकमा जानुछ ।
५.  जगत-गुरु सारा लोकका मृत्युमा परे
    मरिगए सबै राजा महाराजा माटोमा मिले ।
६.  पापको क्षमा प्रभु येशूको रगतमा पाउनेछौ
    विश्वास उनमा अहिले ल्याऊ मुक्ति पाउनेछौ ।

## २२६

**स्केल Em, ताल $^3/_2$**

१.  आऊ सब पापी, दीन, दरिद्र, लखतरान, दुःखित, अनाथ
    येशू तिमीलाई बचाउन पर्खिन्छन् प्रेम शक्तिसाथ ।

**कोः ख्रीष्ट छन् योग्य, ख्रीष्ट छन् योग्य, ख्रीष्ट छन् योग्य**
**ख्रीष्ट छन् राजी, नडराऊ, ख्रीष्ट छन् राजी, नडराऊ ।**

२.  आऊ दरिद्र ख्रीष्ट निम्त्याउँछन् लेऊ वरदान परमेश्वरको
    पश्चात्ताप र सत्य विश्वास सब अनुग्रह चाहिँदो
    बिनापैसा, बिनापैसा (२) येशूबाट लिन आऊ (२)
३.  आऊ सब बेस्सरी लादिएका पापको सागरमा डुब्ने आऊ
    शुद्ध हुनु पर्खौ भने तिमी कहिल्यै आउँदैनौ
    धर्मी होइन, धर्मी होइन (२) पापीलाई डाक्छन् येशू (२)
४.  देहधारी ईश्वर येशू स्वर्ग फर्के तारणहार
    राख उनैमा भरोसा उनको वचनमा पत्यार ।
    खालि येशू, खालि येशू (२) गर्छन् पापीलाई उद्धार (२)

## २२७

**स्केल D, ताल $^6/_8$**

**कोः अशान्तिको पीर बढ्यो धुनी लगाएर (२)**

**प्रभु खीष्टमा विश्वास गर मनलाई जगाएर है, सुन नेपाली ।**

१. सुख-शान्ति नेपालीको मैला पखालेर (२)
अमर जीवन मिल्नेछैन धेरै पर्खिएर है, सुन नेपाली ।

२. मुक्ति छैन संसारमा मनले गुनी लिए (२)
दाजु-भाइ, दिदी-बहिनी विश्वास गरी लिए है, सुन नेपाली ।

३. सुनी विश्वास नगरेमा ठूलो हाम्रो भुल (२)
मुक्ति दिने प्रभु येशू जीवनको मूल है, सुन नेपाली ।

४. स्वर्गबाट प्रभु आए मुक्ति लिएर (२)
क्रूसमाथि मर्नुभयो जीवन दिनलाई है, सुन नेपाली ।

५. पापको बोझ उठाइलाने अर्को छैन कोही (२)
एउटै मात्र प्रभु येशू जीवन दिने उनै है, सुन नेपाली ।

## २२८

**स्केल F(D), ताल C**

**कोः ब्यूँझ ब्यूँझ नेपाली परमेश्वरको वचन सुन्नलाई ।**

१. यो अन्धकारमा बसेर शैतानको जाल-झेलमा फसेर
किन प्रभुको खोजी गर्दैनौ, किन एक साँचो ईश्वर पुज्दैनौ ?

२. जे तिमी विश्वास गर्दछौ जे तिमी आशा राख्दछौ
निराशमा तिमी पुग्नेछौ र शैतानको झेलमा फस्नेछौ ।

३. आउनुहोस् विश्वास गरी आउनुहोस् यो खुसीको खबर सुन्नुहोस्
प्रभुको वचन पढ्नुहोस् आफ्नो आत्मालाई बचाउनुहोस् ।

४. धेरै वर्ष अघि एक दिनमा बेथलेहेमको त्यो सानो गाउँमा ।
परमेश्वरको पुत्र खीष्ट आउनुभो गाईको गोठमा जन्म लिनुभो ।

५. स्वर्गमा बस्ने हाम्रो पिताले हामीलाई दया गर्नुभो
हाम्रो यो पापलाई देखेर आफ्नो एक्लो पुत्रलाई दिनुभो ।

६. यस पापी संसारमा आएर स्वर्गको प्रचार गरेर
प्रभु खीष्ट क्रूसमा मर्नुभो हाम्रो पापको भार उठाउनुभो ।

७. हाम्रो सबै दुःख-कष्ट सहेर माटोमुनी तीन दिनसम्म रहेर
प्रभु फेरि बौरिएर उठ्नुभो र स्वर्गको ढोका खोल्नुभो ।

८. प्रभु खीष्टले पापलाई जित्नुभो हामी सबैलाई क्रूसमा किन्नुभो
अमूल्य रगत बगाउनुभो विश्वासी सबैलाई बचाउनुभो ।

९. आउनुहोस् हे नेपाली आउनुहोस् पश्चात्ताप गरी आज आउनुहोस्
आफ्नो पापलाई मानी लिनुहोस् प्रभुसित पापको क्षमा माग्नुहोस् ।

१०. क्रूसको रगतमा विश्वास गर्नुहोस् शैतानका सबै कुरा छोड्नुहोस्
प्रभुको वचन पढ्नुहोस् प्रार्थना अटुट् गर्नुहोस् ।

११. जब प्रभु फेरि आउनेछन् विश्वासी सबलाई बचाउनेछन्
विश्वासीलाई स्वर्ग पठाउनेछन् शैतान र दुष्टलाई नाश गर्नेछन् ।

## २२९

**स्केल D, ताल $^7/_4$**

**कोः प्रेम गर निष्कपट, दया गर निष्कपट**
**आफ्नो पापलाई त्यागेर प्रभु येशूमा ।**

१. जुन कुरा छ पाप र शैतानले भरेको
त्यही कुरा छ मन नपर्ने पिता परमेश्वरको
घृणा गर त्यो कुरालाई सधैँ तिम्रो ठाउँमा
परै राख त्यो कुरालाई परमेश्वरको छेउमा ।

२. जुन कुरा छ राम्रो सधैँ परमेश्वरको छेउमा
त्यही कुरा हो गर्नुपर्ने परमेश्वरको नाउँमा
दाजु भाइमा बराबर माया प्रेम गर
कदर गर्ने भावना सधैँ आफ्नो मनमा भर ।

३. कोसिस गर सबै काममा अल्छे नबनेर
प्रभु सेवा गर्दै रहो जोसिलो बनेर
स्थिर रहो सङ्कष्टमा आशामा आनन्द गर
धीरज रहो सबै काममा प्रार्थना अटुट गर ।

४. मद्धत गर सभाघरमा पवित्र जनहरूलाई
धन्य भन सधैँ तिम्रो खेदो गर्ने जनलाई
प्रभु भन्छन्,"बदला लिने काम सबै मेरो हो"
तर तिम्रो भोको शत्रुलाई तिमीले खुवाउने होऊ ।

# २३०

**स्केल D, ताल 6/8**

**कोः जगतको तारणहार, हाम्रो खीष्ट राजा (४) जगतको ।**

१. हाम्रो निम्ति स्वर्ग छोडी आए जगतमा (२)
बलि भए हाम्रो निम्ति कलवरीको क्रूसमा (२)

२. पापीको उद्धार गर्न आए खीष्ट येशू राजा (२)
पश्चात्तापी हृदयलाई क्षमा दिन्छन् आज (२)

३. सत्यताको वचन दिए सारा जनतालाई (२)
खीष्टमा विश्वास गरे हामी पार तर्छौं भाइ (२)

४. खीष्टको अमोल वचन पाई पापदेखि फर्क (२)
पापदेखि फर्क्यौ भने पाउँछौ आनन्द स्वर्ग (२)

# २३१

**स्केल Am, ताल 3/4**

**कोः प्रचार गरी सम्झाएँ तिमीलाई लिएनौ बुझी भर्मदै गयौ निष्ठुर तिमी ।**

१. हात, पाऊ, शिर, कोखामा बहाए रक्त (आँसु पसिना) २
२. आज यो घडी गत जीवनभरि सुन्यौ सुन्दै,छौ सुनि,नै रहन्छौ कहानी यो मेरो
३. के छ र लाभ भनेर हायहाय नि नि हे प्रभु, (हे मेरा नाथ) २
४. विश्वका अन्य मानिस पनि गुरु मान्यता, (भक्ति चढाउँछन्) २
५. स्वर्ग पिताको, हे परिवार चाहन्नँ यी सब (म तिमीबाट) २
६. चढाएको, आन्तरिक हृदय धोई-पखाली, (रगतले मेरो) २

७. वचनअनुसार, तिमी हौ मेरा अपनायौ गरी, (स्वयं तिम्रो) २
८. बेर नगरी, चाँडै नै अब आउनेछु लान्छु, (पिताकहाँ मेरो) २
९. जाँच गरी, हेर न आफूलाई उठ गर लौ पश्चात्ताप रोई (२) विश्वास गरी

## २३२

**स्केल G, ताल 6/8**

१. हिमाल चुली त्यो पल्लोपट्टि रूख सुक्यो सर्लङ्गै
पाप मेरो सम्झी कालो नै कालो मन फाट्यो भर्लङ्गै
रोई, रोई बसेर अफसोसले भरेर मन फुट्यो भर्लङ्गै ।
२. कलवरी डाँडा त्यो पल्लोपट्टि येशूको क्रूस थियो
त्यहाँ तिम्रो बद्ली येशू नै भई आफ्नो प्राण दिनुभो
उठ, उठ साथी हो पाप मानिलिएर माफ माग ईश्वरको ।
३. ओखलढुङ्गाको गणेशटोलमा धान कुट्थे देवले रे
जीवन ओखलमा भुस मेरो फाल्न कुट्दैन कसैले ?
भनभन साथी हो मजस्तो पापी जन कसरी उम्कने ?
४. गलगथा ठाउँमा प्यारो येशूले कुटपिट सहनुभो
मानिसले थुके खुब हेला गरे हाम्रो भाग थियो यो
लौलौ प्रिय भाइ धन्यवाद दिऊँ न सजाय त भइसक्यो ।
५. दुई कोश उकालो नेपालको छोरा भारी नै बोक्दैछन्
भारी छ मेरो मनमा त बोक्छु योभन्दा ठूलो झन
हायहाय गरेर कहिले बिसाउन पाऊँ चौतारो कहाँ छ ?
६. दुई हजार वर्ष बितेर गए तापनि अहिले नै
ईश्वरको छोरा बिसाउन दिए जो हाम्रो पहरै
राखराख उहाँमा ठूलो यो भारी नै मन हवस् हलुङ्गै
७. नेपालमा मान्छे अनेक गर्छन् धर्म कमाउनलाई
चामल गन्छन् शाला बनाउँछन् मैले गरिनँ भाइ १
हरिराम भनेर व्यर्थ त लाग्दछ छ अरू केही उपाय ?
८. ढाकाका टोपी पसलमा पाइन्छ पैसाले किनेर
मुक्ति त पाइन्छ प्रभु येशूमा विश्वासले सित्तैमा
सुनसुन साथी हो खुसीले उचाल्दै दाम केही लाग्दैन ।
९. टोक्सिल घाटमा पारि है पुग्नु डुङ्गा त छ जोरदार
जीवन छोड्दा स्वर्ग है पुग्न कसरी हुन्छ पार ?
आमै के गरूँ ? खोला डरलाग्दो छ को हुन्छ तारणहार ?
१०. अचेलको माझी के बानी गर्छन् ? ढिलो त आउँदै छन्
मृत्युको खोला हात समाउनु एक जना तयार छन्
आऊआऊ नडराऊ येशूले दिन्छन् पार अजम्मरी जीवन ।

## २३३

**स्केल Em, ताल 6/8**

**कोः नयाँ जीवन पाउनुछ आज**

**हामी सबैले (येशूको साथमा बिउँझनुछ आज) २**

१. रीतिरिवाजमा डुबेको मान्छे खीष्टको नौलोपनलाई हेर (२)
धर्म होइन, कर्म पनि होइन (२) हृदयको मुहारलाई क्रूसतिर फेर ।

२. जब जीवन भार हुन्छ मृत्युको चोट रगतमा जल्छ (२)
व्यर्थ होइन, स्वार्थ पनि होइन (२) खीष्टको आत्मा सबै मुटुमा खेल्छ ।

## २३४

**स्केल G, ताल ¢**

**कोः उद्धारको दिन छ आज नै मित्र समयलाई नपर्ख**
**अनिश्चित चोलाको भरोसा के छ अहिले नै ढल्न सक्छ ।**

१. देखी डरलाग्दो दशा पापीको खीष्ट अघि सर्नुभो (२)
सही चोट त्यो श्रापित क्रूसको, मुक्तिद्वार खोल्नुभो (२)

२. दिन्छन् प्रभु खीष्ट मुक्ति र शान्ति पछुताउने पापीलाई (२)
सित्तैको मुक्ति लिनका निम्ति आऊ आज येशू थाई (२)

## २३५

**स्केल G, ताल C**

**कोः मित्र तिमीलाई, यो खबर छ चाँडै नै प्रभु आउनुहुन्छ**
**सुसमाचार सुनी राख आफ्नो आत्मालाई बचाऊ आज ।**

१. तिमी भन्छौ समय छ मेरो (२) तर समय चैं बितिसक्यो
प्रभुलाई ग्रहण गरिहाल नत्र अन्तमा रुनु पर्ला (२)

२. अहिले सुनी भरे नभुल (२) सुसमाचार यो मनैमा गुन
तिमी आफैंलाई जाँचिहाल आफ्नो आत्मालाई बचाऊ आज (२)

३. मित्र, प्रभुमा विश्वास गर (२) आज नै उनमा अघि बढ
तिम्रा पापलाई धोइदिनुहुन्छ, उनकै सन्तान बनाउनुहुन्छ (२)

## २३६

**स्केल D, ताल C**

**कोः कहाँ जाँदै छौ तिमी, फर्केर आऊ प्रभुमा**
**छैन अब ता समय, बियाँलो नगरी प्रभु येशूलाई विश्वास गर (२)**

१. गइरहेछौ तिमी कहाँ, थाहा छ के तिमीलाई ?
पुग्छौ कहाँ तिमी, कुन बाटोमा जाँदै छौ ?
येशूमा आऊ अहिले नै, पर्खिरहेछन् तिमीलाई ।

२. बाँचेको छ के आत्मा, विचार गरेका छौ के ?
यसकारण आऊ चाँडै नै, आत्माको फिक्री गरी
पर्खिरहेछन् येशू आत्मा बचाउन तिम्रो ।

३. नगरी ढिलो अब, समय हुँदै चाँडै आऊ
उनले स्वर्ग लान चाहन्छन्, विश्वास गर्‍यौ भने मात्र
पर्खिरहेछन् येशू, अबेर नगरी आऊ ।

## २३७

**स्केल G, ताल $^3/_4$**

**कोः लौ सुन साथी, सत्यको वाणी, यो तिम्रै लागि हो,**
**गरीब-धनी सबैको लागि, जीवनको पानी हो ।**
**ईश्वरको पुत्र आएथे धरती, कोहीले चिनेन**
**पापीलाई मुक्ति दान दिन मरे, यो कुरा बुझ लौ ।**

१. माया र मोह बाँचुन्जेलसम्म, संसारमा दुई दिनको,
धर्म र कर्म, सबै व्यर्थ छन्, यो तिमी बुझ लौ,
शिरमा मुकुट काँडाको लाई, झुण्डिए क्रूसमा
पापीलाई मुक्ति दान दिन मरे, यो कुरा बुझ लौ ।

२. बाँच्नलाई मान्छे सधैँ नै खोज्छ, जीवनको सहारा
पापको वशमा डुबेको मान्छे, एउटै छ किनारा,
बाटो र सत्य, जीवन छ है, ख्रीष्ट येशू प्रभुमा
विश्वास गरी, हे मेरा साथी, जीवन लेऊ उनैमा ।

## २३८

**स्केल Em, ताल C**

**कोः साथी दिन धेरै ढलिसक्यो पश्चात्तापको बेला बितिसक्यो**
**सुसमाचार सुनाउन जाने हो कि ? क्रूसलाई नै अङ्गाली बस्ने हो ?**

१. येशूको जीवनलाई हेर, सरलताको सजीव शक्ति हो (२)
साँचो मानव जीवनको मात्र एउटा उदाहरण हो
उहाँकै नजरमा तर हाम्रो अवस्था कस्तोकस्तो छ
सोचिदेऊ एक क्षण आज तिमी स्वर्गीय प्रेम किन सस्तो छ

२. भन्छन् सबै मानव यहाँ मातिएर दानव हुन्छ (२)
माया नपाई रुन्छ भने पाएर फेरि सुस्ताउँछ,
माया प्रभुको असीमित छ, चेतना हाम्रो कहाँ हरायो
अनुग्रह उनको सदा छ, जोस हाम्रो किन सेलायो ?

## २३९

**स्केल C, ताल $^6/_8$**

**कोः स्वागत छ, तपाईंलाई येशू ख्रीष्टको नाउँमा ।**

१. आऊ भाइ, आऊ बहिनी येशूको छेउमा आउनलाई स्वागत
२. कलवरी दृश्य विचार गरी, हेर्दा अति क्लेस सहँदै स्वागत
३. गलगथाको पहाडैमा बलिदान भए हाम्रो निम्ति स्वागत छ ।

## २४०

**स्केल D, ताल $^6/_8$**

**कोः औतार भयो प्रभु येशूको उनको होस् जय ।**

१. सारा जगतको हुन मुक्तिदाता (२) बाटो, सत्य र
जीवनको दाता आउनुभो प्रभु (२) हाम्रो निम्तिमा
२. पापमय जीवन हाम्रो डुबेको (२) देखाउन आए

प्रेम ईश्वरको आउनुभो येशू (२) शान्ति लिएर
३. उहाँको लागि हृदय खोलिदेऊ (२) फिक्रीको जीवन
उनलाई लिन देऊ नवीन जीवन लिई, (२) जाऊ रमाऊँदै ।

## २४१

**स्केल G, ताल C**

**कोः नसम्झ यहाँ यो जीवन हाँसेर मात्र बाँचेको ।**
**सोच न मनमा आफैंलाई छ तिम्रो आत्मा बाँचेको**
**निर्णय आज नै गरिदेऊ, भोलि त अबेर भई जाला**
**नभए एक दिन यो जीवन रोई रोई यहाँ रहिजाला (२)**
१. लुकाइराख्छौ तिम्रो पाप, बोकेर कहाँ लान्छौ र ?
बिसाउन बरु तुरुन्तै लिएर कहाँ जान्छौ र ? (२)
गोरेटो सानो सुरिलो कलवरी डाँडा पुग्नलाई
नमान सङ्कोच यो मनमा ईश्वरको सामु झुक्नलाई
२. रगतको थोपा आलो छ गलगथाको बाटोमा
प्रभुले बोके दयनीय क्रूस, हाम्रो पापको साटोमा (२)
बलिदान यहाँ जीवनको कष्ट र पीर मुटुमा
सहेको छ है उनैले तिम्रो र मेरो निम्तिमा ।

## २४२

**स्केल G, ताल C**

**कोः लौ दाजु सुन न लौ बहिनी सुन न येशूको वचन**
**मनैमा गुन न बुझिराख हृदयमा (चिनिराख येशूलाई) २**
१. कलवरी डाँडामा त्यो एउटै क्रूसैमा (२)
मुक्तिदाता येशूको त्यो शुद्ध रगतमा
त्यो मुक्ति तिम्रै लागि हो (२)
२. जीवन हाम्रो छोटो छ है लामो जीवन येशूमा (२)
बुझिराख आज नै नत्र भोलि समय छैन
हाम्रो येशू आउनै लागेछन् (२)

## २४३

**स्केल G, ताल C**

**कोः लहै च्याङ्बा केही भन्छु सुनिदेऊ है चित्त लगाई**
**येशूको प्रेमलाई बुझेर मनभित्र गुनिलेऊ है ।**
१. स्वर्गको सुख-चैन छाडी मानिसको रूप लिई (२)
बचाउन भनी हामीलाई हाम्रो बदली मर्नुभयो (२)
२. ईश्वरको नजरमा च्याङ्गबा हामी सबै पापी छौं है (२)
हाम्रो पाप धुनलाई येशूको रगत आलै छ है (२)
३. संसारबाट मुक्ति पाई स्वर्ग सुखमा बस्ने हो भने (२)

लहै च्याङ्गबा तिमी पनि येशूमा विश्वास गर है (२)

## २४४

**स्केल C, ताल $^2/_4$**

**कोः किनभने ईश्वरले संसारलाई यस्तो प्रेम गर्नुभो**
**एउटै नभनी हामीलाई उनको आफ्नो पुत्र पनि दिइहाल्नुभो**
**उनैमाथि विश्वास गर्ने कोही नष्ट हुन पाउँदैन**
**तर अनन्त जीवन पाई प्रभुको साथमा सदा बस्नेछन् (२)**

१. स्वर्गको मुनि अरू कुनै नाउँमा उद्धार छैन भाइ (२)
सत्य हो झुण्डिएको ईश्वर तिम्रो लागि ।

२. यही सुसमाचार सुनाइदेऊ सारा संसारमा आज (२)
मानिसको रूप लिएर आउनुभो येशू मुक्तिदाता ।

## २४५

**स्केल G, ताल C**

१. परमेश्वरले येशू पठाए पाप क्षमा चङ्गाइ दिनलाई
जिए-मरे क्षमाको लागि रित्तो चिहान जीवित येशूको प्रमाण छ ।

**कोः येशू जीवित भएको कारण भोलिको डर हटिगयो**
**कारण भविष्य उनले सम्हाल्छन् र मेरो जीवनलाई सार्थक बनाउँदछन् ।**

२. नयाँ बालकले आनन्द ल्याउँछ खुसी गौरव थपिन्छ
अझ उहाँको जीवितताले अनिश्चित भविष्य सबै सुरक्षित छ ।

३. मृत्यु नदी तरेर जाँदा अन्तिम लडाइँ-सङ्घर्ष साथ
मृत्युपछि विजय पाउँदा उहाँको महिमाको ज्योति म देख्नेछु ।

## २४६

**स्केल G, ताल C**

**को. प्रभुको स्तुति गरौं हामी सबले जयजयकार उनको तनमन धनले**
**धन्यहोस् प्रभुको जो हाम्रो सृजनहार महिमा उनको बने हाम्रो तारणहार**

१. अन्धकारपूर्ण दुनियाँमा भुली बस्छौं किन भाइ दोषी बनी
सुन यो पुकार जो आज भन्दछन्, फर्की पापदेखि मकहाँ आऊ (२)

२. खुल्ला छन् फाटक, जो कोही आउँदछन्, दाम केही लाग्दैन पस्न त्यहाँ
जो कोही आउँछन् भनिन्छन् धन्यका, दूर हुन्छन्, पापहरू चुर्ण मनका (२)

३. ख्रीष्ट आज भन्दछन् तिमी छौ कहाँ ? भन हे मित्र हो प्रभु म यहाँ
बोझले दबिएको पापले छु पीडित, लिएर जीवनलाई गराऊ निश्चित (२)

४. देख्दछु ढोकालाई प्रभुको क्रूसमा, बहेको त्यो रगत मेरो लागि
शुद्ध हुन पापदेखि, आउँदै छु प्रभु म, जाँचेर हृदय धुनोस् मलाई (२)

## २४७

**स्केल C, ताल ¢**

**कोः रगतले, रगतले येशूको रगतले, रगतले, रगतले येशूको रगतले,**

१. मेरो पापलाई क्षमा गरिदेऊ, मेरो पापलाई क्षमा गरिदेऊ

२. मेरो पापको दागलाई मेटाइदेऊ, मेरो पापको दागलाई मेटाइदेऊ

३. पूर्ण शान्ति मनमा भरिदेऊ, पूर्ण शान्ति मनमा भरिदेऊ
४. शैतानमाथि विजयी हुनदेऊ, शैतानमाथि विजयी हुनदेऊ
५. नित्य प्रार्थना गर्ने साहस देऊ, नित्य प्रार्थना गर्ने साहस देऊ
६. स्वर्गीय ज्योतिको राजमा पस्न देऊ, स्वर्गीय ज्योतिको राजमा पस्न देऊ

## २४८

**स्केल G, ताल C**

१. हृदयको पर्दा उघारी हेर्दा पापैको रासैरास बिचारूँ ।
२. पापचित्तले गर्दा हृदयले हार्दा पापैको जीतबाजी बिचारूँ ।
३. पापैले जित्दा ईश्वरले फेंक्दा आत्माको सर्वनाश बिचारूँ ।
४. आत्माको कुगत ईश्वरले हेरी पुत्रको दिए दान बिचारूँ ।
५. पाप हाम्रो हेरी येशूले लिए क्रूसैको महादुःख बिचारूँ ।
६. लौ आऊ गाऊँ येशूको जयजय हृदयको इच्छाले बिचारूँ ।
७. आत्मिकै यात्रा सिद्ध गरौं सबले आत्मिकै गोहारले बिचारूँ ।

## २४९

(Out of my bondage) **स्केल G, ताल 6/8**

१. अन्धकार, बन्धन दुःखदेखि, येशू म आऊँ, येशू म आऊँ
पाउन छुटकारा, हर्ष, दृष्टि येशू म आउँदै छु ।
आफ्नो रोगदेखि आरोग्यमा अभावदेखि प्रशस्ततामा
पाप-भुलदेखि पवित्रतामा येशू म आउँदै छु ।
२. मलाई लजाउने बानीदेखि येशू म आऊँ (२)
तपाईंको चरणमा घोप्टो परी येशू म आउँदै छु
आँधीदेखि तपाईंको आड्मा जगको शोकदेखि सान्त्वनामा
सङ्कटदेखि प्रशंसामा येशू म आउँदैछु ।
३. चिन्ता घमण्ड बेचैनीदेखि येशू म आऊँ (२)
इच्छा तपाईंको स्वीकार गरी येशू म आउँदैछु
स्वार्थदेखि तपाईंको प्रेममा, निराशदेखि परमानन्दमा
पंक्षीझैँ उडी पखेटामा येशू म आउँदैछु ।
४. मृत्युको त्रास भयङ्करदेखि येशू म आऊँ (२)
स्वर्ग घरतिर अघि बढी येशू म आउँदैछु
सत्यनाशदेखि असीम अपार आश्रयमा पाउन शान्ति उद्धार
हेर्न तपाईंको प्रिय मुहार येशू म आउँदैछु ।

## २५०

**स्केल D, ताल 6/8**

**कोः आऊ, येशू लौ मलाई बचाऊ पापको यो भारी आँधीमा** (२)
१. सांसारिक सागरको हे बलियो माझी (२)
दुःख-दर्द बुझिहिँड्ने दुनियाँको लागि ।
प्राण दिने, ज्यान दिने परम् उपकारी (२)
सच्चा पक्का धर्म ल्याउने अधर्म पखाली ।

२. उपदेश दिन्थ्यौ प्रभु दुनियाँ चहारी (२)
धर्मीलाई धन्य भनी पापीलाई उतारी ।
दुःखसुख साथी सम्झी हाँसूँ रोऊँ नभई (२)
क्रूसमाथि चढ्यौ प्रभु जीवन दिन कठै ।
३. नगरिदेऊ ढिलो प्रभु लौ न छिटो आऊ न (२)
दुष्कर्मको बाढी बग्यो बगे सबै जन ।
नाउ खियाऊ पारी लैजाऊ सुन आर्तनाद (२)
हे जिन्दगीदाता येशू राख आफ्नै साथ ।

## २५१

**स्केल D, ताल C**

**कोः जीवनको के भरोसा, दुई दिनको जीवन खेलमा ।
प्रभुको स्तुति गाऔं (३)**
१. आशा गर्दछौं व्यर्थमा यो विद्या, बुद्धि, धनमा (२)
लिएर घमण्ड मनमा लाभ हुन्न यो जीवनमा (२)
२. हे खीष्टीय लोग हो जाग पापमय जीवनलाई त्याग (२)
स्वर्गीय आशिष् माग प्रभुको निम्ति जाग (२)
३. करुणासागर येशू उनी हुन् हाम्रो सहारा (२)
प्रभुकहाँ हामी जाऔं प्रभुको स्तुति गाऔं (२)

## २५२

**स्केल C, ताल 3/4**

१. खल्लो छ जीवन नाथ अग्घोर घिनलाग्दो
तपाईंको योग्यलाग्दो छैन स्वभाव मेरो ।
खाई ठोकर लडें धेरै लज्जित यस जीवनमा
तपाईंको निम्ति प्रभु लाभ छैन केही ममा ।
सडेको मेरो देह माग्नुहुन्छ प्रभु
थाकें म आफैंसित थाक्नुहुन्न हे प्रभु ।
२. भएँ म बालक खीष्टको तापनि छु हतास,
पवित्र प्रेम उहाँको गर्दछु किन नाश ।
दुर्गन्ध पापले अति मलाई निसास्दछ,
जगाउने दोषको भाले सधैं नै बास्दछ ।
चकित म झन्झन् छु सुन्छु जब आवाज,
फिका यस्तो जीवनलाई दान छ येशूको राज्य ।
३. पत्याउन गाह्रो लाग्छ प्रेम कस्तो गहिरो,
बेकम्मा फोस्रो मानिस येशूको कामलाग्दो ।
धैर्यवन्त प्रभु मेरो झर्कन्नन् मसित,
उठाउनुहुन्छ मलाई लड्दछु जब म ।
हृदयको आशा टुटोस् या फुटोस् मेरो मन,
यथेष्ट खीष्टको प्रेमले म हुन्छु सुशोभन ।

## २५३

**स्केल C, ताल C**

**को. प्रभुजी अर्जी मेरो सुनिदेऊ लौ है चढाएँ,**
**प्रभुजी लौ है आज चढाएँ लौ है चढाएँ,**
**प्रभुजी मनको मैलो धोइदेऊ लौ है चढाएँ ।**

१. संसारै छ पापैले भरेको (२) धनको लोभमा सबै परेको (२)
लौन बिन्ती आज मैले चढाएँ (२)

२. संसाररूपी समुद्र चौडा छ (२) जीवनरूपी नाव पुरानो छ (२)
लौन मेरो नावलाई पार लगाइदेऊ (२)

३. राता सेता फूलै फुलेका (२) मायाजालमा दुनियाँ भुलेका (२)
लौन जगको मायाजाललाई फुकाइदेऊ (२)

४. डाँडापारि घामै डुबिगो (२) चारै दिशा घोर अन्धकार भो (२)
लौन अन्धकारमा मलाई ज्योति देऊ (२)

## २५४

(Lord thy mercy now) **स्केल C, ताल C**

१. प्रभु दया अब मागी चरण हामी पर्दछौं
आफ्ना पापका कायल भई लिँदछौं तपाईंको नाउँ ।

२. पापी सोच निष्प्रेमी कुरा हाम्रो विरुद्ध छन् गवाह
अयोग्य कर्म निश्चित सेवा पर्ने काम नगरेका ।

३. प्रार्थना गर्दा पनि हृदय तपाईंदेखि भो टाढा
मान मनितो गर्दा ओठले गरे वचन कपटका ।

४. अमोल बेला ब्यर्थै काट्यौं अमोल घडी नाहकमा
करार र युद्ध बिर्सी टारी बुद्धिका सल्लाह ।

५. प्रभु दया फेरि मागी पश्चात्तापी छौं लजाई
लाभ समयको अब गरी जिउँछौं तपाईंको भई ।

६. स्वर्ग पिता आशिष दिनोस् उँभोबाट कान लगाई
प्रेमी त्राणी पवित्र आत्मा सुन हाम्रो दीन दुहाई ।

## २५५

**स्केल D, ताल C**

**कोः अर्जी हाम्रो सुन्यौ नि नेपालको ढोका खोल्यौ नि प्रभु**
**मनको ढोका चाँडै नि सबका खोलिदेऊ प्रभु नेपाली भाइका ।**

१. स्वर्गको वैभव त्यागेर प्रभु संसारमा आए नि (२)
तिमी र मलाई मुक्ति दिन क्रूस उठाए नि (२)

२. नेपाली भाइ नेपाली बहिनी अबेर भइसक्यो (२)
किन बस्छौ निश्चिन्त भई बेला गइसक्यो (२)

३. विश्वास गर येशूमा हौ जीवन अमर लेऊ (२)
ख्रीष्टकै निम्ति बलियो भई नेपाल जितिदेऊ (२)

## २५६ (There was one who) **स्केल D, ताल C**

१. मेरो साटो मर्न एकजना थ्यो तयार
कि म पापीले पाऊँ जीवन
आफूमाथि बोके मेरो पापको सब भार
येशूले त्यागिदिए आफ्नो प्राण ।

**कोः हेर क्रूसमाथि त्यो काँटीले ठोकेको कति गह्रौं थ्यो सब पापको भार**
**दुःख थियो त्यसमाथि खीष्ट गए कलवरी र वहाँ गरे मेरो उद्धार ।**

२. हेर अचम्मको प्रेम जब उनले धीरजसाथ
मनको मैला निकाल्छन् मेरो
खुसी छु यसकारण येशू हुन् मेरो नाथ
दोष सबै क्रूसमा टाँगिसक्यो ।

३. म येशूकहाँ आउँछु खुसीसँग बस्छु
दिन व दिन उनको पछि हिँड्छु
स्तुति होस् हे प्रभु प्रार्थना यही हो मेरो
पाप भुल तपाईंले मेटाउनुभो ।

## २५७ **स्केल C, ताल $^2/_4$**

**कोः सुधार प्रभु हाम्रो यो चित्तलाई,**
**खीष्ट ईश्वरको प्रेमले पहिऱ्याई, सुधार प्रभु**

१. पापी जन सबको खुब ताडना गरी पाप श्राप सबको जड नष्ट पारी,
दुष्ट्याइँ सबलाई ती प्रेमले खारी लैजाऊ प्रभु यो भवसागर तारी ।

२. भक्तिविहीनको आशारहितको शक्ति देऊ प्रभु दृढ विश्वास गर्ने,
धर्मविहीनको ती अल्पज्ञानको तिमी छौ प्रभु सङ्कट हर्ने ।

३. हे प्रभु येशू सब दुःख हर्ने दुःखी जनको मङ्गल मूलकारी,
हृदय कुटिलको प्रेमले सपारी लैजाऊ प्रभु यो भवसागर तारी ।

## २५८ (Rock of Ages) **स्केल D, ताल C**

१. हे सनातनका पहरा खीष्ट पाऊँ शरण तपाईंमा
क्रूसमा रगत-पानी जो कोखाबाट बहेथ्यो
शुद्ध पारोस् निच मनलाई पापको दोष र वश हटाई ।

२. व्यवस्था गर्न पूरा उद्योग पुग्दैनन् मेरा
उत्साह मेरो भए अपार आँसु चुहे लगातार
तै तीबाट पाइन्न त्राण खाली खीष्ट बचाउँछन् प्राण ।

३. हातमा भेटी ल्याउन्नँ म खाली क्रूसमा भर पर्छु
आउँछु नाङ्गो असहाय मेरो उद्धारक तपाईं
धारा माग्छु भइ हताश धुनोस् नत्र हुन्छु नाश ।

४. मेरो रहुञ्जेल आयु जब हुन्छ नि मृत्यु
अनि स्वर्गमा हेर्दा तपाईंलाई सिंहासनमा
हे सनातनका पहरा ख्रीष्ट पाउँ शरण तपाईंमा ।

## २५९

**स्केल C, ताल $^3/_4$**

**कोः प्रभु म तपाईंको सृष्टि हुँ तपाईंबिना म रित्तो छु**
**पलपलको मेरो जीवनमा साथ मलाई दिनुहोस् ।**

१. संसार छ सारा आफ्नै धुनमा मदहोश पापैको जंजालमा (२)
बचाउनुहोस् मलाई यदि संसारको छु भने ।

२. स्वर्गलाई त्यागी आउनुभो प्रभु कलवरी क्रूसैमा प्राण दिनलाई (२)
बचाउनुहोस् मलाई यदि पापी नै छु भने ।

## २६०

**स्केल C, ताल $^3/_4$**

१. हे ईश्वर आफ्नो करुणाअन्सार अनुग्रह गर्नुहोस्
कोमल कृपान्सार अपराध मेरा मेटाइदिनुहोस् ।

२. मलाई नै मेरा अधर्मबाट सफासँग धुनोस्
मलाई हे ईश्वर मेरा पापबाट शुद्ध है गर्नुहोस् ।

३. किनकि आफ्ना अपराधहरू स्वीकार गर्छु म
पाप मेरो सदासर्वदा प्रभु मेरै साम्नेमा छ ।

४. गरेको छु नि पाप मैले खाली तपाईंकै विरुद्धमा
गरेछु त्यही, जो छ खराबी तपाईंको दृष्टिमा ।

५. हेर्नुहोस् लौ म उत्पन्न पनि भएँ अधर्ममा
आमाले मलाई गर्भधारण गरिन् है पापैमा ।

६. अन्तस्करणमा हेर्नुहोस् तपाईं खोज्नुहुन्छ सत्य
र भित्री मनमा ज्ञान जान्ने मलाई तुल्याउनुहुनेछ ।

७. हिसपले मलाई मस्काउनुहोस् हुनेछु म सफा
धुनुहोस् मलाई अनि म सेतो हुनेछु हिउँभन्दा ।

## २६१

**स्केल D, ताल $^3/_4$**

**कोः प्रभु आउँदै छु म, प्रभु आउँदै छु म, क्रूसको छहारीमा,**
**तपाईंको चरणमा, पापको बोझा लिएर ।**

१. जीवन निराश छ पथ अँध्यारो, कहाँ पुग्नु हो, सम्हाल्नुहोस् (२)
प्रभु राह देखाइदेऊ कलवरीमा डोऱ्याऊ तपाईंको ज्योति दिएर

२. कति उजाड छ पापमय संसार कहाँ उद्धार छ बचाउनुहोस् (२)
प्रेमले भर्नुहोस्, मेरो यो जीवनमा, तपाईंको प्रेम दिएर ।

## २६२

**स्केल C, ताल ¢**

**कोः जीवनदाता विधाता, आउँदछु तिम्रो शरणमा,**

**पर्दछु येशू शरण, जीवनदाता विधाता ।**

१. क्लेशित पापी यो अन्धकार भवमा (२) भड्किरहेछु पापी जीवनमा
दूर तिमीदेखि भएँ, पापको राहमा कदम बढाएँ (२)
परिणाम ठोकर खाएँ, पिता पछताउँदै शरणमा तिम्रो म आएँ

२. तिमी करुणामय पिता म अधर्म (२) दीन दोहाई मेरो प्रभु सुनिलेऊ
रक्षा जीवनको गरिदेऊ धोई प्रभु तिम्रो रगतले (२)
योग्य पात्र बनाइलेऊ, पिता निवेदन हृदयको मेरो सुनिदेऊ ।

## २६३ (I heard the voice of Jesus) **स्केल Gm, ताल C**

१. येशूको वाणी सुनेथें, "आऊ थकित, मकहाँ आऊ
छौ पापको बोझले दबेका, ममाथि बोझ बिसाऊ"
मैले येशूकहाँ ल्याएथें थकाइ र पाप र दुःख,
उनमा मैले विश्राम पाएँ, अब मलाई मिल्यो सुख ।

२. येशूको वाणी सुनेथें "आऊ तिर्खाएका छेउ
म जिउँदो पानी दिनेछु विश्राम गरेर पिऊ"
येशूकहाँ आई पिएँ जल त्यो जिउँदो खोलाको,
प्यास मेटियो आत्मा ब्यूँझ्यो अब उनमा छु जिउँदो ।

३. येशूको वाणी सुनेथें "म जगको हुँ ज्योति
मतिर हेर, तिम्रो होस् प्रकाश जीवनभरि"
उनलाई हेरी बुझें मैले घाम मेरो हुन् येशू,
त्यस जीवित ज्योतिमा हिंडूँ नसकुञ्जेल आयु ।

## २६४ **स्केल D, ताल $^6/_8$**

**कोः सुन न साथी यो मीठो कुरा मनमा गुन न
आनन्दै उनी जो येशूदेखि नयाँ धन पाउँछन् (२)**

१. जक्कै नाउँ भएको थुप्रै धन उसको ठगेर यस्तो भो
सरकारको तिरो उठाउँदा उसले मनपरि चोर्दथ्यो ।

२. जिउ उसको पुड्को मन उसको छुच्चो घिन गरे सबैले
"हृदयको शान्ति कसरी पाऊँ" खोज्यो त्यो उपाय नि ।

३. "येशूज्यू आउँदा कसरी भेट्ने ?" चढ्यो रूख नेभारा
"अब म देख्छु मेरो पाप मेट्ने पाउँछु कि उद्धार ?"

४. जब ख्रीष्ट आए मास्तिर हेरे भने "ओर्लेर आऊ"
तिम्रो घर जक्कै बास बस्नुपर्ने सँगसँगै हामी जाऔं ।

५. तल आई जक्कै कति रमायो मन उसको फेरेथ्यो
"जे जति ठगें नराम्रो गरें ठीकै पार्नुपर्‍यो ।"

६. उसैको घरमा ख्रीष्ट येशू आई उसलाई दिए शान्ति
सम्पत्तिभन्दा पापको माफी ठूलो धन सम्झ्यो नि ।

## २६५ (If I Come to Jesus) स्केल D, ताल ¢

१. येशूछेउ म आउँदा उनले राख्छन् साथ
उनले शान्ति दिन्छन् जब छु उदास ।

**कोः येशूछेउ म आउँदा तृप्त छु सधैँ,**
**साना नानी सबलाई राख्छन् छेउ बोलाई ।**

२. येशूछेउ म आउँदा गर्छन् उनले प्यार
बिन्ती सुनी मेरो लिन्छन् पापको भार ।

३. येशूछेउ म आउँदा लिन्छन् मेरो हात
मेरो साथसाथ हिँड्छन् सधैँ दिन र रात ।

४. सेतो वस्त्र लगाई स्वर्गमा सधैँ
हेर्छु म खुब रमाई प्रभु येशूलाई ।

## २६६ स्केल C, ताल ¢

**कोः बचाउनुहोस् प्रभु येशू हामी पापीलाई (२)**

१. आउनुभो प्रभु यो नरलोकमा छोडेर स्वर्गधाम ।
२. हे पिता, पुत्र, पवित्र आत्मा, तीन व्यक्ति एक ईश्वर ।
३. दुनियाँ सबलाई विश्वास दिलाउन गर्नुभो उदेक काम ।
४. अन्धालाई आँखा कोढीलाई शुद्ध मुर्दालाई जीवनदान ।
५. आखिरी हामी पापीको लागि दिनुभो क्रूसमा प्राण ।
६. तनले, मनले, धनले, जनले स्तुति र गरौं मान ।

## २६७ (I am coming to the cross) स्केल G, ताल $^3/_4$

१. क्रूसको छेउमा आउँछु त्यसमा आशा पाउँदछु
जसमा भयो बलिदान जसले हुन्छ मेरो त्राण ।

**कोः येशूमा म राख्छु आश बलि भयो क्रूसमा खास**
**क्रूसको आशिष् मलाई देऊ मेरो गह्रौं भारी लेऊ ।**

२. म ता पापी क्लेशित थिएँ आफ्ना कर्मले दुःखित थिएँ
खोज्दथें त्राणको उपाय जान्दिनथें सत् सहाय ।

३. प्रभु येशू मेरो नाथ म समात्छु उनकै हात
खालि येशू सत् औतार येशूदेखि छ उद्धार ।

## २६८ स्केल F (D), ताल $^5/_4$

**कोः धेरै क्षण गुमाएँ केही पललाई साँचें**
**जिन्दगीका क्षणलाई व्यर्थैव्यर्थ फालें**
**त्यो प्रगाढ जीवन आज फुलेको छ**
**त्यो निराश मुटु आज हाँसेको छ ।**

१. मेरो जिन्दगीको घाम छायाँमा पनि

प्रभु मलाई सधैँ साथ दिनुहुन्छ
हाँसोका ती क्षणमा आँशुका ती क्षणमा
प्रभु मलाई सधैँ हात दिनुहुन्छ ।
मलाई डर छैन सधैँ उनको भर छ ।
मैले हिँड्ने बाटोमा प्रभु हुनुहुन्छ ।

२. पश्चात्ताप गरी म जति चुर हुन्छु
मेरा सब अनर्थ प्रभु माफ गर्छन् ।
जिन्दगीका दाग र ती कलङ्कलाई
प्रभु सधैँ-सधैँ सफा गर्नु हुन्छ ।
बाँचुन्जेलसम्म यही आशा गर्छु ।
मुक्तिदाता येशू फेरि आउनुहुनेछ ।

## २६९

**स्केल G (E), ताल C**

**कोः सबैले भन्छन् स्वर्गमै जान्छु जान्छौ पो भाइ हो कसरी**
**नेपाल हाम्रो देश कति राम्रो खीष्टको पाइला टेकेर ।**

१. उकाली बाटो नधाउँदै पापको बोझ लिएर
सुखले बाँचौं संसारमा, येशूलाई जीवन दिएर ।

२. बुझ्छन् र कसले रोएको आँशुको घुट्को पिएर
सुखको माने भुलेर, के होला वयर्थै जिएर ।

३. हाँसेर आँशु सुक्दैन रोएर दुःख लुक्दैन
खीष्टलाई बिना नसम्झी, स्वर्गमा हामी पुग्दैनौं ।

४. बुद्धिले घमण्ड गरेर, जीवन यहाँ के होला
पँपबाट पश्चात्ताप आज नै, भोलि त अबेर होइजाला ।

५. हेर न आज पिताले हामीलाई कस्तो प्रेम गरे
तपाईं र मेरो पापको साटोमा येशू खीष्ट मरे ।

६. क्रूसको बन्धन के मीठो उद्धार पाउन जीवनमा
मूर्खता मात्र हुनेछौं नाश हुने वाला जीवनमा ।

## २७०

**स्केल D, ताल C**

**कोः सम्झिदेऊ, आज नै ईश्वरलाई, भुलिदेऊ आज नै संसारलाई**
**भुलेर नजाऊ संसारमा गन्धक र आगो जल्दै छ (२)**

१. पाप गर्दै व्यर्थमा हामीले, संसारमा भुलिरहेछौं
दुनियाँलाई भुलेर आज नै, सम्झिदेऊ आज नै ईश्वरलाई (२)

२. संसारको रीतिरिवाजले दुईचार दिन केवल राज गर्छन्
तपाईं र मेरो ईश्वरले अनन्त कालतक राज गर्छन् (२)

३. संसारिक धेरै मार्गले डरलाग्दा सागरमा पुऱ्याउँछन्
जीवनको हरेक मार्गमा प्रभुले हामीलाई डोऱ्याउँछन् (२)

## २७१ (How good is the) स्केल G, ताल ¢

१. परमेश्वर पिता कति महान् हाम्रा मित्र विश्वासी पालनहार
उनको शक्ति र प्रेम छन् समान् छन् दुवै अनन्त र अपार ।
२. ख्रीष्ट आदि र अन्त हुन् उनी जसले आत्मा पुऱ्याउँछन् स्वर्गमा
आशिष् सम्झँदा गरौं स्तुति भविष्यको लागि भरोसा ।

## २७२ (Love lifted me) स्केल A, ताल 6/8

१. पापमा म डुबेको थिएँ बिलकुल भएँ निराश
येशूसित माफ मागें भई शोकले हताश
मेरो तब पुकार सुनी सागरको प्रभुले
झट्टै हात पसारी मलाई बचाए ।
**कोः उठाए मलाई (२) प्रेम गरी ख्रीष्ट येशूले उठाए मलाई**
**उठाए मलाई (२) पापसागरमा डुब्दा म, उठाए मलाई ।**
२. मुक्तिदाता येशूलाई हेर त पापी जन
पापसागरको छालदेखि प्रेमले उतार्दछन्,
उनी मालिक सागरको आँधी-बतासको नाथ
तिमीलाई बचाउन जो पसार्छन् हात ।
३. उनलाई तन, मन, धन दिन्छु मेरो हुन् तारणहार
उनको शरणमा बस्छु गाएर जयजयकार,
सत्य प्रेम महान् यस्तो प्रशंसायोग्य छ
उनको सत्य प्रेमी सेवा गर्छु म ।

## २७३ (I am not ashamed) स्केल D, ताल C

१. प्रभुको साक्षी नलजाई दिन्छु म सर्वदै
राख्छु त्यो क्रूसको महिमा आज्ञा र मान सधैँ ।
**कोः क्रूसैमा-क्रूसैमा मलाई परेथ्यो ज्योति, मेरो पापको भारी हटिगो**
**त्यहाँ विश्वास गरी मैले पाएँ दृष्टि र ऐलेको जीवन खुसी भो ।**
२. प्रभु येशू हो उनको नाम यो नाम गर्छु स्तुति
मलाई निराश, लाजदेखि बचाउँछन् प्रेम गरी ।
३. उनको सामर्थ र छायाँमा मृत्युको दिनसम्म
जो जिम्मा राखे उनकोमा सब वहाँ कुशल छ ।
४. ख्रीष्टले ग्रहण गर्छन् स्वर्गमा पिताका सामुमा
त्यो नयाँ यरूशलेममा ठाउँ पाउँछ त्यो आत्मा ।

## २७४ स्केल G, ताल ¢

१. फूलै राम्रा फुल्दछन् ईश्वरलाई देखाउँदछन्
हाम्रा जीवन त्यस्तै छन् स्वर्गीय प्रेम देखाउँदछन् ।

२. राती जून र तारा छन् घाम दिउँसो चम्कँदछन्
हाम्रा जीवन त्यस्तै छन् स्वर्गे ज्योतिले घेर्दछन् ।
३. सबै मानिस पापी छन् मुक्ति ख्रीष्टले दिँदछन्
परमधाममा सुख चैन छन् मुक्ति पाउने तर्दछन् ।
४. प्रेम ईश्वरले गरेछन् येशू पुत्र दिएछन्
उनमा विश्वास गर्ने जन पापी सब बचाइन्छन् ।

## २७५ (I know not why) स्केल C, ताल C

१. जान्दिनँ म परमेश्वरले प्रेम किन गर्नुभो,
वा ख्रीष्टले किन बचाए अयोग्य प्राण मेरो ।
**कोः तर कसमाथि विश्वास राखें, सो जान्दछु म र निश्चय छु म**
**कि उनलाई जे मैले सुम्पें, राख्नेछन् सुरक्षासाथ ।**
२. जान्दिनँ कसरी बचाउने विश्वास दिए उनले
वा उनको वचन पत्याउँदा मनमा शान्ति पाएँ ।
३. जान्दिनँ कसरी आत्माले जग दोषी ठहराउँछन्
वा वचनद्वारा येशूलाई प्रकट गराउँदछन् ।
४. जान्दिनँ के आइपर्नेछ म मर्नभन्दा अघि
कि हुन्छ मलाई दुःख वा सुख तृप्ति वा गरिबी ।
५. जान्दिनँ म कहिले, कहाँ येशू फेरि आउलान्
कि मरेपछि भेटूँला कि भेटूँ आकाशमा ।

## २७६ (It is a thing most) स्केल C, ताल $^3/_4$

१. यो एक उदेकको कुरा हो ईश्वरको पुत्र येशू ख्रीष्ट
स्वर्गलाई त्यागी आउनुभो मजस्तो मान्छे बचाउन ।
२. ती गरीब घरमा जन्मिए काम गरे सुखदुःखले रोए
पापीको लागि ती मरे जान यो कुरो साँचो हो ।
३. यो एक उदेकको कुरो हो अग्घोर छ उनको प्रेम ममा
यो झन् उदेकको कुरो हो थोरै छ मेरो प्रेम उनमा ।
४. तपाईंलाई प्रेम म गर्न आएँ हृदयमा प्रेमको आगो बाल्दै
अझै म गर्नेछु धेर प्रेम तपाईंको दर्शन नपाउन्ज्याल ।

## २७७ (I will sing the wondrous story) स्केल F, ताल $^3/_4$

१. येशू मरे मेरो लागि उनको गर्छु जयजयकार
परमधामको दुःखलाई त्यागी क्रूसमा बोके पापको भार ।
**कोः येशू मरे मेरो लागि म सुनाउँछु समाचार**
**अहिले अनि स्वर्ग पुगी गाउँछु ख्रीष्टको जयजयकार ।**
२. मैले भिरालो डाँडामा भेडाझैँ बाटो भुलें

ख्रीष्ट भेट्टाई, मारे अङ्गालो मलाई प्रेमसाथ घर ल्याए ।
३. म ठेस खाई भएँ लस्त निको पारे चोट उनले
अन्धा थिएँ त्रासले ग्रस्त येशूले उद्धार गरे ।
४. मृत्यु नदी पुगीकन मलाई तार्नेछन् येशू
स्वर्गमा पसी प्रिय जन फेरि भेट्न पाउनेछु ।

## २७८

**स्केल Eb, ताल C**

**कोः येशू हो मेरो पापको भार उठाउने, क्रूसको दुःख सहेर**
**म भन्न सक्छु म स्वर्ग जान्छु,, प्रभुलाई पाएर ।**
१. त्यो महा दुःख र त्यो महा कष्टलाई (२) येशूज्यूले सहनुभो,
येशूज्यूले भोग्नुभो (२) पिताको आज्ञा पूरा गरी स्वर्ग जानुभो ।
२. हे महान् पिता मेरो तपाईंले दिनुभो (२) तपाईंको त्यो दया,
तपाईंको त्यो माया (२) निश्चय हामी नाश हुनेथियौं त्यो दया नपाए ।
३. कति दिन छ र यहाँ म बसिरहनु जहाँ (२) यो सानो पृथ्वीमा
यो दुःख सागरमा (२) पाउनेछु मैले त्यो आनन्द प्रभुको भण्डारमा ।
४. आउनुहोस् सबै साथी पाउनुहोस् स्वर्गीय शान्ति (२)
आफ्नो पाप धुनलाई, प्रभुको लोक हुनलाई (२)
प्रभुलाई पाई, स्वर्गमा गई आनन्दमा बस्नलाई ।

## २७९

**स्केल G, ताल 3/4**

१. पापको बन्धन छिनिगयो म निर्बन्ध छु, निर्बन्ध ।
सब पाप पनि टाढा भयो म निर्बन्ध छु, निर्बन्ध ।
**कोः हल्लेलूयाह येशू मरे, मेरो बदलीमा मरे**
**हल्लेलूयाह, हल्लेलूयाह म निर्बन्ध छु, निर्बन्ध ।**
२. आफ्ना पाप जब मानिलिएँ म निर्बन्ध छु, निर्बन्ध ।
तब मनमा आत्मा आए म निर्बन्ध छु, निर्बन्ध ।
३. केही बन्धन अब छैन म निर्बन्ध छु, निर्बन्ध ।
अब केही डरै छैन म निर्बन्ध छु, निर्बन्ध ।
४. उनको स्तुति गाउनेछु म निर्बन्ध छु, निर्बन्ध ।
र येशूको सेवा गर्छु, म निर्बन्ध छु, निर्बन्ध ।

## २८०

**स्केल C, ताल 3/4**

१. ईश्वरले दिएको रमाहट यस पापी संसारमा
कि आफ्नो वचनअनुसार दया पाइनेछ
कि प्रत्येक छिन र प्रत्येक दिन प्रशस्त दया पाइन्छ ।
**कोः हल्लेलूयाह हल्लेलूयाह हल्लेलूयाह येशू ।**
२. अँध्यारो भए पनि रमाउँछु सधैं

किनकि ईश्वरले मलाई छोड्दैनन् कहिल्यै
यात्रामा तकलिफ भए पनि स्वर्गमा पुग्नेछु निश्चय ।

३. म यात्रा सिध्याएपछि स्वर्गपुरी आउनेछु
त्यहाँ निरन्तर रमाहट येशूसँग पाउनेछु
सबै पवित्र जनसँग प्रशंसा स्तुति गर्छु म ।

## २८१ (Blessed Assurance) स्केल C, ताल $^9/_8$

१. येशू हुन् मेरो कस्तो विलाश दिँदछन् मनमा महिमाको आश
मुक्तिको भागी स्वर्ग मेरो घर, उनमा म बस्छु सधैं निडर ।

**कोः यो मेरो हाल छ, यो मेरो गान, गर्छु प्रशंसा प्रति दिनै**
**यो मेरो हाल छ, यो मेरो गान, गर्छु प्रशंसा प्रति दिनै ।**

२. पूरा भरोसा, आनन्द र सुख, अब मेरो मनमा न शोक न दुःख
ख्रीष्टबाट भयो दयाको ज्ञान, दूतगण अब गर्छन् प्रेमको बखान ।

३. विश्वास म राख्छु, ख्रीष्ट मेरो नाथ उनैमा बस्छु सुरक्षासाथ
उनैको प्रेमले पाउँछु, विश्राम जानेछु अन्तमा स्वर्गीय धाम ।

## २८२ स्केल G, ताल C

१. धन्य होस् मुक्तिको लागि रगतमा भएँ चोखो
येशूले धोए धारामा कलवरीमा जो बहयो ।

**कोः जयजय भन सबै मिली पापदेखि मुक्ति पाइयो**
**येशूले दिन्छन् मुकुट त्यो जीवनभरि खुसीको ।**

२. धन्य होस् यर्दनको लागि जहाँ म गाडिएको थिएँ
प्यारो येशूसँग मरी कबरदेखि बौरिएँ ।

३. धन्य होस् आगोको लागि पेन्तिकोसमा जुन खस्यो
पवित्र आत्माले मलाई प्रेम र शान्ति दिनुभो ।

४. धन्य होस् महिमाको राजा फेरि फर्किआउनेछन्
अनि सबै आफ्नो मण्डली आफ्नो सँगमा लानेछन् ।

## २८३ स्केल G(E), ताल ¢

१. येशू छेउ म जानेछु ज्योतिमा, ज्योतिमा
उनकै साथ म हिँड्नेछु, उनकै ज्योतिमा ।

**कोः हिँड्नेछु म ज्योतिमा, ज्योतिमा, ज्योतिमा**
**हिँड्नेछु म ज्योतिमा, उनकै ज्योतिमा ।**

२. क्षमा निश्चय पाउनेछु ज्योतिमा, ज्योतिमा
सबै पापलाई छोड्नेछु उनकै ज्योतिमा ।

३. ख्रीष्टकै सेवा गर्नेछु ज्योतिमा, ज्योतिमा
सबै सामर्थ पाउनेछु उनकै ज्योतिमा ।

४. शैतान गर्न सक्छ के ? ज्योतिमा, ज्योतिमा

जयवन्त हुनेछु निश्चय उनकै ज्योतिमा ।
५. मृत्यु जब आउनेछ ज्योतिमा, ज्योतिमा
मलाई के को डर हुन्छ उनकै ज्योतिमा ।
६. जब स्वर्गमा पुगूँला ज्योतिमा, ज्योतिमा
तब आनन्द मनाउँला उनकै ज्योतिमा ।

## २८४ (I lay my sins on Jesus) **स्केल C, ताल C**

१. म राख्छु पापको बोझ निर्दोष ख्रीष्ट थुमामा
ख्रीष्टले सब पाप उठाउँदछन्, पाप बोझ सबैका,
म आफ्नो दोष सब ल्याउँछु दोष मेट्ने येशूकहाँ
र उनले धोइदेऊन् म बडो पापीलाई ।
२. म आफ्ना घटी राख्छु भरपूर ख्रीष्ट येशूमा
जो मेरो निको पार्ने र प्राण उद्धारदाता,
म आफ्नो शोक सब ल्याउँछु र फिक्री येशूकहाँ
जो मेरो सादर दिने भई साझे सब दुःखमा ।
३. म प्राण बिसाइदिन्छु येशूको काखैमा
उनले अङ्गालो मार्छन् मलाई अडेस दिँदा,
येशूको नाउँ छ प्रिय ख्रीष्ट र इम्मानुएल
फैलाइँदा यस नाउँले गराउँछ मोहित दिल ।
४. म येशूजस्तो होऊँ, दीन, प्रेमी, दयालु
म येशूजस्तो होऊँ, बालक होऊँ, पिताको,
म येशूसम्म पुगूँ स्वर्ग दूतगण भए ठाउँ
र सबैसँग मिली निरन्तर स्तुति गाऊँ ।

## २८५ (I've found a friend in Jesus) **स्केल D, ताल C**

१. मैले येशू मित्र पाएँ, जो मेरो सब थोक हो,
मेरो आत्माको लागि के उत्तम वर ।
त्यो सुन्दर फूल बाटोको, बिहानको त्यो तारा
मलाई शुद्ध चङ्गा पार्ने उत्तम वर,
अफसोसमा मेरो हर्ष, दुःखमा मेरो आशा
भन्छन् उनले सोच फिर्की नगर ।
**कोः त्यो सुन्दर फूल बाटोको, बिहानको त्यो तारा ।**
**कति उत्तम त्यो वर मेरो आत्माको ।**
२. उनले मेरो दुःख सब लिए, सबै अफसोस पनि
परीक्षामा मेरो छ गढ बलियो ।
सब उनको लागि बिर्से, मेरो हृदयदेखि
उनको सँगमा बस्नलाई मलाई लिए,
संसारले मलाई छोड्दा, शैतानले दुःख दिंदा

ख्रीष्ट प्रभु हुन्छन् साथमा, शोक नगर ।

३. मलाई छोड्नेछैनन् कैले, न भुल्नेछन् मलाई
विश्वासमा बसी मान्नेछु उनैलाई ।
अग्नीको देवलभित्र, केही मलाई डर छैन
मन्ना दिन्छन् भोकाएको आत्मालाई,
मुकुटले पहिऱ्याउँदा दर्शन म गर्नेछु,
बग्दछ जहाँ नदी आनन्दको ।

## २८६

**स्केल G, ताल ¢**

**कोः त्यो धन्य जसको अपराध क्षमा गरियो**
**र जसको सबै पाप पनि ढाकियो ।**

१. प्रभु जसको पापलाई लेखा लिँदैनन्
त्यो धन्य जसको दिलमा केही कपट छैन ।

२. जबसम्म चुप रहे मेरा हाडहरू
कराउँदै-कराउँदै सबै मक्किए ।

३. दिनमा अनि रातमा हे मेरो ईश्वर
तपाईंको हात ममाथि भारी थियो ।

४. अँ, बोसो पनि मेरो पग्लिगयो
जिउको सबै रस पनि सुकिगयो ।

## २८७

(I've found a friend oh such a friend) **स्केल G, ताल $^3/_4$**

१. एक मित्र मैले पाको छु प्यार गर्ने अघिदेखि
प्रेम सुत्रले ताने उनले, मलाई संगतमा बाँधी,
र मेरो हृदय यस्तो छ कहिल्यै उनलाई नत्यागी
म ख्रीष्टको हुँ, ख्रीष्ट मेरा हुन् सदासर्वदाको लागि ।

२. एक मित्र मैले पाको छु, त्राण दिन उनी मरे
जीवन दान र उनको साथ ख्रीष्ट आफैंलाई दिइहाले,
म आफ्ना सबै तुच्छ मान्छु, दाताको लागि राखी
हृदय सामर्थ जीवन सबै उनको सधैंका लागि ।

३. एक मित्र मैले पाको छु उनको हो सबै सामर्थ
यात्रामा मेरो अगुवा जसले *स्वर्गीय पुऱ्याउँछन्,
स्वर्ग देशको देख्छु महिमा, त्यो मलाई साहस दिन्छ
अब पहरा, काम र लडाइँ तब विश्राम सधैं हुन्छ ।

४. एक मित्र मैले पाको छु दयालु, साँचो, नम्र
खुब ज्ञानी मन्त्री अगुवा सामर्थी रक्षा गर्ने,
यस्तो प्रेम गर्नेदेखि कुन शक्ति मलाई छुट्याउँछ ?
के जीवन, मृत्यु, *स्वर्ग, नर्क ? होइन, म उनकै हुन्छु ।

## २८८

**स्केल F, ताल C**

१. म हुँ मसीही, रहन्छु पनि जबसम्म घाम र जून डुब्दैन
म हुँ मसीही, दिन्छु गवाही सब संसार ममा हाँसे पनि ।
म हुँ मसीही, छाप ममा उनको, उनैले क्रूसमा रक्त बहाए
म हुँ मसीही, यो कस्तो खुसी उनले किने, म उनको भएँ ।
२. म हुँ मसीही, कति अचम्म, म पापी थिएँ जो बचाइएँ ।
म हुँ मसीही, अगाडि क्रूस छ, उनैको पछि म हिँड्नेछु,
सङ्घर्षलाई अरूले छोडे, मचाहिँ दुष्टसित लड्छु
मसीहको नामले सबै पापमाथि पूर्णात्मिक शक्तिले जय पाउँछु ।
३. म हुँ मसीही, यहाँको यात्री, यो दुनियाँ होइन घरै मेरो
यो यात्रा मेरो चाँडै सिद्धिन्छ दुःख र शोकदेखि अलग हुन्छ,
म हुँ मसीही, यो कस्तो आशा कि येशू फेरि आउनेछन् ।
मानिस यहाँ हाँसोस्, यो कस्तो भेद छ, मलाई आफूसँगमा लानेछन् ।
४. म हुँ मसीही, यो कस्तो गीत हो, जो मेरो मनमा आज उठ्यो
यो ठट्टा होइन तर यो साँचो, मनमा बस्छन् आत्मा उनैको
म हुँ मसीही, किन डराऊँ जब मेरो समय यहाँ आइपुग्छ
गाउँदै यो दुनियाँलाई म छोड्नेछु, येशू ख्रीष्ट मलाई लिनुहुन्छ ।

## २८९

(Be still my soul) **स्केल C, ताल C**

१. हौ शान्त हे प्राण, तँतिर प्रभु छन्
दुःख शोकको आफ्नो क्रूससँग धीरज बोक
सब बन्दोबस्त ईश्वरलाई छोडी जा
सब गतमा हुन्छन् उनी पत्याउन योग्य
हौ शान्त हे प्राण छान् तेरो स्वर्गीय नाथ
सुख धाममा लिई हिंडाउने काँढे मार्ग ।
२. हौ शान्त हे प्राण, ईश्वरको छ स्वीकार
गुहार आउनेछ गए दिनमा झैं
तेरो आशा भरोसा नडगमगाओस
मेरो रहस्य प्रकट हुनेछ ।
हौ शान्त हे प्राण, छन् मान्ने छाल बतास
उनलाई जसबाट तैंले गर्छस् आश ।

## २९०

**स्केल C, ताल C**

**कोः गाउँदै रहन्छु जीवन यात्रामा केवल येशूको छ स्तुति**
**धन्यवाद मानौं, हे विश्वासीगण मिलेको छ मुक्ति ।**
१. हो कस्तो आनन्द पाप-क्षमा शान्ति तिनको म उमेद्वार
मौका छ मलाई सुनाउन सबलाई येशूको सुसमाचार,

खोलो है दानको, प्यारो प्रभु कसरी बहेको
उपयोग जसको गर्न नजानी शरणमा परेको ।

२. जीवन है मेरो समयले सीमित कसरी चलाउनु
सिकाउनुहोस् प्रभु प्रत्येक निमेषलाई कामलाग्दो बनाउनु
तपाईंको सेवा गर्ने अवसर मिलेको छ मलाई
झल-झल बल्ने ज्योति म बनूँ सत्यको फल फलाई ।

३. दान मैले पाएँ, स्थान मैले पाएँ आत्मा र स्वर्गको
संसारमै बसी बनें म यात्री स्वर्गीय मार्गको,
विश्वले जस्तो आशा गर्दिनँ पाउनलाई मुक्तिदान
आशा हो मेरो जीवनको मुकुट प्रतिफल महान् ।

## २९१

**स्केल Am, ताल C**

**कोः वन-पाखा गुञ्जाइदेऊहै मुक्तिको एउटा गीतले**
**सत्यको सन्देश भनिदेऊ गीतको भाकाले (२)**

१. पापको श्राप मेट्नलाई येशूजी आउनुभो
मान्छेलाई नयाँ रूप दिन रगत बगाउनुभयो (२)
स्वर्गको ढोका खोलेछ उनैको कृपाले
माया गरेर पापीहरूलाई उनैले बचाए,
बताइदेऊ सबैलाई, बुझाइदेऊ सबैलाई, सम्झाइदेऊ सबैलाई ।

२. हारको जीवन छैन यहाँ अँधेरी जगत्मा
बेमोल छैन मान्छे सब धर्तीको आँगनमा (२)
खोज्नेहरूलाई जीवन छ कलवरी पाखामा
के नै पो थियो, मान्छेको मोल आफ्नै आँखामा,
बताइदेऊ सबैलाई, बुझाइदेऊ सबैलाई, सम्झाइदेऊ सबैलाई ।

## २९२

**स्केल D, ताल C**

**कोः इन्द्रेणीजस्ता रङ्गविरङ्गी तिम्रा प्यारा-प्यारा सपनाहरूको**
**मुक्तिदाता येशूसँग प्रतिज्ञा बनोस् आशिष्को जीवन पाई ।**

१. सम्झिहेर जीवन नै उनको दान हो
मूल्यहीन त छैन यो दाम परेको हो
बेअर्थ नहोस् जीवनको सित्तैमा पाएको मुक्ति यो,
मौसमझैँ बदली-बदली हिँड्ने
तिम्रा जिन्दगीका कामनाहरूको मुक्तिदाता येशूसँग....

२. यस्तै हुन्छ जीवनमा यी घटीहरू
बाधा बनि आउनेछन् ती कमीहरू
डराइनदेऊ जीवनमा, घर त्यो सम्झी येशूमा,
बादलजस्ता हल्का-हल्का, तिम्रा प्यारा सबै-सबै इच्छाहरूको
मुक्तिदाता येशूसँग प्रतिज्ञा बनोस् आशिष्को जीवन पाई ।

## २९३

**स्केल G, ताल ¢**

**कोः खीष्ट हुन् जीवनका एक मात्र असल गोठाला,**
**सहायक बन्छन् उनी सदा दुःख-सुखको बेला ।**

१. क्लेश, सङ्कटले घेर्छ तिमीलाई तर खीष्ट तिम्रै नजिक हुन्छन्
आँधी-तुफान हटाउने प्रभु तिमीसाथ यात्रा गर्दै छन् ।

२. तर्दै गर्दा भवसागरलाई आँधी आउँछ, विश्वास हल्लाउँछ
डुब्न लाग्दा पुकार, खीष्टलाई, निश्चय तिमीलाई बचाउँछन् ।

३. सतावट, बाधा ल्याई शैतानले हल्लाउँछ खुब जीवन-जहाजलाई
साथमा खीष्ट छन्, नडराऊ तिमी, सम्हाल्छन् उनले तिमीलाई ।

४. निराशा आउँछन् अनेक जीवनमा तर हरेश नखाऊ प्रभु भन्छन्
विजयको इनाम जीवनको मुकुट प्रभुले निश्चय दिनेछन् ।

५. येशू हाम्रा शक्तिशाली गढ, सुरक्षित उनमा हामी हुन्छौं
शैतानका हमला विफल हुनेछन्, जयवन्त हामी बन्नेछौं ।

## २९४

**स्केल D, ताल $^{6}/_{8}$**

**कोः दिन सित्तै दिइयो हजुर कलवरी डाँडामा रगतै बहाएर**
**उदासै लाग्ने डाँडैमा बसेर भन्न अब छोडिदेऊ हजुर ।**

१. कति हामीले देवी-देवता संसारैमा पुज्दथ्यौं
आखिरमा दुःख पाई संसारैमा मर्‍यौं,
हामीले सधैं संसारको भर पर्नेछैनौं
संसारको थोकले सधैं शान्ति पाउनेछैनौं ।

२. हाम्रो जीवन अघि सारी प्रभुमा बिसाउँछौं
गरूङ्गो भारी क्रूसको छेउमा अघि सारी ल्याउँछौं
यही प्रभु क्रूसमा मेरो उपहार लिई मृत्युसम्मै आज्ञाकारी बनेर ।

## २९५

**स्केल Bm, ताल $^{3}/_{4}$**

**कोः आज मैले जोश पाएँ, येशूको वरदान पाएँ**
**स्वर्ग छोडी आउनुभो महिमा प्रकट गर्नुभो ।**

१. सुस्त जीवन थियो हृदय जगाइदिए
भुलिरहेकालाई बाटो वचनको दिए ।

२. स्वर्गीय ज्योति ममा प्रकाशित भयो
याद गर अब धर्ती नै स्वर्ग भयो ।

३. बोलाउँछन् हामीलाई येशू आफ्नो छेउमा
छोड्न संसारको मोह सत्य प्रेम कलवरीमा ।

## २९६

**स्केल G, ताल C**

**कोः हे आह, आह लौ भेडा फर्केर आऊ है गोठैमा**
**छैनन् अरू गोठाला, माया गर्ने गोठाला ।**

१. आफ्नै बाटोमा लागेछौ, सांसारिक काँढामा अल्भेछौ
अँध्यारो हुन लाग्दै छ, लौ हे तिम्रो स्वर सुनाउन ।

२. ज्यामीले हेरेको भान पार्छ, जोखिममा तिमीलाई छोड्नेछ
डाकाहरू आउँदै छन्, भट्टै तिम्रो स्वर सुन्न पाऊँ ।

३. शत्रु खतम पारेको छ है मैले, भेडा हो
तिमीलाई खोज्दै छु, भट्टै तिम्रो स्वर सुन्न पाऊँ ।

४. तिमीलाई खोज्दा चोट लाग्यो, मेरो मरण पनि भो
काललाई मिची जिउँदो छु, स्वर तिम्रो सुन्न चाहन्छु ।

५. म हुँ जाती गोठालो, माया गर्ने गोठालो
नयाँ सृष्टिको हुँ जेठो, येशू नाम हो मेरो ।

## २९७

**स्केल D, ताल C**

**कोः मेरा हृदयका पिरहरू प्रभुसँग पोखाएँ**
**मुटुभित्रका चोटहरू मेरो मालिकलाई देखाएँ ।**

१. येशूको तेजमय हेराइले पीरहरू हटिगयो (२)
उनको कोमल स्पर्शले चोटहरू निको भयो
मेरो प्याला छछल्केर थोपाहरू खस्न लागे ।

२. येशूको प्रेमको प्रकाशले जीवन ज्योतिर्मय भयो (२)
ख्रीष्टको वचनको शक्तिले जीवन कोमल भयो
मेरो प्याला छछल्केर थोपाहरू खस्न लागे ।

## २९८

(To God Be the Glory)

**स्केल D, ताल C**

**कोः हेर्नेछु येशू राजालाई (३) म सधैँ हेर्नेछु ।**

१. प्रार्थनामा हेर्नेछु येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
२. स्वर्गदूतका बीचमा येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
३. शैतानमाथि विजय हुने येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
४. आफ्नो प्राण क्रूसमा दिने येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
५. आफ्नो रगत बहाइदिने येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
६. कुटाइ निन्दा सहने प्रभु येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
७. मृत्युदेखि बौरिउठ्ने येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
८. मलाई मुक्ति दिने प्रभु येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
९. पूरो शान्ति दिने प्रभु येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
१०. पवित्र आत्मा दिने प्रभु येशू राजालाई (३) म सधैँ हेर्नेछु ।
११. राजाहरूका राजा येशू राजालाई (३) म सधैँ हेर्नेछु ।

## २९९

**स्केल, ताल ¢**

**कोः येशू मेरो गोठालो, म उनको गुण गाउँदछु**
**जसको हुँ म सानो पाठो, पछि पछ्याउँछु ।**

१. हरियो चउरमा मलाई चराउँदछन्
सुख-चैनको पानीमा मलाई डोऱ्याउँदछन्,
उनी अघि-अघि हिँड्दछन् र मेरा पाउ डोऱ्याउँदछन्
धर्मका बाटामा हात समाई लिई हिँडाउँदछन् ।

२. मुत्युको तराईमा मलाई हिँडाउँदछन्
शैतानको भयदेखि मलाई बचाउँदछन्
बलवन्त र शक्तिमान बनाई जयवन्त सधैँ गराउँदछन्
उनको शिक्षा दण्डले मलाई चेतमा ल्याउँदछन् ।

३. दुश्मनका सामुन्नेमा भोज तयार गर्दछन्
जीवनको कचौरो भराई रहँदछन्
उनी शिरमा तेल मल्दछन्, मलाइ करुणा गर्दछन्
उनको अनन्त राज्यमा सदा बस्नेगर्छु ।

## ३००

**स्केल D, ताल $^3/_4$**

१. कलवरी डाँडाको त्यो क्रूसमा जहाँ खीष्ट टाँगिए
कत्रो उदेकको त्यो प्रेम उनले ममा प्रकट गराए,
उनको हृदय छेडियो, हातमा किलाको दाग
पाउ किलाले जो घोचियो, मेरो र तिम्रो यो भाग ।

**कोः धन्य हो पाठो ईश्वरको स्तुति प्रभुको**
**येशूको गाउँदै रहनेछु यश सदा, उनको जय होस्**

२. बाँच्ने उपाय अरू नदेख्दा म क्रूसमा गएँ
खीष्टले आफ्नो दयाको हातले मलाई चङ्गा गराए,
उदेकको बदलाव ममा ल्याउनुभो खीष्टले
हृदयको दुःख निकालेर आफ्नो शान्ति दिए ।

३. आऊ हे मित्र खीष्ट प्रभुमा उनले बोलाउँछन्
हृदय अशान्तिले भरेको पापले दबेको जीवन,
पाप क्षमा र शान्ति खीष्ट दिनेछन् उसलाई
अरू कोही दाता छैन प्रभु मसीह सिवाय ।

## ३०१

(Jesus lover of my soul) **स्केल Em, ताल C**

१. येशू प्राणको शरणस्थान म तपाईंकहाँ भागिआऊँ
चल्दा बाढी, मेघ, तुफान, आँधीदेखि आड म पाऊँ,
जीवन कष्ट रहुञ्ज्याल रक्षा गर्नोस् मेरो प्राण
जब आउँछ मृत्युकाल पसूँ स्वर्गीय आश्रयस्थान ।

२. मैले हार-गुहार नपाई तपाईंमाथि निर्भर छु
एक्लै नछोडी मलाई शान्ति दिनुहोस् प्रभु,
मेरो आशा तपाईंमा, मलाई सघाउने तपाईं
ढाकी आफ्नो छायाँमा आश्रय दिनुहोस् मलाई ।
३. येशू खाली तपाईंलाई म अपनाउन चाहन्छु
मनको आपद्, दुःख हटाई लौ डोऱ्याउनुहोस्, प्रभु,
म ता सब अशुद्ध छु, भरेको पाप कपटले
तपाईं पवित्र प्रभु भरेको अनुग्रहले ।
४. मेरो पापलाई ढाक्नुछ, माफ प्रशस्त तपाईंमा
दया-खोला बगेर पारिराखोस् मन सफा,
जीवनदाता लौ मलाई पिउन दिनुहोस् जीवित जल
मनमा बन्नोस् मूल तपाईं उम्रिरहोस् सदाकाल ।

## ३०२

**स्केल G, ताल $^3/_4$**

**कोः येशू प्यारो, तिमीबाहेक मेरो कोही छैन, मेरो अरू कोही छैन ।**

१. आफ्ना वचनको खर्कमा मलाई लानुहोस् मेरो प्यारो गोठाला
जीवनको पानीमा डोऱ्याऊ मलाई आराम अरू कहीँ छैन ।
२. जब म भर्मन्छु यस दुनियाँमा, मलाई छुडाऊ हे प्यारो गोठाला
काँधमा लिई सत्य पथमा हिँडाऊ, मेरो अरू साथी छैन ।
३. मृत्यु-छायाँको तराईमा जब जानेछु, साथ होऊ प्यारो गोठाला
तपाईंको लाठीले म शान्ति पाऊँ मलाई फेरि केही हुन्न डर ।
४. जङ्गली जनावरदेखि रक्षा गर मलाई, चराउँदै, डोऱ्याऊ, हे प्रभु
तेल मेरो शिरमा भरपूरी खन्याऊ मेरो प्याला भरपूरी होस् ।
५. पवित्र घरमा राख्नुहोस् मलाई दया अनुग्रहले भरपुर गर्दै
मेरै हो सब थोक, हे प्यारो प्रभु, मेरो अरू कोही छैन ।

## ३०३

(O God our help in ages past) **स्केल C, ताल C**

१. हे ईश्वर उहिलेको, उद्धार आशा भविष्यको
आँधी बतासमा हाम्रो आड, अनन्त धाम हाम्रो ।
२. तपाईंको गद्दी छायाँमा हामी निडर बस्छौं
तपाईंको हातमा भरोसा राखी सुरक्षित छौं ।
३. जगको सृष्टिभन्दा अघि तपाईं हुनुहुन्छ
परमेश्वर अनादिदेखि अनन्त कालसम्म ।
४. वर्ष हजार एक क्षणजस्तो तपाईंको दृष्टिमा
बिलाउँछ जस्तै अँध्यारो सूर्यको ज्योतिमा ।

## ३०४

(Count your blessings) **स्केल C, ताल C**

१. जीवन अँध्यारोमा जब आउँछ दुःख, जब हरेस खान्छौ र हराउँछ सुख
तब आशिष् गन, येशूलाई हेर, आशिष् गन्दा-गन्दै, लौ त कति धेर ।

**कोः आशिष् गन, गन एकै-एक, आशिष् गन, हेर छन् अनेक**
**आशिष् गन, छक्क पर्नेछौ, प्रभुले तिमीलाई कति दिनुभो ।**

२. फिक्री, शोकको भारी तिमी बोक्छौ कि आउने दिनको लागि बाँचौं कसरी
बाइबल पढ्दाखेरी तिमी बुझ्नेछौ, हाम्रा प्रेमी पिताबाट सब पाउँछौं ।

३. धन-सम्पत्ति हेर्दा थुप्रै अर्केको, तब सम्झौं हाम्रो धन छ स्वर्गको,
यस संसारको धनले शान्ति मिल्दैन, तर येशू डाक्छन् जहाँ पीर छैन ।

४. दिन-दिन लडाइँ हुन्छ, छँदा संसारमा, शैतान जित्न खोज्छ हामीलाई सदा
येशू छेउमा बस्दा शक्ति दिनेछन्, स्वर्ग नपुगेसम्म आशिष् गन्दै गन ।

## ३०५

**स्केल G, ताल $^2/_4$**

**कोः मेरो जीवनको साथ नाथ प्रभु येशू**
**जो मेरो हरेक पलको साँचो मित्र हुन् ।**

१. जिन्दगी यो पापी मेरोमा स्नेहको बहार ल्याई
जीवनको मूल्य बुझाई, दिए त्राण मलाई (२)
दियो त्राण मलाई असीम प्रेम देखाई ।

२. द्वेष पापीको यो संसारमा प्रभु खीष्टको पुकार
थकित र कष्टित लोक आऊ पापको बोझा ल्याऊ (२)
पापको बोझा ल्याऊ दिनेछन् विश्राम तिमीलाई ।

३. हृदय खोलेर आऊ विश्वास येशूमा लगाऊ
दिन्छन् मुक्ति तिमीलाई पापको बोझा हटाई (२)
पापको बोझा हटाई ज्योतिको प्रकाश गराई ।

## ३०६

(Trust and Obey) **स्केल F (D), ताल $^3/_4$**

१. येशू साथ-साथ हिँड्दा वचनको ज्योतिमा हाम्रो बाटो गराउँछन् प्रकाश
हाम्रो हुन् पालनहार उनको इच्छाअन्सार यदि गर्दछौं र मान र विश्वास ।

**कोः मान र विश्वास गरे खीष्टमा छ आश**
**येशूलाई गर्नुपर्छ खालि मान र विश्वास ।**

२. मेघ अँध्यारो आए येशूको मुहारले चाँडै पार्दछ निर्मल आकाश,
न ता शङ्का, न भय, न ता आँशु न हाय हामी गरुञ्जेल मान र विश्वास ।

३. आफ्ना भारी बोकी अरूलाई साहस दिई श्रमको फल पाऔंला खीष्टको स्यावास
सङ्कट, आपद् र क्लेश हामीलाई छ आशिष् यदि गर्दछौं मान र विश्वास ।

४. तर तन, मन र धन अर्पण नगरुञ्ज्याल हामी येशूमा हौंला निराश,
कारण आनन्द र जय येशू दिन्छन् त्यसलाई जसले गर्दछन् मान र विश्वास ।

५. उनको संगतिमा पाउनेर बसौंला बाटोमा हिंडौला उनको साथ
उनको आज्ञा मानौं, जहाँ पठाउनेछन् जाऔं डर नहोस् खालि मान र विश्वास ।

## ३०७ (Jesus I will trust Thee) **स्केल G, ताल C**

१. येशू, विश्वास गर्छु खालि तपाईंमा
दोषी असहाय म तपाईं त्राणकर्ता
पृथ्वी स्वर्गमा छैन कोही तपाईंजस्तो
मजस्तो पापीको लागि मर्नुभो ।
२. येशू विश्वास गर्छु नाममा सत अपार
नाम दिएका दूतले "येशू तारणहार"
नाम जो लेखिएको थियो लाजको क्रूसमाथि
पापी आऊ त्यस नाममा दृढ विश्वास राखी ।
३. येशू विश्वास गर्छु तपाईंलाई सम्झी
प्रेम र दयापूर्ण घुम्नुभो पृथ्वी
रोगी, दीन-दरिद्र पापी घिनलाग्दा
सबले निगाह पायौं मुक्तिदाताको ।
४. येशू विश्वास गर्छु वाणी तपाईंकै
"म हटाउन्नँ कहिल्यै आउँछ जोसुकै"
रगत छ अमूल्य, सत्य छ करार
उद्धारको हुन् आधार येशू तारणहार ।

## ३०८ (Love Divine) **स्केल G, ताल $^3/_4$**

१. परम प्रेमी सर्वश्रेष्ठ, ओर्लिआउनोस् जगतमा
दयाभन्दा दया गरी वास गर्नोस् तुच्छ हामीमा
येशू दयापूर्ण भई निर्मल प्रेम अपार तपाईं
हरेक नम्र मनमा आई लौ बचाउनुहोस् हामीलाई ।
२. सर्वशक्तिमान उद्धारक, आउनोस् सबैलाई बचाई
फर्की जगतमा अचानक लौ, नछोड्नोस् मण्डलीलाई
नाथ, तपाईंलाई गरौं सेवा स्वर्गदूतले गरेझैं
प्रार्थना, स्तुति गरौं सदा भजी ख्रीष्टको प्रेम सधैं ।
३. परिवर्तन पूरा गर्नोस्, हामी निष्कलङ्क बनौं
आफैंसँग फेरि मिलाउनोस्, मुक्तिदाताको दर्शन पाऔं
तेजैबाट तेजैतिर परिवर्तन होस् अपार
ख्रीष्टको पाउ नपरेसम्म प्रेमसाथ गरी जयजयकार ।

## ३०९ (Like a river glorious) **स्केल F (D), ताल C**

१. नदीजस्तो राम्रो ईश्वरको शान्ति
दुःख हटाउँछ हाम्रो हुँदा खूब वृद्धि,
पूरा छ, तै हुन्छ झन् फराकिलो
पूरा छ, तै बढ्छ अझै गहिरो ।

**कोः परमेश्वरमा स्थापित मनमा छ आराम**
**वचनअन्सार पाई शान्ति र विश्राम ।**

२. उनको आडमा बस्छ जो कोही पाउँछ सुख
शत्रु त्यहाँ न पस्छ न ता दिन्छ दुःख,
चिन्ता, पीर, आतुरी आँधीझैँ आउँछ
तर प्राणलाई हुरी असर पार्दैन ।

३. हर वरदान सर्वोत्तम ईश्वरबाट हो
हामीलाई छ उत्तम दुःख वा सुखको
उनमा राख्न सक्छौं पूरा भरोसा
राखे उनमा पाउँछौं सत्य पूर्णता ।

## ३१०

**स्केल F (G), ताल $^3/_4$**

**कोः जीवनको यात्रामा, डोऱ्याउनुहोस् मलाई**
**तपाईंको बाटोमा, तपाईंको बाटोमा ।**

१. म अधर्मी पापी चरणमा आएँ यो जीवन लिनुहोस् (२)
तपाईंको निम्ति जिउनेछु प्रभु (२) शक्तिदान दिनुहोस् (२)

२. तपाईंको गहिरो वचनको अर्थ मलाई सिकाउनुहोस् (२)
ज्ञान, बुद्धि, विवेक पवित्रआत्मा (२) दान मलाई दिनुहोस् (२)

## ३११

(I am trusting thee Lord Jesus) **स्केल G, ताल $^3/_4$**

१. प्रभु येशू विश्वास गर्छु खाली तपाईंमा
बिनादाम म पाऊँ भनेर छुटकारा ।

२. क्षमा पाउन विश्वास गर्छु, पर्छु चरणमा
पाउन तपाईंको अनुग्रह करुणा ।

३. शुद्ध हुन विश्वास गर्छु धुनुहोस् मलाई
आफ्नो रगतले सब पापको दाग मेटाई ।

४. अगुवाइ पाउन विश्वास गर्छु डोऱ्याउनोस् मलाई
यात्राभरि चाहिँदो कुरा सब जुटाई ।

५. शक्ति पाउन विश्वास गर्छु तपाईंको अपार
मैले त्यो पाएर कहिल्यै खान्नँ हार ।

६. प्रभु येशू विश्वास गर्छु रहूँ म निडर
विश्वास गर्छु, सबको लागि सधैंभर ।

## ३१२

**स्केल G, ताल $^3/_4$**

**कोः सम्पूर्ण जीवन मेरो प्रभु तपाईंकै हो**
**राज गर्नुहोस् सदा तपाईंको पूर्ण होस् इच्छा (२)**

१. महान् प्रभु तपाईंको प्रेम अति गहिरो
सागरभन्दा चौडा छ यो, आसमानभन्दा उच्चा छ यो

निकम्मालाई चुनेर जीवन दान दिनुभयो,
इच्छा, आशा, उद्देश्य प्रभु तपाईं नै हो मेरो (२)

२. दूतगणले गर्थे तपाईंको स्वर्गमा महिमा,
मानिसले गरे उनको निरादर र निन्दा
स्वर्गमा बस्ने येशू, पिताको दाहिने हात,
मानिसले राखे श्रापित क्रूसमा दुई चोरको साथ (२)

## ३१३

**स्केल G, ताल $^7/_4$**

**कोः हार होइन जीवन जीत हो, अभिशाप होइन आशिष् हो**
**मुक्तिदाता ख्रीष्टको रगतले किनेको वरदान यो जीवन धेरै दामी हो ।**

१. ए हतास-हतास जिउनेहरू, ए उदास भएका मनहरू
ए निराश-निराश आँखाहरू, विवशतामा रुने प्राणहरू
नयाँ गरी ख्रीष्टमा जन्म लेऊ, नत्र जीवन व्यर्थ जानेछ ।

२. जीवनदेखि थाकेकाहरू अविश्वास गरी भाग्नेहरू
मनका ती सबै व्यथालाई येशूको अगाडि राखिदेऊ
हात फैलाई मागे निश्चय नै तिमीलाई यो दान उनले दिनेछन् ।

## ३१४

**स्केल D, ताल $^3/_4$**

**कोः विश्वासयोग्य मेरो प्रभु (म तिम्रो स्तुति गाउनेछु) २**

१. अनुग्रहमा मलाई डाक्यौ, मलाई सदा सम्हाल्दछौ, (२)
यसर्थ म तिमीलाई भज्छु, तिम्रो प्रशंसा गाउँनेछु ।

२. तिम्रो प्रेमदेखि हे प्रभु, म बारम्बार दूर भएँ (२)
तर म तिमीकहाँ आउँदा मलाई तत्काल क्षमा गर्‍यौ ।

३. पापमा आफूलाई नाश पाउँदा, मलाई हात दिई उठाएथ्यौ (२)
शत्रुका जालभ्केल देखि मलाई जयवन्त जीवन दियौ ।

४. मेरा शरणस्थान तिमी, तिमी नै दृढ किल्ला हौ (२)
तिमी यसका चारैपट्टि सदैव रक्षक भइरहन्छौ ।

५. तिमी नै साँचो साक्षी हौ, विश्वासयोग्य प्रभु हौ (२)
मेरो प्रभु अनादिका म तिम्रो स्तुति गाउँदछु ।

## ३१५

**स्केल D, ताल ¢**

**कोः निराशको आँधीमा जब डुब्छु, लंगर बनी साथ देऊ, प्रभु,**
**अनुग्रहमा मलाई हिँडाऊ, अनुग्रहमा मलाई डोर्‍याऊ ।**

१. उर्लंदो आँधी सामना गर्दा त्रसित चेला सब हताश भए (२)
अनुग्रहमा बाँचेको चेला हुँ, हताश होऊँला सम्हालिदेऊ, प्रभु ।

२. विश्वासको आधारमा बाँचेको छु, विश्वासको लडाइँ लड्न सिकाऊ (२)
विश्वासलाई सिद्ध बनाउने प्रभु, मेरो विश्वासलाई सिद्ध बनाऊ ।

३. परदेशी छु म यस संसारमा, सहारा मेरो यहाँ कोही छैन (२)
तिमी नै मेरो सहारा बनी डोऱ्याइदेऊ दिन-दिन आत्मिक पथमा ।

४. बाँचिरहेछु म अन्तिम दिनमा, साथ देऊ मलाई पल-पलमा (२)
साथ तिम्रो पाए यस यात्रामा निश्चय दौड पूरा गर्नेछु म ।

## ३१६

**स्केल C, ताल C**

**कोः प्राण भएसम्म विश्वासमा रहे तब**
**म तिमीलाई जीवनको मुकुट निश्चय दिनेछु ।**

१. स्वर्गको राज्य नजिक आएको छ पाप-मार्गदेखि हृदयलाई फिराऊ
मनोहर देशमा स्थापित यो राज्य युग-युगसम्म रहनेछ,
प्रभुको पथमा प्रेमपूर्वक हिँडी त्यस राज्यलाई अनि मुकुटलाई पाऊँ

२. ए सानु झुण्ड भयभीत नहोऊ प्रभुको शुभेच्छा छ राज्य दिने
केवल तिमीले प्रभुलाई मन पर्दो, सुन्दर, चोखो जीवन बिताऊ
विजयी जीवन प्रति दिन जिई प्रतिज्ञाको राज्य अनि मुकुटलाई पाई ।

## ३१७

**स्केल Em, ताल $^3/_4$**

**कोः कति माया गर्छन् मलाई मेरा प्यारा प्रभुले**
**मेरै मायाको तृष्णामा सधैं नै तड्पिदिन्छ ।**

१. मलाई अनन्त जीवन दिन आफ्नो प्राणसम्म दिए
मैले भोग्नुपर्ने दुःख उहाँले नै लिइदिए ।

२. मेरो जीवन सहारा बनी डोऱ्याउनुहोस् गोरेटोमा
म त अन्धो छु, यहाँ तपाईं नै ज्योति मेरो ।

३. संसार टलिगए तापनि मृत्यु नै आए पनि
यो मिलन अनन्त सम्म यो प्रीत अमर नै छ ।

## ३१८

**स्केल C, ताल $^2/_4$**

**कोः अस्ताचलपारि महिमित देशमा मेरो छ एउटा घर (२)**
**चाँडै नै येशू आउनु भएर पुऱ्याउँछन् सरासर (२)**

१. सानो घरको छानो मुनि, थोरै कुरो भए पनि,
सबैभन्दा सुखी छु म, कारण साथ छन् जयवन्त येशू ।
यहाँ सधैं बस्ने होइन महिमित देशमा जानुछ
सुन्दर सहर सुनको सडक, किनार स्वच्छ चाँदीको छ (२)

२. नाँच्दै हाँस्दै स्तुति गाउँदै सन्तहरूसित हिँड्नेछु
वीणा बजाउँदै गाउनेछु म, मुकुट पाई रमाउनेछु
यो हो तेरो चम्किलो घर, भन्छन् मलाई प्रेमी ईश्वर
तयार छ यो तेरो लागि, राज गर् यहाँ सधैं नानी (२)

## ३१९

**स्केल C, ताल C**

**कोः गाऔं गीत प्रभुको मिलीजुली छौं सब जो**

१. प्रभु हाम्रो गोठाला सबलाई घटी के होला ?
   हरियो-हरियो घाँसैमा सबलाई चराई लिहिँड्लान् ।
२. पुऱ्याई निर्मल नदीमा विश्राम दिन्छन् मनैमा
   आफ्नै नाउँको निम्तिमा डोऱ्याउँछन् ठीक बाटोमा ।
३. मृत्यु छायाँ तराईमा हिँड्छु जोखिम नडराई
   उनको लठ्ठी समाई शान्ति दिन्छन् हामीलाई ।
४. सामु जब बैरी आयो हाम्रो लागि भोज राख्यो
   हाम्रो प्याला उम्लियो शिरमा तेल लगाइदियो ।
५. निश्चय प्रभुको दया जीवनभरि होइरहला
   जब *स्वर्गमा पुगौंला सदासर्वदै बसौंला ।

## ३२०

**स्केल C, ताल $^3/_2$**

१. ईश्वर छन् प्रेमी बचाए मलाई, ईश्वर छन् प्रेमी मेरो लागि ।

**कोः यसकारण गाउँदै छु र स्तुति गर्दै छु, ईश्वर छन् प्रेमी मेरो लागि ।**

२. म पापको भारले डुबेको थिएँ र मेरो लागि उद्धार थिएन ।
३. त्राण दिने येशू प्रायश्चित भए, पापको भार अनि दुःख उठाए ।
४. बढाइ होस् तिम्रो, सनातन प्रेमी, जबसम्म जिउँछु स्तुति गर्छु ।

## ३२१

**स्केल G, ताल C**

१. हाम्रा स्वर्गीय ईश्वर पिता, नाउँ तपाईंको पवित्र होस्
   राज्य तपाईंको छिटो आओस्, इच्छा पूरो गरिओस्
   जस्तो स्वर्गमा, जस्तो स्वर्गमा (त्यस्तै पृथ्वीमा होस्) २
२. हाम्रो दिन-दिनको भोजन दया गरी दिनुहोस्
   अपराध हाम्रो दया गरी क्षमा बक्सिदिनुहोस्
   जस्तो हामी, जस्तो हामी (क्षमा गर्छौं सबैलाई) २
३. हामी सबैलाई परीक्षा र दुष्टदेखि बचाउनोस्
   किनभने यी तपाईंका राज्य, पराक्रम महिमा होस्
   सदासर्वदा, सदासर्वदा (आमेन, आमेन यसो होस्) २

## ३२२

(There's Within My Heart a Melody) **स्केल F, ताल C**

१. हृदयमा छ मेरो दिव्य राग, येशूको मीठो ध्वनी
   नडराऊ सदैव छु म साथ, प्रत्येक दिन र रात पनि ।

**कोः येशू, येशू येशू, श्रेष्ठ र मीठो नाम**
**ल्याए शान्ति, स्थायी क्रूसमा गरी जगको त्राण ।**

२. पापको भारले जीवन थियो निकृष्ट, दुर्बल, थें म निरुपाय,
   बनेर सहायक आए ख्रीष्ट गर्नलाई शत्रुको क्षय ।

३. एक सुनौलो बिहान फेरि ख्रीष्ट आउँछन् बादलमा निश्चय,
लिएर शरीर त्यो महिमित जानेछौं ख्रीष्टसाथ निर्भय ।

## ३२३

**स्केल C, ताल C**

१. गर बखान पुरानो, *स्वर्गको कुराको
येशूको महिमा जानूँ, येशूको प्रेम के भो,
गर बखान सजिलो, साना बालकलाई झैँ
निर्बल र हैरान छु, छु निर्धो र पापमय ।

**कोः गर बखान पुरानो (३) येशूको प्रेम के भो ।**

२. गर बखान बिस्तारै म बुझ्न सकूँ बात
उदेकको त्यो उद्धारै, जो मेट्ने पापको गत
गर बखान दोहोऱ्याई, चाँडै बिर्सन्छु म
बिहानको शीत पराई दोपहर रहनेछ ।

३. गर बखान कमलो, सँग यत्न, सोर र धीर
येशूले प्राण दिइहाले, उद्धार गराई स्थिर
गर बखान सब समय र यस्तै गरिनै
मलाई गोहारे साँच्चै, सब खाँचो हुँदामै ।

४. गर बखान पुरानो, देखा पर्दामा
यस लोकको व्यर्थ मानको, धेरै इच्छा गर्छु म
अँ, अनि जब म खोजूँ परलोकको सत्य मान
गर बखान पुरानो, येशूले गर्छन् त्राण ।

## ३२४

**स्केल G, ताल $^{6}/_{8}$**

१. ईश्वरचाहिँ प्रेम हुन्, प्रेमचाहिँ ईश्वर हो ईश्वरको प्रेम सर्वश्रेष्ठ हो,
विश्वास, आशा र प्रेममध्ये पनि प्रेम सबैभन्दा श्रेष्ठ हो ।

२. पूर्ण हृदय र शक्ति, बल, प्राणले परम ईश्वरलाई प्रेम गरौं,
छिमेकीसँग आफैंसँग झैँ सर्वदा निष्कपट प्रेम गरौं ।

३. प्रेमले सदाकाल धीरज धर्दछ, प्रेमले कहिल्यै ईख गर्दैन,
प्रेमले कहिल्यै शेखी गर्दैन, प्रेमचाहिँ कहिल्यै फुलिंदैन ।

४. प्रेमले कुरीति कहिल्यै गर्दैन, आफ्नै भलाइ खोज्दैन,
बुराइ, घमण्ड, छल, कपट गर्दैन, प्रेमचाहिँ कहिल्यै मर्दैन ।

५. प्रभु येशूको पछिल्लो आज्ञा एकअर्कासँग प्रेम गरौं,
एकअर्काको प्रेमको ऋण बोक्दै येशूको आज्ञा पूरो गरौं ।

## ३२५

**स्केल C, ताल C**

**कोः हे येशू तिम्रो प्रेम, कति महान् छ**
**आकाशको तारा, पर्वत, समुद्र, सबभन्दा महान् छ (२)**

१. अगम्य आनन्दले हृदय भरपूर छ,
प्रभुको कार्य नै धेरै महान् छ
हरेक साँझ, हरेक बिहान, (स्तुतिको योग्य छ) २

२. सङ्कटको समयमा जीवन निराश छ
हे ईश्वर पुकार्छु दया मलाई दर्शाऊ
बोलाउनभन्दा पहिला नै भन्छन् (म तिम्रो साथ छु) २

३. अन्धकार घाँटीमा मलाई हिँड्नु छ
मृत्यु र जोखिमको धेरै नै यात्रा छ
गोठालो भई प्रभु डोऱ्याउनुहुन्छ (अनन्त साथी भई) २

४. घटी र कमीको मलाई केही डर छैन
हरियो चउरमा मलाई निर्धक्क छ
भोजन-जलले तृप्त म हुन्छु, (खीष्ट मेरो साथ छन्) २

५. ईश्वरको भवनमा स्तुति सधैँ गर्छु
सम्पूर्ण हृदयले उनलाई सधैँ भज्छु
स्तुतिप्रशंसाको योग्य ईश्वर (हल्लेलूयाह आमेन) २

## ३२६

**स्केल D, ताल $^2/_4$**

**कोः कृतज्ञ भई, शिर झुकाई जीवन चढाउन आएको छु,**
**अमूल्य भेट अरू के छ र ? (जीवन मेरै अर्पेको छु) (२)**

१. टाढो जाँदा प्रेमलाई भुली घायल हुन्छ मन प्रभुको (२)
हुन्छु नजिक, नजिक तिम्रो नै सक्तिनँ म जान टाढो (२)

२. मनलाई खिच्ने वैभव जगतका, विलास बन्लान् बाधक मेरा (२)
खीष्टको अद्‌भूत प्रेमैको निम्ति त्यागछु यिनलाई मनैबाट (२)

३. प्रेम छ अगाध प्रभु तिम्रो नै, बयान गर्ने शक्ति छैन (२)
अनन्तकाल सेवा नै गरूँ, यस प्रेमबाट उऋृण म हुन्नँ (२)

४. जगको निम्ति जिउँदिनँ प्रभु न ता जिउँछु आफ्नै निम्ति (२)
सक्तिनँ म अर्पण नगरी छोटो जीवन तिम्रो नै निम्ति (२)

५. दुःखित छु म समयको निम्ति बितेथ्यो जो रहँदा पापमा (२)
बाँकी जीवन कृतज्ञतामा अर्पित होस् प्रभुकै सेवामा (२)

## ३२७

**स्केल G, ताल $^3/_4$**

**कोः परमेश्वरको क्रोधबाट खीष्टले हामीलाई बचाउँछन्**
**उहाँको जीवनले हामीलाई पापदेखि बचाउँछ ।**

१. महिमाको आशामा आनन्दित बनौँ
निराशा गराउँदैन आशामा रहौं ।

२. उहाँको जीवनद्वारा उद्धार पाउनेछौं
मिलाप र आनन्द गरौं सदासर्वदा ।

## ३२८

**स्केल C, ताल $^6/_8$**

**कोः मुटु भरि-भरि छाती वरिपरि मेरो प्रभुको माया**
**नाप्न सक्दैनौं, अपार छ उनको प्रेमी छत्रछायाँ,**
**ख्रीष्टकै प्रेममा डुब्छु, ख्रीष्टकै प्रेममा भुल्छु म सदा-सदा**
**छुटाउन सक्छ कुन चीजले भन कसले गर्छ बाधा ।**

१. उनको प्रेम आकाशभन्दा अग्लो, सागरभन्दा गहिरो,
अत्यन्त दामी, भेदभावरहित, अवर्णनीय (२)
सित्तैमा पाइने कहिल्यै नपुग्ने (२)
कसले दिन्छ त्यस्तो प्रेम हाम्रै मुक्तिदाता येशू ।

२. जब म हराएको थिएँ, सहाराहीन थिएँ यो पापी
जगमा, प्रभु आउनुभो, मेरै नै सामु (२)
मायालु हातले तान्नुभो मलाई (२)
कसले गर्‍यो त्यस्तो प्रेम हाम्रै मुक्तिदाता येशू ।

## ३२९

**स्केल G, ताल $^2/_4$**

**कोः आउँदछु तपाईंको चरणमा, पर्दछु तपाईंको शरणमा**
**पापको बोझ छ जीवनमा, हटाई बस्नुहोस् हृदयमा ।**

१. सिकाउनुहोस् मलाई प्यार गर्न तपाईंलाई (२)
प्रभु मलाई तपाईंले प्यार गर्नुभो पहिले (२)

२. समाती मेरो हात राख्नुहोस् मलाई साथ (२)
जीवनको ज्योति दिई चम्काउनुहोस् मलाई (२)

## ३३०

**स्केल A, ताल C**

**कोः प्रभु तिम्रो स्तुति गर्छु तिम्रो महिमा गाउँनेछु (२)**

१. तिम्रो चरणमा हे प्रभु (२) हृदय भेटी चढाउँदै छु (२)
२. पूरो मनले बिन्ती गर्छु (२) तिम्रो दर्शन म पाऊँ (२)
३. येशूको रूप ममा हवोस् (२) उनकै गुण देखाउनलाई (२)
४. तिम्रै वचनले हे प्रभु (२)नयाँ जीवन पाउनेछु (२)
५. प्रभु शक्ति देऊ मलाई (२) तिम्रो वचन सुनाउनलाई (२)

## ३३१

**स्केल C, ताल C**

**कोः अङ्ग-प्रत्यङ्गका मालिक म गर्छु प्रणाम्**
**धन्य-धन्य सृष्टिकर्ता अमर छ तिम्रो नाम (२)**

१. तिम्रा सृष्टि यी दुई हात छन् कति राम्रा
तिम्रा सृष्टि यी दुई पाउ छन् कति प्यारा
यी मेरा हात, यी मेरा पाउ अङ्ग हुन् तिम्रा
जे गरूँ म, जहाँ जाऊँ म होस् तिम्रै महिमा (२)

२. तिम्रा सृष्टि यी दुई कान छन् कति राम्रा
तिम्रा सृष्टि यी दुई ओठ छन् कति प्यारा
यी मेरा कान, यी मेरा ओठ अङ्ग हुन् तिम्रा
जे सुनूँ म, जे बोलूँ म होस् तिम्रै महिमा (२)
३. तिम्रा सृष्टि यी दुई आँखा छन् कति राम्रा
अन्धो हुन् त दिलका आँखा छन् ती चनाखा
छन् जो मेरा यी दुई आँखा अङ्ग हुन् तिम्रा
जहाँ जे जति देखें मैले होस् तिम्रै महिमा (२)
४. ज्ञान र बुद्धी जति मेरो हो यो तिम्रै दान
अङ्ग-प्रत्यङ्गमा प्यारको तिम्रो रहेको छ निशान्
श्वास-प्रश्वासबाट मेरो, निस्कोस तिम्रै नाम
मेरा यी सर्वाङ्गबाट हवस तिम्रै काम (२)

## ३३२ (There shall be showers of blessings) **स्केल G, ताल $^6/_8$**

१. पर्नेछ आशिषको झरी, प्रेमको प्रतिज्ञालाई मान
हुन्छन् समय जीउँनी दिने ख्रीष्ट मुक्तिदाताको दान ।
**कोः आशिष्को झरी आशिष्को झरी पठाऊ**
**दयाको थोपो चुहुन्छ आशिष्को झरी पठाऊ ।**
२. पर्नेछ आशिष्को झरी जीवनमा होस् शक्ति-बल
सबैमा उत्पन्न गराउँछ पवित्र आत्माको फल ।
३. पर्नेछ आशिष्को झरी हामीमा प्रभु पठाऊ
दिएर आत्माको भरपूर वचनको तेजले जगाऊ ।
४. पर्नेछ आशिष्को झरी होस् आजदेखि शुरु
हामीले आज पाप मान्छौं सुन्नुहोस् बिन्ती येशू ।

## ३३३ (O love that will not let me go) **स्केल G, ताल C**

१. हे प्रेम, मलाई जान नदिने, म आफ्नो थकित आत्मा ल्याउँछु
प्राण अब तिमीलाई दिहाल्छु जीवनको सागरमा बस्न भरपूरी हुनलाई ।
२. हे ज्योति, मलाई बाटो देखाउने, म आफ्नो सानो बत्ती ल्याउँछु
आफ्नो मनको ज्योति फर्काउँछु, तिम्रो उज्यालोमा बस्छु ज्योतिलो हुनलाई ।
३. हे सुख, जो मलाई दुःखमा खोज्ने, मन मेरो कहीँ भाग्न नसक्ने
बादलमा तिम्रो धनुष हेर्छु, करारमा भरोसा गर्छु, दिन मेरो उज्ज्वल होस् ।
४. हे क्रूस, जो मेरो शिर उठाउने, न तिमीदेखि भाग्न सक्ने
म प्राण माटोमा राखिदिन्छु, फूलजस्तो बढी निक्लनु प्राण मेरो अमर होस् ।

## ३३४ **स्केल G, ताल $^3/_4$**

१. हे येशू मेरो मन लुकाऊ त्यस धारामा, त्यस धारामा

र पाप र डर सबै मेटाऊ रगतको धारामा ।

**कोः रगतको धारामा प्रभु मलाई लुकाऊ पवित्र बनाऊ**
**र दिनवदिन मलाई डुबाऊ रगतको धारामा ।**

२. पापीलाई मिल्दछ क्षमा त्यस धारामा, त्यस धारामा
र पाउँदछ स्वतन्त्रता रगतको धारामा ।

३. अब भर आफैंले मलाई त्यस धारामा, त्यस धारामा
मलाई पनि पवित्र बनाई रगतको धारामा ।

४. पवित्र आत्मा दिनवदिन त्यस धारामा, त्यस धारामा
मलाई प्रभु देखाउँदछन् रगतको धारामा ।

## ३३५ (More love to thee) **स्केल G, ताल C**

१. जीवनभर प्रेम खीष्टलाई म गर्नेछु, सुनिदेऊ प्रार्थनालाई शरण पर्छु
जीवनभर भक्तिसाथ अधिक प्रेम म गर्छु, त्यो अधिक प्रेम खीष्ट म गर्छु ।

२. सांसारिक मोहमा खोजें आराम, बिन्ती छ देऊ मलाई आत्मिक विश्राम
नित्य नित भक्तिसाथ, अधिक प्रेम म गर्छु त्यो अधिक प्रेम खीष्ट म गर्छु ।

३. शैतानले बारम्बार गरे लाचार तिमी छौ तारणहार लाउँछौ भव पार
जयजयगानसाथ प्रभु, अधिक प्रेम म गर्छु, त्यो अधिक प्रेम खीष्ट म गर्छु ।

४. संसार जब त्याग्दछु, खीष्ट मलाई लेऊ, त्रिएक ईश्वरको म भक्त बन्नेछु
यो मेरो दृढ प्रण हो, अधिक प्रेम म गर्छु, त्रिप्रभुलाई प्रेम म गर्छु ।

## ३३६ (Take my Life) **स्केल G, ताल 3/4**

१. लिनोस् प्रभु मेरो ज्यान, होस् तपाईंलाई बलिदान
लिनोस् हरेक दिन र क्षण सधैं स्तुतिमा बितून् ।

२. लिनोस् मेरा हात, प्रभु लाउनोस् काममा तपाईंको
लिनोस् मेरा पाउ, प्रभु आफ्नो पथमा हिंडाउन ।

३. लिनोस् मेरो स्वर, प्रभु, तपाईंको बढाइँ गर्छु
लिनोस् मेरा ओठ, प्रभु, होस् सुवचन भरेको ।

४. लिनोस् मेरो धन, प्रभु, सब तपाईंलाई बुझाउँछु
लिनोस् बुद्धि, ज्ञान, प्रभु, वशमा ल्याई तपाईंको ।

५. लिनोस् इच्छा, हे प्रभु, आफ्नैसित मिलाउन
लिनोस् मन आफ्नै ठान्नोस् तपाईंको सिंहासन होस् ।

६. लिनोस् मेरो प्रेम, प्रभु, चरणमा म खन्याउँछु
लिनोस् तन-मन-धन, प्रभु, खीष्टकै लागि जिउनेछु ।

## ३३७ (Just as I am) **स्केल C, ताल 6/4**

१. जस्तै म छु, हो तपाईंको जीवनका मित प्यार गर्छन् जो
तपाईंलाई, म अर्पण गर्छु, हे प्रभु येशू आउँदै छु ।

२. मेरो आयुको बिहानमा खुसीसाथ ज्यान र प्रतिज्ञा
दिन्छु नभई अबेला, हे प्रभु येशू, आउँदै छु ।
३. सदा ज्योतिमा बस्न पाऊँ सदा भलाई काम गर्न पाऊँ
सेवामा पूरो बल लगाऊँ यसकारण येशू आउँदै छु ।
४. जीवन स्वतन्त्र म हुँदा शुद्ध हुन चाहन्छु तपाईंमा
सोझो र भक्त, धर्मात्मा, हे जीवन स्वामी, आउँदै छु ।

## ३३८ (I am thine O Lord) **स्केल G, ताल C**

१. म तपाईंको हुँ, कति प्यार मलाई प्रभु खीष्ट दर्शाउनुभो
तर विश्वासद्वारा तपाईंको छेउ आउने तृष्णा गर्दछु ।
**कोः मलाई नजिक, नजिक हे प्रभु ल्याउनोस् आफ्नो क्रूसको छेउ**
**मलाई (नजिक) ३ हे प्रभु, आफ्नो घायल शरीरको छेउ ।**
२. ईश्वरको अनुग्रहको शक्तिले म प्रभुको काम गरूँ
इच्छा मेरो तपाईंकोमा मिलाई ईश्वरमा आशा राखूँ ।
३. जब प्रार्थनामा मित्रसँग झैं तपाईंसँग बोल्छु म
तब आउँदा तपाईंको सम्मुखमा मलाई कति आनन्द छ ।
४. म नमरून्जेल प्रेमको अनुभव गर्न सक्तिनँ पूरा
म नबसुन्जेल खीष्टको संगतमा मेरो मेट्दैन तृष्णा ।

## ३३९ (O Jesus I have promised) **स्केल D(F), ताल C**

१. प्रतिज्ञा गरें, येशू म सेवा गर्नेछु
मसँग सधैं बस्नोस्, हे साथी र प्रभु,
लडाइँदेखि डराउन्नँ नजिक हुनुभए
तपाईंको पथ बिराउन्नँ पाउ डोऱ्याउनुभए ।
२. छेउ मेरो बस्नोस् येशू, सांसारिक मायाले
फसाउँछ मलाई सधैं लोभ्याउने सोरले
छन् शत्रु चारैतिर मनभित्र छन् पनि
हे येशू, आई प्राणलाई जोगाउनोस् पापदेखि ।
३. स्वार्थको झगडादेखि ईर्ष्याको आँधीमा
म स्वर तपाईंको सुनूँ मधुर, शान्त, सफा
मलाई चेतावनी, साहस वा हप्की होस् प्रभु
बोली मलाई सुनाउनोस् हे रक्षक प्राणैको ।
४. हे येशू, यो प्रतिज्ञा चेलालाई दिइयो कि
“जहाँ म छु, हुनेछौ त्यहाँ तिमी पनि”
हे येशू, वचन दिएँ म सेवा गर्नेछु
तपाईंको पछि लागूँ हे साथी र प्रभु ।

## ३४० (All to Jesus I surrender) **स्केल D, ताल C**

१. येशूलाई म सब थोक दिन्छु, सबै थोक अर्पण गर्छु
प्रति दिन तपाईंको साथमा प्रेम र विश्वासमा बढ्छु ।

**कोः सब थोक दिन्छु म, सब थोक दिन्छु म**
**मुक्तिदाता तपाईंलाई सब थोक दिन्छु म ।**

२. येशूलाई म सब थोक दिन्छु, दण्डवत गर्छु तपाईंलाई
सांसारिक इच्छा म छोड्छु, तपाईं लिनुहोस् मलाई ।

३. येशूलाई म सब थोक दिन्छु, आफ्नै बनाउनोस् मलाई
पवित्रात्मा हवस साक्षी ख्रीष्ट हुन् मेरो, म ख्रीष्टकै ।

४. येशूलाई म सब थोक दिन्छु, मेरो जीवन लिनुहोस्
प्रेम र शक्ति ममा भर्नोस्, आशिष्ले भरपूर गर्नोस् ।

५. येशूलाई म सब थोक दिन्छु, पवित्रात्मा याद गर्छु
पूरा मुक्तिमा खुसी छु, उनको नाउँको जय गाउँछु ।

## ३४१ **स्केल G, ताल 3/4**

**कोः तारणहार ख्रीष्ट येशूजीको नित-नित जयजयकार होस्**
**पापीहरूलाई अति प्रेम गर्ने, येशूको बढाइँ होइरहोस् ।**

१. तड्पी हिँड्थेँ जीवन सारा तिमीविहीन, हे येशूजी (२)
धन्य होस्, तिम्रो प्रेमको निम्ति (क्रूसैमा चढी बचाउनुभो) २

२. जीवन पथमा दुःख सङ्कट सदा नै प्रभु किन नहोस्
अगाध प्रेमको साटोमा येशू (हृदय भेटी यही रहोस्) २

३. ग्रहण गरी हृदय मेरो प्रेम र आनन्द अझ बढाऊ
मन यही हो मन्दिर तिम्रो, (स्तुतिको योग्य यो जीवन बनाऊ) २

## ३४२ (Nearer my God to thee) **स्केल G, ताल 6/8**

१. ईश्वरको छेवैमा जाँदै छु म, परे पनि दुःखमा लगिन्छु म
स्तुती गाउँदै जय भन्छु ईश्वरको छेवैमा, ईश्वरको छेवैमा जाँदै छु म ।

२. परदेशीजस्तै छु, घाम डुब्दै छ वास गढमा खोज्दै छु रात पर्दै छ
निद्रामा म हुन्छु ईश्वरको छेवैमा, ईश्वरको छेवैमा जाँदै छु म ।

३. * स्वर्गलोकको बाटोलाई दिन्छन् मलाई सब थोक दिन्छन् मलाई वहाँ आशिष्पाई
दूतभन्दा श्रेष्ठ हुन्छु ईश्वरको छेवैमा, ईश्वरको छेवैमा जाँदै छु म ।

४. दुःख, शोकलाई त्यागेर, शान्त भएर, चम्कँदै रहन्छु वहाँ गएर
शोक हुँदैन साथमा ईश्वरको छेवैमा, ईश्वरको छेवैमा जाँदै छु म ।

५. आनन्दको पखेटा जब लिन्छु म, संसारको शोक चिन्ता बिर्सन्छु म
स्तुति गाउँदै जय भन्छु ईश्वरको छेवैमा, ईश्वरको छेवैमा जाँदै छु म ।

## ३४३ **स्केल C, ताल 3/4**

१. सिकाउनुहोस् संगत गर्न तपाईंको दिन व दिन हे मेरो नाथ
गराउनोस् शान्त हलचल हृदयको याद गर्न तपाईंको साथ
बोल्नुहोस् तब तयार म हुन्छु (२) सुन्न त्यो मृदू आवाज
गर्नुहोस् गोहार मसीही जीवन बिताउन बिनालाज (२)

२. चाहन्छु प्रभु, हिँड्न बाटोमा तपाईंको दिन प्रतिदिन
स्वार्थको कारण याद मलाई हुन्छ, छु अति शक्तिहीन
सिकाउनुहोस् प्रभु, गर्नु है सेवा (२) नबनी अपस्वार्थी
बढाइँ होस् आज प्रभु येशूको, बनूँ म निःस्वार्थी (२)

३. निश्चयता प्रभु आज मलाई छ भएको छु मृत्यु पार
पवित्र आत्मा र प्रतिज्ञाका भएँ म भागिदार
ल्याउनुहोस् प्रभु तोडी देह मेरो (२) तपाईंको सिद्धता
केवल प्रकाश होस्, ज्योति तपाईंको मेरो यस जीवनमा (२)

## ३४४

**स्केल D, ताल ¢**

**कोः हे प्रभु गर्न दर्शन तिम्रो, आएका छौं हामी आशा लगाई**

१. मनलाई आफ्नोतिर लगाइदेऊ (२) नापबिना आशिष् खनाइदेऊ
२. आफ्नो पूर्ण ज्ञान दिनुहोस् (२) स्वर्गीय वाणी आज सुनाउनुहोस्
३. खाली होस् प्रभु हृदय मेरो (२) मोह लोभ अरू क्रोध मेटाइदेऊ
४. सबै अशुद्धतालाई धोइदेऊ (२) क्रूसको मुनि स्नान गराइदेऊ
५. क्रूसको वेदीमा आदर साथ आउँछौं (२) तन-मन-धन सबै भेटी चढाउँछौं

## ३४५

(All for Jesus) **स्केल D, ताल C**

१. खीष्टकै लागि सबै, खीष्टकै काम गर्ने शक्ति मेरो
बात, विचार, कामहरू सबै, दिन, घण्टा सबै मेरो
खीष्टकै लागि सबै खीष्टकै काम गर्ने शक्ति मेरो
खीष्टकै लागि सबै खीष्टकै दिन घण्टा सबै मेरो ।

२. उनको कार्य यी हातले गरून्, पाउ उनको पथमा हिँडूँन्
आँखाले खीष्टलाई देखून्, ओठले उनको स्तुति गरून्
खीष्टकै लागि सबै खीष्टकै पाउ उनको पथमा हिँडूँन्
खीष्टकै लागि सबै खीष्टकै ओठले उनको स्तुति गरून् ।

३. आँखा जब खीष्टमा लाएँ खीष्ट टाँगिएको देखें
आत्माले खीष्ट मात्र देखें, अरू थोक मैले भुलें
खीष्टकै लागि सबै खीष्टकै, खीष्ट टाँगिएको देखें
खीष्टकै लागि सबै खीष्टकै, अरू थोक मैले भुलें ।

## ३४६

**स्केल C, ताल ¢**

**कोः तिम्रो चरणमा, तिम्रो शरणमा, तिम्रो चरणमा, तिम्रो शरणमा ।**

१. आयौं प्रभु भेटी चढाउँदै, भेटी आराधना चढाउँदै भन्छौं
शक्ति देऊ प्रभु राज्य बढाउन, येशू नाम फैलाउन (२)
२. तिम्रो शरणको दास हामी भई, पवित्र आत्मा लिई अघि बढ्दै
सुतेको भाइलाई जगाउँदै, हराएको आत्मालाई खोजिल्याउँदै
बढाउँछौं तिम्रो राज्यलाई, येशू नाम फैलाउँछौं (२)

## ३४७

**स्केल F(D), ताल C**

**कोः हृदय भेटी चढाऔं प्रभुलाई, स्तुति जयगान पनि,**
**हामी सब सन्तगण मिली २**

१. पापको भार उठाउन आए ख्रीष्ट नरलोकमा (२)
पापी जन सबको पाप मेटाई (२) जीवन सनातन दिन ।
२. असाध्य दुःख उठाए नम्र र दीन बनी (२)
खोली उद्धारको द्वार प्रभुजी (२) अमर आशा दिलाई ।
३. धन्य स्वर्गीय यो प्रेम हामी अधर्मीप्रति (२)
नभुलौं फेरि दुष्ट बनेर (२) संसारमा फेरि फर्की ।
४. समर्पण गर्छौं तपाईंलाई प्राण, आत्मा, हृदय पनि (२)
रक्षा गर्नुहोस् यो जीवनको (२) विनय छ हाम्रो यही ।

## ३४८

**स्केल G, ताल $^{3}/_{4}$**

**कोः जीवनको दीप, जीवन प्रभा चिरानन्द प्रकाश देऊ**
**हृदय मेरो लिएर नवीन आत्मिक बनाइदेऊ (२)**

१. अन्तरात्माले मेरो विनय यही गर्दछ (२)
कलङ्क सब धोएर मसीही जीवन बनाइदेऊ ।
२. जीवन अरुणको रोशनी ल्याई यो मेरो हृदयकाशमा (२)
आत्मामा नव उमङ्ग देऊ, हे प्रभु बिन्ती सुनिलेऊ ।
३. आशा, विश्वास र प्रेममा स्थिर रहने शक्ति देऊ (२)
जीवन-यात्रा शेष भए आत्मा यो ग्रहण गरिलेऊ ।

## ३४९

(Be thou my vision) **स्केल D, ताल $^{3}/_{4}$**

१. होऊ मेरो दर्शन, मेरो प्राण हे प्रभु, तपाईंबाहेक आनन्द छैन अरू
रातमा या दिनमा होस् सोच तपाईंकै, सुत्दा वा ब्यूँझँदा ज्योति तपाईं नै ।
२. होऊ मेरो बुद्धि, मेरो साँचो बात, म सदा तपाईंसाथ, तपाईं मसाथ
तपाईं नै पिता, म छोरो, साँच्चै वास गर्नोस् ममा, मचाहिँ तपाईंमै ।
३. होऊ मेरो तरवार र ढाल लडाइँको, होऊ मेरो मर्यादा, आनन्द मेरो
होऊ मेरो गढी, धरहरा अग्लो स्वर्गतिर उठाऊ, हे बलवान प्रभु ।
४. धन म खोज्दिनँ न त प्रशंसा, तपाईं नै मेरो सर्वस्व सदा
तपाईंलाई मात्र मेरो पहिले मान स्वर्गको राजा, तपाईं मेरो धन ।

५. स्वर्गको राजा विजय भइगयो स्वर्गीय आनन्द पाउँछु घाम चम्किलो
मेरो प्राण प्यारो भुल भए हाम्रो अझै होऊ दर्शन, हे सबका राजा ।

## ३५०                                                                    **स्केल G, ताल C**

**कोः मन मेरो लिनुहवस् येशू, तपाईंले यसलाई बनाउनुभो**
**यसमा तपाईं आफ्नो घर बनाउनोस् जसको लागि यो बनाउनुभो ।**

१. दुनियाँको सब कुरा निकाल्नोस्, यसलाई शुद्ध पवित्र गर्नुहोस्
अशुद्ध मैलो पापलाई धोईकन त्यो रगतले जो बहाउनुभो ।

२. जब पढ्दछु पवित्र वचन जसको बाटो छ सच्चाइको
बाटो-सत्य-जीवन देखाइकन विश्वास अनि आशा बढाउनुभो ।

३. धेरै साल तपाईंदेखि थिएँ दूर लापरवाहीले नै गरे दूर
अनुग्रह, प्रेम, दयाको वरदानले धीरज धरी मलाई देखाउनुभो ।

४. आत्मा शुद्ध होस् धोईकन पवित्र आत्माको बप्तिस्माले
हर समय, हर जग्गा साक्षी दिऊँ, जस्तो तपाईंले नै सिकाउनुभो ।

## ३५१        (Lord in the fullness of my might)     **स्केल C, ताल C**

१. हे प्रभु तपाईंको लागि पूरो शक्ति दिन्छु
र मेरो मनको हर्षअन्सार तपाईंको गीत गाउँछु ।

२. संसारलाई हृदय दिएर प्रेम हुन्न तपाईंको
तपाईंको सेवा बिनाबल गर्न नसक्ने हो ।

३. तपाईंको लागि कुइच्छा नहवस् दान मेरो
न मेरो हवस् अल्छे मन, न हृदय अपस्वार्थको ।

४. हे प्रभु मलाई चुन्नुहोस्, म हुन्छु तपाईंको
तपाईंलाई पूरो बल दिन्छु सम्पूर्ण हृदयको ।

## ३५२          (How sweet the name)       **स्केल G, ताल 3/4**

१. येशूको नामले दिन्छ सुख विश्वासीहरूलाई
चोट निको पार्छ, थाम्छ दुःख र हटाइदिन्छ भय ।

**कोः प्यारो नाम मुक्तिदाताको, प्यारो नाम मुक्तिदाताको**
**प्यारो नाम मुक्तिदाताको, सर्वोच्च नाम येशू ।**

२. प्रिय नाम, मेरो जीवन-आधार ढाल, शरणस्थान मेरो
प्रशस्त दिने यो भण्डार असीम अनुग्रहको ।

३. ख्रीष्ट त्राता, मित्र गोठाला, बाटो, सत्य, जीवन
भविष्यवक्ता, पुरेत, राजा, हृदय गर्छु अर्पण ।

४. तपाईंको प्रेम अपार सुनाऊँ प्राण मेरो रहुन्जेल
यस नामले फेरि जागृत होऊँ जब आउँछ मृत्युकाल ।

## ३५३                                                                    **स्केल C, ताल 3/4**

**कोः जवानीलाई प्रभुको निम्ति जिउँदो बलिदान चढाऊ**
**संसारलाई त्यागी आफ्नो क्रूस उठाई प्रभुलाई नै पछ्याऊ है ।**

१. यो शरीर तिम्रो मन्दिर हो जहाँ ईश्वरले वास गर्छन्
यसलाई सधैँ पवित्र राख, प्रभुले राज गर्छन् ।

२. आफैंलाई प्रभुको सिपाही बनाऊ, लडाइँ छ लामो, हरेस नखाऊ
विश्वासीको उत्तम लडाइँ लड, प्रभुले जय दिन्छन् ।

## ३५४

**स्केल Am, ताल $^3/_4$**

**कोः उठ, जाग हे मसीही, यर्दन पार जानलाई (२)**
**त्याग, त्याग मिश्रको यो सुख-विलास, मानलाई (२)**

१. कति पनि शङ्का नराखी येशूको करारमा (२)
अघि बढी विवश नभई (२) प्रभुको विश्वासमा ।

२. समुद्र गर्जोस्, थर्कोस् पर्वत, बाढी बढोस् यो यात्रामा, (२)
फर्की नहेरी सदोम नगरलाई (२) कदम बढाऊ सियोन पहाडमा ।

३. नजर उठाई कलवरीमा हेरी ख्रीष्ट निशानालाई, (२)
हटाइदिने बाधा र बन्धन (२) नाश गर्ने अन्धकारलाई

४. अब्राहम, इसहाक, याकूब, युसूफलाई साथ दिने हे यहोवा, (२)
हल्लेलूयाह, हल्लेलूयाह (२) स्तुति महिमा, हल्लेलूयाह ।

## ३५५

**स्केल G, ताल C**

**कोः तिम्रो जवानीलाई हेला गर्न नदेऊ कसैलाई (२)**
सुम्प जीवन प्रभुलाई, डोऱ्याउनेछन् तिमीलाई (२)
जीवनको यो (यात्रामा) २

१. जीवन यो हाम्रो सधैँ नरहने, जानुछ एक दिन सबै (२)
पापलाई त्यागी ख्रीष्टलाई लिई (२) हुनेछौ मृत्युपार ।

२. लोभ गर्छौ, लालच गर्छौ संसारको सबै थोकलाई (२)
यी सबै थोक केही पनि होइन (२) हुनलाई मृत्युपार ।

३. जीवन यो तिम्रो प्रभुलाई देऊ भर्नेछन् आशिष्ले (२)
संसारमा दुःख, मृत्युबाद सुख (२) पाउने छौ तिमीले ।

## ३५६

**स्केल D, ताल ¢**

**कोः मेरो जीवन यो प्रभु तिम्रै हो, मेरो आशा-उमङ्ग प्रभु तिमी नै**
**तिम्रै बनी म रहिरहूँ अब बिन्ती यही छ सदालाई ।**

१. मेरो जीवन यस्तो थियो कि झरेको फूल, अन्योलमा बाँचेको भुलै-भुल,
रित्तिएको जिन्दगीमा केही थिएन सार
मेरो निम्ति आशा केवल हारै-हार्
मैले जोश पाएँ, मैले होश पाएँ सब दोषको माफ प्रभुमा पाएँ (२)

२.  दामी-दामी सम्झेका ती जे-जति थिए, मेरो निम्ति ती सबै नै भार भए
जहाँ-जहाँ खोजी हिंडे, चाहिएका बात
मेरो निम्ति केही रहेन, सधैँ रित्तो हात,
मैले सत्य र जीवन, शान्ति खोजें, येशूमा बाहेक कहीं पाइनँ (२)

## ३५७

**स्केल C, ताल $^6/_8$**

**कोः यहाँ मैले उद्धारको गीत गाउनुछ,**
**हर-दिलमा खीष्ट बसाउँनुछ (२)**

१.  येशूको करुण क्रन्दन यहाँ सुनिदेऊ,
उनैको आदेश जीवनमा झल्काइदेऊ,
उहाँसँग जिउन चाहनेहरू उहाँजस्तै बनिदेऊ ।

२.  रात-दिनको फेरो जस्तै भई तिमी यहाँ बाँचिदेऊ
सधैँ-सधैँ यहाँ बाँचिदेऊ (२)
उहाँसँग जिउन चाहनेहरू उहाँजस्तै बनिदेऊ ।

## ३५८

**स्केल G, ताल $^3/_4$**

**कोः हेर न रक्ताम्मे कलवरीमा प्रेमको प्रतीक क्रूस खडा त्यहाँ,**
**टाँगिएका त्यसमा प्रभुजी छन्, दिन तिमीलाई उद्धार महान् (२)**

१.  बाँच्छन् मानिस बेहोस्सरि मानौं कहिल्यै मर्दैनन् ती
मित्र, निश्चय मर्छौ तिमी, जिउँछौ तब कहाँ युग-युगभरि ?

२.  बाँच्नलाई वस्तु चाहिए पनि छातीमा हाली लाँदैनौ ती
मृत्युपारि पनि जिउँछौ तिमी, लान्छौं कि केही त्यहाँ सँगाली ?

३.  प्रभु खीष्ट बने गरीबै अति, त्यागे सबै थोक तिम्रै निम्ति
प्रिय, तिमी ता जन हौ खीष्टका, जिउँदछौ अब कसको निम्ति ?

४.  देखी रक्तामै क्रूसमा, खीष्टलाई गर्ने कसरी उपेक्षा उनलाई
सट्टामा खीष्टको अपार प्रेमको चढाउँदैनौ के हृदय आफ्नो ?

## ३५९

**स्केल C, ताल $^2/_4$**

**कोः म हुँ एउटा रित्तो भाँडो, फुस्रो माटोले बनेको,**
**कुटी-पिटी, काटी-छाँटी, तपाईंको इच्छाअनुसारको**
**भाँडो मलाई बनाउनुहोस् (२)**

१.  म छु मैलो कटकटेको, सर्वाङ्ग मेरो धुनुहोस्,
तपाईंको गुणले भरेर, बल्दो साक्षी बनाउनुहोस् (२)

२.  पवित्रात्मा पलपलमा मलाई नम्र तुल्याउनुहोस्
कदम-कदममा डोऱ्याउँदै, प्रार्थनाको जीवन दिनुहोस् (२)

३.  येशू तपाईंको भाँडो हुँ, अति थकित र कमजोर छु,
तपाईंको सामर्थी हातले, समातेर चलाउनुहोस् (२)

## ३६०
स्केल G, ताल $^2/_4$

**कोः तोड-फोड गरी जोड्नहोस् फेरि ख्रीष्ट स्वयं जिउनुहोस्**
**सृष्टि अघिको इच्छा तपाईंको, हे प्रभु, पूर्ण होस् ।**

१. स्वार्थमय जीवन जिएर कति तपाईंलाई रुवाएँ (२)
तपाईंको आज्ञा तोडेर मैले धेर काँडा उमारें
ती काँडाबाट एक मुकुट बनाई प्रभुलाई पहिर्‍याएँ
पाप गर्दै यहाँ बाँचेर कैयौं बार क्रूसमा चढाएँ ।

२. जिउन चाहन्नँ हारेको जीवन ख्रीष्टरहित भएर (२)
जिउन चाहन्छु जयवन्त जीवन ख्रीष्टभित्र भएर
यसकारण प्रभु हारपूर्ण जीवन तपाईंलाई अर्पन्छु
मेरो सट्टामा येशू जिउनहोस् यो विनय बिसाउँछु ।

## ३६१
स्केल C, ताल C

**कोः हे ख्रीष्टीय लोक, अघि बढ जीवनको यात्रामा ।**

१. जानुछ दुःख, क्लेश सहँदै प्रभुलाई पछ्याउँदा ।
२. नघबराऊ, शोक, लाज सहनुछ, ख्रीष्टले जोगाउँदछन् ।
३. शैतानको सामना गर्नुछ, लेऊ तरवार आत्माको ।
४. ईश्वर सामर्थी छन्, साथमा हिँडौं उनको आडमा ।
५. ईश्वरको ज्योति देखाउँदै, लड्नेलाई सम्हाल्दै ।
६. बढौं भलाइको काम गर्दै, सुत्नेलाई जगाउँदै ।
७. नछोडी ईश्वरलाई सँगमा, पुग्नेछौं स्वर्गधाममा ।
८. योग्य रीतले यो जीवन बिताऔं *स्वर्गीयमा जग्गा पाऔं ।

## ३६२
स्केल G, ताल C

१. येशूको पछि हिड्नेछु बरु दुःखको बाटो होस्
भञ्ज्याङ, पहाड र मैदानमा मलाई जानुपरोस्
खुसी मनले म हिड्नेछु जहाँ उनी जानेछन्
जान्दछु कि यही बाटो जानेछ यरूशलेम ।

२. यसकारण म सोध्नेछैन प्रभुले कहाँ लानेछन्
म डराउनेछैन कहिल्यै येशू बाटो देखाउँछन्
हुकूम मान्दै उनको पछि हिँड्नेछु नम्रताले
कारण उनको सिद्ध इच्छा जाती छ मेरा लागि ।

३. दुनियाँले मलाई भुल्याए मेट्नेवाला चीजैले
अनि पापमा फँसाए सधैँ दुःख दिएर
गर्नुहवस्, निर्बन्ध मलाई आत्मा, प्राण र जीवनमा
तपाईंको सेवा गर्नलाई बस्न तपाईंकै इच्छामा ।

४. लिनुहवस् मेरो इच्छा आफ्नो इच्छामा राखी

जब दौडमा म थाक्नेछु मेरो साहसलाई बढाऊ
जीवनभरि तपाईं पछि हिँड्नेछु सच्चाइले
तब खुसी हुन्छु महिमा तपाईंको संगतिले ।

## ३६३

**स्केल G, ताल C**

**कोः दयालु प्रभु मलाई डोऱ्याउनोस् बाटोमा तपाईंको**
**पूर्ण होस् इच्छा परमेश्वरको जीवनमा मेरो**
**जाँच्नुहोस् प्रभु मलाई गर्न सब स्वार्थको नाश**
**देखाउनुहवस् उपाय मलाई, बनूँ म विश्वासी दास ।**

१. छान्नुभो प्रभु अयोग्य प्राणीलाई गर्नलाई तपाईंको काम
अज्ञानी म, निर्बल, लाचार छु बढाउन खीष्टीय राज्य
खार्नुहोस्, बनाउनुहोस् जीवनलाई प्रभु मेरो
काट्नोस व्यर्थ वृद्धि बन्न स्वरूप तपाईंको ।

२. जानेछु म बाटोमा येशूजीको नगरी केही गन्गन्
प्रेमको केन्द्र प्रभु मेरो तपाईं, अर्पण गर्छु तन-मन-धन
हटाउनोस् स्वार्थ मेरो, होस् भरपूरी आत्माको
देखून् सबले जीवनमा सद्गुण परमेश्वरको ।

## ३६४

**स्केल F(D), ताल C**

१. हे परदेश जाने लोग हो भनिन्छौ धन्यका
खीष्ट शिरैतिर जाँदै खीष्ट साथी साथमा ।

२. संसारको त्राणको लागि खीष्टकै बाटोमा
दुःखित र भोका हुँदै भनिन्छौ धन्यका ।

३. जुन क्रूसलाई खीष्टले बोके, त्यो तिम्रो लागि थियो
जुन काँढे-मुकुट लाए, त्यो तिम्रो लागि थियो ।

४. जुन विश्वासले खीष्ट देख्छौ, जुन आशा राख्दछौ
जुन प्रेमले खीष्टलाई हेर्छौ, जब दुःखमा अल्भियौ ।

५. यी के अगौटे होइनन् खीष्टकहाँ पुऱ्याउने
यी आफैंआफ मूल ज्योतिका किरण छोडी के ।

६. जुन कष्ट र क्लेशले घेर्छन्, जुन दुःख भोग्नुछ
जुन बेहिसाब परीक्षा छन् यहाँ असाध्य ।

७. यी सबै खीष्टका शोभा स्वर्ग माफिकका सिँगार
यी सबै एउटा लिस्नु उकाल्ने स्वर्गको द्वार ।

८. हे धन्य यात्री लोग हो, होस् स्वर्गको सम्भना
जहाँ थोरै दुःखको साटो धेर सुख छ प्रभुकहाँ ।

## ३६५

**स्केल G, ताल C**

१. जीवनको बाटो काँडाले पूर्ण, सङ्ग्राम छ भारी मन हुन्छ चूर्ण
मरूँ झैँ शुष्क हुन्छ कहिले, रसिलो अनि भरिलो पहिले
समय त्यो थियो चिन्न तपाईंलाई, धन्यवाद प्रेमी परमेश्वर पिता
देख्दछु म त्यो बादलको खाँबो, उज्ज्वल चम्किलो डोऱ्याउने मलाई ।
२. अन्धकार कस्तो ढाक्दछ मलाई, निराशको नित्य हुँदै छ बढाइँ
कसरी हिँड्नु पाइला कहाँ हाल्नु, चाहन्नँ प्रभु जीवन यो फाल्नु
धन्यवाद पिता कालो बादलको पारि देख्दछु ज्योति जीवनको
सोध्न मन लाग्छ किन हे प्रभु सिकाउनुहोस् मलाई धैर्य हे येशू ।
३. लछार र पछार संसारको अति घिनलाग्दो पापमय छ मेरो गति
लडाइँ र झगडा छ देश-विदेशमा, घमण्ड छ तिनको विद्या र भेषमा
धन्य छ येशू मेरो हो आशा, बादलमा उज्ज्वल देख्नेछु राजा
सबैका मालिक शान्तिका दाता, शक्तिका प्रभु ख्रीष्ट मुक्तिदाता ।
आउनुहुनेछ (३) चाँडै नै महिमित बादलमा येशूजी आउनुहुनेछ ।

## ३६६

**स्केल D, ताल C**

१. परदेशी भाइ हो जाँदै छौ कहाँ ? भेष हामी बदली जान्छौं नि वहाँ
टाढैको यात्रा गर्दैछौं राजाको समाचार पाएका छौं *स्वर्गमा पुग्नलाई ।
२. त्यो सुखको ठाउँमा पुगूँला भन्ने परदेशी भाइ हो के तिम्रो चिन्ने
भरोसै तिम्रो छ हम्मे आशा त साँच्चै अगम्मे दुःखका बाटैमा ।
३. चम्किलो वस्त्र येशूले दिन्छन्, तेजिलो मुकुट प्रभुले दिन्छन्
संगिलो अमृत पिउनेछौं, स्वर्गीय* सुखधाम पाउनेछौं स्वर्गीय राज्यमा ।
४. बगाल छ सानो, डर छैन धेरै बाटो छ एक्लो साथी छ थोरै
दूत हाम्रो दुःखलाई छ सुन्ने, प्रभु येशू स्वामी छन् हेर्ने रक्षक भई अगुवा ।
५. आऊ न भाइ हो, आऊ दिदीबहिनी बीचबीचमा पस एकएकै गनी
नछोड हामीलाई कहिल्यै, विश्वास गर ख्रीष्टमा अहिले तब पुग्छौ सुखधाममा ।
६. परदेशी भाइ हो, जान्छौ नि हामी रमाइलो देशमा लैजाऊ है जानी
लैजाऊ है हामीलाई साथैमा *स्वर्गीयधामको बाटैमा डोऱ्याउन हामीलाई ।

## ३६७

(The Lord's my shepherd) **स्केल F, ताल $^3/_4$**

१. गोठालो मेरो हुन् प्रभु न घटी छ मलाई
हरियो घाँसको चउरमा चराउँदछन् मलाई ।
२. उनले सुख-चैनको पानीमा डोऱ्याउँदछन् मलाई
र पार्छन् पुनर्जीवित प्राण धर्म मार्गमा हिंडाई ।
३. जब हिँड्छु मृत्युको छायाँमा न डर न छ फिक्री
लौरो र लट्ठीले उनका दिन्छन् मलाई शान्ति ।
४. भोज तयार गर्दछन् उनले शत्रुको सामनेमा
तेल मेरो शिरमा मल्दछन् पोखिन्छ कचौरा ।
५. मपछि लाग्छ जीवनभर भलाई र करुणा
र परमेश्वरको घरैमा म रहनेछु सदा ।

## ३६८ (Anywhere my Savior) **स्केल G, ताल $^6/_8$**

१. जहाँ पनि प्रभु पाउ मेरो डोऱ्याऊ, हुनुहुन्छ साथैमा हात समात्न पाऊँ
बाटो काँडे होस् तै भरेको जालले, पछ्याउँछु म प्रभु डोऱ्यायौ भने ।

**कोः जहाँ पनि मुक्तिदाता म पछ्याउनेछु, म पछ्याउनेछु**
**जहाँ पनि मुक्तिदाता डोऱ्यायौ भने ।**

२. जहाँ पनि प्रभु खालि मुस्कुराऊ, रक्षा, बल र शान्ति देऊ पापमा नपरूँ
बाटो अँध्यारो होस् तर नडराऊँ, जहाँ भए पनि प्रभु साथै होऊँ ।

३. जहाँ पनि प्रभु प्रार्थना यही गरूँ, साँगुरो बाटो हिडूँ कैले नभड्कूँ
पापले खिच्न खोजे अस्वीकार गरूँ, सोझो बाटो प्रभु साथ-साथै हिडूँ ।

## ३६९ **स्केल C, ताल C**

१. म अति निर्बल, तपाईं प्रबल कसरी हुनु पार ?
न देवी-देवता, येशू नाउँ एउटा, नावै छ तारणहार ।

२. तुफानै भारी नाउ छ वारि, गराइदेऊ मलाई पार
भवसागर तर्न केही शक्ति छैन, उपाय देऊ तारणहार ।

३. यो नाउ भारी गरिदेऊ वारि बिन्ती छ बारम्बार
सबले जानोस् सबले मानोस् येशू नाउँ तारणहार ।

४. संसारैभरि पापको भारी, उद्धार देऊ दीनानाथ
बिलख रुन्छौं, शरण पर्छौं, आउँदछौं तपाईंसाथ ।

५. तपाईं प्रेमी, तपाईं न्यायी जगत्का पालनहार
आत्मा देऊ प्रभु, सबैलाई बुझ्ने, तपाईं तारणहार ।

## ३७० (Lead us heavenly father) **स्केल D, ताल C**

१. स्वर्गीय पिता ईश्वर तार्नोस् सागरमाथि हामीलाई
रक्षा, अगुवाइ पालन गर्नुहोस् खालि गोहारक तपाईं
हामी पनि हुन्छौं धनी ईश्वर हाम्रा पिता भए ।

२. पाप-भुल जान्ने मुक्तिदाता, क्षमा गर्नोस् हामीलाई
हामी भन्दा अघि हिँड्यौ दुःख खाँदै संसारको
मरुभूमिबाट घुमी लाग्यो शुन्य, प्यास, थकाई ।

३. ओर्ली हे पवित्र आत्मा, मनमा आनन्द भर्नुहोस्
प्रेम हर अनुभवको साथमा दिव्य हर्ष दिनुहोस्
यस्तो युक्ति, अगुवाइ, मुक्ति पाई हाम्रो मेल रहोस् ।

## ३७१ **स्केल D, ताल ¢**

**कोः भरोसा छैन जीवनको बादलझैं यो जीवन हो**
**एक दिन हामीलाई जानुछ येशू मसीहको सन्मुखमा ।**

१. ईश्वरको पुत्र येशू हुन् औतार भो पापी जगतमा

पापदेखि मुक्ति उनैले दिन्छन् बाटो र सच्चाइ, जीवन उनी
स्वर्गको मुनि नाउँ अरू छैन् मुक्ति दिनलाई ।
२. धर्म र कर्म गरेर, संसारको सुखमा भुलेर समय नष्ट नगरौं
फर्केर फेरि आउँदैन, येशू मसीह नजिकै छन्, मुक्ति दिनलाई ।
३. साँचो हृदय लिएर, साष्टाङ्ग दण्डवत् गरेर, हे येशू म पापी
चरण तिम्रो पर्दछु, क्रूसको रगत अपनाउँछु, मुक्ति दिनुहोस् ।

## ३७२

**स्केल C, ताल C**

१. परमेश्वर मेरा हुन् अगुवा, यो सुन्नु कस्तो सान्त्वना
जे जति गरूँ, जाऊँ जता परमेश्वर मेरा हुन् अगुवा ।
**कोः परमेश्वर मेरा हुन् अगुवा, मलाई डोऱ्याउँदछन् सदा**
**म उनको पछि लागूँला कारण परमेश्वर हुन् अगुवा ।**
२. भव सागर कहिले शान्त छ र कहिले आँधी चल्दछ
वा आपदमा वा सुख चैनमा, परमेश्वर मेरा हुन् अगुवा ।
३. समात्छु म तपाईंको हात नगरूँ गनगनाइको बात
जे परे होस् रमाऊँ सदा कि ईश्वर मेरा हुन् अगुवा ।
४. आउँदा पृथ्वीको कामको अन्त, अनुग्रहद्वारा भई जयवन्त
निर्भय म तर्छु मृत-खोला धामसम्म ईश्वर हुन् अगुवा ।

## ३७३

**स्केल G, ताल ³/₄**

१. *स्वर्ग देशमा मलाई जानुछ पिताको घरमा बस्नलाई
बटौरे साथी एउटा छ सहरको ढोका खोल्नलाई ।
**कोः बटौरे साथी को हो ममाथि टिठाउने ?**
**बटौरे साथी को हो ढोकालाई खोल्दिने ?**
२. अब हिँड्छु म बाटोबाटै उनले बाटो देखाउँदछन् जुन
ममाथि टिठाई ढोका खोल्ने ईश्वरका प्रिय पुत्र हुन् ।
३. सम्झ त्यो बाटो कस्तो छ, जहाँ म अहिले हिँड्नेछु
सम्झ त्यो ढोका कस्तो छ, जहाँ म अहिले पस्नेछु ।
४. त्यो स्वर्गीय बाटो साँगुरो छ, मन अति कष्टित तुल्याउने
त्यो पस्ने ढोका साँगुरो छ, मलाई त्यस सहर पुऱ्याउने ।
५. धर्म-पुस्तक मेरो हातमा छ, मलाई ठीक बाटो देखाउने
प्रार्थनामा ख्रीष्टीय शक्ति छ, त्यो ढोका पनि खोल्दिने ।
६. धर्म पुस्तकलाई म छोड्दिनँ, म प्रार्थना गर्न भुल्दिनँ
स्वर्गीय* को अधिकारी नभई, अब उसै म ता मर्दिनँ ।

## ३७४

**स्केल G, ताल C**

१. दुःख, शोक सबै काटियो हल्लेलूयाह सब लडाइँमा जीत भयो हल्लेलूयाह

बिते दिन पछिपछि छाडौँ, हल्लेलूयाह दृष्टि अघि उचालौं हल्लेलूयाह ।

२. उनको शब्द सुन्दछौं, हल्लेलूयाह आदि अन्त सर्वत्र हल्लेलूयाह
जहाँ उनले लानेछन्, हल्लेलूयाह ज्योति उनले दिनेछन् हल्लेलूयाह ।

३. हाम्रो जीवनको आधार, हल्लेलूयाह खीष्टमा मात्र पाउँदछौं हल्लेलूयाह
हाम्रा परममित्रकहाँ हल्लेलूयाह दिन-दिनअघि बढ्दै जाऔं हल्लेलूयाह ।

## ३७५

**स्केल G, ताल C**

**कोः यहवे मेरो गोठालो, मलाई केही घटि हुँदैन**
**उनले हरियो खर्कमा मलाई चराउनेछन् ।**

१. सुख-चैनको पानीनिर सदैव डोऱ्याउनेछन्
मेरो यो तुच्छ प्राणलाई नयाँ तुल्याउनेछन् ।

२. आफ्नै नाउँको कारण जहीँ गए तापनि
धर्मको सुमार्गमा मलाई अगुवाइ गर्नेछन् ।

३. अँ मृत्युको छायामा हिँड्नुपरे तापनि
रक्षा गर्छन् जहीं जाऔं तब किन डराऔं ।

४. सबै शत्रुको सन्मुख भोज तयार पार्नुहुन्छ
तेलले अभिषेक गरे कचौरा पोखिन्छ ।

५. निश्चय भलाइ र कृपा जीवनभरि रहन्छ
यहवेको स्वर्गधाममा सदैव बास गर्नेछु ।

## ३७६

(I have dicided) **स्केल C, ताल C**

१. येशूको पछि म हिँड्न लागेँ दुनियाँलाई त्यागी क्रूस नै बोकी ।

**कोः येशूको पछि म हिँड्न लागेँ (फर्कँदिनँ) २**

२. आमाले मलाई, बुबाले मलाई, सबैले मलाई त्यागे तापनि ।

३. माटोको मेरो क्षणभङ्गुर शरीर माटैमा फेरि नमिलेसम्म ।

## ३७७

**स्केल G (E), ताल $^2/_4$**

१. म येशूको साथ ज्योतिमा हिँड्छु दिन र रात उनको पछि म हिँड्नेछु
पछि हिँड्नेछु जय पाउनेछु येशू खीष्ट मेरो बलिदान ।

**कोः हिँड्दैहिँड्दै ज्योतिमा येशूको साथ, हिँड्दैहिँड्दै समात्छु येशूको हात**
**ज्योतिमा हिँड्नेछु जय पाउनेछु, येशू खीष्ट मेरो बलिदान ।**

२. म येशूको साथ ज्योतिमा हिँड्छु अन्धकारमा पनि म डराउँदिनँ
कदम बढाउँछु मनले गाउनेछु येशू खीष्ट मेरो बलिदान ।

३. म येशूको साथ ज्योतिमा हिँड्छु हेर्दैहेर्दै सब दिन गोहार पाउनेछु
शोक या खुसी होस् नजिक छन् मेरो येशू खीष्ट मेरो बलिदान ।

४. म येशूको साथ ज्योतिमा हिँड्छु आफ्नो आँखा उनमा म लगाउनेछु
हातमा छन् क्रूस, झण्डा छन् अद्भूत, येशू खीष्ट मेरो बलिदान ।

## ३७८
**स्केल G, ताल $^{2}/_{4}$**

**कोः हे परमेश्वर तिमी नै हौ मेरो भरोसा तिमीमा छ सधैँ ।**

१. मेरो जीवनको राहमा प्रभु भरोसा तिम्रो येशू लिई
अघि बढ्दै-बढ्दै जाँदै छु जीवनको कदममा ।

२. तिम्रो ज्योतिको किरणलाई प्रभु जीवन र राह प्रदर्शक बनाई
स्तुति प्रभु गाउँदै-गाउँदै छु बढ्दै-बढ्दै जाँदै छु ।

३. मेरो जीवनको यात्रालाई सामर्थ तिम्रोले भरी
तन, आत्मा र प्राणमा प्रभु सफल सिद्ध तुल्याइदेऊ ।

## ३७९
**स्केल G, ताल $^{6}/_{8}$**

१. मनाऔं आनन्द प्रभुमा र आत्मिक धन गनौँ
वचनमा जाहेर गरेका अपार भण्डार हेरौं ।

**कोः क्षमा र शक्ति, पवित्रता र स्वर्गनिवास**
**मेरो लागि मसीहमा छन् आनन्दको स्तुति प्रभुलाई हवस ।**

२. ईश्वरले पाप मेटाउनलाई सित्तेइँ दिन्छन् क्षमा
क्षमाको साथमा मेल पनि येशूको रगतमा ।

३. पापको शक्ति नाश गर्नलाई प्रभुले बल दिन्छन्
पवित्र आत्माले मनलाई पापदेखि चोख्याउँछन् ।

४. भरोसा गरी बालकझैँ यो आशिष् पाउनेछौं
ईश्वरले ख्रीष्टमा दिएका दानले भरिनेछौं ।

## ३८०
**स्केल D, ताल $^{6}/_{8}$**

**कोः यो जग कहिल्यै छैन स्थिर (२)**
**कहिले रुनु, कहिले हाँस्नु छैन सदा स्थिर ।**

१. समुद्रको छालैसरि संसारको गत छ (२)
कहिले जन्म, कहिले मरण, सरावरि चल्छ ।

२. मेरो-मेरो जगले भन्छ, मेरो छैन केही (२)
हंसै उडी आत्मालोकमा, मट्टी हुन्छ देही ।

३. कर्कलोको पानीसरि ढलिजान्छ देही (२)
माया मोह धेरै-धेरै लानेछैन केही ।

४. प्रभु हाम्रो स्वर्ग धनी टिठाई दर्शन देऊन (२)
जगत् पापमा ढलिगयो चिन्ने आत्मा देऊन ।

## ३८१
(Guide me O Thou Great Jehovah) **स्केल G, ताल C**

१. प्रभु नाथ मलाई डोऱ्याउनोस् यात्री मरुभूमिमा
म त निर्बल, लौ समाउनोस् आफ्नो बलवान बाहुलीमा,
स्वर्गीय रोटी, स्वर्गीय रोटी (मलाई दिनुहोस् सदा) २

२. खोल्नोस् जिउँदो पानी धारा खोला बग्न दिनुहोस्
आगो, मेघको खाँबोद्वारा मलाई नित्य डोऱ्याउनोस्,
वीर उद्धारक, वीर उद्धारक, (ढाल र गोहार बन्नुहोस्) २
३. मृत्यु नदी तीर पुगेर म नमानूँ डर चिन्ता
नरक मरण नदेखेर कुशलसाथ धाम पुगूँला,
स्तुति गाना, स्तुति गाना (गाउँछु तपाईंलाई सदा) २

## ३८२

**स्केल F(G) ताल 6/8**

**कोः परीक्षित हामीझैँ हुनुभयो ख्रीष्ट निष्कलङ्क, तैपनि निर्दोष उहाँ**
**विजय ध्वनि "समाप्त भयो" सुन्यौं हामीले कलवरीमा**
**विचलित पार्ने कठोर परीक्षा सब अनुभव उहाँलाई छ**
**सर्वज्ञ येशू सधैं तयारी, बुझ्नलाई हाम्रो दुःख-कष्ट ।**

१. जुटाउन मेरो खाँचो शरीरको, खर्चन्छु जम्मै समय र धन
चिन्ता-फिक्रीले सबै भविष्य अँध्यारो पारी तर्साउँछ मन,
रोटीले मात्र मानिस बाँच्दैन व्यवहार यसको बुझाउनुहोस्
निराशको कालो बादलपारि आशाको किरण देखाउनुहोस् ।
२. ख्यातिको झलक, रुपियाँको टलक चुम्बकझैँ तान्छ मेरो मनलाई
सुखी म होऊँ शक्तिले पूर्ण, गरून् सबैले मेरो बढाइँ
संसारको पिरती राखेर मनमा ईश्वरको बागी लौ हुन्नँ म
अनन्त जीवन प्राण बहुमूल्य, संसारको लागि अङ्गाल्दिनँ ।
३. गर्जने सिंह ज्योतिको दूतझैँ लडाउन मलाई सधैं तयार
मलाई दोष्याउने धूर्त दियाबलस गर्दछ अग्नि वाणको प्रहार,
त्राणकर्ता येशू बलियो गढी, युद्धमा मेरो झुण्डको कप्तान
जयको भूमिलाई अपनाउँदै जान्छु, बलमा येशूको नछाडी स्थान ।

## ३८३

**स्केल A, ताल 6/8**

**कोः हे मेरा ईश्वर, हे मेरा प्रभु अकेला जीवनको**
**एक सहारा बनिदेऊ प्रभु दृढ पहरा ।**

१. उच्च जीवनको यो अभिलाषा लिई जीवनको छोटो गोरेटोमा
म जाँदै छु प्रभु, जाँदै छु म, डोऱ्याउनुहवस प्रभु मलाई ।
२. आशा-निराशाको घोर सङ्ग्राममा विजय निराश बनेपछि
जिउनु कसरी यो जीवन लिई निराश जीवनको पात्र बनी ।
३. आशा-निराशाको सुसञ्चालन प्रभु तपाईं नै हो भने आज
अगुवाइ प्रभु आफैं बनी, बिन्ती छ प्रभु साथमा भई ।

## ३८४

**स्केल C, ताल 6/8**

**कोः तिमी एउटा, बाँचेको मान्छे ख्रीष्टको अनुग्रहले**

**छानिएको हजारौंबाट साक्षी देऊ तिमीले ।**

१. त्यो रूखलाई हेरी बुझ न तिमी, ग्रीष्म नजिक छ (२)
ईश्वरको राज्य आइपुगेको छ (२) समयलाई बुझ न ।

२. नूहलाई सम्झ प्रलय हुँदा, मानिसको मूर्खता (२)
सो बुझी आजै जोशिलो भई (२) ल्याऊ भित्र बोलाई ।

३. प्रभुलाई सम्झ इनारको छेउमा पर्खेका एउटालाई
वरदान पाई गाग्रो छोडेर (२) तब सहरमा गइहाली ।

४. हे प्रिय आज तिमीले केही त्याग निश्चय
येशूको प्रेमले प्रेम गरौं सबलाई (२) यो मौका आजै छ ।

## ३८५

**स्केल D, ताल C**

१. दिनमा बादलको खाँबो बनी, रातमा आगोको ज्वाला बनी
रक्षा गर्‍यौ हामीलाई (प्रभुजी सुख शान्तिमा बिते दिन) २

**कोः धन्य, धन्य, धन्य प्रभुलाई जो दिनुभयो हामीलाई**
**छत्र-छायाँमा लुकाई, (प्रभुजी दिन रात हर समयमा) २**

२. वचनको मन्न दिनुभयो चटान फुटाई पानी दियौ
आत्मामा भई हामीलाई (प्रभुजी तिम्रो बाटोमा डोर्‍यायौ) २

३. यो नयाँ सुन्दर सालमा पनि प्राण, आत्मा, शरीर, हृदय पनि
रक्षा गरिदिनुहोस् प्रभुजी (गरिदेऊ आत्मिक उन्नति) २

४. स्वर्ग देशमा पुग्न पाऊँ अनन्त भजन सुनाउन पाऊँ
सधैं शरण परेर प्रभुजी (साष्टाङ्ग प्रणाम् गर्न पाऊँ) २

## ३८६

**स्केल D, ताल C**

**कोः एक बारको जुनी यो, लानु त के छ र, मरेर जाने हो,**
**जीवन यहाँ यो अमर छैन नै, माटोमा मिल्ने हो ।**

१. मृत्युपछि तर जीवन अर्को छ विश्वासी सबैलाई
विश्वास गरौं न स्वर्गीय पितालाई (२)

२. क्रूसको निर्दयी मृत्युलाई सहन प्रभु नै आउनुभो
उनैले हाम्रो पाप उठाई लानुभो (२)

३. ज-जसले उनमाथि विश्वास गर्नेछ नाश हुनेछैन नै
पाउनेछन् तिनैले अनन्त जीवन (२)

## ३८७

**स्केल G, ताल $^3/_4$**

**कोः आज, भोलि, भरै भन्दै जीवन यहाँ अस्ताउँछ**
**ख्रीष्टलाई माया गर्ने मान्छे मृत्युपारि उदाउँछ ।**

१. मेरो हृदयका मूर्तिहरूलाई ख्रीष्ट हटाइबक्सियोस्
ख्रीष्ट मेरो राजा मालिक यहाँ राज गरिबक्सियोस्
विगत दिनहरू व्यर्थै गुमाएँ, वर्तमान चढाउँछु

येशूको प्रेमको कहानी सबलाई गीतबाट सुनाउँछु ।
२. विश्वमा सधैँ म बस्ने होइन, बटुवा मात्र हुँ
यो बाटो फेरि म हिँड्नेछैन एक तीर्थ-यात्री हुँ,
विजयी ख्रीष्टको शक्तिले सबै कर्तव्य सुल्झाउँछु
सम्पूर्ण कार्य शेष भएपछि म स्वदेश फिर्नेछु ।

## ३८८

**स्केल D, ताल $^3/_4$**

**कोः येशू हुन् मेरो रक्षक (२) चट्टान हुन् मेरा उनै**
**जब आँधी आई हुत्याउँछ, अल्झाउँछु लगंर ख्रीष्टमै ।**
१. सांसारिक यस यात्रामा (२) चिन्ताले जब घेर्छ
ख्रीष्टको एउटै हप्कीले आँधीको सब जोर तोड्छ ।
२. दुःखले पीडित हुँदा (२) पार हुने इच्छा हुँदा
ख्रीष्टको जीवित वचन नै ज्योति बनी डोऱ्याउँदछ ।
३. मलाई छ पूरा विश्वास (२) एक दिन म पुग्छु किनार
त्यस मनोरम स्थानमा पाउनेछ उनको विश्राम ।

## ३८९

**स्केल G, ताल $^6/_8$**

**कोः अघि बढौँ (२) हे ख्रीष्टीय दाजुभाइ हो**
**अघि बढौँ (२) हे ख्रीष्टीय दिदीबहिनी हो ।**
१. मुक्ति ता हामीले पाइसक्यौं आफूमा मात्र सीमित नराखौँ (२)
तृषित आत्मा हजारौं छन् ती आत्माहरूको उपकार गरौं ।
२. कर्तव्य के हो सम्झी-बुझी क्रूसलाई सधैँ अघि राखी (२)
प्रभुको वचन प्रचार गरौं यसैले हाम्रो कम्मर कसौँ ।
३. समयमै हामी बिउ छरौं पछि नै हामी कोसेली बटुलौं (२)
प्रभुको आगमन नजिकै छ यसकारण सधैँ तयार रहौं ।

## ३९०

**स्केल C, ताल $^3/_4$**

**कोः आवाज दिई निरवतामा मलाई बोलाउने को हो ?**
**हर घडी, हर क्षण बोलाइरहने मेरो प्यारो प्रभु हो (२)**
१. थाहा नपाई पापको भारी लिई हिंडिरहन्छु म
अँध्यारो पथमा ठोकर खाँदा प्रभुलाई सम्झन्छु म
दुई दिनको चोला पलभर होला, यसलाई सम्हाल्ने को हो ?
पुकार सुनी दुई हात दिने मेरो प्यारो प्रभु हो ।
२. आशा-निराशाको कालो बादल आई मलाई घेर्दै छ
पथ-भ्रान्त पथिकझैँ डुलिरहँदा यो जीवन जानेछ
जीवन मै हुँ भनेर मलाई बाटो देखाउने को हो ?
अनन्तको त्यो रमाहटमा लाने मेरो प्यारो प्रभु हो ।

३. नरकलोक आई परलोकमा भुली भड्कीरहेको छु म
व्यथा पोख्न नपाई अल्भिरहेको छु म
जीवन ज्योति निभ्ने हो कहिले यसलाई सम्हाल्ने को हो ?
अमर जीवन सितैमा दिने मेरो प्यारो प्रभु हो ।

## ३९१

**स्केल C, ताल $^6/_8$**

१. हाम्रो जीवनको हरेक क्षणमा खीष्टको माया बाँधिएको छ
हाम्रो जीवनको हरेक पाइलामा खीष्टको शान्ति गाँसिएको छ ।
२. संसारकोलाई किन हेरूँ, प्रभुको साथ भए पुग्छ
मलाई संसार चाहिँदैन, मलाई प्रभु भए पुग्छ ।
३. समयलाई किन हेरूँ, जीवनको बाटो भए पुग्छ
मलाई संसारमा बाँच्न प्रभुको वचन भए पुग्छ ।

## ३९२

**स्केल C, ताल C**

**कोः प्रभु बाटो देखाइदेऊ जीवनको हर पलपलमा**
**प्रभु ज्योति देखाइदेऊ जीवनको अँध्यारोमा ।**
१. आउँदछु म तपाईंको छेउ निष्पट अँध्यारो संसारदेखि
पापै भएको जीवन लिई तपाईंमा जीवन पाउन ।
२. बित्न लागेको उद्धारको दिन धेरै समय अरू पापमा बिताई
जिउन चाहन्छु, हिँड्न चाहन्छु बाँकी समय प्रभु येशूमा ।

## ३९३

**स्केल C, ताल $^6/_8$**

**कोः येशूले दिन्छन् स्वर्गको साँचो संसारको दुःख बीचमा *स्वर्गीय ल्याइदिने**
**कलवरी डाँडाको क्रूसलाई हेर त्यसैले खोल्दछ स्वर्गको सानो द्वार ।**
१. कठिनाइ देखी निराश नहोऊ सङ्कष्ट देखेर (२)
ती सबै भिन्न साँचाहरू हुन् स्वर्गीय हर्षको ।
२. संसारको पछि नजाऊ है तिमी भ्रममा परेर (२)
क्रूस बोकी आऊ येशूले भने सर्वस्व त्यागेर ।
३. दुःखमा खुसी आँसुमा हाँसो येशूले दिनेछन् (२)
प्रकट हुने भावी आनन्द अवर्णनीय छ ।

## ३९४

**स्केल D, ताल $^6/_8$**

**कोः हे राजा येशू तिमीले हाम्रो आत्मालाई जिलायौ**
**पापको जरो संसारको बन्धन निष्फल तुल्यायौ ।**
१. गर्जने सिंहको तर्साउने बोली चुपचाप गरायौ
थुनाका कैदी मानव जाति निर्बन्ध तुल्यायौ (२)
रगतको मोल तिरी कलभरी क्रूसैले, खीष्टको प्रेमले ।
२. मिश्र नै देशको फिरौनको शासन चकनाचुर भैगयो

प्रतिज्ञा मुलुक कनानमा आज जय-ध्वनी सुनियो (२)
काँढाको मुकुट हाम्रो शिरमा श्रीपेच भैगयो ।

## ३९५

**स्केल A, ताल C**

**कोः मेरो जीवन स्वामी येशूलाई हृदय भेट चढाउँदै**
**स्तुति, प्रशंसा, इज्जत सदासर्वदा दिन्छु (२)**

१. मेरो जीवन सुरक्षा तपाईं हो, आशा भरोसा शान्ति हो (२)
जीवनको ज्योति र मुक्ति हो, मेरो जीवनको यात्रामा (२)
तपाईं एक सहारा हो (२)

२. प्रभु मेरो हृदयमा आउनुहोस्
ज्योतिमय जीवन बनाउनुहोस् (२) जीवनको हरेक कदममा
हे प्रभु सधैं डोऱ्याउनुहोस् (२) मलाई सहारा दिनुहोस् (३)

## ३९६

**स्केल G, ताल $^3/_4$**

**कोः हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह**

१. साँझ-बिहान थाहा गर्छु प्रभु साथमा भएको
उनको कोमल हातले मलाई हरेक पलमा डोऱ्याएको
जति उनको आवाज सुन्छु साहस, शक्ति, बल पाउँछु
महभन्दा मीठो ख्रीष्टको प्यार सधैं नै पाउँदछु (२)

२. जब प्रार्थना गर्छु उनलाई उत्तर चाँडै मिलेको
थाहा हुन्छ हर कदममा येशू साथमा हिंडेको
भारी छ यो गरूङ जुवा एक्लै तान्न सक्तिनँ
प्रभु दायाँ म छु बायाँ कठिनाइले रोक्दैन (२)

३. किन मलाई प्रेम गर्नुभो कहिल्यै पनि बुझ्दिनँ
जबसम्म जिउनुपर्छ साथ तपाईंको छोड्दिनँ
लिनुहोस् यो पूर्ण जीवन धुनुहोस् त्यो रगतले
तब साक्षी बन्छु प्रभु यो तपाईंको जीवनले (२)

## ३९७

(What a friend we have in Jesus) **स्केल F (D), ताल C**

१. येशू कस्तो प्यारो मित्र पापको भार उठाउनुभो
दुःख-सुख ईश्वरकहाँ ल्याउनु हामीलाई वरदान कत्रो ?
कति शान्ति सुख गुमाउँछौं कति दुःख छ व्यर्थैमा
कारण ईश्वरकहाँ हामी सब ल्याउँदैनौं प्रार्थनामा ।

२. चारैतिरबाट आउँछ सङ्कट, क्लेश र परीक्षा
लौ, हरेस खानुपर्दैन, ख्रीष्टलाई भनौं प्रार्थनामा,
हाम्रो सबै दुःखमा भागी, यस्तो मित्र कहाँ पाऔंला
हर कमजोरी येशू बुझ्छन्, ख्रीष्टलाई भनौं प्रार्थनामा ।

३. हामी छौं कि निर्बल दुःखित, चिन्ता, बोझले लादेका ?
हाम्रो आश्रय खालि येशू ख्रीष्टलाई भनौं प्रार्थनामा,
साथीले के गर्छन् हेला ? ख्रीष्टलाई भनौं प्रार्थनामा
उनले रक्षा गर्छन् हाम्रो, उनमा पाउँछौं सान्त्वना ।

## ३९८ (Sweet hour of prayer) **स्केल D, ताल $^6/_8$**

१. प्रार्थनाको समय के मीठो सांसारिक चिन्ता छोड्दछु
औ आफ्नो पिताको सन्मुख म सब बताउँछु आफ्नो दुःख ।
ममा जब आउँछ विपत्ति उनले छुटाउँछन् तीदेखि
शैतानको जालदेखि बाँच्छु जब प्रार्थना गरी उठ्दछु ।
२. प्रार्थनाको समय के मीठो जब जान्दछु सच्चाई उनको
पितालाई बिन्ती चढाउँछु र बाटो आशिष्को हेर्छु ।
र जब बोलाउँदछन् उनले कि उनलाई भजूँ सब समय
म आफ्नो चिन्ता प्रार्थनामा राख्छु गर्दै आशा उनैमा ।
३. प्रार्थनाको समय के मीठो दिलाशी मेरो सदाको
छ जबसम्म यो विश्वास म जान पाउँछु उनको साथ ।
जब छोड्छु म यस जगत्लाई पाउनेछु वासस्थान अनन्तकै
प्रभुको सामने तब आई गर्नेछु स्तुति उहाँलाई ।

## ३९९ **स्केल D (G), ताल $^6/_8$**

**कोः प्रभु अर्जी सुनिलेऊ (२) गोर्खालीले मुक्ति पाउने ढोका खोलिदेऊ ।**
१. पिता, पुत्र, पवित्रात्मा, अर्जी हाम्रो लेऊन्
आगो मेघको खाँबो उभ्याई बाटो देखाइदेऊन् ।
२. पूर्व, दक्षिण, पश्चिम दिशा अनेक धर्मका लोग छन्
उत्तर तिब्बत मध्ये नेपाल गोर्खालीका कूर छन् ।
३. थापाथली, भाद्‌गाउँ, पाटन, काठमाडौँ छन् सहर
तिनलाई तिम्रो भक्त पार्नु, प्रभु हाम्रो रहर ।
४. उठ भाइ हो, जानै पर्छ, पचाई निन्दा, लाज
धन, जन, चैन र सुख त्यागी गर्नु धर्मकाज ।

## ४०० **स्केल D, ताल $^3/_4$**

**कोः ओठबाट निस्केका शब्दहरू मेरा हृदयका भावनाहरू (२)**
**ग्रहणयोग्य होस् सदा तपाईंको कृपा-दृष्टिमा ।**
१. सबैभन्दा उत्तम यो सबैभन्दा श्रेष्ठ हो (२)
तपाईंको प्रेम र दया, सत्य छन् सदासर्वदा ।
२. मेरा यी अधर्मबाट, धुनुहोस मलाई (२)
नगरोस् ममा अधिकार र बदनाम पापले ।

## ४०१

**स्केल C, ताल C $^{6}/_{8}$**

**कोः बढ्दैबढ्दै जाऔं पछि नहटौं,**
**क्रूसको भ्रूण्डा काँधमा लिई, अघि बढ्दै जाऔं** (२)

१. सेना हामी खीष्टका हौं युद्ध गर्दै जाऔं,
कनान देशको राहमा सब कदम बढाऔं
कदम बढाउँदै जाऔं बैरीलाई हराऔं
कनान देशमा हामी सब जयवन्तको गीत गाऔं (२)

२. कप्तान हाम्रो सेनाको खीष्ट आफैं हुन्
तरवार हाम्रो आत्माको भ्रिलम धर्मको
सहायता उ गर्छ जीवन सङ्ग्राममा
दैनिक जीवनको हाम्रो कदम-कदममा (२)

३. बैरी धेरै भए हामी तै हरेस नखाऔं
जयवन्त शक्ति पाउनलाई खीष्ट शरणमा जाऔं
शत्रुलाई हराऔं, भ्रूण्डा फरफराऔं
हृदय हाम्रो नवीन जोशले भराउँदै जाऔं (२)

## ४०२

(Stand up, stand up for Jesus) **स्केल G, ताल C**

१. मसीह, मसीहको लागि लडाइँ गर्नुछ
उनैको क्रूसको भ्रूण्डा उठाई बोक्नुछ
जय पाउन उनले दिन्छन् जय पाउन अँ जरूर
खीष्ट हुन् सबैका राजा नष्ट हुन्छन् सब शत्रु ।

२. मसीह, मसीहको लागि लडाइँ गर्नुछ
सब ढाडस, बल र सामर्थ खीष्टदेखि पाउनुछ
न आफ्ना बलले जित्नु न आफ्ना हतियार
अवश्य सबै लाऔं धर्म पुस्तकको अन्सार ।

३. मसीह, मसीहको लागि लडाइँ गर्नुछ
युद्ध गर्ने बेला कम्मर सत्यले बाँध्नुछ
विश्वासको ढाल लगाऔं र तरवार आत्माको
सुसमाचारका जुत्ता र कवज धर्मको ।

४. मसीह, मसीहको लागि लडाइँ गर्नुछ
आज लडाइँ गर्नु भोलि जय पाउनु छ
दिइन्छ स्वर्गे मुकुट विजयी सबैलाई
र स्वर्गमा सधैं बस्नु विजयको गीत गाउँदै ।

## ४०३

(Sound the battle–cry) **स्केल G, ताल C**

१. लडाइँ हुँदै छ, शत्रु आउँदैछन् सिपाही येशूको भ्रूण्डा लेऊ

पोशाक सब लगाऊ उनैलाई समाऊ उनैलाई पत्याऊ र शक्ति पाऊ ।

**कोः हे सिपाही हो, साहस गरी उठ, सिधा उठ, हातमा अस्त्र लेऊ**
**छिट्टो हिँड, कराई-कराई गाऊ, येशू आउँदैछन् तयारी होऊ ।**

२. शत्रु आउँदैछन्, अघि बढ्दै जाऊ, नडराई गाऊ, "जय येशू जय"
ढाल र झण्डा लेऊ, अघि बढ्दै जाऊ, स्तुति गर्दै गाऊ "येशूको जय ।"

३. हाम्रा प्रभु प्रार्थना सुन्दछन्, वीर सिपाही होऊ प्रभुमा
लडाइँ सकिन्छ विजय पाउनेछौं, मुकुट लाउनेछौं त्यस स्वर्गलोकमा ।

## ४०४ (He who would valiant be) **स्केल D, ताल C**

१. जो हुन्छ साहसी ऊ यता आओस्
जेसुकै हवस् गत विश्वासी हवस्, हुँदैन निराश
ऊ रहन्छ स्थिर सदा र गर्नेछ इच्छा स्वर्ग-यात्रा गर्न ।

२. जोजो उसलाई सुनाउँछन् कथा डरलाग्दो
आफैलाई भुलाउँछन् बल बढ्छ उसको न सिंहदेखि भय,
न शत्रुदेखि डर, उसको छ अधिकार स्वर्ग यात्रा गर्न ।

३. न भूत न शैतानले उसलाई तर्साउँछ,
ऊ जीवन अन्त्यमा अनन्त पाउँछ
सब शङ्का मेटियो, डर छैन मान्छेको,
दिन-रात बल गर्छ ऊ, स्वर्ग यात्रा गर्न ।

## ४०५ (Who is on the Lord's side) **स्केल C, ताल C**

१. को छ ईश्वरपट्टि राजालाई मान्ने, कसले गुहार गर्ने र प्राण बचाउने ?
कसले संसार त्यागी शत्रुलाई जित्ने, को छ ईश्वरपट्टि र अघि बढ्ने ?
प्रभुको कृपाले, अँ अनुग्रहले हामी ईश्वरपट्टि हामी, उनका हौं ।

२. ख्रीष्ट प्रभुले किने न सुन चाँदीले, तर आफ्नो रगतले मुकुटको लागि
भरपूर आशिष् दिन सबै आउनेलाई, हामीलाई खुस गराई स्वतन्त्र बनाई
प्राण आफ्नो दिई किने अँ अनुग्रहले, हामी ईश्वरपट्टि हामी उनका हौं ।

३. लडाइँ ठूलो होला शत्रु बलवान छ, राजाको लस्करलाई कसले जित्नेछ ?
उनको झण्डीमुनि निश्चय छ विजय, उनको वचन सत्य जयवन्त हुनलाई
आऔं उनमा रमाउँदै, अँ अनुग्रहले, हामी ईश्वरपट्टि हामी उनका हौं ।

४. छानियौं सिपाही शत्रुको देशमा, गनियौं विश्वासी कप्तानको झुण्डमा
राजाको काम गर्न हामी नडराऔं, हामी भक्त, उद्धार, सत्य, वीर बनौं
प्रभु छन् बचाउने, अँ अनुग्रहले, सधैं ईश्वरपट्टि हामी उनका हौं ।

## ४०६ **स्केल D, ताल ₵**

**कोः प्यारो हियाव बाँध अघि बढ क्रूसलाई लेऊ निशान**
**जित्नेछौं प्यारो मित्र हार्नेछ शैतान (२)**

१. लडौंलडौं चाँडै गरौं येशू छन् कप्तान (२)
हियाव बाँधौ आशा राखौं (भाग्नेछ शैतान) २

२. पाप र दुःखमा चारैतिर मर्दै छन् सब जन (२)
दया गर मानिस जातमा (परेको छ हैरान) २

३. घरघर गई सुनाऊ सबलाई येशूको बखान (२)
येशू राजा मुक्तिदाता उनमा दया छ (२)

४. चाँडै गरौं सुनाऔं सबलाई येशूको वचन (२)
विश्वास गरी आउने प्राणी (उनमा बाँच्नेछन्) २

## ४०७

**स्केल C, ताल $^6/_8$**

**कोः वीर हौं हामी, वीर प्रभुका सेना बनेका छौं**
**जयवन्त प्रभुको आज्ञा पाई घोषणा गर्दछौं ।**

१. एक मात्र जीवन यो ऋणी छु येशूको
बाँकी जीवन पूर्ण समय आफ्नो होइन तपाईंको ।

२. दगुर्दै-दगुर्दै मुक्तिका राँका लिई
आफ्नो देशको सब जिल्लामा चम्कन जाऊँ ज्योति भई ।

३. बाटो छ उकालो कष्टले भरेको
डाँडापारि देख्दछु म कति आत्मा मरेको ।

४. यो देशले जबसम्म ख्रीष्टको प्रेम चाख्दैन
सुख चैन त्यागी क्रूसै बोकी जाँदै नगई भएन ।

## ४०८

**स्केल D(Em), ताल $^2/_4$**

**कोः लड्नुछ धेरै सङ्ग्राम यहाँ, आत्माको पहाडमा चढ्नुछ**
**शक्ति पाई मसीह येशूको बन्नुछ यो जीवनमा ।**

१. विश्वासका अनेकौं लडाइँहरू संसारमा लडेर जित्नुछ
विद्रोह प्रेमको बोकेर अँगालोमा सबलाई बाँध्नुछ
वीरता नदेखून् मानिसले इनाम प्रभुले दिनेछन् (२)
मर्नुछ धेरै मृत्यु यहाँ, सत्यको साक्षी बनी मर्नुछ
जीवन पाई मसीह येशूको जिउनुछ भई आज नयाँ ।

२. अविश्वासका जीवन जिउनेहरू, सबलाई अँगालोमा बाँध्नुछ
रित्तिसकेका जीवनलाई आफ्नो आशिष् यहाँ बाँध्नुछ
बैरी बनून् संसार सारा, शक्तिका राजा साथमा छन् (२)

## ४०९

**स्केल D, ताल ¢**

**कोः ख्रीष्टको फौजमा हुनु म खुसी छु (२)**
**येशू मेरो नेता उनलाई पछ्याउँछु, ख्रीष्टको ...**

१. पहिलेको जीवन त्यागेर प्रभुमा चाँडै आऊ

आफ्नो कम्मर सत्यताले कसेर ।
२. धार्मिकताको छातीको पाता लाएर
प्रभुमा खडा हुन्छौं नै ।
३. छैन धेरै जिउन यहाँ आज नै तयार हौं
प्रेमको जुत्ता लगाउन तयार हौं ।
४. संसार हाम्रो घर होइन, सधैँ रहँदैन
सुसमाचार दिने र ढाल उठाउने हो ।
५. उद्धारको दिन आजै छ प्रभुमा आउन
विश्वासमा अघि बढेर अग्नि-वाण निभाऊ ।

## ४१०

**स्केल G, ताल C**

१. उनले चाहे म तत्पर छु, उनले चाहे म हाजिर छु,
उनले चाहे म खुसी छु काम गर्नेछु, म येशूको जरुर ।
**कोः काम गर्नेछु, म उनको दास हुनेछु**
**म उनकै साथ हिँड्नेछु, म ख्रीष्टकै हुँ जरुर** (२)
२. सहर, पहाड होस् या मधेश होस्
सहर, पहाड होस् या जँघार होस्,
सहर, पहाड होस् या तराई होस्
काम गर्नेछु म येशूको जरुर ।

## ४११

(Come, labour On) **स्केल C, ताल ₵**

१. आऊ काम गरौं, कटनीमा अल्छे गरी को बस्ला ?
सबतिर अन्न पाकेको हुँदा एक-एकै दासलाई उनले भन्दछन् "जाऊ काम गर ।"
२. आऊ काम गरौं, दूतले नपाएको काममा हात लगाऔं
सबैलाई यो सुसमाचार सुनाऔं बित्दै छ बेला ढिलो नगरौं, रात पर्दै छ ।
३. आऊ काम गरौं शङ्का र डर सबै दूर गरेर, यहाँ सबैले
काम ता गर्नुछ उनले निर्धोबाट गराउँदछ, आफ्नो इच्छा ।
४. आऊ काम गरौं घाम हुँदा हामीहरू नबिसाऔं ।
जहिलेसम्म हाम्रो धेर काम नहोस् र जबसम्म उनले भन्दैनन्, "तँ दास धन्य ।"
५. आऊ काम गरौं, काम गर्नेले निश्चय पाउनेछन् इनाम
धन्य जो अन्तसम्म स्थिर होलान् ती पाउनेछन् सुख, आनन्द र विश्राम, प्रभुसँग ।

## ४१२

(Onward O junior Endeavourers) **स्केल C, ताल 3/4**

१. अघि बढ ख्रीष्टीय यत्न, बचाऊ एकै साथीलाई
लैजाऊ उसलाई येशूकहाँ छिटो नै बाटो देखाई ।
**कोः अघि बढ ख्रीष्टीय यत्न, सत्य र धर्मलाई बढाऊ**
**अन्धकारमा बस्ने सबलाई निकाली ज्योतिमा ल्याऊ ।**
२. अघि बढ ख्रीष्टीय यत्न किन ढिलो गर्दछौ ?

ईश्वरको दया नबुझ्ने साथीलाई भनिदिन्छौं ।
३. अघि बढ ख्रीष्टीय यत्न, जिउँदो रोटी बाँड्नलाई
येशूकहाँ सबैलाई ल्याऊ मुक्ति दिन्छन् सबैलाई ।
४. अघि बढ ख्रीष्टीय यत्न, बनाऊ आनन्दित सबलाई
अघि बढ स्वर्गतिर गीतले दुःख बिर्साउँदै ।

## ४१३

**स्केल Am, ताल C**

**कोः हे योनाह उठेर जाऊ न निनवेह प्रचार गर्नलाई ।**
१. निनवेह पापी सहर जान योनाहलाई मन परेन
जहाज चढी तर्शीश भाग्यो ईश्वरलाई मानेन ।
२. समुद्रमा नै ठूलो आँधी ईश्वरले पठाइदिए
अफसोस लागी आफ्नो पापलाई योनाहले मानिलिए ।
३. जहाजीले फालिदिए पानीमा योनाहलाई
प्रभु ईश्वरले दिएको माछाले स्वाट्ट निल्यो उसलाई ।
४. माछाको पेटमा ईश्वरलाई सम्झी योनाहले बिन्ती गर्‍यो
पाखा पुगी तेस्रो दिनमा माछाले उसलाई उगेल्यो ।
५. दोस्रो पल्ट ईश्वरको वचन योनाहलाई सम्झाउन आयो
तीन दिनको बाटो हिंडेर गयो निनवेहमा करायो ।
६. निनवेह सहर पापीहरूले ईश्वरको वचन टेरे
पापदेखि फर्की प्रार्थना गरे ईश्वरले माफी दिए ।
७. उनीहरूलाई ईश्वरको निगाह योनाहलाई मन परेन
पापी मानिसलाई किन बचाउनु योनाहले बुझ्न सकेन ।
८. योनाहभन्दा महान् येशू यस संसारमा आए
स्वर्ग छोडी सुख त्यागी हाम्रो लागि मरे ।
९. पापी मानिस भए पनि हामीलाई छ निगाह
ख्रीष्टको रक्तले शुद्ध भई हामीले पायौं क्षमा ।

## ४१४

**स्केल Am, ताल ¢**

**कोः सुसमाचार फैलाऊ, हे भाइ-बहिनी हो**
**प्रचार्न दुई-दुई जोडा भई हे शिष्य दुई-दुई जोडा भई ।**
१. नजिकै आयो राज्य स्वर्गको, छाती फुकाई गर प्रचार
मानव पापीलाई हे शिष्य, बचाउन यिनैलाई ।
२. भ्रममा परी हराइएका दुनियाँ मायामोहमा परेका
लाचार सहायताबिना हे शिष्य, लौ गर न प्रचार ।
३. येशू ख्रीष्ट आए गर्न उद्धार, सुनाइदेऊ समाचार मनमा लिई
मेरो प्यार, हे मेरो परिवार हे शिष्य, वचन जीवनको ।
४. उत्तर दक्षिण पूर्व पश्चिम, सुनाइदेऊ कुल संसार येशू ख्रीष्ट
तारणहार गाई, ताली बजाई हे शिष्य, येशू ख्रीष्ट तारणहार ।

## ४१५

**स्केल E, ताल $^2/_4$**

**कोः प्रभुको दर्शन, येशूको दर्शन, पाएर भाइ लाग सेवामा (२)**

१. नेपाल देशले डाकिरहेछ आऊ बचाऊ हामीलाई (२)
आत्मा मर्दै छन् (२) हेर हजारौं पापको सागरमा ।

२. क्रूसमा आफ्नो प्राण प्रभुले जगतको लागि दिए (२)
प्रेमलाई हेर (२) नेपालको लागि उनको हृदयमा ।

३. निद्रा त्यागी जाग उठ, हे नव जवान हो (२)
अहिले नै गर (२) प्रभुको सेवा रहल जीवनमा ।

४. अन्धकार छायो चारै दिशामा, रात आइपुग्यो (२)
जे गर्नुपर्छ (२) अहिले नै गर दिनको ज्योतिमा ।

५. येशूको लागि आत्मा बचाउन तिमी छिट्टै आऊ (२)
अन्न छ पाकेको (२) सब जम्मा गर येशूको भण्डारमा ।

## ४१६

**स्केल D, ताल C**

१. म येशूको सेवक हुन्छु, आफैलाई म उनलाई दिन्छु
उनको हुकूम सबै मान्छु, म येशूको हुँ ।

**कोः मेरो लागि आए, मेरो लागि जिए**
**मेरो लागि दुःख उठाए मेरो लागि मरे,**
**मेरो लागि गाडिएथे, मेरो लागि बौरिउठे**
**मेरो लागि स्वर्गमा गए, येशू मेरा हुन् ।**

२. पाप मबाट भयो धेरै यसको लागि येशू मरे
उनको जुवा मैले लिएँ म येशूको हुँ ।

३. मैले अपराध बारम्बार गरें येशूलाई दुःखित धेर पारें
मेरो बोझ उनैले लिए म येशूको हुँ ।

४. मैले विश्वास उनमा राखें अनि उद्धार मैले पाएँ
उनको झण्डीमुनि आएँ म येशूको हुँ ।

## ४१७

**स्केल D, ताल $^6/_8$**

**कोः घर-घर घुमेर प्रभुलाई प्रचार, कस तिम्रो कम्मर,**
**लौ होऊ तयार, लौ होऊ तयार, लौ होऊ तयार ।**

१. पाप र अन्धकारले भरियो संसार (२)
धर्मको ज्योति फैलाउनलाई लौ होऊ तयार (३)

२. हिम्मत बाँधी विश्वास गरी क्रूसलाई लिई निशान (२)
येशूज्यू हुन् कप्तान हाम्रो हार्नेछ शैतान (३)

३. ख्रीष्टको वचन सुनाउनलाई कम्मर सबले कसौं (२)
जस्तै सङ्कट परे पनि पछाडि नहटौं (३)

४. गर्छौं जति ख्रीष्टको प्रचार दुःख कष्ट सहेर (२)
दिन्छन् उनले प्रतिफल जीउनीमा अनन्त (३)

## ४१८ (Sowing in the morning) **स्केल C(A), ताल C**

१. बिहान समय रोप्छौं, दयारूपी बिउलाई
दिउँसो पनि गर्छौं, साँझ नपरून्जेल
धीरजले काम गर्छौं, फलको आशा राखी
ल्याउनेछौं रमाउँदै, कामको पूरो फल ।

**कोः कामको पूरो फल, कामको पूरो फल**
**ल्याउनेछौं रमाउँदै, कामको पूरो फल २**

२. दुःख सही रोप्छौं, सुख भोगी रोप्छौं
झरीमा जाडोमा, रहन्छौं अटल
काट्ने बेला हामी, पाकेको फल पाउँछौं
ल्याउनेछौं रमाउँदै, कामको पूरो फल ।

३. प्रभु ख्रीष्टको लागि रुँदै पनि रोपौं
हानिलाई देखेर, नबनौं चंचल
दुःखको अन्त हुन्छ, इनाम पनि आउँछ
ल्याउनेछौं रमाउँदै, कामको पूरो फल ।

## ४१९ (Must I go empty–handed) **स्केल C, ताल $^6/_8$**

१. के म जाऊँ रित्तै हात लिई, यसै भेटूँ प्रभुलाई ?
के म एकै दिनको कामलाई दिन नसकूँ उनलाई ?

**कोः के म जाऊँ रित्तै हात लिई यसै भेटूँ प्रभुलाई ?**
**किन येशूकहाँ नल्याऊँ एउटै पनि साथीलाई ?**

२. डरै छैन मृत्युदेखि ख्रीष्ट बचाउनेछन् मलाई
तर उनकहाँ रित्तै जाँदा रुनेछ मेरो हृदय ।

३. त्यो समय जो पापमा काटें त्यो फर्किन सके ता
प्रभुलाई त्यो दिनेथिएँ हिँड्दै उनको इच्छामा ।

४. ख्रीष्टीय लोक हो, जाग, उठ, बेला हुँदा बल लगाऊ
आफ्नो मृत्युभन्दा अघि सकभर धेरै प्राण बचाऊ ।

## ४२० (Rise up O Men of God) **स्केल D, ताल C**

१. ईश्वरको मान्छे उठ, छोड अयोग्य कर्मलाई
हृदय, मन, आत्मा, सामर्थ देऊ ख्रीष्ट येशू राजालाई ।

२. ईश्वरको मान्छे उठ, राज्य आउँदै छ ढिलो
संगतको दिन अब छिटो ल्याऊ, हटाऊ रात पापैको ।

३. ईश्वरको मान्छे उठ मण्डली पर्खंदछ

त्यो काम निमित्त नसक्ने हो उसलाई प्रसिद्ध बनाऊ ।
४. येशूको क्रूस उठाऊ हिँड बाटो उनैको
मान्छेको पुत्र दाज्यूसंग उठ मान्छे ईश्वरको ।

## ४२१

**स्केल G, ताल ¢**

**कोः हृदयमा खीष्ट बसाऔं, जीवन उनलाई चढाऔं**
**जीवन रोशनी प्रभुको लिई जीवनको दीप जलाऊँ (२)**
१. प्रभु हाम्रो जीवनधार, करुणा जसको अपार (२)
स्वर्गको वैभव त्यागेर ... हा ... आउनुभो जगमा (२)
२. प्रभु खीष्टको आदेश लिई जीवन शुद्ध बिताऔं (२)
उनको महिमा फिजाऔं ... हा ... सारा संसारमा (२)
३. सुसमाचार हामी प्रचारौं प्रभुको राज्य बढाऔं (२)
सनातनी राजा येशूलाई ... हा ... महिमित गराऔं (२)

## ४२२

(Jesus calls us) **स्केल (G), ताल $^3/_2$**

१. येशू हामीलाई बोलाउँछन् आँधीमा भवसागरको
मधुर स्वरले सधैं भन्छन् "पछि लाग हे मेरो ।"
२. उहिले गालील झीलको छेउमा चेला खीष्टको स्वर सुने
श्री-सम्पत्ति, घर-घराना उनको लागि सब त्यागे ।
३. सुखी संसारको मोहदेखि येशू डाक्छन् हामीलाई
यिनैमा नभुलौं भनी भन्छन् "गर प्रेम मलाई ।"
४. चिन्ता, मज्जा, दुःख वा सुखमा, फुर्सद वा आतुरीमा
येशू भन्छन् "यिनैभन्दा मलाई गर प्रेम बढ्ता ।"
५. येशू हामीलाई बोलाउँछन् मुक्तिदाताको सोर सुनौं
सबैभन्दा खीष्ट तपाईंलाई सेवा, मन र प्रेम चढाऔं ।

## ४२३

**स्केल Em, ताल $^6/_8$**

**कोः को हो छिमेकी (२) किस्सा येशूको दोहोऱ्याउँछु नि ।**
१. बाटोमा जाने बेपारीलाई चोरहरूले भेटे
कुटिपिटी बेहोस् पारी धन सम्पत्ति लुटे,
आफ्नै रगतमा लटपटेका बेपारीलाई देखी
पुरोहित र धर्मगुरु हिंडे बाटो तर्की ।
२. सानो जातको सामरीले बेपारीलाई देखे
चोटपटक धोएर घाउहरू बाँधे
रोगीलाई उठाएर पशुमाथि राखे,
चोरडाँकुको ख्याल नमानी आफ्नो बाटो लागे ।
३. सामरी र रोगी व्यक्ति जसै पाटी पुगे
पाटीदारको हातमा तिनलाई जिम्मा लाए,

केही खर्च दिएर बेपारीलाई भने
फर्की आउँदा तिरौंला म खर्च अरू लागे ।

## ४२४

**स्केल F (D), ताल $^6/_8$**

**कोः जाँदैछु येशूकहाँ, हल्लेलूयाह भन्दै**
**बोलाउँदैछ हामीलाई, पवित्र वचनले (२)**

१. हे दाजु-भाइ, हे दिदी-बहिनी नभुल त्यो घरलाई (२)
जाऔं हामी सबै जयजय गाउँदै पापलाई त्यागेर ।

२. रमाहट गर्दै, स्तुति गाउँदै अनन्त घरैमा (२)
जहाँ स्वर्गदूतगण जयजय गाउँछन् येशूको छेवैमा ।

३. जहाँ न तिर्खा-भोक आदि जहाँ न दिन न रात (२)
बसौंला माथि स्तुति गर्दै येशूको छेवैमा ।

## ४२५

(There is a city bright) **स्केल D, ताल ¢**

१. स्वर्गीय* देशैमा छ निषेध पापीलाई
कहिल्यै हुँदैन नष्ट र कष्ट पवित्र मानिसलाई ।

२. म आउँछु तारणहार क्रूसैमा राख्छु भार
रगत बहाई, शुद्ध बनाई मलाई, बचाउनुहोस् आत्मालाई ।

३. साथ राख्नोस् ख्रीष्ट मलाई, सदासर्वदा नै
ज्योति र शक्ति, जीवन र मुक्ति भरदिनोस् ख्रीष्ट मलाई ।

४. बनाउनुहोस् मलाई पवित्र तपाईंझैँ
उज्जर र स्वच्छ बन्न पाऊँ सदा, स्वर्गीय* देशैमा ।

## ४२६

(Hark hark the song) **स्केल D, ताल C**

१. सुन नयाँ गीत गाउँदैछन् मुक्ति पाउनेहरू
स्तुति प्रभु र थुमाको यसो भन्दै गाउँछन् ।

**कोः प्रेमले आफ्नो रगतमा धोई शुद्ध पारी**
**हाम्रो आत्मालाई बचाउने प्रभुलाई होस् स्तुति ।**

२. हाम्रो वस्त्र उज्यालो छ धोई उनको रगतमा
हाम्रो मनमा सब शान्ति छ उनको स्वर्गे ज्ञानमा ।

३. उनको रगतको शक्तिले भयो शैतान निर्वल
उनको सत्यको प्रतापले हामी भयौं सफल ।

४. पुजौं ज्योति र जीवनको प्रभु र थुमालाई
महिमा, आदर र शक्ति सदा हुन्छन् उनलाई ।

## ४२७

(This world is not my home) **स्केल C, ताल C**

१. म पापको बाटो छोड्दछु, जहाँ धेरै मान्छे मर्दछन्
स्वर्ग* को घरलाई खोज्दछु यहाँ बस्ने मेरो छैन मन ।

**कोः यो दुनियाँ मेरो घर होइन, साँच्चै यो मेरो घर होइन**
**यस दुनियाँमा आराम छैन, यो दुनियाँ मेरो घर होइन।**

२. मान्छेले रोक्न खोज्दछन्, न प्रार्थना गर्न दिंदछन्
तिनका बातलाई सुन्दिनँ म, स्वर्ग* को घरलाई खोज्छु म।

३. मसँग पापीहरू आऊ, स्वर्ग देशमा हामीहरू जाऔं
र बस्न अब छिट्टै आऊ, स्वर्ग* को घरलाई खोज्न जाऔं।

## ४२८

**स्केल D, ताल 6/8**

१. त्यो प्रेमको देश म हेर्दै छु परमानन्दको ध्यान म गरी
सब उज्यालो भइरहेको महिमितको ज्योतिले भरी।

**कोः त्यो प्रेमको देश खुसी आनन्दको छैन वहाँ रात संसारको**
**हिँड्दै जाँदा प्रेमको देशमा, छिट्टै हुन्छौं प्रेमको देशमा।**

२. त्यो प्रेमको देश शान्त छ सीमा वहाँ छैन दुःख न पापको दाग
वहाँ जो भेट्छन् छुटिंदैनन् धर्मीहरू हुन्छन् भेटघाट।

३. छैन आसमान यहाँको जस्तो, रात नै फरक दिन नै फरक
घाम लाग्नलाई छैन दरकार छँदैछैन अँध्यारो रात।

४. शोकको हावा वहाँ बग्दैन त्यस सुख र शान्तको देशैमा
वहाँ जो पुग्छन् आसन पाउँछन्, ईश्वरसँग त्यस देशैमा।

## ४२९

(Fade fade each earthly joy) **स्केल D, ताल 6/8**

१. दूरदूर यस लोकको मित खीष्ट मेरा हुन्
दूरदूर यस लोकको सुख खीष्ट मेरा हुन्
जङ्गल अँध्यारो छ, यस लोकमा छैन चैन
जुन खीष्टमा मात्र छ खीष्ट मेरा हुन्।

२. मलाई जाँच नगर्न खीष्ट मेरा हुन्
सधैँभरि बस्न खीष्ट मेरा हुन्
मट्टीको यो शरीर बनेको एक दिनलाई
जुन खीष्टमा मात्र छ खीष्ट मेरा हुन्।

३. हेर्दिनँ संसारलाई खीष्ट मेरा हुन्
हेर्छु म स्वर्गलाई खीष्ट मेरा हुन्
त्यस ठाउँमा पुग्न पाऔं जहाँ सदा विश्राम
सदैव बस्न पाऔं खीष्ट मेरा हुन्।

## ४३०

**स्केल F (D), ताल 6/8**

**कोः सम्झ न दाइ हो, सम्झ न माता-पिता, भाइ-बहिनी**
**मृत्युपछि कहाँ जान्छौ, सम्झ न दाइ हो सम्झ न।**

१. तिमीले भन्छौ स्वर्ग जान्छु (२) जान्छौ कसरी, भन जान्छौ कसरी ?
सम्झ न दाइ हो, सम्झ न, पापको सागर अति ठूलो (२)

तर्छौ कसरी, भन तर्छौ कसरी ? सम्फ न दाइ हो, सम्फ न
२. अब भन कसले लाने (२) सागर पारि, भन कसले लाने,
सम्फ न दाइ हो, सम्फ न, स्वर्ग नगई मृत्युपछि (२)
कहाँ जाने, भाइ हो, कहाँ जाने ? सम्फ न दाइ हो, सम्फ न
३. येशू नासरी तिम्रो लागि (२) मरे क्रूसैमा, भाइ हो, मरे क्रूसैमा
सम्फ न दाइ हो, सम्फ न, साँचो उद्धार दिनलाई (२)
मरे क्रूसैमा, भाइ हो, मरे क्रूसैमा सम्फ न दाइ हो, सम्फ न
४. समय हुँदै चाँडै गरौं (२) उद्धार पाउनलाई, भाइ हो, उद्धार पाउनलाई,
सम्फ न दाइ हो सम्फ न एक दिन येशू आउँछन् (२)
न्याय गर्नलाई, भाइ हो, न्याय गर्नलाई सम्फ न दाइ हो, सम्फ न
५. आज जसले मुक्ति पाउँछ (२) स्वर्ग त्यो जान्छ, भाइ हो, स्वर्ग त्यो जान्छ,
सम्फ न दाइ हो सम्फ न, आज जसले पाप गर्छ (२)
नरक त्यो जान्छ, भाइ हो, नरक त्यो जान्छ, सम्फ न, दाइ हो, सम्फ न
६. सित्तै मुक्ति पाउँछौ येशूमा (२) आऊ उनैमा, भाइ हो, आऊ उनैमा,
सम्फ न दाइ हो, सम्फ न, साँचो शान्ति पाऊँ उनैमा (२)
आऊ उनैमा, भाइ हो, आऊ उनैमा, सम्फ न दाइ हो, सम्फ न

## ४३१

**स्केल C, ताल 6/8**

**कोः पृथ्वी माथि-माथि कस्तो जगत छ ?**
**कल्पना गर्न सक्छौ तिमी के ?**
**एक पल्ट प्रभुको झल्को मात्र लेऊ ?**
**थाहा पाउनेछौ (स्वर्ग त्यस्तै छ) २**

१. संसारभन्दा बेग्लै हुन्छ त्यो जगतमा
धोइएको मानिस हुन्छन् ख्रीष्टको रगतमा
त्यहाँ पीर, मर्का, फिक्री हुँदैन,
ज्योतिको राज्य अँध्यारो टिक्दैन ।
२. स्वर्ग जान तिमीले मृत्यु नपर्ख
दुःखी संसार पनि स्वर्ग बन्न सक्छ
छोटो छ यो जीवन मोजमा नभुल
स्वर्गको राज्य क्रूसलाई अङ्गाल ।

## ४३२

**स्केल G, ताल 6/8**

**कोः उपस्थित ख्रीष्टको छायाँमा बाँचिरहेको छु यहाँ**
**उनैको अद्‌भूत मायामा हाँसिरहेको छु यहाँ**
**उनैको कोमल कृपामा गाइरहेको छु यहाँ ।**

१. जीवनमा एक दिन रात पर्छ यहाँ, मस्त निदाउँछु
कलवरीपारि सुन्दर बिहान मानिस ब्यूँझन्छ
मनोहर भागमा स्वर्गीय राजमा जयवन्तको गीत गाउँछु

येशूको मुहार आफ्नैअघि देखेर रमाउँछु ।

२. हिराले जडी तयार गरी राखेको सहरमा
मणी जडेका सहरका ढोका बाटा छन् सुनौला
हिँड्नेछु सदा येशूको साथमा सन्तगण लहरमा
हातहातमा येशूको साथ बस्नेछु सर्वदा ।

३. संसारको दुःख केही पनि होइन स्वर्गको सुखमा
सतावट पनि केही पनि होइन स्वर्गको महिमामा
सन्मान र मुकुट मिल्नेछन् मलाई त्यो पूर्ण मिलनमा
बिहानका तारा ख्रीष्ट मेरा प्यारा पुज्नेछु सर्वदा ।

## ४३३

**स्केल C, ताल 6/8**

**कोः बादलको पारिपट्टि घामको देशमा**
**मेरो प्रभु राज्य गर्छन् शान्तिको भेषमा**
**हत्केलामा दाग छ है काँटी-काँटीको**
**कोखिलामा माया बोकी मानव जातिको... २**

१. कैदीजस्तो मान्छेलाई प्रभुले नै प्यार गरे (२)
अन्धोजस्तो मान्छेलाई अँगालोमा साथ लिए ।
आफ्नै प्राणले सबैको पापको मोल तिरे
कुहिरोको संसारमा नयाँ ज्योति पठाए ।

२. दुर्बलका मुटुमा शक्ति दिन्छन् प्रभुले (२)
हताश भएको आत्मालाई, जोश दिन्छन् प्रभुले
खोज्छन् जसले प्रभुलाई चुर्ण हृदयले
मुक्तिदाता राजालाई भेट्छन् छिट्टै तिनैले ।

## ४३४

(Jesus shall reign) **स्केल C, ताल C**

१. येशूले सधैँ राज्य गर्छन् जहाँजहाँ घाम लाग्दछ
र जैलेसम्म जून रहला उनैको राज्य छ जगतमा ।

२. के प्रार्थना सधैँ गरिन्छ उनैको स्तुति चढाइन्छ
नाउँ उनको बास्ना धूवाझैँ चढाइन्छ बिहान सधैँ ।

३. सब देशका मान्छे गाउँछन् गीत उनको उदेकको प्रेम निमित्त
बालक सुनाउँछन् उनको नाउँ र गर्छन् नित्य ख्रीष्टको विभव ।

४. ख्रीष्टले जहाँ राज्य गर्दछन् त्यहाँ आशिष् पाइँदछ
त्यहाँ सब दुःखितको उपकार त्यहाँ सब पापीको उद्धार ।

५. संसारले गरोस् धन्यवाद ख्रीष्ट राजाको गुणानुवाद
स्वर्गमा बढाइ गरिओस् मान्छेले भनून् यस्तै होस् ।

## ४३५ (God in heaven hear our singing) **स्केल C, ताल C**

१. ईश्वर पिता हाम्रो सुन्नोस् खालि साना मान्छे हौं
तै तपाईंलाई ठूलो बिन्ती गर्न अहिले आएका छौं ।
२. ख्रीष्टको राज्य खुब छिट्टो आओस् ख्रीष्टमा सबले पाऊन् जय
र तपाईंलाई सबले चिनून् सबले मानून् धन्य भई ।
३. ख्रीष्टको प्रेमको मीठो कुरा सुनिकन मान्छेले
यस संसारमा स्तुति गरून् जस्तो स्वर्गमा दूतले ।
४. आओस् त्यो संसार तपाईंको हुने घडी हे पिता
किनभने सब तपाईंका राज्य, पराक्रम, महिमा ।

## ४३६ (We have heard the joyful sound) **स्केल G, ताल $^{3}/_{4}$**

१. हामीले सुनेका छौं येशूले बचाउँदछन्
अरूलाई जनाएका छौं येशूले बचाउँदछन् ।
सबै देशमा होस् प्रचार ख्रीष्टले दिएको उद्धार
प्रभुको सुसमाचार येशूले बचाउँदछन् ।
२. पापीलाई सुनाइयोस् येशूले बचाउँदछन्
दुःखीलाई जनाइयोस् येशूले बचाउँदछन् ।
पृथ्वीमा होस् विश्वास, नष्ट हवस् सब उदास
सबका मनमा यस्तै होस् येशूले बचाउँदछन् ।
३. आफ्नो जीवन, मृत्युले येशूले बचाउँदछन्
स्तुति गर यस गीतले येशूले बचाउँदछन् ।
गाऊ दुःख सहँदा, गाऊ पश्चात्ताप गर्दा
गाऊ जिउनी छोड्दा, येशूले बचाउँदछन् ।
४. सबैलाई यो आव्हान छ येशूले बचाउँदछन्
सबैलाई रमाहट छ येशूले बचाउँदछन् ।
हवस् दुष्टको पूरो क्षय हवस् ख्रीष्टको पूरो जय
गाऊ सधैं बहिनी-भाइ येशूले बचाउँदछन् ।

## ४३७ (Come ye thankful people come)**स्केल G, ताल C**

१. धन्यवाद होस् ईश्वरलाई, बाली काट्ने भो समय
सब सुरक्षासाथ घरमा अन्न छ बटुलेका,
सृष्टिकर्ता ईश्वरले हामीलाई सब जुटाए
मण्डली आऊ परमेश्वरको बाली काट्ने समय भो ।
२. हामी ईश्वरको बारी फल्छौं भने छ स्तुति
गहुँ र साथै झारपात छन् दुःख वा सुखमा उम्रिन्छन्
पहिले बिउ र बोट अनि देखा पर्दछ बाली

प्रभु हामी त्यस्तै हौऔं अन्न चोखो शुद्ध बनौं ।
३. हाम्रा प्रभु आउनेछन् फसल घरमा लानेछन्
जे-जे उनलाई लाग्छ घीन, हटाइदेलान् त्यसै दिन
झार-पात स्वर्गदूतगणलाई फाल्न देलान् आगोमै
तर अन्न धन्सारमा राखिदिनेछन् सदा ।
४. प्रभु चाँडै आउनुहोस् फसल घरमा लानुहोस्
जम्मा गराई मण्डली शोक पापदेखि पखाली
स्वर्गमा नित्य बस्नेछन् शुद्ध पारिएका जन
फसल घरमा लैजान चाँडै आउनुहोस् प्रभु ।

## ४३८ (Thou whose almighty word) **स्केल G, ताल 3/4**

१. आदिमा जुन प्रकार अँध्यारो र उजार पार्नुभयो नाश, अब त्यसै हे ईश्वर
सुसमाचारको घाम नपुगेको सब स्थान उज्यालै होस् ।
२. लोक आउनुभो तपाईं सब लोगको लागि ल्याई बिशेष प्रकाश
रोगी बिसेक पराई, अन्धा प्रकाश गराई हे खीष्ट अब सबैलाई उज्यालै होस् ।
३. हे पवित्र आत्मा जियाउने परेवा वेग उड्नुहोस्
गरी भाँडो घुमाई अनुग्रह दान खन्याई
अँध्यारो गर्नु क्षय उज्यालै होस् ।
४. हे पिता, पुत्र, आत्मा धन्य त्रिएक महा त्राण पूर्ण होस् ।
सागरझैं हो अपार जगतका दिशै चार
सच्याउनलाई संसार उज्यालै होस् ।

## ४३९ **स्केल G, ताल C**

१. हे दयालु स्वर्गीय पिता हाम्रो देशलाई हेर्नुहोस्
आफ्नो प्रभुत्वको बाटो अविश्वास मेटाउनुहोस्,
साँचो धर्म, साँचो धर्म छिट्टै नै फिँजाउनुहोस् ।
२. प्रभु खीष्ट ईश्वरको पुत्र, तिनलाई दया गर्नुहोस्
तिनको मनमा साँचो धर्म अब तपाईंले राख्नुहोस्,
देवता छोड्न, देवी छोड्न नेपाललाई सिकाउनुहोस् ।
३. हे पवित्र हुने आत्मा, ज्योति, ज्ञान र शान्तिको
अन्धकारमा बस्ने सबलाई खीष्टीय मार्गको उज्यालो,
दिनुहवस्, दिनुहवस् उसको बाटो मुक्ति भो ।
४. पिता, पुत्र, पवित्रात्मा हाम्रो बिन्ती सुन्नुहोस्
नाउँ स्तुति जो तपाईंको सबलाई प्रकट गर्नुहोस्,
हे त्राणकर्ता, हे त्राणकर्ता, राज तपाईंको स्थिर रहोस् ।

## ४४० **स्केल G, ताल 3/4**

**कोः अनन्तको त्यो राज्यमा जानलाई होऔं तयार**
**शैतानले अवश्य बाधा नै दिन्छ प्रार्थनामा लागिरहौं ।**

१. कस्तो छ होला अनन्तको राज्य वर्णन गर्न नै सक्दैनौं
कस्तो छ होला ज्योतिको किरण थाहा पाउँन नै सक्दैनौं ।

२. दूतगण सबैले गर्दै नै होलान् प्रभुको जयजयगान
अनेकौं ध्वनि बज्दै नै होला ईश्वरको प्रेमिलो जन ।

३. अब्राहाम, इसहाक, याकूबले हामीलाई पर्खंदैं होलान् वहाँ
कहिले पो आउँछ अनन्त ठाउँमा भन्दै ईश्वरसँग वहाँ ।

४. हामी रमाऔं खुसी भएर वहाँको जयगान गरौं
किनकि थुमा आफैं नै वहाँ दुलहा बनिरहेको ।

## ४४१

**स्केल G, ताल 5/4**

१. प्रतिध्वनि होइन, वचन सनातनको
गर्जन पनि होइन सङ्गीत गुन्जिएको
सूर्य लुकिगए फूलै ओइली झर्छ
प्रभु खीष्टको प्रेम त्यो सदा अमर हुन्छ ।

२. आदिमा वचन थियो ईश्वरको साथ थियो
वचन ईश्वर नै थियो देह लिई आउनुभो
मुकुट छोडी स्वर्गको ओर्ली आए जगतमा
कस्तो मुकुट काँडाको पहिरिनुभो शिरमा ।

३. क्रूसको कथा त्यो नयाँ जीवन दिने
खोलो त्यो रगतको मुक्ति किनिदिने
विश्वासैमा येशूसाथ क्रूसमा टाँगिदिए
बचाइदिन्छौं नौलो प्राण खीष्टलाई अर्पिदिए ।

४. दिइएको वचन त्यो फेरि आउँछु भन्ने
सजिएकी दुलहीलाई उठाइलान्छु भन्ने
उनी फेरि आउँछन् प्रतिध्वनि होइन
साँचिएको आशा त्यो निराश हुने होइन ।

## ४४२

(Jesus loves me)**स्केल C, ताल ¢**

१. येशू मलाई गर्छन् प्यार, यो हो सब बाइबलको सार
बालक उनका हुन् वरदान ती निर्बल उनी बलवान ।

**कोः प्यार गर्छन् मलाई, प्यार गर्छन् मलाई**
**प्यार गर्छन् मलाई येशूले गर्छन् प्यार ।**

२. येशू मलाई गर्छन् प्यार, प्राण दिई खोले स्वर्गको द्वार
मेरो पाप सब धुनेछन्, बालकलाई बोलाउँदछन् ।

३. येशू मलाई गर्छन् प्यार, जस्तै निर्बल छु बिमार

आफ्नो सिंहासनदेखि देख्दछन् सधैँ मलाई ।

## ४४३ (I am so glad) **स्केल F (D), ताल $^6/_8$**

१. मलाई आनन्द छ कि पिता ईश्वर, मलाई देखाउँदछन् उहाँको प्यार
बाइबलको मीठो नै कथाको सार, यो हो कि येशूले गर्दछन् प्यार ।

**कोः धन्य कि मलाई गर्दछन् प्यार, गर्दछन् प्यार, गर्दछन् प्यार,**
**धन्य कि मलाई गर्दछन् प्यार, गर्दछन् प्यार मलाई ।**

२. यदि म टाढो जाऊँ छोडी उनलाई, तैपनि खीष्टले प्रेम गर्छन् मलाई
बाइबलको सबभन्दा मीठो कथा यो हो कि येशू प्रेम गर्छन् सदा ।

३. स्वर्गमा जब राजालाई देख्नेछु उनैको स्तुतिको गीत गाउनेछु
यसैको निम्ति म नित्य गाउँला, येशूले मलाई प्रेम गर्छन् सदा ।

४. म उनलाई गर्छु, मलाई गर्छन् प्यार, प्रेमले उनी भए सत्य औतार
क्रूसमा चढी गरे मेरो उद्धार, निश्चय खीष्ट गर्दछन् उदेकको प्यार ।

## ४४४ (All thing bright and beautiful) **स्केल C, ताल C**

**कोः सब थोक राम्रा र उज्वल सब जीव साना-ठूला**
**ज्ञानी र उदेकका सब ईश्वरले बनाएका ।**

१. सब फूल राम्रा जो फुल्छन्, गाउँछन् सबै चरा
रङ्ग तिनका चम्किला छन्, बनाए पखेटा ।

२. हिउँदको चिसो हावा, गर्मीको राम्रो घाम
पाकेको फल बगानमा उनैको सबै काम ।

३. हिउँका अग्ला पहाड, सब छेउका जङ्गल नदी
सूर्यास्त र सुन्दर बिहान रङ्गी आकाश पनि ।

४. हेर्न दिए आँखा जो, ओठ दिए बोल्नलाई
अग्घोर महान् ईश्वर हुन् बनाए सब राम्रै ।

## ४४५ (Be careful little eyes) **स्केल G, ताल C**

१. खबरदार, सानो आँखा के हेर्छ, खबरदार, सानो आँखा के हेर्छ ।

**कोः तिम्रो स्वर्गे बाबुले तल हेर्छन् प्यारले,**
**खबरदार ! सानो आँखा के हेर्छ ।**

२. खबरदार ! सानो कान के सुन्छ (२)
३. खबरदार ! सानो हात के गर्छ (२)
४. खबरदार ! सानो मन के सोच्छ (२)
५. खबरदार ! साना पाउ कहाँ जान्छ (२)

## ४४६
**स्केल G, ताल C**

**कोः तिम्रो यौवन कालमा, आफ्नो सृजनहारलाई, सदैव सम्झना गर**
**आफ्नो सृजनहारलाई, आफ्नो सृजनहारलाई (२) आफ्नो सृजनहारलाई**
**सेवा गर तन, मन, धनले, (धनले) (२) सेवा गर तन-मन-धनले ।**

१. हाम्रो यौवन व्यर्थ नजाओस् लोगले यसलाई तुच्छ नठानून (२)
समयमा नै आफ्नो प्रभुलाई (२) सेवा गर तन, मन, धनले

२. प्रभु येशू तारणहार हाम्रो उनी सृजनहार (२)
हे दाजु-भाइ, हे दिदी-बैनी हो (२) सेवा गर गर तन, मन, धनले

३. अन्धकार जगको हुन् प्रभु अनन्त प्रकाश दिने उज्यालो (२)
उनै ज्योतिलाई नगरी बियाँलो (२) सेवा गर गर तन, मन, धनले

## ४४७
(Praise Him) **स्केल C, ताल C**

१. जयजय गर साना नानीहरू, खीष्ट हुन् प्रेम, (खीष्ट हुन् प्रेम) २
२. सेवा गर साना नानीहरू, (खीष्ट हुन् प्रेम) २
३. धन्यवाद गर साना नानीहरू, (खीष्ट हुन् प्रेम) २
४. उनलाई भज साना नानीहरू, (खीष्ट हुन् प्रेम) २
५. प्यारो गर साना नानीहरू, (खीष्ट हुन् प्रेम) २
६. प्रार्थना गर साना नानीहरू, (खीष्ट हुन् प्रेम) २

## ४४८
**स्केल D, ताल $^6/_8$**

१. नानीहरूको लागि दैलो उघारिदेऊ
असल गोठालोको खोरमा तिनलाई भेला गरौं
कोही त टुहुरा-टुहुरी कोही ता साह्रो लाचार
सब नानीहरूको लागि उघारौं खोरको द्वार ।

**कोः खोरको दैलो, खोरको दैलो खोरको दैलो उघारौं**
**असल गोठालाको खोरमा नानीलाई भेला गरौं ।**

२. नानीहरू ता आउँछन् दैलो उघारिदिऔं
यिनैलाई खोरमा बसाई खीष्टको शिक्षा दिऔं
प्रार्थना गरी उघारौं धर्मको खोरको दैलो
याद गरौं ईश्वरको राज्यलाई यस्तैनैहरूको हो ।

## ४४९
(I am Jesus little lamb) **स्केल D, ताल C**

१. येशूको म हुँ पाठो हृदय खुसी छ मेरो
प्रेम येशूले मलाई गर्छन् राम्रो वरदान मलाई दिन्छन्
पालन-पोषण गर्दछन् नाउँबाट बोलाउँदछन् ।

२. मेरो दैनिक जीवनमा भोक र तिर्खा जान्दिनँ
हूल भेडाको उनको जहाँ, राम्रो हरियो चरन त्यहाँ
लाग्छ मलाई प्यास जहिले, झर्ना देखाउँछन् उनले ।

३.  जीवनभर आनन्दित छु, आशिषित यस झुण्डमा छु
    पाउँछु गोठाला चराउने, मृत्युपछि जीवन दिने
    मलाई स्वर्गमा पुऱ्याउँछन्, भाग्यमानी हुन्छु म ।

## ४५० (God who made the earth) **स्केल D, ताल C**

१.  परमेश्वर, जसले पृथ्वी र त्रिभुवन
    ज्योति पनि सृजे मलाई पाल्छन् ।
२.  परमेश्वर जसले बनाए रात र दिन
    रूख, फूल र फल सृजे मलाई पाल्छन् ।
३.  परमेश्वर जसले सृजे घाम, तारा, जून
    आँधीमा हुन् आश्रय मलाई पाल्छन् ।
४.  परमेश्वर जसले मौसम मिलाउँदछन्
    पदार्थ सब सृजे मलाई पाल्छन् ।
५.  ईश्वर पुत्रले क्रूसमाथि दिए प्राण
    उनमा विश्वास राखे मलाई पाल्छन् ।
६.  स्वर्ग पुगेर मै सुनाउँछु उनको जय
    यो गाउँछु ईश्वरले पाले मलाई ।

## ४५१ (Lord a little band and lowly) **स्केल D, ताल C**

१.  प्रभु साना नानी भई स्तुति गर्न आएका छौं
    तपाईं धर्मी हुनुहुन्छ मान र आदर दिंदछौं,
    ख्रीष्टको प्रेम र स्वर्गको कुरा हाम्रा मनमा भर्नुहोस्
    ख्रीष्टलाई खुसी नपार्ने कार्य गर्नदेखि थाम्नुहोस् ।
२.  किनभने प्रभु ख्रीष्टले हामीलाई नित्य हेर्छन्
    जति गर्छौं काम र विचार उनले स्वर्गमा लेख्दै छन्,
    हाम्रा पाप माफ दिनुहवस् हामीलाई बचाउनुहोस्
    स्वर्गैमा राम्रो गीत गाउन हामीलाई पुऱ्याउनुहोस् ।

## ४५२ (The world looks very beautiful) **स्केल C, ताल $^3/_4$**

१.  संसारमा खुब राम्रो देख्दछु रमाहट गर्छु म
    सब थोकमा घामको किरण देखाउँछ महिमा
    संसारमा बस्दाखेरी म, जरुर हर्षिलो छु
    म येशू ख्रीष्टको बाटोमा पछ्याउँछु ।
२.  म सानो यात्री मात्र, यात्राको सुरुमा
    म जीवन यात्रा गर्दा शोक भेट्नेछु यहाँ
    संसार छ शोकले भरेको र विपद पनि छ
    तर येशू ख्रीष्टको बाटोमा पछ्याउँछु ।

३. त सानो यात्रीजस्तै जे-जे म भेट्नेछु
हर्ष कि दुःख लान्छु, चरणमा येशूको
ती दुःखमा शान्ति दिन्छन् ती पुच्छन् सब आँसु
रमाहट गरी बाटोमा पछ्याउँछु ।
४. परीक्षा सताउँदैन, दुःखदेखि छैन भय
जब येशू आउँछन्, नजिक, शोक हुन्छ टाढै नै
मृत्युले नष्ट गर्दैन, जब मृत्यु भेट्नेछु
स्वर्ग* जाने बाटोमा पछ्याउँछु ।

## ४५३

**स्केल C, ताल ¢**

**कोः बोलाउनुहोस्, प्रभु हामीलाई साना हामी बालकलाई**
**छैन हाम्रो जगमा कोही तपाईं छोडी गुहार हाम्रो गर्ने ।**
१. फिर्दछौं भेडाझैं गोठालाबिनाका
बोलाउनुहोस् प्रभु हामीलाई स्वर्गीय राज्यमै ।
२. हामीजस्तो बालकलाई स्वर्गीय राज्य दिनलाई
रूखो वचन शिक्षालाई प्रिय हामीलाई ।
३. धन्य, माता-पिताले हामीलाई प्रभु चिनाए
पापीको विलाप सुन्नलाई ख्रीष्ट रमाए ।
४. रोई-रोई म आउँदा शान्ति पाउन तपाईंमा
आँसु पुछी राख्नुहोस् हात शिरैमा ।

## ४५४

**स्केल C, ताल ¢**

१. उज्यालो भइगयो, प्रभु दिनभरि काम गर्न
अल्छी छोडी रमाई उठूँ बिहानको भेट दिन (२)
२. बोली चालमा चोखो भई, प्रभु घामजस्तै उज्यालो
सबै देख्छन् मेरो बाटो र विचार सब मेरो (२)
३. उचालिदिनोस् मन मेरो, प्रभु दिनभरि कामैमा
दुःख-सुःख जे-जे होला तपाईंको नावैमा (२)
४. गत रातको निदको लागि, प्रभु धन्यवाद दिँदछु
तपाईंको दानै भन्छु मनैमा लिँदछु (२)
५. रक्षा हवस् दिनभरि, प्रभु तपाईं नै देखि
सफल हवस् कामै जति तपाईंकै लागि (२)
६. सत्य सत्य ईश्वर तपाईं, प्रभु कोही छैन मेरो
संसार भने पापले भऱ्यो दुखैको थुप्रो (२)
७. आज बाँचूँ पापैदेखि, प्रभु गोहारै पाई
मुक्तिदाता आफैं आई बचाइदेऊ मलाई (२)

## ४५५ (Do no sinful action) **स्केल D, ताल $^2/_4$**

१. पापी काम नगर, नबोल क्रोधी बात
खीष्ट हुन् तिम्रा प्रभु ती छन् तिम्रो साथ ।
२. खीष्ट दयालु प्रेमी ती हुन् शुद्ध र सत्
बालकैको पनि होस् पवित्र गत ।
३. शैतान दुष्ट आत्मा अहिले हेर्दै छ
गर्छ त्यो परीक्षा सधैँ घेर्दै छ ।
४. त्यसको बात नसुन सुन्नु पाप नै छ
सधैँ भलो गर्नु खीष्टलाई प्यारो छ ।
५. खीष्ट हुन् तिम्रा प्रभु उत्तम पवित्र
उनको नानी भलो हुनु उचित छ ।

## ४५६ (Jesus tender shepherd) **स्केल D, ताल C**

१. येशू कृपालु गोठाला, आशिष् दिनोस् पाठोलाई
राती रक्षा गर्नोस् मलाई, बिहानसम्म छेउमा भई ।
२. आज तपाईंदेखि पाएँ लुगा, भोजन अगुवाइ
प्रार्थना, धन्यवाद अब गर्छु ढल्किजाँदा सुत्नलाई ।
३. मेरा भुलचुक गर्नोस् क्षमा, मेरा प्रियहरू प्रेम
जब मरूँ लानोस् स्वर्गमा सदा दिन र क्षेम ।

## ४५७ **स्केल C, ताल ₵**

१. *केटी* - हे दाजु किन यस्तो नि संसारमा आज अशान्ति (२)
*केटा* - खीष्टलाई भुले यस्तै नि हुन्छ है बहिनी अशान्ति (२)
२. *केटी* - खीष्टलाई किन भुले नि यो पापी सारा संसारले (२)
*केटा* - खुब जान्ने भए संसारी खीष्टलाई पर पन्साई (२)
३. *केटी* - यस्तै के सदा हुने हो हे प्रिय दाजु भनन् (२)
*केटा* - किन पो हुन्थ्यो सदा नि ईश्वरको लीला बुझ न (२)
४. *केटी* - मानिसले किन भुले नि आफ्नो सृष्टिकर्तालाई (२)
*केटा* - पाएर बुद्धि ईश्वरकै भुले है सृष्टिकर्तालाई (२)
५. *सबैले* - पश्चात्ताप गरी फर्क है मुक्तिदाताको चरणमा (२)
मुक्ति है पाई स्वर्गधाममा आनन्दसित पस न (२)
६. *सबैले* - ईश्वरको नाउँ धन्य होस् उनैको सत्य सदा होस् (२)
उनैको सच्चा भक्त भई हाम्रो जीवनको अन्त होस् (२)
७. *सबैले* - स्वर्गमा बसी आनन्दले ईश्वरको पूजन गर्नेछौं (२)
जय प्रभु येशू, जय मुक्तिदाता भन्दै हामी गाउनेछौं (२)

## ४५८ (O what can little hands do) **स्केल D, ताल $^6/_8$**

१. स्वर्गीय राजालाई खुसी गर्न के सक्छन् साना हातले ?

कोसिस गरून् साना हातले दुःखितलाई दुःखमा गोहार गर्ने यस्तो अनुग्रह पाऊँ ।
२. स्वर्गीय राजालाई खुसी गर्न के सक्छन् साना ओठले ?
स्तुति, प्रार्थना साना ओठले र नरम भला बात गर्ने, यस्तो अनुग्रह पाऊँ ।
३. स्वर्गीय राजालाई खुसी गर्न के सक्छन् साना पाउले ?
सुमार्गमा हिँड्न यी पाउले प्रभुको नाम प्रकाश गर्ने, यस्तो अनुग्रह पाऊँ ।
४. स्वर्गीय राजालाई खुसी गर्न के सक्छन् साना आँखाले ?
हेरूँ स्वर्गलोक साना आँखाले पवित्र धर्म पुस्तक पढ्ने यस्तो अनुग्रह पाऊँ ।
५. स्वर्गीय राजालाई खुसी गर्न के सक्छन् साना मनले ?
प्रेम मनले मित्र बनाउने, पवित्र आत्मा दान पाउने, यस्तो अनुग्रह पाऊँ ।

## ४५९ (Father lead me day by day) **स्केल C, ताल C**

१. पिता डोऱ्याई दिन-दिनै तपाईंका इच्छामा नै
स्वच्छ, शुद्ध मन दिई सत्य सिकाउनोस् मलाई ।
२. विपदमा दिई साहस, बसी छेउ रक्षा गर्नोस्
निर्भय राख्नुहोस्, मलाई ममा प्रेम दृष्टि लगाई ।
३. परीक्षाका सबै दिनमा दृढता दिनुहोस् मनमा
जब हुन्छु सामर्थहीन, रक्षा गर्नुहोस् त्यो दिन ।
४. हुन्छु खुसी आशिष् पाई, नभुलूँ म तपाईंलाई
हुन्छन् हर्षित सबै जना चिनेर तपाईंको मन ।
५. जे-जे राम्रो छ गर्छु, तपाईंको बालक हुन्छु
आउँछु जब स्वर्गमा बस्छु सधैं नै वहाँ ।

## ४६० (Come children join to sign) **स्केल G, ताल C**

१. आऊ सबै गीत गाऔं है, हल्लेलूयाह आमेन
होस् बढाइ येशूकै, हल्लेलूयाह आमेन
स्वर र मन उचाली सिंहासनको अघि
मन पर्दो छ स्तुति, हल्लेलूयाह आमेन ।
२. मन उँभो उचाल्दै, हल्लेलूयाह आमेन
खुब आकाश गर्जाउँदै, हल्लेलूयाह आमेन
ख्रीष्ट हाम्रा मित्र हुन, हामीमा उत्रन्छन्
प्रेम उनको टुङ्दैन, हल्लेलूयाह आमेन
३. गुण गाऔं प्रभुको, हल्लेलूयाह आमेन
शक्ति भर जीवनको हल्लेलूयाह आमेन
स्वर्गमा पुगौंला, उनैलाई भेटौंला,
सधैं नै गीत गाऔंला, हल्लेलूयाह आमेन

## ४६१ (Jesus from thy throne on high)**स्केल C, ताल C**

१. येशू सिंहासनदेखि माथि स्वर्गमा बसी
प्रेमी दृष्टिले हेरी सुन्नुहोस् प्रिय येशू ।
२. बालक मान्दैनन् डरै हुनुभए साथ तिनकै
प्रिय त्राणक प्यार गर्दै सुन्नोस् प्रिय येशू ।
३. हुनोस् हाम्रो साथ सदा हाम्रा काम र खेलकुदमा
जब चढाउँछौं प्रार्थना सुन्नोस् प्रिय येशू ।
४. हाम्रो सोच होस् पवित्र, बात होस् सत्य र नम्र
लौ, बनाउनोस् पवित्र सुन्नोस् प्रिय येशू ।

## ४६२

**स्केल C, ताल 2/4**

१. कसले बनायो फूलहरूलाई, फूलहरूलाई, फूलहरूलाई ?
कसले बनायो फूलहरूलाई ? ईश्वर जो स्वर्गमा छन् ।
२. कसले बनायो माछाहरूलाई, माछाहरूलाई, माछाहरूलाई ?
कसले बनायो माछाहरूलाई ? ईश्वर जो स्वर्गमा छन् ।
३. कसले बनायो चराहरूलाई, चराहरूलाई, चराहरूलाई ?
कसले बनायो चराहरूलाई ? ईश्वर जो स्वर्गमा छन् ।
४. कसले बनायो ताराहरूलाई, ताराहरूलाई, ताराहरूलाई ?
कसले बनायो ताराहरूलाई ? ईश्वर जो स्वर्गमा छन् ।
५. कसले बनायो तिमीलाई, मलाई, तिमीलाई, मलाई ?
कसले बनायो तिमीलाई मलाई ? ईश्वर जो स्वर्गमा छन् ।

## ४६३

**स्केल D, ताल 2/4**

१. येशू भन्छन् बालकहरूलाई म कहाँ आउँन देऊ
किनभने स्वर्गको राज्य यस्तैनैहरूको हो ।
२. यसकारण हामी सबै मिलेर उनको चरणमा जाऔं
उनको चरणमा गएर हामी मीठो आवाजलाई सुनाऔं ।

## ४६४

**स्केल C, ताल 2/4**

१. येशूलाई धन्यवाद, दिन कति राम्रो
सेतो हिमाल र अग्लो पहाड (२) आकाशै चम्किलो ।
२. येशूलाई धन्यवाद, फूल कति राम्रो
हरियो घाँस हल्लने रूख (२) फल खानु स्वादिलो
३. येशूलाई धन्यवाद, पुतली के राम्रो
उड्ने चरा र हिँड्ने पशु (२) गीत गाउने फटेंग्रा

## ४६५

**स्केल F (D), ताल ¢**

**कोः नवीन सालको प्रथम दिनमा हर्ष हामी आज मनाऔं**
**यही समय प्रभु याद लिई नवीन हामी जीवन अपनाऔं ।**

१. प्रभु येशू उद्धारकर्ता अद्भुत् त्राता तारणहार
उनको करुणा याद सदा लिई नवीन हामी जीवन अप्नाऔं ।
२. प्रभु हामी शरण पर्छौं सबै जीवन अर्पण गर्छौं
तपाईं सेवा सदाभर नै कामना मनमा यही रहोस् ।

## ४६६

**स्केल G, ताल 3/4**

१. अब अर्को वर्ष बितेछ हे मेरो दिल, चेत गर
ईश्वरले रक्षा गरेछन् अग्घोर धन्यवाद गर ।
२. यस वर्ष कति थिए बिमार र कति मरेछन्
शैतानदेखि कति डराई दुष्टआत्मा पुजेछन् ।
३. मलाई त जुऱ्यो आत्मिक ज्ञान, शरीरको सुख र आड
धेर रोटी, वस्त्र, मित, ठेगान ठीक खाँचो नै अन्सार ।
४. यस वर्षका सब पाप अपराध हे ईश्वर माफ गर्नोस्
ठीक धर्म गर्नुछ असाध्य अनुग्रह दान दिनोस् ।

## ४६७

**स्केल d (G), ताल C**

१. अर्पण गर्दछौं यो भवनलाई सृष्टिका प्रभु ईश्वरलाई, त्राणकर्ता येशूलाई
आराधना, स्तुति, बिन्ती र पुकार, गर्छौं यहाँ अब अन्तरध्यान ।
**कोः सुनिलिनोस् पुकार यो हाम्रो, प्रभु लिनुहोस् भवन यो** (२)
२. भोका-प्यासा हृदय, स्वर्गीय भोजनको बन्धन डोरी पापैको
चरण यहाँ तपाईंको उपदेशक, तपाईंको दासद्वारा दिनुहोस् भोजन आत्माको ।
३. भजनादि स्तुति, अर्जबिन्ती यहाँ चढाइन्छन् जब तपाईंकहाँ,सुनिलेऊ खीष्ट येशूमा
विनय उत्तर पाओस्, मन शान्ति रहोस्, येशू नाउँ सदा महिमित होस् ।
४. प्रतिरूप हो यो मन मन्दिरको, कारिगरी यो मानिसको, प्रभु निर्जीव भवन यो
तै मर्जी होओस् प्रभु, आई बसी सुनौला मधुरबाणी तपाईंको ।
५. नित्य नित बलोस् चम्कि नै रहोस् प्रकाशित होओस् येशू,सदा भवन यो छ जहाँ
हराभरा जीवन तयारी सदा पार्नुहोस् आउँछन् जो यहाँ सदा ।

## ४६८

**स्केल D, ताल C**

१. बिर्सिन्छौं कसरी पोहोरको साल यो घडी मान्दै थियौ नयाँ साल यसरी
यति चाँडै त्यो साल बित्यो आज पनि
शक्ति छैन त्यो साललाई थाम्ने एक पल पनि ।
**कोः समय छ, समय छ भन्दै थियौ थाहा नभई त्यो साल बितिगयो**
**अब त्यो साललाई बिदा गरौं र अब पसिजाऊँ हामी नयाँ साल यो**
**नयाँ सालभरि हिँड्नलाई ईश्वरको अगुवाइमा ।**
२. धन्यवाद चढाउन सब दानको लागि ईश्वरलाई गरौं जीवन अर्पण उनलाई
लिई उनको साथमा बसी उनको आडमा यो साल मात्र होइन

यो जीवन लगाऊ उनकै जिम्मामा ।
३. सम्झनुहोस् हे प्रिय यो जाँदो सालमा, हामी थियौं कुन कुन दशामा
हाम्रो पाप अप्राधको केही ख्याल नगरी,
ईश्वरले हाम्रो रक्षा गरे वितेको सालभरि ।
४. अब बिदा लेऊ हे प्रियहरू गर्दै शुभकामना नयाँ सालको
भेट्छौं कि भेट्दैनौं फेरि नयाँ सालमा
भेटौंला कहिले नछुट्ने गरी त्यो अनन्त घरमा ।

## ४६९

**स्केल G, ताल 3/4**

**कोः येशू बोलाउँछन् सबलाई, येशू बोलाउँछन् सबलाई**
**प्रेमसाथ बोलाउँछन्, अँगालोमा उनको**
**येशू बोलाउँछन् सबलाई ।**

१. हृदय तिम्रो हताश भए, शक्ति छ तिम्रो लागि
मुक्ति र ज्योति तिम्रै लागि येशूकहाँ लिन आऊ आज (२)
२. सब रोगलाई निको पार्ने शक्ति छ उनीकहाँ (२)
तत्पर छन् तिम्रो मुक्तिदाता प्यार गर्न सधैँ तिमीलाई ।

## ४७०

**स्केल G, ताल C**

**कोः येशू प्रभु आऊ हाम्रो माझमा, जीवन मेरो लेऊ तिम्रो हातमा**
**ओठको होइन यो भक्ति, हृदयको हो यो पुकार, आ ...**

१. यात्रा मेरो दुई दिनको, सास मेरो छिनभरको (२)
चूप लागूँ कसरी ? गीत नगाऊँ कसरी ?
यति ठूलो मुक्तिमा नरमाऊँ कसरी ?
२. वचन तिम्रो पढेर, प्रार्थना सधैँ गरेर (२)
आराधनाको जिन्दगी मेरो बितोस् यसरी
अन्धकारमा जूनझैँ चम्कोस् साक्षी त्यसरी ।

## ४७१

**स्केल C, ताल 6/8**

**कोः हेर न, हेर न, हेर न कलवरीको त्यो डाँडालाई**
**महान् प्रेम गर्नुभो येशूले, हेर न, हेर न, दाजु-भाइ (२)**

१. पापीको पापलाई मेटाउन क्रूसमा मर्नुभो येशूजी (२)
विश्वास गर न-गर न क्रूसैमा टाँगिएको येशूलाई (२)
२. आउनेछन् संसारमा येशूजी विश्वासीहरूलाई उठाउन (२)
जानलाई तयार होऊ दाजु-भाइ, आनन्दको त्यो देशैमा (२)

## ४७२

**स्केल C(A), ताल C**

**कोः ख्रीष्टकहाँ आऊ साथी, येशूकहाँ आऊ साथी**
**जीवनको जल लिन, आफ्नो प्यास मेटिलिन ।**

१. जीवनको जल उनै हुन् युगयुग तृप्ति दिने (२)

उनलाई यदि पियौ भने तिमी कहिल्यै प्यासा बन्दैनौ युगानयुगसम्म नै ।
२. जीवनको बाटो उनै हुन् स्वर्ग राज्यमा पुऱ्याइदिने (२)
उनलाई यदि चुन्यौ भने पिताकहाँ निश्चय पुग्नेछौ युगानयुग राज्य गर्नलाई ।
३. जीवनको रोटी उनै हुन् भोको दिललाई तृप्ति दिने (२)
उनलाई तिमी खायौ भने तिमी कहिल्यै भोको बन्दैनौ युगानुयुगसम्मलाई ।
४. एउटा मात्रै ढोका उनै हुन् स्वर्गराज्यमा प्रवेश गर्नलाई (२)
यही बाटो पस्यौ भने निश्चय तिमी स्वर्ग पुग्नेछौ असीम सुखको भागी हुनलाई ।
५. एउटा मात्र सत्य येशू हुन् सारा जगको उद्धार गर्नलाई (२)
यदि उनलाई अपनायौ भने अनन्त दण्डबाट उम्कन्छौ, उनीसँग सदा रहनेछौ ।

## ४७३

**स्केल F(G), ताल ¢**

**कोः आउनेछन् (४) बिहानीको ताराले अँध्यारो हटाउनेछन् ।**
१. हाम्रो प्रतीक्षा पूरो हुनेभो, ख्रीष्टको प्रतिज्ञा साँचो हुनेभो (२)
हुने भो (३) आउनेछन् (२) मलाई लिन आउनेछन् ।
२. शिर उठाई माथि हेर तिम्रो छुटकारा नजिक आको छ (२)
आको छ (३) आउनेछन् (२) मलाई लिन आउनेछन् ।

## ४७४

**स्केल G, ताल 3/4**

ह ह ह हल्लेलूयाह (७) आमेन
**कोः सारा सृष्टिको मालिक तपाईंलाई, सारा सृष्टिको रक्षक तपाईंलाई**
**हाम्रो हृदयसमेतले आदर-प्रणाम सदैव होस् तपाईंको गुणगान,**
**ह ह ह हल्लेलूयाह (७) आमेन ।**
१. (सब संसार टलेर जानेछ, टल्नेछैन तपाईंको वचन
बितेर जानेछ यो जीवन तर विश्वासी मर्दैन कहिले) २
२. (नयाँ संसार र स्वर्ग हुनेछ विश्वास गर्ने सबैको निम्ति
प्रशंसा, आदर हुनेछ त्यहाँ, हाम्रो परमप्रेमी पितालाई) २

## ४७५

**स्केल D, ताल 3/4**

**कोः विश्वास गरी प्रभुको चरणमा आऊ**
**आफ्ना भुललाई स्वीकारी उनैमा क्षमा पाउन**
**उनी आए संसारमा बचाउन हामी सबैलाई**
**केवल उनमा छ मुक्ति, उनी हुन् साँचो गोठालो ।**
१. कलवरी डाँडामा येशूलाई झुण्डिएको आज हेरिदेऊ
केवल तिम्रै निम्ति मात्र उहाँले आफ्नो प्राणसम्म दिनुभो (२)
२. उनको प्रेमी बोलावट सुनिदेऊ, आफ्नो हृदय उनैलाई खोलिदेऊ
उहाँ आउनुहुनेछ तिमीभित्र दिनलाई अनन्त जीवन (२)

## ४७६ (Jesus is Lord) स्केल G, ताल $^3/_4$

१. येशू प्रभु, सब सृष्टिले सुनाउँछ उनको शक्तिले यो पृथ्वी बनाएथ्यो
येशू प्रभु, यस जगत्‌ले देखाउँछ घाम, तारा, जून बताउँछन् कि खीष्ट हुन् प्रभु ।

**कोः येशू प्रभु (२), गाओ स्तुति गाओ हल्लेलूयाह कि खीष्ट हुन् प्रभु ।**

२ येशू प्रभु भए पनि स्वर्ग त्यागी मानिस भई मर्न आए श्रापित क्रूसमा
येशू प्रभु जीवनदाता भए पनि पापदण्ड तिरी किने हाम्रो छुटकारा ।

३ येशू प्रभु उठी विजेता भए हटिगयो अब हाम्रो पाप र मृत्यु
येशू प्रभुले आत्मालाई पठाए बल-शक्तिले देखाउन कि खीष्ट हुन् प्रभु ।

## ४७७ स्केल D7, ताल C

**कोः जीवनभरि नै गाउने हो गीतहरूमा, भन्ने हो येशू नै हुन् प्रभु (२)**

१. सास हुने सबै प्राणीले गर प्रशंसा परमेश्वरको
झुण्ड्याउने आफैंलाई क्रूसमा रगत बगाई, (येशू नै हुन् प्रभु) २

२. भनभन प्रभु येशूलाई मेरो हृदयको राजा हो
स्वर्ग र पृथ्वीका सबै घुँडा टेक यसो भन्दै, (येशू नै हुन् प्रभु) २

## ४७८ स्केल D, ताल $^6/_8$

**कोः हेर दाजै (२) मुक्तिको दिन आयो**
**येशूमाथि भक्ति राखी, ध्यान राखी, दिन रमाउने लौ आयो ।**

१. गोठालो ज्यानले प्रभु हो बालक भनेर जानिलिए
बेथलेहेम गोठमा चरण परी अवतार हो मानिलिए ।
खबर पुरानो दूतगणले ल्याको कुरा यो साँचो हो
विश्वास गरी येशूलाई लिनु सबैको खाँचो हो ।

२. सबैले मागे, लिएर भागे, तिमी र म रित्तो
कर्मको चक्र, धर्मको फिक्री जुनी नै भो तीतो ।
आफैंलाई दिन येशू नै मात्र धर्तीमा हो आउने
यही हो बेला भजेर येशू मनमा बोलाउने ।

३. सारा भूलोकका मालिक हुन् येशू, बुझ्ने यो ज्ञान दिए
गोठमा लडे, क्रूसमा चढे, आफ्नै त्यो ज्यान दिए ।
हटाउन कालो पापको मैलो अँधेरी जगत्‌को
बगेर आयो, उर्लेर आयो खोला त्यो रगतको ।

## ४७९ स्केल D, ताल ¢

**कोः हाम्रो यो जीवन घाम-छायाँ मात्र हो, हाम्रो यो जीवन बगेको खोला हो**
**फर्केर आउँदैन बितेको जीवन यो, रोएर फिर्दैन गएको यौवन यो ।**

१. मिलेरजुलेर सबैले जयजयकार मनाऔं
हाँसेरगाएर सबैले प्रभुको वचन सुनाऔं ।

२. आजलाई अनि भोलिलाई स्वर्गको मार्ग बनाऔं

सम्झाउँदै-बुझाउँदै अरूलाई प्रभुको वचन सुनाऔं ।

## ४८०

**स्केल C, ताल ¢**

**कोः हाँसखेल गर्दै भनिदेऊ संसार सबैलाई**
**धरतीको बोझ उठाइलाने जन्मिए मुक्तिदाता**
**मानिसको चोला लिएर गरीब गोठैमा (२)**

१. गोठालाहरूलाई पहिले दर्शन पठाए पिताले (२)
दूतगण आई भन्न लागे साँझको बेलामा ।
तारणहार प्रभु जन्मिए दाऊदको सहरमा
गई हेर तिम्रो प्रभुलाई पहिले नजरमा (२)

२. पूर्वका ज्ञानी ज्योतिषी आकाश हेरेर बात गर्थे (२)
साँझको नौलो तारा देखी हर्षले रमाए ।
राजाहरूका राजा जन्मेको पत्ता लगाए (२)
परमपितालाई मन खोली धन्यवाद चढाए (२)

## ४८१

**स्केल G, ताल C**

**कोः बादलमा फेरि आउनेछन् येशू राजा**
**यही आशामा हाँसिदेऊ, आँसुलाई थामिदेऊ ।**

१. तिमीले मुटु बाँधेर कारागारहरूमा पर्खेका छौ
तिमीले निन्दा चोटहरू उनको निम्ति भनेर खपेका छौ
साथी-समाज छुटेर जाँदा, आकाशमा उनलाई कुरेका छौ (२)
निश्चय नै प्रभु आउनेछन् त्यही आकाशमा
तिम्रो धीरजलाई नहराऊ, केही बेर पर्खिदेऊ ।

२. तिम्रो नाउँलाई पनि उनले जीवनको किताबमा लेखेका छन्
तिम्रो ठाउँ उनले आफ्नो घरमा अनन्तसम्मलाई तोकेका छन्
तिम्रो हृदय दुःखित नबनोस् उनको वचन सधैं पालन गर (२)

## ४८२

**स्केल Am, ताल 2/4**

**कोः येशू धन्यवाद मैले पुज्नुपर्दैन न आकाश, न पृथ्वीका आकृतिहरू**
**तिमीले चिनाइदियौ साँचो परमेश्वरलाई । येशू धन्यवाद ।**

१. पहाड, नदी, जङ्गल र बादल तिम्रा सृष्टि हुन् (२)
कसरी पुजूँ मैले तिम्रा हातका रचनाहरू ?
तिमीले बताइदियौ आदि-अन्त तिमी नै हौ (२)

२. तोडूँ कति मेरो जीवनलाई मुक्तिको खोजीमा (२)
पूण्य गरे भन्छु, छैन शान्ति मेरो आत्मामा
तिमीले देखाइदियौ बाटो सत्य र जीवन (२)

## ४८३
**स्केल G , ताल $^2/_4$**

**कोः हे सारा पृथ्वीका मानिस हो, परमप्रभुको जयजयकार मनाऔं**
**आनन्दसाथ उनको सेवा गर, भजन गाएर उनको सामने आओ ।**

१. परमप्रभु नै परमेश्वर हुन्, उहाँले हामीलाई बनाउनुभयो (२)
हामी उहाँका प्रजा अनि उहाँका खर्कका भेडाहरू हौं (२)

२. धन्यवादसाथ र प्रशंसा गर्दै उहाँको ढोका र चोकभित्र पस (२)
उहाँलाई धन्यवाद चढाऔं, उहाँको नाउँलाई धन्यको भन (२)

३. परमप्रभु भलो हुनुहुन्छ, उहाँको कृपा सधैंभरि छ (२)
अनि उहाँको सत्यता पुस्तौंसम्म स्थिर रहन्छ (२)

## ४८४
**स्केल D , ताल ¢**

१ बाँध्न सकिनेछ, डाँट्न सकिनेछ, भगाउन सकिनेछ
येशूको नाउँमा, रगतको दुहाइले
शैतान र त्यसको सेनाको हार निश्चित छ ।

२ साङ्ला भचाउँनेछन्, बन्धन सब फुकाउनेछन्,
आफ्नोलाई छुटाउनेछन्, नासरतको येशूले आफ्नो त्यही शक्तिमा
शैतान र त्यसको सेनालाई दूर भगाउनेछन् ।

३ येशूको नाउँमा (३) रगतको दुहाइले (२)
शैतान र त्यसको सेनाको हार निश्चित छ ।

## ४८५
**स्केल D, ताल $^3/_4$**

**कोः कलवरी डाँडाको क्रूसैमा येशूले आफ्नो प्राण दिए**
**तिम्रो र मेरो पाप धुन, चोट सही रगत बगाए (२)**

१ नठान उनी केवल मरे, बौरेर फेरि पनि उठे
रोक्न सकेन चिहानले, जित्न सकेन मृत्युले (२)

२ मृत्यु र पापको डर छैन, विश्वास गर येशूमा
स्वर्गको बाटो येशू नै हो, सुम्पिदेऊ जीवन उनैमा (२)

## ४८६
(Sinners Jesus will receive) **स्केल C, ताल $^3/_4$**

१ यो सुनाऔं किन येशूले ग्रहण गर्छन् पापीलाई
स्वर्गीय मार्गमा लड्ने, बाटो भुल्ने यात्रीलाई ।

**कोः हामी गाऔं, निरन्तर गाऔं, पापीलाई ग्रहण गर्छन्**
**सुसमाचार प्रष्ट सुनाऔं, येशूले बचाउँदछन् ।**

२ ख्रीष्टको वचन अपनाई आराम पाउँछौं हामीले
सबैभन्दा दुष्टलाई ग्रहण गर्छन् येशूले ।

३. मलाई ख्रीष्टले शुद्ध पारी ऋण चुकाए व्यवस्थाको
अब ठहरिन्छु निर्दोषी साम्नेमा परमेश्वरको ।

४. येशूले गर्छन् ग्रहण पापी सब, मलाई पनि
स्वर्ग जान्छु उनकहाँ शुद्ध भई पापदेखि ।

## ४८७ (O Happy Day) स्केल D, ताल C

१. खुसीको दिन, जसमा मैले येशूमाथि राखें विश्वास
सबैलाई किन नसुनाऊँ छ मेरो मनमा सुखविलास ।

**कोः खुसीको दिन, खुसीको दिन येशूले पाप सब मेटाए**
**आनन्द, प्रार्थना गर्दैजाऊ भनेर मलाई सिकाए**
**खुसीको दिन, खुसीको दिन येशूले पाप सब मेटाए ।**

२. महान् साटफेर पूरा भयो म प्रभुको उनी मेरो
मलाई ताने स्वरले मीठो र पछि लागें येशूको ।

३. चुलबुले मन फेरिसक्यो, पाएछु येशूमा शान्ति
प्रभुदेखि जान्नँ टाढो, सब असल थोक दिन्छन् उनी ।

## ४८८ स्केल G, ताल $^2/_4$

१. हे परमेश्वर, खुसी यो मनमा लिएर माग्दछौं सबै मिलेर
येशूको आदर गर्ने यो घर बनोस् तपाईंलाई मनपर्ने ।

**कोः खुसी यो मनमा लिएर माग्दछौं सबै मिलेर**
**येशूको आदर गर्ने यो घर बनोस् तपाईंलाई मन पर्ने ।**

२. हे येशू प्रभु, कामना र भेटी हाम्रो बन्नेछ पछि पुरानो (२)
दम्पत्तिको शिरमाथि आशिष् देऊ तिम्रै हात राखी ।

३. हे पवित्र आत्मा, तिम्रो बास सधैं रहोस् यो छानोमुनि शान्ति भरेर (२)
घामछायाँ र दुःखसुखमा प्रत्येक दिनै डोराएर ।

## ४८९ स्केल G, ताल $^3/_4$

१. प्रबल पराक्रमी, नम्र र प्रेमको धनी
गुरू उनी हाम्रो स्वरूप नै परमेश्वरको ।

**कोः हामीमा भर्ने यो प्राण पवित्र आत्मा ठूलो वरदान**
**दिने यो जोश, आनन्द, साहस, रोप्ने छर्ने, बढाउने विश्वास ।**

२. गर्छन् बयान बढाइ प्रभु ख्रीष्टको, सब थोक हटाई
तल्लिन हुनेछ उनमा जो स्वर्ग बुझ्न सक्ने मानिस हो ।

३. सुतेकालाई जगाउने, पीर, दुःख त्यो भगाउने
सबैले त्यागेको जनलाई बुझिदिने अझ छेउ आई ।

## ४९० स्केल C, ताल ¢

१. पिता दयालु बिदा पाऔं आशिष् सब पाई घरमा जाऔं
भुल-चुक माफ दिनोस् जो गऱ्यौं उपदेशले मनमा शुद्ध होऔं ।

२. छौं पापी हामी अनेक बार तैपनि दया छ अपार

सेवालाई मंजुर गर्नुहोस् कुशलको बिदा सबलाई होस् ।

## ४९१

**स्केल G, ताल $^6/_8$**

**कोः गाऊ न सबैले प्रभुको स्तुति मिलेर सबै सृष्ट (२) हल्लेलूयाह**
**मिलेर सबै सृष्ट, लौ भन सबले जय, हल्लेलूयाह, जी उठे येशू ख्रीष्ट ।**

१. मृत्युको बन्धन तोडेर उहाँले कबरलाई छोड्नुभो (२)
जयवन्त प्रभु जो आज हाम्रो त्राणकर्ता हुनुभो, हल्लेलूयाह, त्राणकर्ता हुनुभो ।

२. मृत्युको भयले राज्य गर्नेछैन, येशू मसीह मित्र (२)
हुनुहुन्छ हाम्रो तारणहार, सुन न हे मित्र, हल्लेलूयाह, सुन न हुनुभो ।

## ४९२

**स्केल C, ताल C**

१ महिमाको प्रभु भरिरहेका उज्यालोमा सधैँ बसिरहने ।
मान्छेको बीचमा जन्म लिनुभो ।
फेरि येशू संसारमा आउनेछन्, आउनेछन्, येशू आउनेछन् ।

२ पृथ्वी आकाशमा अट्न सकेन मन्दिरमा तपाईं बस्न असम्भव
दीन भई गोठमा जन्म लिनुभो
हाम्रो मनमा तपाईंको मन्दिर बनाऊ येशू मन्दिर बनाऊ (२)

३ दानिएलको प्रार्थना तपाईं सुन्नुभो एज्रालाई पनि गोहार दिनुभो
बाबेलमा जागृति पठाउनुभो
आफ्ना जनलाई फेरि मुक्ति देऊ येशू मुक्ति देऊ (२)

४ तम्बुमा आएर दर्शन दिनुहोस् आफूकहाँ मान्छेहरूलाई फर्काऊनुहोस्
देखाउनुहवस् आगो र बादलमा
फेरि येशू आफ्नो शक्ति देखाऊ, येशू शक्ति देखाऊ (२)

५ हामीहरूको राजा तपाईं हो मुक्ति दिनसक्ने तपाईं मात्र छौ
संसारमा फेरि प्रभु आउने छौं
प्यारो प्रभु येशू छिट्टै आऊ, येशू छिट्टै आऊ (२)

## ४९३

**स्केल C, ताल $^3/_4$**

१ खाँचो छ जति हे मेरो मित्र भन ख्रीष्ट येशूलाई
जुटाउनुहुन्छ हाम्रो प्रभुले भरपूर सबै गराई (२)
उहाँको लागि तिम्रो र मेरो अति बहुमूल्य छ प्राण
यसैले सबै त्यागी उहाँले गर्नुभो हाम्रो त्राण (२)

२ समर्पण गर तिम्रो जीवनलाई येशूको हातैमा
भरोसा पनि उहाँमाथि राख जो हाम्रो साथैमा (२)
गर्नुहुनेछ हृदयको इच्छा हाम्रो प्रभुले पूर्ण
पूरो होस् इच्छा प्रभु येशूको मेरो होस् सब चूर्ण (२)

## ४९४

**स्केल F (G), ताल $^3/_4$**

**कोः सुन्नुहोस् छिमेकी हाम्रो यो दुनियाँमा को होला सुन न (२)**

१. एक प्रौढ यात्री यरूशलेमदेखि जाँदैथ्यो यरिहो
जाँदा है जाँदा बाटोमा परे हातमा डाँकुको ।
२. अध्मरो पारी लुटपाट पारी जङ्गलमा फ्याँकियो
आपद्मा पर्दा कोही थिएन त्यसको सुसारे-गोहार ।
३. त्यो बाटो एउटा पुजारी गयो हेरेर घबरायो
म हुँ पुजारी कदापि छुन्नँ सम्झेर डरायो ।
४. पुजारी गयो, तब लेवी आयो त्यो बाटो भएर
डरले आँखा तर्काई उसै सहरमा भागिगो ।
५. अन्तैमा सामरी जातैको तुच्छ आएर टिठायो
मलम पट्टी घाउँमा बाँधी गधामा चढायो ।
६. सरायमा लगे, स्यार-सुसार गरे, खटाए सियारे
छिमेकी को हुन् भनन त्यसको कष्टमा गोहारे ।
७. येशू हुन् हाम्रा सदैव छिमेकी कष्टमा स्याहार्ने
पापको घाउमा औषधि बाँधी स्वर्गीयद्द, पुऱ्याउने ।

## ४९५ (Precious precious blood of Jesus) **स्केल C, ताल C**

१. अमोल रगत येशू ख्रीष्टको दिए कलवरीमा
पापीहरू र विद्रोही आऊ सब उनकहाँ ।
**कोः अमोल-अमोल रगत उनको अग्घोर बहेको**
**गर विश्वास अनि ग्रहण निम्तो उनको ।**
२. अमोल रगतले येशूको निको पार्दछ
तिम्रो प्राणलाई सफा गर्दै अहिले पखाल्छ ।
३. अमोल रगत जसले हामी लडाइँमा जित्छौं
पाप, शैतान, दुष्टमाथि सामर्थ रगतले ।
४. अमोल रगतले प्रभुको पुग्छौं ईश्वरकहाँ
बाटो हाम्रो महिमाको अमोल रगतले ।

## ४९६ **स्केल D, ताल 2/4**

**कोः प्रभुजीको जयजयकार होइरहोस्, येशूजीको जयजयकार होइरहोस् ।**
१. श्रापित जगतमा औतार लिई, आए दुःख उठाई आज्ञाकारी भए (२)
निष्कलङ्क रक्त बगाई (२) पापीलाई उद्धार गराए ।
२. भुलिरहेथ्यौं पापी जगत्मा, बितायौं जीवन प्रति दिन पापमा (२)
असहनीय दुःख उठाई (२) बचाउनुभो समयमा ।
३. मधुर स्वरले बोलाइरहेछन्, जसजसले उनको पुकार सुन्छन् (२)
अमर जीवन पाउनेछन् (२) ईश्वरका सन्तान हुनेछन् ।

## ४९७ **स्केल F (D), ताल 3/4**

१. विस्तृत र गहिरो अझ गहिरो सागरभन्दा
प्यार छ मुक्तिदाता खीष्टको काल अनन्त-अनन्तसम्म ।
२. तर पाप मेरा छन् अनेक के छ प्यार उनको महान् ?
अनुग्रह सब पापको लागि क्षमा दिने राख्ने प्राण ।
३. मेट्न सक्छन् तिर्खा सधैँ के आत्माले दिन्छ बल ?
जीवन जल पिलाउँछन् उनले हृदयदेखि बग्छ भल ।

## ४९८

**स्केल D, ताल ¢**

**कोः मुक्तिदाता येशू नाउँ, भज मनले उनको नाउँ ।**
१. येशू नाउँ, येशू नाउँ (२) येशू नाउँ, भाइ येशू नाउँ ।
२. आदि नाउँ, अन्त नाउँ (२) श्रेष्ठ नाउँ, भाइ येशू नाउँ ।
३. येशू नाउँ, साँचो नाउँ (२) मुक्ति लेऊ, भाइ येशू नाउँ
४. येशू नाउँ, स्वर्गीय नाउँ (२) स्वर्गीय जीवन येशू नाउँ ।

## ४९९

**स्केल G, ताल $^6/_8$**

**कोः कसरी चढ्यो कसरी मऱ्यो कलवरी क्रूसैमा (२)**
१. पिताको प्रेमलाई प्रमाण गर्न स्वर्ग धाम छोड्नुभो
हामी पापीलाई बचाउन भनी जीवन दिनुभो ।
२. क्रूसैमा चढी रगत बगाई पाप नष्ट गर्नुभो
पाप र श्राप नष्ट गरेर मुक्तिलाई ल्याउनुभो ।
३. धन्य होस् तिम्रो, हे मुक्तिदाता र गुणानुवाद होस्
जयजयकार तिम्रो, प्रशंसा तिम्रो, अनन्त होइरहोस् ।

## ५००

**स्केल G, ताल C**

**कोः नेपाल हाम्रो जन्म भूमि (२) देशविदेश घुमे तापनि**
**नेपाल हाम्रो जन्मभूमि ।**
१ चारै दिनको जिन्दगीमा भुलिरह्यौ आज (२)
कसको रह्यो घरद्वार, कसको रह्यो राज (२)
२ सनातनको चोला छोडी दुनियाँको भेष (२)
दुनियाँको भेष लिई भुल्यौ स्वर्ग देश (२)
३ संसारको बजारमा बार-मासे मेला (२)
जन्म दिए ईश्वरले पऱ्यौ कालको फेला (२)
४ बत्ती देख्दा पुतलीले ज्यानैसम्म फाल्छ (२)
येशू भजे स्वर्ग मिल्छ, पापले नरक हाल्छ (२)
५ संसारमा झिलिमिलि कति राम्रा घर (२)
यस जीवनमा मुक्ति पाउँछौ येशूलाई भजेर (२)

## ५०१

**स्केल E, ताल C**

**कोः सिंहासनमा विराजमान हुने, परमेश्वरको प्रजा हामी**
**आऊ उनलाई पुजौं भक्ति साथ, कहिल्यै छोड्ने छैनन् हाम्रो हात (२)**

१. उहाँको रगतले धोइ पखालेको पवित्र जाति
आदर, प्रशंसा, योग्य परमेश्वरको पुजाहारी हामी २
(सनातनदेखि सनातनसम्म) २ आऊ उनलाई पुजौं...

२. झरि, घाम र छायाँको सामना गरौं आज हामी
सबै नयाँ भएको स्वदेशमा जानेछौं हामी २
(बादल पारिको उहाँको देशमा) २ आऊ उनलाई पुजौं...

## ५०२

**स्केल D, ताल C**

**कोः हेर न हेर सृष्टिको सुन्दरता, यसलाई बनाउने प्रभुको महानता,**
**धनी र गरीब दुवै मिलेर भन्न सक्छन् प्रभु धन्यवाद ।**
**हेरन हेर सृष्टिको सुन्दरता ।**

१. खेतका आलीहरू, अन्न र बालीहरू, बादल, वृष्टि र बतासहरू (२)
चरा-चुरुङ्गी उड्दै माथि आकाश छुँदा (२) *स्वर्ग नै पुगिदिन्छ मन मेरो ।

२. अनौठा बातहरू, जीव-जीवातहरू, उज्याला दिन अनि रातहरू (२)
असंख्य जातिहरू, विभिन्न रीतहरू (२) उदेकले भरिन्छ यो मन मेरो ।
गरन गर ईश्वरको प्रशंसा, सम्पूर्ण हृदयको उपासना,
मान्छे-मान्छेको सबै भिन्नता मेटियो हेर उनको आँगनमा ।

## ५०३

**स्केल C, ताल C**

१. क्रूसको छेउमा राख्नुहोस् जहाँ मुक्तिको धारा छ
जहाँ पापको प्रायश्चित छ जहाँ पीडाको अन्त छ
क्रूसको छेउमा राख्नुहोस् ।

**कोः तपाईंको धन्य मान्नेछु सदा म धन्य मान्नेछु**
**तपाईंको आगमनसम्म सदा म धन्य मान्नेछु २**

२. तपाईंको सेवा सदा गर्नेछु, कृपा तपाईंकै म पाउनेछु,
जीवन तपाईंलाई म दिनेछु, आत्मा तपाईंलाई चढाउँछु ।

३. क्रूसको छेउमा जब हुनेछु कृपा प्रभु मलाई गर्नुहोस्
पाप मेरो क्षमा दिई स्वर्गीय राज्य दिनुहोस्
क्रूसको छेउमा जब हुनेछु ।

## ५०४

**स्केल E, ताल 4/4**

**कोः (मैले निश्चय गरेको छु रमाउन येशूमा**
**मैले निश्चय गरेको छु विश्वास गर्न उनैमा) २**

१. (चाहे दाखको बोटमा कुनै फल नफलोस्
चाहे मेरो जीवनमा कुनै सुधार नहोस्) २

२. (चाहे हाँस्न परोस्, चाहे रुन परोस्
चाहे बाँच्न परोस्, चाहे मर्न परोस्) २

## ५०५

**स्केल Dm, ताल C**

**कोः महिमा मारिएको थुमालाई, प्रशंसा प्रभुहरूका प्रभुलाई,**
**जयजयकार राजाहरूका राजालाई (२)**

१. धन्यवाद स्तुति आदर र भक्ति, मारिएको थुमालाई अति (२)
इज्जत मान वैभव र शक्ति (२) अति (पवित्र) ३ ईश्वर प्रति, ईश्वर प्रति ।

२. होशन्ना आमेन गौरव र गीति, मारिएको थुमालाई अति (२)
प्रणाम ढोग दण्डवत दृष्टि (२) ल्याउँछौं (विजयी) ३ ईश्वर प्रति, ईश्वर प्रतिक्षा ।

## ५०६

**स्केल B, ताल $^4/_4$**

**कोः शिखरहरू हिउँले ढाकेझैं, यो भूमिलाई वचनले ढाक्नैपर्छ**
**किनारहरू बालुवाले ढाकेझैं (२) यो पुस्तालाई येशू चिनाउनैपर्छ (२)**

१. निराश छन् पहाडमा साइँला-माइलाहरू,
अशान्त छन् तराईमा सानी-ठूलीहरू २
(चौबाटोमा सबैजना बाटो खोजिरहेछन्,
येशू नपाई मान्छेहरू मृत्यु पर्खिरहेछन्) २

२. रोएका छन् सहरमा घर-घरानाहरू,
भुलेका छन् पापैमा हाम्रा मानिसहरू (२)
दोधारमा सबैजना अल्मलिरहेका छन्
येशू नपाई मान्छेहरू मृत्यु पर्खिरहेछन् (२)

## ५०७

**स्केल C, ताल $^2/_4$**

**कोः हात फैलाई माया गरेर डाक्छन् हामीलाई**
**भन्छन् येशू राजा सुन सबै नानीलाई ।**
**जीवनको मुकुट तिम्रै हो, आऊ थाप्नलाई**
**कोही नरोक साना बालकलाई (मथाइँ आउनलाई) २**

१. नानी हामी साना छौँ, प्रभुको लागि प्यारा छौं (२)
यो सानो मनमा, सबै जीवनमा (२)
प्रभुको राज्य सधैं होस्, उहाँको वास भइरहोस् (२)

२. आकाशका धेरै ताराहरूझैं मैदानका सबै फूलहरूझैं (२)
नानी हामी धेरै-धेरै छौं (२)
प्रभुको लागि प्यारा छौं, उहाँकै भएर जिउनेछौं (२)

## ५०८

**स्केल D, ताल $^4/_4$**

परमप्रभु अघि बढ्दै छन्
उनको सेना सदा बलियो छ

उनको महिमा यस देशमाथि देखिनेछ
स्वर उचाल्दै जयको गान गाऔं
स्तुति गरौं विजय भएका छौं
कुनै हातहतियार काम लाग्ने छैन ।
हामीहरूको सेनापति येशू हुन्
हामी उनको पाइला पछ्याउँदछौं
कोही अघि खडा हुन सक्नेछैन ।
हामी मसिही सेना हौं
जयको साँचो उनको हातमा छ
प्रतिज्ञाको देश लिन अघि बढौं ।

## ५०९ (Shine Jesus Shine) **स्केल A, ताल $^4/_4$**

१. प्रभु तपाईंको प्रेमको उज्यालो चम्किरहेछ जहाँ छ अँध्यारो
येशू तपाईंको वचनको तेजले
जीवन हाम्रो स्वतन्त्र गराउनोस्
ममा चम्कनुहोस् २

**कोः चम्कनोस् येशू यस देशलाई पिताको महिमाले ढाक्दै**
**दन्काउनोस् आत्मा हाम्रो हृदयमा आगो जलाउँदै**
**बगाउनोस् नदी यस देशमा अनुग्रह र दयाको बाढी**
**पठाउनोस् वचन र यहाँ होस् उज्यालो ।**

२. प्रभु म आउँछु तपाईकहाँ अन्धकारबाट उज्यालोमा
तपाईंको रगतले मलाई भित्र्याउनोस्
खोज्नोस्, खार्नोस्, अन्धकार हटाउनोस्
ममा चम्कनुहोस् २

३. जब हेर्छौं राजकीय उज्यालो हाम्रो अनुहार हुन्छ तपाईंको जस्तो
महिमाबाट महिमामा बदलिन्छौं,
हाम्रो जीवनले तपाईंलाई चिनाउँछौं,
ममा चम्कनुहोस् २

## ५१० **स्केल D(E), ताल $^4/_4$**

**कोः आकाशभन्दा उच्च-उच्च छ नाउँ, सागरभन्दा गहिरो-गहिरो छ प्रेम,**
**आसमानभन्दा विशाल-विशाल अनुग्रह छ हाम्रो प्रभु येशूको,**
**यसैले गर्छौं प्रशंसा, गाउँछौं महिमा उनै येशूको (२)**

१. वाक्यले व्यक्त नहुने, भन्नलाई शब्द नपुग्ने प्रेम,
आदिदेखि अहिलेसम्म समयले साक्षी दिएको प्रेम,
स्वर्ग छोडी आउनुभो, क्रूसैमा मर्नुभो,
मृत्युलाई जित्नुभो, हामीलाई मुक्ति दिनलाई ।
यसैले गर्छौं प्रशंसा, गाउँछौं महिमा उनै येशूको (२)

२. सारा सृष्टिले ढोग्नेछ, सबै घुँडाहरू टेक्नेछन्,
निर्बल बलियो हुनेछ, लाटाले पुकार्नेछ त्यो नाउँ,
अन्धाले देख्नेछ, बहिराले सुन्नेछ
मुर्दा बिउँतिने छ उनैलाई महिमा दिनलाई ।
यसैले गर्छौं प्रशंसा, गाउँछौं महिमा उनै येशूको (२)

## ५११

**स्केल Dm, ताल $^4/_4$**

१. आछुछुछु भयो नि जाडो, स्वर सबैले खोलौं साह्रो
हुँदैन कसैलाई गाउन गाह्रो, जन्मे गोठमा प्रभु हाम्रो ।
२. गरीब गोठाला दर्शनमा आए, येशूलाई भेटी औंधी रमाए (२)
पाप क्षमा जीवन पाए (२), सबैको लागि नै मुक्तिदान ल्याए ।
३. स्वर्गलाई छोडी जगमा आए, रुचाए गरीब गाईको गोठ नै (२)
दिएनन् कैले ठाउँ तपाईंलाई (२), आफ्नैले लत्याए हजुरलाई ।

## ५१२

(Lord I come to you) **स्केल A, ताल $^4/_4$**

१. प्रभु म आउँछु, मेरो हृदय परिवर्तन्
गर्नोस् तपाईंको त्यो अनुग्रहले,
प्रभु जान्दछु मेरा कमजोरीहरू,
सबै हट्नेछन् त्यो प्रेमको शक्तिले ।

**कोः अँगाल्नुहोस् तपाईंको प्रेमले घेर्नुहोस्**
**नजिक ल्याएर तपाईंको छेउमा राख्नुहोस्,**
**पर्खन्छु म चीलझैं माथि उड्न**
**मलाई उडाउनुहोस्, तपाईंको आत्माले**
**त्यो प्रेमको शक्तिमा ।**

२. प्रभु खोल्नोस् आँखा, देख्नसकूँ प्रेमको ज्ञान
जसै तपाईं मभित्र वास गर्नुहुन्छ,
नयाँ गर्नोस् हृदय आफ्नो योजनाअनुसार
हरेक दिन जिउँन त्यो प्रेमको शक्तिमा ।

## ५१३

(There's A wind Blowing) **स्केल C, ताल $^4/_4$**

१. बतास चलिरहेछ यस देशबाट भएर
स्वर्गीय सुगन्ध फेरि चलिरहेछ,
थाहा छैन कहाँबाट आउँछ ?
थाहा छैन कहाँ जान्छ ? तर हामीमा बहन्छ,
हो...हो...हो... त्यो बतास हामीमाथि बगोस् ।
२. वृष्टि भइरहेछ वर्षा, माथिबाट
प्रेम र दयाका बुँदहरू बर्सिरहेछन्,

स्वर्गतिर आँखा उठाऊ, त्यो वर्षा भएको हेर्न
जसले हामीलाई भिजाउँछ,
हो...हो...हो... त्यो वृष्टि हामीमाथि बर्सोस् ।

३. आगो बलिरहेछ जो आकाशबाट झर्छ,
आगोका जिब्राहरू जसले हामीलाई जलाउँछन्,
के तिमी थाहा गर्न सक्छौ ?
त्यो आगो बलिरहेछ हामीलाई शुद्ध गर्न,
हो...हो...हो... त्यो आगो हामीमाथि बर्सोस् ।

## ५१४ (Holy Spirit we welcome you) **स्केल A, ताल 4/4**

१. पवित्र आत्मा, हामी स्वागत गर्छौं (२)
आउनोस् हाम्रो माझमा पवित्र आगोझैं,
सांसारिक इच्छा हामी पन्छाउँछौं जसै
हृदयभरि आशा लिई, हात उचाल्दै,
पवित्र आत्मा (३) स्वागत गर्छौं

२. पवित्र आत्मा, हामी स्वागत गर्छौं (२)
तपाईंको उपस्थिति बगोस् बतासझैं,
तपाईंका आफ्नैहरूले जानून् निश्चय नै
कसरी चल्नु आत्माको बहाउमै,
पवित्र आत्मा (३) स्वागत गर्छौं ।

३. पवित्र आत्मा हामी स्वागत गर्छौं (२)
बिन्ती छ पूरा गर्नुहोस् आज नै
अनुग्रहको असल काम मेरो जीवनमा नै
स्वतन्त्रतासाथ गर्नुहोस् काम आफ्नै
पवित्र आत्मा (३) स्वागत गर्छौं ।

## ५१५ **स्केल Dm, ताल 4/4**

१. सबै जातिका परमेश्वर सारा पृथ्वी र स्वर्गको मालिक
तपाईंको नाउँ उच्च पार्छौं तपाईंको शक्तिको बढाइ गर्छौं ।

२. सारा संसारले येशूलाई देख्नुपर्छ सारा मानिसले येशूलाई पुज्नुपर्छ (२)
कारण तपाईं मात्र राजा र प्रभु एक मात्र परमेश्वर (२)

३. सारा जातिले येशूलाई चिन्नुपर्छ सारा नेपालीले येशूलाई पाउनुपर्छ (२)
कारण तपाईं मात्र राजा र प्रभु एक मात्र परमेश्वर (२)

## ५१६ **स्केल G, ताल C**

**कोः मलाई तपाईंको खाँचो छ, हात प्रेमको बढाउनुहोस्,**
**सिंहासनबाट आउनुहोस्, नदी प्रेमको बहाउनुहोस्, हे येशू ।**

१. तपाईंको उपस्थितिमा डोऱ्याउनुहोस्
मेरो हृदय र आत्मा छुनुहोस्
नयाँ आशा, भरोसा, नयाँ चङ्गाइ र मुक्ति दिनुहोस् ।
२. तपाईंको स्वतन्त्रताभित्र लानुहोस्
मेरो हृदय र आत्मा फुकाउनुहोस्
नयाँ आनन्द र खुसी, नयाँ उचाइ र शक्ति भर्नुहोस् ।

## ५१७

**स्केल E, ताल $^2/_4$**

**कोः हे परमेश्वर आफ्नो शक्ति देखाउनुहोस्**
**अघि गरे झैं आफ्नो शक्ति फेरि देखाउनुहोस्** (२)
१. प्रशंसाले पर्खिरहेछ, तपाईंलाई प्रभु
प्रशंसा आफ्नो मण्डलीको ।
२. हर्षको गीतलाई निम्त्याउने, आनन्दको प्रभु
मानिसको आशा तपाईं हुनुहुन्छ ।
३. लाखौं-हजारौं रथहरूमा सवार हुने प्रभु
पवित्र स्थानमा आउनुहोस् ।

## ५१८

**स्केल D, ताल $^4/_4$**

१. नजिक झन् नजिक हुन्छु प्रभु, खिच्नोस् मलाई हे प्रिय येशू
राख्नोस् हे राख्नोस् छाती सँगै (लुकाउनुहोस् यो विश्रामस्थानमा सधैं) २
२. नजिक झन् नजिक के दिनु म, येशू राजालाई दान छैन दिन
केवल यो पापी चूर्ण हृदय, (धुनुहोस् मलाई क्रूसको रगतमै) २
३. नजिक झन् नजिक हुन प्रभु, पाप र मूर्खताबाट फर्कन्छु
पापका मोजमज्जा सब त्याग्दछु, (दिनोस् मलाई केवल थुमा येशू) २
४. नजिक झन् नजिक सास रहुञ्जेल, सकुशल स्वर्गमा नपुगुञ्जेल
अनन्त अनन्त युगयुगसम्म, (झन् नजिक प्रभु झन् नजिक तब) २

## ५१९

**स्केल E, ताल $^4/_4$**

**कोः महान् प्रभुलाई महिमा, परमप्रभुलाई प्रशंसा (२)**
**यो मरो जीवनको चाहना हल्लेलूयाह होशन्ना (२)**
१. वर्तमान मेरो येशूको हातमा, भविष्य पनि तपाईंको साथमा (२)
आनन्दित छु, शान्तिमा छु, प्रभुहरूका प्रभुमा (२)
२. सर्वाङ्ग मेरो येशूको हातमा, अर्पण गर्छु धन्यवाद साथमा (२)
निश्चिन्त छु, निर्धक्क छु, राजाहरूका राजामा (२)

## ५२०

**स्केल D, ताल $^4/_4$**

१. तपाईंको वचन मेरो खुट्टाको निम्ति ज्योति

र मेरो मार्गको निम्ति उज्यालो हो २

**कोः कारण तपाईंको वचन सनातन र अनन्त छ**
**आकाशमा त्यो सदा स्थिर रहन्छ २**

२. तपाईंको वचन मेरो जिब्रोको निम्ति स्वादिष्ट
मेरो मुखमा महभन्दा पनि अति मीठो छ २

## ५२१

**स्केल D, ताल 4/4**

**कोः स्तुति होस् परमेश्वरलाई आज अनि सदालाई**
**जो हुनुहुन्थ्यो, हुनुहुन्छ र हुन आउनुहुनेछ २**

१. हृदय खोली चढाउँछौं भक्ति, हे ईश्वर तपाईंलाई
अर्पन्छौं तन, मन, प्राण र शक्ति सबै थोक तपाईंलाई २

२. रित्याउनुहोस् आज मलाई, बनाउनुहोस् आफ्नो इच्छामा
चलाउनुहोस् पवित्रात्मा, म तयार छु प्रभु २

## ५२२

**स्केल G, ताल 4/4**

१. पहाडमा फुल्ने फूल-लताहरू कति राम्रा छन्
पहाडबाट खस्ने हिम नदीहरू कति चोखा छन्
पहाडलाई सृष्टि गर्ने प्रभु अझ कति महान् छन् (२)

**कोः म महान् प्रभुको सृजना, म महान् प्रभुको विपना**
**म सधैं गर्छु महान् प्रभुको, महान् प्रभुको महिमा ।**

२. पृथ्वीमा हिँड्ने पशु-प्राणीहरू कति अचम्मका छन्
पानीमा बाँच्ने सबै प्राणीहरू कति आकर्षक छन्
प्रकृतिलाई सृष्टि गर्ने प्रभु कति अद्वितीय छन् (२)

३. प्रभुमा सुम्पिएका जीवनहरू कति असाधारण छन्
प्रभुलाई मात्र पुज्ने जीवनहरू कति सन्तुष्टिमा छन्
हाम्रा परमेश्वर पिता, पुत्र, आत्मा कति अतुलनीय छन् (२)

## ५२३

**स्केल G, ताल C**

कोः आत्मामा शान्ति धीरज धरी पर्खौं है येशूलाई
बादलमाथि आउनेछन् येशू
तिमीलाई लिनलाई (हो, हो) हामीलाई लिनलाई २

१. बाटो, सत्य र जीवन प्रभु येशू ख्रीष्ट हुन्
बचाऊ आत्मा आज तिमीले (हो-हो) स्वर्ग जानलाई २

२. अन्धकारको त्यो संसारमा नपर हे मेरा दाजु-भाइ
अनुग्रहको ढोका खुला छ
तिमीलाई बचाउनलाई (हो-हो) हामीलाई बचाउनलाई २

## ५२४

**स्केल E, ताल $^4/_4$**

१. मेरो अन्तिम श्वाससम्मै ख्रीष्टको गीत गाई नै रहन्छु
मेरो अन्तिम पाइलासम्मै उहाँलाई नै पछ्याइरहनेछु २
(ला ला ला ला .... हु) ४

२. मेरो अन्तिम दृष्टिसम्मै ख्रीष्टलाई म सदा हेर्नेछु
मेरो अन्तिम आकांक्षासम्मै सुसन्देशको बीउ छर्नेछु २
(ला ला ला ला .... हु) ४

३. मेरो अन्तिम श्वाससम्मै ज्योति छर्दै डाँडा-पाखा लाग्नेछु
मेरा अन्तिम इच्छासम्मै उहाँलाई नै सदा चाहनेछु २
(ला ला ला ला .... हु) ४

## ५२५

**स्केल G (A), ताल C**

**कोः (फुटेर होइन, जुटेर, लडेर होइन, मिलेर**
**परिचय प्रेमको प्रचार्नुछ, नमुना येशूको देखाउनुछ) २ ।**

१. बढेर जाऊ, जितेर आऊ, अखडा शैतानको छिनभरमा
(झुकेर आऊ, घुँडामा आऊ) २, विश्वासी हामी एकताको गाँठोमा २
गरेर जाऊ, गाएर आऊ, प्रशंसा प्रभुको एक स्वरमा
(सम्झेर आऊ, प्रेममा आऊ) २, विश्वासी हामी येशूको आह्वानमा २

## ५२६

**स्केल A, ताल C**

**कोः (ला ला ला ला लैबरी) २ लै लै लै (हो हो)**

१. येशू ख्रीष्टको जीवन अँगाली शान्ति, सुरक्षा, प्रेमको कहानी (२)
अब जाऊ सुनाउँदै (४) गाउँ-सहर (२) वरिपरि हो हो,
गाउँ - सहरवरिपरि ।

२. जिउँदो परमेश्वरको प्रेम कहानी, मुक्ति अनन्त जीवनको खबरी (२)
अब जाऊँ सुनाउँदै (४) मेचीदेखि (२) महाकाली,
हो हो मेचीदेखि महाकाली ।

३. पवित्र आत्माको अलौकिक शक्ति छुटकारा स्वतन्त्रताको लहरी (२)
अब जाऊँ सुनाउँदै (४) नेपालदेखि (२) संसारभरि,
हो हो नेपालदेखि संसारभरि, हो हो, गाउँ-सहरवरिपरि
हो हो मेचीदेखि महाकाली, हो हो नेपालदेखि संसारभरि ।

## ५२७

**स्केल G, ताल $^2/_4$**

१. तारणहार प्रभु जन्मिए बेथलेहेम गावैंमा
ईश्वरको पुत्र आउनुभो, पापीहरूको माझमा (२)

२. एक चोटि नियालीहेर, कथा होइन इतिहास हो
ईश्वरको महान् योजनामा, हुनैपर्ने घटना हो (२)

३. लौ है दाजु, दिदी, बहिनी, बुझ यो कथा प्रेमको

बालकको रूपमा येशू नै, मुक्तिदाता स्वयम् नै
तारणहार..., तिम्रो-मेरो माझमा, हामी सबैको माझमा ।

## ५२८

**स्केल E, ताल $^6/_8$**

**कोः धिन्ताङ-ताङ, धिन्ताङ-ताङ मादल बज्यो (२) आ .... हा लौ है, हेर**
**बेथलेहेमको गाईको गोठमा जन्मेका है येशू राजा, हेर है, हेर लौ, हेर**

१. भविष्यवक्ताले भनेका झैं हा हा हा (२) शब्द-शब्द पूरा हुन गो
मुक्तिमा दाता आउनु नै भो, थुमा नाउँले प्रख्यात हुनुभो (२)

२. स्वर्गीयदूतले नै तर्साए हा हा हा (२) शान्तमय पारी सबलाई सुनाए
खबर सत्य र उदेकैको सारा संसारलाई नै भो (२)

## ५२९

**स्केल G, ताल C**

**कोः आए है आए, आए है येशू संसारमा आए**
**गए है, हाम्रो पाप मेटिगए (ओ हो आ हा) ४** १. दुई हजार वर्षअघि
गाईको गोठमा (२)
परमेश्वरको एकलो पुत्र (यसै ठाउँमा) २
मुक्तिदाता (२) तारणहार (मानिस अवतार भए) २
(ओ हो आ हा) २

२. हामी सबैको दुःख बुझ्न संसारमा आए (२)
बाटो, सत्य र जीवन सबै (एकै ठाउँ आए) २
येशू राजा (२) हाम्रो माझ (मुक्ति बनी आए) २
(ओ हो आ हा) २

## ५३०

**स्केल D, ताल C**

१. गोठ गाईको, पुत्र पिताको, पाप हाम्रो, क्रूस अर्कैको
मुक्ति हामीलाई, जीवन हामीलाई आनन्द हामीलाई, शान्ति हामीलाई ।

२. त्यस अँध्यारो चिसो रातमा, दूतगण आए ईश्वर साथमा
येशू पस्रिए डुँडैमा, गाए दूतगण मीठो स्वरमा (मीठो स्वरमा) २

३. बेथलेहेमको एकलो गाउँमा, मरियमको सानो कोखमा (२)
आगमन ईश्वरको, हर्ष, आनन्द सबैलाई नै भो (सबैलाई नै भो) २

## ५३१

**स्केल E, ताल C**

**कोः प्रेमको दिन यो, खुसीको दिन यो, रमाउने, गाउने दिन यो**
**येशूको जन्मदिन यो, येशूको जन्मदिन यो ।**

१. अशान्तिमा बाँच्नेलाई पनि शान्ति अँगाल्ने दिन यो,
बिछोडिएकालाई पनि प्रेममा बाँध्ने दिन यो (२)

२. निराशामा बाँच्नेलाई पनि आशाको नयाँ दिन यो,

लडाइँ लड्नेलाई पनि प्रेम, मिलापको दिन यो (२)

## ५३२

**स्केल E(A), ताल C**

**कोः नयाँ घरको सुरुले सुन्दरता ल्यायो, परमेश्वरले दुवैलाई एक बनाए**
**योजना परमेश्वरको अब पूरा भो, यस कार्यले उनलाई महिमा पुऱ्यायो ।**

१. प्रेम, अधिकार यस घरमा बनोस्, प्रभुको साक्षी सधैँ फैलियोस् (२)
खीष्टीयान घरको उदाहरण बनी (२) अरू घरलाई पनि प्रभुमा ल्याओस् ।

२. बिन्ती यो हाम्रो प्रभुमा राख्छौं, प्रार्थनाले नव-दम्पतीलाई ढाक्छौं (२)
इच्छा यो तपाईंको पूरा होस् भन्दै (२) कामना हामी सबै प्रभुमा राख्छौं ।

## ५३३

**स्केल A, ताल C**

१. परमेश्वरलाई धन्यवाद सधैँ चढाउँछौं
यस दिनमा आज यी दुईलाई ल्याउँछौं २
तादिका परमेश्वर आज पनि उही
दिनुभएको प्रतिज्ञालाई पूरो गर्नुहुन्छ नै २

२. उपस्थिति जो त्यो थियो बगैँचा अदनमा
आनन्द लिएर आउनुभो हाम्रो यस हृदयमा
खोज्ने साथी जीवनको काम हो यो तपाईंको
भविष्य बनाउने सब योजना हो तपाईंको (तपाईंको) २

## ५३४

**स्केल G, ताल C**

**कोः जीवनको बाटो देखाउने बाटो नै उनी हुन्**
**तिम्रो र मेरो जीवनको बाटो एक येशू हुन् (२)**
**जीवनको सत्य उनी, सत्य नै येशू हुन् (२)**
**तिम्रो र मेरो जीवनको, सत्य नै येशू हुन् (२)**

१. जन्मने र मर्ने क्रम यो, केही क्षणको हाँसो र आँसु यो (२)
मात्र होइन, हे साथी हो, खीष्ट विना जीवन अधुरो भो (२)

२. आफ्नै खुसी, आफ्नै इच्छाहरू, पलभरका आफ्नै जितहरू (२)
यति होइन हे साथी हो, खीष्ट विना जीवन अपूरो भो (२)

## ५३५

**स्केल G, ताल C**

**कोः (पहाडी भाका, तराईको ताल, सबै मिली येशूको जय-जय गाऔँ**
**बेँसी हुँदै देवराली जाऔँ, जहीँ जाऔँ येशूको भजन गाऔँ) २**
**ल (हो हो आहा हा) २**

१. उकाली हेर, झरना हेर, जहीँ जाऊ, येशूको गुण गाऔँ (२)
वनको फूल उपवन हेर, सृष्टिकर्ताको भजन मिली गाऔँ (२)
(ए हे हे) २

२. तिम्रो मेरो मनमा हलचल, शान्तिका राजा येशूलाई प्रणाम् (२)

बलिदान उनको, मोचन हाम्रो, उद्धारकर्ता येशूलाई प्रणाम्
(ए है हे) २
शान्तिका राजा येशूलाई प्रणाम्, उद्धारकर्ता येशूलाई प्रणाम् ।

## ५३६

**स्केल A, ताल $^3/_4$**

**कोः रोकेर रोकिँदैन, नदीको प्रवाहलाई**
**छेकेर छेकिँदैन सूर्यको प्रकाशलाई**
**थुनेर थुनिँदैन हावाको गतिलाई (यस्तै छ, यस्तै नै हो) २**
**(प्रभुको राज्य, प्रभुको काम) २**

१. रोमी शासकले रोक्न खोजे, यहूदी जातिले छेक्न खोज्यो
सा रे सा सा रे सा सा नि ध प सा रे ग रे रे ग म नि सा रे सा २
(न सके रोक्न, न सके छेक्न) २ फैलिनुपर्थ्यो, फैलिँदैआयो
(प्रभुको राज्य, प्रभुको काम)२

२. खोल्नुपर्छ आवाजहरू, तोड्नुपर्छ बन्धनहरू
सा रे सा सा रे सा सा नि ध प सा रे ग रे ग म नि सा रे सा २
(भैसक्यो बेला नगरौं ढीला) २ फैलिनुपर्थ्यो, फैलिँदैआयो
प्रभुको राज्य, प्रभुको काम २

## ५३७

**स्केल C, ताल C**

**कोः शताब्दीले हेर अब फट्को मारेछ, निशानामा पुग्नलाई गाह्रो पारेछ**
**भोलि-भोलि भन्दै अब नबसौं, महान् आज्ञा पूरा गर्न कम्मर कसौं २**

१. विद्यार्थी हौ हामीहरू युगलाई हाक्ने, अन्याय र अत्याचार उठाएर फ्याँक्ने (२)
उठौं साथी विद्यार्थी हो, कम्मर कसेर, लक्ष्य हाम्रो पूरा हुन्न (यसै बसेर आहै)३

२. विद्यार्थी-विद्यार्थीलाई चेला बनाउँदै, हाम्रो यही कर्तव्य हो भनी चिनाउँदै (२)
लागौं अब अभियानमा कम्मर कसेर, लक्ष्य हाम्रो पूरा हुन्न (यसै बसेर आहै) ३

## ५३८

**स्केल C, ताल $^3/_4$**

१. बहुमूल्य रगत बहाए तिम्रो लागि मरे, तिमीलाई मुक्त गराउन
र जीवन दिनलाई मेरो प्राण तिम्रैलागि दिएँ मलाई के दिएका छौ ? (२)

२. महिमित सिंहासनलाई छोडेँ, परदेशी हुनलाई चम्किलो स्वर्ग त्यागेँ,
संसारको रात रहनलाई, तिम्रैलागि मैले सब त्यागेँ, के त्यागेका छौ तिमीले ? (२)

३. वर्णन गर्न असम्भव कष्ट मैले भोगेँ तिम्रै आत्मा वचाउन तितो संकष्ट भोगेँ,
तिम्रै लागि यी सबै भोगेँ, के भोगेंका छौ तिमीले ? (२)

४. दिँदछु पूर्ण मुक्ति सिँत्तैँमा तिमीलाई, दिँदछु मेरो शान्ति
र विश्राम प्रशस्त बहुमूल्य दान मैले दिएको छु, मलाई के दिएका छौ ? (२)

## ५३९

**स्केल G, ताल C**

**कोः घन्कियो-घन्कियो डम्फुको तालै घन्कियो (२)**
**पाखा-पखेरो (थर्कियो) २ पहाड-मधेस, गाउँ-बेसी रमाइलो**
**खुसीको सन्देश सुनाउँदै, ख्रीष्ट जन्म दिवस मनाउँदै**
**घर-आँगन-संसारै उज्यालो (२) (घन्कियो) २ डम्फुको तालै घन्कियो ।**

१. नाचन मैच्याङ्ग, नाचन है नाचन आ हा आ
समलामा कम्मर भाँचन आ हा आ २
भविष्यवाणी त्यो जो पूरो हुने भो
इम्मानुएल ख्रीष्टको जन्म भो हो हो (२)

२. सुनन पारङ्ग, सुनन है सुनन आ हा आ
मनमा कुरा गुनन गुनन आ हा आ २
स्तुति र प्रशंसा गरेर प्रभुको
हृदयमा उनलाई राखन आ हा हा (२)

## ५४०

**स्केल D, ताल C**

**कोः प्रभुको उज्यालोले हृदय उज्यालो होस्**
**निन्द्रामा परेको अङ्ग येशूमा जागृत होस् ।**

१. ओठमा नित्य येशू नाम उच्चारियोस्
प्रशंसा, प्रार्थना, प्रचार सधैं गुञ्जिरहोस् ।
सोचमा नित्य येशू स्मृति नै येशू बनोस्
सम्पूर्ण आशा येशू, सर्वस्व येशू नै होस् ।

२. आँखाले देखोस् येशू, ज्योति र छायाँमा
कानले सुनोस् येशू हर जगत्को स्तुतिमा ।
अतित, भविष्य येशू, वर्तमान येशू नाम,
उचाइ गहिराइ येशू, येशू अनन्त अपार ।

## ५४१

**स्केल C, ताल C**

**कोः सल्लाघारीको सुसेली हावा कति मीठो गीत गाउँछ सृष्टिकर्ताको**
**(गरौं न स्तुति तिमी र हामी मिलेर उनैको) २**

१. जल, थल, नभ सारा उनैले बनाका, घाम-जुन-ताराहरू उनैले टाँगेका
खोला-नाला डाँडा-काँडा उनैले बसाका
पशु, प्राणी, प्रकृति पनि उनैले रचेका ।
गरौं न स्तुति तिमी र हामी मिलेर उनैको
लौ, गरौं न स्तुति तिमी र हामी परमप्रभुको ।

२. हिउँ, असिना, वर्षा पनि उनैले पठाका, फूल फुलाका
फल पनि उनैले फलाका, रङ्गीबिरङ्गी रङ्गहरू उनैले पोतेका
सुगन्ध-बतास-जीवन पनि वरदान उनैको ।
गरौं न स्तुति तिमी र हामी मिलेर उनैको
लौ, गरौं न स्तुति तिमी र हामी जीवनदाताको ।

सल्लाघारीको... मिलेर उनैको ।
लौ, गरौन स्तुति तिमी र हामी परमप्रभुको ।
लौ, गरौन स्तुति तिमी र हामी जीवनदाताको ।

## ५४२

**स्केल C, ताल C**

**कोः उठिहेर आकाशैमा नयाँ तारा उदाएको**
**सुनिहेर बतासैले नयाँ सन्देश ल्याएको**
**आनन्दले पूर्ण यो, शान्तिले पूर्ण यो**
**येशू राजा जन्मेको सुसन्देश (तिमी मेरै लागि हो हो हो) २**

१. अन्धकारपूर्ण जगतमा ज्योति ल्याउनुभयो उहाँले
निराशलाई जीवन दिन आशा ल्याउनुभयो उहाँले २
परमेश्वर अवतार लिई मानव बनी आउनुभो
हाम्रैं मुक्तिदाता प्रभु जगतमा आउनुभो ।

२. लक्ष्यहीन जीवनको लक्ष्य बनी ख्रीष्ट जगत्‌मा आउनुभो
प्राणहीनलाई जीवन दिन डुँडमा प्रभु पस्नुभो २
बाटो, सत्य र जीवन उहाँ, मानव बनी आउनुभो
तिमी-मलाई बचाउनलाई जगतमा आउनुभो ।

## ५४३

**स्केल E, ताल $^4/_4$**

१. उघारेर पर्दा मेरो कोठाको जब बाहिर हेर्दछु
बर्सेर पानी भर्खरै रहेको हरियाली पाखा देख्दछु २

२. (धुनुहोस्) २ येशू मेरो मन पनि तपाईंको पवित्र आत्माले २
(अझै चोखो बनाउनुहोस्) २ तपाईंको पवित्र वचनले ।

३. जिएर नमुना बन्नुपरेको छ, जब म सिकाउँछु अरूलाई
बोलेर मात्र हुँदैनरहेछ बलियो जग निर्माण गर्नलाई २

## ५४४

**स्केल Em (D), ताल $^4/_4$**

**कोः तुरहीको चर्को स्वरमा प्रधान दूत गर्जन्छन् है**
**बादलको सवारीमा येशू एक दिन आउँछन् है**
**आफ्नो दुलही साथमा लानलाई (२)**
**बादलको सवारीमा येशू एक दिन आउँछन् है ।**

१. चिहानभित्र सुतेकाहरू महिमित शरीरमा उठ्छन् है
हामी सबै दुलही बनी प्रभुलाई भेट्न जान्छौं है ।

२. त्यस दिन सबै साथी-सङ्गी बेहाल भई यहाँ छुट्छन् है
त्यो दिन हाम्रो आँसु प्रभुले पुछी सधैँ साथ राख्छन् है ।

## ५४५

**स्केल D, ताल $^4/_4$**

१. हामी उचालौं महिमित थुमालाई, हामी उचालौं जीवित येशूलाई (२)
गाउँदै-बजाउँदै, प्रशंसा गर्दै, चढाऔं धन्यवाद प्रेमी प्रभुलाई (२)
२. हाम्रो प्रार्थनामा हामी उचालौं, हाम्रो वचनमा हामी उचालौं (२)
गाउँदै-बजाउँदै, स्तुति गर्दै, चढाऔं धन्यवाद प्रेमी प्रभुलाई (२)
३. प्रशंसासाथ हामी उचालौं, स्तुति गर्दै हामी उचालौं (२)
गाउँदै-बजाउँदै, जयजयकार गर्दै, चढाऔं धन्यवाद प्रेमी प्रभुलाई (२)

## ५४६

**स्केल D, ताल C**

**कोः वीर-विरङ्गना युवाहरू जरुरी छ यहाँ**
**जिउँदो बलिदान, सक्रिय सेवक बन्नलाई यहाँ (२)**

१. ढुङ्गा हानी मार्न लाग्दा क्षमा दिनसक्ने,
प्राण जाँदा स्वर्गीय ढोका खोलिएको देख्ने (२)
हातमा मोटो काँटी ठोक्दा प्यार गर्न सक्ने (२)
युवा चाहिएको छ, के तिमी त्यो युवा हौ ? (२)
२. येशूको निम्ति दुःख सहँदा रमाउन सक्ने,
हेलित बनी झ्यालखानमा पर्दा गीत गाउन सक्ने,
गिल्ला, निन्दा, अपमान गरिँदा आशिष् दिन सक्ने (२)
युवा चाहिएको छ, के तिमी त्यो युवा हौ ? (२)
३. "मेरो पछि लाग" भन्दा झट्टै पछि लाग्ने,
"त्यो ठाउँमा जाऊ" भन्दा बिनाप्रश्न हिँड्ने (२)
उहाँको निम्ति सबै-सबै, आफैंसम्म, त्याग्ने
युवा चाहिएको छ, के तिमी त्यो युवा हौ ? (२)

## ५४७

**स्केल C, ताल C**

१. रगतले, रगतले येशूको रगतले तिम्रो मनको मैलालाई धुन सक्छ
वचनले, वचनले, येशूको वचनले तिम्रो हृदयलाई आज छुन सक्छ
उनको नाउँ हो असल गोठालो, उनको काम हो हराएको भेडालाई बचाउने (२)
यति ठूलो मुक्तिलाई (२) त्यागेर कसरी बाचौला
त्यो प्रेमले, ठूलो प्रेमले,
प्रभु ख्रीष्टको प्रेमले तिम्रो मनलाई आज यहाँ जित्न सक्छ।
२. वचनले, वचनले, येशूको वचनले तिम्रो हृदयलाई आज छुन सक्छ
तिम्रो मनको आवाजलाई सुन, आत्माभित्र उठेका प्रश्नहरू गुन (२)
तिम्रो हृदय ढोकाबाहिर (२) बोलाउने प्रभुलाई खोलिदेऊ न
त्यो हातले, घायल हातले, उनको प्रेमी हातले खाडलबाट तिमीलाई उठाउन सक्छ
वचनले, वचनले, येशूको वचनले, तिम्रो हृदयलाई आज यहाँ छुन सक्छ।

## ५४८

**स्केल G, ताल $^6/_8$**

**कोः के होला यो जीवन भनेको, आँसु हो कि हाँसो हो यो**
**धर्म-कर्मको पुरानो रिवाज हो कि स्वर्गको नौलो आवाज हो २**

१. शान्ति विश्वमा हराइरहेछ, आफ्नो शत्रु मान्छे आफैं नै बनेछ
आतङ्क, अन्यायको डढेलो सल्केछ हाम्रो निर्लज्जता यो सडकमा सल्केछ (२)
येशूको आवाजलाई एक पल्ट सुनिहेर शान्ति विश्राम दिने वचन एक पल्ट बुझिहेर ।

२. मान्छे आफैंले आफ्नो आत्मालाई कति दाम तिरी बचाउन सक्छ र ?
पूजा र भक्ति, आफ्नै प्रयत्नले मैलो पाप हाम्रो बगाउन सक्छ र ? (२)
येशूको कष्ट र वेदना एक पल्ट बुझिहेर
स्वर्गमा कोरेका योजना कलवरी डाँडालाई हेर ।

# ५४९

**स्केल A, ताल 2/4**

**कोः हाम्रो पीरलाई बुझिदिने प्रभु येशू हुनुहुन्छ (२)**
**हाम्रो आँसुलाई पुछिदिने खीष्ट येशू हुनुहुन्छ (२)**
**हाम्रो पीरलाई बुझिदिने प्रभु येशू हुनुहुन्छ ।**

१. यो धरतीको मान्छेले कहिले शान्ति दिने होइन (२)
यो नयनको आँशुलाई पीर भनेर बुझ्ने होइन ।

२. यो धरतीको हाँसोले कहिले पीरलाई लाने होइन (२)
यो जीवनको आनन्दले सधैं साथ दिइराख्ने होइन ।

# ५५०

**कोः गाउँ, बस्ती, तराई अनि पहाड, पखेरामा**
**रोइरहेछन् मानिसहरू सधैं अँध्यारोमा**
**यसैले हामी जाऊँ खीष्टको सन्देश सुनाउन (२)**

१. असत्य फ्याँकी सत्यता खोज्ने उद्देश्य महान्
सफल जीवन व्यतित गर्न निराश नमान (२)
यो काम हामी सम्हाल्छौं, प्रभु, यो जिम्मा हाम्रो भो
सही बाटो पक्री हिँड्दछौं, मसीह, यो प्राण हाम्रो हो (२)

२. झुकेन शिर रत्तिभर पनि झन् अझ उच्च थ्यो
मानिसको जस्तो मरण होइन, खीष्टत्व झल्कन्थ्यो
खेदोका पहाड कति हो कति सामुन्ने तेर्सिन्थे
ती बिघ्नबाधा हटाउने प्रार्थना सदैव जारी थे
मानिस भई मानिसजस्तै जिउन चाहन्छौं
सत्यको सन्देश सुनाई बढ्न चाहन्छौं ।

# ५५१

स्केल C, ताल 4/4

१. पूर्वतिर जब फर्किहेर्छु त्यहाँ मेरो येशूलाई पाउँछु
पश्चिमतिर जब फर्किहेर्छु त्यहाँ मेरो येशूलाई पाउँछु

उत्तरतिर जब फर्किहेर्छु त्यहाँ मेरो येशूलाई पाउँछु
दक्षिणतिर जब फर्किहेर्छु त्यहाँ मेरो येशूलाई पाउँछु,
मेरोवरिपरि चारैतिर सधैं साथमा येशूलाई म पाउँछु (२)
(हल्लेयूयाह आमेन) ३

२. पूर्वतिर जब फर्किहेर्छु, त्यहाँ शैतान हारेको देख्छु, आमेन ।
पश्चिमतिर जब फर्किहेर्छु, त्यहाँ शैतान हारेको देख्छु ।
उत्तरतिर जब फर्किहेर्छु, त्यहाँ शैतान हारेको देख्छु, आमेन ।
दक्षिणतिर जब फर्किहेर्छु, त्यहाँ शैतान हारेको देख्छु,
मेरोवरिपरि चारैतिर सधैंभरि शैतानलाई हारेको देख्छु (२)
(हल्लेयूयाह आमेन) ३

३. पूर्वतिर जब फर्किहेर्छु, त्यहाँ येशू ख्रीष्टको कामलाई देख्छु
पश्चिमतिर जब फर्किहेर्छु, त्यहाँ येशू ख्रीष्टको कामलाई देख्छु
उत्तरतिर जब फर्किहेर्छु, त्यहाँ येशू ख्रीष्टको कामलाई देख्छु
दक्षिणतिर जब फर्किहेर्छु, त्यहाँ येशू ख्रीष्टको कामलाई देख्छु
मेरोवरिपरि चारैतिर जताततै येशूको कामलाई देख्छु (२)
(हल्लेयूयाह आमेन) ३

## ५५२

स्केल C, ताल 4/4

**कोः तुरही फुक्छ आकाशैमा लौ येशू आउनेछन् (२)**

१. (संसारभरि पापको भारी) २ (शैतान है रमायो) २
यो मनमा कसले चेताउनी देला, पछुताउँदैन कोही
येशू आउनेछन् संसारैमा, संसारैमा (सम्झ न मनैमा) २

२. (विश्वासीहरू मरे तापनि बौरेर उठ्नेछन्)२
जस-जसले उनीमाथि विश्वास गर्दछन् पाउनेछन् जीवन
येशू आउनेछन् बादलैमा, बादलैमा (हामीलाई लिनलाई) २

## ५५३

१. नाङ्गै छ आउनु नाङ्गै छ जानु
ए नि लै लै कठै ए मेरी प्यारी मित्र, लानु केही सक्दैन ।

२. पापैमा जन्मे पापैमा बढे
ए नि लै लै कठै ए मेरी प्यारी मित्र, पापैमा मर्नुछ ।

३. पापैको ज्याला अनन्त मृत्यु
ए नि लै लै कठै ए मेरी प्यारी मित्र, नर्कमा भोग्नेछ ।

४. बचाइराख आत्मालाई तिम्रो
ए नि लै लै कठै ए मेरी प्यारी मित्र, समय हुँदा नै ।

५. स्वर्गको मुनि संसारभरि
ए नि लै लै कठै ए मेरी प्यारी मित्र, कोही छैन बचाउने ।

६. बाटो र सत्य, आनन्द जीवन

ए नि लै लै कठै ए मेरी प्यारी मित्र, येशूमा पाउँनेछौ ।

## ५५४

**स्केल G, ताल C**

**कोः मुक्तिदाता ख्रीष्ट येशू जिउँदै हुनुहुन्छ**
**फेरि फर्की संसारमा आउँदै हुनुहुन्छ (२)**
**उहाँ नै हुनुहुन्छ संसारका सर्वनेता (२) हो हा हा हा हो,**
**हो हा हा हा हो (२)**

१. सत्य बाटो देखाउने, दुष्ट बाटो हटाउने, हाम्रो लागि क्रूसैमा रगत बगाउने (२)
हो हा हा हा हो, हो हा हा हा हो (२) उहाँ नै हुनुहुन्छ पापीहरूका मुक्तिदाता (२)

२. पूर्व, पश्चिम, उत्तर, दक्षिण चेतना जगाइदेऊ,
गाउँघर, पाखाहरूमा सन्देश पुऱ्याइदेऊ (२)
हो हा हा हा हो, हो हा हा हा हो (२)

३. बाटो बिराई हिँड्नेलाई बाटो देखाइदेऊ
अन्धकारमा सुतेकालाई ब्यूँझाई उठाइदेऊ
हो हा हा हा हो, हो हा हा हा हो (२)

## ५५५

**स्केल G, ताल C**

**कोः भागिसकेछु अब त धेरै चोटि, धेरै-धेरै नै**
**थाकिसकेछु अब त धेरै चोटि, धेरै-धेरै नै**
**येशूलाई हेरेर फेरि उठ्छु, फेरि त्यो दौड दौडन्छु (२)**

१. आफैलाई हेर्दा निराश हुन्छु, मानिसलाई हेर्दा पनि (२)
तर जब येशू, तपाईंलाई हेर्छु, नयाँ शक्ति, र नयाँ आशा पाउँछु ।

२. कहिलेकाहीँ लाग्छ जीवन के हो ? किन यति गाह्रो हुन्छ ? (२)
तर जब येशू, तपाईंको नजिक आउँछु, जीवनको अर्थ थाहा गर्छु ।

## ५५६

**स्केल E, ताल C**

**कोः ब्यूँझ-ब्यूँझ है हे ख्रीष्टीय सन्तान हो,**
**जाग-जाग है हे ख्रीष्टीय युवा हो**
**जाग है, ब्यूँझ है, ढिलो नगर (ख्रीष्टीय युवा हो) २**

१. जीवनमा नैराश्य र हुरी-बतास र आँधी आउँछ
तर्साउने चट्याङ अनि कालो बाक्लो बादल छाउँछ ।
सतावटको छालसँगै, रगतको आहालसँगै, सिङ्गो हिमालसँगै
येशूको साथ-साथै, जाग है, उठ है (हे ख्रीष्टीय युवा हो) २

२. सुस्ताउने बेला होइन, सुस्केरामा जिउनुहुन्न
तर्साउने बादल अनि कालो बाक्लो बादल छाउँछ
सलल बगाउँदै, हातमा हात मिलाउँदै
फुट्नेहरूलाई जुटाउँदै, सुत्नेहरूलाई जगाउँदै उठ है ।

## ५५७

**स्केल E, ताल $^6/_8$**

**कोः लौ उठौं, यूवा हो, उठौं, प्रकाशमान भई उठौं**
**अँध्यारोमा हिँड्नेलाई जीवनको बाटोमा डोऱ्याऊँ**
**लौ उठौं, युवा हो, उठौं, प्रकाशमान भई उठौं**

१. काटिएको चङ्गाझैँ लक्ष्यविहीन उड्नेलाई
भविष्य बन्धक राखी कुलतमा रम्नेलाई २
लौ उठौं, युवा हो, उठौं, जागृतिको ज्वाला लिई
जीवनको अर्थ के हो, स्वादिलो नुन बनी बुझाऔं ।

२. येशू हुन् हाम्रो उचाइ, येशू नै गन्तव्य पनि
उनी नै हाम्रो वर्तमान, भविष्य पनि उनै २
लौ उठौं, युवा हो, उठौं, सगरमाथा भई उठौं
येशूलाई महिमा दिन लौ हामी एक भई जुटौं ।

## ५५८

**स्केल D (E), ताल C**

**कोः ईश्वरको यो वरदान मेरो यो जीवन, एक्लै बस्न सिर्जेको होइन,**
**आजन्म साथ दिँदैनौ भने त, पलभरको माया मलाई चाहिँदैन (२)**

१. पहाडजत्रो यो जिन्दगीमा एकलै बसूँला भनेर चिताएको छैन (२)
तिम्रै विश्वासमा आफूलाई सुम्पी (२) मनमा कुनै थोक लुकाएको छैनँ (२)
आजन्म साथ दिँदैनौ भने त, पलभरको माया मलाई चाहिँदैन (२)

२. बर्बाद नबनोस् यो मेरो जीवन, मीठा-मीठा कुराले, अभिलाषाले (२)
समर्पण हुँदै छु तिमीसामु आज (२) ईश्वर छन् साक्षी तिमी याद राख (२)

## ५५९

**स्केल D, ताल $^3/_4$**

१. दुवैको बनोस् गन्तव्य प्रभु येशू नै, दुवैको पूरा होस् यात्रा प्रभु येशूसँगै
दुवैको रहोस् आशा प्रभु येशूमा नै, दुवैलाई चलाउनोस् सदा प्रभु हजुरले नै ।

**कोः योजना हो परमप्रभुको यो पवित्र विवाह जन्मअघिकै,**
**सर्वशक्तिमान् परमेश्वर हजुरको जय भन्छौं सोर उचाली एकै,**
**योजना हो परमप्रभुको यो पवित्र विवाह जन्मअघिकै ।**

२. आफ्नै हाडको हाड, मासु आफ्नै, उकाली-ओह्राली साथ हिँड्न छाया भई
दिनुभो दुलहालाई परमप्रभुले नै (दुलही सुन्दरी, बनाई) २

३. फूल फुलेको, सुबासना भरेको घरको शिर बनून् परमेश्वर नै
फल फलेको, हरियाली छाएको (यो बगैँचा रहोस् परमप्रभुकै) २

## ५६०

**स्केल G (F), ताल $^6/_8$**

**कोः फर्केर नहेर संसारलाई जहाँ दुष्टता भरिएको छ**
**शैतानको पासोमा परेर धेरै नै आत्मा मरेको छ २**

१. छोएर नहेर संसारलाई त्यहाँ आगो र गन्धक छ (२)
बुझेर पनि नबुझ्नेलाई अनन्त मृत्युको सजाय छ (२)
२. चाखेर नहेर संसारलाई जहाँ पापको प्याला छ (२)
खीष्टलाई चिनेर पनि छोड्नेलाई आखिरमा दण्डको ज्याला छ (२)

## ५६१

**स्केल C, ताल C**

**कोः घाम उदाउँछ पूर्वबाट, अस्ताउँछ पश्चिममा**
**मेरा खीष्ट येशू राजा, राज गर्छन् ममा (२)**
१. कोही पुज्छन् ढुङ्गालाई, कोही पुज्छन् मूढालाई (२)
तर म पुज्दछु जीवित प्रभुलाई (२)
२. कोही गर्छन् भाकल, कोही गर्छन् स्नान (२)
तर म गर्दछु प्रशंसा येशूकै (२)

## ५६२

**स्केल D, ताल 4/4**

हे हाम्रा स्वर्गमा बस्नुहुने पिता,
तपाईंको नाउँ पवित्र गरिओस्, तपाईंको राज्य आओस्।
तपाईंको इच्छा स्वर्गमा झैँ यस पृथ्वीमा पूरा होस्।
हाम्रो दिनभरिको रोटी आज हामीलाई दिनुहोस्
अनि हाम्रो अपराध क्षमा गर्नुहोस्
जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं।
हामीलाई परीक्षामा नल्याउनुहोस् तर दुष्टबाट बचाउनुहोस्।
किनभने राज्य र पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्। आमेन।

## ५६३

**स्केल D, ताल 2/4**

**कोः यो धर्ती खेर नजाओस् तिम्रो आशिषित जीवनले**
**पहरामा फुल्ने सुनगाभाजस्तो पवित्र बनोस् जीवनको गाथा।**
१. ढुङ्गा पनि एक दिन माटो बन्नेछ, संसार पनि एक दिन हराइजानेछ
तर आत्मा कहिल्यै बिलाउनेछैन, पवित्र बनून् ती आत्माहरू,
यही छ सन्देश, यही कामना।
२. उडिजाने बादलुको के भरोसा, छोडिजाने समयको के भो र आशा
तर आशा राख खीष्ट येशूमाथि, अनन्तको जीवन पाउन,
स्वर्गको त्यो राज्यमा बस्न।

## ५६४

**स्केल D (E), ताल 4/4**

**कोः खीष्ट मेरो जीवनको मालिक हौ, आशा-भरोसा तिमी नै**
**स्तुति गर्छु, प्रशंसा तिमीलाई, प्राण, आत्मा, शरीर चढाएर २**
१. हे प्रभु मेरो हृदयमा वास गर अहिले नै (२)
गर्छु सेवा तिम्रो जीवन दिएर, हे प्रभु म सधैं नै

रित्तो भाँडो हुँ म हे प्रभु, भर्नुहोस् ज्ञानको ज्योतिले
अन्जान छु एक पापी हुँ म ढाक्नुहोस् मलाई प्रेमले ।

२. रूवाउँदिन म हे प्रभु तपाईंलाई कहिल्यै नै (२)
घमण्ड दुष्टताको पछि लागेर, पापी संसारमा सधैं नै
हिड्न म आफैं सक्दिनँ, डोऱ्याउनुस् मलाई पलपलमा
बन्न सकूँ तिम्रो उदाहरण बल्दो दिपझैँ सधैं ।

## ५६५

**स्केल F (G), ताल C**

**कोः सैभाग्य पृथ्वीमा प्रभु येशूको गीत गाउनुभन्दा ठूलो के हो (३)**
**हो, सौभाग्य**

१. उनको ठूलो अनुग्रह भो, मानिस ईश्वरको मिलाप भयो
हो हो हो बन्धन सबै टुटिगए, शक्ति शैतानको सखाप भयो
खुसीको बाँध टुट्यो, हृदय उमङ्गले भऱ्यो, अपूर्व हेर छुटकारा मिल्यो (२)
(प्रशंसा) २ हृदय खोली धरती गुञ्जाउने हो निराशालाई भगाउने हे हे हे हे हो ।

२. के भो के भो हृदय मेरो स्वर्गीय प्रेमले नयाँ भयो
हो हो हो पापी मेरो जीवनमा येशू प्रभुको दया भयो
रमाइलो धुन सज्यो, नौलो यो राग बज्यो, स्वर्गको तालमा हृदय नाच्यो (२)
(फैलाउँदै) २ धरतीभरि जाति-जातिमाझ,
सुसमाचारलाई सुनाउने हे हे हे हे हो ।

## ५६६

**स्केल E, ताल $^2/_4$**

(ला...) २ आऊ खुसीको गीत गाऔं मुक्तिदाता येशूको

**कोः सबले गाउने हो..., सबलाई भन्ने हो... (२)**
**बस्ने तिमी मात्र किन उदास-उदास ?**
**आऊ खुसीको गीत गाऔं मुक्तिदाता येशूको ।**

१. ठीकै भन्नुभो संसारमा यो कष्ट हुन्छ उनको मण्डलीलाई (२)
तर साँचो हो ज्ञानैले नभ्याउने स्वर्गको खुसी पनि तिम्रै लागि हो (२)

२. शक्तिले होइन, भक्तिले होइन, उनको आफ्नै आत्मा तिम्रै लागि हो (२)
धर्मी कोही छैन, उनको अघि ठीक हुनु येशूको बलि तिमीलाई पुग्छ (२)

## ५६७

**स्केल D (E), ताल C**

**कोः हिमाली हावैले यो सुन्दर देशमा सुसन्देश ल्याउँदछ (२)**
**यो सन्देश सुनेर मनैमा गुने जीवन पाउँदछ**
**हिमाली हावैले यो सुन्दर देशमा सुसन्देश ल्याउँदछ,**
**हिमाली हावैले ...**

१. आजको रीति धर्म र कर्म बुझ्दैन यो मर्म (२)
दुःखको देशमा नहुने भाग्य पापको यो शर्म नि दाजै पापको यो शर्म

हिमाली हावैले यो सुन्दर देशमा सुसन्देश ल्याउँदछ ।
२. जीवनको सन्देश आजको बाटो लेऊ येशू प्रभुमा (२)
त्यागेर संसार शान्तिको जीवन जिउनुछ उनैमा, नि लै लै जिउनुछ उनैमा
हिमाली हावैले यो सुन्दर देशमा सुसन्देश ल्याउँदछ ।
३. येशूको वाणी जीवनको पानी सित्तैमा पिउनुछ (२)
विश्वास गरी सत्यले भरी अनन्त जिउनुछ, नि लै लै अनन्त जिउनुछ ।

## ५६८

**स्केल A, ताल 3/4**

**कोः आऊ अब प्रकाशमान होऊ ज्योतिका सन्तान भई**
**अन्धकार सबलाई त्यागेर महिमा र पूर्णतामा आऊ**
१. महान् आज्ञालाई पूरा गर्न ज्योति धारण गर्नुछ (२)
जिउँदो वचनलाई शक्तिको साथमा,
ज्योतिको सन्तान भई यो विश्वलाई सुनाउनुछ ।
२. सियोनका राजालाई स्वागत गर्न राजपथ हामीले बनाउनुछ (२)
लिएर उपहार त्यो, हेर, कोही आउँदै छन्,
ज्योतिका सन्तान भई यो पुस्तालाई बचाउनुछ ।

## ५६९

**स्केल E, ताल 4/4**

**कोः निराश भएका ए जिन्दगी बिहानीका शीत बनी हराइनदेऊ ।**
१. तिम्रा सबै इच्छाहरू राखिदेऊ येशूमा (२)
बितिजाने यो जिन्दगी सुम्पिदेऊ उनैलाई, प्रशस्त सधैँ पाउनेछौ ।
२. तिम्रा सबै हारहरू जितहरू छन् येशूमा (२)
उजाड तिम्रो त्यो जिन्दगी सुम्पिदेऊ उनैलाई, हाँसोहरू फेरि पाउनेछौ ।

## ५७०

**स्केल E, ताल 4/4**

१. हा हा हा हा हो हो हो हो (२) (जीवन-यात्रामा हाँसो र रोदन सबै सहनुछ) २
खीष्ट हुन् हाम्रा असल मित्र (उहाँमा नै रहनुछ) २
२. कहिले हिँड्छौ पहाड-पर्वत, कहिले भञ्ज्याङतिर (२)
माया नै गर्छौ जीवित प्रभुलाई (जहीँ गए तापनि) २
हा हा हा हा हो हो  हो हो (२)
३. मित्रहरूले हामीलाई तिरस्कारे पनि (२) मित्रता हाम्रो खीष्ट येशूमा
अमर रहिरहनेछ (२) (जीवन-यात्रामा हाँसो र रोदन सबै सहनुछ) २
खीष्ट हुन् हाम्रा असल मित्र (उहाँमा नै रहनुछ) ७

## ५७१

**स्केल E, ताल 4/4**

**कोः बिलाइजाने बाफझैं (यो जिन्दगी यस्तै रैछ) २**
**यसैले म गाउँछु, म रमाउँछु, म नाच्छु (हाम्रो प्रभुको उपस्थितिमा) २**
१. चिन्तामा नै किन डुबिरहने, फिक्री नै किन गर्ने ? (२)

आखिर सबै छोडिजानुछ (२) ख्रीष्टको साथमा, ख्रीष्टको घरमा ।
यसैले म गाउँछु, म रमाउँछु, म नाच्छु, हाम्रो प्रभुको उपस्थितिमा (२)

२. लानु नै के नै सक्छौं र यो संसारबाट हामीले ? (२)
रित्तै आयौं, रित्तै जानुछ ख्रीष्टको साथमा, ख्रीष्टको घरमा ।
यसैले म गाउँछु, म रमाउँछु, म नाच्छु, हाम्रो प्रभुको उपस्थितिमा (२)

## ५७२

**स्केल D, ताल 4/4**

१. बढौं हामी ख्रीष्टीय राजदूत हो, क्रूसको निशानातिर हामी,
अघि बढौं खीष्टिय राजदूत हो (२)

२. अन्धकारमा हामीहरू उदाहरणको जीवन बनेर (२)
वचनको पालन गरेर (२)

३. येशू ख्रीष्टको सन्देश बोकेर हामी ख्रीष्टीयान उठ्नुपर्छ है (२)
अरूहरूका आत्मा बचाउन (२)

४. सुसमाचार ख्रीष्टको सुनाऊँ है (२) मरेकालाई जीवन दिऊँ है (२)
प्रभुका सन्तान बनौं है (२)

५. प्रभुको आज्ञा मानौं है, विश्वासीलाई चेला बनाऊँ है (२)
प्रभुबाट इनाम कमाऊँ है (२)
अघि बढौं ख्रीष्टीय राजदूत हो (२) वचनको पालन गरेर (२)

## ५७३

**स्केल C, ताल 2/4**

(ल ल ल ल-ल-ल) २

**कोः ए साथी, सुन (२) (ढाँटेको कुरा काटे मिल्दैन) २**
**बाइबललाई जेसुकै भन, सत्य कहिल्यै डग्दैन (२), ए साथी, सुन ।**

१. सत्यलाई छोप्न कतिले यसलाई दन्त्यकथा नै हो भने
बाइबल लेखकले चलाखी गरी लेख्या भनी प्रमाण दिनखोजे २
परमेश्वरकै प्रेरणाद्वारा लेखिएको वचन यो (२)
ऐतिहासिक - वैज्ञानिकरूपले प्रमाणित भयो (२) ए साथी, सुन ।

२. भूगर्भशास्त्रीहरूको साक्षी, अवशेष शिलापत्रबाट
पुराना पाण्डुलिपिबाट अनि सियोनका राजा येशूबाट २
अकाट्य बाइबलीय प्रमाण भो सत्यताको (२)
कुनै प्रमाण छैन अहिलेसम्म बाइबलविरुद्धको (२)

## ५७४

**स्केल C, ताल 6/8**

**कोः हे युवा, यो देशमा तिम्रै खाँचो छ, येशूको सन्देशले शान्ति ल्याउनुछ**
**(अन्यौलपूर्ण जगमा गति दिनुछ,**
**उदास मुहारभरि खुशी ल्याउनुछ) २**

१. (निराश छन् है नेपालीहरू, सोचिरहेछन् अब के गरूँ ?)२
(अब हामी शालोमको झण्डा फर्फराऔं, नेपाली ब्युँझाउन अब जुर्मुराऔं)२

२. (नाशवान् यो देश बचाउनुछ, अँध्यारो मनमा दियालो बाल्नुछ)२

अब हामी क्रूसको झण्डा फर्फराऔं, सूर्यझैं उदाई नयाँ बिहानी ल्याऔं ।

## ५७५

**स्केल D (E), ताल 4/4**

१. बलिदान हुने, सबको पाप धुने, एक मात्र येशू हुन् (२)
एक मात्र येशू हुन् है, एक मात्र येशू हुन्
बलिदान हुने, सबको पाप धुने, एक मात्र येशू हुन् ।
२. मृत्युलाई जित्ने, बौरेर उठ्ने, त्यो पनि येशू हुन् (२)
त्यो पनि येशू हुन् है, त्यो पनि येशू हुन्
मृत्युलाई जित्ने, बौरेर उठ्ने, त्यो पनि येशू हुन् ।
३. हाम्रो फिक्री गर्ने, हाम्रो निम्ति मर्ने, ती सबका प्रभु हुन् (२)
ती सबका प्रभु हुन् है, ती सबका प्रभु हुन्
हाम्रो फिक्री गर्ने, हाम्रो निम्ति मर्ने, ती सबका प्रभु हुन् ।
४. सत्यलाई खोजौं, मुक्तिलाई रोजौं, येशूमै भेट्नेछौं (२)
येशूमै भेट्नेछौं है, येशूमै भेट्नेछौं
सत्यलाई खोजौं, मुक्तिलाई रोजौं, येशूमै भेट्नेछौं ।

## ५७६

**स्केल C, ताल C**

१. आ हा (१०) घिन्ताङ है घिन्ताङ मनैमा बज्यो मादलुको ताल (हा) ४
कलवरी साक्षी राखी गाँसेको छुट्ला है मायाजाल (लैबरी लै लै लै) २
घिन्ताङ है घिन्ताङ मनैमा बस्यो मादलुको ताल
कलवरी साक्षी राखी गाँसेको छुट्ला है मायाजाल
ए है छुट्ला है मायाजाल
कलवरी साक्षी राखी गाँसेको छुट्ला है मायाजाल (हुँ) ५
२. धर है धर आँसुको धारा येशूले चुहाए (हा) ४
पापको कालो दागलाई धुन रगत बहाए (लैबरी लै लै लै) २
धर है धर आँसुको धारा येशूले चुहाए
पापको कालो दागलाई धुन रगत बगाए, ए है रगत बगाए ।
पापको कालो दागलाई धुन रगत बगाए ।
३. फिरिमा फिरि त्यो जूनकीरी चम्केझैं औंसीमा (हा) ४
बाले है खीष्टले अमर ज्योति मनको कौसीमा (लैबरी लै लै लै) २
फिरिमा फिरी त्यो जूनकिरी चम्केझैं औंसीमा
बाले है खीष्टले अमर ज्योति मनको कौसीमा, ए है मनको कौसीमा
बाले है खीष्टले अमर ज्योति मनको कौसीमा (हुँ) ५
४. झल र मल सधैं हलचल क्षणिक जीवनमा (हा) ४
येशूमा विश्वास गर्नेछु सधैं, राख्नेछु यो मनमा (लैबरी लै लै लै) २

झल र मल सधैँ हलचल क्षणिक जीवनमा
पुग्नेछु येशू भज्नेछु सधैँ, राख्नेछु यो मनमा, ए है राख्नेछु यो मनमा
येशूमा विश्वास गर्नेछु सधैँ, राख्नेछु यो मनमा (४)

## ५७७

**स्केल C, ताल C**

**कोः सुन है दाजु, सुन है बहिनी कलवरीको कथालाई**
**सुनेर, बुझेर सबैले मनमा गुनिराख है, (सुनिराख है, बुझिराख है) २**

१. रगत है रगत, चोट है चोट, येशूले प्राण दिए (२)
तिम्रो र मेरो पापको निम्ति क्रूसमा बलि भए (२)
सुनिराख है, बुझिराख है (२)

२. मृत्युको बन्धनलाई तोडेका छन् ख्रीष्ट येशूले (२)
सित्तैमा दिएको मुक्तिलाई ग्रहण गरिराख है (२)
सुनिराख है, बुझिराख है (२)

## ५७८

**स्केल E (F), ताल 4/4**

ह ह ह (३)

**कोः हावाले हो हो हो, बादलले हो हो हो हो**
**हावाले, बादलले (ख्रीष्टको नै प्रशंसाको गीत) २ गुन्गुनाइ (रहेछ) ३**
**हावाले, बादलले, हो ...**

१. नीलो आकाशले, सेतो बादलले (२) (मनै छुने शीतल हावाले) २
ख्रीष्टको नै प्रशंसाको गीत (गुन्गुनाइरहेछ) ३ हावाले, बादलले, हो...

२. सुन्दर हिमालले, प्यारा पहाडले (२) (मीठो स्वरले गाउने चरीले) २
ख्रीष्टको नै प्रशंसाको गीत (गुन्गुनाइरहेछ) ३ हावाले बादलले हो...

## ५७९

**कोः सर्वशक्तिमान् प्रभु आउनुहोस्, हाम्रो पापलाई धोइदिनुहोस्,**
**यो हाम्रो भूमिमा शान्ति दिनुहोस्, यो हाम्रो देशलाई टिठाउनुहोस् ।**
**मेचीदेखि महाकालीसम्म, हिमालदेखि तराईसम्म**
**एउटै देशका सन्तहरू आउँछौं, तपाईंकै चरणमा,**
**पूर्खाको पापले अन्धकार भएको यो देशको पापलाई मेटाइदिनुहोस् ।**

१. ढुङ्गाको मनलाई पगालीदिनुहोस्, कठोर आत्मा नरम बनाउनुहोस्,
तपाईंको वचनले जडता हटाऔं, नेपाली सारा येशूमै अटाओस्,
सुख चैनको पानी पिलाइ दिनुहोस्, एकताको आत्मा खन्याइ दिनुहोस् ।

२. पूर्व र पश्चिम, उत्तर र दक्षिण यो देशको कुना कन्दराहरूमा,
हिमाल, पहाड, तराईहरूमा तपाईंकै महिमा गुञ्जिरहोस्,
तपाईंको वचनको अर्थ बुझेर, सारा देशले सत्यलाई चिन्नसकोस् ।

## ५८०
**स्केल D, ताल C**

**कोः सुन-सुन दाजुभाइ आज नै प्रभुको वचन**
**सुन-सुन दिदीबहिनी, आज नै येशूको वचन २**
**बाटो, सत्य र जीवन येशू ख्रीष्ट नै हुनुहुन्छ**
**सत्य पवित्र परमेश्वर येशू प्रभु नै हुनुहुन्छ ।**

१. संसारको रीतिरिवाजले पापबाट मुक्ति दिँदैन
येशूलाई विश्वास नगरे कहीँ पनि शान्ति मिल्दैन २
हृदयको ढोका खोलेर येशूलाई विश्वास गरिदेऊ
समय हुँदै अहिले नै येशूलाई ग्रहण गरिदेऊ (२)

२. सांसारिक धर्मकर्मले मान्छेको पाप क्षमा हुँदैन
येशूलाई परमेश्वर नसम्झे स्वर्गमा जाने ठाउँ छैन २
संसारको रमझम भुलेर येशूकहाँ आजै फर्किआऊ
येशूलाई विश्वास गरेर सदाको लागि मुक्ति पाऊ (२)

## ५८१
**स्केल C, ताल C**

**कोः प्रार्थना, प्रार्थना पल-पलको होस् हाम्रो यो चाहना**
**पहिरौं यो शक्तिलाई झैं गहना २**

१. आत्मिक जीवनको सास हो प्रार्थना, फेर्न यो छोडेमा जीवन रहन्न (२)
विश्वासी हरेकलाई नभई यो हुन्न (२)

२. प्रार्थना हो विश्वासीको ठूलो हतियार आत्मिक युद्धमा विजय गर्ने (२)
असम्भव कुरा पनि सम्भव गराउने (२)

३. ल्याउँछ बाधा-अड्चन प्रत्येक पाइलामा पार्न शैतान परीक्षामा (२)
सुरक्षा खाली हाम्रो छ प्रार्थना (२)

## ५८२
**स्केल G, ताल C**

१. धर्मसँग नखेलौं अब मण्डली, शक्ति र सत्यता येशूको लिनुछ
सम्झौताको आत्मालाई त्यागेर सत्यता येशूको पहिरिनुछ
युद्धको उच्च भूमिमा हामी चढ्नुछ ।
विजय ख्रीष्टको हुनेछ, अघि जाऔं (४) विजय ख्रीष्टको हुनेछ

२. भाँच्नदिनुहोस् हाम्रो जुवा बन्धनलाई, महिमा र शक्तिले अब सजाउनुहोस्
लड्दा-लड्दै आत्मा र शरीरसँग मण्डली चुर्ण बनेको छ ।
क्रूसको शक्तिलाई हामी बुझेर युद्ध फेरि लड्नुछ ।
साहसी हौं, निडर हौं, बलिया हौं, महिमित हौं, विजय मण्डलीको हुनेछ ।

## ५८३
**स्केल D**

१. हामी ज्यामी नबनौं, येशूको सन्तानझैं हिडौं,
दुष्टलाई अब हकारौं, राज्यको सैनिक बनौं ।

**कोः (एउटै पिता, एउटै विश्वास, एउटै आत्मा फेरि कसरी टुक्रिएछौं)२**
**पिताको हृदय आऊ नदुखाऊ, येशूको प्रार्थना पूरा गरौं**
**आत्मालाई सन्ताप अब नदेऊ, ख्रीष्टको दुलही एक बनौं** (२)
२. प्रभुको फसलको निम्ति फूटको पर्खाल तोडौं,
हाम्रो देश, सहरको निम्ति मण्डली घुँडामा जाऊँ ।
३. यही पुस्ता होस्, प्रभु तपाईंको राज्य ल्याउने
आऊ, हाम्रो हृदयलाई च्यातौं, जागृति चीत्कार गरौं ।

## ५८४

**स्केल Em, ताल 4/4**

म विश्वास गर्दछु एक ईश्वर सर्वशक्तिमान् पिता, स्वर्ग र पृथ्वी सृजनेमाथि
अनि उहाँको एकले पुत्र हाम्रा प्रभु येशू ख्रीष्टमाथि ।
उहाँ पवित्र आत्माको शक्तिले देहधारी हुनुभयो,
कन्ये मरियमदेखि जन्मनुभयो, पन्तियस पिलातसको अधिकारमा दुःख भोग्नुभयो ।
क्रूसमा टाँगिनुभयो, मारिनुभयो अनि गाडिनुभयो, आत्मालोकमा उत्रनुभयो ।
तेस्रो दिनमा मरेकाहरूबाट ब्यूँतनुभयो । स्वर्गमा चढिजानुभयो ।
सर्वशक्तिमान् ईश्वर पिताको दाहिने हातपट्टि बस्नुभएको छ,
जहाँदेखि उहाँ जिउँदा र मरेकाहरूको न्याय गर्नलाई आउनुहुनेछ ।
म विश्वास गर्दछु पवित्र आत्मामाथि, पवित्र विश्व मण्डलीमाथि,
पवित्रहरूको संगतिमाथि, पाप मोचनमाथि, शरीरको पुनरुत्थानमाथि
र अजम्मरी जीवनमाथि । आमेन ।

## ५८५

**स्केल F, ताल 3/4**

**कोः निराश हुनुपर्दैन हे दाजुभाइ, हे बहिनी**
**येशू मसीह तयार छन् तिमीलाई मुक्ति दिनलाई**
**टुटेको हृदय लिएर उहाँको चरणमा गइहाल**
**स्वर्गमा पिता रमाउँछन्, तिमीलाई सन्तान पाएर २**
१. संसारलाई प्रेम गरी पिताले एकमात्र पुत्र पठाए
नरकको कीरो मानिसलाई (स्वर्गको शासक बनाए) २
२. (ख्रीष्टसँग हकवाला बनाई पवित्र आत्माले भर्नेछन्
अनन्त महिमाको भागीदार (हामीलाई लिन आउनेछन्) २

## ५८६

**स्केल F, ताल 3/4**

**कोः परमेश्वरलाई प्रेम गर्नेको निम्ति भलाइ हुँदछ**
**दुर्घटना, विपद्, दुःखसुखमा उनको योजना रहन्छ २**
१. बुझ्न सकिन्न कति घटना तत्कालै हुँदामा
प्रार्थना हाम्रो नपुगेजस्तो परमेश्वर पितामा
उनको समय बेग्लै छ बेग्लै हाम्रो भन्दा नि अति फरक

सङ्गालिराख्छन् हरेक पुकार जवाफ आउँछ बर्षाको भेलझैँ (२)
२. बुझ्न सकिन्न कसरी बन्छौं ख्रीष्टको प्रतिरुपमा (२)
फसेझैँ लाग्छ दिनदिनै आफू झन् जटिल पापैमा
परमेश्वरको वचन यो हो, विश्वास गर्छौं पक्रिराख्छौं
जब ख्रीष्टलाई देख्छौं, उहाँजस्तै हुन्छौं, महिमित बन्दै, स्वर्गको दूतभन्दा (२)

## ५८७

**कोः शुभकामना, शुभकामना, ख्रीष्ट जन्मदिनको शुभकामना (२)**
**हामी सबैलाई मुक्ति दिनेको जन्मदिवसको शुभकामना ।**
१. अन्धकारमा यसै हराउनेहरू हो, जीवनको ज्योति येशूलाई बनाऊ (२)
स्वागत गरेर तिम्रो जीवनमा ख्रीष्ट येशूलाई अब आफ्नो बनाऊ (२)
२. मुक्तिको निम्ति घुम्नेहरू हो, नियालेर खोज मुक्ति कहाँ छ ? (२)
गाइको गोठमा जिउनेहरू हो त्यहिँ जन्मेको येशूलाई रोज (२)

## ५८८

**स्केल G,(F) ताल 6/4**

**कोः जन्म भयो येशू राजाको बेथलेहेम गाउँमा**
**स्वर्ग छोडी आउनुभयो मान्छेको भेषमा ।**
१. हामी पापीलाई मुक्ति दिनलाई जन्म लिनुभयो यही धरतीमा (२)
अन्धकारमा ज्योति बनेर आउनुभयो येशू (यो संसारमा) २
२. परमेश्वर पुत्र भएर पनि गाईको गोठमा जन्मनुभयो (२)
साँचो परमेश्वर चिनाउन भनेर स्वर्गबाट (ओर्लिआउनुभो) २

## ५८९

**स्केल G(F), ताल C**

**कोः प्रभु येशूको जन्म भयो गाईको गोठैमा,**
**पापीलाई भनी आए प्रभु मान्छेको चोलामा (२)**
**ज्योतिषीहरू अघि बढे तारालाई हेरेर**
**दर्शन गरी, चढाए भेटी दण्डवत् गरेर ।**
१. अचम्मित भए गोठालाहरू स्वर्गदूतलाई देखेर
खबर दिन गए सबै नै साह्रै नै खुसी भएर २
पिताको आज्ञा पूरा गर्न आउनुभयो येशू संसारमा (२)
२. हामीलाई पुत्र दिनुभयो स्वर्गका पिता परमेश्वरले
पापको बोझ उठाउन जन्म लिनुभयो येशूले २
३. आउनुभयो येशू हामी सबैलाई मुक्तिको बाटो देखाउन
जन्मे गोठमा सबैलाई साँचो (परमेश्वर चिनाउन) २

## ५९०

**स्केल C, ताल 2/4**

**कोः तिम्रो लागि सुसन्देश छ है (३) यो समयमा (२)**
१. कठ्याङ्ग्रिँदो यो जाडोमा मुक्तिदाता पैदा हुनुभो

चम्कियो ज्योति संसारभरि मुक्तिदाताको जन्म दिनमा ।
२. स्वर्गको वैभवलाई त्यागेर आउनुभयो येशू संसारमा
विश्वास येशूमा गर न, पाउनेछौ अन्नत जीवन ।

# ५९१

**कोः प्रभुको जन्म भयो बेथलेहेमको गावैंमा, डुँडैमा बालक येशू पस्रनुभो,**
**रात अँध्यारोमा मरियमको कोखैमा इम्मानुएल प्रभु जन्मनुभो ।**
१. चम्चम् चम्किरहेका ती जून र तारागण बलिरहेथे खुसीको साथ (२)
आऊँ शरणमा उनको, जाऊँ चरणमा उनको, सुन्दर बालक येशूकहाँ (२)
२. गोठालाहरूले, ज्योतिषीहरूले आएर हेरे येशू ख्रीष्टलाई (२)
आऊँ शरणमा उनको, जाऊँ चरणमा उनको, सुन्दर बालक येशूकहाँ (२)

# ५९२

**कोः झलल (३) आकाशैमा, सुसन्देश छ है यो चिसो रातैमा**
**इम्मानुएल पस्रिनुभो बेथलेहेम गाईको गोठैमा ।**
१. डुँडैको कोक्रो, परालको ओछ्यान, कोमल बालक सत्कार छ उनलाई
बाटो, सत्य र जीवन येशू आउनुभो संसारैमा, बेथलेहेम गाईको गोठैमा ।
२. चढाउन जीवन भेटीस्वरूप, प्यारो येशूको चरणमा
सुरङ्गसाथमा बसन्त बहार आशिषित झरी बनी बर्सिरहनेछ ।

# ५९३

**कोः सुनसान रातलाई जगाउँदै आयौं हामी यो रातमा**
**कोसेली एउटै बोकेर, आनन्दको सन्देश छ साथमा ।**
१. ताराले आकाश छाएछ, जून पनि मुसुक्क हाँसेछ
एकलौते पुत्र जो येशू संसारमा आउनुभएछ ।
२. स्वर्गको ढोका खोलेर पिताले दान दिएछन्
एकलौते पुत्र जो येशू संसारमा आउनुभएछ ।

# ५९४

**कोः आजको साँझ, आजको साँझ प्रभु येशू जन्मे**
**धर्ती हल्ल्यो, यो सुसन्देश लिई हामी आयौं**
१. थिएन कोही संसारमा आज मुक्ति दिने पापीलाई (२)
आज जन्मे जीवनदाता मुक्ति दिन हामीलाई (२)
त्यसैले ग्रहण गर उहाँको सुसन्देश ।
२. महल होइन, गोठैमा जन्मे, कोक्रो होइन, डुँडैमा सुते (२)
सुख होइन, दुःख नै सहे, खुसी होइन कष्ट नै रोजे, बालक सत्कार (२)
त्यसैले आऊ, सुन उहाँको सुसन्देश ।

## ५९५

**स्केल E, ताल C**

**कोः चिसो-चिसो हावामा न्यानो माया है बोकेर**
**येशू राजा आएका छन् है उद्धार लिएर २**

१. परदेशी बनेर आए, स्वर्गलाई छोडेर आए, पस्रिए गोठैमा
आकाशमा तारा बालेर, धर्तीमा ज्योति छरेर अँधेरी हटाए (२)
प्रशंसा हाम्रो येशूलाई हृदय खोलेर (२

२. नयाँ आशा हृदयमा छ मुक्तिदाता येशूको प्यारो सन्देश सुनेर
हृदयको ढोका खोलेर जीवन लेऊ येशूमा आज विश्वास गरेर (२)
प्रशंसा हाम्रो येशूलाई हृदय खोलेर (२)

## ५९६

**स्केल G (F), ताल C**

**कोः खुसीयाली मनाऔं धन्यवाद येशूलाई चढाऔं २**
**जन्मिए येशू बेथलेहेम गाउँमा (२) हामीलाई बचाउन (४)**

१. गरौं स्वागत खीष्ट येशूलाई यो हाम्रो जीवनमा
जन्मिन्छन् उनी अहिले नै बनाउँछन् जीवन नयाँ २
उनी मात्र हुन् साँचो प्रभु (२) छैन कोही अरू (२)

२. विश्वमा हेर झिलिमिली छ, येशूको जन्मदिनमा
रमाइरहेछन् मानिसहरू भेला भई मण्डलीमा २
हामी पनि आनन्द मनाऔं (२) येशूको गीत गाऔं (२)

## ५९७

**स्केल E, ताल 4/4**

**कोः तारणहार जन्मे गोठैमा तिम्रो जीवनको लागि**
**आउनुभो संसारैमा फेरि आज जन्मे रातैमा**
**आयौं हामी हजुरकै अघि, यो सन्देश भनिदिनलाई ।**

१. पैयूँ फुल्यो हाँगैभरि, डाँडाहरू ढाकिए लालुपातेको लालीले (२)
कता-कता (२) जाडो लाग्यो बडादिनको चिसो हावाले फेरि आज ।

२. तारा चम्के रातैभरि, सन्देश यो भनिदिए स्वर्गदूतले (२)
(नडराऊ है) २ बेथलेहेममा मुक्तिदाता जन्मिएका छन् फेरि आज ।

## ५९८

**स्केल E, ताल C**

१. दाऊदको सहरमा, गाईको गोठमा (२) सारा विश्वलाई सुसन्देश आएको छ ।

**कोः येशू मसीह जन्मिएका छन् (२)**

२. पापको संसारमा घमण्डले भऱ्यो, बचाउन तिमीलाई येशूजी आएका छन् ।

३. चम्कियो ज्योति आजको दिनमा (२) आए है येशू आजको दिनमा
शुभघडीको, शुभदिनको शुभकामना (२)

## ५९९

**स्केल G, ताल $^3/_4$**

१. अचम्मको अनुग्रहले, बाँच्यो तुच्छ प्राण मेरो,
हराएको थिएँ अब पाइएको छु, अन्धो देख्ने भएँ ।
२. अनुग्रहले ईश्वरको भय, अनुग्रहले शान्ति,
कस्तो अमूल्य स्वाद अनुग्रहको, जब विश्वास गरेँ ।
३. अनेकौँ जोखिम परीक्षा, भएर आइपुगेँ,
यहाँसम्म ल्याउने त्यो अनुग्रहले, पुग्नेछु स्वर्गमै ।
४. प्रभुको वाचा भलाईंको, यो मेरो भरोसा,
उहाँ नै मेरो सूर्य र ढाल, प्राण मेरो रहुन्जेल ।
५. हजारौँ वर्ष स्वर्गमा, सूर्यझैँ चम्कन्छौँ ।
यो अनुग्रहको प्रशंसा गाउँदै, युग युगौँ रहन्छौँ ।

## ६००

**स्केल Dm, ताल $^3/_4$**

**कोः प्रणाम गर्छु तपाईंलाई, दण्डवत् गर्छु तपाईंलाई (२)**
१. सारा सृष्टिका मालिक तपाईंलाई, राजाहरूका राजा तपाईंलाई (२)
स्तुति, प्रशंसा, आदर महिमा चढाउँछु (२)
२. बाटो, सत्य र जीवन येशूलाई, संसारको ज्योति खीष्ट प्रभुलाई (२)
स्तुति, प्रशंसा, आदर, महिमा चढाउँछु (२)
३. उद्धार र विजय छ तपाईंमा, अनन्त राज्य छ तपाईंमा (२)
स्तुति, प्रशंसा, आदर, महिमा चढाउँछु (२)

## ६०१

**स्केल D, ताल $^3/_4$**

**कोः अनुग्रहको समय छँदै प्रभु येशूलाई विश्वास गर (२) अनुग्रहको ।**
१. सारा संसारलाई हात पारे पनि आत्मा तिमीले गुमायौ भने (२)
मित्र, तिमीलाई छैन केही लाभ (२) यो जीवन पाएर
प्रेममय आवाज खीष्टको सुनेर हृदय खोलिदेऊ
प्रभु येशूको चरण परी अनन्त मुक्ति लेऊ (२)
२. धर्म-कर्मको संस्कारद्वारा पवित्र तिमी बन्दैनौ (२)
भक्तिको भेष धारण गरेर (२) स्वर्गमा पुग्न सक्दैनौं,
यसैले मित्र सारा पाप तिम्रा प्रभुमा मानिलेऊ
महान् प्रभुको चरण परी जीवन अर्पिदेऊ (२)
३. साँचो मुक्तिको एउटै छ बाटो प्रभु येशू खीष्ट बुझिदेऊ
पाप-मार्ग त्यागी पश्चात्तापी बनी (२) प्रभुको शरण लेऊ
धोइमाग तिम्रा सारा पाप आज येशूको रगतमा
स्वर्गीय आशिष् अनन्त-जीवन पाऊ उनको सामर्थ्यमा (२)
४. केवल खीष्टमा छ अनन्त जीवन स्वर्गीय आशिष्को भरपूरी (२)
मृत्युको त्यहाँ प्रभुत्व छैन (२) केवल येशूमा जय

दण्डको आज्ञा टलेर गए केवल खीष्ट येशूमा
नरकको ढोका बन्द सदा छ उनैको सामर्थ्यमा (२)

## ६०२

**स्केल Am, ताल $^3/_4$**

**कोः कहिल्यै नछोड्ने, कहिल्यै नत्याग्ने, तिम्रो करार अटुट छ (२)**

१. निस्सार एक परदेशी भई (२), लक्ष्यहीन गोरेटोमा गइरहेथे (२)
ज्योतिर्मय प्रभु, सहारा दियौ, स्वर्गीय पथमा फर्काइ ल्यायौ (२)

२. घना जंगलको अन्धकारमा (२), आशा थिएन बाँच्ने मेरा (२)
मधुर आवाजले बोलायौ मलाई, सनातन प्रेमले अँगाल्यौ मलाई (२)

३. पीडा र क्लेशले पीडित हुँदा (२), निराश भई अन्योलमा थिएँ (२)
तर तिम्रो मधुर आवाजले, सदैव शान्तिले मलाई भऱ्यौ (२)

४. यसर्थ तिम्रो प्रशंसा गर्छु (२), हर पल मेरो साथ रह्यौ (२)
आँखाको रानी झैं जोगाइराख्यौ, इस्राएलीलाई झैं रक्षा गऱ्यौ (२)

## ६०३

**स्केल F, ताल $^3/_4$**

**कोः जाग उठ, निद्राबाट जागृतको बेला आएको छ,**
**रात धेरै नै बितिसक्यो, अब दिन आउनै लागेको छ।**

१. ज्ञानी कुमारी झैं पर्खनेहरू, दुलहाको घरमा प्रवेश गर्छन् (२)
मूर्ख कुमारी झैं जिउनेहरू, खोल न खोल ढोका भन्दै रुन्छन् (२)

२. ज्योतिका हतियारलाई धारण गरी, खीष्टका असल सेवक बनौं (२)
विश्वासको उत्तम लडन्त लडी, जीवनको मुकुट प्राप्त गरौं (२)

३. हठी र बागी मानिस बनी, संसार मै किन फर्की जान्छौ (२)
दुइ दिनको सुखलाई रोजी तिमी, युगानुयुगसम्म किन रुन्छौ ? (२)

४. प्रतिपल आफैले आफैलाई जाँची, पश्चात्तापी हामी बनिँदै जाऔं (२)
नजीक छ अब न्यायको घडी, निर्दोष र निष्कलंक बनिँदै जाऔं (२)

## ६०४

**स्केल D, ताल $^4/_4$**

**कोः जीवन छ हाम्रो थोरै दिनको**
**वाफझैं जीवनलाई लिएर**
**(घमण्ड गर्नु व्यर्थ छ, व्यर्थ छ) २**

१. संसार हाम्रो स्थायी घर होइन, एक दिन यसलाई छोड्नै पर्छ (२)
आफ्ना सारा धन, मान र इज्जत यहीँ छोडी जानुछ (२)
खाली हात आयौं, खाली हात लिई, रित्तो भइ जानुछ (२)

२. संसार अब चाँडै नाश हुनेछ, क्रोध परमेश्वरको खनिने छ (२)
तब बादलमा दूतगणको साथमा येशू ओर्ली आउनेछन् (२)
विश्वास गरी उद्धार पाउनेहरू उनीसाथ जानेछन् (२)

३. खीष्ट येशूको अवाइ दैलोमै छ, चिन्ह पूरा भइरहेका छन् (२)

दीन र चूर्ण हृदय लिएर येशूको शरणमा आऔँ
उनका सन्तगणसाथ स्वर्गमा राज्य गर्नलाई (२)

४. संसारका सारा थोकलाई जाँची सक्यौं, एक खेप खीष्टलाई जाँची हेर (२)
असल रहेछन् या खराब रहेछन् तिमीले थाहा पाउनेछौ (२)
संसारमा तिमीले तृप्ति पाउँदैनौ, केवल खीष्टमा पाउनेछौ (२)

## ६०५

**स्केल E, ताल $^3/_4$**

**कोः प्रभुको वाणी सुनन साथी, समय यो हुँदा नै,**
**दुइ दिनको जीवन पलकमा बित्छ, पाउनु त के छ र ? (२)**

१. यो गर्छु भन्दै त्यो गर्छु भन्दै जीवन बित्दैछ (२)
छोटो यो जीवन बितेर जान्छ, लानु त के छ र ? (२)

२. मरणपछि कसैलाई आगो, कसैलाई मट्टीमा (२)
मुक्ति नपाए आत्मा त पर्छ, नरकको भट्टीमा (२)

३. ज्ञानी र मुर्ख गरीब र धनी नमर्ने को छ र ? (२)
प्राण गएपछि साँचो न्यायबाट को पो उम्कन्छ र ? (२)

४. 'म दिन्छु शान्ति उद्धार र मुक्ति' प्रभुको वाणी छ (२)
यै प्रभुमाथि विश्वास गरी उद्धार पाउनु छ (२)

## ६०६

**स्केल C, ताल $^2/_4$**

**कोः त्यो मानिस धन्यको हो (४)**

१. जो दुष्टहरूको युक्तिमा चल्दैन
जो पापीहरूको मार्गमा हिँड्दैन
जो गिल्ला गर्नेको साथमा बस्दैन ।

२. जो परमप्रभुको वचनमा रहन्छ
जो वचनमै प्रशन्न बनिरहन्छ
जो त्यसैमा दिनरात ध्यान दिइरहन्छ ।

३. जो खोलाको धार छेउको बोट जस्तै हुन्छ
जो सदाबहार र फलवान् हुन्छ
जो जे गर्छ त्यसमा सफल नै बन्दछ ।

## ६०७

**स्केल G, ताल C**

**कोः सम्झ है बुझ है एकपल्ट सोच है (२)**

१. हाम्रो जीवन के छ र ? माटोको शरीर माटोमा हो
एक दिन त माटोमा मिल्नुछ (२)

२. पवित्र बाइबलले भन्दछ प्रभुलाई भुल्ने नाश हुनेछ
उम्कने ठाउँ कहाँ छ र ? (२)

३. अनन्तसम्म नरककुण्डमा दन्किरहेको आगोमा

बचाउने को होला त्यो दिनमा (२)

४. येशूको रगतमा शक्ति छ नरकदेखि बचाउनलाई
पछुताउने पापीलाई मौका छ (२)

## ६०८

**स्केल G, ताल C**

**कोः पवित्र आत्माको मन्दिरलाई अब यसै हेला नगर (२)**

१. तिमीमा भएको शरीर पवित्र आत्माको मन्दिर हो (२)
त्यसैले शरीरमा हुँदै ईश्वरलाई महिमा गरिदेऊ (२)

२. मुक्तिदाता खीष्टको रगतले आज तिमी किनिएका हौ (२)
यो शरीर तिम्रो होइन यो त केवल ईश्वरको मन्दिर हो (२)

३. निराशाको आँधीमा नहिँड अन्धकारले छोपी लैजाला (२)
येशूमा विश्वास गरिदेऊ नत्र जीवन व्यर्थैमा गुमाउला (२)

## ६०९

**स्केल D, ताल $^{3}/_{4}$**

**कोः पापी मर्नुपर्ने क्रूसमा धर्मी येशू बलि भए (२)**
**मानव हितका लागि उनले सबै दुःख पीडा सहे,**
**एकजनाको बलिदानले सबै जनाको उद्धार भयो,**
**रगत बग्यो निर्दोषको दोषी सबलाई माफी भयो (२)**

१. आएथे खीष्ट संसारमा जहिले बलिदान हुनलाई (२)
मर्नु नै पऱ्यो क्रूसमा उनी पाप सबैको धुनलाई
क्रूसको पीडा संसारको घृणा येशूले सहिदिए
पापीको खोटमा कोर्राको चोटमा बलि नै भइदिए (२)

२. त्यागेथे प्राण पहिरेर मुकुट शिरमा काँडाको (२)
कसरी चुकाऔं प्रभुको ऋण कलवरी त्यो डाँडाको
क्रूसको कथा क्रूसको व्यथा दोहोरिन नपाओस्
पापीका लागि धर्मीजन मर्ने दिन फेरि नआओस् (२)

## ६१०

**स्केल B, ताल $^{4}/_{4}$**

**कोः मैले बाँच्नुपर्ने पलहरू, मैले हाँस्नुपर्ने क्षणहरू (२)**
**येशू समर्पण छ तिम्रै चरणमा (यसैले म हाँसिदिन्छु**
**म बाँचिदिन्छु) २ (येशू तपाईंकै अङ्गालोमा) २**

१. अमर होइन यो जीवन, मर्नु नै छ एक दिन (२)
तर बाँच्ने रहरहरू धेरै नै छन् (२)
यसैले म हाँसिदिन्छु म बाँचिदिन्छु (२)
येशू तपाईंकै अङ्गालोमा (२) (ला ला ला ला ला ला ला) २
ला ला ला ला ला ला ला ला (२)

२. संघर्ष हो यो जीवन, आँसु र रोदनसँग (२)

तर ख्रीष्टमा पाउँछौ निश्चय नै विजय (२)
यसैले म हाँसिदिन्छु म बाँचिदिन्छु (२) (येशू तपाईंकै अङ्गालोमा) २

## ६११

**स्केल A, ताल C**

**कोः कहाँसम्म जाने यात्री हो, मुक्तिको बाटो खोजेर (२) दुइ बाटो बनिएको छ (२)**
**एकटा बाटो फराकिलो छ, बालामसम्म पुग्ने अर्को बाटो यस्तो पनि छ,**
**ख्रीष्ट येशूमा पुग्ने (कहाँ जाने हो कता जाने हो निर्णय गर) २**

१. मृत्युको डरले आजीवन भरी दासत्वमा फँसेकाहरूलाई
डाँडाकाँडा देउराली भन्ज्याङ्ग वर पिपलमा अल्झेकाहरूलाई
आकाश छिचोलेर जाने येशूले (२) छुटकारा तिमीलाई दिनेछन् ।

२. विरहमा जल्ने मानवलाई हरपल सताउने गर्दछ
धरतीलोकमा विन्ती सुन्ने एक उद्धारकर्ता छ
स्वर्गीयलोकमा उनको राज्य छ (२) येशूमा मात्र प्रवेश छ ।

## ६१२

**स्केल A, ताल 3/4**

**कोः येशू तिम्रो धार्मिकताको वस्त्र पहिऱ्याऊ मलाई (२)**
**नाङ्गिएझैं लाग्यो संसारमा तिम्रो प्रेम विना**

१. काँडैकाँडा र चोटहरू आफैले बुनेका पिरहरू (२)
यस्तै यस्तै मनका कुराहरूमा म आफै फँसेको छु
तिम्रो शिरको काँडा र चोटहरूको बलिदान भुलेको छु
येशू मेरो पश्चात्तापी हृदय लिनुहोस्, धुनुहोस् फेरि मलाई
पवित तिम्रो रगतले ।

२. जिन्दगीका उकालीहरू मनका हजारौं धोकोहरू (२)
जहाँसम्म डुबैं दलदलहरूमा निस्सासिलो जिन्दगी भोगैं
तिम्रो न्यानो प्रेम र बोलावटहरूलाई जानी जानी त्यागिरहें
येशू तिम्रो सत्यताको आभास देऊ मलाई
भत्काई फेरि मलाई मनपर्दो भाँडो बनाउ मलाई ।

## ६१३

**स्केल C, ताल 3/4**

**कोः लौ हेर पूर्व क्षितिज चम्किलो तारा चम्क्यो,**
**जन्मे मुक्तिदाता येशू बेथलेहेम शहरमा (२)**

१. थर्थरी काम्ने गोठालाबीच स्वर्गदूत पहिले गए,
प्रशंसा गर्दै येशू जन्मेको खबर तिनलाई दिए (२)
गोठालाहरू हर्षले भरे दौडिए गोठैमा
लौ हेर सानो डुँडमा येशू देखेर रमाए (२)

२. ज्योतिषीहरू पूर्वबाट खोज्दै तारालाई पछ्याए,
यहूदीको राजा जन्मेको कहाँ सोध्दै पछ्याए (२)
हेर त्यो तारा पूर्वमा देखिने अडियो गोठैमा

गोठैमा देखे मरियमको साथ बालक येशूलाई (२)
लौ हेर इम्मानुएल ईश्वर हामीसित
रमाऔं आज खुशीले गाऔं मुक्ति छ हामीसित (२)

## ६१४

**स्केल C, ताल $^6/_8$**

**कोः बिदाइको दिनैमा बिछोडको बेला (फुट्दछ मनको थैला हो नयनबाट) २**

१. कहाँको तिमी कहाँको हामी भेट भयो हाम्रो यसरी (२)
सँगै हिँड्यौं सँगै खेल्यौं दुःखहरूमा साथ दियौ,
सुखहरू बाँडिदियौ (२) (ख्रीष्ट येशूको न्यानो अङ्गालोमा) २

२. यस्तै रहेछ याहाँको चलन मिलनमा हाँसो विछोडमा आँसु (२)
बिदाइको दिनैमा विछोडको बेला (फूट्दछ मनको थैला हो नयनबाट) २

## ६१५

**स्केल D, ताल $^4/_4$**

**कोः कस्तो अनमोल बलिदान दियौ मानव जातिलाई (२)**
**चाहन्छु म प्रभु तिमीलाई नै (२)**

१. नयाँ आशा नयाँ उमंग नयाँ किरण, पाएँ मैले (२) येशू तिम्रो हात समाई,
नयाँ जीवन पाएँ मैले (अब छाड्नेछैन तिम्रो हात अब त्याग्नेछैन तिम्रो साथ) २

२. मेरो दुःखमा दुःखी बनी दुःख सबै उठाउनुभयो (२) मेरो निम्ति दोषी बनी
दोषबाट छुटाउनुभो (अब छाड्ने छैन तिम्रो हात अब त्याग्नेछैन तिम्रो साथ) २

## ६१६

**स्केल B, ताल $^6/_8$**

**कोः बर्षाउ प्रभु बर्षाउ (२), (आज आशिष्को झरी) २**
**यी दुइको जीवनभरि (२)**

१. तृष्णा देऊ दुइ आत्मालाई, बन्धन देऊ नछुटिने जीवनलाई
दियो बलिरहोस् विश्वासको २

२. अन्धकार घाँटी हिँड्नु परे नि, फुल्दा फुल्दै मुर्झाई झरे पनि
अमर रहिरहोस् प्रेम २

## ६१७

**स्केल E, ताल $^4/_4$**

**कोः हार मेरो स्वीकारेर तिमीलाई अर्पन्छु**
**लेऊ प्रभु जीवन मेरो तिमीलाई सुम्पन्छु (२)**

१. आफ्नो जीवन दिई हेर्दा कष्टहरू भार भए
चारैतिर अँध्यारो ती बाटोहरू भए (२)
सुन्छु तिम्रो छेउ हुँदा शान्तिको वास छ
अशान्तिले थिच्यो प्रभु देऊ वास तिम्रो छेउ ।

२. जुनै पाइला अघि सार्छु उति बिज्ने काँडाहरू
चारैतिर अप्ठयारो ती बाटोहरू भए (२)

सुन्छु तिम्रो विजय गाथा अपेक्षा गरौंन
मनको पिरले थित्यो प्रभु अङ्गालोमा लेउ मलाई ।

## ६१८

**स्केल D, ताल $^4/_4$**

**कोः तिमी प्रेम पाउनको निम्ति जन्मेका मानिस**
**तिम्रो जीवनमा त्यो प्रेम पाइरहेका छौ (२)**

१. आदिबाट भएको परमेश्वरको प्रेम
तिमीले चिनेर फल फलाएको
तिमी यो संसारमा बाँचिरहेर
अनन्त जीवनमा प्रवेश गरेका छौ ।
तिमी प्रेम पाउनको निम्ति जन्मेका मानिस (२)

२. येशू आउनुहोस मेरो कमजोर हृदयमा
येशू छुनुहोस् मेरो कमजोर हृदयमा
स्तुति म गर्छु, तपाईंको प्रशंसा गर्छु तपाईंको,
हे येशू आउनुहोस्, हे येशू छुनुहोस् (२)

३. येशू म मेरो हृदयको ढोका, (खोलिदिँदछु)३
आएर तपाईं मेरो नजीक (२) (मसँग भोज खानुहोस्) २

## ६१९

**स्केल F, ताल $^4/_4$**

**कोः प्रभुले मलाई बचाउनुभयो संसारको हरेक मार्गहरूमा**
**उनैले मलाई देखाउनुभो जीवनको बाटो (२)**

१. तिमी नै मेरो सृष्टिकर्ता, तिमी नै मेरो उद्धारकर्ता
उहाँको अनुग्रहद्वारा सबै (२) (बाँच्छौं हामी सधैं) २

२. जवानी जीवनमा धेरै वाधा आउँछ तर हरेस नआऊ तिमी (२)
जीवनको प्रत्येक पाइलाहरूमा (२) (डोऱ्याउँछन् सदा उनैले) २

## ६२०

**स्केल A, ताल $^4/_4$**

**कोः हे मेरो आत्मा प्रशंसा गर, उहाँको नाउँलाई उचालेर हृदयका**
**मेरा चोटहरू निको तुल्याउने छन् उनै येशू (२)**
**होशन्ना मारानाथा उचाल्छु तिम्रो नाउँ**
**होशन्ना मारानाथा पुकार्छु तिम्रो नाउँ**

१. पखेटा फैलाई समेटे मलाई न्यानो अङ्गालोमा शान्त गराए
हृदयका हलचल एकै स्पर्शमा (२) होशन्ना मारानाथा धन्य हुन्
तिम्रो कृपा होशन्ना मारानाथा धन्य हुन् तिम्रो दया

२. बोझले लादिएको मेरो जीवनलाई क्रूसमा विश्राम दिए
छाडिसकेको मेरो देहलाई पुनर्जीवित पारे (२) होशन्ना मारानाथा धन्य हुन्
तिम्रो कृपा होशन्ना मारानाथा धन्य हुन् तिम्रो दया ।

## ६२१
स्केल G, ताल $^4/_4$

**कोः म आएर ढोकामा ढकढकाइरहेछु, म आएर तिमीलाई बोलाइरहेछु (२)**
**मा हुँ येशू भित्र आउन चाहन्छु, म हुँ येशू ढोका खोलेको चाहन्छु ।**

१. आउ बसेर हामी छलफल गरौं
तिम्रो मेरो सम्बन्धलाई अझ गहिरो गराऔँ
आउ बसेर हामी सङ्गति गरौं
तिम्रो मेरो सम्बन्धलाई अझ स्थिर बनाऔँ
म हुँ येशू तिमीलाई प्रेम गर्छु
म हुँ येशू ढोका खोलेको चाहन्छु
तिमीलाई बसी तिम्रो नजीक आई भोज खान म चाहन्छु (२)

२. कति हुन्छौ व्यस्ततामा मेरो स्वरलाई सुन
व्यस्ततामा रहँदा रहँदै मलाई नभुल (२)
म हुँ येशू पहिलो प्रेम चाहन्छु (२)
तिमीसँग बसी तिम्रो नजीक रही भोज खान म चाहन्छु (२)

## ६२२
स्केल D, ताल C

**कोः सम्हाल्नुहोस् मलाई लड्नबाट, बाँधी राख्नुहोस् अङ्गालोमा ढाक्नुहोस् मलाई**
**तपाईंको अनुग्रहले, डुबाई राख्नुहोस् मलाई तपाईंको रगतमा ।**

१. सम्हाल्नुहोस् मलाई गिर्नबाट, थामी राख्नुहोस् हत्केलामा ढाक्नुहोस् मलाई
तपाईंको महिमाले डुबाई राख्नुहोस् मलाई तपाईंको करुणामा (२)

२. जिउन चाहन्छु म विजय जीवन, हारको जीवन त्यागेर हिँड्न चाहन्छु म
जीवनको बाटोमा, तपाईंको पाइलामा टेकेर (२)

## ६२३
स्केल E (F), ताल C

**कोः परमप्रभु मेरो गोठालो हुन् (२) मलाई केहीको (२) खाँचो छैन २**

१. उहाँले मेरो पाइलाहरूलाई चिप्लन दिनुहुन्न (२)
सुखचैनको पानी छेउ डोऱ्याउनु हुन्छ (२)

२. उहाँले मेरो शिरलाई तेलले अभिषेक गर्नुहुन्छ (२)
मेरो कचौरा भरिएर पोखिदँछ (२)

## ६२४
स्केल Bm, ताल C

१. तपाईको पखेटाका छायामुनि मलाई लुकाउनुहोस्
र आँखाका नानीलाई झैँ मलाई सधैँ रक्षा गर्नुहोस्
अनि म धार्मिकतामा तपाईंको मुख हेर्नेछु
र तपाईंको रुपको दर्शनले सन्तुष्ट हुनेछु र रमाउनेछु ।

**कोः माथि माथि माथि माथि माथि चील झैँ म उड्नेछु (४)**

२. तपाईंको पखेटाका छायामुनि मलाई लुकाउनुहोस्

र आँखाका नानीलाई झैँ मलाई सधैँ रक्षा गर्नुहोस्
अनि म धार्मिकतामा तपाईंको मुख हेर्नेछु
र तपाईंको रुपको दर्शनले सन्तुष्ट हुनेछु र रमाउनेछु ।

## ६२५

**स्केल Gm, ताल ¢**

**कोः प्रभु येशूको सुसन्देश सुनिलेऊ आज नै सबैले**
**जीवन यहाँ छोटो छ है, विचार सबैले येशू नै स्वर्गको बाटो हो ।**
**येशू नै संसारको ज्योति हुन्, पापीको पापलाई क्षमा गर्ने**
**येशू नै साँचो प्रभु हुन्, प्रभु हुन् ।**

१. येशूमा आउ सबै जना मुक्ति उद्धार पाउनलाई
नगर अबेर कसैले पनि स्वर्गीय शान्ति पाउनलाई,
घाम छाया जस्तै जीवन हाम्रो मरेर लानु के छ र ? (२)

२. हाम्रो पापको निम्ति येशू क्रूसैमा  मर्नुभो सत्य बाटो देखाउनलाई
फर्केर आउ आजै ख्रीष्टमा अनन्त जीवन पाउनलाई
येशू विनाको जीवनमा बाँच्नुको मूल्य के छ र ? (२)

## ६२६

**स्केल E**

**कोः येशू विना हो...ओ...ओ... (२) (पूर्ण रहन्न हाम्रो जीवन हो...ओ...) (२)**

१. वचनले प्यास मेट्न, कति आए कति गए प्रेम दिई प्यास मेट्न,
येशू मात्र धर्तीमा आए (२) येशू विना हो...ओ...ओ... (२)
प्यास मेटिन्न जीवनको, हो...ओ... (२)

२. दुखियालाई आँसु पुछ्न, कति आए कति गए थाकेकालाई विश्राम दिन,
येशू मात्र धर्तीमा आए (२) येशू विना हो...ओ...ओ... (२)
थकाई मेटिन्न जीवनको, हो...ओ... (२)

## ६२७

**स्केल F, ताल $^6/_8$**

**कोः अचम्मको प्रेम गर्नुभो, परमेश्वरले हामीलाई एकलो पुत्र समेत दिनुभो,**
**बचाउन भनी सबैलाई (२)**

१. क्रूसमा चढी रगत बगाई, प्रमाणित गर्नुभो आफ्नो प्रेम एउटालाई दिई,
सारा बचाउन गर्नुभो, यस्तो अचम्मको प्रेम ।

२. मृत्युलाई जिती बौरिउठे येशू, परमेश्वरको महिमा देखाउन चालीस दिन
पछि सबै आज्ञा दिई, गएँ स्वर्ग भन्दै फेरि आउँछु लिन ।

३. अनुग्रहको समय यही हो, नगुमाऊ यो मौका प्रिय हो अपनाऊ येशूलाई मित्र
हो, साँच्चै नै उहाँ आउने बेला भो ।

## ६२८

**स्केल A, ताल $^2/_4$**

कोः स्वागत हामी गर्दछौँ आजको यो दिनमा

प्रेमी प्रभु येशूको नाउँमा (२)
१. खुशीको दिन यो आनन्द गरौं (२), हे सबै युवा हो (२)
कदम बढ, अघि बढौं, छैन भोली भन्ने समय यो (२)
२. पूर्व मेची पश्चिम महाकाली (२) जानुछ ख्रीष्टको सन्देश बोकी (२)
पहाड, तराई, मधेस सबै ल्याउनु छ आज समय छँदै (२)

## ६२९ (Sing Them Over Again to Me) **स्केल G, ताल $^6/_8$**

१. हामी सधैं जाऔं येशूकहाँ वचन अचम्मका
हेरौं मिठास र सुन्दरता वचन अचम्मका
वचन आत्मा दिलाउने विश्वास सेवा बढाउने ।
**कोः सुन्दर वचन मीठो वचन अनन्त जीवनका वचन (२)**
२. येशू सबलाई दिन्छन् वचन अचम्मका
पापीलाई सबै बोलाउँदछन् वचन अचम्मका
सित्तैमा सुन्न पाउने स्वर्गीय घरमा निम्त्याउने ।
३. सुन्न हवस् सुसमाचार वचन अचम्मका
सबलाई सान्त्वना र उद्धार वचन अचम्मका
येशू ख्रीष्ट हामीभित्र पार्नुहवस् पवित्र ।

## ६३०

**स्केल G, ताल $^4/_4$**

**कोः एउटा आत्मा बाँच्दा यहाँ स्वर्गमा रमाहट हुन्छन् भने**
**एउटा आत्मा भड्कँदा पनि स्वर्गमा सबै नै शोकित हुन्छन् (२)**
**धिक्कार छ (३) (त्यो मानिसलाई जसद्वारा आत्मा भड्कन्छन्) २**
१. उसको घिच्रोमा जाँतोको माला पहिराइदिनु
कहिले ननिस्कने गरी समुद्रमा फालिदिनु
परमेश्वरको नियम तोडेर आफ्नो नियम चलाउनेहरू
सत्यको मण्डलीभित्र फूटको खेत गर्नेहरू
यस्ता मान्छे यस जगत्मा जन्मनु अभिषाप भयो
मण्डलीलाई पाप भयो ।
२. परमेश्वरको मनको चाह सबैले मुक्ति पाउन्
योजना उनको हामीलाई स्वर्गमा सँगै रहून्
रगतको मूल्य चुकाई बचाइएका उनका जन
भड्कीएर जान्छ भने दुःखित हुन्छ ख्रीष्टको मन
जुन मानिसले काम बिगार्छ श्राप उसलाई पर्दछ
तड्पि तड्पि मर्दछ ।

## ६३१

**स्केल F, ताल $^2/_4$**

**कोः एउटा नामको उच्चारण गऱ्यो यो ओठले**
**यो धर्तीमा थाहा भो स्वर्ग के हो (२)**

१. चारैतिर बगी हिँड्ने यो हावा जस्तै हल्का भयो चित्त मेरो
आकाशबाटै उडी जाने यो चरीले चुडी लग्यो चित्त मेरो (२)
कुन बोली बोलेर कुन भाका खोलेर बताउँ मनमा के भइरहेछ ।
एकलो उदास यो मन हेर नाच्यो यस नामले उद्धार भयो पापीको आज येशू नामले ।
२. प्रशंसाका ध्वनीहरूले उचालौँ हृदय स्तुतिका धुनहरूले,
गुञ्जिएको धर्तीको गाना आकाशमाथि उठेर बनोस् सुवासना (२)
यो छोटो जीवनको छोटो गोरेटोमा जीवित परमेश्वरको गरौँ आराधना ।

## ६३२

**स्केल A, ताल C**

१. येशू तपाईंलाई महिमा, महिमा, महिमा (२)
तपाईंको स्नेहले प्रेम गर्न मलाई (२) (बाध्य पाऱ्यो) २
२. येशू तपाईंलाई प्रशंसा, प्रशंसा, प्रशंसा (२)
तपाईंको स्नेहले प्रेम गर्न मलाई (२), (बाध्य पाऱ्यो) २
३. येशू तपाईंलाई धन्यवाद, धन्यवाद, धन्यवाद (२)
तपाईंको स्नेहले प्रेम गर्न मलाई (२), (बाध्य पाऱ्यो) २
४. येशू तपाईंलाई जयजयकार, जयजयकार, जयजयकार (२)
तपाईंको स्नेहले प्रेम गर्न मलाई (२), (बाध्य पाऱ्यो) २

## ६३३

**स्केल E, ताल $^6/_8$**

**कोः बेथलेहेम गावैँमा दाऊदको शहरैमा (२)**
**जन्मिए मुक्तिदाता तिम्रो हाम्रो लागि (२)**
१. मानिसको चोला बोकी आउनुभो धर्तीमा
पापलाई बोकी मर्नुभयो कलवरीको क्रूसैमा (२)
आफैलाई रित्याई आज बचाउनुभो तिमी हामीलाई (२)
२. मुक्ति दिने कोही छैन यो पापी संसारमा,
स्वर्ग लाने कोही छैन यो पापी जगतमा (२)
येशू जन्मे धर्तीमा स्वर्ग लान तिमी हामीलाई (२)

## ६३४

**स्केल G (A), ताल C**

१. धन्यवादको उपहार देऊ, प्रशंसाको उपहार देऊ
आराधनाको उपहार देऊ, ख्रीष्टको जन्म दिनमा
आफ्नो जीवन उपहार देऊ ।
**कोः परमधाममा परमेश्वरलाई प्रशंसा होस्**
**परमेश्वरका मानिसहरूमा शालोम शालोम**
२. विश्वासको उपहार देऊ, आशाको उपहार देऊ । (२)
प्रेमको उपहार देऊ, ख्रीष्टको जन्म दिनमा
आफ्नो परिवार उपहार देऊ ।
३. आनन्दको उपहार देऊ, भलाईको उपहार देऊ (२)

शान्तिको उपहार देऊ, खीष्टको जन्म दिनमा
आफ्नो जाति उपहार देऊ ।
धन्यवादको उपहार ... ।

## ६३५

स्केल D, ताल $^3/_4$

**कोः हे धर्मीगण हो परमप्रभुमा आनन्दसँग भजन गाओ (२)**
**सोझा मन भएकाहरूले उहाँको स्तुति गर्न सुहाउँदो छ ।**
**हे धर्मीगण हो ।**

१. वीणा बजाउँदै परमप्रभुको प्रशंसा गर (२)
दशतारे सारङ्ग बजाउँदै (२)
उहाँको स्तुति गाओ (२)

२. किनभने उहाँको वचन ठीक र सत्य छ (२)
र उहाँको सबै कामहरू (२)
विश्वस्ततामा हुन्छन् (२)

## ६३६

स्केल Dm, ताल $^4/_4$

**कोः यो येशू खीष्टको कथा हो (२) जीवन दिनेको कथा हो ।**
**बोझले लादिएकालाई, बाटो बिराएकालाई, गन्तव्य विहीनको कथा हो (२)**

१. जन्म लिए उनले कन्याको कोखमा,
अनौठो व्यथा थियो गाईको गोठमा (२)
इतिहासको दुइ पाना लेखियो त्यो रातमा,
सूर्य उदायो चम्किलो हेर (एउटा नयाँ विश्वासमा) २

२. पापलाई घृणा पापीलाई माया,
पश्चात्तापी हृदयलाई दिन्छन् है छाया (२)
मृत्यु विजय येशूलाई हेर त्यो क्रूसमा,
मानिसका लागि बलिदान भए (धर्तीको माझमा) २

## ६३७

स्केल Gm, ताल $^3/_4$

**कोः मीठो सपना लिएर, नवीन आशा बोकेर (२)**
**मुक्तिदाता प्रभु येशूको शुभसन्देश लिएर**
**म बाँचिरहेछु म हाँसिरहेछु (२)**

१. म बाँड्न चाहन्छु यी खुशीहरू जो मैले येशूबाट पाएको छु (२)
म भन्न चाहन्छु यी संसारलाई येशूकै मायामा बाँचेको छु ।

२. देखाउन सकूँ म यी स्वरुपलाई प्रतिबिम्ब बनाई म आफैलाई (२)
हेर्न सकून् जगतले आज मेरो जीवनमा खीष्ट येशूलाई ।

## ६३८

स्केल D, ताल $^3/_4$

**कोः जब म मरेपछि मेरो लासमा आई रमाइदिनू (२)**
**हिजोको त्यो मायालाई सम्झी प्रभुको भनेर पुकारिदिनु (२)**
१. हजारौँ फूलले ढाकिएको हुन्छ (यो मेरो लासलाई) २
त्यो फूलको वास्नामा सुतेको हुन्छु फेरि नजगाऊ मलाई (२)
२. सेतो कफनले बेरिएको हुन्छ (यो मेरो लासलाई) २
मुर्दा शरीरमा सुतेको हुन्छु कफन हेरेर चिन्नू मलाई (२)

## ६३९

**स्केल E, ताल 3/4**

**कोः म एक्लो छु येशू साथ देऊ मलाई प्रभु**
**मेरो एकान्तमा साथ तिम्रो पाउन सकूँ (२)**
१. रोइरहेँ थिएँ यो एकलो जीवनमा
अब हाँस्न चाहन्छु तिमीमा २
मर्दै गरेको यो जीवनदेखि अब बाँच्न चाहन्छु तिमीमा
सहारा तिम्रो पाएर म त खुशी छु प्रभु (२)
२. म त डुब्दै गरेको एउटा नाउ
साथ तिम्रो पाऊँ येशू २
जीवनको यो भूँमरीमा कसरी म पार पाऊँ येशू
तिमी छौ यो जीवनमा तिमी विना कहाँ जाऔँ येशू (२)

## ६४०

**स्केल D, ताल C**

**कोः सम्झेर त्यो दिन आज मेरो, परेली भिजेको छ (२)**
**प्रभु येशूलाई रोपेको भाला, मुटुमा बिजेको छ (२)**
१. कति दुःख भयो होला क्रूसको भारी बोक्दा कति पीडा भयो होला
हात पाउमा काँटी ठोक्दा (२)
हाँसी हाँसी प्रभुले प्राण त्याग्नुभो (म जस्तो पापीलाई जीवन दिनुभो) २
२. मानिसलाई माया गरी आफै धोका पाउनुभयो
तै पनि खुशी भई क्षमा पनि गर्नुभयो (२) साँच्ची नै प्रभु मायाकै खानी हुन्
हो (मजस्तो तुच्छलाई अङ्गालो हाल्नुभो) २

## ६४१

**स्केल Bm, ताल 6/8**

**कोः आँखाको एक निमेषमा, तुरहीको आखिर आवाजमा**
**बादलमा हामी उड्नेछौँ, येशूसँग हामी हुनेछौँ (२)**
१. खीष्टमा मरेकाहरू पहिले जिइउठ्नेछन्, त्यसपछि जिउँदाहरू
अविश्वासी र पापीहरू चाहिँ छोडिन्छन् पछुताउँदै (२)
२. पाँच बुद्धिमती कन्याहरूजस्तै, लिइ राखौँ फाल्तु तेल
कुन बेला आउँछन् तिम्रा दुलहा, नसुत धेरै बेर (२)
३. ढिलाउने छैनन् तिम्रा प्रभुले भनेका छन् चाँडै आउँछु

मृत्युसम्म नै विश्वासी होऊ, म तिमीलाई लैजान्छु (२)

## ६४२

**स्केल Fm, ताल 6/8**

**कोः खेतालाहरू धन काट्न जाउँ खेतको धान पाकिसक्यो (२)**

१. दुर्वलहरूलाई जितौं उनैको साथी बनिदिएँ (२)
कसैकसैलाई बचाउँ भनी उनैको निम्ति यस्तै बनी (२)

२. दुःखीहरूलाई हँसाउ भनी क्रूसको आनन्द बाँडी दिएँ (२)
पिरमा परेकालाई सम्झाऊ भनी ख्रीष्टको सन्देश सुनाइदिएँ (२)

## ६४३

**स्केल G, ताल 6/8**

**कोः प्रशंसा गरौ है येशू राजाको एउटा नयाँ गीत गाएर**
**आदर गरौं है येशू राजाको स्वच्छ अनि सिद्ध मनले**

१. स्वर्गलाई त्यागी धर्तीमै आए बचाउन हामीलाई,
थुकाइ र कुटाइ चोट है सही क्रूसैमा मरे नि (२)

२. मानिसलाई मुक्ति दिनलाई येशू है मरे नि,
स्वर्गको साँचो मुक्तिको बाटो येशू हुन् बुझ लौ (२)

## ६४४

**स्केल D (E), ताल C**

**कोः लौ दाजु सुनन, लौ बहिनी सुनन (२) येशूको बचन सुनाउँछु बुझन,**
**सत्यको वचन सुनाउँछु बुझन (२)**

१. यो संसार यस्तै छ पापैले भरेको हा...आ... (२)
दुइ दिने जीवनमा जञ्जालले घेरेको दुःखमा पनि सहारा दिने येशू प्रभु नै हुन्
आँखाको आँसु पुछिदिने (ईश्वरको पुत्र हुन्) २

२. यो हाम्रो जीवनमा दुःखहरू धेरै छ हा...आ... (२)
कष्ट र पीडाले आँसु नै छल्किन्छ कष्टमा पनि सहारा दिने येशू प्रभु नै हुन्
अधर्म अनि पापदेखि (छुटाउने उनै हुन्) २

## ६४५

**स्केल Gm, ताल C**

**कोः साँचो शान्ति खोज्नेहरू आँसु पिउँदै बाँचिरहेछन्**
**सुख विलास रोज्नेहरू (येशू विना मरिरहेछन्) २**

१. अस्तव्यस्त संसारलाई नियालेर हेर्दा मान्छेको मुल्य केही पनि छैन (२)
बाटो सत्य र जीवन यहाँ (२) (येशू बाहेक अरु कोही पनि छैन) २
साँचो ईश्वर खोज्नेहरू निराश बनी रोइरहेछन्
सुख विलास रोज्नेहरू (येशू विना मरिरहेछन्) २

२. संसारको घटनाले यही संकेत दिन्छ, येशूको आगमन चाँडै नै हुँदैछ (२)
बाइबलको वचनले सत्य सत्य भन्छ (२),येशू राजा फेरि आउनुहुँदैछ (२)
उद्धार मुक्ति खोज्नेहरू विवश बनी बाँचिरहेछन्

सुख विलास रोज्नेहरू (येशू विना मरिरहेछन्) २

## ६४६

**स्केल G, ताल $^6/_8$**

**कोः पुग्नेछौँ हामी विश्वासी अँध्यारो बस्तीहरूमा**
**पुग्नेछौँ हामी विश्वासी (पहाड कन्दराहरूमा) २**

१. शत्रुलाई पनि प्रेम गर सानो कहिल्यै हुँदैनौ
प्रभुले पनि गरेनन् हेला कुनै पापीलाई (२)
यही महान् वाणी प्रभुको (२) लिएर आज हामी त्यहाँ पुगौँ ।

२. संसारले घृणा, निन्दा गरेपनि हामी सधैँ रमाऊँ
जीवनमा जति दुःख भए नि सहेर अघि बढौँ (२)
यही महान् वाणी प्रभुको (२) लिएर आज हामी त्यहाँ पुगौँ ।

## ६४७

**स्केल E(F), ताल $^2/_4$**

**कोः शून्य शून्य तिम्रो जीवन (२) (ख्रीष्ट विना अशान्ति मन) २**

१. धेरै कमायौ धन मान यहाँ तर पाएनौ चैन मनमा (२)
सवथोक पाएर पनि यहाँ लाग्छ केही हराए झैँ मनमा
त्यो त शान्ति आनन्द रहेछ पाइँदैन ख्रीष्ट येशू विना

२. तिम्रो फिक्का निःरस जीवनमा येशू चाहन्छन् रंगरस भर्न (२)
आनन्द शान्तिको रंगरस भरी बनाइदिन्छन् जीवन हरियाली
यी सब पाउन अपनाउँ ख्रीष्टलाई सित्तैमा दिन्छन् ख्रीष्टले तिमीलाई ।

## ६४८

**स्केल G, ताल $^6/_8$**

**कोः अनौठो यो संसारमा ख्रीष्ट येशूलाई पाएँ मैले (२)**
**छोटो जीवनको गोरेटोमा (२)**

१. अघिअघि येशू हिँडे, पछिपछि म हिँड्न लागेँ (२)
जीवनको गोरेटोमा ख्रीष्टले मलाई अंगालेर (२)

२. क्षितिजमाथि आकाशमा उड्छ मन बेगमारी (२)
मुक्तिदाता पाएँ मैले यो मन दिएँ भेटी सरी (२)

३. आशा मिल्यो ख्रीष्ट येशूमा रम्न थाल्यो मन मेरो (२)
सत्य वचन अंगालेर हिँड्न लागेँ ख्रीष्टको बाटो (२)

## ६४९

**स्केल Dm, ताल $^6/_8$**

**कोः साँघुरो बाटो हिँड्ने छौं, तिम्रै क्रूस अँगाल्नेछौँ (२)**
**(तिम्रो पाइला पछ्याउँदै) २, (सारा कष्ट सहन्छौँ) ३**

१. गहभरि आँसु भए पनि, हजारौं बाधा आए पनि (२)
तिम्रै प्रेममा रमाउँछौँ (३)

२. तिम्रो वचनको भोक लिएर, तिम्रै मायाको तृष्णा बोकेर (२)

संसारमा जिउँनेछौँ (३)

## ६५०

**स्केल E, ताल $^4/_4$**

१. हामीले बोलेका बादलका मायाहरू हाम्रा रंगीन शीतका सपनाहरू (२)
चुडिन सक्छ भत्कन सक्छ
तर खीष्टको प्रेम जो छ सदा बगिरहन्छ
प्रेम (३) (सदा बगिरहन्छ) २

२. मानव मर्दछ इज्जत छुट्दछ जिन्दगीको अर्थ नै हराएपछि (२)
धन हराउँदछ, दौलत कुहुन्छ, प्रेमको अस्तित्व गुमाएपछि (२)
तर खीष्टको प्रेम जो छ सदा बगिरहन्छ
प्रेम (३) (सदा बगिरहन्छ) २

३. आशा मर्दछ हर्ष उड्दछ प्रीतिको फूल ओइलिएपछि (२)
सपना टुट्दछ, कप्लना फूट्दछ जिन्दगीको डोरोमा हराएपछि (२)
तर खीष्टको प्रेम जो छ सदा बगिरहन्छ
प्रेम (३) (सदा बगिरहन्छ) २

## ६५१

**स्केल Em, ताल C**

**कोः मादलको तालमा नम्रताको चालमा मीठो आवाजमा भक्तिको साथमा**
**रमाऔँ येशूको उपस्थितिमा (२)**

१. कुहुकुहु कोइली करायो येशू आउने हल्ला गुन्जियो (२)
लालीगुराँस वनमा फक्रियो येशू आउने विश्वास जन्मियो सबैको मनमा
एउटै आशा छ, सबैको मनमा एउटै भरोसा छ (हाम्रो येशू आउनै लागेछन्) ३

२. वचन सबै पूरा हुँदैछ, चिन्हहरू देखा पर्दैछ (२)
गाउँ शहर प्रचार हुँदैछ, येशू आउने खबर पुग्दैछ सबैको मनमा एउटै आशा छ,
सबैको मनमा एउटै भरोसा छ (हाम्रो येशू आउनै लागेछन्) ३

## ६५२

**स्केल D, ताल $^3/_4$**

**कोः एकताको सुत्रमा बाँध्नुहोस् हामीलाई प्रेमको डोरीले (२)**
**नटुटोस् यो खीष्टीय प्रेम हामीमा जबसम्म खीष्टको आगमन हुन्न (२)**

१. एउटै परमेश्वरको सन्तान हौँ हामी, एउटै खीष्टको रगतले किनिएका हामी (२)
एउटै नाउँमा बप्तिस्मा लिएका, (बाँध्नुहोस् हामीलाई प्रेमको डोरीले) २

२. स्वर्गीय राज्यको सन्तान हौँ हामी, क्रूसको झण्डा संसारमा फैलाउँदै (२)
उच्च पार्ने महिमित नाउँ येशूको, (बाँध्नुहोस् हामीलाई प्रेमको डोरीले) २

## ६५३

**स्केल F, ताल $^4/_4$**

**कोः येशू निश्चय आउनेछन् विश्वासी उठाइनेछन् (बादलमा) २**
**चाँडै आउनेछन् ।**

१. देख्नेछन् सबैले स्वर्गमा, सवारी भई आउने राजालाई (२)

स्वर्गदूतको साथमा तुरहीको आवाजमा (२), लिन आफ्नो प्रेमी दुलहीलाई ।
२. पहिरिनु छ वस्त्र धार्मिकताको पवित्रताले सुशोभित भएर (२)
तन, मन, धन सब लगाई धर्मकर्मको पथमा (२) बहुमूल्य भेटी आत्माहरूको ।

## ६५४

**स्केल D, ताल C**

**कोः जब म प्रभुको भएर जिउन थालेँ,**
**मैले निराशामा शान्ति पाएँ ।**

१. जीवनका धेरै यात्राहरू आफ्नै इच्छामा हिँडिरहेँ (२)
मैले हार सम्झेँ, जीवनलाई, जीवनलाई ।
व्यर्थ थियो यो जीवन मेरो, प्रभु तिमीमा अर्थ पाएँ (२)
२. जीवनका बाँकी यात्राहरू प्रभुको इच्छामा जिउन पाएँ (२)
मैले जीत सम्झेँ जीवनलाई, जीवनलाई
लिनुहोस् प्रभु जीवन मेरो, प्रभु तिमी नै सहारा मेरो (२)

## ६५५

**स्केल G, ताल C**

**कोः फर्केर हेर क्रूसलाई प्रभुको प्रेम झल्किन्छ**
**क्रूसको मृत्यु सम्झेर ढुकढुकी मेरो अड्किन्छ (२)**

१. कलवरी पहाड थाँतिले क्रूसको काँटीले के भन्छ (२)
कोर्राको धेरै व्यथाले दुःखको सन्देश ले भन्छ (२)
२. दिनभरि घाममा तड्पिएर प्यासले व्याकूल भएर (२)
भालाको दर्द खपेर प्राण दिए रगत बहेर (२)
३. क्रूसको निर्दयी मृत्युमा आँसुको थोपा आँखामा (२)
फर्केर हेर्छन् हामीलाई पापदेखि छुटकारा दिनलाई (२)

## ६५६

**स्केल D, ताल $^3/_4$**

**कोः यो शान्त प्रहर हो, यो शान्त प्रहर हो (२)**
**धर्ती आकाश जगाइदिने (२) यो शान्त प्रहर हो (२)**

१. गुरासझैँ फक्रियोस् हाम्रो शुभ दिन
प्रभुको प्रार्थनामा बितोस् हाम्रो दिन
सारा धर्ती सिँगारीदिने शान्त प्रहर यो
सर्वव्यापी फैली हाँस्ने शान्त प्रहर यो (२)
२. अँकुराओस् नयाँ सोच नयाँ बिहानीमा
फुलिरहून् सुन्दर फूल मनको सिरानीमा
अचेतलाई हटाइदिने शान्त प्रहर यो
अन्धकारलाई च्यातिदिने शान्त प्रहर यो (२)

## ६५७

**स्केल Am, ताल $^3/_4$**

**कोः अनन्तको राज्यमा जानको लागि,**

**ईश्वरीय शक्ति पाउनको लागि भक्तिसाथ जीवन जिउनको लागि,**
**विश्वासमा विजय बन्नको लागि (प्रार्थनामा लागिरहौँ) ४**

१. शौतानले अवश्य बाधा नै ल्याउँछ, दुःख र कष्टको हुरी चलाउँछ (२)
कमजोर विश्वासको मुटु हल्लाउँछ, (त्यसैले म भन्छु, प्रार्थनामा लागिरहौँ) २

२. गर्जने सिंहझैँ तर्साउन आउँछ, घमण्ड र स्वार्थ मनमा ल्याइदिन्छ (२)
विश्वासको जीवनमा शंका ल्याइदिन्छ (त्यसैले म भन्छु, प्रार्थनामा लागिरहौँ) २

३. लोभ र लालचमा फँसाइ छोड्छ, संसारको पापमा डुबाइदिन्छ (२)
विश्वासबाट पछि हटाउँछ, (त्यसैले म भन्छु, प्रार्थनामा लागिरहौँ) २

## ६५८

**स्केल G, ताल 4/4**

**कोः प्रभुजी क्षमा देऊ म जस्तो पापीलाई**
**धेरै रुवाएँ, धेरै रुवाएँ तिमीलाई मेरो जीवनमा (२)**

१. पश्चात्तापी जीवन लिएर आउँदैछु तिमी कहाँ (२)
कति धोका दिएँ मैले आफ्नै स्वार्थलाई अङ्गाली
अपराधी छु, म यसैले तिम्रो प्रेम पाउने योग्य कहाँ
म छुद्र पापीलाई क्षमा देऊ (२) आफ्नै बनाउनोस् मलाई ।

२. जीवनको हरेक कदममा, चाहन्छु तिमीलाई (२)
सहारा देऊ प्रभु जीवनको दुर्गम गोरेटोमा सम्हालीदेऊ
मेरो जीवन तिम्रो कोमल अङ्गालोमा
दिनेछु प्रभु यो जीवन (२), अर्पन्छु तिमीलाई ।

## ६५९

**स्केल G, ताल 3/4**

**कोः टाढा नजाऊ प्रभुमा आऊ दुःखी नबन सधैँ रमाऊ**
**तन होइन आत्मा बचाउ मन भरिका यी भ्रम हटाऊ (२)**

१. माटोको तन यो माटोमै मिल्छ यहाँ रोपेको आत्मा स्वर्गमा पुग्छ (२)
भाँचिएको विश्वासलाई जोडी हेर जिउनलाई लायक हुन्छ (२)

२. उकाली ओराली यात्रामा हुन्छ, चढ्दै जाऔँ उकालो कलवरी पुग्छ (२)
हराएको जीवनलाई खोजी हेर अनन्त हात लाग्छ (२)

## ६६०

**स्केल Em, ताल 3/4**

**कोः डोऱ्याउनुहोस् प्रभु मलाई समाती मेरो हातमा**
**वात्सल्य प्रेम दिँदै (राख्नुहोस् आफ्नो साथमा) २**

१. निराश भएका क्षणहरूमा विचलित भई मात्तिने म मान्छे (२)
बलेको बत्ती झैँ भएको यो जीवन (२) फुकी मार्न खोज्ने त्यही हुँ म मान्छे

२. बाँचिरहेछु तिम्रो दयामा अनुग्रहको भारी पाएको म मान्छे (२)
तिम्रै कृपाले म शुद्ध भएको (२) तिम्रै इच्छामा जिउँने म मान्छे ।

## ६६१
**स्केल C, ताल $^6/_8$**

**कोः प्रभु येशूमा विश्वास गरेर अघि बढौं बढौं (२)**
**हामीलाई अल्झाउने पापहरू त्यागी (दौड धीरजसँग दौडौं) २**

१. हामीलाई विश्वास दिने र पूरा गर्ने येशूलाई हेरौं (२)
हामी शिथिल (२) नहोऔं बरु धीरजी येशूबाट साहस लिऔं (२)

२. उहाँले दिने इनाम हल्का नसम्झी संकष्ट आउँदा हरेस नखाऔं (२)
सधैंभरि (२), उनमै रही जीवनभर आत्माको फल फलाऔं (२)

## ६६२
**स्केल G, ताल C**

**कोः ईश्वरको वचन पूरा गर्नलाई वचन देह भयो**
**बालक येशू सबका उद्धारक (जन्म गोठमा भो) २**

१. बालक ईश्वरका प्रिय पुत्र हुन्, नाउँ येशू उनको (२)
उद्धार गर्नलाई जन्मेका उनी ईश्वरका पुत्र हुन् ।

२. ईश्वरको पुत्र भएर पनि मानव रुप लिनुभो । (२)
आफैलाई रित्याई दिएको दान बालक येशू हुन् ।

## ६६३
**स्केल G, ताल C**

**कोः सोचेको जस्तो हुन्न है जीवन, बुझी राखे बेस होला**
**सधैं नै बाँच्ने होइन है जीवन, आखिर मृत्युकै फेला (२)**

१. कलवरीको डाँडामाथि, झुण्डाए येशू क्रूसमा (२)
दुःख कष्ट सहेर (अर्पण गरे क्रूसमा आफूलाई) २

२. जाने भए येशूसँग, विश्वास गर उहाँलाई (२)
आखिर मृत्युलाई जित्ने (एउटै उपाय येशू मात्र हुन्) २

## ६६४
**स्केल G, ताल C**

**कोः मान्छेको बस्ती भित्र तुवाँलोले ढाकेको छ**
**हटाई दिने कोही हुन्न, छोपी दिने मात्र हुन्छ (२)**

१. धेरै भने आफैलाई, थोरै भने अर्कालाई
राम्रो देखे माया लाउने, नराम्रोलाई थुकी दिने (२)
अर्कालाई कुल्चिएर ओ हो...
अर्कालाई कुल्चिएर, अघि बढ्ने कस्तो बानी
ठेस कहिले खाने हो, होस कहिले आउने हो (२)

२. बनाएको परमेश्वरले, सबलाई बराबरी
न त ठूलो न त सानो, न त धेरै न त थोरै (२)
आँखा भई देखे पनि ओ... हो...
आँखा भई देखे पनि, अन्धो हुन मन पराउने
ज्योतिदेखि टाढा भागी अँध्यारो अँगाल्न पुग्ने (२)

## ६६५

स्केल C, ताल C

**कोः दुइ हात जोडी विदा म भन्छु भेट्ने आशामा**
**प्रभुको साथ जीवन यात्रा बढ्दै नै जानुछ (२)**

१. यात्रा यो लामो लक्ष्य यो ठूलो, बिलाउने छैन म हराउने छैन म ।
मलाई बचाउने मेरो प्रभुलाई कहिले छोड्ने छैन म (२)

२. प्रार्थना गरी दिनु है सम्झना राखी दिनु है सङ्गति यो मीठो अरू कहाँ पाउँला
प्रभुको इच्छा भएछ भने फेरि फेरि भेटौँला (२)

## ६६६

स्केल Dm, ताल ¢

**कोः स्वागत छ कलवरीको फेदीमा**
**जीवन आफ्नो सर्वाङ्ग चढाउनेलाई (२)**

१. निराशतामा जिउने यौवनहरू विवशतामा रुने आत्माहरू (२)
वरदानको अमूल्य जीवनलाई अभिषापमा सिद्ध गर्नेहरू
जीवनको परिभाषा बुझिदिनलाई मौका छ आज नै तिम्रो जीवनलाई

२. थकित भएका जीवनहरू, आशा विहीनका यौवनहरू (२)
सुन्दर जीवन र उज्वल भविष्य, सबै हेर्न चाहने रहरहरू
पहिला तिम्रो जीवन सुम्पिदेउ प्रभुलाई, मौका छ आज नै तिम्रो जीवनलाई ।

## ६६७

स्केल G, ताल C

**कोः यो क्रिसमसको दिन, यो खुशीको दिन,**
**यो आशाको दिन हो, यो उत्सवको दिन,**
**यो जयध्वनि दिन मानव सबको लागि हो (२)**

१. मानव भई ईश्वर पुत्र आएको पक्कै हो,
सत्य बाटो मानवलाई देखाको साँच्चै हो,
बाँधेकोलाई फुकाउनलाई येशू आएको हो
तोडेकोलाई जोड्नलाई आएको प्रभु हो ।

२. अपार माया दिन प्रभु आएको समय यो
सबले सुनी हृदयमा राखिदेऊ प्रभुलाई
अनन्त जीवन दिन्छन्, तिमीलाई पाप क्षमा पाउनेछौ,
आफ्नो बनाउ उनको बन आनन्दित हुनेछौ ।

## ६६८

स्केल C, ताल C

**कोः सुम्पेको छु जीवन मैले येशूलाई भनेर,**
**अर्पेको छु सर्वाङ्ग मैले प्रभुलाई भनेर,**
**डोऱ्याउनुहोस् प्रभु मलाई तपाईंको बाटोमा (२)**

१. हराई रहेर संसारमा तपाईंलाई कति रुआएँ

मेरो पापको त्यो क्रूसमा प्रभु तपाईंलाई झुण्डयाएँ (२)
आफ्नो भन्ने मेरो प्रभु केही छैन, यो जीवन तपाईंको (२)

२. तपाईंको रगतले किनेको मेरो अमूल्य जीवनलाई
अर्पन्छु सर्वाङ्ग तपाईंमा जीवनको अन्तिम क्षणसम्मै (२)
जिउन चाहन्छु म मेरो जीवनभरि, तपाईंमै हाँसेर (२)

## ६६९

**स्केल Gm, ताल $^3/_4$**

**कोः मेरो प्रेमी प्रभुलाई आराधना चढाउँछु,**
**मेरो हृदयको राजालाई धन्यवाद चढाउँछु,**
**क्रूसको प्रेमको निम्ति अपार प्रेमको निम्ति (२)**

१. दास भएको थिएँ मेरै पापको यात्री भएको थिएँ,
अनन्त दण्ड नरकको (स्वतन्त्र गरायौ मलाई प्रेमले) २
निश्चयता दियौ मलाई महिमित स्वर्गमा पुग्ने (२)

२. बिर्सिसकेको थिएँ आफ्नै सृष्टिकर्तालाई गुमाइरहेको थिएँ,
दर्दनाक नरकमा आत्मालाई (बचायौ प्रभु मलाई प्रेमले) २
यसैले महिमा दिन्छु आत्मा, प्राण, शरीरले (२)

## ६७०

**स्केल Dm, ताल C**

**कोः आउँदैछु फर्केर, घुम्दा घुम्दै येशूकहाँ (२)**
**बाटो दोबाटोमा अल्मलिरहें म आफै नै हराइरहे २**

१. प्रेमको प्रतीकलाई खोजें प्रेम पाउन मैले (२)
म भौतारिरहें शान्तिको खोजीमा म हराइरहें
म डुली हिंडे लक्ष्य बाटो विना मुक्तिको बाटो आत्माको शान्ति
म खोजी रहें म लागि रहें

२. बितिरहे ती दिनहरू आशा निराशामा (२)
म खोजी रहें संसारमा मैले पाएँ स्वार्थी जीवनहरू
धोकै धोका झुठो संसारमा प्रभु तिमीले दियौ अनन्त जीवन
निःस्वार्थ प्रेम शान्ति आनन्द ।

## ६७१

**स्केल E, ताल C**

**कोः कुन बाटो हिड्दैछौ हिडेको किन (२)**
**येशू नै तयार छन् मुक्तिदान दिन (२)**

१. जीवन हाम्रो दुइ दिनको घाम छाया मात्रै हो (२)
येशूमा नै जीवन छ मानिस जातिको
येशू आए संसारमा स्वर्ग छोडेर
नाश नहोस् कोही पनि बाँचोस् भनेर (२)

२. नबिताउ जीवन हाम्रो व्यर्थै व्यर्थैमा (२)
मुक्ति लेऊ सित्तै प्रभु येशूमा
बितिजान्छ समय फर्की आउदैन
विश्वास गरे आत्मा हाम्रो मर्न पाउँदैन (२)

## ६७२

**स्केल G, ताल C**

**कोः हे सबै मेहनत गर्ने हो बोझले लादिएकाहरू (२)**
**आत्मिकी आँखालाई पापको बन्धनमा बाँधिएकाहरू (२)**

१. तिम्रो नयनलाई ज्योति दिन, संसारको ज्योति बनेर आए (२)
तिम्रो आत्मालाई मुक्ति दिन, मुक्तिदाता बनेर आए (२)

२. बाटो सत्य येशू नै हुन्, अनन्त मुक्ति उनी नै हुन् (२)
सत्य येशूमा दया क्षमा छन्, हामीलाई जीवन दिनेछन् (२)

## ६७३

**स्केल A, ताल $^3/_4$**

**कोः शुभकामना (३) दुलहा र दुलही दुवैलाई (हाम्रो छ शुभकामना) २**
**शुभकामना (३) दुलहा र दुलही दुवैलाई ।**

१. एकलै रहन मानिस हुँदैन भनी प्रभुले सोचेका
नर र नारी कति सुहाउँदो गरी उनैले सृजेका
आजका जोडी यी दुइलाई राख्छौं तपाईंको हातमा
अर्पन्छौं हामी भेट्नुहोस् प्रभु पवित्र नजरमा

२. दुःख र सुख जे जस्तो हुनेछ नछुट्दा शरीरमा
घमण्ड र इर्ष्या कहिल्यै नहोस् यो नयाँ परिवारमा
आशिष्को झरी होस् सधैंभरि दुवैको जीवनमा
पवित्र जीवन जिउन सकूँन् प्रभुको अधिनमा

## ६७४

**स्केल E, ताल $^2/_4$**

**कोः हेर्दा हेर्दै बिति गए दिन साल महिना**
**अन्तिम समय आइपुगेको थाहा छ कि छैन (२)**
**आउनेवाला राजा प्रभु खीष्टको जय,**
**जय जयहोस् सदा, जय जयहोस् सदा (२)**
**अन्तिम समय हो यो, अन्तिम समय हो यो (२)**

१. अल्मलाउने थोकहरू धेरै धेरै छन् (२)
लोभ्याउने थोकहरू धेरै धेरै छन् (२)
यसैले विनाशमा एक दिन पुऱ्याउनेछ (२)
छोडिदेऊ त्यागिदेऊ विन्ती तिमीलाई छ (२)
अन्तिम समय हो यो, अन्तिम समय हो यो (२)

२. घटनाहरूले भनिरहेछ (२), वचनले पनि भनिरहेछ (२)

विनाश नजिक छ अन्त नजिक छ (२)
फर्की आऊ प्रभुकहाँ विन्ती तिमीलाई छ (२)
अन्तिम समय हो यो, अन्तिम समय हो यो (२)

३. आउनेवाला राजा हुँदैछन् तयार (२)
आत्मालाई इनाम दिनलाई तयार (२)
विश्वास नगर्नेलाई दण्ड छ तयार (२)
विश्वास प्रभुमा लेऊ विन्ती तिमीलाई छ (२)
अन्तिम समय हो यो, अन्तिम समय हो यो (२)

## ६७५

**स्केल F(G), ताल $^3/_4$**

**कोः जीवनको केही भर छैन पलभरमा बितिजान्छ**
**अनिश्चित यात्रा के हुने कसो हुने थाहा छैन (२)**

१. हरेकको भरोसा केही छैन भोलिको सपना देख्नु के ? (२)
आजलाई साथ पाउन नसके भोलिलाई आशा गर्नु के ?
मानिसको केही भर छैन क्षण भरमा पग्लिदिन्छ
भएमा आफ्नो नभए बिरानो मीठो बोल्दै धोका दिन्छ ।

२. देखाउँछन् आशा मान्छे यहाँ अनि मूर्तिझैँ बनेर बाँचिदिन्छन् (२)
सिसाझैँ हृदयलाई तोडिदिएर जिउँदो लासझैँ बनाइदिन्छन्
खोलाझैँ जीवन बगिरहेछ महासागरमा पुग्नलाई
धुँवाझैँ जीवन उडिरहेछ नील गगनमा हराउनलाई ।

## ६७६

**स्केल C, ताल C**

**कोः परमेश्वरले सृजनुभो, एकमात्र पुत्र पठाउनुभो**
**पृथ्वीको एक छेउमा, स्वर्ग बनाउनुभयो**

१. मेरो निम्ति आउनुभो, मेरै कारण उहाँ मर्नुभो (२)
अन्धकार भित्र जिउँथेँ म, ज्योतिको सन्तान बनाउनुभो'

२. दोषी त बरु म थिएँ, सजाय उहाँले पाउनुभो (२)
हामी सबैलाई उद्धार गर्न, उहाँ धर्तीमा आउनुभो ।

## ६७७

**स्केल E, ताल C**

**कोः आयो क्रिसमस फेरि फर्केर**
**हाँसौ खेलौँ दाजुभाइ हे दिदीबहिनी (२)**
**मुक्तिदाताको जन्ममा (२) गुञ्जाऔँ डाँडाकाँडा (२)**

१. मेरो हर्ष तिम्रो आनन्द प्रभुको जन्मको यही सन्देश (२)
बाडौँ प्रत्येक दिनलाई, आज मुक्तिदाताको जन्ममा (२)

२. यही चढाउँ यही बेला मीठो मौसम हर्षको गीत (२)
गाऊँ प्रत्येक दिलले, आज मुक्तिदाताको जन्ममा (२)

## ६७८

**स्केल A, ताल $^2/_4$**

**कोः भजन म तिम्रो गाइरहेछु**
**चरण म तिम्रो आइरहेको छु (२)**

१. सृष्टिकर्ता तिमी नै मेरो जीवनदाता सबै नै तिमी (२)
म गर्छु तिम्रो महिमा (२) म गाउँछु स्तुति प्रशंसा सधैं ।

२. उहाँ नै स्वर्ग र पृथ्वीको मालिक उहाँ नै पापीको तारणहार (२)
म गर्छु जयजयकार उहाँको (२) उहाँले दिएको स्वरबाट ।

## ६७९

**स्केल E, ताल C**

**कोः मार्ग देखाऊ मलाई पिता परमेश्वर (२)**
**छाड्न कठिन भो' (२),**
**पापको जाल मेरो पिता परमेश्वर**

१. सदा दिन तिम्रो काम गर्न सकूँ म (२)
सदा दिन तिम्रो पुकार गर्न सकूँ म (२)
यही प्रार्थना गर्छु म पिता परमेश्वर (२)

२. तिम्रो सन्देशहरूको प्रचार गरुँ म (२)
आत्मा सच्चाईंले तिमीलाई पुज्न सकूँ म (२)
यही प्रार्थना गर्छु म पिता परमेश्वर (२)

## ६८०

**स्केल A, ताल $^3/_4$**

**कोः येशू चाँडै नै आउने छन् यो धर्तीको माझमा (२)**
**लान हामी एक-एक सबैलाई अनन्तको देशमा (२)**

१. एक दिन त उनी आउने छन् बादलको भेषमा
देख्नेछन् सारा संसारले महान् त्यो दृष्यहरूलाई (२)
जानेछन् सबै जाति विश्वास गर्नेहरू ।

२ हेर ईश्वरको राज्यमा आनन्द र खुशी पाउनेछौ
विश्वास गर सबैले आउने येशू राजालाई (२)
मुक्ति र क्षमा हुनेछन्, पाउने छन् महिमित शरीरहरू ।

## ६८१

**कोः आराधनामा, आराधनामा, गाउँछु खीष्टको स्तुति हृदयको**
**तहदेखि आराधनामा...हल्लेलूयाह, हल्लेलूयाह, गाउँछु ...**

१. दृढ विश्वास गरी दर्शनको आश राखी (२) झुकाउँछु शिर,
भक्तिभरि गौरव, महिमा भेटीसरि चढाउँछु, प्रभु, फेरि धन्यवाद, मुटुभरि ।

२. पापहरू मेरो जन्मदेखिको खीष्टको रगतले शुद्ध भयो (२)
अधर्म मेरो हृदयभरिको खीष्टको रगतले ढाकिदियो ।

## ६८२
स्केल F, ताल $^6/_8$

**कोः स्वागत छ (३) सबैलाई २**
**शुभकामना छ, हजुरलाई महिमा होस् परमेश्वरलाई (२)**
**जय जयकार (३) महिमा २**

१. आऔँ हामी मिलीजुली कदम अघि बढाऔँ (२)
विगतको सुस्ति जीवन आज सबै हटाउँ (२)
२. आऔँ हामी संसारमा शुभसन्देश सुनाउँ (२)
अँध्यारोमा ज्योति बनी सत्य राँको सल्काऔँ (२)
३. आऔँ हामी संसारमा ख्रीष्टको गीत सुनाऔँ (२)
हिमाल र डाँडाकाँडा आज हामी थर्काऔँ । (२)

## ६८३
स्केल A, ताल C

**कोः यो जीवनको गोरेटोमा हुरी आँधी आइदिँदा**
**प्रभु सम्हालिदेऊ यो जीवनलाई**
**अँगालिदेऊ विवशतालाई जीवनको गोरेटोमा (२)**

१. जब सान्त्वना हुन्छ, तिम्रो वचनले म एकलो परेको बेला (२)
हृदय भरेर पोखिन्छ खुशी हर्षले यहाँ तिम्रो साथ भएको बेला
२. सम्हाली राख्न सकूँ ती बाचाहरू "म फेरि आउँछु" भन्ने (२)
बचाई राख्न सकूँ आशाको दियोलाई सधैँ साथ देऊ मलाई ।

## ६८४
स्केल F, ताल $^3/_4$

**को :मेरो विश्वासको सानो सदनमा नयाँ बिहानीको किरण भयौ,**
**प्रभु तपाईं यो मेरो जीवनमा (कहिले नछुट्ने किनार भयौ) २**

१. हिँड्नु छ मैले बिर्सेर ती पाइलाहरू, रोज्नुछ केवल दुर्गम ती बाटोहरू, (२)
कतै टाढा भएँ, बिरानो भएँ, संसारको लेखी केवल अर्कै भएँ (२)
२. रित्तो छ यहाँ ख्रीष्टरहितका आस्थाहरू, अन्त छ केवल मूल्यहीन ती जीवनहरू (२)
कतै नौलो भएँ, पुरानो भएँ, तपाईंको निम्ति केवल अर्कै भएँ (२)

## ६८५
स्केल F, ताल C

**कोः येशूको आनन्द मेरो शक्ति, संसारमा येशू छन् मेरो साथी (२)**
**(उहाँ मेरो आनन्द हरेक दिनमा उहाँ मेरो सहारा प्रभु येशू हल्लेलूयाह) २**

१. मैले जब सोँचे म एकलै छु, प्रभु येशूले भन्नुभो मलाई
जीवनको अन्तसम्म म तिम्रो साथमा छु (२)
उहाँ मेरो आनन्द हरेक दिनमा उहाँ मेरो सहारा, प्रभु येशू हल्लेलूयाह
२. मैले जब सोचेँ म निर्वल छु, प्रभु येशूले भन्नुभो मलाई
सहारा दिने शक्ति दिने म तिम्रो साथमा छु (२)
उहाँ मेरो आनन्द हरेक दिनमा उहाँ मेरो सहारा प्रभु येशू हल्लेलूयाह ।

## ६८६
**स्केल C(D), ताल $^3/_4$**

**कोः अनन्त जीवनको बाटोभरि, ज्योति बनेर सधैं-सधैं**
**डोऱ्याउनुहोस् प्रभु मलाई साथ दिनुहोस् सदा-सदा (२ )**

१. आउँनेछु प्रभु तिम्रो साथमा कठिन यात्रा लामो नि भए पनि (२)
बाटोभरि काँडाले बिजे पनि (२) तपाईं माझ एकलो म भए पनि ।
डुब्नेछ आशाको जब घाम पनि ज्योति बनेर सधैं-सधैं
डोऱ्याउनुहोस् प्रभु मलाई साथ दिनुहोस् सदा-सदा ।

२. प्रशंसा धन्यवाद चढाइरहूँ आराधनाको जीवन देऊ मलाई (२)
प्रभु तिम्रो चरणमा रहन देऊ (२) जीवनको अन्तिम पलसम्म मलाई
अन्धकार संसारको यात्राभरि ज्योति बनेर सधैं-सधैं,
डोऱ्याउनुहोस् प्रभु मलाई साथ दिनुहोस् सदा-सदा ।

## ६८७
**स्केल Gm, ताल $^3/_4$**

**कोः म एउटा झरेको पात जस्तै तर प्रभुले उठाउनुभयो (२)**

१. म अन्धकारमा हिँडेर लड्दै थिएँ
म बाटो विहीन भएर हिँड्दै थिएँ (२)
उज्यालो ज्योति दिई येशूले लिनको निम्ति आउनुभयो

२. म संसारको दरिलो बन्धनमा परेको थिएँ
म पापको दास बनेर मर्दै थिएँ (२)
पापको बन्धन तोडी येशूले अनन्त जीवन दिनुभयो ।

## ६८८
**स्केल Am, ताल C**

**कोः ख्रीष्टको माया बोकी रहुँला हृदयमा सजाएर (२)**
**उनको साथ कहिलै नछोडी ख्रीष्टमा बाँचौला (२)**

१. ख्रीष्टले जीवन चढाइदिए गलगथाको माटोमा
ख्रीष्ट येशू मरी दिए तिम्रो हाम्रो साटोमा (२)
नभुलौं है क्रूसको फेदीलाई हृदयमा सजाएर (२)

२. ख्रीष्टको दुःखलाई सम्झेर ल्याउँदा मन मेरो कल्पिन्छ
उनको प्रेमलाई सम्झेर ल्याउँदा आँखामा आँसु छल्किन्छ (२)
नभुलौं है क्रूसको फेदीलाई हृदयमा सजाएर (२)

## ६८९
**स्केल G, ताल C**

**कोः कति आनन्द छ जीवन संघर्ष र दुःख पछि**
**कति मीठा छन् ती फल रोपाइँ र कटनी पछि**

१. हाम्रो जीवन यात्रा नै हो आउँछन् अनेक दुःख बाधा (२)
जीवन हाम्रो पानी जस्तै हुन्छ अनेक ठक्कर यहाँ (२)
संघर्षको जीवन जिउनु नै ख्रीष्टीय जीवन हो (२)

२. दुःख पिडा सबलाई भुली खीष्टको वचन याद गरी (२)
बढ्दै जाऔं आउ येशूमा क्रूस बोकी सियोनसम्म (२)
अनि तिमीले विजय पाउनेछौ खीष्ट येशूमा (२)

## ६९०

**स्केल D, ताल $^3/_4$**

**कोः गेतसमनीको बगैंचामा येशूजी प्रार्थना गर्नुभो**
**(हामी जस्तो पापीलाई बचाउन) २, पापको कचौरा पिउनुभो (२)**

१. कोही थिएन त्यो मध्य रातमा येशूलाई साथ दिने (२)
आफ्नै चेलाले (२) पनि उनलाई (एकलो छाडिदिए) २
प्रार्थना गर परीक्षामा नपर्न येशूले भन्नुभयो
तिम्रो मेरो निम्ति दाम तिरेर (२) रगतले किन्नुभयो (२)

२. हतास उदास हुँदै प्रभु पितालाई पुकारे (२)
रगतको थोपा (२) थोपा पसिना (प्रार्थनामा बगाए) २
जागा रहो पवित्र आत्मामा येशूले सम्झाउनुभो
तिम्रो मेरो निम्ति बलिदान भए (२) पापदेखि छुडाउनुभो (२)

## ६९१

**स्केल D, ताल C**

**कोः भजन म गाउँछु प्रभु प्रशंसाले आज (२)**
**हरपल तिम्रो महिमा गाउँछु (२) तिर्सना लिएर**

१. टुटेको छु नम्र बनेर केवल येशूमा आस्था राखेर (२)
दर्शन देऊ प्रभु अभिलाषी छु यो दुःखीको अर्जी सुनिदेऊ (२)
हरपल तिम्रो महिमा गाउँछु (२) तिर्सना लिएर

२. अँजुलिभरि पश्चात्तापी आँसु पोखिरहेछु खीष्टको चरणमा (२)
विवशका गोरेटोहरूमा खीष्टको मधुर आवाज सुन्न सकूँ म (२)
हरपल तिम्रो महिमा गाउँछु (२) तिर्सना लिएर

## ६९२

**स्केल A(B), ताल $^3/_4$**

**कोः रहरमा होइन न त करैमा साहसमा होइन न त डरैमा**
**तर चाहेर नै मैले खीष्टलाई अँगाले मुटुभित्र उनको प्रेम सँगालैं**
**हृदयमा नै खीष्टलाई बसाएँ बुझेर नै सदालाई अँगालैं**

१. कसैको होहोरीमा, न कसैको प्रलोभनमा न आफ्नै स्वार्थमा (२)
होइन मैले अँगालेको बुझेर नै अँगालेको (२)

२. स्वधर्मलाई त्यागेको होइन, न पुर्खालाई लत्याएको न विदेशी नै भएको (२)
सत्य मैले अँगालेको बुझेर नै अँगालेको (२)

## ६९३

**स्केल A, ताल C**

**कोः पहाड पर्वत झरनाहरू चिसा चिसा बादलहरू**
**नीला नीला आकाश छन् झिलमिल झिलमिल ताराहरू (२)**

**यी सब कसले बनायो, यी सब कसले रच्यो (२)**
**सबै सृष्टि उहाँकै हुन् सर्व सृजना उनैको हुन् (२)**

१. माथि हेरे लेकै भरी लालीगुँरास ढकमक
तल हेरौ तराई बेँसी वसन्त बहार झकमक (२)
(फेरि फर्कन्न त्यही गोरेटो मेरै सुन्दर संसार छ
गम्की बस्दिन आफ्नै निम्ति ईश्वरको कार्य महान् छ) २

२. मानिस चोला छोटो हुन्छन् लामो हुन्छन् उद्देश्य
उहाँको सन्देश सुनेर हेर आफै बुझ्छौं रहस्य (२)
(झूटो आश्वासन व्यर्थकै हुन्छन् सारा सृष्टि नै काफी छ
नियाली हेर्छु आकाश धर्ती जसमा उनकै हात छ) २

## ६९४

**स्केल G, ताल 4/4**

**कोः ए अल्छे उठ कमिलाकहाँ जाऊ, कमिलाकहाँ गएर शिक्षा पाऊ**
**तिनीहरूको व्यवहार सिकेर रमाउँदै, तिमी पनि स्तुति गाऊँ (२)**
**फटाफट, फटाफट, मिलिजुलि काम गरौँ फटाफट (२)**

१. कमिलाको देशमा न कोही अगुवा कमिलाको देशमा न कोही दास
न कोही जिम्मेवारी त्यहाँ न कोही सानो र ठूलो खास (फटाफट) ३

२. एउटा कमिलालाई कसैले भुलाउदा म अति व्यस्त छु भन्छ
विन्ती छ मेरो मलाई नभुलाउ सृष्टिकर्ताको काम गर्न देऊ
भुल्ने मेरो फुर्सद छैन फटाफट टोल्ने मेरो समय छैन फटाफट
घरघर धाउने अवसर छैन फटाफट कुरा ओर्साने मेरो मौकै छैन फटाफट (फटाफट) ३

३. ओरालोमा पनि त्यत्तिकै फटाफट उकालोमा पनि त्यत्तिकै फटाफट
दुःखमा पनि त्यत्तिकै फटाफट सुखमा पनि त्यत्तिकै फटाफट
न त आँखामा आँसु न गालामा हात एउटा थाक्दा अर्कोले दिन्छ साथ
फटाफट फटाफट मिलीजुली काम गरौँ फटाफट (फटाफट) ३ ।

## ६९५

**स्केल A, ताल 4/4**

**कोः अघि बढ युवा हो प्रभुको मार्गमा (२) प्रभुको मार्गमा (२)**

१. बढ तिमी प्रभुमा प्रार्थनाको जीवन लिएर (२)
सफलताको शिखरमा (२) पुग्नेछौ अनन्तसम्म (२)

२. खीष्टले मात्र दिनेछ तिमीलाई छुटकारा (२)
विश्वास गर प्रभु खीष्टमा (२) पाउनेछौ अनन्त जीवन (२)

## ६९६

**स्केल E(F), ताल 4/4**

**कोः प्रभुलाई महिमा गर्छु मेरो ओठले**
**उचाल्छु तपाईंलाई दुइ हातले प्रभुलाई महिमा महिमा ।**

१. हिमालीहरू, तराई बासी, हामी कति भाग्यमानी (२)

येशूलाई पाउनाले (२) प्रभुलाई महिमा महिमा
२. शहर शहरमा, पहाडको कुनामा (२)
तपाईंको नाम गुञ्जियोस् (२) प्रभुलाई महिमा महिमा

## ६९७

**स्केल E, ताल $^4/_4$**

**कोः प्रभु म तपाईंको चरणमा, आउँदछु भारी व्यथा बोकी,**
**झुकाउँछु कमजोर यस शिरलाई, पश्चात्तापी मनको आँसु पोखी ।**
१. हिँड्न सकिनँ, गाह्रो भयो, उत्साह जाँगर हटेर गयो,
मन यो चञ्चल, छैन स्थिर, बग्न थालेकाछन् व्यथा, पिर ।
प्रार्थना गर्छु तपाईं प्रभुमा, डोऱ्याउनोस् प्रभु कदम कदममा ।
२. सिकाउनोस् प्रभु, हिँड्न वचनमा, भरोसा गर्न, तपाईं प्रभुमा,
कमजोर देह यो सामर्थ्य छैन, तपाईं विना म हिँड्न सक्दिन ।
प्रार्थना गर्छु तपाईं प्रभुमा, डोऱ्याउनोस् प्रभु कदम कदममा ।

## ६९८

**स्केल C, ताल $^4/_4$**

**कोः विश्वासीलाई लिनलाई प्रभु आउनेछन्,**
**निराश नभई पर्ख है प्यारा ख्रीष्टीय जन ।**
**राजदूत तिमी हौ येशू राजाको (२)**
**पूरा हुन्छ प्रतिज्ञा महान् प्रभुको (२)**
१. मृतकहरू बौरिउठ्छन्, चिहान रित्ता हुनेछन्
आकाशमा प्रभुकासाथ भेट्न जम्मा हुनेछन् ।
समय लाग्दैन प्रभु आउनेछन् (२)
आफ्ना प्रियहरूलाई साथमा लानेछन् (२)
२. निराश नभई दौड है प्रेरित पावल दौडेझैँ,
आफ्ना दौड पूरा गर्दै ख्रीष्टमा झन् नजीक बढ्दै ।
पाउनेछौ तिमीले कामको पूरा फल (२)
मेहनत गर्न नथाक निकाल पूरा बल (२)
३. विश्वास गर प्रभुमा दानिएलले गरेझैँ,
अनुग्रह र आशिष्मा अझै तिमी डुब्नेछौ ।
खेर जाँदैनन् तिम्रो सबै काम (२)
अवश्य नै पाउनेछौ तिमीले इनाम (२) ।

## ६९९

**कोः थाकिसकेको यात्रामा येशूलाई भेटेँ**
**येशूलाई विश्वास गरी मैले जीवन पाएँ**
**जीवनको सबै उद्धार येशूमा मैले पाएँ**
१. बाटो, सत्य र जीवन आज मेरो निम्ति ख्रीष्ट येशू (२)

साँचो, शान्ति र आनन्द दिई डोऱ्याउनुभयो मलाई (२)
२. जिउन सिकाउनुहोस् प्रभु मलाई जीवनको हरेक मोडमा (२)
जिउनेछु सधैँ तपाईंमा सम्हाल्नुहोस् प्रभु मलाई (२)

## ७००

**कोः नरुनु है हे आमा बाबा (२)**
**तिम्रो छोरो मरेको होइन प्रभुले लानु भएको (२)**
१. म त प्रभुको घरमा सुखसँग छु
प्रभुको मीठो मीठो भजन सधैँ गाउँदछु (२)
प्रभुको न्यानो अङ्गालोमा आमा तिम्रै ममता पाउँदछु।
२. म छुइनँ भनेर संसारमा लौन तिमी हरेस नखाओ
एक दिन त सबै उनकै राज्यमा अवश्य भेट्नेछौँ (२)
यही आशामा बस्नु है सबै प्रभुको आगमन नजीक छ।

## ७०१

**स्केल D, ताल 4/4**

**कोः मेरो लागि येशू तिमीले कति पिडा सहचौ मानिसले थुके**
**तिमीलाई कोर्रा लगाए तिमीलाई मेरो नै निम्ति प्रभु तिमीले,**
**मलाई बचाउन प्रभु तिमीले (आफैलाई क्रूसमा टाँगिदियौ) २**
**मेरो निम्ति... मेरो निम्ति... मेरो निम्ति। २**
सिकाउ येशू मलाई तिमी जस्तै हुन क्रूसको
त्यो पिडा सहेर पनि मानिसलाई क्षमा दिन
कसरी तिमीले सक्यौ मेरो लागि यो सबै गर्न
कोखबाट बगेको रगतमा मलाई तिमीले धोयौ
भक्कानो फुटेर आउँछ मनमा, मन पग्लेर भरिन्छ गहमा
जब डुब्छु तिम्रो मायामा, प्रभु येशू तिम्रो मायामा।

## ७०२

**कोः निराशमा घुँडा प्रार्थनामा टेक्छु, आशामा म उठ्छु**
**येशूको चरण, आँसुमा पर्छु, हाँसोमा उठ्दछु।**
१. ब्राम्हण्ड रच्ने दैवीय हातले मलाई थामेको छ
भविष्य पनि स्वर्गीय हातमा, अटल, सुरक्षित छ
पवित्र आत्मा, शान्तिमय व्यक्ति, सत्यता चिनाउँछ
पिताको इच्छा विश्वासी-बीचमा प्रकट गर्दछ।
२. हे पिता, पुत्र, पवित्र आत्मा, चोख्याउनुहोस् मेरो मन
सुनसरि खारी लिनुहोस् जीवन तपाईंको मात्र धन
बाँचुन्जेल बन्छु एक बल्दो साक्षी, ख्रीष्ट प्रभु हजुरको
प्रशंसा गर्दै भजी म बस्छु, नाउँ त्रिएक ईश्वरको।

## ७०३

**कोः आओ, सबै फर्केर, प्रभु येशूकहाँ नगरी बेर**
**यो जीवन छोटो छ, मुक्तिको दिन छैन अब धेर ।**

१. जब येशूकहाँ गएँ, पाप-क्षमाको दान पाएँ,
मुक्तिको अनुभव गरें, उनको नामको यश गाएँ ।

२. येशू हुन् उदेकको नाथ, धुनेछन्, तिम्रो सब पाप
गरेर अधर्म माफ, राख्नेछन् तिमीलाई साथ ।

## ७०४

**कोः देख्छु लाखौं कोटी मान्छे, नर्कतर्फ फालिएको**
**सुन्छु म सधैं करुणा-चीत्कार (बचाऊ) ३ भनेको २**

१. जाऊ, सुनाइदेऊ सुसमाचार, सित्तैंमा तिमीले पाएको (२)
(थुमा येशू सबैको निम्ति) २, क्रूसमा बलि भएको ।

२. लोभ, अधर्म, पाप, मृत्युलाई खीष्टले क्रूसमा टाँसिदिए (२)
(मानव मनको मैलो माझ्न) २, अनमोल रगत बगाए ।

३. जसले हृदयबाट विश्वास गरी खीष्टलाई स्वीकार्छ (२)
(तिनले तत्काल मुक्ति पाउँछन्) २, पवित्र आत्माको छाप लाग्छ ।

## ७०५

**कोः हल्लेलूयाह होसन्ना गाउँछौं, खीष्टको जन्ममा**
**सुन, धूप, गन्धरसको साटो, महिमा दिन्छौं मनबाट ।**

१. अति अचम्मको प्यार, गर्न मानिसको उद्धार
येशू आए यो संसार, अति अचम्मको प्यार ।

२. कति उदेकको ईश्वर, मानिस बने सृजनहार
गर्न तिम्रो, मेरो त्राण, खीष्टले दिए क्रूसमा प्राण ।

३. पुनःरुत्थानको प्रभु, मेरो जीवन चढाउँछु
बडा-दिनको उपहार, गाउँछु खीष्टको जय-जयकार ।

## ७०६

**कोः धन्य ! धन्य ! धन्य !, प्रभु मेरो राजा येशू !**
**आदर, स्तुति, महिमा गर्छु, तिम्रै स्तुति गाउँछु ।**

१. हजुरको कोमल चरणमा, मरियमझैं झुक्छु
सुनेर मधुर वाणीले सामर्थी म बन्छु ।

२. बाँचुन्जेल हजुरको मन्दिर मण्डली निर्माण गर्छु ।
डाँडा-काँडा, पखेरोमा खीष्टको वचन छर्छु, तिम्रै गीत म गाउँछु ।

## ७०७

**कोः सृजना गरी प्रभु तपाईंले मलाई यो सुन्दर जीवन दिनुभयो**
**प्रभु, तपाईंलाई के चढाऊँ मैले ? मलाई त जीवन नै दिनुभयो ।**
**सृजना गरी प्रभु तपाईंले**

१. मेरो जीवन मर्दै गएको देखी प्रभु रुनुभयो (२)
अविश्वासी भई टाढा भाग्दा क्रूसबाट मलाई पुकार्नुभयो (२)

२. बुझ्न चाहन्छु, किन मलाई यति प्यारो गर्नुभयो ? (२)
मेरो जीवनको निम्ति आफै किन क्रूसमा मर्नुभयो (२)

## ७०८

**कोः साँझ, बिहान प्रार्थनासाथ वचन पढ्दै**
**म मनन गर्दछु, औ आज्ञा मान्नेछु**
**ईश्वरको भक्ति, मान्छेको सेवा गर्दै म रहनेछु**
**प्रभुलाई रिझाउँछु ।**

१. जीवनलाई मैले हीरा ठानेथिएँ, पापमा जलेर कोइला भएछ
स्वर्गमा चम्किरहनेछु भन्थे, नर्कमा जलिरहने भएछ
यसकारण प्रभु, पश्चात्ताप गर्दै, पापहरू सबै परित्याग गर्छु (२)

२. स्वर्गको दलानमा बस्दा म बस्दै, नर्कको ढोका पुगिसकेछु
यसकारण प्रभु फर्की आउँदैछु, ग्रहण गर्नुहोस्, अर्जी चढाउँदछु
चञ्चल मनलाई सुदृढ पारी, चाल मेरो स्थिर पारिदिनुहोस्, प्रभु (२)

## ७०९

**कोः हेरन, हेर बादलमाथि ख्रीष्ट आउने बेला भो**
**सन्तगण तुरही हातमा उठाई फुक्नलाई तयार भो (२)**

१. सन्तगण बराँत दुलाहा येशू लिएर आउनेछन्
सुसज्जित दुलही आत्माले भरपूर येशूसाथ जानेछन्
नामधारी इसाई लापरवाहीसित पापमा खेल्दछन्
ख्रीष्ट फेरि आउँदा सतावट-बीचमा ती सबै छोडिनेछन् ।

२. यसकारण ख्रीष्टीय दाजु-भाइ बहिनी, पाप परित्याग गर
मूर्तिलाई फाली मनलाई माझी बेतेलमा वास गर
तब पो मित्र, हुनेछौ विजयी, ख्रीष्ट केन्द्रित भएर,
सिद्ध मिलनको गीत गाइरहनेछौ, महिमित भएर ।

## ७१०

**कोः जीवनको गोरेटोमा, प्रभु येशू डोऱ्याउनुहोस्**
**पवित्र आत्माले भरेर, प्रभु मलाई चलाउनुहोस् (२)**

१. येशूरहित जीवनमा शान्ति कहीँ पाइनँ (२)
येशू आए मकहाँ, पाप-क्षमाको निश्चयता

पाएँ मैले भित्र मनमा (२)

२. मृत्युबाट आत्मा मेरो, प्रभु खीष्टले बचाउनुभयो (२)
आँखाबाट आँसु मेरो, प्रभु खीष्टले पुछिदिनुभयो
कमजोर पाउलाई बलियो बनाउनुभयो (२)

## ७११

**कोः जाँदैछु येशूकहाँ छैन दुःख, दर्द वहाँ (२)**
**सधैँ हुन्छु महिमा, जाँदैछु येशूकहाँ (२)**

१. यो शरीर छोडी म उडी जान्छु, अनन्त देशमा (२)
सुनौलो शहरको सुन्दर देशमा महिमित भेषमा (२)

२. हेर्दिनँ यहाँ क्षिणिक ज्योति, म आँखा चिम्लन्छु (२)
येशूको महिमित मुहार हेर्दै सधैँ नै रमाउनेछु (२)

## ७१२

**कोः बौरिउठ्नुभएको प्रभु येशूको चरणमा पर्छु**
**घुँडा टेक्दै दण्डवत् गर्छु, प्रभुलाई म प्यार गर्छु ।**

१. भज्दै, पुज्दै, स्तुति गाउँदै, हृदयबाट धन्यवाद दिनेछु
उनको मुहार हेरिबस्दै, उनको आवाज सुनिरहनेछु ।

२. मेरो अरू कोही छैन, हजुरबाहेक कोही छैन
हजुरको हात समातेर कहिले पनि छोड्नेछैन् ।

## ७१३

**स्केल F(G), ताल C**

**कोः छरितो छिटो भएर येशूको काममा दगुर्छु येशूको काममा दगुर्छु**
**अल्भाउने कुरा फालेर तयार सधैँ रहन्छु तयार सधैँ रहन्छु ।**

१. लट्याउने रकमको थुप्रोले अल्मल्याउन खोज्छ
लोभ र लालचको वस्तुले तर्काउने कोशिस गर्छ ।

२. दर्शाउनु भएको कुरामा सधैँ लागिरहन्छु,
येशूको वाणीमा अडिन चाहन्छु ।

३. जीवन मुकुट पाउनलाई फूर्ति साथ दगुर्छु
धोखा दिने तन मनलाई पिटेर अदल राख्छु ।

४. जीवन मुकुट पाउनलाई फूर्तिसाथ दगुर्छु
घनिष्ठतामा येशूको झन्झन् बढ्दै जान्छु ।

## ७१४

**स्केल G, ताल $^6/_8$**

**कोः जसलाई तिमी ईश्वर भन्छौ जान्दछौ के उहाँलाई ?**
**नौलो टाडो, मानवदेखि ठान्दछौ के उहाँलाई ? जसलाई तिमी...**

१. कहाँ ? किन ? कसरी ? के ? प्रश्नले भेट्टाइन्न
ज्ञान, बुद्धि र सम्पत्तिले, किन बुझ्न सकिन्न ।

२. ईश्वर हाम्रा सृष्टिकर्ता, खान, लाउन जुटाउने
तातो र चिसो ऋतु दिने, दिन र रातको दान दिने ।
३. खोजी गर्दै मानव बनी लिनुभयो येशू नाम,
मरेकालाई जीवन दिने तिम्रा ईश्वर येशू नाम ।

## ७१५

**स्केल F(D), ताल $^6/_8$**

**कोः जित्नुभो, जित्नुभो, जित्नुभो येशूले**
**संसार र शैतानलाई मृत्यु र पापलाई ।**
१. उद्देश्यहिन अलमली हिँडेँ, पागलसरि
संसार र पापको बीचमा पाएँ चोट जीवनभरि
निको पार्नुभयो, निको पार्नुभयो येशू ख्रीष्टले ।
२. ल्याउनुभो जीवन येशूले, जीवन प्रशस्त गरी,
अनमोल रगत बगाई, हामीलाई स्वच्छ पारी,
विश्वास गर्नेहरू, विश्वास गर्नेहरू ।
३. भरपूर येशूमा आज सम्भव छ,
शरीर, संसार, शैतानलाई पार्नुभो परास्त,
दमन गर्नुभो, दमन गर्नुभो ।

## ७१६

**स्केल Em, ताल $^3/_4$**

**कोः प्रशंसाको योग्य महान् प्रभु मुक्तिदातालाई**
**समर्पण गर्छौं हामी आज यो हाम्रो सेवालाई (२)**
१. आशा भरोसा अनि विश्वासमा जीउँदै (२)
डोर्‍याउनुहवस स्वर्गीय पथमा (२)
गर्नेछौँ सदा तपाईंको महिमा (२)
पर्खिरहनेछौँ स्वर्गीय आगमनलाई (२)

## ७१७

**स्केल Dm, ताल $^3/_4$**

**कोः स्तुति गाउँछु प्रिय प्रभुको छल्की आनन्द पोखिँदछ**
**सम्झी त्यो निस्वार्थ प्रेम कलवरीको हृदय थाम्न सक्तिनँ ।**
१. ईश्वरको प्रेमको कथा, एउटै पुत्र छन् क्रूसमा चिरा
कसले दिन्छन् र आफ्नो मुटु
त्यागेर सबका निम्ति सहन पीडा (२)
२. अमर जीवन दिए आफ्नै जीवन मलाई दिएर
दश हजारमा उत्तम प्रभु कुरूप भए
थुकाइ कुटाइ निन्दा सहेर (२)
३. परदेशी यस संसारमा चिरस्थायी म रहनेछैन
तर अनन्तको प्रेम मप्रति प्रभुको

चिहानपारि पनि चिँडिन्नँ (२)

## ७१८

**स्केल Em, ताल $^3/_4$**

**कोः मेरो मसीह मेरो निम्ति क्रूर क्रूसमा बलि भए (२)**

१. गरेथेँ मैले पाप दुष्ट जगतमा, क्षमाको योग्य म थिइनँ (२)
धार्मिकता मेरा थाङ्ना सरह थिए, पाप त पाप नै भए (२)

२. प्रतिपल जीवनका रक्षक तिमी, (२)
हात दिई सदैव सम्हाल्दछौ (२)

३. किन चुन्यौ प्रभु, म तुच्छलाई,
प्रेम प्रकट गरी त्यस क्रूर क्रूसमा ? (२)
अविश्वासी बनी टाढा म गएँ, प्रेमले अँगाली रह्यो (२)

४. कति महान् प्रेम प्रभु तिम्रो, सम्झी सम्झी प्रशंसा गर्छु (२)

## ७१९

**स्केल G, ताल $^3/_4$**

**कोः परमप्रभुका स्वर्गीय इच्छा, पूरा गर्ने उनका सेवक हो**
**परमप्रभुलाई धन्य भन, परमप्रभुलाई धन्य भन ।**

१. अनुग्रहमा तिमीलाई चुनेर, आफ्नो साथमा सहकर्मी बनाए
नयाँ करारको सेवक बनाई मण्डली निर्माणको सेवा दिए २

## ७२०

**स्केल D, ताल $^6/_8$**

**कोः आत्मिक दौड लामो छ, तर धीरजसाथ दगुरेर**
**अनन्त मौरास र इनामलाई, तयार होऊ**
**प्राप्त गर्नलाई । आत्मिक दौड लामो छ ।**

१. वाधा दिन्छ पलपलमा नाशवान् यो माटोको शरीरले (२)
जागा रही प्रार्थना गरे जयवन्त तिमी निश्चय बन्नेछौ (२)

## ७२१

**स्केल G, ताल C**

**कोः सुन दाजु भाइ हो, यो जीवन हाम्रो**
**फूल जस्तो झरेर जाने हो ।**
**जीवनलाई गोड्ने थोकहरू**
**संसारमा छाडेर जाने हो ।**
**किनकि हामी यहाँ दुई दिनको पाहुना हौँ ।**
**एक दिन त मर्नु नै पर्ने हो (२)**

१. संसारमा हामीलाई ईश्वरले नै पठाए
जन्मसँगै मानिसलाई मृत्यु उनले दिएनन्
संसारमा दिएनन्, तर शरीरमा मात्र मर्नेलाई,
जीवनको मुकुट राखिदिए

आत्मामा पनि मर्नेलाई आगो र गन्धक राखिदिए ।

**कोः सुन दिदी बहिनी, यो शरीर हाम्रो**
**माटोमै मिलेर जाने हो ।**
**माटोको शरीरलाई गोड्ने थोकहरू**
**संसारमा छाडेर जाने हो ।**
**किनकि हामी यहाँ दुई दिनको पाहुना हौँ ।**

२. जन्म मृत्यु बीचको समय, जो हाम्रो हातमा छ
सुकर्मले यो समय बिताई
अनन्त जीवन जिउनु छ ।
परमेश्वरको अनुग्रह दान, जो तोडा दिएको छ ।
सदुपयोग गरी दौड जिती, जीवनको मुकुट पाउनु छ ।

## ७२२

**स्केल F, ताल $^6/_8$**

**कोः येशू नै हाम्रो गोठालो हुन्, येशू नै हाम्रो सहारा हुन्**
**उनैको कोमल अनुग्रहमा, यो जीवन विताइदेऊ यहाँ** (२)

१. संसारको हाम्रो यात्रामा, वाधा विघ्नहरू धेरै छन्
लक्ष्यमा पुग्न हामीलाई, कठिनाइ धेरै सहनु पर्छ
यसर्थ हाम्रो इच्छाहरूलाई, उनैको हातमा सुम्पिदेऊ
उनैको निश्चित अगुवाइमा, यो जीवन जिउने प्रण गरौँ ।

२. जिउँदो खीष्टको सहारामा, वाधाहरूलाई भेल्न सकौँ (२)
उनको आत्माको अगुवाइमा, लक्ष्यमा सजिलै पुग्न सकौँ
हामी सबै एक भएर, उनैको महिमा गाइरहौँ
जीवनको अन्तिम क्षणसम्म, उनको प्रशंसा गाइरहौँ ।

## ७२३

**स्केल G, ताल C**

**कोः यदि कोही खीष्टमा छ भने, त्यो नयाँ सृष्टि हुन्छ**
**पुरानो कुरा वितेर जान्छ, त्यो नयाँ भइहाल्छ**
**यहि सन्देश छ सबैलाई आजदेखि उसो सदालाई ।**

१. सुन्दर जीवन र उज्ज्वल भविष्य, हेर्न चाहनेहरू हो
आफ्ना सबै इच्छा र उद्देश्य पहिला प्रभुलाई सुम्पिदेऊ
तिम्रो आकाङ्क्षाहरू सबै उनले तब पूरा गर्छन् (२)

२. तिमीले देखेका हर सपनाहरू, प्रभुको निम्ति साकार होस्
तिमीले रचेका हर पल तिमीमा प्रभुको निम्ति स्तुति होस्
यही कामना छ सबैलाई

## ७२४

**स्केल C, ताल ₵ कोः साँचो न्याय अब त्यहाँ**

**हुनेछ परमेश्वरको अगाडि**
**मानिसलाई उनका काम अनुसार प्रतिफल उनले दिनेछन्** (२)

**खोजी गर्ने समय छ अहिले परमेश्वरलाई यही संसारमा ।**

१. यो जान आखिरी दिनमा डरलाग्दो समय आउनेछ,
मानिस स्वार्थी, धनका लोभी, घमण्डी हठी हुनेछन् ।
२. निन्दक औ माता पिताका आज्ञा सब पालन नगर्ने,
बैगुणी र अपवित्र, स्वाभाविक प्रेमरहित हुन्छन् ।
३. औ मानिस खुशी नहुने अर्कालाई सधैँ दोष लगाउने
असंयमी, निष्ठुर, असल नरूचाउने, विश्वासघाती ।
४. उत्ताउला दिमागी हुन्छन्, परमेश्वरभन्दा सुख विलास,
बरू निको मान्ने हुन्छन्, भक्तिको भेष धारण गर्छन्
५. मानिसका सारा चाल विचार आफ्ना दृष्टिमा ठीक हुन्छन्
तर मानिसका हृदयलाई परमेश्वरले नै जाँच्नेछन् ।

## ७२५

**स्केल C, ताल C**

**कोः जन्मैको पापलाई धोइ माग दाइ हो (२)**
**येशूको अनमोल रगतले दाई हो ।**

१. धर्म र कर्मले यस जगका मनको पापलाई धुँदैनन् (२)
कसरी, केले यस जगको पापी मनलाई धुँदछ ? (२)
सुन हे दाई, मन लगाई ईश्वरका पुत्र येशु छन् (२)
येशूको रगतमा शक्ति छ, सबका पापलाई धोइदिन्छ (२)
२. पापको ज्याला मृत्यु हो, ईश्वरको वरदान जीवन हो (२)
गुन है मनमा कुरा सत्य मरण वा जीवन असल हो ?(२)
मार्ग सत्य, जीवन, यी प्रभु येशूमा पाइन्छन् (२)
पश्चात्तापी जो हुन्छ अजम्मरी ऊ हुनेछ (२)
३. यो जगत विनाशकालको पापको खाली सागर हो (२)
धन दौलत यो जगको विभव पनि व्यर्थ हो (२)
चुँडिजान्छ आत्मा दाई शरीर केवल माटो हो (२)
न्याय यहाँ हुनेछन् अन्तिम दिनमा आत्माको (२)
४. अबेर अब नगर्नुहोस्, हृदयद्वार खोल्नुहोस् (२)
दीन र चूर्ण मनले पाप आफ्नो मानिलिनुहोस् (२)
कुकर्म पापलाई त्यागेर धार्मिक जीवन पाउनुहोस् (२)
साँचो मुक्ति पाएर ईश्वरको सन्तान बन्नुहोस् (२)

## ७२६

**स्केल D, ताल $^3/_4$**

**कोः प्रेमले गर्दा कलवरीमा, दुई चोरको माझमा**
**मेरो निम्ति प्राण दिए, बहाइ रगत क्रूर क्रूसमा (२)**

१. सुनको जडले पैसा पोखी भएन मुक्ति मेरो
मुक्ति मेरो स्वर्गीय पाठो ख्रीष्टको रगतद्वारा भो (२)
२. पापका मैला काला दागलाई धुँदैन चीजले कुनै,

केबल रगतले धुन्छ सबलाई पार्दछ श्वेत हिउँझैं (२)

३. हिउँझैं वस्त्र पहिरेका सन्तगण स्वर्गमा छन्,
बलि हुने प्रेमी ख्रीष्टलाई युग युग स्तुति गर्छन् (२)

४. उनी आफै पाप बने, पापबाट छुटाउनलाई
मृत्यु जिती बौरिउठे विजयी बनाउनलाई (२) ।

## ७२७

**स्केल B(A), ताल 6/8**

**कोः यो देशको जन्मभूमिमा ख्रीष्टको झण्डा उठाउनुपर्छ (मेचीकाली हिमाल पहाड)२**
**तराई पुगेर (ख्रीष्टको राज्य बसाल्नु पर्छ) २ यो देशको जन्मभूमिमा**

१. कलम समाउने हातहरूले कलमद्वारा सन्देश लेखौं (२)
संगीत कलाकारहरूले सुसमाचारको सरगत छेडौं (२) विद्यार्थीले विद्यार्थीलाई,
कृषकहरूले कृषकलाई, व्यापारीले उद्यमीलाई, खेलाडीले खेलाडीलाई
(ख्रीष्टमा जितौं)२ यो देशको जन्मभूमिमा ...

२. प्रतिभा हुने हस्तीहरूले प्रतिभाद्वारा सन्देश सुनाऔं
राष्ट्रका सच्चा विश्वासीले, राष्ट्रको इज्जत बढाउदै जाऔं
नयाँ नेपालको पानाहरूमा, अमर गाथा इतिहासको
सुनौला अक्षर हामी लेखौं, स्वाभिमान सेवक राष्ट्रको भई (अघि बढौं)२

## ७२८

**स्केल F(G), ताल C**

**कोः यो नेपाल देश प्रभुको म पनि प्रभुको**
**नेपाली हृदयहरू सबै नै प्रभुको (२)**

१. हरियाली पखेरा गुराँसै चाँप फूल्ने बन
गुलाबको जलपमा, हाँसीरहने हाम्रो मन
सबै नै प्रभुको ।

२. अग्ला-अग्ला क्षितिजझैं हिमाली जुनेली हाँस्ने झरना
नाँची गाउँछ जिन्दगी, हाँसीरहने हाम्रो मन
सबै नै प्रभुको ।

## ७२९

**स्केल Dm, ताल C**

**कोः ईश्वरको वचन स्वर्ग जाने बाटो हो,**
**सुन विश्वास गर सुनाइदेऊ सबैलाई (२)**

१. परमेश्वरले सारा संसार सृष्टि गरेर
चन्द्र-सूर्य, तारा, आकाश सबै रचेर
मानिसको सृष्टि गरे आफ्नै स्वरूपमा
ज्ञान र जीवन दिए आफ्नै सङ्गतमा ।

२. आनन्दले हाँसी खुशी मानिस बस्दथे
परमेश्वरको आज्ञा मानी उनलाई पुज्दथे ।

तर एकदिन शैतानले पापी बनाए
परमेश्वरको सङ्गत छोडी आफै हराए ।
३. अन्धकारमा हिँड्नलागे झूटो बोलेर
परमेश्वरलाई पुकारेनन् हृदय खोलेर,
स्वर्गको पिताले दया गर्नु भो
येशू ख्रीष्टले जन्म लिने वचन दिनु भो ।
४. यरूशलेम शहरको बेथलेहेम गावैंमा
बलक, येशू जन्म्यो गाईको गोठैमा
त्यागे प्राण कलवरीमा कष्ट सहेर
मृत्युबाट बौरिउठी पापलाई जितेर ।
५. मुक्तिदाता येशू ख्रीष्टले वचन सुनाए
विश्वास गर्ने जति सबैलाई मुक्ति दिलाए,
स्वर्ग जाने ढोका उनले खोलिदिनुभो,
आउँछु फेरि भनी प्रभु स्वर्ग जानुभो ।

## ७३०

**स्केल Dm, ताल C**

**कोः आजको दिन महिमाको दिन,(२)**
**महिमा चढाउँछु प्रभु तपाईंलाई (२)**
**आजको दिन महिमाको दिन (२)**
१. आकाशका चन्द्र सूर्य ताराहरूले (२)
हावा, बतास र बादल बर्षाहरूले (२)
महिमा चढाउँछन् प्रभु तपाईंलाई (२)
येशूको नाउँमा महिमा प्रभु (२)
२. नदी, समुद्र सागर झरनाहरूले,
लल थल नभएका प्राणीहरूले,
महिमा चढाउँछन् प्रभु तपाईंलाई (२)
येशूको नाउँमा महिमा प्रभु ।
३. हिमाल र पहाड पर्वत मैदानहरूले
हे सारा पृथ्वीका मानिसहरू हो,
आफ्नो सृष्टिकर्ताको महिमा गर (२)
येशूको नाउँमा महिमा प्रभु ।

## ७३१

**स्केल D, ताल 6/8**

**कोः ख्रीष्टको वचन राख सम्हाली,**
**ख्रीष्टको वचन राख सम्हाली**
**मुटुको मुटुको धड्कनमा गाँसेर**
**ख्रीष्टको वचन राख सम्हाली (२)**
१. ख्रीष्टको वचन सुनेर तिमी

उहाँमाथि विश्वास गर न (२)
मुक्तिदाता प्रभु भनेर
आज तिमी ख्रीष्टमा रमाऊ (२)

२. कतिन्जेल रहन्छौ तिमी
संसारको मोज मस्तीमा (२)
पश्चताउनु पर्ला तिमीलाई
ख्रीष्टको दोस्रो आगमनमा (२)

## ७३२

**स्केल D, ताल $^6/_8$**

**कोः हेर आज ब्यूँझेको नेपाली**
**हिँड्यो काँधमा क्रूसलाई उचाली (२)**

१. छोडिदियो संसारको कालो मैलो हेर
फालिदियो जाल-झेल पापको यो खेल,
नयाँ ज्योति पायो आज ख्रीष्टमा जिएर
बाँच्न लाग्यो नेपाली यो आत्मामा जिएर (२)

२. छोडिदियो, जुवा तास, हेर्न लाग्यो घर,
परमेश्वरको सु-सन्देश दिन, जान्छ घर-घर ।
सफा चट्ट परेको छ परिवार सबै
रातो बाइबल पल्टाएर बस्छ राती घरै ।

३. बोली वचन राम्रो गर्छ, सबै छिमेकीलाई
उसको चलन देख्दाखेरि, खुशी लाग्यो सबैलाई ।
आऊ साथी यस्तै जीवन जीउन तिमी पनि
ख्रीष्टको जीवन जीउनलाई अप्ठ्यारो नमानी ।

## ७३३

**स्केल D, ताल C**

**कोः परमप्रभुको नाउँमा आनन्दसाथ**
**गर्दछौं स्तुति महिमा जीवनभर (२)**
**परिश्रम हाम्रो प्रतिफल तपाईंकै होस्**
**आशिष्को झरीले भिजाउनुहोस् (२)**

१. स्वर्गीय प्रेममा समर्पित यो तन मन
गर्दछौं अर्पण तपाईंलाई यो जीवन
परिश्रम हाम्रो प्रतिफल तपाईंकै होस्
आशिष्को झरीले भिजाउनुहोस् (२)

२. शान्ति र आनन्द तपाईंकै देहमा
प्रशस्त बर्षाउनुहोस् अनुग्रहमा (२)
परिश्रम हाम्रो प्रतिफल तपाईंकै होस्
आशिष्को झरीले भिजाउनुहोस् (२)

## ७३४

**स्केल F(D), ताल $^3/_4$**

**कोः येशूले दिएको तिमीलाई, प्रेम संङ्गालि राख**
**उहाँको सत्य वचनहरू जीवनमा अङ्गालि राख ।**

१. कतै तिमी कमजोर बन्छौ, जीवन थकित तुल्याई,
जब तिमी दुःख पाउछौ, खीष्टको प्रेमलाई याद गर ।

२. प्रिय पुत्र प्रभुलाई पाएर, चुपचाप नबसिदेऊ,
हरेक तिम्रो अविश्वासमा, प्रभु सधैँ रूनुहुन्छ ।

## ७३५

**स्केल D, ताल C**

**कोः मेरो यो छोटो सन्देश सुनिदेऊ दाजुभाइ हो**
**येशूको सु-सन्देश, सुनिदेऊ है दिदीबहिनी हो**
**मेरो यो छोटो सन्देश सुनिदेऊ दाजुभाइ हो ।**

१. संसारमा अधर्म र पापैको नदी बग्दछ,
नदी एकदिन बढ्दै गइ सागर पनि बन्न सक्दछ
यसैले प्रिय मित्र हो येशूको सन्देश सुनौं है (२)

२. सृष्टिदेखि मानिस जाति पापैमा अघि बढ्दछ
नाशै नाशको भरमा परी सागरमा डुब्नपर्दछ,
यसैले समय हुँदा नै येशूलाई विश्वास गरौं है (२)

## ७३६

**स्केल C, ताल $^3/_4$**

**कोः फुटेर होइन जुटेर एक भई हामी मिलेर**
**प्रभुको महिमा गर्नुछ काँधमा काँध मिलाएर (२)**
**फुटेर होइन जुटेर ।**

१. न्यायको दिन आउँदैछ तपाईं र हाम्रो बीचमा (२)
अबेर अब नगरौं है जीवन चढाऔं खीष्टमा (२)
फुटेर होइन जुटेर ।

२. विश्वासी भई बाँचेर, हुँदैन अब बसेर (२)
सुनाउन सन्देश येशूको, उठौं न कम्मर कसेर (२)
फुटेर होइन जुटेर ।

## ७३७

**स्केल Am, ताल $^6/_8$**

**कोः ब्यूँफ उठ ब्यूँफ उठ हे इसाई यूवा हो**
**अन्धकारको शक्तिलाई तोड्नलाई (२)**
**मुक्तिको ढाल उठाई, आत्माको तरवार लिई (२)**
**लक्ष्यमा बढौं है इसाई वीर योद्धा हो (२)**
**ब्यूँफ उठ, ब्यूँफ उठ ।**

१. एक मुट्ठी के हुन्छ र सय मुट्ठी सागर बन्छ

हामी सबै एकजुट भएर ख्रीष्टको आज्ञा पूरा हुनेछ ।
२. काँधमा काँध मिलाई हामी अगाडि-अगाडि बढ्नुछ (२)
ज्योतिको सन्तान भएर हामी (२) देशलाई ख्रीष्टमा जित्नुछ (२)

## ७३८

**स्केल Am, ताल C**

**कोः अँध्यारोमा जीउनेहरू दीप जलाई जीउने गर**
**हार नमान जीवनसित जीवित प्रभुलाई खोजी गर ।**

१. जे जति भएका ती मनका सबै व्यर्थहरू (२)
सबैको पापलाई विजय दिने प्रभु येशूमा राखिदेऊ (२)
२. उद्धार मुक्ति पाउँछौ तिमी प्रभुलाई विश्वास गरेपछि (२)
आत्मामा सधैं शान्ति पाउँछौ प्रभु येशूलाई पाएपछि (२)

## ७३९

**स्केल D, ताल 4/4**

**कोः (मैले आँसु बगाउन सकुँ)२ (मरिरहेका आत्माको निम्ति)२**
**(मैले हृदय फटाउन सकुँ)२ (नष्ट भएका प्राणको निम्ति)२**
**मैले आँसु बगाउन सकुँ ...**

१. म बगिरहन सकुँ यर्दन नदी झैं
म बनिरहन सकुँ, सिम्सार भूमि झैं (२)
मबाट फुटाउनुहोस जीवनको मूल
मबाट बर्साउनुहोस (आशिषको झरी)२
मैले आँसु बगाउन सकुँ ...
२. म स्वादिष्ट बनिरहुँ जगतको नून झैं
म चम्किरहन सकुँ, संसारको ज्योति भई (२)
डाँडामाथि बसालेको शहरझैं बनाउनुहोस् मलाई
लाखौं आत्मा बाँच्ने आधार, (बनाउनुहोस् मलाई) २

## ७४०

**स्केल Am, ताल C**

**कोः सुसन्देशको यो गीतले सम्झाइरहेछ सबैलाई**
**मरिरहेको आत्माहरू बचाउन जानलाई**
**हे मित्र जानलाई छिट्टै तयार होऔ (२)**

१. साँचो शान्ति नपाई मानिस तड्पिएको देख्छौं हामी (२)
यो जीवनलाई शान्ति दिने येशू नै हो भन्छौं हामी (२)
सबको निम्ति क्रूसमा मरे भन्ने सुनाउँदै (२)
हे मित्र जानलाई छिट्टै तयार होऔं । ...
२. घरबाट खेदिएका गाउँलेबाट निन्दिएका
जीवनमा शान्ति नपाई सधैं निस्सासिएका
संसारका मानिसहरूको झुप्रो नियाल्दै

हे मित्र जानलाई छिट्टै तयार होऔं ।
३. लक्ष्यहिन व्यक्तिलाई लक्ष्य दिने प्रभु येशू
यो संसारको सृष्टि गर्ने येशू ख्रीष्ट महान् प्रभु
येशू ख्रीष्ट बौरिउठे भन्ने सुनाउँदै
हे मित्र जानलाई छिट्टै तयार होऔं ।
४. जीवन नपाई भौँतारिएका बाटो बिराई अल्मिएका
सधैँभरि अँध्यारोमा भाग्य सम्भी रोइरहेका
जीवन दिने येशू नै हुन् भन्ने सुनाउँदै
हे मित्र जानलाई छिट्टै तयार होऔं ।

## ७४१

**स्केल Dm ताल C**

**कोः हे पृथ्वीमा भएका मानिसहरू, हे चन्द्र सूर्य र ताराहरू**
**हे बादल अनि वर्षाहरू, परमप्रभुको महिमा गर**
**आफ्नो सृष्टिकर्ताको महिमा गर (२)**
हल्लेलूयाह, होसन्ना ईश्वरलाई महिमा (२)
१. नदी, पोखरी, समुन्द्र, सागर हे सबै जलका प्राणीहरू
बन-जङ्गल र बँगैचाभित्र हिँड्ने र घस्रने जन्तुहरू
आफ्नो सृष्टिकर्ताको महिमा गर ।
२. आकाशभरिका पंक्षीहरू, हे राजाहरू सारा जातिहरू
न्यायी बनेका भारदारहरू, जवान, बालक र वृद्धहरू
आफ्नो सृष्टिकर्ताको महिमा गर ।
३. उच्च हिमाल र हरियाली पर्वत, सम्म भूमि र चट्टानहरू
आँधी तुफान र आगो असिना, फल बृक्ष र देवदारहरू,
आफ्नो सृष्टिकर्ताको महिमा गर ।
४. उहाँले आज्ञा गर्नुभयो र ती सबै कुरा सृष्टि भयो
उहाँले तिनलाई सधैँको लागि अटल विधि दिनुभयो ।
अनि रहिरहने बनाउनुभयो ।

## ७४२

**स्केल Dm, ताल C**

**कोः हाम्रो जीवनको यो छ प्रतिज्ञा प्रार्थना (२)**
**ख्रीष्टको सन्देश सबैलाई सुनाउने सन् दुई हजार बीस सम्ममा (२)**
१. कम्मरमा सत्यता, छातीमा धार्मिकता, पाउभरि मिलापको सन्देश (२)
विश्वासको ढाल उठाई, मुक्तिको टोप लगाई, तरवार हाम्रो ईश्वरको वचन (२)
हो होसन्ना... ख्रीष्टको सन्देश सबलाई सुनाउने ।
२. हिमालको चुलीमा पहाडको फेदीमा, डाँडा भन्ज्याङ पाखा पखेरू
मधेस र मरूभूमि, उत्तर र दक्षिण सारा सबै गाउँ शहर जहाँ मानिस छन्

हो होसन्ना... ख्रीष्टको सन्देश सबलाई सुनाउने ।

३. राजा रानी मन्त्री गण, धनी, गरीब, भिखारी, बालक वृद्ध, जवान जवानी
न्यायाधीश र कारिन्दा, प्रहरी र सेना (हरू) लाई, अपाङ्ग र रोगी सबैलाई
हो होसन्ना... ख्रीष्टको सन्देश सबलाई सुनाउने ।

## ७४३

**स्केल Dm, ताल C**

**कोः यो मेरो सानो शरीर प्रभु तपाईंको झोली हो** (२)
**झोली पखालिदेऊ न प्रभु क्रूसको रगतले**
**झोली भरिदेऊ न प्रभु पवित्र आत्माले** (२)

१. यो मेरो सानो घर झोपडी तपाईंकै झोली हो ।
२. यो मेरो सानो खेत र बारी तपाईंकै झोली हो ।
३. यो मेरो सानो गाउँ र शहर तपाईंकै झोली हो ।
४. यो सारा जगत् संसार प्रभु तपाईंकै झोली हो ।

## ७४४

**स्केल G, ताल C**

**कोः सक्तिनँ बिर्सन कलवरी डाँडालाई,**
**येशूले सहेको दुःख र कष्टलाई । सक्तिनँ विर्सन ।**

१. आखिरी भोज गरी चेलाको साथैमा
प्रार्थना गरे पितालाई जैतूनको डाँडामा
सुम्पिए आफैंलाई कप्तानको हातैमा
दोषी बनाइए उनलाई सबैको सामुमा ।

२. हतकडी बाँधे उनको कलिलो हातमा
सबैले थुके उनको निर्दोष मुहारमा
लगाइदियो काँडाको मुकुट प्रभुको शिरमा
हिर्काए निगालोले निर्दोष शरीरमा ।

३. ठोकिए फलामे किला हात र पाउमा
भालाले घोचे प्रभुको दुवै कोखमा
त्यागे प्राण क्रूसमा प्रभुले तृतीय पहरमा
यी सबै कारण बन्यो मेरै अधर्म ।

## ७४५

(तामाङ सेलोमा गाउदा राम्रो) **स्केल F, ताल C**

**कोः हेरन साथी हेर लौ सुनन साथी सुन लौ**
**येशूले बत्ती बालेको कति रमाइलो हाम्रो घर** (२)
**हेरन साथी हेर लौ सुनन साथी सुन लौ ।**
**आशिषको झरी वर्षेको यही हो येशू ख्रीष्टको घर** (२)

१. यो सारा संसार केही छैन, धनी र गरीब केही होइन

राजा र भिखारी एकै हो, सबैले छोडेर जाने हो ।
२. लोभ र लाच गरेर, गरीब जनलाई मारेर
सम्पत्ति जोडेर के गर्छौ, मरेर स्वर्गमा के लान्छौ ।
३. हामी सबै स्वर्गमा जानेछौँ, येशूलाई ढोकामा भेट्नेछौँ
स्वर्गको इनाम पाउनेछौँ, अजम्मरी जीवन जिउँनेछौँ ।

## ७४६ (Great is Thy Faithfulness)**स्केल D, ताल 3/4**

१. महान् विश्वस्तता पिता तपाईंको, तपाईंमा फेरिने छायाँ छैन ।
जस्ताको त्यस्तै नै रहनुहुन्छ, कृपाको अन्त कहिल्यै हुँदैन ।
**कोः महान् विश्वस्तता महान् विश्वस्तता हरेक विहान नयाँ दया देखाई**
**पुऱ्याउनुभो अभाव मेरो तपाईंले, महान् विश्वस्तता हुन्छ मलाई ।**
२. रहुन्जेल पृथ्वी बीउ छर्ने र कटनी, ग्रीष्म र शिशिर जून तारा र घाम
सारा प्रकृति साथ दिन्छन् गवाही तपाईंको कृपा विश्वस्तता प्रेम ।
३. पापको क्षमा अनि खपुवा शान्ति साहस र अगुवाइ दिने तपाईं
आजको शक्ति र भोलीलाई आशा आशिष् प्रशस्त रहन्छन् मलाई ।

## ७४७ (At the Name of Jesus)**स्केल C, ताल C**

१. टेक्ने छ हर घुँडा येशूको नाउँमा हर जिब्रो प्रचार्छ महिमाको राजा
उनलाई प्रभु मान्नु पिताको इच्छा, आदिदेखि हुने वचन ईश्वरका ।
२. नम्र जन्म लिएर पाए नाम प्रभु, पापीलाई बचाउने त्यो नाम हो येशू
विश्वासी निष्पापी अन्तसम्म भई, मरणदेखि ब्यूँति, स्वर्गमा फर्के ।
३. हृदयमा येशूलाई राज गर्न देऊ, सबै हटाइदिन्छन् अपवित्र भूटो
परीक्षा परी उनको आज्ञा मान, उनको इच्छामा छ ज्योति र जीवन ।
४. प्रभु येशू फेरि आउनेछन् हे भाइ परमेश्वरको महिमा स्वर्गदूतगण साथै
अधिकार सब उनमा, भएछ जम्मा, उनलाई मानिलिन्छौ, महिमाको राजा ।

## ७४८ (Crown Him with Many Crowns) **स्केल D, ताल C**

१. धेरै मुकुट लगाउ सिंहासन विराजमान
ईश्वरको थूमा येशूमा गएर स्तुति गान
लौ उठ मेरो प्राण उनको प्रताप सुनाई
जो तेरो लागि दिए ज्यान सदा सर्वदालाई ।
२. ईश्वरको पुत्रको शिरमा राजमुकुट लाऊ
जगको सृष्टिभन्दा अघि परमेश्वर हुनुभो
मानिसको पुत्र भई दुःख कष्ट सब सही
क्रूसमा सबै अपनाउनु भो कि उहाँमा पाउँ शान्ति ।

३. जीवनको प्रभुको शिरमा राजमुकुट लाऊ
मृत्युमाथि जयवन्त भई सबलाई बचाउनुभो
मरणदेखि उठी येशूले दिनुभो
अनन्त जीवन हामीलाई, मृत्युलाई मार्नुभो ।
४. शान्तिको प्रभुको शिरमा राजमुकुट लाऊ
जगत्मा लडाइँको सट्टा होस् प्रार्थना र स्तुति
उहाँको राज ...

## ७४९ (Amazing Grace) **स्केल G, ताल $^3/_4$**

१. उदेकको निगाहले बचायो मलाई, घृणित र पापी थिएँ
हराएको भएँ भेटिएको अन्धो तर पाएँ दृष्टि ।
२. त्यसले डर मान्न सिकायो डरलाई थाम्यो पनि
निगाह लाग्यो कति मीठो विश्वास गर्दा खेरी ।
३. म आपत् खतरा दुःखद्वारा यहाँसम्म आएछु
अनुग्रहले मलाई ल्यायो र लान्छ स्वर्गमा ।

## ७५० (There is a Redeemer) **स्केल D, ताल C**

१. संसारको प्राणकर्ता खालि एउटा हो
येशू खीष्ट पवित्र पुत्र, थुमा ईश्वरको ।
**कोः धन्यवाद हे पिता कि पुत्र दिनुभो**
**साथै पवित्र आत्मा हामीमा खन्याउनुभो ।**
२. येशू मुक्तिदाता सर्वश्रेष्ठ नाम
पाप उठाई लैजाने थुमा हाम्रो लागि दिए प्राण ।
३. स्वर्गमा पुगी हेर्छौं येशूको मुहार
मेरो राजाको म सेवा गर्छु लगातार ।

## ७५१ (Yield Not to Temptation) **स्केल G, ताल $^6/_8$**

१ शैतानसँग लड, हार मान्नु हो पाप
हरेक विजयद्वारा जान तिम्रो प्रताप
कुकर्म हराउन, लड उत्तम लडाइँ
येशूतिर हेर दिनुहुन्छ विजय ।
**कोः येशूसँग आऊ माग शान्ति शक्ति सुरक्षा**
**खुशीसँग सहारा दिनुहुन्छ विजय ।**
२. दुष्टसँग नमिली कामुकता नमान
व्यर्थैमा नलिनु परमेश्वरको नाम
होऊ सत्य विचारशील प्रेमी दयामय
येशूतिर हेर दिनुहुन्छ विजय ।
३. ईश्वर दिनुहुन्छ मुक्ति जित्नेलाई

विश्वासद्वारा जित्छौ सब समस्यालाई
येशूबाट पाउँछन् नयाँ बल र अभय
येशूतिर हेर, दिनुहुन्छ विजय ।

## ७५२ (Be Still) स्केल C, ताल C

१. शान्त हौ कारण पवित्र प्रभु हुनुहुन्छ यहाँ
आदर मान र दण्डवत् गरी आऊ सबै झुकाउनु शिर
पापरहित ईश्वरको पवित्र भूमि यो,
शान्त हौ कारण पवित्र प्रभु हुनुहुन्छ यहाँ ।
२. शान्त हौ वारि पारि चम्कन्छ तेज प्रभुको
महिमा आदरको मुकुट पहिऱ्याई दिनुभयो ।
दुष्ट अचम्मको, ज्योतिको नाम हाम्रो,
शान्त हौ वारि पारि चम्कन्छ तेज प्रभुको ।
३. शान्त हौ कारण शक्ति प्रभुको यस ठाउँमा छ लागू
अनुग्रहले शुद्ध र निको पार्दै जान्छन् येशू ।
जसलाई लाग्छ निराश, उनमा राख विश्वास,
शान्त हौ कारण शक्ति प्रभुको यस ठाउँमा छ लागू

# पुरानो र नयाँ कोरस खण्ड

## १ स्केल Em, ताल C

**हल्लेलूयाह स्तुति-महिमा सर्वदा येशू प्रभुलाई दिन्छौं (२)**
**हा ... हल्लेलूयाह (३) हा ... (हल्लेलूयाह) ३**
१. क्रूसको बलिदानमा रगत बहाउनुभयो (२)
पापलाई हटाई शुद्ध गराई हामीलाई बचाउनुभयो (२)
२. उहाँको पुनरुत्थानमा अनन्त विजय लिई आउनुभो (२)
आज तिमी-हामीलाई यही विजय दिनलाई येशूजी आउनुभयो (२)

## २ स्केल G, ताल ¢

जिउँदो छन्, येशू जिउँदो छन्, मेरो मनमा येशू जिउँदो छन्
संकटमा मेरो सहारा हुन्, येशू सधैं जिउँदो छन् ।

## ३ (Jesus' Name Above All Name) स्केल C, ताल 12/8

येशू सर्वोत्तम नाउँ छ, शान्तिदाता प्रतापी प्रभु

इम्मानुएल ईश्वर हामीसँग धन्य उद्धारक जिउँदो वचन ।

**४** (Let Us All Together) **स्केल G, ताल C**

हामी सबै मिली (२) गाऔं, भजौं, पूजौं ख्रीष्ट येशूलाई (२)
हामी सबै जन मिली गाऔं भजौं पुजौं ख्रीष्ट येशूलाई (२)
गाऔं भजौं पुजौं ख्रीष्ट येशूलाई (४)

**५** (Praise The Name Of Jesus) **स्केल C, ताल C**

येशू नाउँको जय होस् (२), मेरो चट्टान, मेरो किल्ला
मलाई छुडाउने मेरो भरोसा, येशू नाउँको जयजयकार होस् ।

**६** (His Name Is Higher) **स्केल E, ताल C**

नाउँ उनको उच्च छ अरू नाउँभन्दा
नाउँ उनको येशू, येशू प्रभु
नाउँ उनको उदेकको, नाउँ उनको सल्लाहकार
शान्तिको राजकुमार महान् ईश्वर ।

**७** **स्केल D, ताल ¢**

ईश्वरले संसारलाई यस्तो प्रेम गरे (२)
उनले आफ्नो एक मात्र पुत्रलाई दिए (२)
ज-जसले उनमाथि विश्वास गर्छन् (२)
नाश हुँदैनन् तर अनन्त जीवन पाउँछन् (२)

**८** **स्केल C, ताल C**

जीवनको रोटी खाँदैछु र मूलको पानी पिउँदैछु
र येशू भन्छन् जसले पिउँछ उसलाई कहिल्यै तिर्खा लाग्दैन ।
क्या रे तिर्खा लाग्दैन ? कहिल्यै तिर्खा लाग्दैन (२)
र येशू भन्छन्, जसले पिउँछ उसलाई कहिल्यै तिर्खा लाग्दैन ।

**९** **स्केल D, ताल C**

मुक्तिलाई, मुक्तिलाई ग्रहण गर अहिल्यै
जो छ येशूको अनमोल रक्तमा
येशूदेखि यो दान छ तिम्रोलागि नै, ग्रहण गर मुक्ति विनाडर

**१०** (Jesus Makes Absolutely Free) **स्केल G, ताल C**

**कोः येशू पार्दछन् पूरै स्वतन्त्र, कलवरीमा मरे दिन छुटकारा**
**येशू पार्दछन् पूरै स्वतन्त्र, उनको नाउँको जय;**

१. यसैकारण म गाउँछु (२) मेरो पाप क्षमा भयो,
स्वर्ग मेरो घर भयो, (यसैकारण म) ३ गाउँछु ।

२. यसैकारण म खुशी छु (२) मेरो पाप क्षमा भयो,
स्वर्ग मेरो घर भयो, (यसैकारण म) ३ खुशी छु ।

३. यसैकारण म नाच्छु (२) मेरो पाप क्षमा भयो,
स्वर्ग मेरो घर भयो, (यसैकारण म) ३ नाच्छु ।

## ११

**स्केल G, ताल C**

हो (३) प्रभु कति प्रेमी छन् (३)
म कहिल्यै उनको प्रेमलाई भुल्न सक्तिनँ (२)
ईश्वरले संसारलाई प्रेम गर्नुभो (३)
म कहिल्यै उनको प्रेमलाई भुल्न सक्तिनँ (२)
तुच्छ म पापीलाई प्रेम गर्नुभो (३)
म कहिल्यै उनको प्रेमलाई भुल्न सक्तिनँ (२)
पवित्र आत्माले भरिदिनुभो (३)
म कहिल्यै उनको प्रेमलाई भुल्न सक्तिनँ (२)

## १२

(Give Me Oil In My Lamp) **स्केल D, ताल C**

मेरो बत्तीमा तेल दिनोस् प्रभु, मेरो बत्तीमा तेल अहिले
मेरो बत्तीमा तेल दिनोस् प्रभु, तपाईं आउञ्जेलसम्म देऊ ज्योति,
गाऔं होसन्ना (३) राजा येशूको (गाऔं होसन्ना) ३ राजा येशूको ।

## १३

**स्केल G, ताल 2/4**

येशू हाम्रा यहवे निस्सी, येशू हाम्रा यहवे निस्सी
हामी विजयी भन्दा महान् छौं (२) येशूमा (२)

## १४

**स्केल C**

**कोः आउनुहोस पवित्र आत्मा बिन्ती छ (२)**
१. ल्याउनुहोस् चङ्गाइ र मुक्ति (यो हाम्रो हृदयको चीत्कार) २
२. ल्याउनुहोस् जागृति यहाँ (यो हाम्रो हृदयको चीत्कार) २

## १५

(Come And Praise Him) **स्केल C, ताल C**

१. आऊ पुजौं राजपुजारी, आऊ भजौं, पवित्र जाति
भज येशू मुक्तिदाता, उनी प्रिय महिमाका राजा, (हल्लेलूयाह) ८
२. धन्य भनौं उहाँको नाउँलाई, धन्य भनौं उहाँको नाउँलाई
भज येशू मुक्तिदाता, उनी प्रिय महिमाका राजा, (हल्लेलूयाह) ८

## १६

**स्केल G, ताल 9/4**

प्रेम गरी आए, मरी बचाए गाडिँदा पाप मेरो हटाइदिए
ब्युँती उनले मलाई निर्दोष ठहराए आउनेछन् येशू यो खुशीको दिन ।

## १७

(He Lives) **स्केल G, ताल 6/8**

जिउँदो, जिउँदो छन् येशू खीष्ट जिउँदो
होस् अगुवाइ, दिन्छन् मलाई र सङ्गति मीठो
जिउँदो, जिउँदो उतार्न पापदेखि ।
म कसरी निश्चय जान्दछु ? मनमै जिउँछन् उनी ।

## १८
(There Is Power) **स्केल G, ताल C**

भन जय जय, उदेकको शक्ति छ रगतमा, रगतमा
भन जय जय, उदेकको शक्ति छ येशूको अमोल रगतमा ।
येशूको नाउँमा (२) हामीलाई विजय छ,
हल्लेलूयाह येशूको नाउँमा शैतानलाई भगाउनुछ,
जब हामी उनको नाउँमा उभ्छौँ, तब कसले सामना गर्ने ?
येशू, येशू, येशूको नाउँमा हामीलाई विजय छ ।

## १९
**स्केल D, ताल C**

क्रूसैमा क्रूसैमा मलाई परेथ्यो ज्योति मेरो पापको भारी हटिगो'
त्यहाँ विश्वास गरी मैले पाएँ दृष्टि र अहिलेको जीवन खुशी भो' ।

## २०
**स्केल D, ताल C**

लिनोस् तन, अर्पन्छौं लिनोस् मन,
चढाउँछौं लिनोस् धन, पिता (तपाईंकै हौं) २
तपाईंकै शुरु देखि छानेका, तपाईंकै खीष्टको रगतले किनेका
तपाईंकै आत्माको छाप लागेका, (तपाईंकै हौं) २
लिनोस् तन, अर्पन्छौं लिनोस् मन,
चढाउँछौं लिनोस् धन, पिता (तपाईंकै हौं) २

## २१
**स्केल D, ताल $^3/_4$**

हे राजा येशू, तिमीले हाम्रो आत्मालाई जिलायौ
पापको जरो संसारको बन्धन निष्फल तुल्यायौ ।

## २२
(With My Hands Lifted Up) **स्केल G, ताल C**

स्तुतिपूर्ण ओठले, हात उचाली भन्दछु
प्रभु म तपाईंलाई (धन्यको भन्दछु) ३
प्रभु म तपाईंलाई धन्यको भन्दछ ।

## २३
(Rejoice In The Lord) **स्केल G, ताल C**

प्रभुमा सधैं आनन्द गर, फेरि पनि भन्दछु (२)
आनन्द, आनन्द फेरि पनि भन्दछु (२)
प्रभुमा सधैं आनन्द गर, फेरि पनि भन्दछु

## २४
(Thank You Jesus) **स्केल F(D), ताल C**

धन्यवाद येशू (२) धन्यवाद येशू मेरो मनदेखि २
स्तुति होस् प्रभु (२) स्तुति होस् प्रभु मेरो मनदेखि २
हल्लेलूयाह येशू (२) हल्लेलूयाह येशू मेरो मनदेखि २
प्रशंसा होस् प्रभु (२) प्रशंसा होस् प्रभु मेरो मनदेखि २
जयजयकार होस् प्रभु (२) जयजयकार होस् प्रभु मेरो मनदेखि २

## २५ (Yesterday, Today) **स्केल G, ताल $^{6}/_{8}$**

हिजोआज सधैँभरि येशू समान छन् हामी फेर्छौं, उनी मात्र कहिले फेर्दैनन्,
उनको नामको जय (२), हामी फेर्छौं, उनी मात्र कहिले फेर्दैनन् ।

## २६ (Hallelu, Hallelujah) **स्केल G, ताल C**

हल्लेलू (३) हल्लेलूयाह, येशूको जय
येशूको जय, हल्लेलूयाह (३) येशूको जय ।

## २७ (This Is The Day) **स्केल F(D), ताल C**

आजको दिन, आजको दिन उनले सिर्जेका, उनले सिर्जेका
रमाउँदै जाऊँ, खुशी मनाऊँ (र आनन्द गरौं) २
आजको दिन उनले सिर्जेका, रमाउँदै जाऊँ, र खुशी मनाऊँ
आजको दिन (२) उनले सिर्जेका ।

## २८ (Seek Ye First The Kingdom of God) **स्केल C, ताल C**

१. ईश्वरको राज पहिले खोजी गर, उहाँको धार्मिकतामा
सबै थोक तिमीलाई थपिनेछ, हल्लेलू-हल्लेलूयाह ।
हल्लेलूयाह (३) हल्लेलू हल्लेलूयाह ।

२. रोटीले मात्र मानिस बाँच्दैन, तर हरेक वचनले
जो परमेश्वरको मुखबाट निस्कन्छ, हल्लेलू-हल्लेलूयाह ।
हल्लेलूयाह (३) हल्लेलू हल्लेलूयाह ।

३. माग त तिमीलाई दिइनेछ, खोज त भेट्टाउनेछौ,
घचघचाऊ ढोका उघारिनेछ, हल्लेलू हल्लेलूयाह ।
हल्लेलूयाह (३) हल्लेलू हल्लेलूयाह ।

## २९ **स्केल F(D), ताल C**

खुशी-खुशी मनाऔं, खुशी-खुशी मनाऔं (२)
भन-भन, प्रभु येशू ख्रीष्टको जय (२)
मेरो लागि आए, मेरोलागि जिए (२)
मेरो लागि येशूले दुःख उठाए (२)
मेरो लागि मारिएथे, मेरोलागि गाडिएथे (२)
मेरो लागि बौरीउठे, मेरा हुन् येशू (२)
म येशूको हुँ, हामी येशूका हौं ।
खुशी-खुशी मनाऔं, खुशी-खुशी मनाऔं (२)
भन-भन, प्रभु येशू ख्रीष्टको जय (२)

## ३० (Thy Loving Kindness) **स्केल E, ताल C**

१. तपाईंको दया जीवनभन्दा श्रेष्ठ (२)

**कोः धन्यको भन्छु, स्तुति म गर्छु,**
**तपाईंको दया जीवनभन्दा श्रेष्ठ**

२. हात उचाल्दछु तपाईंको नाउँमा (२)

३. सेवा गर्छु प्रभु, सारा हृदयले (२)

## ३१

(Let's Go Up To Zion) **स्केल G, ताल C**

१. ल जाऊँ है सियोनसम्म (३) येशूको नगरमा

**कोः जय हल्लेलूयाह (३) आनन्द मनाऊँ ।**

२. सियोनको राजा येशू (३) राज गर्दै जाऊँ

३. प्रेमी छन् सियोनमा (३) प्रेम गर्दै जाऊँ

४. नाच्दै जाऊ सियोनमा (३) प्रेमी येशूकहाँ

## ३२

(Unto Him be Glory) **स्केल G, ताल C**

उहाँलाई महिमा मण्डलीमा अहिले र सधैँ (२) (उहाँलाई) ४
उहाँलाई महिमा मण्डलीमा अहिले र सधैँ ।

## ३३

**स्केल G, ताल C**

महिमा (३) होस् २ (ईश्वरलाई महिमा होस्, महिमा होस्) २
प्रशंसा (३) होस् २ (ईश्वरलाई प्रशंसा होस्, प्रशंसा होस्) २
धन्यवाद (३) होस् २ (ईश्वरलाई धन्यवाद होस्, धन्यवाद होस्) २

## ३४

**स्केल D, ताल 2/4**

हे सबै जातिका मानिस हो,
हल्लेलूयाह हे, सबै जन हो,
उहाँको तारीफ गर
किनभने हामीप्रति उहाँको करुणा अपार छ
र यहवेको सत्यता सधैँको निम्ति रहन्छ (२)
हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह ।
र यहवेको सत्यता सधैँको निम्ति रहन्छ (२)

## ३५

**स्केल G, ताल 3/4**

(तिम्रा परमेश्वरले बिर्सेका छैनन्
तिम्रो कुरा भुलेका छैनन् तिमीलाई) २
(माग फेरि माग, खोज अझै खोज
घरीघरी घचघचाऊ) २

## ३६

(In His Time) **स्केल C, ताल C**

समयमा, उनको समयमा, सब थोक सुन्दर बन्छन् उनको समयमा
मार्ग मलाई देखाउनुहोस्, दिन व दिन सिकाउनुहोस्
सदा हिँड्नलाई तपाईंको समयमा, समयमा, तपाईंको समयमा,
सब थोक सुन्दर छन् तपाईंको समयमा

जीवन मेरो सुम्पन्छु, स्तुति सदा गाउनेछु,
ग्रहणयोग्य होस् तपाईंको समयमा ।

## ३७ (He Is Lord) **स्केल G, ताल C**

उनी नै हुन् प्रभु, मृत्युबाट बौरने उनी प्रभु
हरेक घुँडा टेक्नेछ, हर जिब्रोले भन्नेछ येशू ख्रीष्ट नै हुन् प्रभु ।
तिमी नै हौ प्रभु, मृत्युबाट बौरने तिमी प्रभु
मेरा घुँडा टेक्नेछन् र जिब्रोले भन्नेछ येशू ख्रीष्ट नै हुन् प्रभु ।

## ३८ (His Name Is Wonderful) **स्केल D, ताल $^3/_4$**

नाउँ उनको उदेकको (३) प्रभु येशू
प्रबल राजा उनी, सबै थोकको धनी
नाउँ उनको उदेकको, प्रभु येशू
असल गोठालो, सनातनको चट्टान
शक्तिमान् ईश्वर उनी
दण्डवत् गरौँ उनलाई, आदर, भक्ति चढाइ,
नाउँ उनको उदेकको, प्रभु येशू ।

## ३९ (Clapping Our Hands) **स्केल G, ताल C**

१. [ताली बजाउँदै, (गाऔँ हल्लेलूयाह) २, ताली बजाऔँ] २
[हल्लेलूयाह (३) ताली बजाऔँ] २
२. [हात उचाल्दै, हामी (गाऔँ हल्लेलूयाह) २, हात उचाल्दै] २
[हल्लेलूयाह (३) हात उचाल्दै] २

## ४० **स्केल G, ताल $^3/_4$**

हामी भेडालाई चराउँछन् खर्कमा, र जम्मा गर्छन् उनको अङ्गालोमा
बोक्छन् उनले आफ्नो काँधमा, र हामीलाई अगुवाइ गर्दछन् ।

## ४१ (I will enter His gate) **स्केल D, ताल ¢**

धन्यवादी भई उहाँको ढोकाभित्र पस्नेछु, आँगनभित्र प्रशंसासाथ,
भन्नेछु यो त्यही दिन जो प्रभुले बनाउनुभो,
खुशी छु, उहाँले (खुशी पार्नुभो) २, (खुशी छु उहाँले खुशी पार्नुभो) २

## ४२ **स्केल G, ताल C**

उहाँले मलाई सत्यनाशको खाडलबाट र
दलदले हिलोबाट तानेर निकाल्नुभयो,
उहाँले मेरा खुट्टाहरूलाई चट्टानमाथि बसाल्नुभयो
उहाँले एउटा नयाँ गीत मेरो मुखमा हालिदिनुभो'
हाम्रो परमेश्वरको स्तुति (४)

## ४३ **स्केल F(D), ताल C**

आओ (२) परमप्रभुको निम्ति हामी गाऔँ
हाम्रो उद्धारको चट्टानको निम्ति (जयजयकार) ३ गरौँ
आओ (२) धन्यवाद गर्दै उहाँको सामुन्ने आओ
भजन गाउँदै (उहाँको) २ (जयजयकार) ३ गरौँ ।

## ४४

**स्केल G, ताल C**

स्वर्गमा, पृथ्वीमाथि, पृथ्वीमुनि भएका हरेक प्राणीले
येशूको नाउँमा घुँडा टेक्नुपर्छ,
परमेश्वर पिताको महिमाको निम्ति हरेक जिब्रोले
येशूलाई नै प्रभु हो भन्नुपर्नेछ ।

## ४५

**स्केल C, ताल ¢**

धन्यवादसाथ उहाँको मूल ढोकाभित्र र प्रशंसा गर्दै उहाँको चोकभित्र पस
उहाँलाई धन्यवाद चढाओ (२), उहाँको नाउँलाई धन्यको भन ।

## ४६

**स्केल Gm (Dm), ताल 6/8**

पर्वतहरूतिर म आफ्नो आँखा उठाउँछु, मलाई गोहार कहाँबाट आउँछ ?
मलाई गोहार परमप्रभुबाट नै आउँछ, जसले स्वर्ग र पृथ्वी सृजनुभो' ।

## ४७

**स्केल D, ताल ¢**

हर बखत म परमप्रभुलाई धन्यको भन्नेछु
उहाँको प्रशंसा निरन्तर मेरो मुखमा (हुनेछ) ३

## ४८

**स्केल C, ताल ¢**

संकष्टमा अति सजिलै पाइने सहायक
परमेश्वर हाम्रो (शरणस्थान र बल हुनुहुन्छ) २
हे देशका, सबै मानिस हो, ताली बजाओ
उच्च स्वरले परमेश्वरको जयजयकार गर (२)
परमेश्वर हाम्रो (शरणस्थान र बल हुनुहुन्छ) २
सेनाहरूका परमप्रभु हाम्रो साथमा हुनुहुन्छ
याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।
उच्च स्वरले परमेश्वरको जयजयकार गर (२)
परमेश्वर हाम्रो (शरणस्थान र बल हुनुहुन्छ) २

## ४९

**स्केल Em, ताल 2/4**

प्रभुले मलाई प्रेम गर्नुभो (२)
मेरो पापको लागि क्रूस बोक्नुभयो,
प्रभुले मलाई प्रेम गर्नुभो (२)

## ५०

**स्केल C, ताल 6/8**

सनातनको प्रभु येशू, सियोनमा हुन् बिराजमान्

उद्धारको ज्योति जो हुन् स्तुतिको योग्य जो छन् ।

**५१** **स्केल G, ताल 6/8**

सन्तान हौँ हामी ख्रीष्टको, गर्छौं प्रशंसा उनको
जसले गरे हाम्रो उद्धार, हटाई पापको भार
यो संसार बिलाइजानेछ, सृष्टि हुनेछ नयाँ संसार (२)
ख्रीष्ट यहाँ गर्नेछन् राज अनन्त विश्वासी जनसाथ (२)

**५२** (Be anxious for nothing) **स्केल F(D), ताल C**

केही कुरामा चिन्तित नहोओ, सबै कुरामा धन्यवादसाथ प्रार्थना गर
परमेश्वरको शान्तिले तिम्रो हृदय र तिम्रो विचारलाई येशूमा रक्षा गर्नेछ ।

**५३** **स्केल G, ताल C**

यस रात रक्षा गर्नोस् प्रभु, सब डर मेटाई
हामीलाई रुङ्नु दूत सबले घाम नहुञ्जेल झुल्काई ।

**५४** **स्केल D, ताल C**

आज रातभरि स्वर्गदूत आऊन्,
पखेटा फैलाई रक्षक भइरहून् ।

**५५** **स्केल G, ताल C**

पिता, पुत्र र आत्माको जगत् र स्वर्गमा धन्य होस्
दूतगण र मान्छे सबै भई उनैको स्तुति होस् सधैँ ।

**५६** (May the grace of our Lord) **स्केल C, ताल 3/4**

प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वर पिताको प्रेम (२)
पवित्र आत्माको सङ्गति हामीसँग सधैँ भइरहोस् ।

**५७** (Hallelujah for the Lord) **स्केल D, ताल 2/4**

हल्लेलूयाह सर्वशक्तिमान् परमेश्वर राज गर्दछन् (२)
आनन्दित होऔँ, खुशी होऔँ, अनि महिमा उनैलाई चढाऔँ ।
हल्लेलूयाह सर्वशक्तिमान् परमेश्वर राज गर्दछन् ।

**५८** (We bring the sacrifice of Praise) **स्केल D, ताल C**

हामी प्रशंसाको बलि ल्याउँछौँ परमेश्वरको घरमा (२)
हामी चढाउँछौँ तपाईंलाई बलिदानहरू धन्यवादका
हामी चढाउँछौँ तपाईंलाई बलिहरू आनन्दका ।

**५९** (There is Joy, Joy) **स्केल D, ताल C**

प्रभुको उपस्थितिमा आनन्द छ, गाऔँ हल्लेलूयाह, (आमेन्) २
नाचौँ, खुशी मनाऔँ आनन्दसाथ प्रभुको अघि नाचौँ (२)

**६०** (Jesus Christ is the Lord of All) **स्केल G, ताल C**

(येशू ख्रीष्ट नै प्रभु हुन् सब पृथ्वीका प्रभु) २
एक मात्र ईश्वर राष्ट्रहरूमाथि, एक मात्र परमेश्वर
अरू नाउँमा छैन त्यो मुक्ति येशू ख्रीष्ट नै सबका प्रभु २

## ६१ (Hosanna in the highest) **स्केल G, ताल C**

१. होसन्ना, होसन्ना, होसन्ना येशू राजालाई (२)
उहाँको नाउँ उचालौँ र प्रशंसा चढाऔँ
हाम्रो प्रभुलाई स्तुति होस्, होसन्ना येशू राजालाई ।
२. महिमा, महिमा, महिमा येशू राजालाई (२)
उहाँको नाउँ उचालौँ र प्रशंसा चढाऔँ
हाम्रो प्रभुलाई स्तुति होस्, महिमा येशू राजालाई ।
३. प्रशंसा, प्रशंसा, प्रशंसा येशू राजालाई (२)
उहाँको नाउँ उचालौँ र प्रशंसा चढाऔँ
हाम्रो प्रभुलाई स्तुति होस्, प्रशंसा येशू राजालाई ।

## ६२ (I will call upon the Lord) **स्केल D, ताल C**

म परमेश्वरलाई पुकार्छु, स्तुतिको योग्य उनी
म मेरो शत्रुबाट बच्नेछु ।
(परमेश्वर जिउँछन्, धन्य होस्, मेरो चट्टान
मेरो मुक्तिदाता उच्च गरियोस्) २

## ६३ (Blessed be the name of the Lord) **स्केल D, ताल C**

धन्य होस् प्रभु येशूको नाउँ, उनी छन् प्रशंसा भक्तिका योग्य
यसैले उचालौ एक साथ हाम्रा हात गाउँदै, धन्य होस् त्यो नाउँ,
धन्य होस् त्यो नाउँ
धन्य होस् प्रभु येशूको नाउँ ।

## ६४ (Worthy you are worthy) **स्केल C, ताल C**

१. योग्य, तपाईं योग्य, सबका राजा, सबका प्रभु, तपाईं योग्य,
योग्य, तपाईं योग्य, सबका राजा, सबका प्रभु, गर्छु प्रणाम् ।
२. पवित्र, तपाईं पवित्र, सबका राजा, सबका प्रभु, तपाईं पवित्र,
पवित्र, तपाईं पवित्र, सबका राजा, सबका प्रभु, गर्छु प्रणाम् ।
३. येशू, तपाईं येशू, सबका राजा, सबका प्रभु, तपाईं येशू,
येशू, तपाईं येशू, सबका राजा, सबका प्रभु, गर्छु प्रणाम् ।

## ६५ (For Thee oh Lord) **स्केल D, ताल C**

(तपाईं प्रभु, सब पृथ्वीमाथि प्रभु हुनुहुन्छ,
सबै देवहरूभन्दा महान् परमेश्वर) २
म उचाल्छु (३), तपाईंलाई (स्तुति गर्छु) ३, तपाईंलाई ।

## ६६ (Worthy, O Worthy are you Lord) **स्केल D, ताल C**

(योग्य, अति योग्य परमेश्वर तपाईं, धन्यवाद,
प्रशंसा आराधना, भक्तिका योग्य) २
(गाउँछौं हल्लेलूयाह, थुमा सिंहासनमा
आराधना भक्ति चढाउँछौं, जनाउँछौं महिमा,
हल्लेलूयाह, महिमा राजालाई
विजयीभन्दा विजयी तपाईं सबका परमेश्वर) २

## ६७ (Father In Heaven) **स्केल C, ताल C**

स्वर्गीय पिता हामी प्रेम गर्छौं, उच्च पार्छौं तपाईंको नाउँ,
हाम्रो स्तुतिमा स्थापित होस् त्यो राज्य,
जसै गर्छौं महान् कामको प्रचार
धन्य होस् प्रभु महान् ईश्वर जो थिए, छन् र हुन आउँछन्
धन्य होस् प्रभु महान् ईश्वर राज गर्छन् जसले सदा ।

## ६८ (I Will Lift Your Name On High)**स्केल G, ताल C**

म उच्च पार्नेछु त्यो नाउँ (२)
म झण्डाझैँ उच्च पार्छु आकाशमा
म उच्च पार्नेछु त्यो नाउँ ।

## ६९ (We Have Come Into His House)**स्केल G, ताल C**

१. आराधना गर्न हामी सबै भेला भएका छौँ (२)
आराधना गर्न हामी सबै भेला भएका छौँ आज,
आराधना गरौँ येशूलाई ।
२. बिर्सी आफै-आफैलाई, एकाग्र हौँ प्रभु ख्रीष्टमा (२)
बिर्सी आफै-आफैलाई, एकाग्र हौँ प्रभु ख्रीष्ट येशूमा,
आराधना गरौँ येशूलाई ।
३. उनी मेरो धार्मिकता, रहन्छ दृढ भई सदासर्वदा (२)
उनी मेरो धार्मिकता, रहन्छ दृढ भई सदासर्वदा उनमा,
आराधना गरौँ येशूलाई ।
४. पवित्र हात उचाली, गरौँ उनको नाउँको बढाइ (२)
पवित्र हात उचाली, गरौँ उनको नाउँको बढाइ,
आराधना गरौँ येशूलाईं ।

## ७० (Come and bow before Him) **स्केल C, ताल C**

आराधना गरौँ, उनलाई दण्डवत् गरौँ,
(स्तुतिको गीत गाउँदै, हल्लेलूयाह भन्दै हल्लेलूयाह) ३ आमेन् ।

## ७१ (Majesty, Worship His Majesty) **स्केल G, ताल C**

महिमा गरौँ, आराधना येशूलाई होस्
सबै महिमा, प्रशंसा, आदर, होस् महिमा
राज्यको अधिकार सिंहासनदेखि बग्छ हामीप्रति
गाऔँ उनैको गान ।
उच्च पारौँ, माथि अग्ल्याऔँ येशूको नाउँलाई
बढाइ गरौँ, महिमित पारौँ, ख्रीष्ट राजालाई
महिमा गरौँ, आराधना,
येशू मरे आज, महिमित बने राजाहरूका राजा ।

**७२** (I Worship You) **स्केल D, ताल C**

आराधना गर्छु, महान् प्रभु
तपाईंभैँ छैन अरू
आराधना गर्छु, शान्तिका कुमार
यसै गर्न चाहन्छु, म स्तुति गर्छु
तपाईं मेरो धार्मिकता, आराधना गर्छु महान् प्रभु,
तपाईंभैँ छैन अरू ।

**७३** **स्केल D, ताल C**

येशू जिउँदो छन्, हाम्रो माझ खडाछन् (२)
र यसैले आराधना गरौँ, प्रशंसा जयजयकार उनैलाई चढाऔँ (२)

**७४** (Jesus Shall Take The Highest Honour) **स्केल G, ताल C**

येशूले लिन्छन् उच्च आदर, येशूले लिन्छन् प्रशंसा
पृथ्वी, स्वर्ग एक साथ उच्च पार्छन्,
अरू नाउँभन्दा उच्च त्यो नाउँ,
घुँडाटेकौँ आदर र भक्तिमा,
त्यस नाउँमा टेक्नेछन् सब घुँडा,
सब जिब्रोले स्वीकारुन् उनी ख्रीष्ट ईश्वर-पुत्र,
महाराजा, दिन्छौँ महिमा
सबै आदर र भक्ति र शक्ति तपाईंकै हुन्, तपाईंकै हुन् (२)
प्रभु येशू ख्रीष्ट जीवित ईश्वरका पुत्र ।

**७५** (I love you, Lord) **स्केल F(D), ताल C**

प्रेम गर्छु प्रभु, म स्वर उचाल्छु
आराधना गर्न मेरो मन रमाओस्
आनन्द लिनोस् जे सुन्नुहुन्छ,
त्यही मीठो आवाज होस् तपाईंको कानमा ।

**७६** (When the Spirit of the Lord) **स्केल Em, ताल C**

१. जब प्रभुको आत्मा मेरो हृदयमा छ म गाउँछु दाऊद भैँ (२)

म गाउँछु, म गाउँछु, म गाउँछु दाऊद झैँ (२)

२. जब प्रभुको आत्मा मेरो हृदयमा छ स्तुति गर्छु दाऊद झैँ) २
स्तुति गर्छु, स्तुति गर्छु, स्तुति गर्छु दाऊद झैँ) २

३. जब प्रभुको आत्मा मेरो हृदयमा छ ताली बजाउँछु दाऊद झैँ) २
ताली बजाउँछु, ताली बजाउँछु, ताली बजाउँछु दाऊद झैँ (२)

४. जब प्रभुको आत्मा मेरो हृदयमा छ म नाच्छु दाऊद झैँ (२)
म नाच्छु, म नाच्छु, म नाच्छु दाऊद झैँ) २

**७७** (Jesus we Enthrone You) **स्केल G, ताल ¢**

येशू हामी उचाल्छौँ, राजा घोषणा गर्दछौँ
तपाईंलाई हाम्रो बीचमा प्रशंसासाथ उचाल्दछौँ
हाम्रो स्तुतिमा राज गर्नुहोस् (३) आउनोस् येशू, राज गर्नुहोस्

**७८** (Bring forth the Royal Robe) **स्केल D, ताल $^2/_4$**

(राजकीय पोशाक ल्याई, मुकुट स्तुतिको चढाई
प्रभु येशूलाई दिऔँ शक्ति र बल) २
राजाहरूका राजा, परमप्रभु युद्धमा बलवान्, शान्तिका राजकुमार।
महान् ईश्वर, राजा सदाका।

**७९** (Give Thanks With A Grateful Heart) **स्केल G, ताल C**

(धन्यवाद चढाऔँ हृदयदेखि, धन्यवाद पवित्र परमेश्वरलाई
धन्यवाद उहाँले दिनुभो येशू ख्रीष्ट आफ्नो पुत्र) २
(भन निर्बलले म बलियो छु, गरीबले म धनी छु
कारण उहाँले जे गर्नुभो हाम्रो लागि) २, धन्यवाद।

**८०** (Faith, Mighty Faith) **स्केल G, ताल $^6/_8$**

विश्वासले प्रतिज्ञादेखि ईश्वरलाई मात्र हेर्छ
असम्भवलाई नहेरेर भन्छ, "गरिनेछ" (भन्छ "निश्चय गरिनेछ") २
अअसम्भवलाई नहेरेर भन्छ "गरिनेछ"

**८१** (What a Mighty God we Serve)**स्केल D, ताल C**

सेवा गर्छौं महान् प्रभुको (२) दूतगणले उनलाई ढोग्छन्,
स्वर्ग, पृथ्वी पुज्छन्, सेवा गर्छौं महान् प्रभुको।

**८२** (He is the King of Kings) **स्केल D, ताल C**

राजाहरूका राजा, प्रभुहरूका प्रभु
नाउँ उनको (येशू) ४ उनी हुन् राजा।

**८३** (Through Our God, We shall do Valiantly) **स्केल Dm, ताल C**

(प्रभुद्वारा बहादुरी गर्नेछौं, उहाँले हाम्रा शत्रुलाई कुल्चनुभो हामी
गाउँछौं र कराउँछौं, जय ख्रीष्ट महान् राजा।

कारण खीष्टले जय पाउनुभो आफ्नालाई छुडाउनुभो
उहाँकै वचनले शत्रु मरेका पृथ्वी उठेर त्यो देख्नेछ) २

**८४** (Come on and Celebrate) **स्केल G, ताल C**

आऊ, हामी उत्सव मनाऔँ, उत्सव मनाऔँ प्रेमदानको लागि
ईश्वर-पुत्रले प्रेम गरी जीवन दिए, स्तुति चढाउँदछौँ कसैले नदिने
आनन्द दिनुभो, भेटी लिएर आउँदछौँ, उत्सवको स्तुतिमा,
(आऊ हामी उत्सव मनाऔँ) २, (उत्सव मनाउँदै गाऔँ) २ राजालाई ।

**८५** (Come Let Us Worship and Bow Down) **स्केल D, ताल C**

आऔँ हामी आराधना गरौँ, सृष्टिकर्ताकै साम् घुँडा टेकौँ
आऔँ हामी दण्डवत् गरौँ, सृष्टिकर्ताकै साम् घुँडा टेकौँ,
उहाँ नै हाम्रा परमेश्वर हुन् र हामी उहाँको खर्कका प्रजा
र उहाँका हातका भेडा हौँ र उहाँका हातका भेडा हौँ ।

**८६** (It's Your Blood that Cleanses Me) **स्केल C, ताल C**

रगतले मलाई धुन्छ, रगतले जीवन दिन्छ,
रगत नै मेरो साटोमा आयो उद्धारको बलिदानमा
मलाई धुन्छ, हिउँभन्दा सेतो पारेर, पारेर
मेरा येशू प्रभुको उत्तम बलिदान ।

**८७** (Create in Me A Clean Heart) **स्केल G, ताल C**

ममा शुद्ध हृदय सृजनोस्, प्रभु, सत्य आत्मा पुनर्जीवित पार्नोस् (२)
मलाई तपाईंको सामुन्नेबाट नफाल्नोस्, मबाट पवित्र आत्मा नलैजानोस्,
मुक्तिको उमङ्ग मलाई फेरि दिनुहोस्, (सत्य आत्मा पुनर्जीवित पार्नोस्) २

**८८** **स्केल C, ताल C**

तिम्रो इच्छा पूरा होस्, तिम्रो हातमा मेरो जीवन छ
म माटो हुँ, तिमी हौ कुमाले, मलाई बनाउ, मलाई उठाऊ
आफ्नो खुशीमा म हिँडिरहेँ, तिम्रो कुरा मैले सुनिनँ
(तर प्रभु, आज म तिम्रो क्रूसलाई उठाउने छु) २

**८९** (Salvation Belongs To Our God) **स्केल G, ताल C**

मुक्ति छ हाम्रो प्रभुमा, जो सिंहासनमा विराजमान् छन्
उनै थुमालाई स्तुति, महिमा, ज्ञान, धन्यवाद,
आदर, शक्ति र बल (येशूलाई होस् सदासर्वदा) ३ आमेन् ।
उद्धार पाएकाहरू बलिया हुन्छन्, एकतामा घोषणा गर्दै
स्तुति, महिमा, ज्ञान, धन्यवाद, आदर, शक्ति र बल
(येशूलाई होस् सदासर्वदा) ३ आमेन् ।

**९०** (Sing Hallelujah) **स्केल Cm (Bm), ताल C**

१. (गाऊँ हल्लेलूयाह प्रभुलाई) २, (गाऊँ हल्लेलूयाह) २, गाऊँ हल्लेलूयाह प्रभुलाई ।
२. (येशू संसारको ज्योति हुन्) २, (येशू संसारको) २, येशू संसारको ज्योति हुन् ।
३. (राज गर्न फेरि आउनेछन्) २, (राज गर्न फेरि) २, राज गर्न फेरि आउनेछन् ।

## ९१ (Celebrate, Jesus) **स्केल D, ताल $^2/_4$**

उत्सव मनाऔं, येशूको उत्सव मनाऔं (२) उनी बौरी उठेका छन्,
राज्य गर्छन् सदासर्वदा उनी बौरी उठेका छन्
आऔं हामी उत्सव मनाऔं पुनरुत्थान हाम्रो प्रभुको ।
आऔं, हामी उत्सव मनाऔं, प्रेमदानको लागि,
ईश्वरपुत्रले प्रेम गरी जीवन दिए,
स्तुति चढाउँछौ, कसैले नदिने आनन्द दिए,
भेटी लिएर आउँदछौ उत्सवको स्तुतिमा, आऔं, हामी उत्सव मनाऔं,
उत्सव मनाउँदै गाऔं, उत्सव मनाउँदै गाऔं राजालाई,
आऔं, हामी (उत्सव मनाऔं) २ (उत्सव मनाउँदै गाऔं) २ राजालाई ।

## ९२ **स्केल Em, ताल $^2/_4$**

(अनन्तकालसम्मै होस् तपाईंको महिमा) ४
हे परमपिता, हे महान् ईश्वर, हे पुत्र ख्रीष्ट, हे आत्मा पवित्र
(युगानुयुग) ३ होस्, (महिमा) ६ होस् ।

## ९३ (There's Gonna be Revival in our Land)**स्केल G, ताल $^4/_4$**

अब जागृति आएकोछ यो देशमा (२)
पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म
अब जागृति आएकोछ (३) यो देशमा
येशू माथि उचालिनुहुनेछ यो देशमा (२)
मेचीदेखि महाकालीसम्म, हिमालयदेखि तराईसम्म येशूलाई
येशूलाई सबैले चिन्नेछन्
येशू माथि उचालिनुहुनेछ यो देशमा ।

## ९४ (We want to see Jesus Lifted High)**स्केल G, ताल $^4/_4$**

(येशू माथि उचालिएका देख्न चाहन्छौं यो देशमा
सबैले यो सत्य जानेको, उनी हुन् बाटो स्वर्गको) २
(चाहन्छौं (देख्नलाई) २ येशू उचालिएका) २
पाइला-पाइला टेकी अघि बढ्छौं, जग्गा आफ्नो बनाउँदै
प्रार्थना हो यो शक्तिशाली हतियार
किल्लाहरू फोर्दै (भत्काउने) २

## ९५ (Lord, Pour Out Your Spirit) **स्केल F, ताल C**

प्रभु, आत्मा खन्याउनोस् संसारका सब मानिसहरूमा
तपाईंका छोराछोरीले बोलून् अगमवाणी

सपना र दर्शन पठाई, आफ्नो हृदय दर्साउनुहोस्, विश्वास बढिरहेछ,
स्वर्गले गुञ्जाओस् तपाईंको आउने दिन ।
अब ठूलो जगाउने काम हुनेछ
अब ठूलो जागृति आउनेछ यस देशमा
अब ठूलो जगाउने काम हुनेछ
(र ज-जसले येशूलाई पुकार्छन् ती सब बाँच्नेछन्) २
प्रभु, आत्मा खन्याउनुहोस् संसारका सब राष्ट्रहरूमा
तपाईंको महिमा देखेर ती सबले दण्डवत् गरुन्,
प्रभु, देखाउनुहोस् शक्ति, स्वर्ग-पृथ्वी हल्लाई,
संसार पर्खिरहेछ, सृष्टिले देखून् तपाईंको आउने दिन ... ।

## ९६ (The Day of Elijah) **स्केल A, ताल $^2/_4$**

यी दिन हुन् एलियाको झैँ वचन प्रचार गर्ने
यी दिन हुन् प्रभुको दास मोशाको झैँ धार्मिकता स्थापित गर्ने
यस्तै यी दिन हुन् ठूला परीक्षा, अनिकाल, लडाइँका
हामी हौँ उजाड-स्थानमा कराउने स्वर प्रभुको बाटो बनाऊ ।
हेर उनी आउँछन् बादलमा सूर्यझैँ चम्कँदै तुरहीको आवाजमा
चर्को गरी कराऊ छुट्काराको वर्ष, सियोनबाट अझै आउँछ उद्धार ।
यी दिन हुन् इजकिएलका झैँ, सुख्खा हड्डी शरीर बन्ने
यी दिन हुन् प्रभुका दास दाऊदको झैँ, प्रशंसा गर्ने, मन्दिर बन्ने
अनि यी दिन हुन् कटनीका संसारका खेतहरू
हामी हौँ प्रभुका खेतका खेताला वचन घोषणा गर्ने ।
(हेर उनी आउँछन् बादलमा, सूर्यझैँ चम्कँदै तुरहीको आवाजमा
चर्को गरी कराऊ छुटकाराको वर्ष, सियोनबाट अझै आउँछ उद्धार) २
यहवे झैँ छैन ईश्वर (७) ।

## ९७ (Rise Up) **स्केल E, ताल $^4/_4$**

जागौँ शक्तिशाली जाति खडा हौँ यो धर्तीमा,
लिऔँ तरवार आत्माको, भत्काऊँ योजना शत्रुको
(जब उहाँ बिउँतनुभो') २ येशू बिउँतनुभो'
(हराउनुभो') २ शत्रुहरूलाई ।

## ९८ (Fear Not) **स्केल Am, ताल $^4/_4$**

नडराऊ, म तिमीसँग छु (३) भन्छन् प्रभु
उद्धार गरी तिमीलाई बोलाएको छु, तिमी मेरा हौ,
पानीबाट भएर जाँदा म त्यहाँ हुनेछु,
आगोमा पनि तिमी कहिल्यै डुब्ने छैनौँ
तिमी कहिल्यै जल्ने छैनो, कारण म तिमीसँग छु ।

## ९९ (Be Bold) स्केल A, ताल $^{4}/_{4}$

(साहसी हौ) २ (बलियो हौ) २, परमप्रभु तिमीसँग छन्
म डराउने छैन, छैन, छैन, छैन निराश हुने छैन, छैन, छैन
म हिँड्दैछु, विश्वास र जयमा, आऊ हिँडौं विश्वास र जयमा
परमप्रभु तिमीसँग छन्।

## १०० (My Life is in You) स्केल G, ताल $^{2}/_{4}$

(मेरो जीवन तपाईंमा छ मेरो बल तपाईंमा छ
मेरो आशा तपाईंमा छ (तपाईंमा) २) २
स्तुति गर्छु सारा जीवनले, स्तुति गर्छु मेरो सारा बलले
सारा जीवनले, मेरो सारा बलले, मेरो सबै आशा छ (तपाईंमा) ४
(मेरो जीवन तपाईंमा छ मेरो बल तपाईंमा छ
मेरो आशा तपाईंमा छ (तपाईंमा) २) २

## १०१ (You are my Strength) स्केल G, ताल $^{4}/_{4}$

तपाईं मेरो बल प्रभु, तपाईं मेरो सहायता, तपाईं जसलाई म पुकार्छु,
तपाईं मेरो ढाल, प्रभु, मेरो जीवन अर्पन्छु, कारण तपाईं सर्वेसर्वा मेरो।

## १०२ (Jesus x 4 holy) स्केल G, ताल $^{4}/_{4}$

(येशू) ४ पवित्र र अभिषिक्त येशू,
तपाईंको नाउँ महझैँ मेरो जिब्रोलाई
तपाईंको आत्मा पानीझैँ मेरो आत्मालाई
तपाईंको वचन दियोझैँ मेरो पाउलाई।
येशू, प्रेम गर्छु, प्रेम गर्छु।

## १०३ (All Honour) स्केल Em, ताल $^{4}/_{4}$

सारा आदर, सारा महिमा, सारा शक्ति तपाईंलाई (२)
पवित्र पिता, आराधना गर्छौं, अनमोल येशू हाम्रो उद्धारक,
(पवित्र आत्मा, बाटो हेर्छौं) २ (जागृतिको लागि) ३

## १०४ (Forever you will be) स्केल A, ताल $^{4}/_{4}$

उनी हुन्छन् सदा थुमा सिंहासनमा
खुशीसाथ घुँडाटेकी म गर्छु आराधना।

## १०५ (Lamb of God) स्केल A, ताल $^{2}/_{4}$

ईश्वर थुमा, पवित्र येशू ख्रीष्ट, ईश्वर पुत्र,
उचालिए राजी भई मर्नलाई
मजस्तो दोषीले जानूँ रगत बग्यो,
अझ बग्दैछ, शुद्ध पार्दै, निको पार्दै।

म उच्च पार्छु येशू, मेरो बलिदान,
उच्च पार्छु मुक्तिदाता, मेरा प्रभु
म उच्च पार्छु, परमेश्वरका थुमा,
दण्डवत् गर्छु तपाईंलाई सिंहासनअघि ।

## १०६ (For I'm Building) **स्केल D, ताल 2/4**

म बनाउँदैछु शक्तिशाली जाति जसले गर्नेछ मेरो स्तुति,
मेरो आत्मा बहनेछ यो देशमा र हुनेछ मेरो नाउँको महिमा ।
बनाउनोस् प्रभु आफ्नो मण्डली, हामीहरूलाई बलियो बनाई
एउटै बनाउनोस् आफ्नो शरीरमा, आफ्नो पुत्रको राज्यमा ।

## १०७ **स्केल G, ताल 4/4**

स्वतन्त्र गराउनुहोस् पवित्र आत्मा हामीलाई (२)
गाउन गीत आराधनाको येशूलाई
आराधना गर्न हृदयले प्रेम गर्न शक्तिले (२)

## १०८ **स्केल G, ताल 4/4**

सुख्खा भयो मरुतुल्य, के भो जीवन अमूल्य ?
कहाँ गयो हरियाली, बाँझो भयो धर्ती
बर्साऊ, प्रभु, बर्साऊ फेरि आत्मा हामीमाथि
भर प्रभु, भर फेरि जीवन यो खाली-खाली ।
शैतान हाम्रो गर्छ उपहास, पठाऊ त्यो हुरी-बतास
पाप हाम्रो गर्छौं स्वीकार, फर्काऊ हाम्रो अधिकार;
हँसाऊ प्रभु, हँसाऊ फेरि पुछ आँखा हाम्रो
सजाऊ प्रभु, सजाऊ फेरि उजाड जीवन हाम्रो ।

## १०९ (Anoint Me With) **स्केल E, ताल 4/4**

अभिषेक गर्नुहोस्, भर्नोस् पवित्र आत्माले (२)
तपाईंको योजना बुझ्न सहायता गर्नुहोस् (२)
नजीक हुन चाहन्छु, अति नजीक हुन (२)
नजीक हुन चाहन्छु (तपाईंकै) ३

## ११० (As the hills Surround) **स्केल C, ताल 3/4**

यरुशलेमलाई पहाडहरूले घेरेझैं
प्रभु घेर्छन् आफ्ना मानिसहरूलाई
घेर्नुहोस् हामीलाई प्रभु (२)
तपाईंको उपस्थितिमा ल्याई,
घेर्नुहोस् हामीलाई प्रभु ।

## १११ **स्केल D, ताल 2/4**

**कोः परमेश्वरको चोखो वेदीमा, चढाउँछु यो मेरो जीवन (२)**
**मेरो सारा हृदयले (२) तपाईंलाई महिमा होस् (२)**

१. मेरो परमेश्वर, मेरो सहारा, तपाईंको वचन मेरो ज्योति (२)
अन्धकारमा पनि ज्योति दिने (२) तपाईंलाई महिमा होस् (२)

२. उचाल्छु मेरा यी दुइ हात धन्यवादको भेटी दिनलाई (२)
मेरो सारा हृदयले (२) तपाईंलाई जयजयकार होस् (२)

## ११२

**स्केल G, ताल C**

तपाईं मेरो प्रभु, तपाईं मेरो राजा
तपाईं अति महिमित पृथ्वी र स्वर्गमा २
आराधना गर्छु म तपाईं प्रभु येशूलाई
महिमित पार्छु म तपाईंको नाउँ २

## ११३

**स्केल Em, ताल 2/4**

प्रभु धन्यवाद, प्रभु प्रशंसा, प्रभु महिमा हामी चढाउँछौं
तपाईंको प्रेमको निम्ति, तपाईंको हृदयको निम्ति
गाउने छौं गीत हामी मिली, (हल्लेलूयाह) ३

## ११४

(Blessing, Honour And Glory) **स्केल E, ताल 4/4**

आदर र महिमा र (जय तपाईंलाई होस्) ३
आदर र महिमा र जय तपाईंलाई होस्
सिंहासनमा तपाईंलाई स्तुति, स्तुति सबैले भनून् स्तुति
स्तुति, स्तुति सिंहासनमा तपाईंलाई
हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह (२)
हा ... हा ... हा ... हल्लेलूयाह (२)
हल्लेलूयाह (४) आमेन्, (हल्लेलूयाह आमेन्) ५

## ११५

(Father, I Adore You) **स्केल E, ताल 4/4**

१. पिता आराधना गर्छु, मेरो जीवन अर्पण गर्छु
म तपाईंलाई प्रेम गर्छु ।

२. येशू आराधना गर्छु, मेरो जीवन अर्पण गर्छु
म तपाईंलाई प्रेम गर्छु ।

३. पवित्र आत्मा आराधना गर्छु, मेरो जीवन अर्पण गर्छु
म तपाईंलाईं प्रेम गर्छु ।

## ११६

(Change My Heart) **स्केल E, ताल C**

(बद्ली गर्नोस् मेरो हृदय, सधैंको लागि साँच्चै
बद्ली गर्नोस् मेरो हृदय, हुन सकूँ तपाईंजस्तै) २
तपाईं कुमाले, म हुँ माटो, बनाउनोस् मलाई तपाईंको भाँडो ।

**११७** (I'll Celebrate) **स्केल Em, ताल $^2/_4$**

उत्सव मनाउँछु गीत म गाउँनेछु,
नयाँ गीत म उनको गाउँछु २
स्तुति गर्छु, नयाँ गीत म उनको गाउँछु (२)
हल्लेलूयाह (४) हल्लेलूयाह, हल्लेलूयाह ।

**११८** (In the Name of Jesus) **स्केल E, ताल $^4/_4$**

येशूको नाउँमा (२) विजय हाम्रो छ
येशूको नाउँमा (२) शैतान भाग्नेछ
जब खडाहुन्छौँ येशूको नाउँमा, भन को टिक्न सक्दछ ?
येशूको शक्तिशाली नाउँमा, विजय हाम्रो छ ।

**११९** (Yes, I Love You) **स्केल E, ताल $^4/_4$**

म तपाईंलाई खीष्टको प्रेमले प्रेम गर्छु (२)
म तपाईंमा देख्दछु परमेश्वरको सुन्दरता
म तपाईंलाई खीष्टको प्रेमले प्रेम गर्छु ।

**१२०** **स्केल G, ताल C**

विश्वास गर, निराश नहोऊ, खीष्ट साँचो मित्र हुन्
जस्तै दुःख भए पनि उनले साथ दिनेछन्
दुःखको दिनमा गाऔँ, सुखको दिनमा गाऔँ
प्रतिदिन जहाँ पनि हामी गाउनेछौँ ।

**१२१** (Glory, Glory to the King) **स्केल D, ताल $^2/_4$**

महिमा राजाहरूका राजालाई महिमा, महिमा, थुमालाई (२)
सिंहासनमा विराजमान् छन्, धार्मिकताका परमेश्वर,
उनले हामीलाई बचाए उनैसँग राज गर्न, उठौँ...
धार्मिकताको खोजी गर्न, दिए उद्धारको पोशाक
राष्ट्रहरूलाई प्रचार गरौँ उनको महिमा, उठौँ... ।

**१२२** **स्केल G, ताल $^2/_4$**

आओ दण्डवत् गरौँ र निहुरौँ
हाम्रा सृष्टिकर्ता परमप्रभुकै साम्‌ु घुँडाटेकौँ
किनभने उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ
र हामी उहाँका खर्कका प्रजा, उहाँका हातका भेडाहौँ ।

**१२३** (Worthy) **स्केल E, ताल $^4/_4$**

योग्य (३) योग्य छन्, थुमा जो मारिए २
पवित्र प्रभु (३) सर्वशक्तिमान् ।

**१२४** (Holy, Holy, Holy Lord) **स्केल D, ताल $^4/_4$**

पवित्र, पवित्र, पवित्र प्रभु, शक्तिमान् प्रभु
स्वर्ग-पृथ्वी भरिन्छ उनको महिमाले
होसन्ना, होसन्ना, अति उच्चमा (२)

## १२५ (Bless the Lord, O My Soul) **स्केल G, ताल $^4/_4$**

मेरो मन धन्य भन ममा जो-जति छन्
उनको पवित्र नाउँलाई सबले धन्य भन
राजा हुन् राजाहरूका, प्रभु हुन् प्रभुहरूका
राजा हुन् राजाहरूका, सधैं-सधैंका लागि ।

## १२६ (Not By Might) **स्केल E, ताल $^2/_4$**

न ता बलले न शक्तिले, प्रभु भन्छन्, मेरो आत्माले (२)
यो पहाड हटिजानेछ (३), प्रभु भन्छन् मेरो आत्माले ।
यो आँधी थामिनेछ (३), प्रभु भन्छन् मेरो आत्माले ।
यो जुवा भाँचिनेछ (३), प्रभु भन्छन् मेरो आत्माले ।

## १२७ (There's A River) **स्केल E, ताल $^4/_4$**

जहाँ नदी बग्छ, त्यहाँ पूर्णता, पिताको वासस्थानबाट बग्दछ,
येशू जीवन हुन्, उनी त्यो नदी, जो आत्माद्वारा हामीबाट बग्दछन् ।

## १२८ **स्केल E, ताल $^4/_4$**

१. तपाईंको नदीछेउ आउन दिनोस् (३)
आउन दिनोस्, पिउन दिनोस्, जिउन दिनोस् ।
२. तपाईंको नदीबाट पिउन दिनोस् (३)
आउन दिनोस्, पिउन दिनोस्, जिउन दिनोस् ।
३. तपाईंको नदीद्वारा जिउन दिनोस् (३)
आउन दिनोस्, पिउन दिनोस्, जिउन दिनोस् ।

## १२९ (Grace There Is My Every Debt To Pay) **स्केल E, ताल $^4/_4$**

अनुग्रह छ सब ऋण चुकाउनलाई
रगत सबै पाप मेटाउनलाई
शक्ति सधैं शुद्ध राख्नलाई, मसीहमा छ ।

## १३० (To Be Like Jesus) **स्केल E, ताल $^4/_4$**

(येशूजस्तै (२) हुन चाहन्छु येशूजस्तै, थोरै नापमा होइन
उनको पूर्णतामा, हुन चाहन्छु येशूजस्तै) ३

## १३१ (From The Rising of the Sun) **स्केल E, ताल $^4/_4$**

सूर्योदयदेखि सूर्यास्तसम्म प्रभुको प्रशंसा हुनुपर्छ (२)
प्रशंसा गर उनका सबै सेवकहरू हो
उनको नाउँको प्रशंसा, उनको नाउँ धन्यको होस्

अहिलेदेखि सदासर्वदा ।

## १३२ (The Joy of the Lord) **स्केल E, ताल $^2/_4$**

प्रभुको आनन्द मेरो बल हो (४)
हाँसोले भरिन्छ मेरो मुख हा हा हा (३)
प्रभुको आनन्द मेरो बल हो,
हा ... हा ... हा ... हल्लेलूयाह (४)
प्रभुको आनन्द मेरो बल हो ।

## १३३ **स्केल E, ताल $^4/_4$**

(धन्यवाद, येशू (२), धन्यवाद प्रेमको लागि) २
(कलवरी जानुभो, त्यहाँ तपाईं मर्नुभो, धन्यवाद प्रेमको लागि) २
(तपाईं जिइउठ्नुभो, नयाँ जीवन दिनुभो, धन्यवाद प्रेमको लागि) २

## १३४ **स्केल G, ताल $^2/_4$**

१. येशू-येशू, मेरो जीवनको स्वामी, येशू-येशू, मेरो जीवनको किल्ला २
धन्यवादको भेटी लिई आउँदछु, तपाईंको त्यो चोकभित्र २
ताली बजाउँदै (२) ताली बजाउँदै (२)
२. येशू-येशू मेरो जीवनको राजा, येशू-येशू, खीष्ट मेरो मुक्तिदाता २
हल्लेलूयाह गाउँदै म आउँदछु, अनुग्रहको सिंहासनअघि २
पवित्र हात उचाल्दै (२) पवित्र हात उचाल्दै (२)

## १३५ **स्केल Em, ताल ₵**

धन्य जो परमप्रभुको नाउँमा आउँछन् (२), हल्लेलूयाह, हल्लेलूयाह ।
बारूक हावा बेशेम एदोनाइ (२), हल्लेलूयाह, हल्लेलूयाह ।

## १३६ **स्केल E, ताल $^3/_4$**

येशू (२) हाम्रो घमण्ड केवल तपाईं नै येशू (२) केवल तपाईं नै
नम्रताको आत्मा दिनुहोस्
घमण्ड, अभिमान सबै त्याग्न सिकाउनुहोस्
येशू (२) केवल तपाईं नै, केवल तपाईं नै ।

## १३७ **स्केल G, ताल $^3/_4$**

१. अनुग्रही प्रभु तपाईं, दया देखाउनुभो मलाई
चुन्नुभो तपाईंको हुनलाई मजस्तो तुच्छ पापीलाई
२. प्रेमिलो प्रभु तपाईं, प्रेम देखाउनुभो मलाई
सहनुभो क्रूसको दुःखलाई अनन्त जीवन दिनलाई ।

## १३८ (Jesus, Jesus, I Love You) **स्केल D, ताल $^4/_4$**

येशू, येशू, प्रेम गर्दछु, प्रेम र भक्तिको योग्य तपाईं

येशू, येशू, प्रेम गर्दछु, प्रेम र भक्तिको योग्य तपाईं।

## १३९ (Lift Up Your Heads) **स्केल G, ताल 4/4**

माथि शिर उठाऊ, आउने राजालाई
दण्डवत् गरौं, भक्ति चढाऔं, गाऔं, हो गाऔं
उनको वैभवलाई हाम्रो स्तुति सधैं होस्
पवित्र महिमाको योग्य राजाहरूका राजालाई।

## १४० (Lord I Lift Your Name) **स्केल G, ताल 4/4**

प्रभु उचाल्छु तपाईंको नाउँ,
स्तुति गाउन चाहन्छु तपाईंको
खुशी छु तपाईं हाम्रो जीवनमा
आउनुभो, हामीलाई बचाउन
(आउनुभो स्वर्गबाट पृथ्वी, बाटो देखाउन,
पृथ्वीबाट क्रूसमा हाम्रो ऋण चुकाउन
क्रूसबाट चिहानमा, चिहानबाट आकाशमा
उचाल्छु तपाईंको नाउँ) २

## १४१ (I Will Give Thanks To Thee [Be Exalted]) **स्केल G, ताल 4/4**

धन्यवाद चढाउँछु, प्रभु, मानिसहरूको बीचमा
स्तुति गर्छु जाति-जातिको माझमा
महान् छ तपाईंको दृढ प्रेम
आकाशसम्मै त्यो महान् छ
र तपाईंको विश्वासयोग्यता छ बादलसम्मै
(उचालिनुहोस् हे प्रभु सारा आकाशमाथि
तपाईंको महिमाले ढाकोस् पृथ्वी) २
तपाईंको महिमाले ढाकोस् पृथ्वी (३)

## १४२ **स्केल E, ताल 4/4**

तपाईंको स्तुति गर्न (गर्नेछु) २
तपाईंको नाउँ महिमित पार्नलाई (पार्नेछु) २
हरेक स्थितिमा धन्यवाद भन्नको लागि
तपाईंलाई प्रेम गर्न (गर्नेछु) २
तपाईंको आराधना र आज्ञापालन गर्न
तपाईंको लागि म बनिएँ।

## १४३ **स्केल D, ताल 3/4**

महान् प्रभु, तपाईं अति महान् हुनुहुन्छ
मारेको मनलाई, हारेको हृदयलाई (माया गर्नुहुन्छ) २
महान् प्रभु, तपाईं अति दयालु हुनुहुन्छ

फुटेको मुटुलाई, टुटेको सपनालाई (फेरि जोड्नुहुन्छ) २
महान् प्रभु, तपाईं अति मायालु हुनुहुन्छ
हताश जीवनलाई, निराश आत्मालाई (नयाँ जीवन दिनुहुन्छ) २

## १४४

**स्केल D, ताल $^4/_4$**

तपाईंको मुहार ममाथि चम्काउनुहोस्
तपाईंको सुन्दरताले मेरो जीवन ढाक्नुहोस् (२)
तपाईंको रुपमा बदली हुनचाहन्छु (२)
तपाईंजस्तै मलाई बनाउनुहोस् (२) तपाईंको मुहार ... ।

## १४५

स्तुति गर्नेछु, हे परमेश्वर, आराधना गर्नेछु सधैँ,
स्तुति गर्नेछु, हे परमेश्वर, आफ्नो हात उचाल्दै सधैँ ।
मण्डलीमा येशू आत्मामा आराधना गर्नेछु सधैँ,
मण्डलीमा येशू आफ्नो हात उचाल्दै सधैँ ।
परिवारमा येशू आत्मामा आराधना गर्नेछु सधैँ,
परिवारमा येशू आफ्नो हात उचाल्दै सधैँ ।

## १४६

**स्केल A, ताल $^4/_4$**

येशूलाई उचालौँ, हे युवा हो
उनको नाउँलाई भजौँ, हे युवा हो २
स्तुतिका योग्य, हाम्रा प्रभु उनी हुन् येशू (२)

## १४७

**स्केल D, ताल C**

म मेरै होइनँ, म मेरै होइनँ
किनिएको रगतले, म मेरै होइनँ
येशूकै हुँ म, येशूकै हुँ म
किनिएको रगतले, येशूकै हुँ म ।

## १४८

ईश्वरले दिए त्यो असल ठाउँ, म भित्र पस्छु र रमाउँछु
उहाँको महिमा म थाहा गर्छु, उहाँको राज्य झल्काउँछु
उहाँलाई स्तुति दिन्छौँ हाम्रा प्राण, आत्मा र हृदयको स्वर खोली
सीधै जान्छौँ निशानातिर कनानको भूमिमा ।

## १४९

(Victory I Have In Jesus Christ)

विजय छ मेरो ख्रीष्टमा, क्षमा कारण उनी टाँगिए
पूर्णता छ मेरो जीवनमा छुटकारा उनैको जीवनले
उनैसँग राज्य गर्दैछु, सबै शैतानको शक्तिलाई जित्दै
प्रभु र राजा ख्रीष्टसँग जिउँदै ।

## १५०

**स्केल E, ताल 4/4**

होसन्ना, होसन्ना, होसन्ना महिमा स्तुति प्रशंसा
आज अनि सदासर्वदा, आमेन् २
होसन्ना, होसन्ना, होसन्ना महिमा स्तुति
प्रशंसा, आज अनि सर्वदा २
आऔं हामी सबै मिली गाऔं स्तुति उनैको (२)
उनैलाई भक्ति आदर महिमा सधैं चढाऔं हाम्रो जीवनमा (२)
होसन्ना हल्लेलूयाह (२) होशन्ना, महिमा, स्तुति,
प्रशंसा हल्लेलूयाह, प्रशंसा आज अनि सर्वदा ।

## १५१

**स्केल E, ताल 4/4**

योग्य ईश्वरको पाठो संसारको उद्धारक,
योग्य, सधैं प्रशंसा गरिने योग्य
येशू तपाईं योग्य ईश्वरको पाठो,
संसारको उद्धारक योग्य, सधैं प्रशंसा गरिने योग्य ।

## १५२

चाँडै, धेरै चाँडै हामी राजालाई भेट्नेछौं (३)
हल्लेलूयाह, हल्लेलूयाह, हाम्रो राजालाई भेट्नेछौं
खुशी हुनेछौं, हामी हाम्रो राजालाई भेट्नेछौं (३)
मृत्यु हुँदैन, हामी हाम्रो राजालाई भेट्नेछौं (३)
रुवाइ हुँदैन, हामी हाम्रो राजालाई भेट्नेछौं (३)

## १५३

**स्केल G, ताल 4/4**

यी ओठले सदा तपाईंको प्रशंसा गाइरहून्
यी आँखाले सदा तपाईंलाई खोजिरहून्,
मेरो यो हृदयले सदा तपाईंको प्यारको चाहना गरोस्
यी मेरो दुइ हातहरूले प्रेमको खातिर सेवा गरुन्
परम परमेश्वरलाई धन्यवाद सदा
मर्नुभो क्रूसमा मजस्तोले गर्दा
भुल्ने म छैन प्रेमको बलिदान
प्रशंसा जयजयकार ईश्वर महान् (२)

## १५४

प्रभु जिउँदो पानी दिनुहोस् (३)
मबाट खोला बगेर निस्कियोस्, मबाट खोला निस्कियोस् ।
जिउँदो पानी पिउने इच्छा छ, यो पानी मलाई दिनुहोस्
तपाईंको शक्ति दिनहुँ चाहिन्छ,
तपाईंको खोला बगेर निस्कियोस्, तपाईको खोला बगी निस्कियोस्

फसल पाकेको जस्तो देखिन्छ, हामीले बटुल्नुपर्ने हो,
तपाईंको आत्मा हुनु आवश्यक छ, हाम्रो कचौरा भरेर पोखियोस्,
हाम्रो कचौरा पोखियोस् ।

## १५५

स्तुतिको योग्य तपाईं हो (२), आराधना गर्छु दण्डवत् गर्छु,
प्रभु, स्तुतिको योग्य, स्तुतिको योग्य तपाईं हो ।

## १५६

धन्य छौ येशू, धन्य छौ येशू, धन्य छौ येशू,
धन्यवाद चढाउँछु, धन्यवाद चढाउँछु प्रभु ।

## १५७

धन्य छ गलगथालाई, धन्य छ तपाईंको विजयलाई
धन्य छ तपाईंको अमूल्य रगतलाई
धन्य छौं, बौरी उठ्नुभो तपाईं ।

## १५८

हे मेरो आत्मा, परमप्रभुलाई धन्य भन्
ममा भएका जे-जति छन् ती सबले उहाँको
पवित्र नाउँलाई धन्यको भनून् ।

## १५९ **स्केल E, ताल $^4/_4$**

१. एउटै बनाउनुहोस्, एउटै बनाउनुहोस्,
एउटै बनाउनुहोस्, हामीलाई २
२. एउटै बनाउनुहोस्, पिताको नाउँमा,
पिताको नाउँमा हामीलाई २
३. एउटै बनाउनुहोस्, येशूको नाउँमा,
येशूको नाउँमा हामीलाई २
४. एउटै बनाउनुहोस्, पवित्रआत्मामा,
पवित्रआत्मामा हामीलाई २

## १६० (Be Still And Know) **स्केल C, ताल $^4/_4$**

१. चुप लाग, जान म ईश्वर हुँ (३)
२. म प्रभु तिमीलाई बचाउने (३)
३. म प्रभु तिमीलाई निको पार्ने (३)
४. म प्रभु तिमीलाई प्यार गर्ने (३)
५. चुप लाग, जान म ईश्वर हुँ ।

## १६१ **स्केल C, ताल C**

गर उपासना प्रभुको जाति, गर जयजय पवित्र जाति

गर जयजय पवित्र जाति, हल्लेलूयाह पवित्र पिता
पवित्र पिता, पवित्र पिता, पवित्र पिता (२) हल्लेलूयाह ।

## १६२ स्केल C, ताल C

उदेकको प्रेम छ येशूको, उदेकको प्रेम छ येशूको
उदेकको प्रेम छ येशूको, अति उदेकको प्रेम
अग्लो छ पुग्न सक्दिनँ, गहिरो, छ, डुब्न सक्दिनँ
चौडा छ नाप्न सक्दिनँ, अति उदेकको प्रेम ।

## १६३

यहवेको नाउँलाई उच्च पार्नेछौं
सारा सृष्टिको मालिकलाई उचाल्नेछौं
सदासर्वदा यहवेको नाउँलाई उच्च पार्नेछौं
उनको नाउँलाई उच्च, सारा सृष्टिको मालिकलाई
उचाल्नेछौं सदा-सदा ।

## १६४

हा... हा... हा... हा... हल्लेलूयाह (२)
परमप्रभु मेरा सहायक, मेरा भक्तिका चट्टान
मेरा आशाका किल्ला
तपाईंको प्रेमको बाहुलीले डोऱ्याउनुहोस् मलाई
तपाईंको आत्मिक शक्तिले डोऱ्याउनुहोस् मलाई ।

## १६५

राजाहरूका राजा हल्लेलूयाह
प्रभुहरूका प्रभु हल्लेलूयाह
हल्लेलूयाह गाउँछौं, स्तुति तपाईंको
आदर, भक्ति, दण्डवत् गर्दछौं (२)
महिमाका राजालाई आदर, प्रशंसा,
स्वर उचाली जय गाउँछौं, दण्डवत् गर्दछौं
आराधना, भक्ति चढाउँछौं
सिंहासनमा विराजमान् ख्रीष्ट येशू प्रभुलाई (२)

## १६६ स्केल G, ताल $^3/_4$

**कोः (पवित्र आत्मा आऊ) २**
**मलाई लैजाऊ येशूको चरणमा पवित्र आत्मा आऊ (२)**
१. (येशू तिम्रै लागि) ६ हात उचाल्दछु, घुँडा टेकी, शिर झुकाउँदै,
हात उचाल्छु तिम्रै लागि (२) (येशू तिम्रै लागि) ६ शिर झुकाउँदछु ।
२. (येशू तिम्रै लागि) ६ हात उचाल्दछु
(येशू नै बाटो हुन्, येशू नै सत्य हुन्, येशू नै जीवन हुन्, येशू नै दाता हुन्) २

(येशू तिम्रै लागि) ६, शिर झुकाउँदछु, (येशू तिम्रै लागि) ६ हात उचाल्दछु ।

## १६७

(Shalom, My Friends) **स्केल Cm, ताल C**

शालोम, साथी हो (२) शालोम, शालोम (२)
प्रभुको शान्ति तिमीसँग होस् (२) शालोम, शालोम ।

## १६८

**स्केल D**

**कोः आज्ञा गर्नुहोस्, प्रेमको ऋणी छु, जान तयार छु ।**

१. आँसु विधवाको पुछ्नलाई,साथ अनाथको हुनलाई दृष्टि दिन अन्धा सबैलाई ।
२. छुन भाँचेको सबैलाई, फुकाउन बन्दी सबैलाई सुसमाचार सबलाई सुनाउनलाई ।

## १६९

स्तुति, प्रशंसा, आदर, भक्ति, धन्यवाद
सर्वशक्तिमान् परमेश्वरलाई २
स्तुतिका योग्य प्रभुलाई महिमा होस् सदा
सारा स्वर्ग र पृथ्वीमा २
पवित्र परमप्रभुलाई प्रशंसा, जयजयकार
राजाहरूका राजालाई २
आमेन्, आमेन्, आमेन् प्रभु (२)

## १७०

(Love Flows Like A River)

प्रेम खोलाजस्तो बग्छ, तपाईं र मबाट बग्छ
बाँझो ठाउँलाई भिजाउँछ, निर्वाह सबलाई गर्दछ
शान्ति खोलाजस्तो ... । आनन्द खोलाजस्तो ... ।

## १७१

**स्केल E, ताल C**

**कोः कस्तो बदलाउ ममा (३) जब येशूकहाँ गएँ**

१. सधैँ खाने थोक, खान छोडेँ (३), जब येशूकहाँ गएँ ।
२. सधैँ पिउने थोक, पिउन छोड़ेँ (३), जब येशूकहाँ गएँ ।
३. सधैँ जाने ठाउँ, जान छोडेँ (३), जब येशूकहाँ गएँ ।

## १७२

**स्केल D, ताल $^4/_4$**

महान् विश्वासयोग्य (२), बिहान-बिहानै नयाँ दान पाउँछु
तपाईंले दिनुभो जति चाहिन्छ, महान् विश्वासयोग्य (२), ईश्वर मेरा ।

## १७३

प्रबल हाम्रो जीवनको छुटकारा दिने प्रभु
हामी आउँछौं तपाईंको चरणमा सेवा गर्दै (२)
घोषणा गर्दछौं विजय प्रभु येशूको (२)
उहाँका हामी चुनिएका सेना हौं (२)

## १७४

**स्केल G**

डराउनेछैनँ अब केहीसँग, जिउँदो येशू मेरो साथ छन् ।
अघि बढ्दछु साहसी बनी तपाईंको राज्य ल्याउनलाई ।
युद्ध लड्दछु साहसी बनी विजयको झण्डा गाड्नलाई ।

## १७५

भक्ति गरूँ, भक्ति गरूँ सम्पूर्ण मनले, सम्पूर्ण मनले
स्तुति गरूँ, सम्पूर्ण, सम्पूर्ण बलले, सम्पूर्ण बलले ।
सेवा गरूँ सारा जीवनले र म हिँडूँ (तपाईंको अगुवाइमा) २
म गर्छु उपासना तपाईंको, सारा स्तुति दिन्छु तपाईंलाई
केवल तपाईंको भक्ति गरूँ, केवल तपाईंको नै स्तुतिको योग्य ।

## १७६

**स्केल D, ताल C**

चट्टानको महभन्दा मीठा (२), प्रभु चट्टानको महभन्दा मीठा छन्
चाखिहेर, प्रभु भलो छन्, प्रभु चट्टानको महभन्दा मीठा छन् ।

## १७७

**स्केल D, ताल 4/4**

१. ईश्वरले आफ्नो पुत्रलाई संसारमा पठाए
र क्रूसमा मरीकन हामीलाई बचाए
के दिनु? के दिनु? म येशूलाई के दिनु,
त्यो बडो प्रेमको साटोमा, के दिनु उनलाई म ?

२. म अति सानो पाठोलाई कि उनलाई मनपर्छ
र मैले दिएको थोक उनले ग्रहण गर्छन्,
के दिनु ? के दिनु ? त्यो बडो प्रेमको ...?

३. म सधैँ बाइबल पढ्दछु, आज्ञाकारी हुनलाई
म सधैँ प्रार्थना गर्दछु, उनको इच्छा बुझ्नलाई ।
के दिनु? के दिनु? म येशूलाई के दिनु,
त्यो बडो प्रेमको साटोमा, के दिनु उनलाई म ?

## १७८

**स्केल E, ताल 3/4**

महिमा देऊ, आदर उनैलाई, उनी राजाहरूका राजा हुन्
स्वर उचाल, चर्को स्तुतिमा, येशू परमेश्वरका पुत्रलाई (२)

## १७९

[भन, भन सबैले (हल्लेलूयाह, हल्लेलूयाह)२] ३
ख्रीष्टको प्रेम अति ठूलो छ कठोर पापी हृदय तोड्ने
अन्धकारमा लुकिबस्ने मान्छेलाई खोजी भेट्टाउने (२)

खीष्टको प्रेम अति धेरै छ संसारले दिनै नसक्ने
खुशी उनको अचम्मको छ, खोजेर खोज्नै नसक्ने ।

## १८०
(More Love, More Power) **स्केल E, ताल $^4/_4$**

धेरै प्रेम, धेरै शक्ति, तपाईं बढ्नुहोस् जीवनमा (२)
आराधना गर्छु मेरो पूरा हृदयले, आराधना गर्छु मेरो पूरा मनले
आराधना गर्छु मेरो पूरा बलले, तपाईं मेरो परमेश्वर, तपाईं मेरो ।

## १८१
(For The Kingdom of God)**स्केल D, ताल $^3/_4$**

परमेश्वरको राज खानपिनमा होइन,
तर धार्मिकता, शान्ति, आनन्द २
धार्मिकता, शान्ति र आनन्द, पवित्र आत्मामा (२)

## १८२
**स्केल G, ताल C**

एउटै बनाउनुहोस् हामी विश्वासीलाई
एकताको आत्माले भर्नुहोस् हामीलाई, पवित्र आत्मा,
एउटै आत्मा, एउटै विचार, एउटै हृदय सृजनुहोस् हामीमा,
येशू सृजनुहोस् हामीमा पवित्र आत्मा ।

## १८३
**स्केल G, ताल C**

मेरो जीवन प्रार्थनामा नै बितोस् घुँडाहरू सधैं टेकिऊन् तपाईंकै निम्ति
मेरो जीवन प्रार्थनामा नै बितोस्, मेरो आत्माले तपाईंलाई नै खोजिरहोस्
(पवित्र तपाईं येशू, सिंहासनमा विराजमान प्रभु
चुम्बन गर्न येशूको पाउलाई सिंहासनअघि घोप्टो पर्दै) २

## १८४

विजयी (२) परमप्रभुलाई हृदय भेटी जिउँदो बलिदान समर्पित होस्
जीवित (२) येशूलाई (प्रशंसा) २, पवित्र (२), उच्च (२), स्तुति (२) ।

## १८५
**स्केल Am, ताल $^4/_4$**

पिइ नसक्ने प्याला पिउनुभो, सही नसक्ने कष्ट भोग्नुभो
तर तपाईं महिमित बन्नुभो, अनि मलाई प्रेम गर्नुभो
आराधना गर्छु (३) जिउँदो येशू (२)

## १८६
**स्केल G, ताल $^2/_4$**

आउनुहोस् प्रभु (२), आउनुहोस् प्रभु मेरो हृदयमा
तपाईंको उपस्थितिले मलाई सधैं भर्नुहोस्
आउनुहोस् येशू, आउनुहोस् पवित्र आत्मा ।

## १८७
**स्केल E, ताल $^4/_4$**

झरीको प्रभु, तपाईंलाई पुकार्दछौं

झरीको प्रभु, हामी प्यासी छौँ, झरीको प्रभु आऊ, २
जागृत गराउनुहोस्, झरीको प्रभु (२) आऊ
ताजा बनाउनुहोस्, (झरीको प्रभु (२) आऊ
नयाँ जीवन ल्याउनुहोस्, नयाँ दाखमद्य पियाउनुहोस्
(झरीको प्रभु) २ आऊ, झरी आऊ (६), आऊ, आत्मा, आऊ (६)
(झरीको प्रभु, तपाईंलाई पुकार्दछौँ
झरीको प्रभु, हामी प्यासी छौँ) २, झरीको प्रभु आउनुहोस्।

## १८८

**स्केल E, ताल $^4/_4$**

प्रभु, तिम्रो निम्ति म गीत गाउँछु
सारा उत्तम प्रयासले म गीत गाउँछु
तिमी छौ मेरो छेउ, तिमी छौ मेरो साथ
मेरो गीतले प्रभु तिमीलाई उचाल्छु (२)
(यी मेरा शब्द-शब्दमा, सारा उच्चारणहरूमा
आवाज भएका सङ्गीतहरूमा) २
जीवन भएर तिमी मभित्र छौ
जिउने कारण बन्न सिकाएको छौ
तिमी छौ मेरा छेउ, तिमी छौ मेरो साथ
मेरो गीतले प्रभु, तिमीलाई उचाल्छु।

## १८९

**स्केल E**

तपाईंको आदर गर्ने चाहना
सम्पूर्ण हृदयको आराधना
ममा भएका सबले म स्तुति गर्छु
मेरा सबै भक्ति छ तपाईंमा
प्रभु, अर्पण गर्छु मेरो हृदय र प्राण
तपाईंको लागि जिउँछु हरेक श्वास लिँदा
जागा भएको बेला
तपाईंले चाहे झैँ होस् ममा (२)

## १९०

प्रशंसाको योग्य प्रभु, आदर र भक्ति, महिमाको योग्य
प्रभुहरूका प्रभु तपाईं, राजाहरूका पनि राजा
तपाईं मात्र हाम्रो मुक्तिदाता, (यसैले हामी गाउँछौँ
र भन्छौ हल्लेलूयाह) २

## १९१

उहाँको पवित्र डाँडामा, हाम्रा परमेश्वरको सहरमा
परमप्रभुमा महान् र उच्च स्तुतिको योग्य हुनुहुन्छ (२)

## १९२
**स्केल G, ताल $^4/_4$**

म ठूलो सभामा उद्धारको सुसमाचार सुनाउनेछु
मेरा ओठहरू म बन्द गर्ने छैनँ
म मेरो हृदयमा तपाईंको धार्मिकतालाई लुकाउँदिनँ
तपाईंको विश्वासयोग्यता म घोषण गर्नेछु
तपाईंको प्रेम, सत्यता म सदा गाउनेछु
तपाईंको प्रेम, कृपामा हर्षित हुनेछु र गाउनेछु,
सुरक्षित छु यो प्रेममा (२)

## १९३
**स्केल C, ताल $^4/_4$**

सृष्टिको उत्तम सृष्टिमा, मानव तपाईंले बनाउनुभो
आफ्नै स्वरूपमा सृजिएर, आफ्नै रगत बगाएर,
हामीलाई बचाउनुभो (२), धन्यवाद ... धन्यवाद (४)

## १९४
**स्केल C, ताल $^6/_8$**

१. येशूले मलाई जीवन दिनुभो (४)
**कोः यसैकारण गाउनेछु, सबलाई सुनाउनेछु**
**एउटै राजा येशू ख्रीष्ट नै हुन् २**
**हल्लेलूयाह, आमेन्, हल्लेलूयाह (४)**
२. येशूले मलाई मुक्ति दिनुभो (४)
३. येशूले मलाई क्षमा दिनुभो (४)
४. येशूले मलाई आशिष् दिनुभो' (४)
५. येशूले मलाई शान्ति दिनुभो (४)
६. येशूले मलाई आनन्द दिनुभो (४)
७. येशूले मलाई सब थोक दिनुभो (४)

## १९५
**स्केल A, ताल $^4/_4$**

१. (जसै तपाईंको शक्तिका घोषणा गर्छौं
जसै तपाईंको नाउँको प्रशंसा गर्छौं) २
टुटेको हृदय जोडनुहोस्, बन्धन सब फुकाउनुहोस्
अन्धकार हटाउनुहोस् (होसन्ना, मारानाथा) ४
२. (जसै तपाईंमा साह्रै खुशी हुन्छौं
जसै तपाईंमा हृदय रमाउँदछ) २
(हर्षको तेल खन्याउनुहोस्, धार्मिकता पहिर्‍याउनुहोस्
अभिषेक पठाउनुहोस् (होसन्ना, मारानाथा)४) २
आउनुहोस् हे येशू, आउनुहोस् हे येशू ।

## १९६
**स्केल E, ताल C**

लाग्छ, गाउन मन लाग्छ (२), लाग्छ, नाच्न मन लाग्छ
ख्रीष्टको निम्ति गाउन मन लाग्छ, ख्रीष्टको निम्ति नाच्न मन लाग्छ ।

## १९७

**स्केल G, ताल $^4/_4$**

[(जसै तिम्रो आराधना गर्छु
तिम्रो महिमित मुहारलाई हेर्छु) २
तिम्रो उपस्थितिभित्र जब पस्छु
तिम्रो प्रेमको अनुभव गर्छु
लागेका चोट र घात हृदयका निको हुन्छन्
(आत्मा र शरीरको रोग निको हुन्छ)२]२

## १९८

आराधना गर्छु मेरो जीवनभरि (२)
हात उचाल्दै तपाईंको स्तुति गाउँछु (२)
तपाईंको नाउँ धन्यको भन्दछु
हृदय प्राणसमेतले म गाउँदछु
येशू, आराधना गर्छु (३)
मेरा ईश्वर र मेरो राजा ।

## १९९

**स्केल G, ताल $^4/_4$**

बगाउनुहोस् नदी जीवनको, प्रभु (२)
तपाईंको सिंहासनदेखि , मेरो जीवनमा फेरि (२)
प्रभु, बगाउनुहोस् ममा (२),
पठाउनुहोस् (२) आत्मा हामीमाथि (२)
प्रतिज्ञा पूरा गर्नुहोस् मेरो जीवनमा तपाईंको (२)
दर्शन दिनुहोस् मलाई (२)

## २००

**स्केल D, ताल C**

म तपाईंको मुहार हेर्न चाहन्छु
म तपाईंको मुहार खोजी गर्छु (२)
आराधना गर्छु पवित्रताको सुन्दरतामा (२)
हृदय सब खोली आउँछु (२)
स्तुति गाउन, स्तुति गाउन (२)
हल्लेलूयाह, हल्लेलूयाह (२)
येशू महान्, येशू महान् (२)
इम्मानुएल, इम्मानुएल (२)

## २०१

धन्य होस् तपाईंको नाउँ (४), (तपाईं हाम्रो चट्टान) २ हाम्रो प्रभु २
येशूले राज्य गर्छन् पृथ्वीमा (४), (यो विश्व नै परमप्रभुको हातमा छ) ४

## २०२

**स्केल G, ताल $^4/_4$**

कोमल हृदय दिनुहोस् मलाई, तपाईंको प्रेम अनुभव गर्नलाई
चूर्ण हृदय दिनुहोस् मलाई, तपाईंको वासस्थान बन्नलाई
तपाईंको उपस्थिति, मेरो आनन्दको भरपूरी, तपाईंको आनन्द नै मेरो सामर्थ
(जय गाउँछु) २ तपाईंको ।

## २०३

**स्केल G, ताल $^4/_4$**

यशैया (३) भन्छन्, प्रभु सारा पृथ्वीका सृष्टिकर्ता हुन्,
उनी बलिया र सामर्थी, उनको समझ असीमित,
दुर्बललाई बल दिने, शक्तिहीनलाई शक्ति दिने (२)
येशू सामर्थी, यो हो आत्माको समय (५)
चीलझैँ उँभो उड्ने, आत्मामा भरपूर हुने,
नवीन समर्थ पाउने, यशैया भन्छन् ...,
यो हो फसलको समय (५) सिपाहीझैँ लडाइँ लड्ने,
प्रभुको राज्य ल्याउने विजयको झण्डा गाड्ने।

## २०४

**स्केल E, ताल $^4/_4$**

कोः जागृति पठाउनुहोस्, हे हाम्रा स्वर्गीय पिता
तपाईंको नाउँ पवित्र होस्, तपाईंको राज्य आओस् (२)
तपाईंको इच्छा जस्तो स्वर्गमा छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् ।
१. म बिहान सबेरै उठ्नेछु, स्तुति-प्रशंसा चढाउनेछु
येशूको नाउँलाई महिमित पार्नेछु,
मरिरहेका आत्माको मुक्ति र उद्धारको लागि
अन्तरबिन्तीको प्रार्थना चढाउनेछु (२)
२. म भाले बास्दा उठ्नेछु, स्तुति-प्रशंसा चढाउनेछु,
येशूको नाउँलाई महिमित पार्नेछु,
लाखौँ-लाखौँ मानिसले येशू प्रभुलाई ग्रहण गरी
मुक्ति र उद्धार पाएको म देख्नेछु (२) जागृति पठाउनुहोस्...

## २०५

**स्केल D, ताल $^4/_4$**

तपाईंको प्रजा हामी, तपाईंलाई उचाल्छौँ एकै मनका भई
हाम्रो हात उचाली, तपाईंलाई चढाउँछौँ महिमा सदा-सदालाई (२)
हाम्रो स्वर उचाली, तपाईंलाई चढाउँछौ स्तुति खुशी भई ।
येशू हाम्रा राजा, राज गर्नुहुन्छ सदा-सदा
हाम्रो जीवनमा, देशमा, संसारमा (२)

## २०६

**स्केल D, ताल $^4/_4$**

सेनाहरूको प्रभु हाम्रो परमेश्वर, सारा सृष्टिका प्रभु हाम्रो मालिक
बौरी उठेका येशू हाम्रा शक्ति, प्रभुहरूका प्रभु हाम्रो उद्धार,
उनी हाम्रो चट्टान, किल्ला, भरोसा (२), हृदय खोली गाउँछौँ जयको ध्वनि,

जय राजा येशूलाई, आदर राजा येशूलाई, महिमा राजा येशूलाई
प्रशंसा राजा येशूलाई, गौरव राजा येशूलाई ।

## २०७

**स्केल E, ताल $^4/_4$**

उचाल्छु येशूको नाउँ, पुकार्छु येशूकै नाउँ
यो नाउँमा शक्ति छ, यो नाउँमा जीवन छ ।
लिनोस् प्रभु यो जीवन, दिनोस् मलाई पूर्ण शक्ति
भर्नोस् ममा खुशी आनन्द, गर्छु सधैं तपाईंकै भक्ति

## २०८

**स्केल Dm, ताल $^4/_4$**

हामी अटाउन सक्तैनौं तपाईं महान् प्रभुलाई
हामी बुझ्न सक्तैनौं तपाईं उदेकको प्रभुलाई
हामीमा शक्ति छैन, भाषा छैन, वर्णन गर्न तपाईं प्रभुको ।
तपाईंको महिमामा हेर्छौं र दण्डवत् गर्छौं सदा
तपाईंको कामलाईं हेर्छौं र दण्डवत् गर्छौं सदा ।

## २०९

**स्केल D, ताल $^4/_4$**

भययोग्य प्रभु कति महान् (४), भर्नुहोस् मलाईं तपाईंको भयले
भर्नुहोस् मलाईं तपाईंको प्रेमले, तपाईंलाई धन्यको भन्छु
तपाईंको बाटो म हेर्छु (२)

## २१०

**स्केल E, ताल C**

हामी उभिएका छौं, तपाईंको सिंहासनअघि
आराधना गर्न तपाईं जिउँदो येशूलाई, उचाल्न तपाईंको नाउँलाई
दण्डवत् गर्न प्रभुहरूका प्रभु येशूलाई,यसैले अब बहाउनुहोस्
तपाईंको सिंहासनबाट, हे प्रभु, बहाउनुहोस् प्रेमको खोला
बहाउनुहोस् शक्तिको खोला, बहाउनुहोस् आशिष्को खोला
बहाउनुहोस् प्रेमको खोला ।

## २११

**स्केल F#m, ताल $^4/_4$**

हामी प्रशंसाको मानिस, येशूको प्रशंसा गरौं
उनको महिमा र प्रशंसाले सारा पृथ्वी ढाकिदिऊँ
र उचालौं येशूलाई सबै देवहरूभन्दा माथि (२)
देवहरूमा तपाईं महान् पवित्रतामा अति सिद्ध
उदेकको र भययोग्य, काम गर्ने परमेश्वर
र उचाल्छौं तपाईंलाई सबै देवहरूभन्दा माथि ।

## २१२

**स्केल A, ताल $^4/_4$**

हामी विजयी हुनेछौं (२), येशूको रगतमा, येशूको शक्तिमा
सबै शत्रुमाथि आज, हामी विजयी हुनेछौं (२)

येशूको रगतले, येशूको शक्तिले सबै शत्रुमाथि आज
आऔँ येशूलाई उचालौँ, सबै मिली, आऔँ येशूको स्तुति गाऊँ सबै मिली ।

## २१३

**स्केल A, ताल $^4/_4$**

परमप्रभु राज गर्नुहुन्छ सदा, सियोनमा सदा विराजमान् (२)
उनको राज्यको घोषणा गरौँ, उनको राज्यमा सबै रमाउनेछन् (२)
इन्साफ र आनन्द र धार्मिकता, हुनेछ उनको राज्यमा सदा (२)

## २१४

**स्केल A, ताल C**

हामी धन्य छौँ आफ्नो हुनलाईं छान्नुभो
तपाईंको मन्दिरमा रहनलाई नजीक ल्याउनुभो
हामी खोज्दछौँ तपाईंको भवनमा तपाईंलाई
हामी बाँच्न सक्दैनौँ तपाईंविना, प्रभु आउनुहोस्
आफ्नो महिमामा प्रकट हुर्नुहोस् (३)
पवित्र भवनमा, हाम्रो आराधनामा
यस स्थानमा, यस सङ्गतिमा ।

## २१५

**स्केल G, ताल $^4/_4$**

तपाईंको उपस्थिति नै यथेष्ठ छ (२)
आशिष्लाई होइन तपाईंलाईं खोज्दछौँ (२)
हाम्रो स्तुति प्रशंसा, आराधना
प्रभु तपाईं नै आउनुहोस्
हाम्रो बिन्ती सुन्नुहोस्, आसन ग्रहण गर्नुहोस् (२)
अब त आउनुहोस् (३)
मण्डलीको गौरव (राजालाई) (२) पुज्दछौँ ।

## २१६

**स्केल C, ताल $^3/_4$**

विश्वास गर्छु, पुकार गर्छु, जीवन म अर्पण गर्छु
तिमीमा, केवल तिमीमा, (केवल येशू तिमीमा) २
भरोसा राख्छु, शरण पर्छु, संसारलाई त्यागिदिन्छु
तिमीमा, केवल तिमीमा, (केवल येशू तिमीमा) २
सँगै हिँड्छु, क्रूसलाईं अँगाल्छु, मृत्युपारि उदाउँछु
तिमीमा, केवल तिमीमा, (केवल येशू तिमीमा) २

## २१७

**स्केल D, ताल $^4/_4$**

धन्यको भन्छौँ प्रभुको नाउँलाई (२)
हामी प्रेम गर्छौं येशूको नाउँलाई (२)
समुद्रको बालुवा, आकाशका ताराभन्दा धेरै तपाईंको प्रेम (२)
गाउँछौँ हल्लेलूयाह सदा-सदा राजा येशूलाई
गाउँछौँ स्तुति-महिमा सदा-सदा राजा येशूलाई ।

## २१८

**स्केल D, ताल C**

तपाईंको प्रेमले मलाई महिमित पार्नुहुन्छ, खार्नुहुन्छ, नयाँ तुल्याउनुहुन्छ
मेरो प्राण, आत्मा, शरीरले तपाईंलाई प्रेम गर्छु, तपाईंको प्रेम ग्रहण गर्दछु ।

## २१९

**स्केल D, ताल $^{4}/_{4}$**

[नजीक, नजीक, नजीक आउँछु तपाईंको
तृप्त-तृप्त बनाउनुहोस् मलाई प्रेमले
नजीक, नजीक नजीक अङ्गाल्नुहोस् मलाई प्रेमले
(हृदय अझ तृषित छ, पिउन प्रेम तपाईंको) २
हात बढाउनुहोस् प्रेमको, बढाउनुहोस् कोठा हृदयको
(अटाउन प्रेम तपाईंको)२] २

## २२०

**स्केल D, ताल $^{3}/_{4}$**

मेरा प्रिय सुन्दर, दस हजारमा एक (२)
उनको शिर, निक्खुर सुनको,
उनको शरीर नीलमणिले जडेको
उनको सुन्दर मुहार (लेबनानजस्तो) २
तिम्रो बाटो हेर्छु प्रेमले व्याकुल छु (२)
मेरो बागमा बतास चलोस्
चारैतिर सुबासना फैलियोस् (२)
फल चाखिदेऊ (मेरो बगैँचाको) २

## २२१

**स्केल G, ताल $^{4}/_{4}$**

पवित्र आत्मा आउनुहोस् हामीमा (३)
हृदयको द्वार खोली बोलाउँछौँ तपाईंलाई (२)
पवित्र आत्मा आउनुहोस् हामीमा (३)
हृदयको द्वार खोली ग्रहण गर्छौं तपाईंलाई) २
पवित्र आत्मा आउनुहोस् हामीमा (३)
हृदयको द्वार खोली बोलाउँछौँ तपाईंलाई २
पवित्र आत्मा आउनुहोस् हामीमा (३)
हृदयको द्वार खोली ग्रहण गर्छौं तपाईंलाई (५)

## २२२

**स्केल G, ताल $^{4}/_{4}$**

जागृति पठाऊ (४)
मण्डलीको चीत्कार, जागृति पठाऊ
देशलाई बचाऊ, जागृति पठाऊ
कृपा पोखाऊ, जागृति पठाऊ ।

## २२३

**स्केल G, ताल $^{4}/_{4}$**

पवित्र बनाउनुहोस्, येशू मलाई, ताकि तपाईंलाई देख्न सकूँ
पवित्र बनाउनोस्, येशू मलाई, ताकि तपाईंलाई ग्रहण गर्न सकूँ
पवित्र बनाउनोस्, येशू मलाई, ताकि तपाईंको सेवा गर्न सकूँ
पवित्र येशूको क्रूसले, पवित्र येशूको रगतले
पवित्र येशूको मृत्युले, पवित्र येशूको जीवनले ।

## २२४

**स्केल G, ताल 4/4**

आइरहेका छौँ (३), थुमाको रगतको कारण
छुन सिंहासनलाई, (आइरहेका छौँ) २
दण्डवत् गर्न येशूलाई आराधना गर्न प्रभुलाई
आइरहेका छौँ (३)

## २२५

**स्केल G, ताल 4/4**

कसरी चुकाऊँ यो ऋण तपाईंलाई
कसरी भुलूँ यो प्रेम तपाईंको हृदय फुटेर आउँछ ...
जब सम्झन्छु गलगथालाई, यो जीवन दिएर पनि हुन्न
अब के गरूँ म ?, यो जीवनमा मर्छु प्रतिदिन
महिमा होस्, सदा-सदालाई ।

## २२६

**स्केल G, ताल 4/4**

हाम्रो एउटै चाहना हृदयको गहिऱ्याइमा सत्य हुन
हाम्रो एउटै चाहना थुमाको रगतमा शुद्ध हुन
हाम्रो एउटै चाहना हाम्रो प्रभुलाई महिमा दिन
पवित्र, पवित्र, पवित्र, पवित्र हाम्रा परमेश्वर (२)
हाम्रो एउटै चाहना येशूको जीवनमा साथ हुन
हाम्रो एउटै चाहना येशूको प्रेममा मग्न हुन
हाम्रो एउटै चाहना पवित्र दुलही उनकी हुन
[(हाम्रा दुलहा) ४ अब आउनुहोस्] २
[(अँगाल्नुहोस्) ४ हाम्रो जीवनलाई] २

## २२७

**स्केल G, ताल 4/4**

म पोखिन चाहन्छु अर्घ-बलिझैँ, हृदय मेरो चढाई
छुन चाहन्छु तपाईंको हृदय अब सहन सक्दिनँ, दूर रहन धेरै
अँगाल्नुहोस् मलाई, तृप्त बनाउनुहोस् तपाईको प्रेमले ।

## २२८

**स्केल G, ताल 3/4**

प्रभु मलाई बचाऊ, आत्मिक सन्तुष्टिबाट
अझ पनि पिउन चाहन्छु
तिम्रो नदीबाट, दूरबाट होइन
नजीकमा आउन चाहन्छु, मेरो हृदय जाँच

प्रभु, अझ भरिन चाहन्छु, पवित्र आत्माले
अझ पनि हिँड्न चाहन्छु, तिम्रो बाटोमा
सधैँ रहन चाहन्छु, तिम्रो उपस्थितिमा
मलाई जिउँदो बनाऊ ।

## २२९

**स्केल G, ताल $^3/_4$**

जसले अचूक प्रेम प्रभुको चाखेका छन्
सबैले भनून्, (आमेन्, प्रशंसा होस्) २
जसले अद्भुत काम प्रभुको देखेका छन्
सबैले भनून्, (आमेन्, प्रशंसा होस्) २
जसले शैतानमाथि विजय पाएका छन्
सबैले भनून्, (आमेन्, प्रशंसा होस्) २
आमेन् प्रशंसा होस् येशूको येशूको
आमेन् महिमा होस् येशूको
आमेन् जयजयकार होस् येशूको ।

## २३०

**स्केल G, ताल $^4/_4$**

तपाईं मात्र (२) हाम्रो परमेश्वर, (अरू छैन) २ हाम्रो परमेश्वर
यसैले म गाउनेछु, (तपाईं मात्र) २ हाम्रो परमेश्वर
यसैले म उचाल्दछु ।

## २३१

**स्केल G, ताल $^4/_4$**

तपाईंलाई छाडी कसलाई पुजूँ ?
कसको सेवा गरूँ ? तपाईं मेरो परमेश्वर
तपाईंलाई छाडी कसलाई भजूँ ?
कसको उपासना गरूँ ? तपाईं मेरो ठूलो इनाम
स्वर्गमा तपाईंविना मेरो कोही छैन
पृथ्वीमा मैले चाहेको तपाईं मात्र हुनुहुन्छ ।

## २३२

**स्केल G, ताल C**

सर्व उच्चको परमेश्वरलाई, म धन्यको भन्दछु
सेनाहरूका परमेश्वरलाईं म पवित्रको भन्दछु,
कारण उनी मेरो शक्ति, र स्तुतिगान र उनी मेरो
उद्धार हुनुभएका छन् ।

## २३३

**स्केल G, ताल $^4/_4$**

मुकुट पहिऱ्याउँछौं थुमा तपाईंलाई (३)
तपाईंकोमा अधिकार छ, सबै मोहोरहरू खोल्ने
तपाईं मात्र सिद्ध, पवित्र

हामी धोइएका छौँ थुमाको रगतले
हुन दुलही तपाईंको सदालाई ३

## २३४

**स्केल G, ताल $^4/_4$**

यदि जाल भए पनि माछा समात्ने थिएँ
यदि नाउ भए पनि नदी तर्ने थिएँ
तर छैन मसँग केही पनि (२) (तिमी मात्र हौ) २
मैले धेरै सपना सजाएथें, ती सब तोडिसकें
मेरो स्वार्थपूर्ण हृदय यो आज च्यातिदिएँ
तर छैन मसँग केही पनि (२)
येशू मात्र हौ (२)

## २३५

**स्केल G, ताल $^4/_4$**

हे येशू तिमी नै सब थोक हौ मेरो (२)
तिमी नै राजा, तिमी नै मालिक यो जीवनको
कुटिपिटी मलाई बनाऊ, पछुतो केही छैन
च्यातिफारी मलाई बुझाऊ, गुनासो केही छैन ।

## २३६

**स्केल G, ताल $^4/_4$**

**कोः तिम्रो आत्मा सबैमाथि खन्याऊ**

१. तिम्रो स्तुति गाऊन देऊ ।
२. तिम्रो महिमा हेर्न देऊ ।
३. तिम्रो नजीक हुन देऊ ।

## २३७

**स्केल G, ताल $^4/_4$**

तपाईं मेरो परमेश्वर, सधैं राज्य गर्नुहुन्छ
शैतानको शिर कुच्याई तपाईंको जय भएको छ
मेरो सारा बलले यो घोषणा गर्नेछ,
मेरो उद्धारक जीवित हुनुहुन्छ (२)

## २३८

**स्केल D, ताल $^4/_4$**

[नजीक-नजीक येशूको (२)
आएर मात्र होइन, छोएर मात्र होइन (२)
मलाई हृदयमा लुकाऊ, मलाई हृदयमा अटाऊ] ३
नजीक-नजीक येशूको (२)

## २३९

**स्केल G, ताल $^4/_4$**

तपाईंको उपस्थितिमा म नयाँ हुँदछु
तपाईंको उपस्थितिमा म चीलझैँ उड्दछु
तपाईंको उपस्थितिमा म विगतलाई भुल्दछु

तपाईंको उपस्थितिमा म बलवान् हुँदछु
कारण तपाईंको उपस्थिति नै मेरो आहार हो,
कारण तपाईंको उपस्थिति नै मेरो भरोसा हो,
कारण तपाईंको उपस्थिति नै मेरो जीवन हो ।

## २४० स्केल G, ताल $^4/_4$

मेरा ओठले तपाईंको प्रशंसा गरून्
कारण तपाईंले आफ्ना नियमहरू
मलाईं सिकाउनुहुन्छ,
(मेरो जिब्रोले तपाईंको भजन गाओस्
कारण तपाईंका आज्ञाहरू धार्मिक छन्) २

## २४१ स्केल A, ताल $^4/_4$

मेरो हृदय स्थिर छ (४)
हे परमेश्वर, म गाउनेछु, म राग बजाउनेछु
हे मेरो प्राण, जाग वीणा र सारङ्गी जाग (२)
म प्रभातलाई जगाउनेछु (३)

## २४२ (Into Thy Presence We Come) स्केल C, ताल $^3/_4$

तपाईंको नजीक आउँछौं हाम्रो कर्मले होइन
केवल तपाईंको अनुग्रहले, तपाईंको नजीक आउँछौं ।

## २४३ स्केल G, ताल $^4/_4$

जीवनको नदी बगाउनुहोस्, प्रभु मेरो जीवनमा
मलाई जागृत गराउनुहोस्, पवित्र आत्मामा २
बद्लिन चाहन्छु, प्रभु तपाईंको रूपमा (२)
पिताको लागि फल फलाउने, जीवन जिउन चाहन्छु
मेरो यो जीवनबाट तपाईंलाई अल्याउन चाहन्छु ।

## २४४ स्केल G, ताल $^4/_4$

उचाल्छु म सधैं तपाईंको पवित्र नाउँलाई (३)
कारण तपाईं नै मेरो परमेश्वर हुनुहुन्छ ।
धन्यवाद चढाउँछु मेरो सारा हृदयले (३)
कारण तपाईंले मलाईं प्रेम गर्नुभो ।
प्रशंसा गरिरहनेछु मेरो अन्तिम साससम्म नै (३)
कारण तपाईंले मलाईं जीवन दिनुभो ।

## २४५ स्केल C, ताल $^2/_4$

परमेश्वर आत्मा हुनुहुन्छ, औ उहाँलाई पुज्नेहरूले (२)
आत्मा र सत्यतामा, (सत्यतामा पुज्नु पर्नेछ) २

## २४६

**स्केल E, ताल 4/4**

महिमा, महिमा, महिमा होस् स्वर्गलोकमा
महिमा होस् सारा संसारमा
महिमा होस् मण्डलीमा
हे येशू, हे येशू, महिमा तपाईंलाई ।
प्रशंसा, प्रशंसा, प्रशंसा होस् स्वर्गलोकमा
प्रशंसा होस् सारा संसारमा
प्रशंसा होस् मण्डलीमा
हे येशू, हे येशू, प्रशंसा तपाईंलाई ।

## २४७

**स्केल D, ताल 4/4**

येशू हुन् मानिसको एक मात्र सहारा (२)
प्रेम गरी बगाए (रगतको धारा) २
धन्यवाद दिन्छौँ हामी हृदय खोलेर (२)
उचाल्छौँ येशूलाई (स्वर हाम्रो खोलेर) २

## २४८

**स्केल C, ताल 4/4**

१. केले धुन्छ मेरो पाप ? केवल येशूको रगतले
हुन्छु निको कसरी ? केवल येशूको रगतले
**कोः अमूल्य धारा यो हुन्छु, हिउँ जस्तो सेतो**
**छैन कुनै मूल यस्तो, केवल येशूको रगतले ।**
२. क्षमा पाउँन सख्छु म, केवल येशूको रगतमा
शुद्ध हुन सक्छु म, केवल येशूको रगतले ।
३. पापलाई ढाक्न सकिन्छ, केवल येशूको रगतले
असल कामले सक्दैन, केवल येशूको रगतले ।
४. मेरो आशा र शान्ति, केवल येशूको रगतमा
मेरो पूर्ण धार्मिकता, केवल येशूको रगतमा ।

## २४९

(Glory, Glory) **स्केल D, ताल 4/4**

महिमा, महिमा, महिमा थुमालाई (२)
कारण उहाँ महिमित र स्तुतियोग्य हुनुहुन्छ
थुमा सिंहासनमा स्तुति गाउँदै यो ओठले भन्नेछ
थुमा सिंहासनमा ।

## २५०

**स्केल Em, ताल 4/4**

सदा-सदा नै गुञ्जिरहोस्, प्रशंसाको गीत, खीष्ट येशूको
यी ओठहरूले हल्लेलूयाह (५), जय जयकार भइरहोस्
यी ओठहरूले हल्लेलूयाह (५), सर्वशक्तिमान् परमेश्वरको
यी ओठहरूले हल्लेलूयाह (५)

## २५१
**स्केल E, ताल $^4/_4$**

१. मलाई आफ्नो शरणमा लिनुहोस्, प्रभु
कि म तपाईंकै हुन सकूँ
मेरो आत्माको सफाइ गर्नोस्, प्रभु
तपाईंकै सन्मुख ठीक रहूँ
(मेरो आत्माको रुवाइ हो, प्रभु,
मेरो प्रार्थनाको गीत सुन्नुहोस्) २
**येशू, मेरो प्रभु आएर मलाई छुनुहोस् (२)**
**आएर मलाई छुनुहोस् ।**

२. प्रभु, तपाईं टुटेको हृदयको प्रभु
बोझ उठाउनेको सहारा,
मैले हिँड्ने बाटोको तपाईं ज्योति
मेरो समझको सारा स्रोत,
(प्रभु, तपाईं क्षमाको खानी
मेरो प्रार्थनाको गीत सुन्नुहोस्) २

## २५२
**स्केल G, ताल $^4/_4$**

**कोः ला ला (७) हरियो खर्कमा मलाई चराउनुभो**
**मेरा आँखाको आँसु पुछ्नुभो (२)**
**हे येशू, तपाईं मेरो पहिलो प्रेम (२)**
**मलाई येशू चाहिन्छ (४)**

१. संसारको पानीले मेटिँदैन मेरो तृष्णा (२)
हे येशू, तपाईं मेरो पहिलो प्रेम (२)
मलाई येशू चाहिन्छ (४)

२. पराईलाई आफ्नो ठान्नुभो, प्रेमविहीनलाई प्रेम गर्नुभो (२)
हे येशू, तपाईं मेरो पहिलो प्रेम (२)
मलाई येशू चाहिन्छ (४)

## २५३
**स्केल E, ताल $^4/_4$**

(येशू मेरा मुक्तिदाता हृदयमा मेरो आउनुहोस् ममा पवित्रात्मा भर्नुहोस्
[र त्यो आगोले मलाई अभिषेक गर्नुहोस्]३ तपाईंको म ज्योति बनूँ) २

## २५४
**स्केल E, ताल $^4/_4$**

आऊ खुशी मनाऊँ, येशूलाई मनमा बसाऊँ,
हाम्रा हातहरू उचालौँ, उच्च स्वरले गाऔँ, ताली बजाऔँ,
आऊ खुशी मनाऊँ येशूलाई मनमा बसाऊँ,
उनी मारिएर गाडिएका, उनी गाडिएर बौरिएका,
बौरिएर स्वर्गमा उचालिएका (हाम्रा जीवित येशू) २

हाम्रा जीवित येशूका सामने आ... आ... आऊ, खुशी मनाऊँ ।

## २५५

जब म देख्छु तपाईंको महानता, तपाईंको शक्ति, तपाईंको अनुग्रह
मेरो जीवनमा म थाहा गर्छु, म गाउँछु, रमाउँछु, कराउँछु
उत्साहित हुन्छु, तपाईंको स्तुति गाउन, उत्साहित हुन्छु,
तपाईंको प्रशंसा गर्न, उत्साहित हुन्छु, तपाईंलाई उच्च पार्न (२) लाई ।
कारण तपाईं मेरा प्रभु र राज, मेरो एक मात्र आशा अनि भरोसा,
मेरो बल र चट्टान, मेरो सर्वस्व तपाईं, म नाच्छु, उफ्रन्छु, कराउँछु, हो...
उत्साहित हुन्छु, तपाईंको उपस्थितिमा आउन, उत्साहित हुन्छु
तपाईं प्रभुलाई भेट्न, उत्साहित हुन्छु तपाईंलाई सदा प्रेम गर्न (२) लाई

## २५६

पवित्र आत्मा आउनुहोस् हामीमा (२)
मलाई लैजान येशूको चरणमा, पवित्र आत्मा ।
मात्र तपाईंको लागि, येशू (तपाईंको लागि) ४
म हात उचाल्दछु, पवित्र आत्मा आउनुहोस् ।

## २५७

स्वर्गीय शीत मेरो आत्मामा आउनुहोस् (२)
हे पवित्र आत्मा मलाई कब्जा गर्नुहोस्
स्वर्गीय शीत ममाथि बर्सिनुहोस् ।

## २५८

**स्केल G**

पवित्र परमेश्वरलाई चढाऊँ धन्यवाद सबैले, केवल उनी सबका सहारा (२)
हरेक जीवनको निम्ति नयाँ आशा लिई आउनुभो
धर्तीमा सहारा बनी, हल्लेलूयाह ।

## २५९

**स्केल D**

निराश नहोऊ प्रार्थना गर्नलाई, निरन्तर प्रार्थना गर ।
प्रार्थना सुन्नलाई म जीवित छु, म तिम्रो पुकारलाई सुन्नेछु ।
प्रार्थना गर, उत्तर दिनेछु, गहिरो-गहिरो भेट बनाउनेछु ।
नजानेको र नसोचेको प्रकाश म तिमीलाई दिनेछु ।

## २६०

**स्केल E, ताल C**

**कोः (तपाईं धन्य (३) (तपाईं धन्य) ३) २**

१. आकाशमा उड्ने पंक्षी तपाईंले बनाउनुभो
जमीनमा हिँड्ने मानिस तपाईंले रच्नुभो ।

२. पानीमुनि बस्ने प्राणी तपाईंले बनाउनुभो
प्रकृतिको सुन्दर हिमाल तपाईंले राख्नुभो ।

## २६१
**स्केल G, ताल C**

बिहानीको, बिहानीको (सूर्यको किरणले भेट्नअघि) २
म येशू तपाईंलाई छुन चाहन्छु (२)
आकाशमा उड्ने पंक्षी तपाईंले बनाउनुभो
पशु-पंक्षी (२) (ले प्रभात डाक्नअघि) २
म येशूलाई बोलाउन चाहन्छु (२)

## २६२
**स्केल Em,**

यहवे यिरे, मेरो प्रबन्धक, प्रभुको अनुग्रह प्रशस्त छ ।
मेरो प्रभुले खाँचो पूरा गर्छन्, उनको महिमाको धनअनुसार
स्वर्गदूतलाई खटाउँछन्, तिमीमाथि यहवे यिरे हेर्छन्, मलाई, मलाई (२)
यहवे यिरे हेर्छन्, मलाई ।

## २६३
**स्केल G,**

प्रभुमा नयाँ गीत गाऔं, सबै मानिसले गीत गाऔं (२)
प्रभु महान् छन् प्रशंसा गर्नुपर्छ ।

## २६४

येशू असल छन् (३) उनी असल छन् मलाई, मेरो पाप धोए (३)
उनी असल छन् मलाई म स्वतन्त्र भएँ (३) उनी असल छन् मलाई
येशू असल छन्, मेरा पाप धोए म स्वतन्त्र भएँ उनी असल छन् मलाई ।

## २६५
**स्केल G, ताल $^{4}/_{4}$**

म आएँ जीवन दिनलाई (२) (प्रशस्त) २ (प्रशस्त जीवन) २

## २६६
**स्केल G**

आउनुहोस् प्रभु तपाईं, हाम्रो माझमा, दिनोस् तपाईंको पवित्र आत्मा
तपाईंको आनन्दले भरिन सकूँ, तपाईंलाई सधैं धन्यको भनूँ
हल्लेलूयाह (४) स्तुति गर्छु (३) तपाईंलाई ।

## २६७
**स्केल G**

(येशू, येशू मेरो सारा शरीरले, मेरो सारा प्राणले,
मेरो सारा आत्माले प्रेम गर्छु ।
येशू, येशू मेरो सारा शरीरले, मेरो सारा प्राणले,
मेरो सारा आत्माले आराधना गर्छु) २

## २६८
**स्केल E**

राज गर्छन् (२) धन्य होस् प्रभुको नाउँ
हाम्रो प्रभु परमेश्वर सर्वशक्तिमान्, महिमामा राज गर्छन् (२)

## २६९
**स्केल E, ताल $^{4}/_{4}$**

हा... हा... हा... हा...
हेरन माथि आकाशैमा ख्रीष्ट आउने बेला भो
जागी उठी तयार हुने समयले बतायो ।
छक्क पर्ने बेला छैन झटपट गर्नुछ (२)
आफ्नो सारा जीवनलाई उहाँमा अर्पिदेऊ (२)
जब प्रभु येशू आउँछन् बादलमा भएर (२)
देख्नेछन् सबले महिमित येशू स्वर्गको बीचैमा (२)
हा... हा... हा... हा...

## २७०

**स्केल E, ताल $^2/_4$**

महान् र शक्तिमान् हाम्रो प्रभु, महान् शक्तिमान् उहाँ (२)
प्रशंसाहरूको झण्डा उठाओ, राजालाई स्तुति
महान् र शक्तिमान् हाम्रो प्रभु, महान् शक्तिमान् उहाँ ।

## २७१

**स्केल F**

स्तुति आराधना माथि जानेछ, आशिष् लिएर तल आउनेछ
प्रभु हाम्रा कति महान्, हेर हामीलाई गर्छन् प्यार, हल्लेलू, हल्लेलूयाह (२)
प्रार्थना विन्ति माथि जानेछ, उत्तर लिएर तल आउनेछ
प्रभु हाम्रा कति महान्, हेर हामीलाई गर्छन् प्यार, हल्लेलू, हल्लेलूयाह (२)

## २७२

**स्केल Am**

धोई-पखाली येशू बनाइदेऊ मलाई तिम्रै पुजारी (२)
चरणमा आउँछु तिम्रो प्रेमको गीत गाउन
हृदय सब पोखाई (आँसु खुशीको बहाई) २
गर्न सक्छु र के प्रेमको साटो तिम्रो ?
उपासना चढाउँछु (चढाउँछु म बलिदान) २

## २७३

सिकाउनोस् प्रभु, तपाईंसाथ हिँड्न
सिकाउनोस् आशा, प्रभु तपाईंमा गर्न सिकाउनोस्
तपाईंको स्पर्शको आनन्दमा तपाईंलाई प्रेम गर्ने इच्छा
प्रभु दिनदिन ममा बढोस् । सिकाउनोस्...

## २७४

(Lord of Lords, King of Kings) **स्केल E**

१. प्रभुहरूका प्रभु राजाहरूका राजा, तपाईं मात्र योग्य,
स्वर्ग-पृथ्वी सबले गाउँछन् तपाईंको महिमा ।
प्रशंसा पिता र पुत्रलाई, पवित्र आत्मालाई प्रशंसा
प्रशंसा महिमाका राजालाई, पवित्र आत्मालाई प्रशंसा ।

२. प्रभुको थुमा पवित्र जन, धर्मी अनि क्षमाशील

बिहानको तारा, उदाउने घाम, तपाईंझैं छैन अरू ।

## २७५ (Jesus, Lamb of God) **स्केल, ताल $^4/_4$**

येशू ईश्वरको थुमा, योग्य तपाईंको नाउँ (२)

## २७६

येशू हुन् साँचो गोठालो, हामी उहाँका भेडाहौ,
हरियो खर्कमा हामीलाई चराउँछन् (२) हामीलाई अब त कसैको डर छैन,
किनकि हाम्रो साथ येशू हुनुहुन्छ येशू हुन् ...
बाटोमा मलाई रक्षा गर्दछन्, शैतानको डरबाट हामीलाई बचाउँछन्
येशू हुन् साँचो गोठालो, हामी, उहाँका भेडाहौं,
हरियो खर्कमा हामीलाई चराउँछन्, हल्लेलूयाह, आमेन् (४)

## २७७ **स्केल Dm, ताल $^2/_4$**

१. (केटाः हल्लेलूयाह । केटीः हल्लेलूयाह) ३
२. (केटाः प्रशंसा गर्छु । केटीः प्रशंसा गर्छु) ३
प्रभु तपाईंलाई प्रशंसा गर्छु ।
३. (केटाः म प्रेम गर्छु । केटीः म प्रेम गर्छु) ३
प्रभु तपाईंलाई म प्रेम गर्छु ।
४. (केटाः हल्लेलूयाह । केटीः हल्लेलूयाह) ३
प्रभु तपाईंलाई म प्रेम गर्छु ।

## २७८ **स्केल Dm, ताल $^2/_4$**

१. तपाईं मेरो शरण, मेरो बलियो किल्ला, खाँचोमा मेरो साथी, मेरो प्रभु (२)
**कोः सारा हृदयले पुज्छु तपाईंलाई, सारा जीवनले खोज्छु तपाईंलाई**
**तन, मन, धनले सेवा गर्छु, म यहाँ छु, म यहाँ छु, प्रभु (३) म यहाँ छु**
२. तपाईं मुक्तिदाता, मेरो चङ्गाइकर्ता, खाँचोमा मेरो शक्ति, मेरो प्रभु ।
३. तपाईं मेरो गोठालो, मेरो शक्ति र बल, तपाईं मेरो आश्रय, मेरो प्रभु ।

## २७९ **स्केल G, ताल C**

सम्भव छ सबै पीरहरू हट्न, सबै रोगहरू हट्न
सबै पहाडहरू हट्न सम्भव छ
नासरतको येशूको नाउँमा, विश्वासको प्रार्थनामा
साँचो मनको प्रायश्चितमा सबै बन्धनहरू हट्न सम्भव छ
त्यसैले जाऔं त्यो क्रूसमा, हाम्रो सबै पीडाहरू उहाँमा राखौं
त्यसैले जाऔं त्यो क्रूसमा, हाम्रो सबै रोगहरू उहाँमा राखौं
त्यसैले जाऔं त्यो क्रूसमा, हाम्रो सबै पीडाहरू उहाँमा राखौं ।

## २८०

**स्केल G, ताल C**

हा... हा... हा... हा...
(अर्पण) ३ गर्छौं, प्रभु, यो जीवन तपाईंलाई
पिता पुत्र पवित्र आत्माको होस् सुबढाइँ) २
गाउँ-गाउँमा शहर-शहरमा ख्रीष्टको वचन प्रचार गर्दै (२)
एकताको बन्धन कायम गर्न सकौँ शान्तिको ध्वनि छर्दै (२)
प्रार्थनाको ध्वनि गुञ्जाउँदै सदैव प्रतीक्षा ख्रीष्टको गर्न सकौँ (२)
आनन्द (३) को आशा सँगाली परीक्षामा विजयी बनौं (२)

## २८१

वासहरूमा हर्ष फैलोस् हाम्रो गल्ली शान्त रहून्
विश्वासीको प्रार्थनामा, प्रभु अन्याय हटाऊन्
शिखरदेखि फाँटबाट येशूलाई नै प्रशंसा होस्
चारै दिशा देशभरि नै मुक्तिदाताको स्तुति गुञ्जोस्
क्रूसको साथमा हामी हिँड्न अन्धकारमा ज्योति होस्
परमपिताको महिमा धर्तीभरि फैलोस् ।

## २८२

**स्केल Am**

जबसम्म म बाँच्नेछु उहाँकै भजन गाउनेछु
मेरो जीवन रहुञ्जेल सधैँ नै म नाच्नेछु ।
गाउनेछु, गाउनेछु, नाच्नेछु, नाच्नेछु
उहाँकै आनन्दमा प्रशंसा गर्नेछु आनन्दमा बाँच्नेछु ।

## २८३

**स्केल Em, ताल $^{2}/_{4}$**

शैतानको शिविरमा जाऔँ र खोसौँ त्यसले जे लग्यो त्यो
खुट्टामुनि, खुट्टामुनि, खुट्टामुनि, शैतान खुट्टामुनि (२)

## २८४

**स्केल G, ताल C**

१. येशू मेरो भोजन जुटाउने, येशू मेरो तृष्णा मेटाउने (२)

**कोः तपाईं प्रभु, तपाईं महान्**

२. येशू मलाई शान्ति दिने, येशू मलाई आनन्द दिने (२)
३. येशू मलाई शक्ति दिने, येशू मलाई विजय दिने (२)

## २८५

**स्केल G, ताल C**

कोही छैन तपाईंजस्तो परमेश्वर (२)
सागरभन्दा गहिरो छ, हिमालभन्दा उच्च छ (२)
तपाईंको विचार, तपाईंको विचार ।

## २८६

**स्केल G**

तपाईसँग-सँगै येशू मलाई उठाउनुहोस्,

खीष्ट अनुग्रहको हातले उक्लनसकूँ
म यो पर्वतमा तपाईंसँग-सँगै ।
(एक दिन) २ यो पर्खाल तोड्नेछु मैले,
(एक दिन) २ पानीमाथि हिँड्नेछु मैले
(एक दिन) २ उच्च भूमिमा चढ्नेछु मैले,
येशू मलाई छुनुहोस् तपाईंको प्रेमिलो हातले
गहिरिनसकूँ म प्रेम सागरमा तपाईंसँग-सँगै,
व्याकुल छु म वचन देह भएको हेर्न
फुकाई निकाल्नुहोस् मभित्रको नदीलाई बाहिर,
जिउन चाहन्छु यथार्थ येशूको नाउँमा ।

## २८७

**स्केल G**

हरबार नाचौं विश्वासी, दुष्टले देख्छ तोरीको फूल
जागिसके मण्डली आत्माको शक्तिमा ।
दायाँ-बायाँ, उत्तर-दक्षिण, अघि-पछि
पूर्व-पश्चिम बढिरहेछ प्रभुको राज्य विश्वभरमा
हात बाँधी होइन, कम्मर कसी बढौं, नाउँ येशूको लिएर
पछि नहटौं अघि-अघि बढौं, अघि-अघि बढौं
काला-सेता सबै नेपाली, धनी गरीब वीर गोर्खाली
मारेर होइन, मरेर जितौं विश्वलाई येशूमा
आफू साँढे होइन, नम्र सैनिक बनौं, नाउँ येशूको लिएर
पछि नहटौं अघि-अघि बढौं, अघि-अघि बढौं। हरबर...

## २८८

**स्केल G**

तपाईंको खोला बग्दैछ, म त्यहाँबाट पिउनेछु
मुडुली मृग आए झैं, म उफ्रँदै आउनेछु, तपाईंको प्रेमले म नयाँ हुँनेछु ।

## २८९

**स्केल G**

म हुँ येशूको औ येशू मेरा, संसारमा अरू केही थोक चाहिँदैन
उहाँको काखमा लुटु र पुटु गरेर बिसाउँछु
जीवनको पानी पिएर यसै तृष्णा मेटाउँछु
येशूको गीत प्रेमको भाका गाएर सुनाउँछु
फरिया र चोली लाएकै दुलही म उनकी हुनेछु ।

## २९०

**स्केल G**

सारा स्वर्गमा तपाईंको नाउँ अति उच्च छ
सारा स्वर्गमा तपाईंको नाउँ अति उत्तम छ
हाम्रो स्तुतिले तपाईंलाई उचाल्दछन्,
हाम्रो शिरहरू तपाईंलाई दण्डवत् गर्दछन् ।

म हुँ जो म हुँ, म हुँ जो म हुँ (२) हल्लेलूयाह (४)

## २९१ 
**स्केल G**

पवित्र तपाईं, मेरो निम्ति कलवरी क्रूसमा जानुभो
पवित्र तपाईं, मेरो निम्ति दुःख सहनुभो
के चढाऊँ प्रभु, यो क्षुद्र जीवनबाट ? के चढाऊँ प्रभु, यो तुच्छ जीवनबाट ?
सुन र चाँदी छैन, छ एउटा चूर्ण यो हृदय (२)
कृतज्ञताले भरेर पोखिन्छ तपाईंको पाउमा ।

## २९२ 
**स्केल E**

हे हाम्रा प्रिय, हे हाम्रा स्वामी, बचाउनुहोस् संसारलाई ।
हे हाम्रा दुलहा, हे हाम्रा प्रभु, बचाउनुहोस् संसारलाई ।
हे मेरा येशू, सुन्नुहोस् बिन्ती, हेर्नुहोस् संसारलाई
फसल धेरै पाकी नै सक्यो, याद गर्नुहोस् यसैलाई ।
कति खराब छन्, कति असल छन् संसारका यी फसल
बनाउनुहोस् है असल हाम्रो मण्डली, हामी दुइ हात जोडी भन्दछौं तपाईंलाई ।

## २९३ 
**स्केल G, ताल 4/4**

मलाई तपाईंको मुहार देखाउनुहोस् (२)
येशू, तपाईंको मुहार मलाई देखाउनुहोस्, (२)
तपाईंको सुन्दरतालाई हेर्न तपाईंको मुहारलाई सधैं नियाल्न (२)
येशू, तपाईंको मुहार ममा चम्काउनुहोस् (२)

## २९४ 
**स्केल G**

हजारौं-हजारले तपाईंलाई खोज्दछन्, लाखौं-लाखले तपाईंको आराधना गर्छन्
करूबले र सराफले तपाईंको सिंहासन अघि पवित्र, पवित्र, पवित्र भन्दछन्,
सनातनदेखि विराजमान हुने परमेश्वर जो हुनुहुन्थ्यो, जो हुनुहुन्छ जो हुनआउनुहुनेछ ।
तपाईंलाई महिमा चढाउँछौं, तपाईंलाई प्रशंसा चढाउँछौं, तपाईंको आराधना गाउँदछौं,
हल्लेलूयाह, एलोहिम, एदोनाई, यहवेरफा, यहवेसम्मा, आमेन् ...

## २९५ 
**स्केल G**

जब म तपाईंको सिंहासनतर्फ हेर्छु (४) म आनन्दले भरपूर बन्छु (२)
जब म मेरो मुकुट त्यहाँ देख्छु, निश्चय बन्छु म त्यो पाउनेछु (२)

## २९६ 
**स्केल G**

म बाँचुञ्जेल परमेश्वरको प्रशंसा म गाउनेछु (२)
मेरो सासले भ्याएसम्म परमेश्वरको स्तुति सदा गाउनेछु, हल्लेलूयाह (४)
येशूलाई उचालौं हाम्रो माझमा, पवित्र आत्मा आउनुहोस् महिमा गर्न
पिता, प्रेमले भर्नुहोस् तपाईंको हृदयलाई बुझ्न ।

## २९७ 
**स्केल G**

यदि मेरो आफ्नै नाउँ दिएको मेरो प्रजाले नम्र भएर प्रार्थना गर्छ,
मेरो मुहार खोजी आफ्नो दुष्ट मार्गहरूबाट फर्कन्छ,
तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु, तिनीहरूको पाप क्षमा गर्नेछु
तिनीहरूको देशलाई म फेरि अघिजस्तै स्वस्थ पार्नेछु

**कोः माग त तिमीले पाउनेछौ, खोज त तिमीले भेटाउनेछौ**
**घचघचाऊ ढोका उघारिनेछ** (२)

फसलको प्रभुलाई प्रार्थना गर, उहाँको फसलमा खेतालाहरू पठाऊन्
रुँदै छर्नेहरूले आनन्दले कटनी गर्नेछन्, रुँदै बिरुवा रोप्नेले
आफ्नो बिटा बोकेर आनन्दसँग घर फर्कनेछ (२)

## २९८

([तपाई मेरा परमेश्वर, तपाईं मेरो उद्धारक, तपाईं मेरो भरोसा
तपाईंमा म रमाउँछु] २ म मग्न हुन्छु तपाईंमा) ३

## २९९

**स्केल G**

एक कदम अघि, दश कदम पछि सर्ने विश्वासी होइनौं है
घुँडाफ्ना गई सय कदम अघि सर्ने विश्वासी हौं हामी ।
एक थुकी सुकी, सय थुकी नदी, हातमा हात मिलाई ल्याउने हो राज्य येशूकै ।
विश्वासी जागौं, येशूको प्रेममा एकताको नारा लगाऊँ है
फसल पाकिसक्यो, दाइँ गर्ने बेला भो', शैतानको आँगनैमा ।

## ३००

खीष्ट येशू, मुक्तिदाता तपाईंझैं कोही छैन,
तपाईंको त्यो अलौकिक प्रेमबारे स्तुति गाउँछु म ।
मेरो आशा तपाईं, उत्साह, शरण र शक्तिको गढP
मेरो हर श्वास-प्रस्वासले तपाईंको स्तुति गाइरहूँ ।
धर्ती उठ अनि स्तुति गाऊ, शक्ति ऐश्वर्य प्रभुलाई होस्
पहाडफ्रुक अनि सागर गर्ज, उनको नाउँलाई धन्यको भनी ।
तपाईंको आशिषित् काम देखेर खुशी भई आनन्दले गाउँछु म
पाइन्न अरूमा येशूको निश्चयता...

## ३०१

सम्मान होस् प्रभुको, यो मेरो इच्छा हो, तपाईंको महिमा गाऊँ म हृदयले
सर्वस्वले तपाईंको प्रशंसा गर्न पाऊँ, मेरो आदर-सम्मान येशू तपाईं
प्रभु, मेरो यो हृदय-आत्मा तपाईंले लिई, तपाईं नै जिउनुहोस् ममा ।
मेरो ढुकढुकी र स्वास जीवनको हर पल प्रभुकै भइरहोस्
मेरो प्राण-आत्मा येशू तपाईंको, मेरो प्राण-आत्मा प्रभु तपाईंको ।

## ३०२

जे गर्नुभो मेरो जीवनमा, प्रभु, जे गर्न चाहनुहुँदैछ,
म जे छु तपाईंको कृपाले नै हो, तपाईं नै मेरो आधार, येशू, धन्यवाद,
येशू, धन्यवाद, धन्यवाद प्रभु, हरपल धन्यवाद, धन्यवाद येशू ।
मलाई प्रेम गरी मुक्तिदान दिनुभयो, आफ्नै प्राण पनि बलि दिनुभयो,
प्रभु, धन्यवाद, येशू, धन्यवाद, कृतज्ञतासाथ धन्यवाद, धन्यवाद ।

## ३०३ (Thou Art Worthy)

तपाईं योग्य, तपाईं योग्य, प्रभु हुनुहुन्छ
महिमा पाउन, महिमा आदर, महिमा आदर, शक्ति
सारा सृष्टि तपाईंले सृजनुभयो, तपाईंले सृजनुभो
तपाईंकै इच्छामा सृजना भए, तपाईं योग्य प्रभु ।

## ३०४

तिमी हौ मेरो गोठाला, तिमी हौ मेरो सहारा (२)
मेरोअघि-अघि मलाई डोऱ्याइहिँड्ने,
मेरो आँसुलाई पुछी मलाई माया गर्ने (२)
जयजयकार (३) गर्छु येशू तिम्रो जयजयकार
प्रशंसा, प्रशंसा, प्रशंसा, प्रशंसा गर्छु येशू, तिम्रो प्रशंसा ।

## ३०५

आदर, महिमा, प्रशंसा गर्नलाई डोऱ्याउनुहवस्, प्रभु, हरपल मलाई
तपाईंको उपस्थितिभित्र सधैँ मग्न हुनलाई, होसन्ना जय हल्लेलूयाह (४)
तपाईंको उपस्थितिभित्र सधैँ मग्न हुनलाई ।

## ३०६

**कोः दूध बग्ने देशमा जाने हो, मह बग्ने देशमा जाने हो,**
**प्रतिज्ञाको देशमा जाने हो, हाम्रो स्वर्ग देशमा ।**

१. कलवरीको कथा बिर्सी कहाँ जाने यात्री हो,
गाईगोठको प्रभु बिर्सी स्वार्थी बन्ने साथी हो,
प्रभु येशू मुक्तिदाता, जीवन दिने पानीलाई
क्षमा मागी अघि बढौँ, जीवनको प्रभुलाई ।

२. बाटो, सत्य, जीवनलाई फेरि आउने राजालाई
संसारको न्यायकर्ता येशू हाम्रो प्रभुलाई,
नलुकाऊ है तिम्रो पाप खोलिदेऊ है जीवनलाई,
ईमानदार, आज्ञाकारी बनाइदेऊ है जीवनलाई ।

## ३०७

बढौँ हामी बढौँ, एकै ढिक्का भई (२)
विजय हाम्रो येशूमा निश्चय हुनेछ है (२) हो (२)
निकाली सबले एउटै आवाज शैतानलाई डाँटौँ है (२)

(त्यो पर) ६ हामीदेखि टाढा नै है (२) येशूको नाउँमा (२)

## ३०८

सृष्टिकर्ता परमप्रभु मुक्तिदाता जिउँदो येशू,
सम्मान, महिमा, शक्ति, बल सब तपाईंको नै हो ।
प्रशंसा प्रभुको जो पवित्र, योग्य छन्,
धार्मिकता र शान्तिका येशू मात्र योग्य छन्, प्रशंसा होस्
पितालाई हल्लेलूयाह महिमा स्वर उचाली
सबले गाऔं, थुमा येशू योग्य छन् ।

## ३०९

आराधना परमेश्वरलाई, आराधना राजालाई,
राजाहरूका राजा प्रभुहरूका, प्रभु
हामीलाई बचाउने, हल्लेलूयाह (२) आराधना तपाईंलाई ।

## ३१०

**स्केल D, ताल 6/8**

**कोः हामी सुनौलो शहरमा जान्छौ, हामी ईश्वरको साथमा हिँड्छौं**
**(हो हो हो हो हो) २ हा हा हा हा हा**

१. अब्राहामका सन्तान हामी, ईश्वरले सृष्टि गर्नुभयो,
अचम्म छ है मेरा प्रिय ईश्वरको प्रेम ।

२. येशू राजाले दिएका ज्ञान, गरौंन हामीले उनैको ध्यान,
डरलाग्दो छ है, हे मेरा प्रिय, पापी संसार ।

## ३११

**कोः छुटकाराको गीत गाऔं है, प्रभु येशूकहाँ जाऔं है (२)**

१. बलिदान हुने को हो ? येशू, पाप क्षमा गर्ने को हुन् ? येशू,
रोगहरू निको पार्ने, भूतहरू धपाइदिने येशू ।

२. हाम्रो विजय येशूमा छ आमेन्, हाम्रो आनन्द येशू नै हुन्, आमेन् ।
मृत्युबाट उठिआउने, विश्वासीलाई शान्ति दिने येशू ।

## ३१२

आऊ, बचाऊ प्रभु, हामीलाई, केही देखिँदैन अँध्यारोबाहेक
छेलिदेऊ, छोपिदेऊ ढाकिदेऊ मलाई
येशू प्रभु, भन म के गरूँ, संसारको अन्त अब चाँडै हुँदैछ
बादलमाथि तिमी आउँदा चिनिदेऊ मलाई

## ३१३

म रमाउनेछु, गीत म गाउनेछु, एउटा नयाँ गीत म गाउनेछु
उहाँको प्रशंसा गाउनेछु, एउटा नयाँ गीत गाउनेछु, (हल्लेलूयाह) ५

## ३१४

धन्य होस् प्रभुको नाउँ (३) सर्वोच्च धन्य होस् प्रभुको नाउँ (३)

सर्वोच्च तपाईंको नाउँ बलियो धरहरा,
तपाईंको शरण पर्छन् र वास गर्छन्
येशू हुन् प्रभुको नाउँ, पवित्र होस् येशूको नाउँ (३) सर्वोच्च...

## ३१५

हे येशू (२) मेरो सारा शरीरले,
मेरो सारा प्राणले, मेरो सारा आत्माले
हे येशू मेरो सारा शरीरले, मेरो सारा प्राणले,
मेरो सारा आत्माले आराधना गर्छु ।

## ३१६ **स्केल B, ताल C**

१. मेरा साथी, मेरा सल्लाहकार प्रभु तपाईं (२)
**कोः हात उचालेर भन्नेछौं २ प्रशंसाको गीत गाउनेछौं**
२. मेरा रक्षक, मेरो लक्ष प्रभु तपाईं (२)
हृदय सब खोलेर भन्नेछौँ प्रशंसाको गीत गाउनेछौँ ।
३. मेरा आशा, मेरा विश्वास प्रभु तपाईं (२)

## ३१७ **स्केल G**

कति होला मूल्य रगत येशूको ? कति होला मूल्य येशूको प्रेमको ?
के चुकाउन सक्छौ यो मूल्य तिम्रो सुन र चाँदीले
तिम्रो विद्या र ज्ञानले ?
क्रूसलाई हेर मुटुमा हात राखी सम्झन येशूको प्रेमलाई,
सम्झन येशूको कष्टलाई
आऊ, सबै जातिकहाँ जाऊँ, येशूको नाउँलाई उचालौं,
येशूको प्रेम प्रचारौँ ।

## ३१८ **स्केल G, ताल C**

यो जीवन मेरो होइन, तपाईंको रगतले किनेको
यो शरीर मेरो होइन, तपाईंको मन्दिर भई अमूल्य बनेको
यो आत्मा मेरो होइन, तपाईंको प्राणले किनी अनन्त बनेको
(सहस्र - २ धन्यवाद चढाउँछु) २ (कृतज्ञ भई दण्डवत् गर्दछु) २ (हे प्रभु) ३
समर्पण गर्दछु सर्वस्व तपाईंलाई जो तपाईंकै हुन्, (हे प्रभु) ३

## ३१९ **स्केल G**

हरियो खर्कमा मलाई चराउनुभो
मेरा आँखाको आँसु पुछ्नुभो (२)
हे...येशू तपाईं मेरो पहिलो प्रेम (२)
प्रेमविहीनलाई प्रेम दिनुभो, पराईलाई आफ्नै ठान्नुभो (२)

## ३२० (Welcome, Holy Spirit) **स्केल G**

आउनुहोस् पवित्र आत्मा, हामी तपाईंको साथमा

भर्नोस् तपाईंको शक्तिले राज गर्नुहोस् मनमा
तपाईं जिउँदो पानी, कहिल्यै नसुक्ने झरना
सान्त्वना र सल्लाहाकार, लिनोस् आफ्नो वशमा । आउनुहोस् ...

## ३२१ (This is the Air) **स्केल G**

जुन सासले म जिउँछु, उपस्थिति तपाईंको मभित्र छ
अनि म तपाईंविना हराउँछु, अनि म तपाईंविना छट्पटिन्छु
अनि म तपाईंविना हराउँछु,
जुन भोजनले म जिउँछु, उपस्थिति तपाईंको मभित्र छ
अनि म तपाईंबिना हराउँछु,
अनि म तपाईंविना छट्पटिन्छु अनि म तपाईंविना हराउँछु ।

## ३२२ **स्केल G ताल $^6/_8$**

१. घोषणा गर्छु उद्धारको, घोषणा गर्छु प्रेमको
घोषणा गर्छु चङ्गाइको, घोषणा गर्छु शान्तिको ।
यस संसारमा ।
२. प्रभु येशूको मृत्युद्वारा, प्रभु येशूको बौरिउठाइमा
घोषणा गर्छु उद्धारको, घोषणा गर्छु प्रेमको ।
यस संसारमा ।

## ३२३ **स्केल F(D) ताल C**

यहवेको नाउँ उच्च गरियोस् (२)
यहवेको स्तुति सदा गरियोस् (२)
उनको उच्च सिंहासनको बढाई गरियोस् (२)
हे सारा पृथ्वी यहवेको नाउको बढाई गर ।

## ३२४ **स्केल G ताल C**

१. हा हा हा हा हल्लेलूयाह, हा हा हा हा हल्लेलूयाह
परमप्रभु मेरा सहायक, मेरा भक्तिका चट्टान
मेरो आशाका किल्ला
तपाईंको प्रेमको बाहुलिले डोऱ्याउनुहोस मलाई
तपाईंको आत्मिक शक्तिले डोऱ्याउनुहोस् मलाई

## ३२५ **स्केल D ताल C**

स्तुति प्रशंसा आदर भक्ति धन्यवाद
सर्वसक्तिमान परमेश्वरलाई (२)
स्तुतिका योग्य प्रभुलाई
महिमा होस् सदा (सारा स्वर्ग र पृथ्वीमा) २
पवित्र परमप्रभुलाई, प्रशंसा
जयजयकार (राजाहरुका राजालाई) २
आमेन्, आमेन्, आमेन्, प्रभु (२)

## ३२६ **स्केल G ताल C**

**कोः तपाईंको वचन मेरो पाउको निम्ति ज्योति**
**तपाईंको आत्मा मेरो हृदयको निम्ति पानी ।**

१. मेरो लागि तपाईंको प्रेम, मेरो लागि तपाईंको प्रेम
अनन्त जीवन हो, अनन्त जीवन हो (२)

## ३२७ (Let the Beauty of Jesus) **स्केल C ताल $^3/_4$**

१. ममा येशूको शोभा परोस्
देखाउन उनको नम्रता, प्रेम र पवित्रता
हे पवित्र आत्मा मलाई गर्नुस् सफा
ममा येशूको शोभा परोस् देखा ।

## ३२८ (Abba Father) **स्केल G ताल $^3/_4$**

१. अब्बा पिता तपाईंमैं मात्र म रहूँ,
मेरो इच्छा तपाईंकै जस्तो सदा रहोस्
मेरो हृदय ननिभाऊनुहोस्
मलाई नछोड्नुहोस्
अब्बा पिता तपाईंमैं मात्र म रहूँ ।

## ३२९ (Jesus All For you) **स्केल D ताल C**

येशू सब तपाईंलाई, म र मेरा जो जति सब तपाईंलाई (२)
योजना, मेरो आकांक्षा, सब चढाउँदछु तपाईंको हातमा (२)
साँचो छुटकारा तपाईंको इच्छामा,
हामी रोज्दछौँ तपाईंको योजना । येशू सब...

## १ **स्केल G, ताल 2/4**

शनिबारको बिहान साथीसङ्गी आए
खेल्न-डुल्न जाऔं भनी तान्न मलाई लागे,
जान्नँ-जान्नँ खेल्न-डुल्न, जान्छु सन्डे स्कूलमा (२)
येशूले बोलाएका आवाज सुन्न (२)

## २ **स्केल G, ताल 4/4**

भन मुख खोलेर, येशू प्रेम गर्छन्, भन मन खोलेर, येशू रक्षा गर्छन्
भन मुख खोलेर, येशू मेरा हुन्, भन मन खोलेर, म येशूकै हुँ ।

## ३ **स्केल G, ताल C**

ए नानी, असल सोच्न येशूबाट सिक, ए नानी, असल बोल्न येशूबाट सिक
ए नानी, प्रार्थना गर्न येशूबाट सिक, ए नानी, मीठो बोल्न येशूबाट सिक
ए नानी, नम्र बन्न येशूबाट सिक, ए नानी, क्षमा गर्न येशूबाट सिक

ए नानी, सेवा गर्न येशूबाट सिक, ए नानी, दया गर्न येशूबाट सिक
ए नानी, माया गर्न येशूबाट सिक, ए नानी, शैतानलाई जित्न येशूबाट सिक
ए नानी, सबै असल गुणहरू येशूबाटै सिक

## ४ स्केल G, ताल C

आमेन्(३) हल्लेलूयाह, आमेन्, उहाँको प्रशंसा ।
प्रशंसा (३) हल्लेलूयाह, प्रशंसा, उहाँको प्रशंसा ।

## ५ (God's Love To Me Is Wonderful) स्केल G, ताल C

उदेकको प्रेम छ येशूको, उदेकको प्रेम छ येशूको,
उदेकको प्रेम छ येशूको, अति उदेकको प्रेम ।
अग्लो छ, म पुग्न सक्तिनँ, गहिरो छ म डुब्न सक्तिनँ,
चौडाछ, म नाप्न सक्तिनँ, अति उदेकको प्रेम ।

## ६ स्केल F, ताल C

१. सधैँ आनन्द गर यो प्रभुको इच्छा हो (३) ख्रीष्ट येशूमा तिम्रो लागि ।
२. सब थोकमा धन्य मान, यो प्रभुको इच्छा हो (३) ख्रीष्ट येशूमा तिम्रो लागि
३. निरन्तर प्रार्थना गर, यो प्रभुको इच्छा हो (३) ख्रीष्ट येशूमा तिम्रो लागि ।

## ७ (This Little Light of Mine) स्केल C, ताल C

१. यो सानो दियो येशूको, बलिरहन देऊ (३)
हर समय, हर ठाउँमा ज्योति देऊ (२)
२. वरिपरिको छिमेकीमा ज्योति पुऱ्याइदेऊ (३)
हर समय, सब जगत ज्योति देऊ (२)
३. शैतानले यसलाई फुक्छ कि, होइन बल्न देऊ (३)
हर समय, हर ठाउँमा ज्योति देऊ (२)
४. डालोले यसलाई छोप्छ कि, होइन बल्न देऊ (३)
हर समय, हर ठाउँमा ज्योति देऊ (२)

## ८ स्केल E, ताल C

बूढाबाजे नोआले जहाज बनाए, मानिसहरू आएर गिल्ला गरे (२)
पशु-पंक्षी र प्राणी भित्र पसे, चालीस दिन, चालीस रात पानी परिबस्यो
सबै भूमि र पर्वत डुबिगए, बूढाबाजे नोआ सुरक्षित रहे (२)

## ९ (I'm in, and out and up down) स्केल D, ताल $^4/_4$

म भित्र, बाहिर, माथि, तल सधैँ खुसी छु (२)
जब येशू आउनुभो, मेरो पाप सब धुनुभो
म भित्र, बाहिर, माथि, तल, सधैँ खुसी छु ।

## १० स्केल D, ताल C

१. मसित जाऔँ (पिताको घरमा) ३

मसित जाऔँ पिताको घरमा, जहाँ (आनन्द) २ छ ।

२. सुनको सडक छ (पिताको घरमा) ३
सुनको सडक छ पिताको घरमा, जहाँ (आनन्द) २ छ ।

३. रुनु पर्दैन (पिताको घरमा) ३
रुनु पर्दैन पिताको घरमा, जहाँ (आनन्द) २ छ ।

## ११ (Wise man built his house) **स्केल G, ताल C**

१. बुद्धिमान्ले घर चट्टानमा बनायो (३) र पानी पर्नथाल्यो,
पानी परेर भल आयो (३) र बुद्धिमान्को घर अडियो ।

२. मूर्खले घर बालुवामा बनायो (३) र पानी पर्नथाल्यो,
पानी परेर भल आयो (३) र मूर्खको घर भत्कियो ।

## १२ **स्केल G, ताल C**

येशू प्यार गर्छन् बालकलाई, संसारका सब बालकलाई
गोरा, काला सबै नै उनको निम्ति छन् प्यारा
येशू प्यार गर्छन् बालकलाई, संसारका सब बालकलाई (२)
धनी, गरीब सबै नै उनको निम्ति छन् प्यारा
येशू प्यार गर्छन् बालकलाई, संसारका सब बालकलाई
येशू प्यार गर्छन् बालकलाई, ज्ञानी मूर्ख सबै नै उनको निम्ति छन् प्यारा
अग्ला, पुड्का... मोटा, दुब्ला...

## १३ **स्केल G, ताल C**

१. आँखैमा येशूको झझल्को, मनैमा उनैको सम्झना (२)
मैले त येशूलाई बिर्सेछु, सम्झनुहोस् येशू मलाई (२)
हामी सबै जानेछौँ स्वर्ग देशमा सधैँलाई (२)

## १४ (Jesus in the Family) **स्केल E, ताल $^2/_4$**

(जसको घरमा येशू छन्, कति आनन्द छ, कति आनन्द छ,
कति आनन्द छ) २
(Jesus in the family, happy happy home,
Happy happy home, happy happy home) 2
(जिस के घरमे यीशू है कितना आनन्द है, कितना आनन्द है,
कितना आनन्द है) २

## १५ (Jesus is the winner man) **स्केल E, ताल C**

येशू नै (विजयी हुन्) ३ येशू नै विजयी हुन् सदासर्वदा
विजयी हुन् (११) सदासर्वदा, शैतानचाहिँ (हारेको छ) ३
शैतानचाहिँ हारेको छ, सदासर्वदा हारेको छ (११) सदासर्वदा ।

## १६ (I've got peace like a river) **स्केल F#, ताल $^4/_4$**

नदीजस्तो शान्ति छ (३) मेरो मनमा (२)
झरनाजस्तो आनन्द छ (३) मेरो मनमा (२)

## १७
(If you are happy and you know) **स्केल F#, ताल $^4/_4$**

१. तिमी खुशी छौ भने, ताली बजाऊ (२)

**कोः तिमी खुशी छौ भने, देखाउन चाहन्छौ भने**
**तिमी खुशी छौ भने, ताली बजाऊ ।**

२. तिमी खुशी छौ भने चुट्की बजाऊ (२)
३. तिमी खुशी छौ भने, खुट्टा बजाऊ (२)

## १८
**स्केल D, ताल $^2/_4$**

१. योना योना सुन्यौ के ? वचन प्रचार गर्न जाऊ ।
योना भन्छ जान्न म, जहाज लिई भाग्छु म ।
ए योना योना (३) प्रभुको आज्ञा मान ।

२. उम्कें भनी ठान्दैथ्यो, जहाज डुब्न शुरू भो ।
योना भन्छ पापले हो, उठाई मलाई फालिदेऊ ।
ए योना योना (३) प्रभुको आज्ञा मान ।

३. योना जब डुब्दछन्, माछा आई निल्दछ ।
योना प्रार्थना गर्दछन्, आज्ञा पालन गर्दछु ।
प्रभु आज्ञा मान्छु (३) अवश्य मान्दछु ।

## १९
**स्केल G, ताल $^2/_4$**

१. प्रभुलाई उचाल्नु महान् छ (३) ज्योतिको मार्गमा हिँड्नु
हिँड्नु (४) ज्योतिमा (३) ज्योतिको मार्गमा हिँड्नु
प्रभुलाई प्रेम गर्नु महान् छ (३)
प्रभुको सेवा गर्नु महान् छ (३)

## २०
(With Christ in the Vessel) **स्केल G, ताल $^4/_4$**

ख्रीष्ट हाम्रो नाउमा हुँदा हुरीको (डर छैन) ३
ख्रीष्ट हाम्रो नाउमा हुँदा हुरीको डर छैन,
जब हाम्रो नाउ अघि बढ्छ, अघि बढ्छौं (३)

## २१
**स्केल F#, ताल $^4/_4$**

सेवा गर्छौं महान् प्रभुको (४) गाउँदै प्रभुको प्रशंसा गर (४)
नाच्दै प्रभुको प्रशंसा गर (४) ताली बजाउँदै प्रशंसा गर (४)

## २२
(Baiyatee, Baiyatee) **स्केल G, ताल $^6/_8$**

तिन, ती न, न, न (४) बैयाती, बैयाती इङ्ग खोसे
बैयाती, राजाहरूका राजा, बैयाती बैयाती इङ्ग खोसे
बैयाती इङ्ग खोसे, राजा राजाहरूका तिन, ती न, न, न (४)

उहाँको महानता कसले नाप्न सक्छ
उहाँको मनलाई कसले थाहा पाउँछ, उहाँको धनलाई कसले खोज्न सक्छ
तपाईं राजा कसले इन्कार्ने, राजाहरूका, तिन, ती, न, न, न (४)

## २३

(Peter, James and John) **स्केल G, ताल $^4/_4$**

एक सानो, दुई सानो, तीन सानो माछा
चार सानो, पाँच सानो, छ सानो माछा
सात सानो, आठ सानो, नौ सानो माछा घोर समुन्द्रमा,
नाउमा पत्रुस, याकूब, यूहन्ना (३) घोर समुद्रमा,
रातभरि जाल हाने केही पनि पाएनन् (३) घोर समुन्द्रमा
येशू झीलमाथि हिँड्दैआए (३) घोर समन्द्रमा,
येशूले भन्नुभयो, फेरि जाल हान (३) घोर समन्द्रमा,
उनीहरूले धेरै माछा पक्रे (३) घोर समुन्द्रमा,
हामी पनि येशूको आज्ञा मानौं (३) हाम्रो जीवनमा ।

## २४

**स्केल F#, ताल C**

उनको झण्डा मेरो लागि प्रेम (२)
उनले मलाई भोजको घरमा लिई आए,
उनको झण्डा मेरो लागि प्रेम, उनको प्रेम (२)

## २५

(Making Melody) **स्केल F#, ताल $^4/_4$**

धुन बनाउँछु मेरो मनमा (३) राजाहरूका राजालाई
औँलामाथि, खुट्टा फैलाऊ, घुँडा खुम्च्याऊ,
धुन बनाउँछु ... कुइनोमाथि, शरीर हल्लाऊ,
धुन बनाउँछु, टाउको तल, जिब्रो बाहिर, अँ, अँ ...

## २६

(Zaccheus was a wee little) **स्केल F, ताल C**

जक्कै एकजना पुड्के मानिस थिए, पुड्के मानिस थिए उनी ।
उनी एउटा भद्राक्षको रुखमा चढे प्रभुलाई हेर्न भनी ।
जब मुक्तिदाता त्यो बाटो भएर गए, उनले रूखमाथि हेरे,
"जक्कै तल ओर्ल, म तिम्रो घरमा आउन चाहन्छु ।"

## २७

(King of Kings) **स्केल Em, ताल C**

राजाहरूका राजा स्तुति हल्लेलूयाह
प्रभुहरूका प्रभु स्तुति, हल्लेलूयाह
येशू शान्तिको कुमार, हल्लेलूयाह (२)

## २८

**स्केल E, ताल $^2/_4$**

सानो चरा, सानो चरा रूखमा बसेछ
मीठो-मीठो, बोलीले गीत सुनाउँदैछ

(ए सानो नानी) २ तिमी के गर्दैछौ ?
(येशूको प्रेम) २ जो म गाउँदैछु ।

## २९

**स्केल G, ताल $^2/_4$**

पिलपिल गर्छ तारा, आकाशमा चम्कन्छ,
बादलको पर्दा फाटी जुन मुस्कुराउँछ,
मैदानमा लिली फूल रमाएर हाँस्छ,
परमेश्‍वरको महिमा बालकले गर्छ ।

## ३०

१. सुन नानी, सुन येशूको सन्देश
सबैलाई दया गर, शत्रुलाई पनि माया गर
२. सुनाऊ नानी, सुनाऊ येशूको सन्देश
सबैलाई दया गर, शत्रुलाई पनि माया गर ।

## ३१

**स्केल G**

धन्यवाद देऊ यो दिनको निम्ति - धन्यवाद, प्रभु
धन्यवाद देऊ यो जीवनको निम्ति - धन्यावाद, प्रभु
धन्यवाद देऊ यो खुसीको निम्ति - धन्यवाद, प्रभु
धन्यवाद देऊ यो दुःखको निम्ति - धन्यवाद, प्रभु
धन्यवाद देऊ सबै थोकको निम्ति - धन्यवाद, प्रभु
धन्यवाद, धन्यवाद, धन्यवाद, धन्यवाद प्रभु ।

## ३२

(Ho, Ho, Ho, Ho, Hosanna) **स्केल G**

हो, हो, हो, हो, होसन्ना, हा, हा, हा, हा, हल्लेलूयाह
हि, हि, हि, हि यो के खुशी, हामीमा आनन्द प्रभुको छ
म मेरो प्रभुलाई प्रेम गर्छु, मेरो सानो मन-प्राण-शरीरले,
म आफ्नै छिमेकीलाई प्रेम गर्छु, म आफूलाई प्रेम गरेझैँ,
हो,हो, हो, नुन हौँ हामी संसारको, बत्ती रातमा चम्कने,
शहर डाँडामाथिको, हामीमा आनन्द प्रभुको छ । हो, हो, हो ...

## ३३

खोज त भेटाउनेछौ, माग त पाउनेछौ
ढकढकचाऊ त तिम्रो लागि खोलिनेछ
यो हो खीष्टको अचुक वचन, सधैँ लगाऊ यसैमा मन ।

## ३४

(Rise and Shine) **स्केल B**

उठ र चम्क, परमेश्‍वरलाई महिमा चढाऊ (२)
परमेश्‍वरका बालकहरू हो ।

## ३५

(Silver and Gold have I None) **स्केल G, ताल $^6/_8$**

सुन, चाँदी मसित छैन, तर जे छ म तँलाई दिन्छु
नासरतको येशू ख्रीष्टको नाउँमा हिँड्डुल गर्
हिँड्दै उफ्रँदै स्तुति गर्दै (२)
नासरतको येशू ख्रीष्टको नाउँमा हिँड्डुल गर् ।

## ३६

**स्केल F**

नाच्नेछौँ, हामी नाच्नेछौँ, गाउनेछौँ हामी गाउनेछौँ
दुःख, भोक, तकलीफ हामीलाई मिल्छ यहाँ
आनन्द जीवन, सुख हामीलाई मिल्छ त्यहाँ हा... हा...
नाच्नेछौँ, हामी नाच्नेछौँ, गाउनेछौँ, हामी गाउनेछौँ ।

## ३७

(VBS, VBS) **स्केल G**

भी.बी.एस्., भी.बी.एस्. हामी जानेछौँ, येशूको कुरा सुन्नेछौँ (२)
गीत हामी गाउनेछौँ, खुशी र आनन्द मनाउनेछौँ (२)
झुम्नेछौँ हामी, नाच्नेछौँ हामी, येशूको कुरालाई सुन्नेछौँ हामी ।
भी.बी.एस्., भी.बी.एस्. हामी जानेछौँ, येशूको कुरा सुन्नेछौँ (२)
ताली हामी बजाउनेछौँ, खुशी र आनन्द मनाउनेछौँ (२)
झुम्नेछौँ हामी, नाच्नेछौँ हामी, येशूको कुरालाई सुन्नेछौँ हामी ।
भी.बी.एस्., भी.बी.एस्. हामी जानेछौँ, येशूको कुरा सुन्नेछौँ (२)

## ३८

(My name is So and So) **स्केल D**

मेरो नाम यस्तो-उस्तो, म थिएँ जिरो (२) म थिएँ बुद्धू,
सबभन्दा बुद्धू, म थिएँ जिरो, येशू मसीह आएपछि म बनेँ हिरो (२)

## ३९

**स्केल G**

प्रभु मलाई प्रेम गर्नुभो (२) मेरो पापको लागि क्रूस बोक्नुभो
प्रभु मलाई प्रेम गर्नुभो (२)
प्रभु मलाई प्रेम गर्नुभो (२) मेरो पापको लागि क्रूस बोक्नुभो ।

## ४०

**स्केल G**

छैन, राख्ने ठाउँ छैन, पाटीको मालिकले भन्यो (२)
राख्ने ठाउँ नभएको प्रभु येशू, मेरो मनमा आउनुहोस्,
मेरो मनमा सानो डूँडा बनाइदिनेछु,
आउनोस्, मेरो मनमा, आउनोस्, सानो डूँडामा,
आउनोस्, मेरो मनमा, आउनोस्, मेरो प्रभु येशू ।

## ४१

**स्केल G#m**

येशू मनमा आउनअघि फोहोर कुरा थियो मनमा (२) आहा...
येशूलाई मैले मनमा लिएँ, उनको रगतले म धोइएँ,
उनको छोरा म बनेँ, उनकी छोरी म बनेँ,

स्वर्गमा मैले ठाउँ पाएँ, आहा ! १,२,३,४ आहा !

## ४२

**स्केल F**

सानो दियो, मेरो सानो दियो, येशूको नाउँमा चम्कन लाग्यो (२)
खराब-खराब कुराले नरकमा लानेछ, येशूको नाउँले म स्वर्गमा जानेछु (२)
येशूको नाउँमा छ पापको अन्त, उनैको नाउँमा छ आनन्दको जीवन (२)
सानो दियो, मेरो सानो दियो, येशूको नाउँमा चम्कन लाग्यो (२)
(प्यारो-प्यारो नाम छ यो, सबलाई सुनाउँछु,
आमा-बाबा, दिदी-भाइ सबलाई सुनाउँछु) २
येशूको नाउँमा छ आनन्दको जीवन, उनैको नाउँमा छ सबलाई जीवन (२)
सानो दियो, मेरो सानो दियो, येशूको नाउँमा चम्कनलाग्यो (२)

## ४३

**स्केल G, ताल ${}^{4}/_{4}$**

हामी हिँड्छौँ ख्रीष्टको ज्योतिमा (२) हामी (हिँड्छौँ) २
हामी हिँड्छौँ, ए हे ... हामी हिँड्छौँ ख्रीष्टको ज्योतिमा (२)

## ४४

**स्केल E, ताल ${}^{2}/_{4}$**

स्वर्गको राज्य रायोको दानाजस्तो छ जमीनमा पर्दाखेरि त्यो हराइजाँदछ
बढेर आउँछ, अति नै ठूलो हुन्छ वनको चरीले गुँड लाउँदछ ।

## ४५

**स्केल E, ताल ${}^{4}/_{4}$**

तिमी मेरो राजा, तिमी मेरो प्रभु, तिमी मेरो पिता,
तिमी मेरो जीवन, तिमी मेरो शक्ति, तिमी मेरो पिता (२)

## ४६

**स्केल G, ताल ${}^{4}/_{4}$**

बाइबल पढ, (प्रार्थना गर) ३, तिमी बढ्नेछौ, (तिमी बढ्नेछौ) २
बाइबल पढ, प्रार्थना गर, तिमी बढ्नेछौ,
बाइबल बिर्सेर, (प्रार्थना नगरेमा) ३ बाइबल बिर्सेर प्रार्थना नगरेमा,
तिमी घट्नेछौ, (तिमी घट्नेछौ) २
बाइबल पढ, प्रार्थना गर, तिमी बढ्नेछौ ।

## ४७

(This Land is my Land) **स्केल C, ताल ${}^{2}/_{4}$**

(यो देश येशूको देश, मेरो पनि यो देश
हिमालयदेखि तराईसम्म, महाकालीदेखि मेचीसम्म
तपाईं र मेरो यो देश) २

## ४८

(He will never let go) **स्केल B, ताल ${}^{4}/_{4}$**

उनले मेरो हात छोड्ने छैनन् (२)
हुरी आए पनि, बतास आए पनि उनले मेरो हात छोड्ने छैनन् ।

## ४९

(Wishper A Prayer) **स्केल F#, ताल ${}^{4}/_{4}$**

बिहानै प्रार्थना गर, दिउँसो प्रार्थना गर

बेलुका प्रार्थना गर, तिम्रो मनलाई स्थिर राख्न ।
बिहानी प्रार्थनाको उत्तर दिन्छन्, दिउँसो प्रार्थनाको उत्तर दिन्छन्,
बेलुकी प्रार्थनाको उत्तर दिन्छन्, तिम्रो मनलाई स्थिर राख ।
येशू बिहानै आउनसक्छन्, येशू दिउँसो आउनसक्छन्,
येशू बेलुकी आउनसक्छन्, तिम्रो मनलाई स्थिर राख (३)

## ५० (I am happy today) स्केल G

म खुशी छु आज (२) ख्रीष्ट येशूमा, म खुशी छु आज,
मेरो सबै पापलाई शुद्ध पारिदिए, त्यसकारण म खुशी छु आज ।
स्तुति चढाऔँ आज (२) ख्रीष्ट येशूमा स्तुति चढाऔँ आज
म प्रार्थना गर्छु (२) म नाच्दैछु आज (२)

## ५१ (I am going to my Father's house) स्केल G, ताल C

म जाँदैछु मेरा पिताको घरमा, पिताको घरमा (२)
म जाँदैछु मेरा पिताको घरमा जहाँ आनन्द-आनन्द छ ।
मसित जाऔँ मेरा पिताको घरमा, पिताको घरमा (२)
मसित जाऔँ मेरा पिताको घरमा जहाँ आनन्द-आनन्द छ ।

## ५२ (Praise Him, Praise Him) स्केल B♭

१. स्तुति, स्तुति, स्तुति गरौँ दिउँसो, स्तुति गरौँ बिहानै
स्तुति, स्तुति, स्तुति गरौँ सधैँ येशूलाई ।
२. प्रेम गरौँ, प्रेम गरौँ । प्रेम गरौँ दिउँसो, प्रेम गरौँ बिहानै ।
प्रेम गरौँ, प्रेम गरौँ, प्रेम गरौँ सधैँ येशूलाई ।
३. सेवा गरौँ, सेवा गरौँ, सेवा गरौँ दिउँसो, सेवा गरौँ बिहान
सेवा गरौँ, सेवा गरौँ, सेवा गरौँ सधैँ येशूलाई ।

## ५३ (I live for Jesus) स्केल G

येशूको लागि जिउँछु, दिन प्रतिदिन (२)
पवित्र आत्माको आज्ञा मान्छु ।
येशूको लागि जिउँछु, दिन प्रतिदिन (२)

## ५४ (Do you know ?) स्केल G

१. के तिमीलाई यसको नाम थाहा छ ?
हो, मलाई यसको नाम थाहा छ ।
यो एक सुन्दर गीटार हो, यो बज्नसक्छ रिङ्टिङ्टिङ् ।
उनको आवाज सुन्छौ भने, येशूले हामीलाई प्रेम गर्छन् ।
यो बज्नसक्छ (रिङ्टिङ्टिङ्) २
२. के तिमीलाई यसको नाम थाहा छ ?
हो, मलाई यसको नाम थाहा छ ।
यो एक सुन्दर पियानो हो, यो बज्नसक्छ सा-रे-ग-म ।

उनको आवाज सुन्छौ भने, येशूले हामीलाई प्रेम गर्छन् ।
यो बज्नसक्छ (सा-रे-ग-म) २

३. के तिमीलाई यसको नाम थाहा छ ?
हो, मलाई यसको नाम थाहा छ ।
यो एक सुन्दर ड्रम-सेट हो, यो बज्नसक्छ डुम्-डुम्-डिस् ।
उनको आवाज सुन्छौ भने, येशूले हामीलाई प्रेम गर्छन् ।
यो बज्नसक्छ (डुम्-डुम्-डिस्) २

४. के तिमीलाई यसको नाम थाहा छ ?
हो, मलाई यसको नाम थाहा छ ।
यो एक सुन्दर मादल हो, यो बज्नसक्छ धिन-ताङ्ग-ताङ्ग ।
उनको आवाज सुन्छौ भने, येशूले हामीलाई प्रेम गर्छन् ।
यो बज्नसक्छ (धिन-ताङ्ग-ताङ्ग) २

## ५५

(Deep, Deep) **स्केल G**

गहिरो, गहिरो ओ अति गहिरो, मेरो हृदयमा (२)
येशूलाई प्रेम गर्छौ कि ? तिम्रो हृदयमा ?
हो, म येशूलाई प्रेम गर्छु मेरो हृदयमा ।

## ५६

**स्केल A, ताल 4/4**

(यी ओठले सदा तपाईंको प्रशंसा गरिरहून्
यी आँखाले सदा तपाईंलाई खोजिरहून्
मेरा यी दुई हातहरूले तपाईंको प्यारको चाहना गरुन्
मेरो यो हृदयले सदा तपाईंको खातिर सेवा गरोस् ।
परमेश्वरलाई धन्यवाद सदा, मर्नुभो क्रूसैमा मजस्तोले गर्दा
भुल्ने म छैनँ प्रेमको बलिदान, (प्रशंसा जयजयकार ईश्वर महान् २)) २

## ५७

**स्केल G, ताल 2/4**

(म आएँ जीवन दिनलाई)२ (प्रशस्त) २ (प्रशस्त जीवन) २

## ५८

**स्केल C, ताल C**

**कोः बालक हामी सबै नै परमेश्वरका सृष्टि हौं**
**सानैदेखि प्रार्थना गर्ने हामी ख्रीष्टका भक्त हौं**

१. साना साना हात उचाली परमेश्वरको स्तुति गरौं
सानो मन र चित्त खोली ख्रीष्टको उपासना गरौं ।

२. हामीलाई बुद्धि-ज्ञान परमेश्वरले दिनुभयो
हामीलाई जीवन-ज्योति येशू ख्रीष्टले दिनुभयो ।

## ५९

**स्केल C, ताल 6/8**

**कोः हामी साना बालबालिकालाई ख्रीष्टले प्रेम गर्नुहुन्छ**
**लेख्ने-पढ्ने विद्यार्थीलाई ज्ञानको वरदान दिनुहुन्छ ।**

१. सानैदेखि बालक हामी ख्रीष्टमा अघि बढ्दैजाऊँ
सबैजना ख्रीष्टमा हामी नम्र व्यवहार सिक्दैजाऊँ ।
२. ख्रीष्टको आज्ञा पालन गर्दै असल शिक्षा लिनुपर्छ
बालक हामी ज्ञानी बन्दै शिक्षित-सभ्य बन्नुपर्छ ।

## ६० स्केल C, ताल $^4/_4$

(हेर, हेर म ढोकामा ढकढक गर्दैछु) २
कसैले मेरो स्वर सुनेर खोल्यो भने
खोल्यो, खोल्यो भने मभित्र पस्छु पस्छु ।

## ६१

(ओ मेरा राजा (२) मेरा राजा येशूको जय) २
(ओ मेरो शान्ति (२) मेरो शान्ति येशूको जय) २
(ओ मेरो आनन्द (२) मेरो आनन्द येशूको जय) २

## ६२ स्केल D, ताल $^4/_4$

(येशू, म हुँ तपाईंको सानो भेडा, तपाईं मेरा असल गोठाला
डोऱ्याउनुहोस् मलाई तपाईंसाथ-साथ, समाउनदिनोस् तपाईंको हात) २

## ६३ स्केल C, ताल $^4/_4$

**कोः (मलाई बाइबल मनपर्छ, परमेश्वरको वचन हो**
**मजस्तै मानिस र येशूले गरेका कामको वर्णन हो) २**
१. (उत्पत्तिमा पाउँछौँ हाम्रो सृष्टि, प्रस्थानमा छुटकारा
लेवीमा आए पूजाहारीहरू, गन्तीमा वीर योद्धा) २
एस्तरले बचाइन् यहूदीहरू, रुथले नाओमीलाई
सानो शमूएल प्रतापी, दाऊद, एज्रा र नहेम्याह ।
२. न्यायकर्ता राजा, इतिहास सबैले मिलेर
गर्छन् है महान् परमेश्वरको ठूलो नै बयान
सुसमाचार, प्रेरितका काम, पत्रहरू, प्रकाश पुस्तक
आउनुहुने फेरि येशू स्वर्ग-राजाको पूर्णता ।

## ६४ स्केल E, ताल $^4/_4$

येशूजीलाई हेर, थुमालाई हेर
उनले मात्र तिमीलाई बचाउन सक्छन्
येशूजीलाई हेर (२)

## ६५ स्केल Dm, ताल C

१. मण्डलीमा सधैँ जान्छौँ हामी ख्रीष्टका नानी
येशूले जस्तै क्षमा दिन्छौँ, सुलेमानझैँ ज्ञानी (२)
मन कन्चन येशू जस्तै पावलझैँ त्यागी

आज्ञाकारी बन्छौँ सधैँ बन्दैनौँ है बागी (२)

२. भविष्यको कर्णधार सुसमाचारको खानी
येशूको सेवा गर्छौं आफ्नो कर्तव्य ठानी (२)
प्रार्थना गर्छौं, वचन सुन्छौँ, मरियम बनी (२)
दाऊद जस्तै साहसी छौँ, हामी ख्रीष्टका नानी (२)

३. गगनभन्दा उच्च विचार हिउँ जस्तो सेतो
सबैलाई माया गर्छौं ख्रीष्टको प्रेम जस्तो (२)
हेला निन्दा सबै सहन्छौँ ख्रीष्टले सहे जस्तो
ख्रीष्टकै लागि शहीद बन्छौँ शिमोन पत्रुस जस्तो (२)

## ६६

१. पिताले पुत्रलाई संसारको मुक्तिदाता हुनलाई
पठाउनुभयो, पठाउनुभयो, पठाउनुभयो ।

२. मेरो लागि, तिम्रो लागि मुक्तिदाता हुनलाई
पठाउनुभयो, पठाउनुभयो, पठाउनुभयो ।

## ६७

१. आज हामी साना छौँ भोलि ठूला हुने छौँ
हामी ठूला भएर, मिसनेरी हुने छौँ (२)

२. आज बाइबल पढ्नुछ, ख्रीष्टमा अघि बढ्नुछ
टाढा टाढा गएर, वचनलाई सुनाउनुछ (२)

३. सुख दुःख सहनुछ, आफ्नो भारी बोक्नुछ
अगुवा भएर, ख्रीष्टको बगाल हेर्नुछ (२)

## ६८

मार्था घरको धन्दामा छिन् चिन्तामा सधैँ रहन्छिन्
प्रार्थनाको समय राख्दिनन् ।
मरियमले काम बन्द गर्दछिन् प्रभुको चरणमा बस्दछिन्
ध्यान दिई वचन सुन्दछिन् ।
मरियमले प्रभुलाई प्यार गर्छिन् सुगन्धित तेलले पाउ मोल्छिन्
प्रभुको सेवा गर्दछिन् ।

## ६९

**स्केल D, ताल** 6/8

**कोः हेर हेर हेर हेर आकाशैमा, कस्तो अचम्मको बढो शक्तिशाली**
**घटना घट्नेछन् बादलैमा, भन भन के हो त्यो**
**(येशूको आगमन हो प्रभुको आगमन हो) २**

१. दुइ मिल्ने साथी खेतमा सँगै काम गरिरहेका हुन्छन्

(एउटा चाहिँ सुँई अर्को चाहिँ भुँई) २
सुँई हुने आनन्दले आकाशैमा, भुँई हुने विलाप गर्दै संसारैमा छोडिनेछन् ।

२. दुइ मिल्ने आमा घरमा सँगै जाँतो पिसिरहेका हुन्छन्
(एउटा चाहिँ सुँई अर्को चाहिँ भुँई) २
सुँई हुने आनन्दले आकाशैमा भुँई हुने विलाप गर्दै संसारैमा छोडिनेछन् ।

३. दुइ मिल्ने साथी खाटमा सँगै मस्त निदाईरहेका हुन्छन्
(एउटा चाहिँ सुँई अर्को चाहिँ भुँई) २
सुँई हुने आनन्दले आकाशैमा भुँई हुने विलाप गर्दै संसारैमा छोडिनेछन् ।

## ७०

(God is so good) **स्केल E, ताल $^2/_4$**

येशू राम्रा छन् (३) राम्रा छन् मलाई, मेरो पाप लिनुभो (३) राम्रा छन् मलाई
मलाई प्रेम गर्छन् (३) राम्रा छन् मलाई, तिम्रो वास्ता गर्छन् (३) राम्रा छन् मलाई ।